CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो

श्रीस्वस्थानी-व्रतकथा

प्रकाशक -
जय नेपाल प्रकाशन
कचौड़ीगली, वाराणसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असली

टुलो श्रीस्वस्थानी-व्रत कथा

(माघ माहात्म्य)



प्रकाशक

जय नेपाल प्रकाशन

कचौड़ी गली, वाराणसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीः

ठूलो

श्रीस्वस्थानी-व्रतकथा

(माघ-माहात्म्य)

यसमा अर्थसहित पूजाविधि र भाषा-श्लोक पनि छ। विशेष स्वस्थानीको भूगोल वर्णन, तारकासुरको उत्पत्ति, विजय र मृत्यु विस्तृत रूपमा गरिएको छ। त्यसपछि शिव-पार्वती विवाह, गन्धमादन र हिमालयको वर्णन, विवाह वर्णन विस्तारले गरिएको छ। अरु पनि नीति-विषयक धेरै वर्णनहरू हुनाले ग्रन्थ उपयोगी भएको छ।

संग्रहकर्ता

गौरीशंकर 'वसिष्ठ'

प्रकाशक

जय नेपाल प्रकाशन

कचौड़ी गली, वाराणसी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

❖ पुस्तक प्राप्ति स्थान :

बम्बई पुस्तक भण्डार

कचौड़ी गली, वाराणसी।

❖ **एम० के० पब्लिशर्स एण्ड डिस्ट्रीब्यूटर्स**

भौटाहिटी, काठमाण्डौ।

❖ **सुकुन्दा पुस्तक भवन**

भौटाहिटी, काठमाण्डौ।

❖ **नेशनल बुक सेन्टर**

भौटाहिटी, काठमाण्डौ।

❖ **भारत पिक्चर हाऊस**

नेताजी मार्केट, थाना रोड, सिलीगुड़ी।

❖ **विद्या कुटीर**

उर्लावारी नं० ४, मौरंग।

सर्वाधिकार प्रकाशकको अधीनमा छ :

❖ **द्वितीय संस्करण : सं० २०५७ : २००० ई०**

❖ **मूल्य : भा० रु० १५०/-**

❖ कम्प्यूटर कम्पोजिंग :

अमैनो प्रिन्टर्स एण्ड डाटा प्रोसेसर्स

डी० ५२/७९, लक्ष्मीकुण्ड, लक्सा,

वाराणसी। फोन : ३५१८१०

❖ मुद्रक : **मॉडर्न दीपक प्रेस**

एस. १७/२७२, नदेसर, वाराणसी

✆ ३४२८१४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्वस्थानी - व्रतपूजाविधिः

व्रतकर्त्री कृतनित्यक्रिया मध्याह्नसमये पूजास्थानमागत्य हस्तौ - पादौ प्रक्षाल्य पूर्वाभिमुखी भूत्वा आचम्य सङ्कल्पं कुर्यात् - अद्येह अमुकगोत्रा अमुकनाम्नी अहं मम कायिक - वाचिक - मानसिक - ज्ञाताज्ञात सकल पापक्षयपूर्वकं कूष्माण्ड - भूत - प्रेत, पिशाच - ब्रह्मराक्षस - बेताल - सिंह- सर्प - शत्रु - चौर - क्षेत्रपाल - डाकिनी-शाकिनी - दुःस्वप्नादि अखिल - भय - पीड़ा - निवृत्तिपूर्वकं पतिपुत्र -धनधान्यरत्नादि समस्तसुखभोगानन्तर - श्रीसदाशिव - सायुज्यमुक्तिप्राप्ति -कामनया - यथामिलितोपचोरैर्दीपकलशगणेशपूजनपूर्वकं श्रीस्वस्थानी-परमेश्वरी-पूजनमहं करिष्ये। ततः श्रीसूर्याय अर्घ्यं दद्यात् - 'एहि सूर्य सहस्रांशो तेजोराशे जगत्पते ! अनुकम्पय मां देव गृहणार्घ्यं दिवाकर ॥' ततः प्राणायामं कृत्वा अंगन्यासं कुर्यात्। हृदये वरकामिन्यै

श्रीस्वस्थानी परमेश्वरीको व्रत बस्ने व्यक्तिले पौषशुक्ल पूर्णिमादेखि आरम्भ गर्नुपर्दछ। अघिल्लो दिन हात- गोडाका नङ काटी पवित्र भएर एक छाक मात्र खाएर बस्नु योग्य छ। भोलिपल्ट अर्थात् पौषशुक्ल पूर्णिमाका दिन आजदेखि म श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्दछु भन्ने प्रतिज्ञा मनले नै गरे पनि हुन्छ। त्यस दिनदेखि एक महीनासम्म हविष्य खाई, भूमिमा शयन गरी, कसैसँग झगडा र दुर्वाच्य नबोली, निष्कपट एवं सात्त्विक भाव लिई व्रत आरम्भ गर्नुपर्दछ। नित्य प्रातःकालमा उठेर स्नान- संध्या, नित्य-क्रिया सकेर जो भएको पत्र, पुष्प, फल, जलले स्वस्थानी परमेश्वरीको पूजन गर्नु। मध्याह्न भएपछि जगदीश्वर श्रीमहादेवको शक्ति अनुसार सबै सामग्री तयार पारेर पूजन गर्नू। त्यो क्रम महीना दिनसम्म टुटाउनु हुँदैन। एक महीनासम्म एकनाससंग गर्नुपर्दछ। प्रतिदिन सूर्यास्त भएपछि सके नखाईकन, नसके भोजन गरेर पनि श्रीस्वस्थानी परमेश्वरीको कथा भन्नू, नजाने भन्न लगाएर सुन्नू, इष्ट- मित्रलाई पनि डाकेर सुनाउनू। कथा सकिएपछि धूप, दीप, नैवेद्य चढाई पूजन गर्नू र श्रोता जति सबैलाई प्रसाद दिई आफूले पनि खानू। यस क्रमले माघशुक्ल पूर्णिमाको दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमः। मित्रबन्धनमदनाय नमः। शिखायां त्रैलोक्यचिन्तामण्यै नमः। कवचाय दिगम्बरधारिण्यैः नमः। नेत्रत्रयाय चण्डमुण्डप्रमथिन्यै नमः। अस्त्राय फट् स्वस्थान्यै नमः॥ इति षडंगन्यासः॥ ततः अर्घ्यस्थापनम्। तत्र धेनुमुद्रां प्रदर्शयेत्। ततो दीपं प्रज्वाल्य पाद्यार्घ्याचमनीय सिन्दूर-चन्दन पुष्पाक्षत वस्त्रद्रव्यादिभिः दीपं पूजयेत्। नमोऽस्त्वनन्ताय० इति प्रार्थना। ततः कलशं स्थापयित्वा जल यव पूगीफल- चन्दन सर्वौषधि पञ्चरत्नादि- समस्त - द्रव्याणि कलशे क्षिप्त्वा मुखे वरुणमा-वाह्य पूजयेत्। देवदानव सवादे० इत्यादिना सम्प्रार्थ्य आम्रचम्पकपत्राणि मुखे धारयेत्। ततो गणनान्त्वा० वक्र तुण्ड० इति मंत्रेण आवाह्य गणपति पूजनम्। ततो नारिकेलफलं अग्रे धृत्वा रक्षरक्ष० इति मन्त्रं पठेत्। ततः कलशस्कन्धप्रदेशे गणपत्यादि वनस्पत्यन्तदेवतानावाह्य पूजयेत्। तत्रैव गंगायै नमः। नर्मदायै नमः गोदावर्यै नमः। सिन्धवे नमः। कावेर्य्यै नमः। गोब्राह्मणेभ्यो नमः। विष्णवे नमः। रुद्राय नमः। सदाशिवाय नमः। ईशानाय नमः। विघ्नराजाय नमः। हेरम्बाय नमः। सिद्धिविनायकाय नमः। एकदन्ताय नमः। मूषकवाहनाय नमः।

आएपछि कथा समाप्त गरी आर्शी (तामाको थाली) - मा ॐकार लेखी शुद्ध बालुवाको शिवलिंग बनाई स्थापन गर्नू र जौ, तिल, अक्षता, वेलीपुष्प, यज्ञ - सूत्र, पान, सुपारी, मालपूवा, बत्ती, अरू पनि पाइएका सामग्री सबै एक सय आठ्को दरले गनेर चढाउनुपर्दछ। पूजा थाल्नभन्दा पहिले दियो, कलश, गणेश र वरुण आदि देवताको पूजन श्रद्धापूर्वक उत्तम ब्राह्मणलाई डाकी गर्नुपर्दछ। अगाडि पूजाविधि विस्तारले दिएको छ।

व्रत गर्ने व्यक्तिले शुद्ध- पवित्र भएर पूजाको स्थानमा आसनमाथि बसेर पहिले आचमन गरी पूर्वतिर फर्केर तिल- कुश लिई संकल्प गरेर गोदान पनि गर्नू 'हरिः ॐतत्सत्' बाट 'मम' भन्ने ठाउँ आएपछि आफ्नो नाम गोत्र सम्झेर - मैले आजसम्म मन, वचन, शरीरले जानेर वा नाजनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असली श्री स्वस्थानी

पार्वतीको भक्तिदेखि प्रसन्न भई शिवजीले दर्शन दिनुभएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्वस्थानी-अष्टदल यन्त्र

अष्दलमा अष्टमातृकाहरू बसेका छन् । बीचमा बसेकी चार हातमा त्रिशूल, तलवार, चक्र र कमल लिएकी श्रीस्वस्थानी देवी हुन् आदिशक्ति भएकी यिनी भक्तजनलाई तुरून्तै मनले चिताएको फल दिन्छिन ।

अष्टासु च दलेष्वेषु मातृकाष्टथितास्तथा । खड्गं त्रिशूलं चोर्ध्वञ्च वामे च वरमुत्पलम् ।।
चतुर्भुजा त्रिनेत्रा च सर्वालंकारभूषिता । सुवर्णवद्धिका 'साभा स्वस्थानी परमेश्वरी ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्वस्थानी भूगोल



जम्बूद्वीप १००००० योजन विस्तार छ। क्षीरोद १००००० योजन विस्तार छ। त्यक्ष द्वीप २००००० योजन विस्तार छ। इक्षुरसोद-समुद्र २००००० योजन विस्तार छ। शाल्मली द्वीप ४००००० योजन विस्तार छ।। सुरोद समुद्र ४००००० योजन विस्तार छ। कुश द्वीप ८००००० योजन विस्तार छ। घृतोद समुद्र ८००००० योजन विस्तार छ। क्रौंच द्वीप १६००००० योजन विस्तार छ। क्षीरोद समुद्र १६००००० योजन विस्तार छ। शाक द्वीप ३२००००० योजन विस्तार छ। दधिमंडोद ३२००००० योजन विस्तार छ। पुष्कर द्वीप ६४००००० योजन विस्तार छ। स्वादूदक समुद्र ६४००००० योजन विस्तार छ। यसदेखि उता कञ्चन भूमि छ। केहि परसम्म प्रकाश छ। त्यसदेखि पर आर्कै ब्रह्माण्ड, त्यो देखि अगि ब्रह्माण्ड प्रकारले अनन्त कोटि ब्रह्माण्ड छन्। एक सूर्यले प्रकाश गर्ने जतिलाई एक ब्रह्माण्ड भन्द छन् यस्ता अनन्त कोटि ब्रह्माण्ड उसका पेटभित्र छन्। तिनै ईश्वरलाई अनेक कोटि ब्रह्माण्डनायक भन्दछन्। हरेक ब्रह्माण्डमा सृष्टि स्थिति, प्रलयकर्ता ब्रह्मा, विष्णु र महेश अलग-अलग छन्, चन्द्र, सूर्य अलग-अलगै छन्। मनुष्यहरू अलगै छन्। यो पुराण सर्व विस्तृतरूपले जान्ने इच्छा हुनेले ब्रह्माण्ड पुराण हेर्नुपर्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्वस्थानी-व्रतकथा

श्री महादेवले कामदेवलाई भस्म गरेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गजवक्त्राय नमः। परशुहस्ताय नमः। पार्वतीनन्दनाय नमः इत्यादि पठित्वा रक्तवस्त्र- रक्तसूत्र- रक्तपुष्प-रक्तचन्दनादिभिः समर्पयेत्। गोपूजा। नन्दाय नमः। सुभद्राय नमः। सुमतये नमः। कपिलादि गोमातृभ्यो नमः। ब्राह्मण्यै नमः। माहेश्वर्यै नमः। कौमार्यै नमः। वैष्णव्यै नमः। वाराह्यै नमः। चामुण्डायै नमः। इन्द्राण्यै नमः। महालक्ष्म्यै नमः। शक्तिहस्तायै नमः। मयूरासनाय नमः। कुमारीमूर्तये नमः। अपराजितायै नमः। जनन्यै नमः। मोहिन्यै नमः। आकर्षिण्यै नमः इति पूजयेत्। ततोऽष्टदलमध्ये। पूर्वदले इन्द्रम्, आग्नेयदले अग्निम्, दक्षिणदले यमम्, नैर्ऋत्यदले निर्ऋतिम्, पश्चिमदले वरुणम्, वायव्यदले वायुम्, उत्तरदले कुबेरम्, ईशानदले ईशानम् आवाह्य पञ्चोपचारैः पूजयेत्। तत्रैव उमामहेश्वराभ्यां नमः। लक्ष्मीनाराणाभ्यां नमः। भूतेशाय नमः। शनैश्चराय नमः। स्वस्थानीदेव्यै नमः। नवराजाय नमः। शिवशर्मणे नमः। गोमायै नमः। चन्द्रावत्यै नमः। ततो आर्शिस्थित ॐकारे श्रीस्वस्थानीपूजनम्। आदौ आवाहनम्- भो स्वस्थानी देवि अत्राऽऽगच्छ इह तिष्ठ, मम पूजां गृहाण, यावत् पूजां

गरेका सम्पूर्ण पाप नाश भई यस जन्ममा सुख-संतोष भोगेर मरेपछि शिवलोक पाउने कामनाले यथाशीघ्र श्रीस्वस्थानी परमेश्वरीको पूजन गर्दछु। मनले यति भनिसकेपछि करबीरको पात, रातो पुष्प, दही र दूभो हालेर पहिले श्री सूर्यनारायणलाई 'हे सूर्य' भनेर अर्घ्य थापेर मुद्रा (गाईका थून जस्तो) बनाएर देखाउनू अनि दीयो बालेर चन्दन, अक्षता, फल, द्रव्य आदिले बत्तीको पूजा सकेर 'नमोस्त्वनन्ताय०' भनी प्रार्थना गर्नू। त्यसपछि जल भरेर ईशानतिर कलश स्थापना गरी 'भूरसि०' इत्यादि मन्त्रले चन्दन, अक्षता, फल, सुपारी, सर्वौषधि, जौ, हलेदो, आंप- पीपलको पात, वस्त्र, भेटी चढाएर पूजन गरी 'देवदानव०' भनेर प्रार्थना गर्नू अनि कशलमै वरुणको आवाहन र पूजन नमस्कार गर्नू ! अब 'गणानान्त्वा० आदि मन्त्रले गणेशजीको आवाहन गरी, षोडशोपचाले पूजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

करोमि तावत् त्वं सुस्थिरा भव, सुप्रसन्ना भव। ततो गङ्गाजलस्नानम् - हिम दिक्षु सरोजातं निर्मलं च हिमोपमम्। स्नानं समर्पितं भक्त्या लक्ष्मि तुभ्यं नमोऽस्तुते ॥ ततः पञ्चामृतस्नानम् - पाद्यम्। आचमनीयम् वस्त्रम् - दुकूल पट्टदेवांगे नानावस्त्रसुशोभितम्। यावत्तन्तुषु संस्थानं स्वर्गलोकं स गच्छति ॥ चन्दनम्- श्रीखण्डं चन्दनं दिव्यं सर्वारम्भसुमंगलम्। प्रियं हि सर्वदेवानां चंदनं प्रतिगृह्यताम् ॥ ततोऽक्षता समर्पणम्। पुष्पमाला- यथाकालोचितं पुष्पं पञ्चवर्णैः सुगन्धिभिः। विचित्र-ग्रथितां मालां गृहाण जगदीश्वरि ॥ मङ्गलसूत्रम् - अनेकतन्तुषु स्यूतं पत्यायुर्वृद्धिकारकम्। मङ्गलाख्यमिदं सूत्रं गृह्यतां परमेश्वरी ॥ यज्ञोपवीतम् - अष्टचत्वारसंस्कारं द्विजसंस्कारमुत्तमम्। नवसूत्रयुतं देवि ब्रह्मसूत्रं प्रगृह्यताम् ॥ कमलपुष्पम्- पाद्यम् च सरसीजातं लक्ष्मीवासगृहं शुभम्। गृह्यतां त्वं जगद्धात्रि स्वस्थानि जगदीश्वरि ॥ सौभाग्यद्रव्यं समर्पयामि श्रीस्वस्थान्यै नमः। चामरं व्यजनं समर्पयामि श्रीस्वस्थान्यै नमः। धूपम् - वनस्पतिरसोद्भूतं

गरी 'वक्रतुण्ड०' ले प्रार्थना सकेर दीप, कलश, गणेशलाई धूप, दीप, नैवेद्य चढाएर पूजन आरती गर्नू। अनि गणेशलाई सिंगो जटा भएको नरिवल अर्पण गरेर कलशमाथि गणपतिदेखि वनस्पत्यन्तसम्मका देवतालाई फूल र अक्षताले पूजन गर्नू। फेरि त्यही कलशमाथि गंगा, नर्मदा, गोदावरी, सिन्धु, काबेरी, गाई, ब्राह्मण, रुद्र, विष्णु, ईशानको पनि पूजन गर्नुपर्दछ। अनि गजाननलाई गणपतेय नमः, विघ्नराजाय नमः, हेरम्बाय नमः, सिद्धिविनायकाय नमः, मूषकवाहनाय नमः, गजवक्त्राय नमः, परशुहस्ताय नमः, पार्वतीनन्दनाय नमः भनेर दूबो र फूल, अक्षता, रातो चन्दन, वस्त्र आदि चढाउनू। त्यसपछि गोग्रास पूजा- नन्दाय नमः देखि आरम्भ गरेर 'आकर्षिण्यै नमः' सम्म भनेर कलशमै पूजा गरे पनि हुन्छ। अनि थालीमा लेखिएको अष्टदलमा पूर्वतिरको कोठामा इन्द्रको। आग्नेय कोणमा अग्निको। दक्षिण कोणमा यमको, नैर्ऋत्य कोणमा निर्ऋतिको। पश्चिममा वरुणको। वायव्यमा वायुको। उत्तरमा कुबेरको, ईशानमा ईशानको आवाहन गरेर पूजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धाढ्यम् सुमनोहरम् आघ्रेयः सर्वदेवानां धूपोऽयं प्रतिगृह्यताम्। दीपम् - सुप्रकाशं महादीपं सर्वत्रातिमिरापहम्। सबाह्याभ्यन्तरो ज्योतिर्दीपोऽयं प्रतिगृह्यताम्। नैवेद्यम्- नैवेद्यं मे प्रयच्छामि गृह्यतां परमेश्वरि। घृतशर्करया युक्तं प्रदत्तमिदमीश्वरि ॥ अथ अष्टोत्तरशतानि पुष्पाक्षतनैवेद्य यज्ञसूत्रादि समस्त द्रव्याणि समर्पयेत्। पुष्पांजलिः। सुवर्ण- वर्णदीप्ताभां त्रिनेत्रां कमलाननाम्। सिंहासनसमासीनां सर्वालंकारभूषिताम् ॥ नीलोत्पलाभयां वामे दक्षिणे वरदा भयाम्। खड्गचर्मधरां चोर्ध्वे वामदक्षिणयोः क्रमात्। चतुर्भुजां जगद्धात्रीं प्रणतोऽस्मि मुहुर्मुहुः। नमोऽस्तु ते महादेवि स्वस्थानी जगदीश्वरि। त्रिलोकजननि नित्ये सर्वपापप्रणाशिनी। त्राहि मां सततं देवि

गर्नू। फेरि त्यही अष्टदलको चारैतिर उमा- महेश्वर, लक्ष्मी - नारायण, शिवजी, गोमा ब्राह्मणी, शिवशर्मा ब्राह्मण, नवराज र चन्द्रावतीको पनि पूजा गर्नू। त्यसपछि अष्टदलको माझमा लेखिएको ॐकारमा श्रीस्वस्थानी परमेश्वरीको मुख्य पूजा गर्ने क्रम- पहिले फूल अक्षता लिएर ॐकारमा छुनु र मनमनै भन्नु- हे स्वस्थानी परमेश्वरी ! हजूर यो स्थानमा आएर मैले पूजन गरूञ्जेल निवास गर्नुहवस्। त्यसपछि पञ्चामृत (दूध, दही घ्यू, मह र चीनी)- ले पालैसँग स्नान गराउँदै शुद्ध जलले पनि स्नान गराउनु अनि वस्त्र, अक्षता, जौ, तिल, फूल, माला, पोते, धागो, कमलको फूल र सौभाग्य द्रव्य (ऐना, टीका, बट्टा, धागा, चुरा, गहना, सिन्दूर) चढाएर अरु जे जति आफ्नू शक्ति - अनुसार जोरेको छ त्यो सबै श्रद्धापूर्वक श्रीस्वस्थानी परमेश्वरीलाई चढाउनू। अनि मीठो सुगन्ध आउने धूप बाल्नु, दीप बालेर शंख घंट बजाई आरती गर्नू। अनि किसिम - किसिमका मीठा नैवेद्यहरू अर्पण गर्नू। यी सबै कार्य गर्दा एकछिन पनि मनबाट वा हृदयबाट श्रीस्वस्थानी परमेश्वरीको रूप अन्त जान नदिनु अर्थात् संझिरहनु। त्यसपछि एक सय आठ गनेका सबै वस्तुहरू यथाक्रमसित चढाउनू अनि हातमा फूल अक्षता लिएर परमेश्वरीलाई सम्झी ध्यान गर्नू- कमलको आसनमा बसेकी, सुवर्ण जस्तो कान्ति (तेज) भएकी, तीन नेत्र भएकी, खड्ग र सम्पूर्ण आभूषण धारण गरेकी, हे स्वस्थानी जगदीश्वरी ! हजूरलाई कोटि-कोटि नमस्कार छ। आफ्ना भक्तको इच्छा पूर्ण गर्ने पाप- ताप हरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तानुग्रहकारिणि। अर्घ्यदानम् - स्वस्थानीदेवि देवेशि पूर्णार्घ्यं मम तारकम् ॥ गृहाणार्घ्यं मया दत्तं प्रसीद परमेश्वरि। तत्रैव शिवलिंगसन्निधौ असितांगभैरवाय नमः। उन्मत्तभैरवाय नमः। कपालभैरवाय नमः। क्षेत्रपालाय नमः। नन्दिने नमः। भृङ्गिगणे नमः। महाकालाय नमः। वृषाय नमः। वीरभद्राय नमः। पुष्पाक्षतानि समर्पयेत्। ततः अष्टदलमध्ये- गुरूभ्यो नमः। गणपतये नमः। पद्मासनाय नमः। इति पठित्वा पुष्पाक्षतानि समर्पयेत्। ततो प्रदक्षिणा- यानि कानि० इति मन्त्रेण। ततो मनसा ध्यात्वा प्रणम्य ब्राह्मणाय पूर्णपात्रं दक्षिणां च दत्वा विसर्जयेत्। यान्तु देवगणाः सर्वे पूजामादाय पार्थिवीम्। इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ॥

इति पूजाविधिः समाप्तः॥

गर्ने यस्ती हे ईश्वरी ! यस लोकमा सुख सन्तोष र संतति दिई परलोकमा अनन्य भक्ति मलाई बक्सियोस्। त्यसपछि घुँडा मारेर हात माथि उठाई अर्घ्य दिनु र मनले भन्नु- 'हे ईश्वरी ! मसँग हजूरलाई चढाउने वस्तु केही छैन, म केही नजान्ने मूर्ख छु, अतः मेरो भक्तिदेखि प्रसन्न भएर यो गंगाजलको अर्घ्य ग्रहण गर्नुहोस्। मेरो मन वासनाबाट हटेर हजूरको चरणमा लागिरहने वरदान दिनोस्। हे देवी ! मदेखि प्रसन्न हुनुहवस्।' त्यसपछि एक सय आठ नसके तीनपल्ट प्रदक्षिणा गर्नुपर्दछ अनि मन- क्रम- वचन र हृदयले स्वस्थानी जगदीश्वरीलाई सम्झेर साष्टाङ्ग दण्डवत् गरी पूर्णपात्र, गोदान, दक्षिणा पुरोहित र अरूलाई पनि सकेको दिनू। भोजन गराउनू र ब्राह्मणले 'यो ब्रत पूर्ण भयो' भनेर आशीर्वाद दिई कलशको जलले अभिषेक गरिदिनू। अनि नगनेको प्रसाद सबैलाई बाँड्नू, गनेको आठ- आठका दरले आफ्ना स्वामीलाई दिएर शेष आफूले खानू।' रात्रिमा जागरण गर्नू आवश्यक छ।

॥ इति श्रीस्वस्थानी - पूजाविधिको भाषा टीका सकियो॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ श्रीस्वस्थानी व्रत - कथा मूल प्रारम्भः

कैलासशिखरे रम्ये नानाधातुप्रशोभिते।
कल्पवृक्षोद्यानयुक्ते कामधेनुविराजिते ॥ १ ॥
चिन्तामण्यादिसंयुक्ते चाष्टसिद्धिसमन्विते।
सुखासीनं जगन्नाथं ज्ञानमुद्रायुतं शिवम् ॥ २ ॥
ब्रह्मेन्द्रविष्णुभिर्वन्द्यं सौम्यरूपधरं पतिम्।
प्रणम्य शिरसाऽपृच्छत् पार्वती परमेश्वरी ॥ ३ ॥

श्रीपार्वत्युवाच–

भक्तवत्सल सर्वज्ञ देव - देव जगत्पते।
ब्रूहि मे परमेशान व्रतं त्रैलोक्यदुर्लभम् ॥ ४ ॥
को धर्मः सर्वधर्माणां भवतः परमो मतः।
सुराऽसुरास्तथा नागा महाचार्यास्तथा सुराः ॥ ५ ॥
भ्रातरो विविधाः सन्ति तथान्ये विविधाः नराः।
यद्वैधव्यहरं पुण्यं स्वस्थानस्थितिहेतुकम् ॥ ६ ॥

श्रीमहादेव उवाच–

साधु साधु महादेवि यत्त्वयाऽहं प्रबोधितः।
संक्षेपेण प्रवक्ष्यामि बह्वर्थं व्रतमुत्तमम् ॥ ७ ॥
माघस्य पूर्णिमायां तु स्वस्थानीव्रतमाचरेत्।
आवयोः पूजयेत्तत्र प्रतिमां मण्डले शुभे ॥ ८ ॥
चन्दनाक्षतपुष्पादि गृहीत्वा ध्यानमाचरेत्।
सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलाऽऽननाम् ॥ ९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिंहासनसमासीनां सर्वालङ्कारभूषिताम् ।
निलोत्पलाऽभयां वामे दक्षिणे वरदाऽभयाम् ॥ १० ॥
खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात् ।
चतुर्भुजां च मां तत्र पूजयेत् वृषकेतुनाम् ॥ ११ ॥
नीलोत्पलाभये वामे वरशूले च दक्षिणे ।
एवं ध्यात्वा महादेवीमर्घ्यं चाऽथ प्रदापयेत् ॥ १२ ॥
अष्टोत्तरशतैः पुष्पैः फलधूपान्नचन्दनैः ।
पूजयेद् वै महादेवौ जगतः परमेश्वरौ ॥ १३ ॥
ततो गोधूमचूर्णेन सतिलेन गुडेन च ।
गर्भं कृत्वा तु पक्तव्यं सर्पिषाऽष्टोत्तरं शतम् ॥ १४ ॥
पूपकं परमेशानि तद्वै भक्त्या निवेदयेत् ।
ततोऽष्टपूपं संगृह्य शुक्लवस्त्रेण वेष्टयेत् ।
पीतवस्त्रेण सम्बध्य पूजयेत् पतिबुद्धिना ॥ १५ ॥
पत्ये दद्यात् भक्षणार्थं वा दद्यात् मित्रपुत्रयोः ।
एतान् न लभते या तु सा नद्यां वाहयेद् मुदा ॥ १६ ॥
प्रदक्षिणीकृत्य ततः आवां वै श्रद्धयाऽन्विताः ।
ब्राह्मणान् भोजयित्वा तु दक्षिणां च प्रदापयेत् ॥ १७ ॥
स्वयं शतं तु भोक्तव्यं रात्रौ जागरणं चरेत् ।
ततो विसर्जनं कृत्वा जले तन्मण्डलं क्षिपेत् ॥ १८ ॥
वर्षे वर्षे व्रतं कुर्यात् स्वस्थानीनामकं शुभम् ।
एतद्व्रतफलैर्देवि संख्यातुं नैव शक्यते ॥ १९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोशतं च सहस्रञ्च परिष्कार - विभूषितम् ।
कन्यादानान्नदानानां वाजिवारण - कोटिशः ।। २० ।।

वस्त्र - रत्नमहादानं तिल - काञ्चनमेव च ।
राजसूयाश्वमेधाभ्यां यत्फलं समवाप्यते ।। २१ ।।

तत्सर्वं समवाप्नोति व्रतेनाऽनेन सुन्दरि !
व्रतानां च शिरोरत्नं स्त्रीणां चैव विशेषतः ।। २२ ।।

त्रिवर्गं तु समालभ्य प्राप्यते परमागतिः ।
इत्येतत् कथितं देवि किमन्यत् श्रोतुमिच्छसि ।। २३ ।।

श्रीपार्वत्युवाच–

तत्कथां श्रोतुमिच्छामि सर्वचेतोरमां शुभाम् ।
कथयस्व महादेव यदि योग्याऽस्ति मे प्रभो ।। २४ ।।

श्रीमहादेव उवाच–

साधु देवी त्वया दत्तं तत्कथा - श्रवणे मनः ।
तव प्रीत्यै प्रवक्ष्यामि सावधानतया श्रृणु ।। २५ ।।

पुराऽऽसीद् ब्रह्मपुर्यां वै शिवभट्टो महातपाः ।
षट्कर्मनिरतो विप्रः सर्वशास्त्रार्थपारगः ।। २६ ।।

पूर्वजन्मविपाकेन नाऽलभेत् सन्ततिं द्विजः ।
तस्य पत्नी सती नाम्नी नित्यं या पतिदेवता ।। २७ ।।

विषण्णा ह्यतिदुःखेन पृच्छति ब्राह्मणी पतिम् ।
आजन्मपापिनी काऽहं न जाने किं मया कृतम् ।। २८ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुत्रः पुत्री न मे किञ्चित् वृथा जन्म गतं मम ।
भार्यावचनमाकर्ण्य पतिः स्वस्थ्यं जगाद ह ।। २९ ।।

एतस्मिन्नन्तरे काले जायापत्योः किलाऽग्रतः ।
तयोः पुण्यप्रभावेण तत्रैका गौः समागता ।। ३० ।।

गवां तयोरग्रतस्तु गोमयं वै ससर्ज ह ।
समुत्पन्ना ततो दृष्टा कन्या रूपवती शुभा ।। ३१ ।।

सर्वलक्षण संयुक्ताऽपत्यत्वङ्गीकृता च सा ।
धनधान्यादिसम्पूर्णा लक्ष्मीवत् प्राप्य तां द्विजः ।। ३२ ।।

चकार शङ्ख- वाद्यादि- मृदङ्गाह्लादमुत्सवम् ।
ददौ नाम यथान्यायं गोमया भट्टिनीति सः ।। ३३ ।।

अनेकपुण्यकर्माणि श्रद्धया स चकार ह ।
प्रत्यहं वद्र्धते कन्या शुक्लपक्षे यथा शशि ।। ३४ ।।

तत् पुण्यधर्षिताः सर्वे त्रस्ताः शक्रादयः सुराः ।
कैलाशं तु समागम्य मां सर्वं ज्ञाप्य तत्वतः ।
अभयं च मया दत्तं गच्छ शक्र यथासुखम् ।। ३५ ।।

शक्र स्वस्थानमायातो मयाऽज्ञप्तो विचक्षणः ।
तत्कालेऽहं महादेवि ! बभ्राम भूमिमण्डले ।। ३६ ।।

कपालिवेशो भिक्षार्थं तद् - द्विजद्वारमागतः ।
डमरूम् वादयित्वा तु ययाचे विप्रमन्दिरे ।। ३७ ।।

एतस्मिन्नन्तरे काले सा कन्या गर्वगौरवात् ।
तच्च वाद्यं न शुश्राव कुसुमैः क्रीडती स्थिता ।। ३८ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुत्वा माता तु तच्छब्दं शीघ्रं कन्या जगाद ह ।
दीयतां तत्करे पुत्री ! राशिरन्नस्य विद्यते ।। ३९ ।।

मातुर्वचनमाकर्ण्य भिक्षां धृत्वाऽग्रतो गता ।
भिक्षुरूपः क्रोधयुक्तः शापं तस्यै ददौ तदा ।। ४० ।।

भिक्षुरुवाच–

त्वद्भिक्षां नैव गृह्णामि श्रृणु ब्राह्मणकन्यके !
अशीति वयसा वृद्धः पतिस्तव भविष्यति ।। ४१ ।।

इति शापं ततः श्रुत्वा रुरोदातीव विह्वला ।
धीमती जननी कन्यां सान्त्वयामास यत्नतः ।। ४२ ।।

कालेनाऽल्पेन सा देवी गोमयोद्भवसुन्दरी ।
गोमयेति च विख्याताऽभवत् वा दशवार्षिकी ।। ४३ ।।

पतिं योग्यतरं तस्यै गतो मार्गयितुं पिता ।
द्विजो जामातृयोग्यो हि न प्राप्तः शिवशर्मणा ।। ४४ ।।

विश्रान्तः स्वगृहं प्राप्य शिवशर्मा सुदुःखितः ।
भिक्षुकस्य तु शापेन दैवेन प्रतिपादितः ।। ४५ ।।

ब्राह्मणोऽतीव वृद्धश्च कन्यां याचितुमागतः ।
जटालम्बितदीर्घाङ्गः कम्पितश्चातिदुर्बलः ।। ४६ ।।

कुब्जः कुवेशो बधिरः पश्चिमे वयसि स्थितः ।
अन्यद्विजस्याऽलाभेन तस्य शापभयेन च ।। ४७ ।।

पूर्वशापं चाऽनुस्मृत्य तस्मै दुहितरं ददौ ।
कन्यादानं चकाराऽसौ शुभलग्ने शुभे दिने ।। ४८ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ततस्तु शिवभट्टेन पालितो दुहितु पतिः।
कालेन ज्वरपीडार्तो शिवशर्मा दिवं ययौ ॥ ४९ ॥
तत्पत्नी पतिना सार्द्धं सतीत्वं च समागता।
गोमया चातिः दुःखार्ता पतिना सह तिष्ठति ॥ ५० ॥
क्लेशैर्युतानिमलिना भोक्तुं पातुं न विन्दति।
तस्यां तु गर्भः संजातो हर्षशोकविवर्द्धनः ॥ ५१ ॥
सीमन्तोन्नयनं कृत्वा विप्रः पुंसवनादिकम्।
एकमासावधिं कृत्वा भिक्षार्थं वृद्धब्राह्मणः ॥ ५२ ॥
पत्नी प्रबोधयित्वा तु ततो देशान्तरं गतः।
सशीतज्वरपीडार्तो ममाराऽरण्यके द्विजः ॥ ५३ ॥
गोमया ब्रह्मणी सा च निर्जने निजमन्दिरे।
स्थित्वा ग्राम्यजनेनैव पालिता पतिदेवता ॥ ५४ ॥
गोमया दशमे मासि सुषुवे तनयं शुभम्।
द्विजश्रेष्ठैस्तस्य नाम नवराजेति कीर्तितम् ॥ ५५ ॥
याचिताऽन्नेन सा माता कारयामास सत्तमैः।
चूडा - व्रत - विवाहादि - सर्वकर्माणि तस्य वै ॥ ५६ ॥
यौवनोद्भेदवयसि नवराजो द्विजोत्तमः।
वसन् गृहेऽतिदुःखेन संयुतो मातृवत्सलः ॥ ५७ ॥
मातरं परिपप्रच्छ षोडशाब्दोऽतिसाहसी।
भोऽम्ब तातोऽस्ति क्व गतः सत्यं कथय मा मृषा ॥ ५८ ॥
इति पुत्रवचः श्रुत्वा सा माता रूदती सती।
जगाद वचनं पुत्रं भर्तुश्चरितसंयुतम् ॥ ५९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वयि गर्भस्थिते पुत्र ! तातस्ते भिक्षितुं गतः ।
क्व तिष्ठति न जानामि जीवितो वा मृतोऽथवा ॥ ६० ॥

इति मातृवचः श्रुत्वा नवराजोऽतिधार्मिकः ।
अम्बामाश्वासयामास हेतुभिः शास्त्रबोधितैः ॥ ६१ ॥

पित्र्युद्देशे गमिष्यामि तवाऽनुज्ञां विधाय च ।
पुत्रस्य परमो धर्मः पितृसेवाऽपरो न हि ॥ ६२ ॥

जीविते वाक्यकरणात् क्षयाहे भूरिभोजनात् ।
गयायां पिण्डदानाच्च त्रिभिः पुत्रस्य पुत्रता ॥ ६३ ॥

एवं प्रबोध्य जननीमनुज्ञां प्राप्य स द्विजः !
प्रबोध्य युवती भार्या पाथेयं परिगृह्य च ॥ ६४ ॥

यात्रां तु विधिना कृत्वा ततो देशान्तरं गतः ।
ग्रामाद्ग्रामान्तरं गच्छन् तातमन्वेषयन् द्विजः ॥ ६५ ॥

सुश्राव स ग्राम्यमुखात् निश्चितं पितरं मृतम् ।
रूरोदातीव दुःखार्तो हा तात ! जनकेति वै ॥ ६६ ॥

गंगातीरं ततो गत्वा चक्रे श्राद्धं विधानतः ।
अथ स्नुषा गोमयाया दुःखात् पितृगृहं गता ॥ ६७ ॥

तदा स गोमयोद्भूता ग्रामं तत् त्यज्य लज्जया ।
वस्त्रहीनाऽतिमलिना नदीनिकटवासिनी ॥ ६८ ॥

एरण्डपादपाकीर्णे तृणकुट्यन्तरे स्थिता ।
कोद्रवान्नं सदा भुक्त्वा सूत्रकर्तनकर्मतः ॥ ६९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कर्मणा सातिदुःखेन साध्वी कालं न्यवर्तयत् ।
यदा कैलासशिखरे लक्ष्मी देवी सरस्वती ॥ ७० ॥
सर्वदेवगणैर्युक्तश्चक्रुस्तद् व्रतमुमत्तम् ।
तदा मर्त्योपदेशार्थं स्वाश्रमात् नारदो मुनिः ॥ ७१ ॥
आगतस्ताभिराज्ञप्तो गच्छ लोकहिताय वै ।
एतद्यथा मर्त्यलोके सञ्चारि स्यात् तथा कुरू ॥ ७२ ॥
इत्याज्ञां स मुनिः प्राप्तो गतवान् मर्त्यविष्टपम् ।
पृथ्वीमण्डलमध्येऽथ दरिद्रः को भवेदिति ॥ ७३ ॥
चिन्तयामास तत्त्वज्ञः परोपकरणप्रियः ।
गोपालं परिपप्रच्छ को दरिद्रः क ईश्वरः ॥ ७४ ॥
गोपालस्तु ततो वाक्यमुवाच प्रान्तरे स्थितः ।
दुःखिनीनां न काऽप्यस्ति गोमयाया परा भुवि ॥ ७५ ॥
गोपालवचनं श्रुत्वा गतस्तत्सन्निधौ मुनिः ।
ब्राह्मणीमाह्वयामास द्वारि स्थित्वा पुनः पुनः ॥ ७६ ॥
धर्मोपदेशं श्रृण्वन्ति स्वस्थानी - व्रतमुत्तमम् ।
यथाविधानं वक्ष्यामि गोमये तद् व्रतं कुरू ॥ ७७ ॥
इत्युक्त्वा नारदो धीमानुवाच सकलं विधिम् ।
ततः साऽऽनन्दसंयुक्ता प्रणम्य मुनिसत्तमम् ॥ ७८ ॥
तस्मै पीठासनं दत्वा संवेश्य च गृहान्तरम् ।
आतिथ्य तस्य वै कर्तुं मनसा परिचिन्त्य सा ॥ ७९ ॥
गृहे च नास्ति मे किञ्चित् किंकरोमीति दुःखिता ।
कर्तितं सूत्रमादाय ताम्बूलार्थं जगाम ह ॥ ८० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताम्बूलं पूगसहितं गृहीत्वा गृहमागता ।
तावदेव गृहे तस्या निधिं दत्वा गतो मुनिः ॥ ८१ ॥

ब्राह्मणी गृहमायाता न ददर्श मुनिश्वरम् ।
गृहसम्मार्जनं चक्रे विषादेन युता सती ॥ ८२ ॥

भद्रपीठं समुत्थाप्य तत्र दृष्टो निधिस्ततः ।
व्रतोपदेशमात्रं वै नाऽयं दातुं मुनीश्वरः ॥ ८३ ॥

धर्मव्याजैर्निधिमपि मह्यं दातुं समागतः ।
इत्यानन्देन मनसा जग्राह निधिमुत्तमम् ॥ ८४ ॥

ततः सा तद् व्रतं चक्रे मुनिनाऽभिहितं यथा ।
पूपाष्टकं तु संस्थाप्य पुत्रागमनकांक्षया ॥ ८५ ॥

स्वयं शतं सा बुभुजे सिताक्षीरघृतैर्युतम् ।
तद् व्रतस्य प्रभावेण रात्रौ तत्पुत्र आगतः ॥ ८६ ॥

आशीर्भिरर्चयामास सूनुनाऽसौ नमस्कृता ।
तत् प्रसाद स पुत्राय ददौ सा गोमयोद्भवा ॥ ८७ ॥

दत्तं पूपं स बुभुजे सिताक्षीरघृतैर्युतम् ।
परस्परकथां कृत्वा ह्युभाभ्यां गमिता निशा ॥ ८८ ॥

प्रातस्ततः सा जननी नवराजमुवाच ह ।
गङ्गातीरं हि गत्वा त्वं स्नानं कुरु च पुत्रक ।
ततो विश्वेश्वरं देवं ध्यानेन परिचिन्तय ॥ ८९ ॥

इति मातृवचश्श्रुत्वा कृतगङ्गाप्लवो द्विजः ।
कृत्वा वैश्वेश्वरीं पूजां महास्तोत्रमुवाच ह ॥ ९० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यं वै वेदो वेद नो नैव विष्णुर्यं वा वेधा नर्षयो नैव वाणी ।
तं देवेशं मादृशःकोऽल्पबुद्धिर्याथार्थ्याद् वै वेत्यहो विश्वनाथम् ।।९१।।

श्रुत्वा स्तोत्रमिदं तुष्टो जगाद परमेश्वरः ।
कालान्तरे च ते राज्यं नवराज भविष्यति ।।९२।।

इत्युक्त्वा गोमयासूनुमन्तर्धानं गतः शिवः ।
ब्राह्मणोऽपि वरं प्राप्य जगाम स्वनिकेतनम् ।।९३।।

एतस्मिन्नन्तरे काले लावण्याख्यपुरीश्वरः ।
मृतः कालवशेनैव राजा पुत्रादिवर्जितः ।।९४।।

तस्मिन् देशे गजेन्द्रेण कश्चिद्राजा विधीयते ।
इति श्रुत्वा देशदेशादागता लोकपंक्तयः ।।९५।।

वस्त्रालङ्कार सम्पूर्णा नाना शोभासमन्विताः ।
स्थिता लावण्यपथ्यासु राज्यलोभेन वै नराः ।।९६।।

गोमया साऽपि लोभेन सपुत्रा स्वगृहाद्ययौ ।
सपुत्रा लज्जया सा वै सन्तस्थौ गृहकोणतः ।।९७।।

सजलं स्वर्णकुम्भं च गृहीत्वा राजमार्गतः ।
तेषु आगतो तिष्ठत्सु गजेन्द्रऽन्वेषयन् नरान् ।।९८।।

गृहकोणगतः सा वै नवराजः समातृकः ।
स्नापितस्तज्जलेनैव स्वस्कन्धे स्थापितस्तदा ।।९९।।

राजगृहं स नीतश्च दोलया तत् प्रसारपि ।
पुरोहितादयश्चक्रुः सर्वे तस्याऽभिषेचनम् ।।१००।।

वीणा - मृदंग - पटह - शंख - दुन्दुभि - निःस्वनैः ।
हर्षनृत्यादिसंयुक्तै गीतैस्ताल समन्वितैः ।।१०१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाजा पुष्पादिसिन्दूरैर्युक्तं प्राप्य महोत्सवम् ।
नवराजोऽतीव हृष्टः सिंहासनगतः प्रभुः ॥१०२॥

ब्राह्मणान् पूजयामास भक्त्याऽऽशीर्वाद बालकान् ।
अन्यानुत्सवसंलग्नात् दत्वाऽन्ते पारितोषिकान् ॥१०३॥

मातरं परिपप्रच्छ प्रिया मे क्व गतेति वै ।
स्वस्थानीं सा न जानाति सर्वदुःखविनाशिनीम् ॥१०४॥

त्वत्प्रसादेन भूपोऽहं जातो वै त्वत् - प्रभावतः ।
महद्दुःखं त्वया प्राप्तमित्युक्त्वा मातरं प्रति ॥१०५॥

प्रिया वै प्रेषयद् दोलां गतास्तस्याऽज्ञया जनाः ।
ददृशुस्तां स्त्रियं ते वै नदीतीरनिवासिनीम् ॥१०६॥

ततो पृच्छन् हि का त्वं भो नवराजप्रिया कुतः ।
तैः पृष्टा सा चारुनेत्रा कथयामास भारिकान् ॥१०७॥

पत्न्यहं नवराजस्य परमप्रीतिदायिनी ।
गोमया पतिमाता च गच्छामि यत्र मत्प्रभुः ॥१०८॥

तस्यास्तद्वचनं श्रुत्वा भटास्ते हर्षसंयुताः ।
दोलायां स्थापयित्वा तां प्रेषयामासुरादृता ॥१०९॥

तैर्भारवाहकैः सर्वैर्दोला नीता नदीतटे ।
अप्सरोभिः कृतं तत्र तदृशुस्तैर्व्रतोत्तमम् ॥११०॥

तद् दृष्ट्वा भारिका सर्वे तामाश्वास्य गतास्ततः ।
यत्राऽप्सरोगणैः सर्वैः स्वस्थानीव्रतमादृतम् ॥१११॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भारिका ऊचुः -

भो भो देव्यः किमेतद्वै क्रियते व्रतमुत्तमम् ।

अप्सरसः ऊचुः -

स्वस्थानीव्रतमेतद्धि सर्वकामफलप्रदम् ॥११२॥
एतद् - व्रतप्रभावेण स्वर्गलोके महीयते ।
इति श्रुत्वा भारीकास्ते पुष्पादीनि प्रयाच्य वै ॥११३॥
अप्सरोभिः सहैवात्र स्वस्थान्याश्चक्रिरे व्रतम् ।
पुनस्तत्र समायाता यत्र सा भोगिनी स्थिता ॥११४॥
ततोऽतीव प्रक्रुद्धाऽऽसीद् विलम्बेन च सा प्रिये ।
सपूपतिलकान् दृष्ट्वा भारवाहान् मुदान्वितान् ॥११५॥
सपुष्पफलहस्ताब्जानाह तान् पापिनी वधूः ।
भारवाहा ! विलम्बो हि युष्माभिः क्रियते कुतः ॥११६॥
इति श्रुत्वा भारवाहा विज्ञप्तिं चक्रिरे मुदा ।
अप्सरोभिः कृतं चैव नानाकामप्रदं शुभम् ॥११७॥
स्वस्थान्या च व्रतं दृष्ट्वा नः श्रद्धा समजायत ।
फलाभिलाषिभिश्चैव ह्यस्माभिरपि तत्कृतम् ॥११८॥
भवदर्थं पुष्पफलं समानीतं गृहाण भो!
एतत् श्रुत्वा वाहवाक्यं क्रुद्धाऽतीवावदऽत्तदा ॥११९॥
स्वस्थानी का मयाऽद्यापि लोके वेदे न च श्रुता ।
इति वज्रसमं वाक्यमुक्त्वा सा पापिनी तदा ॥१२०॥
तद्धस्त - पुष्प - फलयोश्चक्रे सा क्षेपणं रूषा ।
तस्यास्तत्कर्मदोलायां दृष्ट्वा संस्थाप्य पापिनीम् ॥१२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निर्युर्मार्गेण त्वरया भारवाहा भयान्विताः।
अथ तत्र समायातादोलायां सुजला नदी ।।१२२।।
ते तां हि पापिनीं निन्युर्नदीं तर्तुं यदा प्रिय।
तदा प्रलयवन्मेघा गर्जनं चक्रिरेऽप्रदा ।।१२३।।
पपात वातवेगेन नीतो नद्यां तु पापिनी।
साऽदृष्टा पापिनी जाता गलत्कुष्ठेन संयुता ।।१२४।।
तद्व्रतस्य प्रभावेण वाहकास्ते दिवं गताः।
तत्पापिनीस्पर्शभीत्या जलं पातालमाश्रितम् ।।१२५।।
संकटं कर्दमे तत्र दृश्यते पथिकैः सदा।
तत्र द्वादशवर्षाणि कर्दमे पापिनी स्थिता ।।१२३।।
ततो वंशादिभिस्तद्धि शोधितं कर्दमं जनैः।
तदा वंसाग्रसंलग्ना प्रोत्प्लुत्य पापिनी गता ।।१२७।।
कुशस्थाने च पतिता संकटैर्दैवयोगतः।
सर्वदा सा ज्वलद्वह्निज्वालया परिपीडिता ।।१२८।।
ततः स नवराजो हि मातरं प्रति चोक्तवान्।
राज्यलक्ष्मींश्च सम्प्राप्ता मातुः तव प्रसादतः ।।१२९।।
सर्वदानं करिष्येऽहं ब्राह्मणेभ्यश्च श्रद्धया।
इत्युक्त्वा देशदेशाच्च ब्राह्मणाः सन्निमन्त्रिताः ।।१३०।।
कपिलः शिष्यसंयुक्तस्तमुद्दिश्य जगाम सः।
ते नाऽसौ तन्नदी तीरे सा दृष्टा पापनी तदा ।।१३१।।
मुनिना परिपृष्टा सा दग्धकाष्ठकृतिर्वधूः।
किं कुलं केन पापेन चेदृशी ते दशाऽधुना ।।१३२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुनेस्तद्ववनं श्रुत्वा पापिनी वाक्यमब्रवीत् ।
जात्याऽहं ब्राह्मणी विप्र ! ह्यवस्था व्रतनिन्दया ।।१३३।।
क्षुधा मां बाधते विद्वन् भुक्तशेषमिहाऽनय !
तेनैव मे क्षुधा शान्तिरित्येवं प्रार्थयाम्यहम् ।।१३४।।
ओमित्युक्त्वा गतो विप्रो नवराजनिवेशनम् ।
तत्रभुक्त्वा महद्भोज्यं दानादि प्राप्य वै ततः ।।१३५।।
सर्वे द्विजा गता गेहान् स्वान्स्वानेव मुदान्विताः ।
मुनिना याचितुं नैव शक्यते लज्जया तदा ।।१३६।।
इतस्ततो भ्रमन् विप्रो नवराज - नृपाङ्गणे ।
मात्रा नृपस्य दृष्टः सस्ततो जिज्ञासितो द्विजः ।।१३७।।
नृपमात्रा मुनिः पृष्टो किं कार्यं भवतस्त्विह ।
तेन चोक्तं परार्थं च याच्यते भोज्यमात्रकम् ।।१३८।।
भाण्डारिका इति श्रुत्वा दातुं भाण्डगृहं ययुः ।
पक्वान्नादि प्रपूर्णं तद् - व्रतनिन्दा प्रभावतः ।।१३९।।
रिक्तं भाण्डगृहं जातं सर्वे दृष्टा हि सत्रपाः ।
नृपमात्रे परावृत्य तेऽवदन् सर्वमेव हि ।।१४०।।
सोवाच तद्वचः श्रुत्वा दीयतां भोज्यमात्रकम् ।
तस्यस्तद्वचनं श्रुत्वा कृतवन्तस्तथैव हि ।।१४१।।
नूतने मृण्मये भाण्डे कृत्वा भोज्यं त्वरान्विताः ।
मुनिर्गतश्च पापेन युक्ता सा यत्र तिष्ठति ।।१४२।।
दत्वा तदोदनं तस्यै द्विजस्तु स्वगृहं ययौ ।
कस्मिंश्चित् दिवसे तत्र तस्या भाग्योदयेन च ।।१४३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगत्य तु जगन्माता गरुडोपरि संस्थिता।
यदाह वैष्णवी देवी तद् श्रृणुष्व वरानने ॥१४४॥

वैष्णव्युवाच-

स्वस्थानी परमेश्वर्यां विधिवत् व्रतमाचर।
तेन स्वस्थानलाभस्ते भविष्यति न संशयः॥१४५॥
इत्युक्तान्तर्हिता देवी वैष्णवी कामरूपिणी।
तया कृतं व्रतं सर्वं यथा देव्या प्रभाषितम्॥१४६॥
दधिपूपे तया देव्या ह्यप्राप्ते व्रतकर्मणि।
शर्करायास्तथा पूपं नदीपंकस्य वै दधि॥१४७॥
कृत्वा समर्पितं बद्ध्वा तद्द्वयं सत्यतां गतम्।
अष्टपूपं ससूत्रादि नमस्कृत्य पुनः पुनः॥१४८॥
नद्यां क्षिप्तं तथा शीघ्रं तत्पर्शं प्राप्य नागिनी।
अष्टोत्तरशतं वर्ष पुरुषेण विवर्जिता॥१४९॥
नागेन मिलिता या च तत्पूपस्पर्शनादिभिः।
सर्वपापैर्विनिर्मुक्ता बभूवाऽतीव सुन्दरी॥१५०॥
आशिषं च ददौ तस्यै नागकन्याऽतिविस्मिता।
ततो बभूव सा पापा महालक्ष्मी - स्वरूपिणी॥१५१॥
केनाऽप्यागत्य राज्ञेऽथ कथिता सुन्दरी कथा।
पथिकस्य वचः श्रुत्वाऽनुचराः प्रेषिताः पुनः॥१५२॥
नाना वाद्यादिघोषेण वेदघोषेण वै ततः।
स्वीये गृहे समायाता नवराजस्य भोगिनी॥१५३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोमयाया पदद्वन्द्वम् सुन्दरी प्रणनाम सा।
मात्रा पत्न्या समायुक्तो नवराजो नराधिपः ।।१५४।।
प्राप्तं निष्कण्टकं राज्यं बुभुजे सर्वसम्मतम्।
स्वस्थानीपरमेश्वर्या कथां श्रुत्वा च श्रद्धया ।।१५५।।
अपुत्रा पुत्रमाप्नोति पत्युः प्रीति च विन्दती।
कथा - श्रवणमात्रेण हयमेध फलं लभेत् ।।१५६।।

इति श्रीस्कन्दपुराणे माघमाहात्म्ये श्रीस्वस्थानी व्रतकथा समाप्ता।

श्रीस्वस्थानी परमेश्वरीको पूजालाई चाहिने सामग्री

आसनी, थाली, पञ्चपात्र, आचमनी, अर्घ्य, दीप, कलश, गणेश थाप्ने चामल, कर्मपात्र, पञ्चामृत (दूध - दही - मह - घिउ चीनी) चन्दन, अक्षता, धूप, दीप, नैवेद्य, वस्त्र, भेटी र जनै, सुपारी, सिंदूर, अबीर, सौभाग्य द्रव्य, पूर्णपात्र र रोटी १०८। सुपारी १०८ टुक्रा, वेलीको पुष्प १०८। पान १०८। यज्ञसूत्र १०८। अक्षता जौ तिल सबै १०८ गनेका र अरू फल-फूल नैवेद्यहरू आफ्नो शक्तिअनुसार चाहिन्छ। आर्सी (तामाको थाली) मा ॐकार सहित अष्टदल लेखी बालुवाको शिवलिंगनेर राख्नु र त्यसैमा पूजा गर्नू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो श्रीस्वस्थानी व्रतकथा

भाषा श्लोक

प्रार्थना–

बाहूमा छ कमण्डलू र मृगको * छाला तथा आयुध ।
जो गर्छिन् बलवान शत्रुगणको * शस्त्रास्त्र द्वारा वध ॥
यो सृष्टि स्थिति- नाश पालन सदा * जुन् शक्तिले गर्दछिन् ।
स्वस्थानी जननी तिनै खुशि भई * सङ्कष्ट सारा हरुन् ॥१॥

जस्को भूषण नाग छन् कमरमा * जस्को छ बाघम्बर ।
लाएको तनमा छ भस्म शिरमा * छन् चन्द्रमा सुन्दर ॥
भिक्षा - पात्र लिने त्रिशूल डमरू * जो गर्दछन् धारण ।
त्यस्ता श्रीशिवले गरून् खुशि भई * ब्रह्माण्डको रक्षण ॥२॥

कथा प्रारम्भ–

कैलाशस्थलमा थिए शिव अघी * सानन्द कोही दिन ।
सोधिन् पार्वतिले बसेर नगिचै * पाऊ समाईकन ॥
हे सर्वज्ञ ! त्रिलोकमा व्रतहरू * धेरै थरी छन् तर ।
थोरै नै श्रमले बढ़ी फल दिने * त्यस्मा छ कुन् सुन्दर ॥३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जीवात्मा सबका अनेक थरिका ❋ सङ्कष्ट नाशी दिने ।
जुन् हो धर्म हजूरको प्रिय प्रभो ❋ कल्याण चाँड़ो हुने ॥
कस्को पूजनले परिन्न कहिल्यै ❋ हे नाथ ! आपत्तिमा ।
आज्ञा गर्नुहवस् म सुन्दछु सबै ❋ विस्तारका साथमा ॥४॥

त्यस्तो प्रश्न समस्त लोकहितको ❋ श्री पार्वतीको सुनी ।
भन्नूभो अनि श्री सदाशिवजिले ❋ हाँस्तै दयालू बनी ॥
प्राणीको हितका निमित्त तिमिले ❋ इच्छा गर्‍यौ सुन्न जो ।
सान्हे गुप्त छ जो सबै व्रतमहाँ ❋ संक्षेपमा भन्छु त्यो ॥५॥

थाल्नूपर्दछ पौषशुक्ल सुमुखी ❋ त्यो पूर्णिमाको दिन ।
गर्नू पर्दछ नित्य हामि दुइकै ❋ मध्याह्नमा पूजन ॥
स्वस्थानी, जगदीश्वरी, भगवती ! ❋ हे सिद्धिदात्री ! भनी ।
रात्रीमा महिनाभरी शुभकथा ❋ भन्नू र सुन्नू पनि ॥६॥

माला, पुष्प र अक्षता, अबिर जौ ❋ सिन्दूर कालो तिल ।
राख्नू तोरण दिव्य मण्डप रची ❋ चौतर्फमा उज्ज्वल ॥
मीठा व्यञ्जन, वस्त्र, भूषणहरू ❋ शक्ति छ, आफ्नो जति ।
गर्नै पर्दछ खर्च शुद्ध मनले ❋ त्यो कार्यमा हे सति ! ॥७॥

पूजा त्यो विधिले सकेर करमा ❋ ली अक्षता चन्दन ।
स्वस्थानी, भनि यो गरून् स्तुति व्रती ❋ आनन्द मानीकन ॥
हे दुर्गे ! छ सुवर्ण झैं हजूरको ❋ कान्ती सफा टल्कने ।
बल्दो नेत्र प्रधान तीन रवि झैं ❋ छन् विश्वमा झल्कने ॥८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छौ सिंहासनमा लगाइ तनमा * वस्त्रादि आभूषण।
बाहूमा दुइ खड्ग चर्म पनि छौ * गर्ने सदा धारण॥
शोभा दिन्छ त्रिशूलले, जलजले * दायाँ र बायाँ कर।
यस्ती छौ तिमि भन्न यो पृथिविमा * सक्ने कहाँ को छ र?॥९॥

जानी मूर्ख मलाइ हे भगवती! * गर्छू म जो पूजन।
त्यस्ले तुष्ट भई दया गरि ममा * आफ्नो दिनोस् दर्शन॥
यस्तो ध्यान सकेर पूजन पनी * गर्नू ठुलो भक्तिले।
सुन्नू दिव्य कथा जगज्जननिको * श्रद्धा र आनन्दले॥१०॥

स्वस्थानीकन जे चढाउन जती * इच्छा छ सद्भक्तको।
जम्मा एक सये र आठ क्रमले * राख्नू गनी वस्तु त्यो॥
सारा वस्तु चढाउनू क्रम सहित् * त्यो वेदका मन्त्रले।
पूरा हुन्छ सबै मनोरथ छिटै * श्री शक्तिको भक्तिले॥११॥

पूजा त्यो क्रमले सकेर निशिमा * जाग्रामा बस्नू अनि।
प्रातःकाल उठी विसर्जन गरोस् * कर्तव्य हो यो भनी॥
आठोटा पर सार्नु एक सयमा * सपूर्ण वस्तू गनी।
स्वामीलाई दिनू प्रसन्न मनले * खानूहसवस् यो भनी॥१२॥

छैनन् स्वामि भने प्रसाद सब त्यो * सत्पुत्रलाई दिनू।
छोरो छैन र मित्र - पुत्र छ भने * त्यस्लाई नै त्यो दिनू॥
कोही छैन भने बगाउनु लगी * भागीरथीमा अनि।
स्वस्थानीकन सम्झनु मनमनै * इच्छा पुगोस् लौ भनी॥१३॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजा यो क्रमले सकेर जति छन् * आफ्ना र श्रोतागण !
पार्नू प्रोहितलाइ खूशिमनले * दी दक्षिणा भोजन।
सारालाइ गराइ तुष्ट व्रत त्यो * गर्ने व्रतीले पनि।
खानू मालपुआ छ जो सय त्यही * यस्को नियम् हो भनी ।।१४।।

गर्नूपर्दछ वर्ष - वर्ष दिनको * नै माघमा यो व्रत।
दुःखी, दीन, दरिद्रको दुख हरी * गर्नेछ त्यस्ले हित ।।
गर्दा त्यो व्रत मिल्छ श्रेष्ठ फल जो * त्यस्को गरी वर्णन।
सक्तैनन् जब शेषले पनि भने * को सक्छ अर्को जन ।।१५।।

गाई दान दिनू सहस्त्र सुनको * पैहाइ आभूषण।
भन्छन् दान दिनू अनेक गज जो * जुन् शास्त्र औ सज्जन ।।
कन्या रत्न र अश्वदान सुनको * दिन्छन् घड़ा कोटि जो।
गर्नेछन् तिलपात्र, अश्व - मखमा * धेरै अरू दान जो ।।१६।।

गर्दा उत्तम राजसूय मखको * पाइन्छ जस्तो फल।
त्योभन्दा बढि मिल्छ एक व्रतले * स्वस्थानीको केवल ।।
स्वस्थानी - व्रतको सबै गरिदिएँ * संक्षेपमा वर्णन।
के सुन्ने मनमा छ त्यो अब तिमी * हे पार्वती ! लौ भन ।।१७।।

यो आज्ञा शिवको सुनेर मनको * शंका गएथ्यो जब।
लागिन् भन्न सती हिमालय - सुता * पाऊ परी हे शिव ! ।।
सुन्दा अमृत झैं कथा हजुरले * आज्ञा भएको सब।
मेरो तृप्त भएन चित्त अझ क्यै * सुन्छू म फेरी अब ।।१८।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्ले कुन् युगमा गऱ्यो व्रत कहाँ * इच्छा पुग्यो के गरी?
त्यस्को वर्णन गर्नुहोस् हजुरले * विस्तारले यो घरी ।।
तिन्को बिन्ति सुनी सकेर शिवले * तत्काल आज्ञा भयो ।
हे प्यारी ! सुन सावधान मनले * सम्पूर्ण भन्छू म त्यो ।।१९।।

स्वस्थानी व्रत झैं हुँदैन अरू क्यै * स्त्री जातिका खातिर ।
यस्ले दिन्छ त्रिवर्गका सुख सधैं * भक्ती गरे सादर ।।
यौटा ब्रह्मपुरी भनी नगरिमा * बस्थे कुनै ब्राह्मण ।
काट्ते ती शिवभट्ट नाम द्विजले * सत्कर्म द्वारा दिन ।।२०।।

पत्नी एक 'सती' सुशील घरमा * तिन्की थिइन् सुन्दरी ।
निक्कै कष्ट थियो तथापि पतिको * गर्थिन् सदा चाकरी ।।
सेवा सिद्धि - गणेशको दुख सही * तिन्ले गरेथे जब ।
तिम्रो पुत्र खुसी भईकन दिए * निक्कै ठूलो वैभव ।।२१।।

भोगे सम्पत्ति त्यो भएन घरमा * सन्तान कोही पनि ।
सेवा फेरि गणेशको गइ गरे * ती दम्पतीले अनि ।।
खूशी मै गणनाथले वर दिए * 'कन्या' हुनेछन् भनी ।
पौंचे पूजन गर्न मन्दिर महाँ * आनन्द मान्दै तिनी ।।२२।।

गाई एक पुगिन् त्यहीं र द्विजले * पूजा गरे सादर ।
गोब्याइन् करमा लिएर घरमा * राख्दा भए गोबर ।।
कन्या गोबरबाट जन्मन गइन् * ठूलो गरे उत्सव ।
सारा दीन - दुखी र विप्रगणमा * बाँड्दा भए वैभव ।।२३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राखे ज्योतिषिले गरेर गणना * हो नाम 'गोमा' भनी ।
गर्थे दान असंख्य द्रव्य दिनहूँ * आनन्द मान्दै तिनी ॥
तिन्को पुण्य बढेर स्वर्ग- पतिको * कम्पित् भयो आसन ।
आए देवहरू मिलीकन सबै * मेरो अगाडी रून ॥२४॥

गर्नेछू म उपाय निर्भय भई * फर्केर जाओ घर ।
मैले येति भने पछी सुर गए * आनन्द मानी, तर ॥
द्यौताको हितको निमित्त म गएँ * तत्काल योगी बनी ।
चिच्याएँ शिवभट्टको घर पुगी * लौ ल्याउ भिक्षा भनी ॥२५॥

त्यो बेला शिवभट्ट दम्पत्ति दुवै * कोही थिएनन् घर ।
गोमा मात्र थिइन् मलाइ तिनिले * 'पख्नुस' भनिन् सादर ॥
भिक्षा हातमहाँ लिएर पछि ती * आइन् मलाई दिन ।
आयो क्रोध निकै बजाइ डमरू * मैले भनें लौ सुन ॥२६॥

व्यर्थैमा अपमान आज तिमिले * मेरो गऱ्यौ सुन्दरी !
भिक्षा लिन्न बरू म श्राप बलियो * दिन्छू नटर्ने गरी ॥
मिल्ला सत्तरि वर्षको पति बुढो * पुग्दा तिमी सातकी ।
योगीको सुनि श्राप दुःखित् भई * रोइन् बसी खूब ती ॥२७॥

आए श्रीशिवभट्ट ब्राह्मण सती * दानादि पूरा गरी ।
छोरीको सुनि बात श्राप त्यसरी * आयो भनी बेसरी ॥
सम्झाइन् अब लाभ छैन यसरी * रोएर केही पनि ।
लाग्ला श्राप कि वा भई विफल त्यो * टर्ला, नरोऊ भनी ॥२८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोमाले सुनि बात त्यो जननिको * सन्तोष मन्मा लिइन् ।
चाँडै नै तिनि सात वर्ष जतिकी * थाहै नपाई भइन् ।।
लागे खोज्न विवाह गर्दछु भनी * चारै दिशामा वर ।
पाएनन् तर श्रापले वर कहीं * इच्छित् गुणी सुन्दर ।।२९।।

निस्केथे शिवभट्ट योग्य वर क्वै * आफैं म खोज्छू भनी ।
पाएनन् तर श्रापले वर, घरै * फर्की रहेथे तिनी ।।
भेटे वृद्ध कुरूप न्याल चुहुने * यौटा कुनै ब्राह्मण ।
लागे भन्न तिनी विनम्र स्वरमा * सारा बुझी कारण ।।३०।।

छोरी देउ मलाई नत्र म यहीं * मर्नेछु हत्या गरी ।
सम्झे श्री शिवभट्टले सब कुरा * त्यो श्रापको राम्ररी ।।
ल्याए ती द्विजलाई डाकि घरमा * राखेर केही दिन ।
पत्नीको अनि पुत्रिको पनि पछी * तिन्ले बुझाए मन ।।३१।।

छोरी योग्य, सुशील वृद्धकन ती * आनन्दले सुम्पिए ।
छोरीलाइ र वृद्धलाइ घरमा * क्यै काल राख्दा भए ।।
चांडै ती शिवभट्ट ब्राह्मण मरे * त्यै श्रापको शक्तिले ।
पत्नी साथ गइन् पतीसँग सती * त्यै अग्निमा भक्तिले ।।३२।।

सम्पत्ति जति जे थियो ति द्विजको * सारा लगे चोरले ।
गोमालाइ पर्‍यो विपत्ति सहसा * मेरो त्यही श्रापले ।।
बस्थिन् कष्ट खपेर धैर्यसित ती * सेवा बुढाको गरी ।
गोमा गर्भवती भइन् दिन बिते * आपत्ति धेरै परी ।।३३।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीमन्तोन्नयनादि कर्म द्विजको * जो गर्नुपर्ने गरी।
भिक्षा माग्न हिडे सतीकन घरै * बस्नू भनी राम्ररी ॥३४॥

हाँगामा फुल टिप्दछू भनि चढे * क्वै वृक्षको, ब्राह्मण।
त्याहाँबाट लड़ी मरे द्विज तिनी * हे पार्वती ! लौ सुन ॥३५॥

आएनन् पति - देवता किन भनी * गोमा थिइन् चिन्तित।
जन्म्यो पुत्र थिएन वस्तु घरमा * केही ति गोमासित॥
गर्थे मद्दत ग्रामका सब मिली * तिन्को सकेको जति।
न्वारान् गर्न पनी दिए धन निकै * तिन्लाइ हे पार्वती ! ॥३६॥

राखेथे 'नवराज' नाम शिशुको * जान्नेहरूले जब।
राज्यश्री युत हुन्छ बालक पछी * भूपाल भन्थे सब॥
भिक्षाले व्रतबन्ध आदि द्विजको * जो कर्म हो सो गरी।
गर्थिन् पालन पुत्रको दुख सही * गोमा सधैं राम्ररी ॥३७॥

देखी योग्य कुमार मद्दत दिई * खोजेर कन्या पनि।
सानो नै वयमा बिहा गरिदिए * तिन्को भलो होस् भनी।
सन्तोषी नवराज मित्रगणमा * खेल्थे र कोही दिन।
जिस्क्याई सबले भने लहड़मा * को हो पिता लौ भन ? ॥३८॥

त्यस्को उत्तरमा नबोलिकन ती * फर्केर आए घर।
आमालाइ भने बताउनुहवस् * को हुन् पिता ? सादर॥
काहाँ छन् अहिले कि वा कहिं गए * खोज्नेछु मैले गई।
तिन्को प्रश्न सुनी रूँदै सब भनिन् * अत्यन्त दुःखी भई ॥३९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएनन् अझसम्म फर्कि घरमा * मेरा पिताजी किन ?।
जान्छू खोज्न छिटै म फिर्दछु पनी * पर्दैन माता ! रून।
सम्झाई नवराज ब्राह्मण हिंडे * डुल्दै अनेकौं स्थल।
भेट्टाए पछि विप्रले भनिदिंदा * बाबू मरेको स्थल ॥४०॥

हड्डी मात्र थियो लगेर जलमा * सारा बगाई दिए।
बाबूको दशगात्र कर्म विधिले * सम्पूर्ण गर्दा भए ॥
ठूलो कष्ट परेर बस्न नसकी * चन्द्रावती ब्राह्मणी।
सासूलाइ भनेर माइत गइन् * तिन्की बुहारी पनि ॥४१॥

गङ्गाका तटमा बनाइ झुपड़ी * गोमा त्यहीं बस्तथिन्।
दैवाधीन बुझेर कष्ट जति जे * आए पनी खप्दथिन् ॥
गौरी शङ्कर बस्तथे उस घरी * सानन्द कैलाशमा।
गोमाको अति कष्ट जानि सहसा * आई दया चित्तमा ॥४२॥

स्वस्थानी व्रतको विधान जति हो * सारा बताई कन।
गौरीले खुशि भै पठाउनु भयो * गोमा कहाँ त्यै क्षण ॥
आज्ञा पाइ पुगे तुरून्त ऋषि जो * ती दुःखियाका घर।
गौरीले जति जे भनिन् सब भने * पूजाविधि सादर ॥४३॥

सती साध्वी गोमा ! अतिशय पर्‍यो कष्ट तिमिमा।
भनी गौरीलाई हुन गइ दया खूब मनमा ॥
पठाई बक्सेको व्रत विधि बताईकन यहां।
छिटै नै जाला यी दुख र सुख होला मनमहाँ ॥४४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गौरीले शिशुमै मिलुन् शिव-पती ✻ भन्दै गरिन् जो व्रत।
त्यस्कै दिव्य प्रभावले फल मिल्यो ✻ तिन्लाइ त्यो इच्छित॥
'स्वस्थानी जननी !' भनेर विधिले ✻ पूजा उनैको गर।
इच्छा पूर्ण हुनेछ मान्नु मनमा ✻ ती ईश्वरीकै भर॥४५॥

यस्तो अर्ति दिई विधान पनि त्यो ✻ सारा भनेथे जब।
चाँडै पान लिएर आउँछु भनी ✻ गोमा हिड़ीथिन् तब॥
आइन् पान लिएर हर्षित हुँदै ✻ आतिथ्यको खातिर।
देखीनन् ऋषिलाइ आसन महाँ ✻ रोइन् बसी धर्धर॥४६॥

केही बेर पछी बढार्न घर ती ✻ लागिन् कुचोले जब।
कौड़ी सात सुवर्णका ति ऋषिले ✻ छाड़ी गएका तब॥
पाइन् त्यो र सहर्ष शास्त्र- विधिले ✻ सामग्रि जम्मा गरी।
'स्वस्थानी जननी' भनी व्रत बसी ✻ पूजा गरिन् राम्ररी॥४७॥

छोरोलाइ दिने भनी सब कुरा ✻ पर्साद राखी दिइन्।
आफूचाहिं कथा भनेर निशिमा ✻ जाग्राम बसेकी थिइन्॥
छोरा आइपुगे प्रभाव तपको ✻ ठूलो हुनाले गरी।
स्वस्थानी व्रतको सुनेर महिमा ✻ ढोगी दिए राम्ररी॥४८॥

गोमा गएर पहिले गरि स्नान आइन्।
आफ्ना सुपुत्रकन यो तिनि भन्न लागिन्॥
बाबू ! गएर पहिले तिमी स्नान गर्नू।
पूजा हरी र हरको गरि पाउ पर्नू॥४९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुग्ला मनोरथ छिटै प्रभुको दयाले।
आशीष पाइ जननीकन ढोगि पैले।।
भागीरथी - तट पुगी खुशिले नुहाए।
पूजा गरेर मनमा बहुतै रमाए।।५०।।

तिन्को पूजनले हरी - हर दुवै * अत्यन्त खूशी भए।
हुन्छौ हे नवराज ! भूपति भनी * आशीष आफैं दिए।।
आशिर्वाद सुनी प्रसन्न मनले * फिर्दा भए ती घर।
आमालाई भनी सबै, चरणमा * पर्दा भए सादर।।५१।।

जुन् लावण्य - पुरीमहाँ नृप थिए * मर्दा भए ती जब।
राजा रोज्न भनेर पौर जनले * ठूलो गरे उत्सव।।
गोमाले दुई हात राखि शिरमा * आशीष धेरै दिइन्।
हुन्छौ हे नवराज़ ! भूपति त्यहीं * तत्काल जाऊ भनिन्।।५२।।

आई देश विदेशका नृपहरू * हुन्छौं कि राजा भनी।
पारी ठाँट ठुलो महोत्सव - महाँ * जम्मा थिए तापनि।।
छाडी ती सबलाइ श्रेष्ठ गजले * माला लिई सूँड़मा।
पैह्राए नवराजलाई सहसा * सम्मानका साथमा।।५३।।

हात्तीले तिनिलाई सादर लग्यो * बोकेर प्रासादमा।
माताले पहिले दिइन् र अभिषेक् * तिन्को भयो राज्यमा।।
सोधेथे निज पत्निको विषयमा * सम्झेर कोही दिन।
माताले अघिका कुरा सब भनिन् * डोले पठाए लिन।।५४।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भेट्टाई सब वस्त्र भूषण दिए * रानी भनी हातमा।
पौंचेथे जब भार वाहकहरू * खोज्दै वरूण्पूरमा॥
स्वामी श्री नवराज भूपति भए * भन्ने सुनीथिन् जब।
त्याहाँबाट बिदा भईकन हिडिन् * आनन्द मान्दै तब॥५५॥

बाटो पार गरेर एक वनमा * सानन्द पुग्दा भए।
गर्थे पूजन अप्सरागण त्यहीं * डोली अड्याई - लिए॥
ती डोलेहरूले गएर नगिचै * सोधे खुशी भैकन।
कस्को पूजन गर्दछौ किन यहाँ * हे अप्सरा हो ! भन॥५६॥

स्वस्थानी व्रत हो, उनै जननिको * गर्छौं यहाँ पूजन।
हे डोलेहरू हो ! तिमी किन यहाँ * आएर सोध्यौ भन !॥
ती डोलेहरूले सुने जब कुरा * ती अप्सराको त्यति !
पूजा गर्न दिनोस् तपाइँहरूका * संसर्गमा हे सती !॥५७॥

तिन्ले 'हुन्छ' भनेपछी बसि त्यहाँ * पूजा सबैले गरे।
'स्वस्थानी जननी' भनी शरणमा * ती ईश्वरीको परे॥
बोकी हातमहाँ प्रसाद खुशिले * डोले - नगीचै गए !
तिन्लाई पनि यो प्रसाद लिनुहोस् * भन्दै खुशीले दिए॥५८॥

डोलेको सुनि बात क्रोधित भई * गर्जिन् ती चन्द्रावती।
एक्लै छाडि यहाँ गयौ किन त्यहाँ * पूजार्थ हे दुर्मति !॥
स्वामीका नगिचै छिटो म कसरी * पुग्नेछु भन्ने थियो।
यो हेलाँ तिमिहेरूले गरिदिंदा * झन् बेर लाग्दो भयो॥५९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वस्थानीकन भन्दछौ तिमी ठुली * को हुन् कहाँ बस्तछिन्?
मैले नाम सुनीनँ आजतक ती * कल्याण के गर्दछिन् ॥
हप्काइन् सबलाइ बेसरि त्यहाँ * यस्ता र उस्ता भनी।
बोलेनन् तब ती दुःखी हृदयले * आँसू बगाए, अनि ॥६०॥

झम्टी सिंहिनि झैं प्रसाद तिनले * तत्काल खोसीलिइन्।
थूः थूः धेर गरी दली चरणले * लत्याइ फालीदिइन् ॥
डोली काँधमहाँ लिएर ति हिंडे * चन्द्रावतीको तब।
साँधू एक थियो, पुगेपछि त्यहाँ * ती तर्न लागे जब ॥६१॥

स्वस्थानी जगदीश्वरी भगवती * -को द्रोहको पापले।
आँधी खूब ठुलो चलेर नभ नै * ढाकी - दियो वेगले ॥
पानी पर्न गयो ठुलो प्रलयको * वर्षा भए झैं गरी।
डोलीबाट लडी नदी- बिच परिन् * चन्द्रावती सुन्दरी ॥६२॥

आयो दिव्य विमान स्वर्गपुरिको * डोलेहरू जो थिए।
द्यौता - रूप लिई उड़ी गगनमा * ती स्वर्ग जाँदा भए ॥
भोलीपल्ट बगेन सुस्थिर भयो * शालीनदीको जल।
माझीले र नुहाउले सुजनले * त्यस्मा गरे खल्बल ॥६३॥

आई श्री नवराजले जब गरे * भक्ति सहित् पूजन।
लागिन् बग्न नदी तुरून्त अघि झैं * खूशी भएथे जन ॥
माझीले जब मत्स्य पक्रन भनी * जालादि हाल्दै गए।
निस्किन् जालमहाँ परेर तटमा * के हो भनी फाल्दिए ॥६४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठुलो दुःख पर्‍यो त्यहीं खपिरहिन् * चन्द्रावती पापिनी।
धेरै रोग भए गल्यो तन सबै * मूढो भइन् झन् तिनी॥
त्यैताका नवराजले गरिसकी * सल्लाह माता सित।
डाके ब्राह्मण दिन्छु भोजन भनी * मन्मा भई हर्षित॥६५॥

निम्ता पाई अनेक ब्राह्मणहरू * सानन्द जाँदै थिए।
सोही भोजनमा गुणी कपिलजी * जान्छू भनी निस्किए॥
देखिन् त्यै पथमा परेर सहसा * चन्द्रावतीले जब।
आफ्नो हाल भनिन् रूँदै विनयले * तिन्लाइ पैल्हे सब॥६६॥

ब्रह्मन्! ल्याइदिनुस् मलाइ पनि क्यै * माँगी त्यहाँ भोजन।
तिन्को बात सुनी गए कपिलजी * सन्ताप मानी कन॥
पाइ द्रव्य र दिव्य भोजन भए * सन्तुष्ट ती ब्राह्मण।
लागे डुल्न यता - उता घरि - घरी * केही नबोली कन॥६७॥

सोधे सेकवले तपाइँ कन के * चाहिन्छ भन्नूहवस्!
जे इच्छा छ उही प्रसन्न मनले * बोकेर जानूहवस्॥
बाटाको सब बात लज्जित हुँदै * तिन्ले गरे वर्णन।
जे माग्छन् द्विजले दिनू सब भनिन् * गोमा खुशी भैकन॥६८॥

तिन्को नाम लिंदा सुक्यो नृपतिको * भण्डार सारा जब।
थोरै भात लगी दिए कपिलले * मानेर लज्जा तब॥
आँटिन् खान र भात त्यो हुरि चली * उड्दै कता गो कता।
मूर्छा पर्न गई ढलिन् पृथिविमा * चन्द्रावती झन् यता॥६९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयो चेत फिरी भने कपिलले ✻ हे पापिनी ! लौ सुन।
स्वस्थानी जननी भनी व्रत बसी ✻ गर्नू सधैं पूजन॥
सारा पाप हुनेछ नाश सहजै ✻ त्यस्तो सुशिक्षा दिए।
फर्के ब्राह्मण, अप्सरागण त्यहीं ✻ पूजार्थ पुग्दा भए॥७०॥

देखी दुःखिनिलाइ शुद्ध मनले ✻ सामग्रि आफ्नै दिई।
पूजा गर्न लगाइ योग्य विधिले ✻ फर्के ति हर्षित् मई॥
स्वस्थानी जननी खुसी हुनुभयो ✻ पूजा हुनाले गरी।
निक्कै तेज बढ्यो र निर्मल भइन् ✻ चन्द्रावती सुन्दरी॥७१॥

देखेथे तिनलाइ पौर जनले ✻ एक्लै बसेकी जब।
सोधे स्पष्ट कुरा भनिन् जब पुग्यो ✻ राजाकहाँ त्यो सब॥
पत्नीको भइ सम्झना मनमनै ✻ लज्जित् भए तापनि।
राजा वाद्य लिएर लश्कर पुगे ✻ स्त्रीलाइ ल्याऊँ भनी॥७२॥

वस्त्राभूषणले सुसज्जित भई ✻ चन्द्रावती सुन्दरी।
स्वामीका सँगमा पुगिन् महलमा ✻ हर्षित हुँदै बेसरी॥
सोधे कष्ट परेर के किन त्यहाँ ✻ आई बसेकी थियौ?।
देख्छू तेज ठुलो म सूर्य - सरिको ✻ यस्ती कसोरी भयौ॥७३॥

सासूको पतिको कुरा सुनिसकी ✻ आनन्द मानी कन।
आयौ दुःख तथा गयो जसरि त्यो ✻ सारा गरिन् वर्णन॥
सासूले पनि त्यो सुनी, निज कथा ✻ छोरो गए देखिको।
राजा जुन् रितले भए सब कहिन् ✻ संक्षेपमा पूर्ण त्यो॥७४॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो हर्ष भयो परस्पर मिली * ती बस्न लागे जब ।
राजा श्री नवराजको अझ बढ्यो * कीर्ती तथा वैभव ।।
स्वस्थानी व्रत वर्ष, वर्ष दिनमा * अत्यन्त उत्साहले ।
गोमा श्री नवराज दम्पति पनी * गर्थे ठूलो भक्तिले ।।७५।।

स्वस्थानि देवि जगदीश्वरिलाइ मन्मा ।
राखेर माघ महिना जतिमा सबैमा ।।
जो गर्दछन् व्रत यथाविधिले सहर्ष ।
बस्छन् ति स्वर्गपुरीमा गई लाख वर्ष ।।७६।।

ठूलो श्री स्वस्थानी व्रत कथा प्रारम्भ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ठूलो श्रीस्वस्थानी व्रतकथा

माघमाहात्म्य

कथावाचकसमेत सबै श्रोताले चन्दन, अक्षता, फूल लिएर हात जोर्नू, वक्ताले प्रार्थना पढनू–

यं ब्रह्मा वरुणेन्द्ररुद्रमरुतः स्तुन्वन्ति दिव्यैः स्तवै-
र्वेदैः साङ्गपदक्रमोपनिषदैर्गायन्ति यं सामगाः ।
ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिनो
यस्यान्तं न विदुः सुरासुरगणा देवाय तस्मै नमः ॥१॥
श्रीमच्चन्दनचर्चितोज्ज्वलवपुः शुक्लाम्बरामल्लिका
मालालङ्कृतकुण्डला प्रविलसन्मुक्तावली - शोभिता ।
सर्वज्ञाननिदानपुस्तकधरा रुद्राक्षमालाधरा
वाग्देवी वदनाम्बुजे वसतु मे त्रैलोकमाता चिरम् ॥२॥
मूकं करोति वाचालं पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमानन्दमाधवम् ॥३॥
नमो भगवते तस्मै व्यासायाऽमिततेजसे ।
यस्य प्रसादाद्वक्ष्यामि नारायणकथामिमाम् ॥४॥
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् ।
देवीं सरस्वतीं व्यासं ततो जयमुदीरयेत् ॥५॥

यो प्रार्थना सकेर पुष्पाञ्जलि चढाई नमस्कार गर्नू अनि वाचकले कथा भन्न थाल्नू। श्रोताले एकचित्त भएर कथा सुन्नू ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीस्वस्थानी व्रतकथा प्रारम्भः

अथ प्रथमोऽध्यायः

अघि कुनै समयमा अगस्त्य मुनि तपस्या गरिरहेको आश्रममा आफ्नू वाहन मयूरमा बसेर स्कन्द कुमार आइपुग्नु भयो। अगस्त्य मुनिले अकस्मात् आफ्नू आश्रममा आइपुगेका कुमारजीको आसन,



(कुमारजी ले अगस्त्य मुनिलाई कथा सुनाएको)

पाद्य, अर्ध्य आदिले पूजा सत्कार गरेर बसेपछि अगस्त्य मुनिले विनयपूर्वक कुमारजीसित सृष्टिको विषयमा जानकारी प्राप्त गर्ने इच्छा गरेका हुनाले कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनिः म तिमीलाई सृष्टिको विषयमा यथाक्रम भन्दछू, तिमी एक चित्त भएर सुन- परब्रह्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परमात्माकी मायामयी शक्ति रूपिणी प्रकृतिका गर्भमा अनन्तकोटि ब्रह्माण्डहरू अनेक उत्पन्न हुन्छन् र उनैको इच्छाले विलीन पनि हुन्छन्। यसको पारावार छैन र गणना गर्न पनि सकिन्न। अतः तिनै अनेक ब्रह्माण्डहरू मध्ये यो पनि यौटा ब्रह्माण्ड हो, यसैमा हामीहरू बारम्बार जन्मने र विलीन हुने गर्दै रहन्छौं। यस्तो अलौकिक ब्रह्माण्डको विषयमा जिज्ञासा (जान्न खोज्नु) कुनै आश्चर्य मान्ने कुरा होइन। अतः यस ब्रह्माण्डको रूप कस्ता प्रकारको छ र यसको विस्तार कति छ ? यहाँ कुन-कुन वस्तुहरू प्राप्त हुन्छन् ? यसको निर्माण भएको कति वर्ष भयो ? अब यसको आयु कति शेष छ ? अनि कसरी यो विलीन (समाप्त) हुन्छ ? यी सबै कुराहरूमा विचारशील व्यक्तिहरूमा उत्पन्न इच्छाको पूर्ति हुन सक्यो भने- जान्न खोजेको कुरा पूर्ण हुन जाँदा जिज्ञासु श्रोताको पनि मनमा सन्तुष्टि अवश्य हुनेछ। हुनत यो कुनै सामान्य कुरा वा विषय होइन त्यसैले केवल अडकल वा यता-उता सुनेका भरमा यस गहन विषयको तत्त्व निर्णय गर्नु अनुचित हुनेछ। अतः त्रिकालदर्शी अथवा तत्वज्ञ ऋषि मुनिले बनाएका अनेक शास्त्रहरूको मनन गरेर नै कुनै निश्चयमा पुग्नु उत्तम हुनेछ। फेरि कुनै सामान्य व्यक्तिका बुद्धिद्वारा यो अपरिमेय परिमाणको राम्रोसित ज्ञान हुन सक्दैन। अतः यसको सम्पूर्ण स्वरूप जान्न र चिन्ह प्रथम वेद र वैदिक शास्त्रहरूको चिन्तन, मनन र सहयोग प्राप्त गर्नु अत्यावश्यक छ।

अतः वेद, पुराण, मीमांसा, दर्शन र धर्मशास्त्रहरूतर्फ दृष्टि दिने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो भने- धेरै अघि यो सम्पूर्ण संसार जलमय भएको बेलामा शेष-शय्या गरेर योगनिद्रामा निदाउनु भएको परब्रह्म परमात्मा स्वरूप श्रीविष्णु भगवानका नाभिबाट सहस्त्रदल कमल उत्पन्न भयो। त्यही कमलमा चतुर्मुख ब्रह्म बसेर संसार रचना गर्ने विचार गर्न लाग्नुभयो। त्यसै बखतमा श्रीविष्णु भगवानका कानेगुजीबाट अत्यन्त पराक्रमी मधु र कैटभ नाम गरेका बलवान दुइ दैत्य उत्पन्न भए। ती मधुकैटभ दैत्यले त्यो जलमय संसारमा कहाँ के छ भनी सबैतिर भ्रमण गर्दा ब्रह्मा बसेको सहस्त्रदल कमलनेर पुगेपछि कमलको डाँठ देखेर त्यही डाँठ समाती सरासर माथि गए र ब्रह्मालाई बसेका देखेर ती ब्रह्मालाई खसाल्न तयार भए। अनि भयभीत भएका ब्रह्माले श्री योगमायाको आराधना गरे। तत्काल योगमाया प्रकट भइन्। श्री योगमाया प्रकट भएपछि अंजलि जोरी बिन्ती गरे- 'हे ईश्वरी ! भगवान विष्णुलाई जागा गराइदिनु हवस्।' यस्तो ब्रह्माको प्रार्थना सुनेर योगमायाले विष्णु भगवान्लाई जागा गराइदिनुभयो। श्री विष्णुभगवान् जागा भएर ती मधु-कैटभ दैत्यलाई देखेर तत्काल युद्ध गर्न आरम्भ गरे। ती दैत्य र विष्णु भगवानको दिव्य पाँच हजार वर्षसम्म युद्ध चलिरह्यो। त्यति हुँदा पनि ती मधु-कैटभ दैत्यलाई जित्न समर्थ भएनन् र भने- 'हे दैत्य हो ! तिमीहरू ठूला पराक्रमी रहेछौ। तिम्रो युद्धले म सन्तुष्ट भएँ इच्छित वरदान माग।' विष्णु भगवानको आज्ञा सुनी मधु-कैटभ दैत्यले निकै अहंकार पूर्ण स्वरमा भने– 'हे विष्णु ! यो युद्धमा तिमीले हामीलाई जितेनौ कि हामीले तिमीलाई पराजित गर्‍यौं, तसर्थ तिमी हार्नेले के

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वरदान देउला ? बरू तिमीलाई जे इच्छा छ, हामीसंग वर माग। यति दैत्यले भनेको सुनी विष्णु भगवान आज्ञा गर्नुहुन्छ- 'हे दैत्य हो ! तिमी दुबैले भनेअनुसार म वर माग्न तयार छु, तर वाचा गर अनिमात्र माग्दछु।' त्यति सुनेर अहंकारमा डुबेका ती मधु-केटभले भने- 'तिमीले जे मागे पनि हामी दिने छौं। यति वाचा गरेपछि विष्णु भगवान आज्ञा गर्नुहुन्छ-'हे पराक्रमी दैत्य हो ! म अरु के वर मागौं, तिमी दुवैलाई मार्दछु, मेरा हातबाट मर।'

(श्रीविष्णु भगवानले मधु-कैटभ दैत्यको वध गरेको)

यस्तो विष्णु भगवानको वचन सुती ती अहंकारी दैत्यहरूले भने- 'हे विष्णु ! तिमीले कपट गरेर वर माग्यौं, तापनि हामीले वाचा गरेको हुनाले दिन्छौं।' यति भनेर ती दुवैले मनमनै विचार गरी चारैतिर जलमय संसार देखेर विष्णु भगवानसित भने- 'हे विष्णु ! हामीलाई जल नभएको स्थानमा मार।' मधु-कैटभले यति भनेको सुनी विष्णु भगवानले ती दुवै दैत्यलाई आफ्नू काखामा लिई हेलैसित मारिदिए। तिनै दैत्यको बोसो शीतकालमा तुषाराले पानी जमे जस्तै समुद्रको जलमा जमेर पृथ्वी भइन्। त्यसै कारण पृथ्वीलाई 'मेदिनी' पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दछन्। मासुले पर्वत भए। हाडले ढुङ्गा-पत्थर भए। त्यो देखेर ब्रह्माजीले अब सृष्टि आरम्भ गरूँ भनी सबैभन्दा पहिले चौध लोक भएको एउटा भुवन सृष्टि गरे। एउटा ब्रह्माण्डमा प्रधान चौध भाग हुन्छन् भन्ने कथनको प्रमाण पाउन सकिन्छ।

अब जसको अन्त्य छैन, ती परब्रह्मको वर्णनतिर विचार गरेको खण्डमा यो ब्रह्माण्डको स्वरूप मनुष्यको देहको स्वरूप जस्तो छ, ठीक त्यस्तै छ। मनुष्य देहको जस्तै ब्रह्माण्ड स्वरूप देहको मेरूदण्ड हुन्छ। त्यसैलाई सुविज्ञ ऋषि-मुनि र शास्त्रका निर्माताहरूले 'सुमेरू पर्वत' भन्ने नामकरण गरेका हुन्।

हे अगस्त्य मुने! मेरूदण्डको आधारमा जसरी मानिसको देह ठाडो रहन्छ, ठीक त्यसैगरी ब्रह्माण्डरूपी देह ठाडो रहन्छ। हाडका तरीहरूको जोर्नीद्वारा मेरूदण्ड बनेको हुन्छ। त्यो तरीलाई 'पर्व' भन्दछन्। त्यसै कारण तरी भएका मेरूदण्डलाई नै 'पर्वत' भन्दछन्। यो नामकरण 'तप्पर्व मरुद्भ्याम्' भन्ने व्याकरणको सूत्रअनुसार निधो गरिएको हो। अतः मेरूदण्डलाई 'मेरूपर्वत' भन्दा कुनै प्रकारको पनि नियम विरुद्ध वा अडकलले भनेको होला भन्ने अनुमान हुँदैन। विज्ञानको यही प्रमाण अथवा आधारमा ब्रह्माण्डरूपी देह उभ्याउने मध्य भागका पर्वहरूको सन्धि (जोर्नी) हुने स्थानलाई 'मेरुपर्वत' वा सुमेरु पर्वत भनिएको हो। यो सुमेरू भनेको ब्रह्माण्डरूपी शरीरको रीढ, वा मेरुदण्ड हो। यो मेरुदण्ड ब्रह्माण्डरूपी देहको बीचमा पर्दछ। यही मेरूदण्डको आधारमा नै ब्रह्माण्डरूपी शरीर ठडिएर रहन्छ। फेरि देवी-लीला वा महिमा अनन्त र वर्णनातीत हुनाले नै यसलाई हेमाद्रि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुवर्ण-गिरि आदि सौन्दर्ययुक्त वर्णनद्वारा नै गुण-गान वा प्रशंसा गरिन्छ।

हे अगस्त्य मुनि ! यो भूलोकदेखि अलि तल र स्वर्गलोकभन्दा केही माथिसम्म यो सुमेरू पर्वतको विस्तृत फैलाउ छ। विन्ध्याचल, हिमालय आदि ठूला-ठूला पर्वतहरूले जसरी थामेर दृढ राख्दछन् त्यसै गरी ब्रह्माण्डलाई सुमेरू पर्वतले दह्रो पारिराख्दछ। उपरोक्त सबै स्थूल पर्वत हुन्। यसैको आधारमा विशाल ब्रह्माण्डलाई चौध भागमा विभाजित गरिएको छ। ती चौध विभाजित अङ्गका नाम हुन्- १. भूर्लोक, २. भुवर्लोक, ३. स्वर्लोक, ४. महर्लोक, ५. जनलोक, ६. तपोलोक र ७. सत्यलोक। यति माथिका अनि- १. अतल, २. वितल, ३. सुतल, ४. तलातल, ५. महातल, ६. रसातल र ७. पाताल। यी चौध लोकमध्ये तलका अतलादि सात लोकमा इन्द्रिय भोग विषयक सुख स्वर्गलोक भन्दा पनि बर्ता हुनाले जान्ने व्यक्तिहरूले यी लोकहरूलाई 'बिल-स्वर्ग' पनि भनेको वा मानेका छन्। अतः त्यहाँ इन्द्रिय सुखका लोभी दैत्य, दानवगण र अनेक थरिका नागगण इन्द्रिय सुखमा निमग्न भएर निवास गर्दछन्। धेरजसो तिनीहरू दैवी प्रकृतिको विरुद्ध आसुरी विचारका प्रतिपालक मानिन्छन्। तसर्थ आफ्आफ्ना आसुरी विचार वा प्रकृति अनुसारका भोग भोग्न त्यही अधोलोकमा खुसी मानिरहन्छन्।

अब माथिल्ला सातलोकमध्ये भूर्लोक र भुवर्लोक यी दुवैलाई 'भौम-स्वर्ग' पनि भन्दछन्। बिलस्वर्ग र दिव्यस्वर्गको माझमा विद्यमान यो 'भौम-स्वर्गलाई' मध्यम श्रेणीको स्वर्ग भन्ने प्रमाण पनि पाइन्छ। यही भौमस्वर्गको उदरमा नै चन्द्र, सूर्य, पृथ्वी, ध्रुव, नक्षत्र आदि स्थूल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकहरू विद्यमान रहेका छन् भन्ने शास्त्रहरूको प्रमाण वा सिद्धान्त पनि पाइन्छ। त्यसभन्दा माथिको लोकलाई 'दिव्य-स्वर्ग' भन्दछन्। त्यहाँ देवराज इन्द्रको राज्य छ। त्यसैले यसलाई 'माहेन्द्र-स्वर्ग' भन्दछन्। त्योभन्दा माथिको लोकलाई 'महर्लोक' भन्दछन् र यही 'प्रजापत्य-स्वर्ग' पनि कहिन्छ। त्योदेखि मास्तिर 'ब्राह्म-स्वर्ग' छ। त्यो ब्राह्मस्वर्गमा जनलोक, तपोलोक र सत्यलोक यी तीन लोक पर्दछन्। त्यो भौम-स्वर्गभन्दा मास्तिर 'स्वर्लोक' लाई दिव्य स्वर्ग भन्दछन्। त्यसपछिको महर्लोकलाई 'प्रजापत्य' स्वर्ग भन्दछन्। अनि जनलोक, तपोलोक र सत्यलोक-यी तीन ब्राह्मस्वर्ग कहिन्छन्। यी दिव्य, प्रजापत्य र ब्राह्मस्वर्गमा– सात्विक प्रकृति भएका उन्नत विचार र अनेक धर्म-कर्म गर्ने पुण्यात्मा व्यक्तिहरू ती पुण्यको नियमानुसार क्रमशः माथिल्ला तथा अझ उच्च माथिल्ला लोकमा निवास गर्दछन्। यस कथनको वर्णन महर्षि पतञ्जलिको योगदर्शनमा विस्तारले गरिएको छ। सुयोग्य विद्वानका लागि अवलोकन योग्य छ। अवीची नरकदेखि मेरूपृष्ठसम्मको भागलाई 'भूर्लोक' भन्दछन्। मेरूपृष्ठको मास्तिर ध्रुवलोकसम्म नक्षत्र, ग्रहगण र ताराहरूको निवासस्थानलाई अन्तरिक्ष स्थान वा 'भुवर्लोक' भन्दछन्। त्यो लोकभन्दा माथि 'माहेन्द्र स्वर्ग' अनि त्योभन्दा मास्तिर 'प्रजापत्य स्वर्ग' फेरि प्रजापत्य स्वर्गभन्दा माथि भौमस्वर्ग अथवा भूर्लोक र भुवर्लोक भित्र नै यो जहाँ हामी सवै प्राणीहरू छौं- हामीहरूको पृथिवी छ। यसलाई कोही 'संसार' भन्दछन् भने कोही दुनियाँ पनि भन्दछन्। कतिपय जान्ने व्यक्तिहरू यसैलाई भूगोल पनि भन्दछन्। फेरि अनेक शास्त्रज्ञहरूले स्थान-स्थानको वातावरणअनुसार यसलाई नै भूर्लोक मानेका छन्। फेरि यही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

७

भूर्लोकलाई अनेक शास्त्रले सात भागमा विभक्त गरेको वर्णन पनि पाइन्छ। ती सात भागलाई अलग-अलग पार्ने वा सीमा निर्धारण गर्ने ठूला-ठूला अगाध सात सिन्धुहरू पनि छन्। यिनै समुद्रहरूलाई सात समुद्र पनि शास्त्रले नै भनेका छन्। यी समुद्र र द्वीपहरूको विभाग चाहिं संसारका प्रत्येक प्राणी भिन्नाभिन्नै रूप र गुण-बुद्धि भएका झैं यी समुद्र र द्वीप छुट्टाछुट्टै छैनन्। बरू केराको थाममा पत्रैपत्र भए झैं अथवा कमलको फूल खुम्चिएको जस्तै एकले अर्कोलाई ढाकिराखेको हुन्छ। ती विशाल सात द्वीपमध्ये छः द्वीपका माझमा रहेको यो निकै ठूलो रूप भएको हुनाले स्पष्ट देखिने– जसमा हामी समस्त चराचर जीव निवास गर्दछौं- यो जम्बूद्वीप कहिन्छ। यस द्वीपलाई क्षार (नुनिलो) सिन्धुले सबैतिरबाट घेरिराखेको छ। त्यसपछि जम्बूद्वीपकै नगीचमा 'प्लक्ष' नामको द्वीप छ। त्यस द्वीपलाई 'इक्षु' नामको समुद्रले घेरिराखेको छ। त्यसपछि कुशद्वीप छ। उसलाई 'घृत' नामको समुद्रले घेरिराखेको छ। अनि चौथो 'क्रौंच' नामको द्वीप छ। त्यसलाई 'दधिमण्डोद' समुद्रले घेरिराखेको छ अर्थात् त्यसको चारैतिर दहीको समुद्र छ। अनि 'शाकद्वीप' छ। त्यसलाई स्वच्छ दूधको समुद्रले चारैतिरबाट घेरिराखेको छ। अनि अन्तिम सातौं 'पुष्कर द्वीप' हो। उसलाई 'जल' नामक समुद्रले घेरिराखेको छ। यी सातै द्वीपहरूमा माझको र सबैभन्दा सानो यो जम्बूद्वीप नै मानिएको छ। त्योभन्दा बाहिरको 'प्लक्षद्वीप' यो जम्बूद्वीपको दोबर ठूलो छ। यही क्रमले यौटाभन्दा अर्को समुद्र र द्वीपहरू ऊभन्दा ऊ ठूलो भएर बढ्दै गएका छन्। यो शास्त्रीय प्रमाण हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस प्रकार सात समुद्र र सातै द्वीपले चारैतिरबाट घेरेको सम्पूर्ण स्थानलाई नै 'भूर्लोक' मानिन्छ वा भन्दछन्। अनि भूर्लोक, भूवर्लोक र स्वर्गलोक चाहिं बराबर-बराबर परिमाणका मानिन्छन्। उपरोक्त तीनै लोक माथिका चार लोकभन्दा निकै विस्तृत छन्। फेरि यो मृत्युलोक र भूर्लोकको प्रत्यक्ष सम्बन्ध छ भन्ने मान्दछन्। यी द्वीप र समुद्रको मानचित्र संक्षेपमा दर्शाइए तापनि अझ विस्तृत हेर्नुहोस-

ती सात समुद्र र द्वीपहरू छैनन् भन्न सकिन्न, किनकि ती प्रत्यक्ष छन्। अनेक पुराण र शास्त्रहरूमा- हुँदै नभएको मिथ्या वर्णन मात्र गरिएको हो- भन्ने अनेक शङ्का गर्ने सज्जनहरूको पनि न्यूनता छैन। तर यो उहाँहरूको भूल वा अज्ञान हो, किनकि उपरोक्त समुद्रहरू यहाँ देखिने प्रशान्त महासागर, अन्ध महासागर, हिन्द महासागर, लाल सागर जस्ता सागर होइनन्- यी अन्तरिक्षका अनेक थरिका सामग्रीहरूबाट तयार भएको स्वच्छ वातावरणरूपी उदधि (समुद्र) हुन्। बन्द गोभीको पात झैं यौटामाथि अर्को र त्यसमाथि फेरि अर्को गरेर बेह्रिएका हुन्छन्। हामीहरू भएको यही जम्बूद्वीपलाई भारत वा भारतवर्ष पनि भनिन्छ। हिजोआजको भूगोलद्वारा हामी जुन पृथिवीलाई जान्दछौं, त्यही नै भारतवर्ष हो। यसैलाई 'भरतखण्ड' पनि भन्दछन्। जसलाई हामी भारतवर्ष भन्दछौं, त्यो वास्तवमा 'भारतद्वीप' हो। यही भारत द्वीपलाई हिन्दुस्तान पनि भनिन्छ। यो जम्बूद्वीप अथवा भारतवर्ष नाम भएको भूमिको तलतिर अर्थात् जलको माथितिर नृलोक-भूर्लोक, भुवर्लोक र स्वर्गलोक भित्र नै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूर्लोकको दाहिनेतिरको मैदानमा पितृलोक, प्रेतलोक र नरकलोक- यी तीन लोकहरू पनि विद्यमान छन्। अवीची देखि मेरुपृष्ठ सम्मको स्थानलाई भूर्लोक मानिएको छ। यसै कारण पितृलोक, प्रेतलोक र नरकलोक- यी तीनैवटा लोकहरू भूर्लोक भित्रनै पर्दछन्। यो सुविज्ञले बुझेर अरूलाई पनि बुझाउने विषय हो।[१]

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! यो संसारको चारैतिर दृष्टि फिराएर हेर्दा, यो कुरा स्पष्टरूपमा भन्न सकिन्छ कि यहाँका एकेक कुरा वा पदार्थ कुनै यन्त्र विशेषको चक्र आफ्नू धुरीमा घुमिरहे झैं क्रमले घुमिरहेको छ, किनकि कुनै पनि चक्र लगातार घुमिरहँदा त्यसको आधा भाग तलतिर र आधा भाग माथितिर रहन्छ भन्ने कुरा स्पष्ट थाहा हुन सक्तछ। ठीक त्यसै गरी यो ब्रह्माण्ड प्रकृतिको गति पनि चक्र घुमेजस्तै घुमिरहन्छ। त्यसैमा दुइ प्रकारको सृष्टि हुन्छ- १. व्यष्टि सृष्टि र २. समष्टि सृष्टि। यसै क्रममा फनफनी घुमिरहने

१– *यस पृथिवीको परिधि अथवा विस्तारको एक उदाहरण–* यस ब्रह्माण्डको माझमा यो पृथिवीको विस्तार कति छ भन्दा १४/३५५६ भागको १/२५४ भाग हुन आउँछ। किनकि यो जम्बूद्वीप र यसलाई चारैतिरबाट घेर्ने समुद्रदेखि अन्तिम पुष्कर द्वीपलाई सबैतिरबाट घेर्ने समुद्रसम्मको सम्पूर्ण भाग शास्त्र-प्रमाणानुसार खोजी गर्दा वा बटुल्दा २५४ पाइयो। त्यसलाई चौध लोकानुसार चौधले गुणन गर्दा ३५५६ भयो। अतः एक ब्रह्माण्डको वा चौध भुवनको ३५५६ परिमाण वा परिधि मानियो। फेरि त्यसैलाई चौधले भाग गरेर हेर्दा एक भुवन वा भूर्लोकको परिधिको संख्या २५४ हुन आउँछ। फेरि त्यसमा अन्यान्य द्वीप र समुद्रहरूको शास्त्रीय प्रमाण अनुसार भाग छुट्याउँदा यो जम्बूद्वीपको केवल १/२५४ भाग हुन आउँछ। फेरि त्यसैमा पितृलोक, प्रेतलोक र नरकलोकको समेत भाग छुट्याउँदा, यी पृथिवीको परिमाण वा परिधि माथि लेखिएअनुसार नै हुन आउँछ। अतः ब्रह्माण्डको विशालताको सामुन्ने यी पृथिवी सूर्यनारायणको अघिल्तिर जुनकिरी जस्तै ठहर्दछ। जतिसुकै सानो भए पनि यी पृथिवीको परिमाण वा परिधि पचास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकृतिको फन्कोमा व्यष्टि सृष्टिको प्रवाह तलबाट मास्तिर आउँछ। अतएव त्यो तमोगुणबाट उक्लन्दै सत्वगुणसम्म पुग्दछ। त्यसको विपरीत समष्टि सृष्टिको प्रवाह-चक्र चाहिं माथिबाट तलतिर वर्लन्छ। यही क्रमले यो ब्रह्माण्डमय प्रकृतिमा अथवा सृष्टिको अनादिकालमा सत्वगुण प्रधान 'सत्ययुग' प्राप्त हुन्छ। त्यसपछि रजोगुण र तमोगुणको प्रधानता अनुसार नै त्रेता, द्वापर र कलियुगहरू उत्पन्न हुँदै रहन्छन्। हे अगस्त्य मुने ! यस प्रकारको युगचक्र अनेकपल्ट घुमिरहन्छ वा चक्कर खाइरहन्छ। ब्रह्माण्ड प्रकृतिको गति पनि बिस्तार-बिस्तार सत्वगुणको भोग गर्दै र रजोगुणतर्फ पनि डुल्दै-फिर्दै अन्त्यमा तमोगुणको काखमा विराजमान हुन थाल्दछ; ठीक यसैबाट ब्रह्माण्ड तमोमय हुन जान्छ। जुन कल्प चलिरहेको छ, त्यो प्रलयको विशाल उदरमा जान्छ- यसैलाई महाप्रलय, सृष्टिको अवसान, कल्पान्त अथवा ब्रह्माण्ड प्रकृतिको एक चक्रावर्त गतिको समाप्ति भन्दछन्। यो निर्विवाद सत्य हो।

करोड भनेर पुराण आदिमा लेखेको पाउन सकिन्छ। अर्कोतिर ज्योतिर्विद् र वैज्ञानिकहरू यी पृथिवीको व्यास (घेरा) अनुमानतः वा लगभग आठ हजार मील स्वीकार गर्दछन्। अतः आठ हजार मीलको आधा गर्दा चार हजार कोस भयो। अनि त्यस चार हजार कोसको केवल एक हजार योजन हुन आयो। अतः त्यो एक हजार योजन व्यासवाला भूगोलको घनफल निकाल्दा- एक हजारको घनमूल निकालेर दुइले भाग गर्दा जुन संख्या आउँछ, त्यही भूगोलको परिमाण हुन आउँछ।

उदाहरण– १००० × १००० × १००० ÷ २ = ५०००००००० हुन आउँछ। अतः मननशील व्यक्तिले स्वयं जान्न वा बुझ्न सकिएन भनेर शास्त्रपुराणमा वर्णित कुराहरू सबै मिथ्या हुन् भन्नु अनुचित हुन्छ। अतः सबैतिर विचार पुऱ्याउनु आवश्यक छ। जसरी वैज्ञानिकले सम्पूर्ण पृथ्वीको व्यास नापेर सिद्ध गरे, त्यसैगरी पुराणहरूका ज्ञाताले पृथ्वीको परिधि वा परिमाण सिद्ध गरेर बताए। यसमा दुवै उचित छ र यी दुवैमा केही अन्तर छैन। हुनत 'स्वस्थानी व्रतकथा' मा यो वर्णनको आवश्यकता थिएन तापनि सर्वसाधारणको ज्ञानका लागि लेखिएको भन्ने बुझ्नु पर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! यो ब्रह्माण्ड प्रकृतिको घुमिरहने चक्रको गतिको सिद्धान्तअनुसार यो कुराको निश्चय गर्नु युक्ति-युक्त नै हुन आउँछ। त्यसको अर्थ के भने-यी ब्रह्माण्ड प्रकृतिमा सबभन्दा पहिले सत्वगुण बढी भएको विकास हुनाले पहिलो सृष्टिकालमा उत्पन्न हुने मानवहरू पनि पूर्णरूपेण सत्वगुणी नै हुन्छन्। तर दैवी जगत्मा ठीक यसको विपरीत अपूर्ण तमोगुण बढी हुने असुरहरू उत्पन्न हुन्छन्। किनकि ब्रह्माण्ड प्रकृतिको वा समष्टि सृष्टिको गति तलतिर नै गइरहने हुनाले त्यसको क्रम चलाउने तामसिक शक्ति भएका असुरगण पहिले नै उत्पन्न हुन्छन्। अनि मात्र देवताहरूको सृष्टि हुन्छ। अतः दैवी सृष्टिमा प्रथम अपूर्ण असुरहरू उत्पन्न हुन्छन्, अनि देवताहरू उत्पन्न हुन्छन्। मनुष्य सृष्टिमा चाहिं प्रथम परिपूर्ण मानव उत्पन्न हुन्छन्। त्यसपछि क्रमले कर्तव्य र अधिकारको नियमअनुसार त्यस सृष्टिको गति (वेग) तल-तल झर्दै आउँदा थोरै ज्ञान र अत्यल्प शक्ति भएका मानव उत्पन्न हुन थाल्दछन्।

कुमारजी आज्ञा हुन्छ– हे अगस्त्य मुने ! समस्त पदार्थको शक्तिहरू मनन र चिन्तन गरेर नसकिने खालका छन्। अतः हाम्रा मननीय वा चिन्तनीय ज्ञानद्वारा तिनीहरूको रूप थाहा पाउन सकिंदैन। तापनि अचिन्तनीय ज्ञानद्वारा सम्पूर्ण नभए पनि आंशिक रूपमा थाहा पाउन सकिन्छ। फेरि हाम्रा मननीय र चिन्तनीय तर्क अथवा युक्तिहरू त्यहाँ पुगेपछि मौन रहनु बाहेक अन्य केही कार्य गर्न पनि असमर्थ हुन्छन्। अनेक शास्त्र र पुराणहरूको अध्ययन, मनन गर्ने हो भने- सबै पदार्थका शक्तिहरू अचिन्त्य भए पनि ज्ञान गोचर हुनाले सृष्टिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिष्ठाता ब्रह्माको सृष्टि रचना गर्ने काम स्वाभाविक नै हो भन्ने निष्कर्ष वा सिद्धान्तको निर्णयमा पुग्न सकिन्छ।

कुमारजी आज्ञा हुन्छ– हे अगस्त्य मुनि ! यस विषयमा अनेक मत-मतान्तर पाइन्छन्। जस्तै-कोही ईश्वरले आफ्नू शक्ति प्रकट गर्न यो सृष्टि गरेको भन्दछन्। कसैको विचारमा यो सपना जस्तै हो, वास्तवमा केही पनि होइन केवल मायाको विकास मात्र हो पनि भन्दछन्। अन्य कसैको विचारमा यो ईश्वरको इच्छा मात्र हो, अरू केही होइन पनि भन्दछन्। कोही यो कालक्रमले भएको हो भन्दछन्। कतिको भनाई छ केवल भोगका लागि बारम्बार सृष्टि हुन्छ र नाश पनि हुन्छ। कोही यो मात्र क्रीडाका लागि सारा जगत रचना गरिएको हो भन्ने पनि छन्। तर उपरोक्त सारा पक्ष वा तर्कहरू सुयोग्य विचारकका सामुन्ने धेरै समयसम्म अडिन सक्दैन, वास्तविक तथ्य के हो भने- सृष्टि गर्नु अखण्ड ब्रह्मको यौटा स्वभाव नै हो। त्यस्तै सच्चिदानन्द विज्ञानघन आनन्दकन्द ब्रह्मदेवको पनि सृष्टि गराउने स्वभाव हो, प्रकृति हो, अनिवार्यता हो। त्यो स्वभावलै पानीको चीसो र आगोको तातो प्रकृति जस्तै हो। त्यो सर्वव्यापक ब्रह्मको सत्ता नहुने कुनै पनि देश-काल आदि छैन। अतः तिनैकी शक्तिस्वरूपिणी महामाया अथवा प्रकृतिको पनि प्रबल सत्ता सवैतिर विद्यमान छ। प्रकृति तीन गुणले युक्त हुनाले र ज्ञान सत्तारूपी ब्रह्म सर्वत्र व्यापक हुनाले जड प्रकृति र चेतनद्वारा सदैव स्पन्दन भइरहनु पनि स्वाभाविकै कुरा हो। यसै कारणले चैतन्य सत्ताको आश्रयमा स्पन्दन धर्म भएकी प्रकृतिमा त्यही स्वाभाविक स्पन्दन अनुसार सृष्टिका अनन्त धाराहरू प्रवाहित हुनु पनि उचित वा स्वाभाविक नै हो। उसमा पनि ब्रह्म केवल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निमित्त मात्र हो। प्रत्येक वस्तुको आफाप्नो प्रकृति नै सृष्टिका निम्ति मूल-महाप्रकृतिद्धारा प्रेरित भएर सृष्टिको काम गर्दै रहन्छन् भन्ने शास्त्रीय प्रमाण पाउन सकिन्छ।

प्रथम श्रेणीमा अनन्त ब्रह्म र तिनकी शक्ति छन्। द्धितीय श्रेणीमा अनेकानेक ब्रह्माण्डहरू छन्। अनि तृतीय श्रेणीमा प्रत्येक ब्रह्माण्डहरूका सृष्टिकर्ता ब्रह्मा छन्। उनी आफ्नू परिमाणानुसार पूरा सय वर्ष जीवित रहन्छन्। त्यही सय वर्षको आयुलाई 'पर' भन्दछन्। त्यसको आधा अर्थात् पचास वर्षलाई 'परार्ध' भन्दछन्। कालको परिमाण बुझेपछि मात्र ब्रह्माको आयु बुझ्न वा जान्न सकिन्छ। अतः त्यो कालको परिमाण यस प्रकार छ– पन्ध्र निमेषको एक काष्ठा र तीस काष्ठाको एक कला कहिन्छ। तीस कलाको एक मूहूर्त र तीस मूहूर्तको एक अहोरात्र मानिन्छ। अनि तीस अहोरात्रको एक महीना वा शुक्ल र कृष्ण दुइ पक्ष हुन्छन्। फेरि छ महीनाको एक अयन हुन्छ। अयन पनि दुई प्रकारका हुन्छन्– दक्षिणायन र उत्तरायण। ती दुई अयनको नै एक वर्ष हुन्छ। तिनमा उत्तरायण दिन हो र दक्षिणायनलाई रात भन्दछन्। यसै किसिमले दिव्य वर्षको परिमाण मिलाउनुपर्दछ। त्यसै क्रममा मानवीय सत्य, त्रेता, द्धापर र कलि चार युग हुन्छ। सत्यगुणको प्रमाण दिव्य चार हज़ार वर्षको हुन्छ। त्रेतायुग दिव्य तीन हजार वर्षको र दिव्य दुइ हजार वर्षको द्धापर युग अनि दिव्य एक हजार वर्षको कलियुगको परिमाण मानिन्छ। अनि सत्ययुगको पूर्वसन्ध्या चार सय दिव्यवर्षको र उत्तर-सन्ध्या पनि दिव्य चार सय वर्षको नै मानिन्छ। त्यसै प्रकार त्रेता युगको पूर्व-सन्ध्या दिव्य तीन सय वर्षको र उत्तर-सन्ध्या पनि दिव्य तीन सय वर्षको नै मानिन्छ। फेरि द्धापर युगको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वसन्ध्या दुइ सय दिव्य वर्षको र उत्तर-सन्ध्या पनि दिव्य दुइ सय वर्षको हुन्छ। अनि कलियुगको पूर्व-सन्ध्या एक सय दिव्य वर्ष र उत्तर-सन्ध्या एक सय दिव्य वर्षको हुन्छ। अतः यी सबैको जोड गर्दा दस हजार दिव्य युग वर्ष हुन्छ। अतः युग-सन्ध्याको परिमाण दिव्य दुइ हजार वर्ष भयो। त्यो पनि जोडदा जम्मा बाह्र हजार दिव्य वर्ष भयो। यही दिव्य बाह्र हजार वर्षमा नै सत्य, त्रेता, द्वापर र कलि चारै युग समाप्त हुन्छन्।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! कल्पको आदिमा नारायण नामका ब्रह्माले सृष्टि गरेको किसिम भन्दछु-एकाग्र चित्तले सुन। अघि कल्पान्तमा निद्राबाट उठेका सत्ययुगी महाप्रभु ब्रह्माले सम्पूर्ण लोक शून्य भएको देखेर यो जलमय जगत्मा पूर्व कल्पको अन्त्यमा पृथ्वी अवश्य जलभित्र डुबेकी होलिन् भन्ने निश्चय गरेर ती जलमा डुबेकी पृथ्वीलाई माथि झिक्ने इच्छा गरेर- अघिका कल्पहरूमा जस्तै मत्स, कच्छप आदि रूप धारण गर्नुभयो, त्यस्तै यस कल्पमा यज्ञमयं वराहको रूप धारण गरेर उभिनु भयो। अनि जनलोक निवासी ऋषि-मुनि, सिद्धहरू उहाँको अनेक प्रकारले स्तुति गर्नलागे। वराहस्वरूप भगवान चाहिं पृथिवीको उद्धार गर्ने इच्छा गरी तत्काल जलमा हामफाल्नु भयो। अनि अनेक लोक नाघ्दै पातालमा पुग्नुभयो। पृथ्वीले देखेर वराह भगवान्को अनेक स्तुति गरिन्। अनि वराह भगवान्ले आफ्ना तीखा र भयंकर दाह्रामा पृथ्वीलाई उचालेर एकार्णव जलमाथि जानलागेका भगवान् वराहको योगी र ऋषि-मुनिहरू स्तुति गर्नलागे। अनि वाराह भगवान्ले ती पृथ्वीलाई त्यही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अगाध सिन्धुको जलमा कुनै ठूलो जहाज राखे जस्तै टक्क राखिदिनुभयो। डुङ्गा जस्तै विस्तृत स्वरूप तुल्याइदिनु भएकोले फेरि डुबेर जलमा हराउने भय रहेन।

कुमारजी आज्ञा हुन्छ– हे अगस्त्य मुनि ! अनि तिनै पृथ्वीमा समतल मैदान बनाएर- अगाडिका कल्पहरूमा डढेका र लडेका समस्त पहाड-पर्वतहरू जस्ताको तस्तै पारिदिनु भयो। यति काम गर्न ती अनन्तकोटि ब्रह्माण्ड नायक र शक्तिशाली भगवानको लीलाले नै भएको हो, उनलाई कुनै दुःख वा कष्ट थिएन। अनि जस्ताको त्यस्तै सात समुद्रहरूले पृथ्वीको भिन्न-भिन्न भाग पारेर-भूर्लोक, भुवर्लोक र स्वर्लोकको समेत कल्पना गरिदिनु भयो। यति गर्दागर्दै रजोमूर्ति ब्रह्मा तत्काल चतुर्मुखी ब्रह्माको स्वरूपमा परिणत (बदलिनु) भयो। सक्षात् नारायण नै चतुर्मुखी ब्रह्मा बनेर संसार सृष्टि गर्न आरम्भ गर्नुभयो। त्यस सृष्टिको कार्यमा चर्तुमुखी ब्रह्मा बनेर संसार सृष्टि गर्न आरम्भ गर्नुभयो। त्यस सृष्टिको कार्यमा चतुर्मुखी ब्रह्मा केवल कारण (निमित्त) मात्र हुनु भएको हो। प्रधान कारण त सृज्य (सृष्टिहुने) वस्तुकै प्रभाव वा शक्ति हो। किनकि सूक्ष्म (सानो) वस्तु स्वयंकै बलले स्थूल (ठूलो) वस्तुको रूपमा परिणत (बदलिन) समर्थ हुन्छ। अतः स्रष्टा ब्रह्माजी केवल एक निमित्त मात्र मानिन्छन्। कुनै पनि सत्यले निमित्त बाहेक अन्य कुनै वस्तुको इच्छा गर्दैन।

इति श्रीस्कन्द पुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्यां व्रतकथायां सृष्टिक्रम वर्णनं नाम प्रथमोऽध्यायः ।।१।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वितीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! पृथ्वीको सृष्टि सिन्धुको अगाध जलमा कसरी भएको थियो, सो सुन- अघि भगवान्‌ले मधु-कैटभ दानवलाई मारेपछि तिनीहरूको देहका अनेक वस्तुहरूबाट पृथ्वीको उत्पत्ति भएको हो। ती दैत्यको बोसो पानीमा जमेर स्थल अर्थात् पृथ्वी भइन्। मासूले पर्वतहरू भए। हाडले ढुङ्गा भए, त्यो देखेर ब्रह्माजीले चौध भुवनहरू सृष्टि गरे। कुन-कुन भुवन भने- भूर्लोक १, भुवर्लोक २, स्वर्लोक ३, महर्लोक ४, जनलोक ५, तपोलोक ६, सत्यलोक ७। यति माथिका र अतल १, वितल २, सुतल ३, तलातल ४, महातल ५, रसातल ६ र पाताल ७। यी सबै कुराहरू अघि पनि संक्षेपमा वर्णन गरिसकेको छु। यी चौध भुवन सृष्टि गरिसकेपछि फेरि सात द्वीप पनि सृष्टि गरे। तिनको नाम हो- जम्बूद्वीप १, ल्पक्षद्वीप २, शाल्मलीद्वीप ३, कुशद्वीप ४, क्रौञ्चद्वीप ५, शाकद्वीप ६ र पुष्करद्वीप ७। यी सात द्वीपपछि सात समुद्र पनि सृष्टि गरे। कुन-कुन समुद्र भने- इक्षुरसोद समुद्र १, सुरोद समुद्र २, घृतोद समुद्र ३, क्षारोद समुद्र ४, क्षीरोद समुद्र ५, दधिमण्डोद समुद्र ६ र शुद्धोदक समुद्र ७।

कुमारजी भन्नुहुन्छ- हे अगस्त्य मुनि ! जल, स्थल र आकाशमा विचरण गर्ने जीवहरूको सृष्टि कसरी भयो भन्ने अनेक मत-मतान्तर छन् तापनि तर्क र शास्त्रमा वर्णन गरिएको आधारमा भन्दछु, तिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक चित्त भएर सुन। कसैको भनाइअनुसार- पहिले सम्पूर्ण संसार जलमय थियो त्यसै कारण त्यहाँ प्रथम जल-जन्तुहरू सृष्टि भए अथवा उत्पन्न भए, किनकि त्यस स्थितिमा त्यहाँ मनुष्यहरू उत्पन्न हुनै सक्नैतथे। त्यसपछि क्रमशः अलि-अलि गरेर सृष्टि उन्नत भयो र जल एवं स्थल दुवैमा बस्ने कछुवा आदि उत्पन्न भए। त्यसपछि जल बिस्तार-बिस्तार सुक्दै गयो, अनि कहीं वन-जङ्गल पनि देखिन लाग्यो। त्यहाँ हिलोमा पौरने, हिलैमा आहाल बस्ने र वन एवं जंगलमा चर्ने तथा जङ्गलमै निवास गर्ने बनेल आदि उत्पन्न भए। अनि जल पनि पूरा सुक्यो, वन पनि राम्रो भएर आबादी आरम्भ भयो। त्यसपछि अर्ध-मनुष्य कहिने प्राणी उत्पन्न भए। त्यही क्रममा केही समयपछि मानिस उत्पन्न भए। अनि सृष्टिको उत्तम विकास हुँदै गयो र चरा-चुरुङ्गी आदि यस संसारमा भएका समस्त प्राणी उत्पन्न भए।

यस विषयमा एक थरिको मतले भन्दछ- सृष्टिको क्रम बिस्तार-बिस्तार उन्नत हुँदै गएपछि, वृक्ष, पंछी, पशु आदि योनिहरूद्वारा परिमार्जित वा विकसित हुँदै जान्छ र वानरसम्म पुगेपछि र त्यसको समेत विकास भएर अनि मानिसको उत्पत्ति भयो। तर प्राणीको विकास आर्य-शास्त्रको रीति अनुसार विचार गर्ने हो भने- जीवात्मा अत्यन्त सूक्ष्म छन् र यिनीहरू स्थूल शरीरदेखि अलग्ग वा भिन्न छन्। अतः जीवात्मा एकेक सूक्ष्म शरीर त्याग्दै बिस्तार-बिस्तार उन्नत भएर केही कालमा उन्नत स्थूल शरीरमा जन्मलिन पुग्दछन्। त्यसै हो भनेर तोकेका भए वैज्ञानिक कथन वा तर्क पनि शास्त्रको अनुकूल नै मानिन्थ्यो। तर हाम्रा आर्यहरूको आस्तिकतालाई मात्र त्यागेर अन्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ-शास्त्र अनुसार नै बताएका छन्। त्यसको वर्णन माथिनै क्रमले गरिसकियो।

फेरि यौटा दृष्टिकोण आर्यशास्त्रतर्फ र अर्को दृष्टिकोण अनेक वैज्ञानिकहरूको कथनतिर पनि पुऱ्याएर गहन विचार गर्ने हो र आर्य-शास्त्रको मननीय गम्भीर तत्त्व पनि हेर्ने हो भने दुवै थरिको मतमा जीवात्मवादको अतिरिक्त अन्य विकासवादको सामंजस्य हुन सक्तछ, तर त्यसमा अवतारहरू सृष्टिको विकासका रूपक हुन् भन्ने तर्क वा कल्पना केही गरे पनि सत्य हुन सक्तैन। किनकि अण्डजको क्रमले यो सम्पूर्ण सृष्टिको विकास भएको होइन, बरू स्थावर वृक्षादिको क्रमले सृष्टिको विकास भएको हो भन्ने तर्क मान्न सकिन्छ। व्यष्टि सृष्टिमा पहिलो योनि स्थावर नै हो। ईश्वरका अवतार सृष्टिका निमित्त भएका होइनन्, केवल सृष्टि-रक्षाका लागि भएका हुन्, यो सत्य हो। अतः ईश्वरका अवतार-रहस्यको मिलन सृष्टि-विकाससित मिलाई अवतारको रहस्य बिगार्ने उद्योग वा चेष्टा गर्नु यौटा विकराल (डरलाग्दो) तर्क वा ताण्डव देखाउनु मात्र हो। अनेक शास्त्रहरूमा सृष्टिको क्रम अथवा गतिविधि कुमालेको चक्र घुमेजस्तै छ भन्ने तथ्य बताइसकियो। अतः त्यस चक्रको आधा भाग तल र आधा भाग माथि भइरहन्छ। ठीक त्यसै गरी सृष्टिचक्रको पनि दुइ भाग छन्, यौटा व्यष्टि-सृष्टि र अर्को समष्टि सृष्टि वा ब्रह्माण्ड सृष्टि अथवा सामूहिक सृष्टि। त्यसमा पनि व्यष्टि सृष्टि तमोगुणबाट सत्त्वगुणतिर लम्कन्दै जान्छ। अर्को समष्टि सृष्टि चाहिं सत्त्वगुणबाट तमोगुणतिर उत्रन्दै जान्छ। यी समष्टि र व्यष्टिको प्रवाहमध्ये आर्य जातिका महर्षिहरूलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती दुवै प्रवाहको आस्तिकतापूर्ण ज्ञान प्राप्त थियो, तर पश्चिमका विद्वानहरूलाई केवल नास्तिकतायुक्त व्यष्टि-सृष्टिको मात्र कुनै-कुनै श्रेणीमा सामान्य ज्ञान रहेछ भन्न करैलाग्यो। किनकि अनेक पुराणहरूमा पिण्ड-सृष्टि अथवा व्यष्टि-सृष्टिमा जीवादिको सृष्टिको मात्र कुनै-कुनै श्रेणीमा सामान्य ज्ञान रहेछ भन्न करैलाग्यो। किनकि अनेक पुराणहरूमा पिण्ड-सृष्टि अथवा व्यष्टि-सृष्टिमा जीवादिको सृष्टिको वेग उद्भिज अर्थात् वनस्पति (घाँस-पात) देखि स्वेदज, अण्डज र जरायुजसम्म पुग्दछ भन्ने उल्लेख पाइन्छ। समुद्रका प्रत्येक तरङ्गमा सूर्यको छाया (प्रतिबिम्ब) परे जस्तै प्रकृति देवीका त्रिगुण तरङ्गमा ईश्वररूपी सूर्यका प्रतिबिम्बरूपी जीवहरूको सृष्टि हुनु स्वाभाविक छ र बराबर भइरहन्छ पनि।

कुमारजी भन्नुहुन्छ– हे अगस्त्य मुनि ! यी उपरोक्त जीवहरूको सारा गतिविधि तमोगुणबाट नै उत्पन्न भएर सत्त्वगुणतिर सर्दै जान्छ। अतः चौरासी लाख योनिहरूको गणना गर्दा प्रथम बीस लाख उद्भिज योनि गनिएको छ। अरू योनिहरूको संख्या क्रमश; यो हो- जलजन्तु नौ लाख, कीरा-फट्यांग्रा एघार लाख, चरा-चुरुङ्गी दस लाख, पशुहरू तीस लाख, अनि चार लाख वानर, अनि अन्यान्य जातिका जङ्गली मानिसहरू दुइ लाख। त्यसपछि मात्र मानिस सभ्य भएर उत्पन्न हुन्छ। मनुष्य योनि स्वतन्त्रताको केन्द्रबिन्दु हो। त्यसै निम्ति स्वतन्त्रताको दुरुपयोग गरेर प्रकृति-भिन्न अर्थात् अप्राकृतिक कार्यहरू गर्नलागे भने यमराजको यातना भोगेर फेरि त्यही प्रकृति-विरुद्ध कर्म अर्थात् पापकर्म गर्ने जीवलाई उसको कर्म अनुसार अण्डज, उद्भिज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि पछिल्ला योनिमा नै जानुपर्दछ। मनुष्य योनि पाएर प्रकृतिका नियम अनुसार कार्य गर्दै रह्यो भने त्यस जीवको झन्-झन् विकास हुँदै जान्छ। विकासका सामग्रीअनुसार नै जीवको उत्थान अभ्युदय वा उन्नति पनि नियमानुसार भइरहन्छ। जस्तै- कर्मानुसार मृत्युलोक निवासी मनुष्य भुवर्लोकमा पुगेपछि थोरै विकास भयो, स्वर्गलोकमा पुग्दा अलि बर्ता विकास भयो। त्यस्तै महर्लोक, जनलोक, तपोलोक र सत्यलोक आदिमा जति-जति मास्तिर उक्लन्दै जान्छ, उति-उति जीवको विकास हुँदै गइरहेको हुन्छ। यो पनि शास्त्रीय प्रमाण हो।

प्राणीको यो विकास क्रममा मनुष्ययोनि र पशुयोनिको मध्यम योनि गोयोनि हो भनेर कुनै विद्वान्को भनाइ छ। सिंहयोनि हो भन्ने पनि एक थरि छन्। वानर योनि हो भन्ने पनि अनेक विद्वानको मत पाइन्छ। यसरी उद्भिजबाट विकसित हुँदै आएको जीव यो मनुष्य योनिमा आउने भएपछि वानरयोनि भोगेर मात्र आउँछ भन्ने यो शास्त्रीय नियम वा प्रमाण पाइन्छ। विकास र उन्नति प्रवाह अबाधरूपले चल्न पाइरह्यो भने जीव ब्रह्मलोकमा पनि पुग्न समर्थ हुन्छ। उसपछि मायाका अधिष्ठाता उनै अनेक कोटि ब्रह्माण्ड नायक परब्रह्म परमात्मा सर्वशक्तिमान सच्चिदानन्दमा लीन हुन पाउँछ।

अब व्यष्टि सृष्टिको यो प्रवाहको विषयमा अनात्मवादी वैज्ञानिक-हरूले अलि-अलि जानेको र जान्न-बुझ्न प्रयत्न पनि गरेका छन् भन्न सकिन्छ। तर आत्मवादको समेत मिश्रण गरिने हो भने बिस्तार-बिस्तार पुराणमा उल्लिखित व्यष्टि सृष्टिसंग वैज्ञानिक विकासवादको सामंजस्य राम्ररी हुने थियो भन्न सकिन्छ। पशुयोनि र मनुष्य योनिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वानर योनि नीचको केन्द्र-बिन्दु हो भन्ने कुरा चाहिं पौराणिक सिद्धान्त र विज्ञान दुवै झण्डै एकैनासे नै छ तापनि तामसी मनुष्यको पूर्वयोनि वानर हो र राजसी मानिसको पूर्वयोनि सिंह हो, अनि सात्त्विक मनुष्यको पूर्वयोनि चाहिं गोयोनि हो भन्ने निर्विवाद छ।

नीहारिका सिद्धान्त पनि कुनै नयाँ सिद्धान्त हो भन्न सकिन्न, किनकि शास्त्र-पुराणहरूमा सृष्टिको आदि कालमा ब्रह्माजीले नगर्ने काम गर्दा लज्जित भएर त्यो देहलाई त्यागीदिए, अनि त्यही देह नीहारिकाको रूपमा साटिएर घोर अन्धकारको रूप लिई सम्पूर्ण दिशा-विदिशाहरूमा फैलिएको हो भन्ने शास्त्रमा उल्लेख पाइन्छ। त्यही सिद्धान्तलाई यौटा कुनै पौराणिक विषयको आधार मानेर आफ्नू तर्क वा विचार सम्मिश्रित गरेको हो।

सृष्टि विकासको प्रसङ्गमा आएका तर्क र विचारहरू दर्शाइसकियो। अब वेद र पुराणादिको कथन अनुसारबाट सृष्टिको प्रकृया हेर्नुहवस्। पूर्वकल्पहरूमा जसरी सृष्टि भयो वा गरियो, यस कल्पमा पनि ब्रह्माले उही क्रमले सृष्टि गर्दै रहन्छन् भन्ने वेदको वाक्य पनि पाउन सकिन्छ।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! सम्पूर्ण विश्वकी जननी प्रकृतिदेवी अनन्तकोटि ब्रह्माण्ड-नायक सच्चिदानन्दके इच्छानुसार उत्पन्न भएकी हुन्। ती विभिन्न स्वरूपकी छन्। तिनै प्रकृतिलाई माया पनि भन्दछन्। प्रकृतिलाई प्रेरणा दिने परब्रह्म परमात्मालाई 'मायी' भन्दछन्। तिनै प्रकृतिलाई 'मायी-शक्ति' पनि मान्दछन्। उनै परब्रह्म परमात्मा सर्वशक्तिमान् पनि कहिन्छन्। तिनै शक्ति र शक्तिमान् अर्थात्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माया र मायी द्वारा उत्पन्न भएका असंख्य प्राणीहरूले सम्पूर्ण संसार नै भरिएको छ। उनैद्वारा पृथ्वी, जल, तेज, वायु र आकाश तथा कर्मेन्द्रिय, अन्तःकरण र पञ्चप्राण उत्पन्न भए। स्थावर, जंगम, पशु-पक्षी र मनुष्यहरू तथा देवता र दानवहरू पनि उनैबाट उत्पन्न भएका हुन्। पृथिव्यादि महातत्त्वदेखि महाभूतसम्म र ब्राह्मण, ब्रह्मादेखि तृणपर्यन्त सारा प्राणी यो ब्रह्माण्ड सृष्टि हुँदा कसरी र कुन आधारमा सृष्टि हुन्छन् भन्ने विषयमा वेदले निर्णय गरेको छ- पूर्व कल्पमा जसरी सृष्टि भएथ्यो, यो कल्पमा पनि उस्तै प्रकारले ब्रह्माजीले सृष्टि गर्दछन्।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! तिमी एक चित्त भएर सुन- अब म चौध मनुहरूको विषयमा केही वर्णन गर्दछु। ब्रह्माजीका दिनमा सृष्टि र रात्रिमा प्रलय हुन्छ भन्ने वर्णन पहिल्यै गरिसकियो। अब ब्रह्माजीको सृष्टिकाल अर्थात् दिनमा वा सृष्टि कल्पमा स्वर्गका अधिष्ठाता चौध मनु बदलिन्छन्। त्यस्तै मानव जगतका अधिष्ठाता मनु पनि चौध नै हुन्छन्। ज्ञान जगत्का संचालक अन्तरिक्षमा रहने सप्तर्षिहरू पनि चौध नै मानिएका छन्।

मनुहरूमा सबैभन्दा प्रथम स्वायम्भुव मनु हुन्। त्यसवेला स्वर्गका अधिष्ठाता इन्द्र, यज्ञ हुन्। अन्तरिक्ष जगत्का ज्ञानको सत्ता आफ्नू अधीन राख्ने सप्तर्षिहरू- मरीचि, अत्रि, अंगिरा, पुलस्त्य, पुलह, क्रतु र वसिष्ठ यी सात महर्षिहरू थिए। यो मानव जगतका संचालक राजा स्वायम्भुव मनुके पुत्र प्रियव्रत र उत्तानपाद थिए। यज्ञ-पुरुषबाट उत्पन्न बाह्रजना 'याम' नामले प्रसिद्ध देवता त्यसवेला स्वर्गका स्वामी थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि स्वारोचिष नामका दोस्रा मनु भएका थिए। विपश्चिद् नामका इन्द्र थिए। पारावत र तुषित आदि देवगण थिए। ऊर्ज, स्तम्भ, प्राण, वात, वृषभ, निरय र पारिवान्- यी सप्तर्षि थिए। चैत्र, किंपुरुष आदि मनुका पुत्र थिए- यी यसै भूमिमा चक्रवर्ती राजा भएका थिए।

त्यसपछि 'उत्तम' नामका तेस्रा मनु भए, त्यस बखत सुशान्ति नामका इन्द्र थिए। अनि सुधाम, सत्य, जय, प्रतर्दन र वशवर्ती- यी पाँचमा प्रत्येकका बाह्र-बाह्र समूह भएका देवताहरू थिए। वसिष्ठ ऋषिका सात पुत्र- रज, गोत्र, ऊर्ध्वबाहु, सवन, अनघ, सुतप र शुक्र- यी सप्तर्षिगण थिए। मनुका परशु, दीप्त आदि आज्ञापालक छोरा थिए।

अनि 'तामस' नामका चौथा मनु भएका थिए। त्यसवेला स्वर्गमा शिवि इन्द्र भएका थिए। सुपार, हरि, सत्य र सुधी नामका देवगण थिए। तिनका प्रत्येकको सत्ताईस-सत्ताईसको समूह थियो। सप्तर्षिमा- ज्योतिर्धामा, पृथु, काव्य, चैत्र, अग्नि, वनक र पीवर नामका थिए। अनि नर, ख्याति, केतुरूप, जानुजंघ आदि मनुका राज्यको रक्षक र उत्तराधिकारी एवं आज्ञाकारी छोरा थिए।

'रैवत' नामका पाँचौं मनु थिए। त्यो समयका इन्द्रको नाम विभु थियो। एकेक खण्डमा चौध-चौधका दरले देवताहरू- अमिताभ, भूतरय, वैकुण्ठ र सुमेधा नामका चार प्रकारका देवगण थिए। त्यस बखत हिरण्यरोमा, वेदश्री, ऊर्ध्वबाहु, वेदबाहु, सुबाहु र पर्जन्य, महामुनि- यी सात जना सप्तर्षिहरू थिए। मनुका उत्तराधिकारीमा बलबन्धु, सम्भाव्य, सत्यक आदि राजकुमारहरू थिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रियव्रत महाराजको वंशमा नै स्वारोचिष, उत्तम, तामस र रैवत यी चार राजा भएका थिए। राजा प्रियव्रतको कठोर तपस्याबाट प्रसन्न भएका भगवान् विष्णुले श्री प्रियव्रतकै सन्तानमा चार मन्वन्तरका स्वामी मनुहरू यथाक्रम उत्पन्न गराइदिनुभएको थियो।

'चाक्षुष' छैठौं मनुको नाम हो। तिनको समयमा मनोजव नामका इन्द्र थिए। प्रत्येकका आठ-आठ श्रेणी भएका-आप्य, प्रसूत, भव्य, पृथुक र लेख नामका पाँच प्रकारका देवताहरू थिए। सप्तर्षिहरूमा सुमेधा, विरजा, हविष्मान्, उत्तम, मधु, अतिनाम र सहिष्णु आदि नामधारी थिए। चाक्षुष मनुका उत्तराधिकारी छोराहरूमा- अरु, पुरु, शतद्युम्न आदि राजाहरू भएका थिए। आज-भोलि चलिरहेको मन्वन्तरको नाम वैवस्वत मन्वन्तर हो। यी सातौं मनु सूर्यनारायणका पुत्र हुन्। वैवस्वत यिनको नाम हो। आज-भोलिका देवताहरूमा- आदित्य, वसु, रुद्र, साध्य, विश्व, मरुत् र अश्विनीकुमारहरू छन्। बाह्र सूर्य छन्। आठ वसु र एकादश रुद्र छन्। प्रथम तीन श्रेणीमा अग्नि र प्रजापति समेत जम्मा तेत्तीस प्रकारका देवगण छन् भन्ने यो वैदिक वचन वा सिद्धान्त छ। यिनकै भेद-प्रभेदबाट तेत्तीस कोटि देवताहरू मानिन्छन्। देवताहरूका राजा पुरन्दर नामका इन्द्र हुन्। अनि वसिष्ठ, कश्यप, अत्रि, जमदग्नि, गौतम, विश्वामित्र र भरद्वाज- यिनै सप्तर्षि छन्। मनुका छोराहरू- इक्ष्वाकु, नग, घृष्ट, शर्याति, नरिष्यन्त, नाभाग, अरिष्ट, करुष र पृषध्न नामका थिए। यिनै पुत्रहरू र यिनकै सन्तानलाई यस लोकको हेर-विचार र पालन-पोषण गर्ने अधिकार मनुले सुम्पेका थिए। कुनै कारण आइलागेर यिनीहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वयं आफ्नो अधिकारको रक्षा गर्न सकेनन् र असमर्थ भएको स्थितिमा अन्यान्यहरूको आधिपत्य हुन्छ। यस संसारमा यिनीहरूको प्राकृत आधिपत्य मानिन्छ। यो नियम आदिकालदेखि नै चलेको हो र चलिरहेकै छ।

यस संसारको उत्तम मङ्गलमय स्थिति विष्णु भगवान्की सत्त्वगुणमयी शक्तिकै आधारमा विद्यमान छ, अर्थात् तिनै सत्त्वमयी विष्णुमाया नै सम्पूर्ण विश्वस्थितिकी अधिष्ठात्री वा स्वामिनी हुन्। सबै मन्वन्तरमा यो संसारको बिग्रन लागेको स्थिति सपार्न उनै विष्णुशक्तिको अवतार हुन्छ। त्यसै क्रममा स्वायम्भुव मनुको पालामा विश्वको खलबलिएको स्थिति सुचारू पार्न विष्णु-शक्तिकै अंशबाट आकूतिको गर्भबाट उत्पन्न भएर यज्ञपुरुष मानवदेव नामले प्रसिद्ध हुनु भएको थियो।

त्यसपछि स्वारोचिष मनुको बखतमा उनै भगवान् मानवदेव अजित तुषितदेव नामले प्रसिद्ध हुनुभएको थियो। तुषित देवगणका साथै तुषिताका गर्भबाट उत्पन्न हुनुभएको थियो।

तिनै तुषितदेव 'उत्तम' मनुका समयमा सत्यगण देवताहरूका साथै सत्यादेवीका गर्भबाट उत्पन्न हुनुभयो। त्यस समय उहाँको नाम 'सत्य' भनेर संसारमा प्रसिद्ध भयो।

अनि चौथो 'तामस' मन्वन्तरमा उनै भगवान् 'हरि' नामका देवगणका साथै हर्या देवीको गर्भबाट उत्पन्न भएर हरि यस नामले विख्यात हुनुभयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि पाँचौं 'रैवत' मन्वन्तरमा त्यस समयका रेवत देवगणका साथै संभूती देवीका गर्भबाट उनै हरि भगवान् उत्पन्न हुनुभयो। तर यस पाला उहाँ 'मानस' नामले विख्यात हुनुभयो।

त्यसपछि चाक्षुष नामका छैठौं मनुको समयमा उनै मानसदेव वैकुण्ठ नामका देवगणका साथ विकुण्ठा देवीको गर्भबाट उत्पन्न हुनुभयो, अतः उहाँको नाम पनि वैकुण्ठ रहन गयो। यति वर्णन बितिसकेको मन्वन्तरको भनिसकियो।

अब चलिरहेको वर्तमान मन्वन्तरमा अर्थात् सातौं वैवस्वत मनुको समयमा भगवान कश्यपद्धारा अदितिको गर्भाबाट आदित्यादि देवताहरूका साथ वामनरूपमा अवतार धारण गर्नुभयो। उहाँको नाम पनि 'वामन' नै रहन गयो। जुन वामन भगवानले केवल तीन पाइला (चरण) ले तीनै भुवनको साम्राज्य असुरराज बलिबाट आफ्नू अधिकारमा गराई निष्कण्टक तुल्याएर 'पुरन्दर' नामका त्यस बखतका इन्द्रलाई सुम्पिदिनु भयो।

यस समयका मनु वैवस्वत हुन् भन्ने माथि नै वर्णन भइसक्यो। यिनको शेषपछि 'सावर्णी' नामका मनुको समयमा चैत्र-वंशमा उत्पन्न भएका सुरथ नामक राजा थिए। शत्रुको वशमा गइसकेको राज्य त्यागेर भाग्दै जङ्गलमा पुगी सुमेधा नामका विज्ञ ऋषिको उपदेशद्धारा महाशक्तिको तपस्या र आराधना गरेर उनै भगवतीको दया-कृपाबाट गइसकेको राज्य पुनः पाएर आगामी समयमा मन्वन्तरको पद प्राप्त गर्ने वर पाएका थिए। तिनै सुरथ नामका राजा सूर्यका पुत्र भएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सावर्णि नामले प्रख्यात आठौं मनु हुनेछन्। ती सावर्णिका समयमा- सुतप, अमिताभ नामका मुख्य देवता हुनेछन्। ती एकेकमा बीस-बीस देवताहरूको श्रेणी रहने छ। त्यस समयमा-व्यास, दीप्तिमान, गालव, राम, कृप, अश्वत्थामा र ऋष्यश्रृङ्ग- सप्तर्षि हुनेछन्। वामन भगवानलाई तीन पाउमा तीनै लोक दान दिएर आफू पातालमा गएर बसेका विरोचनका सुपुत्र बलि भगवान वामनका कृपाले स्वर्गमा इन्द्र भएर बस्नेछन्। त्यस समयका मनुपुत्र-विरजा, उर्वरीवान्, निर्मोक आदि हुनेछन्। पछि यिनैहरू सम्पूर्ण भूमण्डलका एकछत्र सम्राट पनि बन्नेछन्।

त्यसपछि नवौं मनु 'दक्षसावर्णि' हुनेछन्। एकेक श्रेणीमा बाह्र-बाह्र देवगण भएका पार, मरीचि-गर्भ र सुधर्मा नामक तीन प्रकारका देवता हुनेछन्। ती देवताहरू स्वामी वा राजा इन्द्रको नाम 'अद्भुत' हुनेछ। त्यस समय सवन, द्युतिमान्, भव्य, वसु, मेघातिथि, ज्योतिष्मान् र सत्य नाम भएका सप्तर्षि हुनेछन्। मनुका पुत्र- धृतकेतु, दीप्तिकेतु, पञ्चहस्त, निरामय र पृथुश्रवा आदि हुने छन्। यिनैहरू मानव साम्राज्यका संरक्षक र उत्तराधिकारी हुनेछन्।

त्यसपछि 'ब्रह्मसावर्णि' नामका दसौं मनु हुनेछन्। सय-सय देवताहरू भएका सुधामा र विशुद्ध नामका दुइथरि देवता हुनेछन्। 'इन्द्रशान्ति' नामका तिनीहरूका राजा वा शासक हुनेछन्। त्यसवेलाका सप्तर्षि- हविष्यमान, सुकृत, सत्य, तमोमूर्ति, नाभाग, अप्रतिमौजा, सत्यकेतु हुनेछन्। सुक्षेत्र, उत्तमौजा, भूरिषेण आदि दसजना मनुका पुत्र सम्पूर्ण पृथिवीको रक्षा गर्ने काममा नियुक्त गरिने छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि 'धर्मसावर्णि' नामका एघारौं मनु हुनेछन्। प्रत्येक देवगणका तीस-तीस गणदेवता हुने-विहङ्गम, कामगम, निर्वाणरति नामका देवगण हुनेछन्। त्यस समयका सप्तर्षि- निस्वर, अनितेजा, वपुष्मान, घृणि, आरुणि, हविष्मान र अनघ नामका हुनेछन्। ती धर्मसावर्णिका पुत्र अर्थात् मनुका पुत्र मानव- राज्यकारी, सर्वत्रग, सुधर्मा, देवानीक आदि नाम भएका हुनेछन्।

त्यसपछि 'रुद्रसावर्णि' नामका बाह्रौं मनु हुनेछन्। तिनको समयमा ऋतुधामा नामका राजा नै स्वर्गमा इन्द्र हुनेछन्। हरित, रोहित, सुमनस, सुकर्म, सुराय आदि नामका पाँच प्रकारका अनेक गणसहितका देवता हुनेछन्। सप्तर्षिहरूमा-तपस्वी, सुतपा, तपोमूर्ति, तपोरति, तपोधृति, तपोद्युति र तपोधन नाम भएका हुनेछन्। देववान्, उपदेव, देवश्रेष्ठ आदि नाम भएका मनुका छोराहरू त्यस समयका चक्रवर्ती सम्राट् हुनेछन्।

त्यसपछि 'रूचि' नामका तेह्रौं मनु हुनेछन्। ती मनुको समयमा एक समूहमा तेत्तीस-तेत्तीस देवताहरू भएका सुमात्रा, सुकर्मा र सुधर्मा नाम हुने तीन प्रकारका देवता प्रधान हुनेछन्। स्वर्गका इन्द्रको नाम 'दिवस्पति' हुनेछ। सप्तर्षि चाहिं- निर्मोह, तत्त्वदर्शी, निष्कम्प, निरुत्सुक, घृतिमान, अव्यय र सुतप नामका हुनेछन्। रुचि मनुका छोराहरू चित्रसेन, विचित्र आदि त्यस समयका मानवहरूको राज्यका संरक्षक र अधिकारी हुनेछन्।

त्यसपछिका चौधौं मनुको नाम 'भौम' होला। ती भौमका समयमा स्वर्गका इन्द्र 'शुचि' नामले विख्यात हुनेछन्। चाक्षुष, पवित्र, कनिष्ठ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भ्राजिक, वाचावृद्ध, नामका पाँच देवताहरू हुनेछन्। सप्तर्षिहरू- अग्निबाहु, शुचि, शुक्र, मगध, अग्निध्र, युक्त र जित नामका हुनेछन्। अनि उरु र गम्भीर आदि मनुका छोराहरूले पृथ्वीको पालन र संरक्षण गर्ने सुयोग्य सम्राट् रहने छन्।

सत्य, त्रेता, द्वापर र कलि यी चारै युगका अन्त्यमा समस्त वेदहरूको लोप हुनेछ र ती लोप भइसकेका वेदहरूको पुनरुद्धार गर्न त्यही समयका सप्तर्षिहरूले भूलोकमा अवतार लिनेछन्, अनि लोप भइसकेका सबै वेदहरूको तिनैहरू द्वारा हुनेछ। प्रत्येक चारै युगका आरम्भमा वा प्रत्येक सत्ययुगको प्रारम्भमा स्मृतिशास्त्रको निर्माण गर्न मनुको अवतार हुन्छ। फेरि जुन मन्वन्तरमा जुन-जुन देवताहरू हुन्छन्, त्यो मन्वन्तरमा यज्ञभोगी तिनै देवताहरू हुन्छन्। तिनै मनुका छोराहरू समस्त भूमण्डलका राजा हुन्छन्। आफ्नू समयबाहेक अर्काको समयमा- मनु, इन्द्र, देवता, सप्तर्षि र राजाहरूको कुनै शासन वा भोग हुँदैन। तात्पर्य के भने प्रत्येक मन्वन्तरमा यी उपरोक्त सबै साटिन्छन् अर्थात् अर्को नयाँ मन्वन्तर आरम्भ हुन्छ। यसै क्रमले चौध मन्वन्तर बदलिंदा एक हजार दिव्य वर्ष बितिसक्दछ। त्यही दिव्य एक हजार वर्षको नै एक कल्प हुन्छ। त्यही ब्रह्माको दिन हो, अनि रात परेपछि ब्रह्मा आनन्दले विश्राम गर्दछन् अर्थात् निदाउँछन्। ब्रह्माको रात र दिनको समान प्रमाण कहिएको छ। फेरि दिव्य एक हजार वर्षमा जति समय थियो वा बित्यो, त्यति नै समय ब्रह्माजीको रातमा पनि व्यतीत हुन्छ भन्ने प्रमाण पाइन्छ। रात्रि बितेर ब्रह्माजी जागा भएपछि सृष्टि गर्ने काम पहिलेको जस्तै त्यो नवीन सृष्टिमा पनि उनले गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दछ। फेरि सृष्टि गर्दा नारायण भगवान रजोमूर्ति धारण गर्नुहुन्छ। मनु, राजा, सप्तर्षि, देवता, इन्द्र स्वर्गादि संसारको स्थिति र पालन गर्ने केवल ईश्वरका अंशमात्र हुन्। विश्वको रक्षा चाहिं सत्त्वगुण सम्पन्न नारायण भगवान्द्वारा गरिन्छ।

सत्य, त्रेता, द्वापर र कलि- चारै युगमा संसारका स्थितिको मर्यादा पालन गर्न वा गराउन प्रथम सत्ययुगमा कपिल आदि विशिष्ट ज्ञानीको रूपमा अवतार धारण गरेर सांख्य आदि ज्ञानको विस्तार उनै भगवान्द्वारा गरिन्छ। त्यसपछि त्रेतामा चक्रवर्ती सम्राट्को रूपमा अवतार धारण गरेर संसारका पापी, दुष्टहरूको संहार र दमन गर्दै तीनै लोकको रक्षा उनै ईश्वरद्वारा गरिन्छ। अनि द्वापर युगमा व्यासको रूपमा उनै नारायण भगवान्ले यो विश्वमा अवतार लिएर यौटा वेदलाई चार भाग लगाई, त्यसमा पनि अनेकानेक शाखा विभाजन गरेर संसारको स्थिति सन्तुलित र सुरक्षित राख्नुहुन्छ। त्यसपछि कलियुगमा कलिको बर्ता प्रभावले अनाचारी, दुराचारी र वितण्डावादमा गाडिएका प्रजाहरूलाई सदाचारी र सन्मार्गगामी तुल्याउन उनै नारायण भगवान्ले कल्की अवतार धारण गरेर धरामा आउनु हुन्छ। यसै गरी प्रत्येक युगमा नारायण विष्णु भगवान्को सात्त्विक रूपले संसारको स्थिति सन्तुलित राख्नुहुन्छ। त्यसपछि जब संहारको अवसर प्राप्त हुन्छ, तब उनै ईश्वरको तामस स्वरूप शेषजी वा अनन्तद्वारा सम्पूर्ण विश्वको संहार गरिन्छ। प्रलयको निम्ति भगवान्ले तामसी रूप अर्थात् अनन्त रूप धारण गर्नु हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पूर्ण जगत्मा ज्ञानको सत्यरूप प्रकट गर्ने केवल वेद मानिन्छ। त्यो वेद दुरूह र दुर्वोध (बुझ्न नसकिने) हुनाले प्रत्येकको अभ्यास गरेर कलियुगी आचारका, अभ्यास नगरिएको बुद्धि मन्द (थोरै) आयुका, ससाना संस्कारादि कर्मबाट पनि परिचित नभएका व्यक्तिहरूलाई ज्ञान-लाभ प्राप्त गर्न कठिन पर्ने हुनाले त्यो सजिलो होस भन्ने दृष्टिले कलियुगको पहिले द्वापरमा नै वेदव्यासले वेदको विभाग गरेर साना-साना भागमा अलग-अलग पारिदिनुहुन्छ। यसरी वेदको विभाजन गर्ने व्यक्तिलाई 'वेदव्यास' भन्दछन्। यस कल्पमा आजसम्म जम्मा अट्ठाइस व्यास बितिसके। तिनीहरूको नाम निम्नलिखित छ–

स्वयम्भू	१	प्रजापति	२	उशना	३
बृहस्पति	४	सूर्य	५	मृत्यु	६
इन्द्र	७	वसिष्ठ	८	सारस्वत	९
त्रिग्धामा	१०	त्रिशिख	११	भरद्वाज	१२
अन्तरिक्ष	१३	वर्णी	१४	त्रय्यारुणि	१५
धनञ्जय	१६	ऋतुञ्जय	१७	जय	१८
भरद्वाज	१९	गौतम	२०	हर्यात्मा	२१
वाजश्रवा	२२	तृणबिन्दु	२३	त्र्यक्ष (वाल्मीकि)	२४
शक्ति	२५	पराशर	२६	जातुकर्ण्य	२७

श्रीकृष्ण द्वैपायन व्यास २८

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां भुवन, इन्द्र, चतुर्दश मन्वन्तरादि वर्णनं नाम द्वितीयोऽध्यायः।।२।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ तृतीयोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! चौध मनु र चौध इन्द्र अनि संसारका संचालक सप्तर्षिहरू पनि चौधकै क्रमले वर्णन गरिसकें। अब म सर्गका आदिकालमा सृष्टि गर्ने चतुर्मुखी ब्रह्माको विचार वर्णन गर्दछु। तिमी एकचित्त भएर सुन। कुनै पनि मानिसले पहिले केही काम आरम्भ गर्दा अनुभव वा ज्ञानको कमी हुनु अनिवार्य हुनाले नै ब्रह्माजीको पनि अनेक कल्पहरूमा सृष्टि गर्दा बुद्धिमा न्यूनता भएकोले तमोमय सृष्टि नै हुनभयो, त्यसमा पाँच थरिको सृष्टि उत्पन्न भयो, त्यसैलाई 'पञ्चपर्वा' वा अविद्या सृष्टि पनि भन्दछन्। त्यसमा पहिलोको नाम 'तम' अर्थात् अज्ञान हो। त्यो पनि आठ प्रकारको हुन्छ, अर्कोको नाम 'महामोह' वा विषयाशक्ति हो। त्यो दस थरिको हुन्छ। चौथोको नाम 'तामिस्त्र' अर्थात् कुनै कुराको पनि अनुचित आग्रह भन्दछन्। जस्तै- भोग्य वस्तु र तिनका यत्न अथवा उपायहरूको घातोपघात कतैतिरबाट पनि हुन नपाओस् भनी डर मानेर सतर्क रहँदै- यस्तै भोग सदासर्वदा प्राप्त भइरहोस् भन्ने आग्रह नैं 'अन्ध-तामिस्त्र' कहिन्छ। यो पनि अठार थरिको हुन्छ। यसरी यी पाँच थरिका अविद्याहरूको अवान्तर भेद जम्मा बासट्ठी प्रकारको कहिएको छ।

यस प्रकार पाँच थरिका अविद्याहरूको निर्माण गरेपछि ब्रह्माजी फेरि ध्यानमग्न हुनुभयो। यस ध्यानको प्रतिफल पाँच थरिका सर्ग नै हुन गयो। यसको स्वरूप ज्ञानहीन, बाहिर-भित्र कुनै पनि उज्यालो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(प्रकाश) नभएको, परस्पर कुनै परिचय पनि नभएको स्थावर, वृक्ष, लता, गुल्म, तृण आदिको सृष्टि भयो । यही स्थावर सृष्टिलाई नै प्रधान वा मुख्य सृष्टि मानिन्छ। किनकि वराह भगवानले जलमा डुबेकी पृथ्वीलाई उद्धार गरेको मौकामा ब्रह्माजीले सृष्टि आरम्भ गर्दा प्रथम यिनै स्थावर वस्तुहरूको सृष्टि आरम्भ गर्नु भएको थियो । यसै कारण यही सृष्टिलाई प्रधान सृष्टिको दर्जामा राखिएको हो ।

त्यसपछि निकै एकाग्रचित्तले विचार गर्दा पनि ब्रह्माजीको चित्त बुझेन, किनकि यस्ता सर्गहरूद्वारा कुनै पनि पुरुषार्थ साधन सम्भव हुन सक्तैनथ्यो। त्यसै कारण फेरि ब्रह्माजी सृष्टिको चिन्तनमा गाडिनुभयो । यसपल्टको चिन्तनबाट 'तिर्यक्' स्रोतको सृष्टि भयो । तेर्सो चालले हिंड्ने हुनाले नै तिर्यक्-स्रोता कहिएका हुन् । खान-पानका वस्तु पनि तेर्सो मार्गले नै बाहिर निकाल्ने जातका हुनाले तिर्यक्-जाति कहिए। यी सबै पशु जातिका हुन्। यी सबै अज्ञानी, तमोमय, अज्ञानलाई ज्ञान मान्ने उन्मार्गगामी स्वभावका हुन्छन् । ती अभिमानी, अहङ्कारी अट्ठाइस थरिका वधले युक्त र आन्तरिक (भित्री) सुख-दुःख अनुभव गर्ने, परस्परको प्रवृत्ति चाहिं जान्नै नसक्ने बानी भएका हुन्छन् ।

यो तेस्रो सर्गबाट पनि चतुर्विध पुरुषार्थको कार्य सम्पन्न पार्न कठिन देखिएको हुनाले फेरि सृष्टिका लागि ब्रह्माजी ध्यानमा डुब्नुभयो। ब्रह्माजीको यस ध्यानबाट 'ऊर्ध्व-स्रोता' देवगण उत्पन्न भए । ती धेरजसो सात्त्विक प्रकृतिका थिए । अतः सुखमा बढी लोभ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने खालका थिए। ऊर्ध्वस्त्रोता हुनाले नामानुसार उर्ध्वलोक स्वर्गमा नै रहन वा बस्न मनपराउँदथे र सन्तुष्ट एवं प्रसन्न पनि थिए। यसलाई 'देवसर्ग' भन्दछन्। त्यो देवसर्ग देखेर ब्रह्माजीको चित्त प्रसन्न भयो।

त्यति भइसक्दा पनि ब्रह्माजीको सृष्टि-विषयक इच्छा शान्त हुन सकेन किनकि यी तीनैथरि सृष्टि पुरुषार्थको दृष्टिले काम नलाग्ने खालका थिए। अतः सुयोग्य साधक सृष्टि गर्ने इच्छाले फेरि अर्थात् तपमा लीन हुनुभयो। यस ध्यान वा तपमा उनको सत्य-सङ्कल्प र योग्य साधक सृष्टि गर्ने इच्छा बलियो थियो। त्यसै कारण ध्यान पूर्ण हुनासाथ अर्वाक् स्त्रोता साधकहरू उत्पन्न भए। यस सर्गका प्राणी माथि वा तल नगएर माझको यो भूमण्डलमा बसेका हुनाले यी अर्वाक् स्त्रोता कहिए। यिनमा सत्त्व, रज र तमो गुणको पनि यथेच्छ मात्रा विद्यमान हुनाले-अनेक दुःख-कष्ट र अत्यन्त क्रियाशील एवं आन्तरिक (भित्री) र बाह्य (बाहिरी) दुवै प्रकारका ज्ञान-सम्पन्न हुन्छन्। यसै कारण यसलाई 'मानव-सर्ग' पनि भन्दछन्। यिनीहरूले खाए पिएका अन्न-जल आदिको प्रवाह (वेग) पनि उँधो तर्फ नै जान्छ, त्यही कारणले पनि अर्वाक्-स्त्रोता कहिन्छन्।

माथि उल्लिखित सर्गहरूमध्ये पहिलो सर्ग महत्तत्त्वको मानिन्छ। त्यो ब्रह्माबाट नै निर्मित भएको हो। दोस्रो सर्ग चाहिं तन्मात्रा कहिन्छ र यसलाई 'भूतसर्ग' पनि भन्दछन्। तृतीय सर्ग वैकारिक हो, यसैलाई ऐन्द्रिक वा इन्द्रिय सम्बन्धी पनि मान्दछन्। यी माथि कहिएका तीन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकारका सृष्टिलाई नै प्राकृत सृष्टि भन्दछन्। यो प्राकृत सृष्टि ब्रह्माजीको बुद्धियुक्त सृष्टि हो। चौथो चाहिं मुख्य सर्ग हो, यसैमा स्थावर सृष्टि भयो। तिर्यक्-स्रोता अर्थात् पशुको सृष्टिलाई नै तिर्यग्-योन्य भन्दछन्। यो पाँचौं सर्ग हो। यसमा संसारका सम्पूर्ण कीट-पतङ्गको प्रवेश मानिन्छ। ऊर्ध्वस्रोताको सर्गलाई 'देवसर्ग' भन्दछन्, यो चाहिं छैठौं सर्ग हो। अर्वाक्-स्रोता सर्ग सातौं हो, यसै सर्गमा मनुष्यहरूको जन्म हुन्छ। आठौं अनुग्रह सर्ग कहिन्छ। त्यो पनि तामस र सात्त्विक दुइ प्रकारको हुन्छ। चौथो मुख्य सर्गबाट अनुग्रह सर्गसम्मका सर्गहरूलाई 'वैकृत सर्ग" मानिन्छ। त्यस वैकृत सर्गको पनि पाँच भेद छन्। अनि नवौं सर्गको नाम 'कौमार सर्ग' हो। त्यो कौमार सर्ग पनि दुइ थरिको अर्थात् प्राकृत र वैकृत दुवै प्रकारको मानिन्छ। सम्पूर्ण जगत् सृष्टि गर्ने ब्रह्माजीको सृष्टि जम्मा नौ प्रकारका छन्। यिनै प्राकृत र वैकृत सर्ग नै सम्पूर्ण विश्वका प्रधान कारण मानिन्छन्।

यस संसारमा जति जीवात्माहरू छन्, ती सबैमा प्रकृतिअनुसार शुभ-अशुभ कर्मको वासना निश्चय नै रहन्छ। संसारी जीवले वासनाबाट मुक्ति पाउन कदापि सकेको हुँदैन। अतः पहिले कहिएका कल्पको अन्त्यमा वासनायुक्त नै प्राणीहरू लीन भएका हुनाले ब्रह्माजीले सृष्टि गर्दा तिनका ती सवै शुभाशुभ कर्मको विचार गरेर मात्र सृष्टि गर्नुपर्दछ। अतः पहिलेका कल्पना स्थावरबाट देवतासम्म केवल चार थरिका प्रजाहरू थिए। त्यसैले यस कल्पमा सृष्टि आरम्भ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा तिनीहरूको मानस-सृष्टि गर्न ब्रह्माजीलाई अत्यावश्यक पर्नगयो। यस प्रकार मानस-सृष्टि गरिसकेपछि देवता, असुर, पितृ र मानिस एवं जलसमेत सृष्टि गर्ने इच्छा गरेर पहिले स्वयं युक्तात्मा (आत्माले युक्त) हुनुभयो। त्यसरी आत्मयोग गर्दा ब्रह्माजीको तमको मात्रा बढ्न लाग्यो। तमको मात्रामा वृद्धि भएकोले नै तिघ्राबाट असुरहरू उत्पन्न भए। त्यो देखेर ब्रह्माजीले आफ्नू त्यो तामस देह त्यागिदिनुभयो। ब्रह्माजीले त्यागेको त्यही तामस देह अन्धकारयुक्त रातको रूपमा परिणत भयो। फेरि सृष्टि गर्ने इच्छाले ब्रह्माजीले अर्को नवीन देह धारण गर्नुभयो। त्यो देह धारण गर्नासाथ ब्रह्माजीको चित्त निकै हर्षित भयो। प्रसन्न चित्त भएका ब्रह्माजीको मुखबाट सत्वगुणी देवताहरूको उत्पत्ति भयो। ब्रह्माजीले त्यसपछि त्यो सात्विक देह पनि त्यागिदिनुभयो। त्यही ब्रह्माजीद्वारा त्यागिएको सात्त्विक देह नै दिनको रूपमा परिणत हुन गयो। यसै कारणले रात्रिमा असुरहरू बलवान हुन्छन् र दिनमा देवताहरू शक्तिशाली हुन्छन्। त्यसपछि ब्रह्माजीले फेरि आंशिक रूपमा सात्विक देह धारण गर्नुभयो। अनि आफूलाई पितृवत् ठानेर त्यस देहबाट सृष्टि गरिसकेर-फेरि ब्रह्माजीले त्यो स्वरूप पनि त्यागिदिनुभयो। त्यही स्वरूप रात र दिनको माझको सन्ध्या हुन गयो। त्यसपछि पुनः ब्रह्माजीले रजोगुणी रूप धारण गर्नुभयो। ब्रह्माजीको त्यही रजोगुणी सृष्टिद्वारा मनुष्यहरू उत्पन्न भए। त्यसपछि ब्रह्माजीले त्यो देह पनि त्यागिदिनुभयो। त्यो देह नै 'ज्योत्स्ना' हुनगयो। त्यसैलाई दिन र रातको माझको सन्ध्या अर्थात् प्रातः सन्ध्या भन्दछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसैकारण प्रातःकालमा मानिस टाठा (सतर्क-चंख) हुन्छन् तथा साँझतिर पितृहरू टाठा (चतुर) हुन्छन्। दिन, सायं र रात, ज्योत्स्ना यी ब्रह्माजीका सत्व, रज र तमोगुणयुक्त देहबाट उत्पन्न भएका हुन् अर्थात् यी ब्रह्माजीका त्रिगुणमय शरीर कहिन्छन्। त्यसपछि फेरि ब्रह्माजीले ध्यानरूपी तपद्वारा रजोमय देह धारण गर्नुभयो। त्यस देहबाट क्षुधा (भोक) उत्पन्न भयो। त्यस क्षुधाबाट 'काम' उत्पन्न भयो। अनि अन्धकारमै बसेर ब्रह्माजीले भोक-प्यासले व्याकुल भएको सृष्टि रचना गर्नु भयो। त्यसबाट जूँघा-दाह्री भएका विरूप प्राणिहरू उत्पन्न भए। अनि ती सबै प्राणीहरू भोक-प्यासले व्याकुल भएर स्वयं ब्रह्माजीलाई नै खान तम्सिए। तीमध्ये कोही भन्नलागे- 'यिनको रक्षा गर्नुपर्दछ, यिनलाई खान हुँदैन, नखाऊ।' अनि अन्य कसैले भने- 'खानै पर्दछ, यिनलाई नखाई छाड्न हुँदैन।' जतिले रक्षा गर्नुपर्दछ, खान हुँदैन भने ती राक्षस भए। 'हाम्रो भक्ष्य यही हो, खानैपर्दछ' भन्नेहरू चाहिं 'यक्ष' भए। तिनीहरूको त्यस्तो विचित्र चाला देखेर ब्रह्माजीका शिखाबाट रौं खसे। ती खसेका रौं फेरि कपालमै चढे। सरासर मास्तिर उक्लेका जति सर्प र हीन भए र तलतिर खसेका जति 'अहि' भए अर्थात् रौंबाट सर्पहरू उत्पन्न भए। त्यति वेला ब्रह्माजी क्रोधित हुनु भएको थियो- त्यसरी क्रोधले व्याकुल भएको मौकामा गरेको सृष्टिबाट रिसाहा, मद्य-मांसभोजी र उग्र स्वभाव भएका तथा कृष्ण-पिङ्गल वर्णका प्राणीहरू उत्पन्न भए। ब्रह्माजीले गान-विद्याको अभ्यास गर्ने मौकामा उत्पन्न भएका प्राणीहरू गन्धर्वगण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कहिए। किनकि ती प्राणीहरू अनेक वाणी उच्चारण गर्दै उत्पन्न भएका थिए। यति सृष्टि गरिसकेपछि ब्रह्माजीको मनमा पूर्वकल्पका पक्षीहरूको वासनाले थिच्न लाग्यो- त्यसै अनुसार आफ्नू आयुद्वारा उहाँले स्वच्छन्द आकाशमा विचरण गर्ने पक्षीहरूको रचना गर्नु भयो। ब्रह्माजीको छातीबाट भेडा, मुखबाट बाख्रा-बाख्री र पेट तथा कोखाबाट गाई-गोरु सृष्टि गर्नुभयो। पाउबाट हात्ती, घोडा, मृग, गवय, ऊँट, खच्चर र गधा इत्यादि अनेक थरिका पशुहरू उत्पन्न भए। ब्रह्माजीको रौंबाट फल-मूल, औषधिहरू उत्पन्न भए। उपरोक्त सबै उत्पत्ति सृष्टिको आदिमा भएको हो। अनि त्रेतायुगको प्रारम्भमा यिनीहरूलाई यज्ञमा सामेल गराए। त्यसपछि गाई, बाख्रा, घोडा, गधा, खच्चर इत्यादि गाउँमा पालिने पशुहरू उत्पन्न भए। बाघ, बनेल, स्याल, वानर, हाती र चराचुरुङ्गी आदि अनेक जङ्गली पशुहरू उत्पन्न भए। त्यसपछि जलचर माछाहरू र स्थलचर सर्फहरू पनि रचना गरिए। अनि बाजपेय, अग्निष्टोम आदि यज्ञ, छन्दस्तोम सामवेदहरू प्रकाशित गरिए। ब्रह्माजीका त्यही-त्यही शरीरबाट उच्च-नीच प्राणीहरू, देव, यक्ष, मानव, अप्सरा, गन्धर्व, किन्नर, राक्षस, पिशाच, भूत, पशु-पक्षी, उरग, यी सम्पूर्ण ब्रह्माजीका सङ्कल्पको आधारमा तथा बितेका कल्पको वासनानुसार उत्पन्न भए। स्वभाव (बानी) पनि अघिको वासनानुसार नै रहनगयो। तिनीहरूको नाउँ, काम, रूप आदि सारा प्रपञ्च ब्रह्माजीले वेदकै आधारमा गर्नुभएको हो। जसरी समस्त ऋतुहरूको हुँदै रहन्छ र फेरि केही समयमा उही ऋतु फर्केर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आइपुग्दा फेरि पहिलेका जस्तै रूप-चिह्न देख्न पाइन्छ, ठीक त्यस्तै गरी कल्पान्तरमा पनि उही अघिका कल्पहरूको चिह्न स्पष्ट देख्न सकिन्छ। किनकि सृष्टिको चाहना वा इच्छा हुनेलाई सृज्य-शक्तिको प्रेरणा वा महान् बल प्राप्त भइरहन्छ।

सारा संसार सृष्टि गर्दा ब्रह्माजीले एक कुराको विशेष विचार राख्नु परेको थियो-त्यो के कुरा भने, यो विशाल संसारको संचालन गर्ने काम कसको हातमा सुम्पने हो ! अतः एक समय सत्य संकल्प भएर ब्रह्माजीले ध्यान गर्दा उहाँको मुखबाट सात्विक स्वभाव हुने प्रजागण उत्पन्न भए। छातीबाट राक्षस स्वभाव भएका प्रजा र तिघ्राबाट तामस-राजस दुवै स्वभावका अनि चरणबाट तामस प्रकृति भएका प्रजा उत्पन्न भए। यिनीहरूलाई नै क्रमशः ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भन्ने श्रेणी छुट्याइदिनुभयो। त्यसै अनुसार चारै वर्णको व्यवस्था पनि विभाजित गरियो। त्यस चातुर्वर्ण-व्यवस्थाको प्रयोजन के थियो भने- यज्ञसिद्धि यज्ञको प्रयोजन तथा देवतासित उत्तम सम्बन्ध बनाइराख्नु, देवता सम्बन्धको प्रयोजन र वृष्टि, वृष्टिको आवश्यकता, अन्न-निष्पत्ति, अन्नको आवश्यकता प्राणीको पालन। अतः यो संसारका विविध प्राणीहरूको रक्षा पालन होओस् भनेर चारै वर्णमा यज्ञको अनुष्ठान आरम्भ गरेर संसारको व्यवस्था मिलाइदिनु भयो। यस विश्वको कल्याणका निम्ति मनुष्यबाट अनेक यज्ञहरू सम्पादित हुनथाले। हुन पनि सुयोग्य याज्ञिकहरूको सम्पूर्ण लोक-व्यवस्था राम्रो सपारेर छोडे। उस लोकमा पनि स्वर्ग वा अपवर्ग जे इच्छा गर्दथे, त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउँदथे। तिनीहरूमा रसोल्लास आदि अष्ट-सिद्धि इच्छित मात्रामा रहन्थे। परा-युगमा प्रत्येक मनुष्यको अन्तःकरणमा रसको उल्लास (हर्ष) स्वयं उत्पन्न हुन्थ्यो। त्यही सिद्धिलाई 'रसोल्लासिका सिद्धि' भन्दछन्। त्यो सिद्धि प्राप्त भएपछि कसैलाई पनि भोक-प्यासको कष्ट हुन पाउन्नथ्यो। दोस्रो सिद्धि 'तृप्ति' कहिन्छ। यो तृप्ति सिद्धि प्राप्त गरेपछि कुनै विषयसित सम्पर्क नभइकन पनि मनुष्यको हृदय सदैव तृप्तिको अनुभव गरिरहन्छ। अनि तृतीय सिद्धिको पनि मनुष्यको हृदय सदैव तृप्तिको अनुभव गरिरहन्छ। अनि तृतीय सिद्धिको नाम थियो 'धर्मोत्तम।' यसद्वारा मानिस उत्तम धर्मको पात्र हुन्थ्यो। अनि चौथो सिद्धिको नाम थियो 'तुल्यता'। त्यसैले सबैको रूप, आयुष्य र सुखमा समानता थियो। पाँचौ सिद्धिको नाम 'विशोका' थियो। यसको फल थियो सबल र शोक-चिन्ता नहुनु।

तपोध्यानादि नामको अर्को छैठौं सिद्धि थियो। त्यसको प्रभावले मनुष्य परमात्माको ध्यानमा निमग्न भएर आफ्नू तपोध्यान आदिमा सदैव तत्पर रहन्थे। 'कामचारिता' नामको सातौं सिद्धि थियो। यसको शक्तिले मानिस स्वेच्छानुसार जहाँ मन लाग्यो, त्यहीं डुल-फिर गर्न सक्दथ्यो। 'यत्रक्वचन शायित्व' नाम हो आठौं सिद्धिको। त्यो प्राप्त भएपछि मानिस जहाँ मन लाग्यो उहीं आनन्दले सुतिरहन सक्दथ्यो। यी यथेच्छ रहन्थे, कुनै पनि पीर-कष्ट थिएन। मुख्य कुरा, मन पवित्र थियो, राम्रा कर्म गर्दथे, त्यसैले स्वच्छ रहन्थे। फेरि शुद्ध र पवित्र मनमा नारायणको निवास रहन्छ भन्ने उक्तिअनुसार साक्षात् भगवान्‌को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दर्शन पाउँथे। अनि त्रेतायुगको प्रवेश भएपछि कालस्वरूप नारायणले थोरै सुख हुने, तुच्छ र डरलाग्दो दुष्कर्म वा पापको बीज अलिकति प्रजामा छरिदिए। त्यसैको दुष्प्रभावले प्रजामा सत्ययुगको जस्तो हर्षोल्लास आदि सिद्धि हुन छाडिदियो। बिस्तार-बिस्तार पापको अंश बढ्दै गयो। अलि-अलि भएका सिद्धिहरू पनि समाप्त हुँदै गए। अनि प्रजागण शीत-तापादि दुःख-कष्टले पीडित हुनलागे। त्यसै कारण ती कष्टबाट जोगिनलाई प्राकृत तथा कृत्रिम दुर्ग (किल्ला)हरू तयार पार्नलागे। नगर, शहर र खर्बट (पर्वतको फेदमा वा नदीको तटमा बसोबास गरेका स-साना ग्राम)हरू पनि तयार हुनथाले। अनेक थरिका दरवार, महल, प्रासाद, घरहरू बनाएर शीत-आतप बाधा शान्त पार्ने प्रयत्न पनि गर्नलागे। आवश्यकता अनुसार कला-कौशल, कृषि आदिको पनि विकास भएर गयो। ग्रामीण कृषक र अन्यान्यको अन्नको प्रयोग सहित विभाग बन्यो। उनीहरूको उत्पादनको प्रधान साधन यज्ञ नै निश्चित गरिएकोले यज्ञमा अन्नको उपयोग राम्रो मानिन्न लाग्यो। अन्नको बढी उत्पादनका निम्ति हुन गएका हिंसायुक्त पातक निवारणका लागि पञ्च-महायज्ञ हुनलागे। यज्ञ-प्रेमीहरूको श्रेणीं उच्च मानिन लाग्यो। यज्ञका विरोधीहरू लोक-संस्थानका लागि घातक सिद्ध हुनलागे। प्रजाहरूको चाला-माला राम्रै हुनाले प्रजापतिले स्थान र योग्यायोग्य गुण अनुसार नै सारा वर्णाश्रमको मर्यादा स्थापित गरिदिनुभयो। उत्तम प्रकारले धर्मको पालन गर्ने सज्जनहरूको लागि वर्णाश्रमको व्यवस्थानुसार नै निवास स्थानको प्रबन्ध हुनगयो। जस्तै-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुकर्म गर्ने ब्राह्मणका लागि प्राजापत्य स्थान जसलाई प्राजापत्य स्वर्ग भनेर मानियो, त्यही स्थान दिइने नियम बन्यो । त्यस्तै स्वधर्ममा अडिने क्षत्रिय संग्राममा वीरगति पाउनेका निम्ति ऐन्द्रस्थान अर्थात् माहेन्द्र स्वर्ग दिइने व्यवस्था भयो। फेरि स्वधर्मपालक वैश्यहरूका लागि मारुत-स्थान अर्थात् वायुलोकको व्यवस्था भयो । त्यस्तै आफ्नू धर्ममा रहने शूद्रलाई गन्धर्व लोकको व्यवस्था गरियो । ब्रह्मचर्य पालन गरेर जीवन बिताउने पुण्यात्मा जनलाई ऊर्ध्वरेता मुनिगणको स्थान, स्वधर्ममा रहने गृहस्थीलाई प्राजापत्य स्थान, वानप्रस्थीलाई सप्तर्षिहरूको स्थान र त्यागी योगीहरूका लागि आत्मसन्तुष्टि हुने अमृतपद अर्थात् ब्रह्मज्ञहरूले पाउने स्थानको व्यवस्था गरियो । स्वधर्म त्याग्ने, वेदको निन्दा गर्ने, यज्ञ विध्वंश पार्ने पामरहरूलाई तामिस्र, अन्धतामिस्र, रौरव, असिपत्रवन, कालसूत्र, संघात आदि अनेक यातनाहरू दिने स्थान पनि तयार गरियो ।

इति श्रीस्कन्दपुराणे केदार खण्डे माघमाहात्म्ये कुमार-अगस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां सर्गस्थिति वर्णनं नाम तृतीयोऽध्यायः ।। ३ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्थोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! जति कुरा मैले सुनाएँ, त्यो कुरा असंख्य छ। तिमीलाई संक्षेपमा मात्र सुनाएको हुँ। अब महादेवकी स्त्री सतीदेवी मर्नाले उत्पात भएको कुरा भन्दछु, सुन। यति कुमारले आज्ञा गरेको सुनी अगस्त्य मुनि विन्ती गर्दछन्- हे कुमार! सतीदेवी महादेवकी स्त्री कसरी भइन् ! तिनको मृत्यु कसरी भयो ? के-के उत्पात भए, त्यो आज्ञा गर्नुहवस्। यति अगस्त्य मुनिले भनेको सुनेर कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! एक चित्त भएर सुन। अष्ट प्रजापति भनी आठ प्रजापति थिए। तिनमा दक्षप्रजापति सबैमा श्रेष्ठ थिए। तिनकी विरणी नाम गरेकी पत्नी थिइन्। ती विरणी गर्भिणी भइन् र मास पूर्ण भएपछि कन्या जन्मिइन्। कस्ती कन्या भने- हजार सूर्यको जस्तै तेज भएकी, पूर्णचन्द्र जस्तै अनुहार भएकी, बत्तीस लक्षणले युक्त भएकी, पद्म-पत्र जस्ता नेत्र भएकी, बाघको झैं कम्मर भएकी, रक्तवर्ण अरुण उदय भए जस्ती यस्ती परम सुन्दरी पुत्री जन्मेकी देखेर दक्ष प्रजापतिले मनमा आनन्द मानी आफ्ना प्रोहित वसिष्ठ प्रभृति ऋषि ज्योतिषीहरूलाई डाकेर विधिपूर्वक न्वारान गराए। वसिष्ठ प्रभृति ऋषि ज्योतिषीहरूले ज्योतिष शास्त्रमा विचार गरेर भने- 'हे दक्षप्रजापति! यस बालिकाको नाम 'सतीदेवी' भनी त्रिभुवनमा प्रख्यात हुनेछ।' भनी सतीदेवी नाम राखे। अनि दक्षप्रजापतिले श्रद्धापूर्वक दक्षिणा दिई, भोजन गराई विदा दिए र तिनीहरू आफ्ना-आफ्ना आश्रममा जाँदा भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनी ! यस्नै प्रकारले दक्ष प्रजापतिकी स्त्री विरणीका गर्भबाट तेत्तीस कोटि कन्या जन्मिए। ती तेत्तीसकोटि कन्यालाई दक्षप्रजापति र विरणीले यथायोग्य हित गरेर पाली राखे। फेरि अगस्त्य मुनिले सोधे- हे कुमार ! दक्ष प्रजापतिका तेत्तीस कोटि कन्या कस्ता प्रकारले विवाह गरे? त्यो सुन्ने इच्छा छ, विस्तारपूर्वक आज्ञा गर्नुहवस्। त्यति मुनिको प्रश्न सुनी कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! स्वर्गका सम्पूर्ण देवता, ऋषि, मुनि, यक्ष, गन्धर्व, किन्नर, अष्टवसु, दस दिक्पाल प्रभृति सवै बसेर सभा गरी भने- हामीहरूका स्त्री छैनन्। स्त्री नभई घर-गृहस्थी हुन सक्तैन। दक्षप्रजापतिका तेत्तीस कोटि कन्या छन्। तिनै कन्याहरू मागेर हामीहरू विवाह गरौं। अबती कन्या माग्न दक्षप्रजापतिकहाँ कसलाई पठाउने भनी सबैले सल्लाह गरी-यो काम गर्नसक्ने नारद-ऋषि छन् भनी उनलाई डाकेर भने- 'हे नारद मुनि! तिमी दक्षप्रजापितकहाँ गई उनका कन्या हामीहरूलाई दिन्छन् कि मागी आऊ।' यति देवताहरूको वचन सुनी नारद मुनि 'लौ हुन्छ' भनी दक्षप्रजापतिका घर गए। दक्ष-प्रजापतिले भेटी शिष्टाचार गरेर- हे नारदजी ! के कामले आउनुभयो?' भनी सोधे। नारदजीले पनि आफूलाई देवताहरूले पठाएको कुरा सम्पूर्ण वृत्तान्त भने- 'तिम्रा तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवताहरूलाई देऊ।' यति नारद मुनिले भनेको सुनी दक्षप्रजापति प्रसन्न भएर- 'हे नारद मुनि! भलो भन्यौ, म धन्य रहेछु। मेरा तेत्तीस कोटि कन्या देवताहरूलाई तिम्रा यस अमृतरूपी वचनले गरी दिएँ। जेठी सतीदेवी मात्र दिने छैन, किनकि मेरा पुत्र छैनन्। सम्पत्तिको रक्षा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसले गरिदेला ? अरु तेत्तीस कोटि कन्या देवताहरू जहिले भन्नन् र तिमी जस-जसलाई जुन-जुन कन्या दिन भन्नेछौ, उही-उही देवतालाई त्यही-त्यही कन्या दिनेछु। अब तिमी देवताहरूकहाँ जाऊ र विवाहको दिन ठहराई पठाऊ।' यति भनी नाना उपचारले पूजा गरे। यति दक्षप्रजापतिले भनेपछि नारद मुनिले 'अब म जान्छु' भनी दक्षप्रजापतिसित विदा मागी स्वर्ग गए। देवताहरूकहाँ पुगेर दक्षप्रजापतिसित भएको वृत्तान्त वर्णन गरेर सुनाए। सतीदेवी बाहेक दक्षप्रजापतिका तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवतालाई दिने भए, अब विवाहको दिन ठहराई पठाओ। यति नारद मुनिले भनेको सुनी देवताहरू प्रसन्न भएर धन्य नारद मुनि ! भनी विवाहको सामग्री तयार पारी दक्षप्रजापतिका घर गए। दक्ष प्रजापतिले देवताहरू आएका देखेर मनमा आनन्द मानी नाना मङ्गल-यात्रा गरी आफ्ना मर्यादाले यौटी सतीदेवी वाहेक तेत्तीस कोटि कन्याहरू तेत्तीस कोटि देवतालाई कन्यादान दिए। देवताहरूले कन्यादान पाएर आफ्नी-आफ्नी पत्नी लिई आफ्ना-आफ्ना आश्रममा गए।

यो सम्पूर्ण वृत्तान्त कैलास पर्वतमा रहेका महादेवले चाल पाएर यी देवताहरूले मसित एक वचन पनि नसोधी, मलाई बाहेक पारी आफू-आफूले मात्र कन्यादान लिए छन्। कैलासको अधिपति भएर मेरी स्त्री छैनन्, अब मलाई कसले कन्या देला भनी ध्यान-दृष्टिले विचार गरेर हेर्दा दक्षप्रजापतिका तेत्तीस कोटि कन्यामा सबैभन्दा जेठी सतीदेवी रहेकी रहिछन्। देवताहरूले मेरो मर्यादा राखेका रहेछन्। अब ती कन्या माग्न कसलाई पठाऊँ, आफैं जान्छु भनी दक्षप्रजापतिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घर गए। दक्षप्रजापतिले महादेव आएको परैबाट देखेर विरणीलाई भने- हे स्त्री ! त्यो आउन लागेको महादेव आएको परैबाट देखेर विरणीलाई भने- हे स्त्री ! त्यो आउन लागेको महादेव हो, के भन्न आयो ? भनी विरणीसित कुरा गरिरहँदा महादेवले दक्षप्रजापतिको घरमुनि पुगी बोलाए। दक्ष प्रजापतिले झ्यालमा निस्की 'माथि आइज' भनी डाके। अनि- 'हे महादेव ! तँ मेरा घरमा के कामले आइस् ?' भनी हेलाँसित भने र महादेव आज्ञा गर्नुहुन्छ- हे दक्षप्रजापति ! तिम्रो घरमा आउने मेरो अरु केही काम थिएन, तिमीले कृपा गर्नाले तेत्तीस कोटि देवताहरूले कन्यादान पाई उद्धार भए। सतीदेवी रहेकी छन् म योग्य पनि छु, ती कन्या मलाई कृपा गर। यति महादेवले आज्ञा गरेको सुनी दक्षप्रजापति क्रोधित भई भने- हे पापिष्ट महादेव! मेरी कन्या सतीदेवी तँयोग्य कसो गरी होली ! तँ कस्तो भने- शरीरमा खरानी घसी, सर्पको गहना लगाई, बाघको छाला ओढी, डमरू, त्रिशूल हातमा लिई, बूढो गोरुमा चढेर हिंड्ने तथा मसानमा वास गर्ने, विष-भाङ-धतुरो खाने, दिगम्बर, देख्तैमा पनि अयोग्य यस्तो तैंले मेरो मुख्याञ्जी आई यस्तो कुरा गरिस्। जा ! मेरो घरमा बस्नु पर्दैन भनी पाखुरामा समाती उठाइदिए। महादेवले यस्ता प्रकारसित दक्षप्रजापतिले आफूलाई निन्दा गरी क्षुद्र वचन बोलेको सुनी सान्है चित्त दुखाई बाहिर आएर 'नदिने भए दिन्न' भने भइजाने थियो, त्यस्तो निन्दा गर्नु पर्दैनथ्यो। अब कता जाऊँ, कसले ती कन्या मलाई पारिदेला भनी वैकुण्ठनाथ विष्णु भगवान्कहाँ पुग्नुभयो। विष्णुले श्रीमहादेव आउनु भएको देखी आसनबाट झट्ट उठी आदरपूर्वक स्वच्छ आसनमा बसाली-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२

'आज के कामले परिश्रम गर्नु भयो ?' भनी सोधे र विष्णुको प्रश्न सुनी महादेवले- 'हे विष्णु !' भनी आफूले सतीदेवी माग्न गएको कुरा र दक्षप्रजापतिले नाना तरहले निन्दा गरेका कुरा सारा वृत्तान्त सुनाउनु भयो। मेरा स्त्री छैनन्, त्यसै कारण मेरो घर पनि छैन। यति कुरा गर्न भनी आएँ। अब जसरी ती कन्या मेरी हुनेछन्, त्यसै गर भन्नुभयो। यति महादेवले आज्ञा भएको सुनी विष्णुले भन्नुभयो- हे ईश्वर ! यो काम म पार लगाउँला, सन्देह नगरिबक्सियोस्। म दक्षप्रजापतिकहाँ जान्छु। म न आउञ्जेल हजुर यहीं राज गर्नुहोला। यति भनी महादेवलाई पर्खाई आफू दक्षप्रजापतिका घर पुग्नुभयो। दक्ष प्रजापतिले विष्णु आएको देखी माथि डाकेर आदरपूर्वक आसनमा बसाली- हे विष्णु ! आज मेरो घर किन पवित्र गर्नु भयो ? आज्ञा हवस् भनी सोधे र विष्णु आज्ञा गर्नुहुन्छ- हे दक्षप्रजापति! केही माग्न भनी आएको हुँ। तिमीले दिने भए मात्र माग्दछु भने। अनि दक्षप्रजापति भन्दछन्- हे विष्णु ! आज्ञा गर, तिमीले मागे पछि जेसुकै मागे पनि म अवश्य दिनेछु। यति दक्षप्रजापतिले भनेपछि विष्णु आज्ञा गर्नुहुन्छ- 'हे दक्षप्रजापति ! वैकुण्ठको अधिपति भएर पनि मेरा स्त्री छैनन्। तिमीले कृपा गर्नाले तेत्तीस कोटि देवताले कन्या पाई उद्धार भए, अब सतीदेवी रहेकी छन्, ती कन्या मलाई कृपा गर।' यति विष्णुले आज्ञा गरेको सुनी दक्षप्रजापतिले मनमा विषाद गरेर भने- हे विष्णु ! मेरा पुत्र छैनन्, सम्पत्तिको रक्षा गर्न राखेको, दिनु त योग्य थिएन, के गरूँ, मैले वाचामा हारें दिनु पऱ्यो, ती कन्या तिम्री भइन्। सुदिन ठहराई कन्यादान लेऊ। यति दक्षप्रजापतिले भनेको सुनी विष्णुले 'लौ हुन्छ' भनी वैकुण्ठ गए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णु आएको देखेर महादेवले- हे विष्णु ! तिमी गएको काम कसो भयो ? भनी सोध्नुभयो र विष्णु विन्ती गर्दछन्- हे ईश्वर ! म गएको काम पुग्ला भनेजस्तो भयो, तर मलाई भनी मागेर आएँ। अतः अब हजुरले वृद्ध संन्यासीको रूप धारण गरी कन्यादान दिने स्थानमा भिक्षा माग्न आउनु। अनि मलाई भिक्षा नदिई कन्यादान लिए पनि, कन्यादान दिए पनि श्राप दिनेछु, मलाई भिक्षादेऊ भन्नू। अनि मैले- हे संन्यासी! मेरो वेला बित्न लाग्यो, कन्यादान सकिएपछि भिक्षा दिउँला, सराप नगर, बरु यहाँ आएर बस, भनी म बसेको ठाउँमा बसालिराख्नेछु। अनि दक्षप्रजापतिले कन्यादान दिंदा उसको आँखा छली हजुरको हातमा पारिदिउँला। यो दिन यस वेलामा आउनु होला भनी दक्षप्रजापतिसित भएका सबै कुराको वृत्तान्त सुनाउनु भयो। विष्णुको यति वचन सुनेर महादेवले 'लौ हुन्छ' भनी प्रसन्न मनले कैलास पर्वत जाँदा भए।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि कन्यादानको दिन भयो र महादेव आउनु हुनेछ भनी विष्णु दक्षप्रजापितको घर जानुभयो। दक्षप्रजापतिले सम्पूर्ण सामग्री तयार पारी यज्ञ गराई सारा विधि सकेर कन्यादान दिन तयार भए। उता महादेवले विष-भाङ धतूरो खाई मातिईकन दक्षप्रजापतिको घर जान बिर्सिरहनु भयो। अनि उता विष्णुले महादेव भने आउनु भएन, कन्यादानको वेला भयो, मेरो हातमा थापूँ भने महादेवलाई हुँदैन, अब के गरुँ भनी चित्त व्याकुल गरिरहे। त्यसपछि महादेवले सम्झेर कन्यादान दिने दिन आजै हो, विष्णु गइसके होलान्, वेला पनि भयो होला- इत्यादि तर्क गरी तत्काल वृद्ध संन्यासीको रूपधारी दक्षको घरमा पुगेर- 'हे विष्णु! हे दक्ष-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रजापति ! म अति टाढाबाट आएँ, भोक पनि लागिरहेछ, मलाई भिक्षा नदिई कन्यादान लिए पनि दिए पनि सराप गर्नेछु।' भने। यति संन्यासी रूप भएका महादेवबाट आज्ञा भएपछि विष्णुले भने- 'हे भिक्षुक ! मेरो वेला बित्न लाग्यो, कन्यादान भइसकेपछि तिमीलाई भिक्षा दिउँला, अहिले म भएका ठाउँमा आएर बस।' भनी आफू बसेको सिंहासनमा बसाले।

महादेव कस्तो वेलामा त्यहाँ पुग्नुभयो भने विरणीले सुनको कमण्डलुले धारा दिई दक्षप्रजापतिले सतीदेवीको हात समाती विष्णुका हातमा सुम्पन लागेको यस्ता वेलामा पुग्न गएर विष्णुले आफ्नू मायाले छोपी, दक्षप्रजापतिका आँखा छली सतीदेवीको हात संन्यासीरूप महादेवको हातमा पारिदिनु भयो। त्यो देखेर दक्षप्रजापतिले ठूलो विषाद गरी- 'हे विष्णु ! तिमी कपटी रहेछौ, तिम्रो विश्वासमा पर्दा मेरी पुत्री सतीदेवी आज यो अवस्थामा परी भने।

श्रीविष्णुले छल गरी सतीदेवीको हात शिवजीको हातमा पारिदिएको

यति दक्षप्रजापतिले भनेको सुनी केही उत्तर नदिई सतीदेवीको हात संन्यासी रूप महादेवको हातमा पारिदिई- 'अब म जान्छु' भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संन्यासी रूप महादेवसित विदा भएर विष्णु वैकुण्ठ जानुभयो। विष्णु गएपछि दक्षप्रजापतिले सतीदेवीसित भने- 'हे पुत्री सती देवी ! पापिष्ट विष्णुको छलमा परेर यस्तो भयो। वृद्ध संन्यासी स्वामी पाइस्, तापनि मनमा सन्देह नगर्नु, हामी छौं, तँलाई हामी पालौंला, अहिले त्यसैका संग जा !' यति आफ्ना पिता दक्षप्रजापतिले भनेको सुनी तथा बहिनी-हरूले देवता स्वामी पाएको सम्झी सतीदेवीले धिक्कार रहिछु भनी मनमा विषाद गरेर रुन लागिन्। फेरि मेरो कर्ममा यस्तै लेखेको रहेछ, अब रोएर के गरूँ, कस्तै भए पनि मेरा बाबा-महतारीले दिएका मेरा स्वामी पनि यिनै हुन् भनेर धैर्य गरिन्। त्यहाँ पछि संन्यासीरूप महादेवले सतीदेवीसित भन्नुभयो- हे स्त्री ! अब यहाँ बसेर के गर्नु, आफ्नू घर जाऔं। तिम्रा वाबा-महतारीसित विदा होऊ। यति आफ्ना स्वामीले आज्ञा गरेको सुनी सतीदेवीले 'हवस्' भनी दक्षप्रजापति र विरणी भएठाउँ गई- 'हे माता-पिता ! म आफ्ना स्वामीसित जान्छु' भनी विदा मागिन्। दक्ष प्रजापति र विरणीले मनमा धैर्य गरी 'जा' भनी बिदा दिए र सतीदेवीले प्रणाम गरी बिदा भइ संन्यासीरूप महादेवका अघिलागी गइन्। बाटामा जाँदा संन्यासीरूप महादेव आज्ञा गर्नुहुन्छ- 'हे सुन्दरी ! कहिल्यै घरबाट ननिस्केकी, सुखमा रहेकी यस्ती कोमल भएकी तिमीलाई हिंड्दा परिश्रम होला, सुस्त-सुस्त हिंड भनी आज्ञा गरेको सुनी सतीदेवी भन्दछिन्- हे स्वामी ! म ता हिंड्न सक्नेछु, हजुरको वृद्ध अवस्था भएको छ, परिश्रम हुन जाला सुस्त-सुस्त हिंडिबक्सनु हवस्, भनी यस्तै परस्पर प्रेमका कुरा गर्दै दुवै दम्पत्ति गइरहेका थिए। सतीदेवीले आफ्ना स्वामीको वृद्ध अवस्था देखी यी वृद्धावस्था भएका म यस्ती युवती मेरा स्वामीलाई कसैले केही गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मलाई हरण गरेर लैजानन् कि भनी मनमा साह्रै चिन्तना गरी एक छिन पनि नछाडी पछिलाग्दै गइन्।

जाँदा-जाँदा कैलास पर्वतको फेदीमा पुगे। अनि संन्यासीरूप महादेवले सतीदेवीको चरित्र हेर्ने इच्छाले कैलास पर्वतको टाकुरामा यौटा खरले तुल्याएको घर उत्पत्ति गरी भने- 'हे स्त्री ! हाम्रो घर त्यही हो, आइपुग्यो' भनी देखाए। त्यो घरको आँगनमा पुगेर- 'तिमी भित्र जाऊ, भोक मेट। मलाई परिश्रम भयो, म एक छिन सुत्तछु।' यति भनी विष-भाङ धतूरो खाई बाहिर सुते।

सतीदेवीले त्यो खरको झुप्रो देखेर आफ्ना बाबा दक्षप्रजापतिको घर सम्झी-म त्यस्ता सुवर्णका घरमा बसेकी, आज यस्तो खरको घरमा बस्नुपऱ्यो भनी बहुतै विषाद गरी आँखाबाट आँसू खसालिन्। फेरि मेरो कर्मले यस्तै पारिल्यायो, के गरूँ भनी मन बुझाई पछ्यौराको छेउले आँसू पुछी घरभित्र पसेर हेर्दा सबै ठाउँमा माकुराको जालो र कसिंगर मात्र देखिन्। त्यसलाई कुचोले बढारेर कसिंगर मिल्काइन्। फेरि स्वामी जागा हुनन्, के खान दिउँला भनी खानेकुरो हेर्नगइन्, केही पाइनन् र चित्त आकुल गरी संन्यासीरूप श्रीमहादेव सुतेका ठाउँमा आई गोडामुनि बसिरहिन्। तब चार दिन बितेपछि महादेव जागा हुनुभयो र सतीदेवीको मुख हेरी भन्नलाग्नुभयो- 'हे पापिनी स्त्री ! मलाई एक्लै बाहिर सुताई आफू भित्र सुतिस्, त्यसो गरे तापनि तँलाई केही खानु पर्दैनथ्यो ? केही खाइस् कि खाइनस् ?' भनी नाना तरहले रिसाउन लागेको देखेर सतीदेवीले हँसिलो मुख गरी संन्यासीरूप महादेवको मुख हेरी- 'हे स्वामी ! हजूरलाई साह्रै निद्रा परेको देखेर जागा गराउन सकिन, म पनि सुतेकी छैन, यहाँ आएर बसिरहेकी छु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले ता भण्डारमा जे भएको मिठाई इत्यादि खाएँ, अब हजुर के खानु हुन्छ?' भनिन् ।

आफूले रिसाएर बोल्दा पनि हँसिलो मुख पारेर अत्यन्त मीठो र मधुरो बोली बोलेको सुनेर महादेवलाई दया लाग्यो र यहाँ के थियो र खाइहोली भनी करुणामूर्ति संन्यासीरूप महादेवलाई अति करूणा भयो र भने- 'हे प्रिये! हाम्रो घर यो होइन, त्यो खरको भित्ता च्याती भित्र गएर हेर ।' अनि सतीदेवीले भनिन्- 'हे स्वामी! भएको घर नाशी नभएको हेर्न म कहाँ जाऊँ ! फेरि बनाउनु परे हजूर वृद्ध अवस्था भएको, म स्त्रीजाति, कसले बनाइ देला !' यति सतीदेवीले भनेको वचन सुनी संन्यासीरूप महादेव उठेर खरको भित्तामा लात्तले हामी मिल्काएर कैलासको दर्शन दिनुभयो। मणि-माणिक्य, नाना रत्नले जडाउ गरेको, सुवर्णले बनाइएको त्यस्तो प्रासाद भन्दा पनि राम्रो घर देखेर सतीदेवी प्रसन्न भइ मेरा बाबा दक्ष प्रजापतिको घरभन्दा पनि अति सुन्दर यो घर कसको होला भनिठानिन् र संन्यासीरूप महादेवले सतीदेवीलाई आफ्नू दिव्यरूप दर्शन दिनलाई चोकमा डाकेर लगेर हे स्त्री ! चोकको माझमा गाईको गोबरले मण्डलाकार गरी पोतिदेऊ भन्नुभयो। सतीदेवीले 'हवस्' भनेर पोतिदिइन्। संन्यासीरूप महादेव त्यही पोतेको ठाउँमा गई निर्मल स्फटिकका जस्तो वर्ण भएर विश्वम्भर मूर्तिको दर्शन दिनुभयो। तब सतीदेवीले मनमा आनन्द मानी आँखाबाट हर्षका आँसू बगाई म धन्य रहिछु, जगदीश्वर श्रीमहादेव स्वामी पाएँ भनी फूलको माला गलामा पहिराई तीन परिक्रमा गरिन् र त्यहाँपछि ती दुवै शिव-शक्ति स्वरूपले रहँदा भए।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघमाहान्म्ये कुमारागस्त्य संवादे श्री स्वस्थानी परमेश्वर्या व्रतकथायां सतीदेवी पतिगृह गमन वर्णनं नाम चतुर्थोऽध्याय: ।। ४ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! दक्षप्रजापतिले आफ्ना तेत्तीस कोटि कन्या तेत्तीस देवतालाई कन्यादान दिएर सबैलाई ज्वाइँ तुल्याई रहेको र विष्णु भगवानको छलले सतीदेवीलाई श्री महादेवले विवाह गर्नुभएको र कैलास गएको वेलामा लोकहितार्थ देखाउनु भएको विचित्र लीला र सतीदेवीले महादेवको दिव्य स्वरूप र अलौकिक कैलास-भवन देखेर प्रसन्न भएको कुरा संक्षेपमा सुनाइसकें। अब तिमीलाई के सुन्ने इच्छा छ भन- म सुनाउनेछु। यति कुमारले भनेपछि अगस्त्य मुनि बिन्ती गर्दछन्- हे कुमार ! त्रिपुर भनेका कुन-कुन हुन्। श्रीमहादेवले ती सबैलाई कसरी मार्नुभयो? अघि जब वराहरूपी भगवान विष्णुले हिरण्याक्षलाई मार्नुभयो, तब सम्पूर्ण दानवहरू अति दुःखी भइ विषाद गर्नलागे। अनि 'मय' नाम भएको दैत्यले मनमा बडो खेद गरी विचार गर्नलाग्यो- कामदेव नहुँदा रति जस्ती चिन्तित भइन् त्यस्तै त्यो दैत्यको राजा मय त्यस बखत चिन्ताग्रस्त भयो। अनि व्यर्थ चिन्ता गरेर मनोरथ पूर्ण हुने होइन, इच्छा पूर्ण पार्न त परिश्रम गर्नुपर्दछ भन्ने विचार गरी अन्य दुइ दैत्य तारक र विद्युन्माली नामका आफ्ना साथीलाई समेत लिई त्यो मयले ठूलो अघोरको तपस्या गर्नलाग्यो। ती तीनजना दैत्य माघपूसको जाडोमा हिमालयमा गएर बस्तथे। जेठ-वैशाखको धाममा मरुभूमिमा गएर पञ्चाग्नि तापी तपस्या गर्दथे। वर्षाकालमा छानो नभएको चउरमा बसी तपस्या गर्दथे। यस्तै प्रकारले तपस्या गर्दा-गर्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिनीहरूले दिव्य दस हजार वर्ष बिताए। अब ती दैत्यका देहमा केवल हाड र छाला मात्र बाँकी रह्यो। फेरि ठूला सुखबाट पनि च्युत भए, तैपनि सूर्य समान तेजस्वी देखिन लागे र तिनको कठोर तपस्या देखेर ब्रह्माजी प्रसन्न भइ ती तीनै जनाका अगाडि गएर प्रकट भइ भन्नुभयो- 'हे दैत्यमा श्रेष्ठ भएका दानववीर हो! तिमीहरूको तपस्या देखेर म प्रसन्न भएँ, अब तिमीहरूका मनमा जे इच्छा छ सो वर माग म दिन्छु।' यति ब्रह्माजीको आज्ञा सुनेर तिनीहरूले ब्रह्माजीलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी केवल घुँडाले मात्र भूमि स्पर्श गरी दुवै हात जोरी विन्ती गरे- 'हे ब्रह्माजी! यदि हजूर हामीदेखि प्रसन्न हुनुहुन्छ भने हामीलाई अवध्यत्व वरदान दिनुहोस्। बल पराक्रम पनि ठूलो होस्, अनि विमान समान आकाशमा म जो तीन पुर बनाउने छु, त्यसमा कुनै पनि मनुष्यको गति नहोस्। जस्तो रीतिले हाम्रो मृत्यु नहोस्, हामी ठूला बलवान् र पराक्रमी होऔं, उही वरदान प्रदान गर्नुहवस्।' यस्ता तरहले अवध्यत्व वरदान मागेको सुनी ब्रह्माजी भन्नुहुन्छ- 'हे दानव हो ! त्यस्तो अवध्यत्व वरदान दिन म असमर्थ छु, मृत्युको अवकाश राखेर अर्को वर माग म अवश्य दिनेछु, यसमा अन्यथा नमान।' यसरी ब्रह्माजीले आज्ञा भएको सुनी मय दैत्य फेरि भन्दछ- 'हे प्रभो ! मैले अघि बिन्ती गरे जति सबैं कुरा होओस्। मृत्युको विषयमा मैले बनाएका ती तीनै पुर जब पूर्ण दस हजार वर्ष पुग्ला केवल एक निमेषका लागि मात्र एक सरल ऊर्ध्व रेखामा तल-माथि भएर रहने छन्, त्यस आधा निमेषभित्र जो एक बाणले ती तीन पुरलाई नाश गरोस्, त्यही वीर मात्र हामीलाई मार्नमा समर्थ होओस्।' यस्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३ प्रकारको त्यो मय दानवको वचन सुनी 'तथास्तु' भनी ब्रह्माजी सत्यलोकतिर जानुभयो। अनि त्यस मय नाम दानवले पनि सारा जगत् नाश गर्नाका लागि आदि कल्पमा तीन पुरको रचना गरेको थियो। ती तीन पुरमा पहिलो पुरचाहिं फलामको तयार गरायो। अनि अर्कोचाहिं चाँदीको बनायो र तेस्रो पुर सुनको बनायो। ती तीन पुर चन्द्रमाका किरण लाग्नाले अति शीतल भएका, स्थान-स्थानमा आँखी-झ्यालहरू बनेका, घरका अटालीहरू पनि अग्ला र राम्रा बनेका, आँगनहरू झन् राम्रा-राम्रा ढुङ्गाहरूले छापेका। स्थान-स्थानमा सुवर्ण-मण्डित उत्तम पुर-द्वारहरू पनि तयार गराएका, स्थान-स्थानमा मणि-माणिक्य मोतिहरू राखिएका बिजुलीको प्रकाश समान रत्नहरूको तेज चारैतिर फैलिएको, चित्र-विचित्र हीरा-मोती, पन्नाहरू जडेको, वायुको वेग लाग्नाले फरफराएका ध्वजा-पताकाहरूले शोभायमान भएका घरका पंक्तिहरू, रत्नसमूहका जडाऊ भइ शोभायमान भएका मार्गहरू, सिंगारेर अति राम्रा तयार पारिएका घरहरू, विमानरूप पुरहरू र लाखौं अमूल्य रत्नहरूले शोभायमान हजारौं बाग-बघैंचा बनाई त्यसमा बिरूवाहरू पनि राम्रा-राम्रा षट्-ऋतुका फल लागेका र फूलहरू फुलेका उत्पन्न गरायो। तलाउ पनि हजारौं प्रकारका कमलहरूका फूल फुली शोभायमान भएका तयार गरायो। यस्ता प्रकारले ती त्रिपुरका दैत्यहरूका घर सबै प्रकारले शोभायमान भएका तयार भए। फेरि अनेक थरिका मयूर, शुक तथा अन्यान्य प्रकारका सुन्दर एवं उत्तम पक्षिहरूले संयुक्त भएको र पुरुषहरूका नङ लाग्नाले जसका पयोधर (स्तन) का बाटुला घेरामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्ध-चन्द्राकार घाउ लागेका, सुनका कलश झैं कुच मण्डल भएका र वारुणी मदिराले लाल भएका नेत्र तथा लज्जाले ईषत् हास्य गर्ने भएका तथा जसका नेत्र लोलिएका छन्, यस्ता दिव्य सुन्दरी स्त्रीहरूले व्याप्त भएको त्यो त्रिपुर मानो इन्द्रको नन्दन-काननभन्दा पनि उत्तम देखिन लाग्यो। ती तीन पुरमा जुन लौहको पुर मयले बनाउन लगाएको थियो, त्यो तारकाख्य दैत्यलाई दियो।[१] अर्को जो चाँदीको पुर थियो, त्यो विद्युन्माली दैत्यलाई दियो। अर्को जो सुवर्णले बनेको अति उत्तम पुर थियो, त्यो मयले आफूलाई भनेर लियो।

ती तीनै पुर दैत्यपतिहरूका मन्त्रीवर्ग, भृत्यवर्ग र सेना तथा प्रजाहरूले सम्पन्न र शोभायमान भए। त्यो दैत्यराज पनि आफ्ना सम्पूर्ण शत्रुहरूका सेनालाई जिनेर ब्राह्मणवर्ग र सेवकगण सहित भएर अनेक सुन्दरी स्त्रीहरूलाई साथमा लिएर सुखपूर्वक रहँदा अनेक सुखभोग प्राप्त गर्नलागे। अनि तिनले तीनलोकको आनन्दलाई ध्वंस गर्नलागे। बर्ता अहङ्कार र दर्पमा प्राप्त भएर सम्पूर्ण देवताहरूलाई जितिलियौं भन्ने मनमा ठान्नलागे। उनीहरूलाई मार्नलागे। तिनका उद्यान (बगैचा) का वृक्ष र बिरूवाहरू उखेल्न लगाई लिएर आए। तिनका स्त्री, कन्याहरू पनि उडाउन लाज मानेनन्। आफूहरू चाहिं स्वर्गका अप्सराहरू ल्याएर तिनका साथ रमण गर्दथे। यस्ता प्रकारले

दैत्यालयं तच्छुशुभे तथैव प्रवृत्तकेकीविहगैर्महद्भिः।
तत्पुन्नखाभिन्नपयोधराभिराकीर्णरक्तान्तविलोचनाभिः ॥
सव्रीडमीषच्चपलेक्षणाभिर्योषिद्भिराकीर्णमतीव रेजे।
लौहं पुरं चाऽथमयश्चकार तत्तारकाख्याय ददौ मयश्च ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूलाई दुःख दिंदा-दिंदा धेरै काल व्यतीत भयो र ती दैत्यहरूदेखि इन्द्रादि देवता अति क्रोधित भएर ब्रह्माजीका सामु पुगी ती त्रिपुरवासी दैत्यहरूको सम्पूर्ण उपद्रव विस्तारपूर्वक सुनाए। अनि ब्रह्माजीले समस्त देवताहरूलाई शान्त तुल्याई आज्ञा गर्नु भयो- 'हे देवगण हो ! त्रिपुरासुर दैत्यहरू बडा बलवान् छन्, तिमीहरू तिनको नाश गर्न समर्थ छैनौ। अतः नारायण आदि समस्त देवता श्रीमहादेवको शरणमा जाऔं उनै महादेव हाम्रा गति छन्, उनै महादेव हामीहरूका वैरी ती दैत्यहरूलाई नाश गर्न समर्थ छन्। यस प्रकारको ब्रह्माजीको आज्ञा सुनेर 'हवस्' भनी ब्रह्मा, इन्द्र, सूर्य, चन्द्र, वायु, वरुण, अग्नि आदि सबैले ब्रह्माजीलाई अघि लगाई कैलास गएर महादेवको दर्शन पाई अनेक प्रकारले भक्तिभावपूर्वक स्तुति गरे। महादेवले देवताहरूको स्तुतिबाट प्रसन्न भएका देवताहरूका मनको इच्छा जानेर आज्ञा गर्नु भयो- हे देवता हो ! जे इच्छा छ, सो वर माग; तिमीहरूको स्तुतिले

(त्रिपुरासुर दैत्यले दुःख दिएका देवताहरूले श्रीमहादेवको स्तुति गरेका)

म प्रसन्न भएँ। फेरि मेरो निम्ति अदेय (दिन नसक्ने) वस्तु संसारमा केही पनि छैन। महादेवले यस्तो आज्ञा भएको सुनी सम्पूर्ण देवताहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिन्ती गर्दछन्- हे प्रभो ! ब्रह्माजीको वरदानले उन्मत्त भएका मय आदि गरिएका दैत्यहरूले हाम्रा उर्वशी आदि गरिएका अप्सराहरूलाई पनि लुटेर लगे। उपवनका सम्पूर्ण राम्रा-राम्रा फल-फूलका बिरुवाहरू पनि लुटी सारा उद्यान (बगैंचा)हरू पनि नष्ट-भ्रष्ट पारिदिए। सबै देवतालाई नाश गर भन्दै हामिलाई कष्ट दिन्छन्। हे भगवन्! ती दैत्यको संहार गर्न ब्रह्मा पनि समर्थ छैनन् र विष्णु पनि समर्थ छैनन्। अतः भगवन् ! जे जस्तो गरेर देवताहरूको जय कल्याण हुन्छ, सोही वरदान बक्सनु हवस् भनी अनेक प्रकारले स्तुति-प्रार्थना गरिएका महादेवजी प्रसन्न देवताहरूलाई सान्त्वना दिएर आज्ञा गर्नुभयो- हे देवगण हो ! तपाईहरूले एक-एक अंश धारण गरेर रूद्र तेजोमय रूप भइ ती दानवहरूको नाश गर्नुहवस्। यति महादेवको आज्ञा सुनेर देवताहरू फेरि बिन्ती गर्दछन्- हे भगवन्! हामी हजूरका तेजको सहस्रांशको एक अंश पनि धारण गर्न असमर्थ छौं। माहेश्वर तेज धारण गर्न त परै रहोस् हेर्न पनि हामीहरूको सामर्थ्य पुग्दैन। हे भगवन्! हामीहरू प्रति प्रसन्न हुनुहोस्। हामीले केही गरे पनि ती दैत्यलाई जित्न सकेनौं। हे विश्वम्भर! हजुर स्वयं त्रिपुरासुरलाई मारिबक्सनु हवस्। ती दैत्यलाई ब्रह्माको वरदान प्राप्त भएको छ- दिव्य दस हजार वर्ष बितेपछि ती तीनै पुरको केवल आधा निमेषसम्म मिलन हुनेछ। त्यही आधा निमेष भित्र नै एक बाणले जो त्रिपुर भस्म पार्ला त्यसैबाट तिमीहरूको मृत्यु होला, अन्यथा कुनै प्रकारले पनि तिमीहरूको मृत्यु हुनेछैन। ब्रह्माबाट यस्तो वरदान पाइसकेका दैत्यहरूको नाश गर्ने हाम्रो शक्ति छैन। अतः हे प्रभो ! हामी उपर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न हुनुहवस्। त्यस त्रिपुरासुरको संहार गरिबक्सनु हवस्। यस्ता प्रकारले स्तुति गर्ने र खिन्न मन भएका देवताहरूलाई सान्त्वना वा आश्वासन दिंदै महादेवले आज्ञा भयो- 'हे देवगण हो! यदि यस्तो दुर्भेद्य (भेदन गर्न नसकिने) त्रिपुर छ भने ब्रह्मादि देवताको हित-कल्याणका निमित्त म एकै बाणले ती तीनै पुरलाई भस्म पारिदिने छु। म दिव्य रथमा बसेर त्यो त्रिपुरको नाश गरिदिनेछु। ती दानव वीरहरूले रक्षा गरिएको त्रिपुरसंग लड्दा मेरो तेज बल सम्हाल्न सक्ने हिमालय पर्वत समान मेरो निमित्त तपाईंहरू यौटारथ तयार गराउनु हवस्।'

महादेवको यस्तो वचन सुनेर सकल देवताहरू 'हवस' भनी महादेवलाई नमस्कार गरेर प्रसन्न भए। अनि हे अगस्त्य मुनि ! महादेवका निमित्त स्वयं विश्वकर्माले सम्पूर्ण देवतारूपी अवयवले युक्त भएको सुवर्णमय रथ तयार गराए। त्यस रथको दाहिने चक्र (पांग्रा) सूर्यनारायण भए, उत्तरतिरको चक्र चन्द्रमा भए। दक्षिण चक्रमा द्वादश सूर्य भूषण (गहना) बनाइए। उत्तर चक्रमा षोडश कला, सत्ताईस नक्षत्र भूषण गराइए। छ ऋतु पनि रथको दायाँ-बायाँ राखिए। आकाश त्यो रथको गजूर बनाए। मन्दराचलको पांग्रो अड्याउने दण्ड बनाए। अस्ताचल र उदयाचल दुवै पर्वत दुइ पांग्राको चुकुल तुल्याए। अयन र संवत्सर रथको वेग भए। चार समुद्र रथका चार कुण्डलिका भए। सम्पूर्ण गङ्गादि तीर्थहरू उत्तम वस्त्र आभूषणहरू पहिरी स्त्रीरूप धारण गरी हातमा चमर लिएर त्यस रथमा बसे। लगाम समाई रथ हाँक्ने सारथि स्वयं ब्रह्मा भए। ब्रह्मस्वरूप ॐकारको कोर्रा बनाए। विन्ध्याचलको छत्र निरूपण गरे। मन्दराचल पर्वतको पार्श्वदण्ड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बनाए। सुमेरू पर्वतको धनु बनाए। श्रीं शेषनाग धनुको ताँदो भए। सरस्वती देवी घण्टा भइन्। साक्षात् नारायण विष्णु भगवान अग्निबाणको टुप्पो भए। चार वेद रथका चार घोड़ा भए, ताराहरू ती घोडाका गहना भए। यस्ता प्रकारले हे अगस्त्य मुनि ! यो ब्रह्माण्डमा जति र जे-जे चीज वस्तु छन्, ती सबै त्यस रथका अवयव भए। यस्ता प्रकारले धनुष र बाण समेत भएको रथ तयार भइसकेपछि शङ्कर भगवान पृथ्वी र आकाश कम्पित पार्दै त्यस रथमा चढ्नु भयो। त्यसपछि रुद्रगण नन्दी-भृङ्गी, शंकुकर्ण तथा चण्डेश्वर, गणेश्वर, योगाक्ष आदि सबै त्रिशूल, भाला पट्टिश आदि अनेक थरिका अस्त्र-शस्त्रका ज्ञाता, नाना तरहका भेरी, शंख, मृदङ्ग, करनाल, तुरही आदि बाजा बजाउँदै महादेव माथि अनेक प्रकारका चित्र-विचित्र पुष्पहरूको वर्षा गराउँदा भए। महादेवको रूद्रतेज सहन नसकेर सम्पूर्ण देवताहरू मोहमा प्राप्त भए। महादेवले सकल देवगण मोह भएको जानेर आफ्नू तेज खिंची केही कम पार्नु भयो र देवगण रुद्रगणको तेज सहन गर्नका लागि किञ्चित् समर्थ भए। त्यसपछि हे अगस्त्य मुनि ! त्यसै वेला नारदजी दैत्यहरूकहाँ पुगेर भन्नलागे- हे पराक्रमी दैत्य हो ! देवताहरूको स्तुतिले प्रसन्न भएर स्वयं महादेव तिमीहरूलाई मार्न भनेर आउन लाग्नुभयो। अब तिमीहरूको जस्तो इच्छा हुन्छ, उसै गर। नत्र तिमीहरूको अवश्य संहार हुनेछ। यस्ता प्रकारको नारद मुनिको वचन सुनेर मयले आफ्ना मित्र र सहायक तारक र विद्युन्माली सहित सम्पूर्ण दैत्य-दानवहरूलाई नारद मुनिले भन्नु भएको सबै कुरा सुनायो। अनि दैत्यहरूमा श्रेष्ठ तारकले भन्यो-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे राजन् ! किन व्यर्थ चिन्ता गर्नुहुन्छ? यथार्थमा देवता वध्य छन्। यो त्रिपुर भेदन गर्न कसको सामर्थ्य छ ? यदि सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर आए पनि यो त्रिपुर अभेद्य छ। फेरि शत्रुलाई पराजित पार्न, साम, दाम, दण्ड, भेद आदि अनेक थरिका नीति भए पनि यसरी आइलाग्ने शत्रुलाई पराक्रम गरेर दण्ड दिनु योग्य छ। तारकासुरको यस्तो कुरा सुनी विद्युन्माली भन्दछ- हे राजन् ! बलहीन देवता हामीसित कुनै प्रकारले पनि युद्धमा अघिसर्न सक्तैनन्। मूर्खता गरेर कोही संग्राममा अघि सरेर आउँछ भने त्यो स्वयं नाश भएर जानेछ। हे राजन् ! के चिन्ता छ ? लडौं, सम्पूर्ण देवतालाई जितेर स्वर्ग लोकको इन्द्रपद भोग गर्नुहोस्। अघिका हिरण्याक्ष र हिरण्यकशिपुको पदमा प्राप्त भएर चौधै भुवनका सम्पत्तिको आनन्दले भोग गर्नुहोस्। यस प्रकारको विद्युन्माली दैत्यको वचन सुनेर मय भन्दछ- हे दानव वीर हो ! अब हाम्रो विनाश हुने समय भयो, बुझ्यौ? जुन शत्रु आफूभन्दा बलियो होस् अथवा हीनबलको होस् त्योसित साम, दाम, दण्ड, भेद आदि उपाय गर्नु अनुचित होइन। तर सम्पूर्ण संसारका स्वामी, प्रभु, ईश महेश्वर हुन्, उनी हामीहरू त के देवताहरू भन्दा पनि श्रेष्ठ छन्, यदि उनै आज हामीलाई मार्न आउँछन् भने अब यसको उपाय अरु केही पनि छैन, केवल भगवान् शङ्करलाई प्रणाम गरौं, मेरो यही विचार छ। यदि अब हामी अज्ञानले वा अबूझ भएर महादेवका अगाडि गई युद्ध गर्दछौं भने उनका दृष्टिपातले नै भस्म हुनेछौं। आज स्वयं भगवान महादेव नै हाम्रो संहार गर्न आउनु हुन्छ भने हाम्रो के गति पुग्दछ ! यसमा पनि तिमीहरूले धेरै कालसम्म आसुरी सम्पदाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भोग गरिसक्यौ। त्यसै कारण म भन्दछु- हे दानववीर हो ! तिमीहरू अब सुखभोगको आशा नगर, लोभमा नपर, केवल श्रीमहादेवका शरणमा जाऊ। यस्ता प्रकारका मयका वचन सुनेर नारदजीले भने- ठीक हो महाराज ! अब तपाईंको तपस्या क्षीण भयो, समाप्त भयो, ऐश्वर्य भोगको समय पनि सकियो तथापि संग्राममा अघि नसरेर नपुंसक झैं ती देवताको शरणमा पर्नुभन्दा संग्राममा वीरगति पाउनु उत्तम मान्दछु। यदि महादेवका हातबाट मृत्यु भयो भने श्रीमहादेवको प्रमथगणको अधिपति हुन पाउनु हुनेछ। शरण पार्न गए तापनि देवताको हित र कल्याणका लागि महादेवले तिमीहरूलाई नमारी छाड्ने छैनन् भने- यस्ता दानव वीरका राजा भएर पनि कातरता किन गर्दछौ? कायरता वा काँतरतादेखि महादेव प्रसन्न हुने छैनन्, बरू शूरवीरदेखि प्रसन्न हुन्छन्। अतः किन नलड्ने, लड ! कदाचित जित्यौ भने तीनै लोकको राज्य पनि भोग गरौला। नारद मुनिका यस्ता वचन सुनी तारक व विद्युन्माली दैत्यहरू आयुष्यहीन भएकाले भन्न लागे- ठीक हो महाराज ! नारदजीबाट जः आज्ञा भयो त्यो सबै प्रकारले उत्तम हो। मयले पनि तिनका वचन सुनेर अब यिनीहरूको आयुष्य र श्री नष्ट हुने समय भयो भन्ने जानेर- नारदजीबाट आज्ञा भएको ठीक र श्रेयष्कर छ भनेर समर्थन गऱ्यो। मय दैत्यको यस्ता वचन सुनी नारद मुनि प्रसन्न भए। मयलाई रक्षा-बन्धन गरेर सबै दैत्यसहित युद्धमा तत्पर गराई नारदजी महादेव भएको स्थानमा गए। ती सबै दैत्यहरू पनि संग्राममा विजयको आशा र लालसा राखी अनेक थरिका शस्त्रास्त्रहरूले सुसज्जित भएर तयार भए। बल, बाणासुर, विद्युन्माली,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१४ तारकाख्य आदि प्रधान दैत्यराजहरू पनि युद्धको निश्चय गरेर मय राजाका अगाडि आएर अनेक थरिका संग्रामका बाजा बजाई सिंहनाद झैं गर्जन गर्नलागे। दानवका अपार सेनाहरू नै दानवलाई डरलाग्दा भयानक देखिए। ऊ रथ आयो, उता हेर, ऊ रथको ध्वजा देखियो। ती परस्परमा यस्ता कुरा गर्नलागे। शोक, भय त्यागेर रिसाएको अनुहार पारेर नाना प्रकारका शस्त्र-अस्त्र लिई युद्धको निश्चय गरी-जस्तै पशु अग्निको समीप जान्छ, त्यस्तै ती कालद्वारा प्रेरित (घुचेटिएका) त्रिपुरवासी दैत्यहरू शिव-रथ कहिले आइपुग्दछ भनेर हेर्नथाले।

कुमारजी आज्ञा गर्नु हुन्छ– हे अगस्त्य मुनि ! त्यसै वेला पश्चिम सागरको शिरोभागमा अनेक थरिका ध्वजा-पताका आदिले सुशोभित मानौं सुमेरू पर्वत समान शिवको अलौकिक रथ देखिन थाल्यो। नन्दीश्वर आदि गणहरूले पनि अघोर स्वरमा सिंहनाद गर्नथाले। दैत्यहरू पनि युद्धका निम्ति समर-भूमिमा निस्के। उता चण्डेश्वर पनि दीप्तिमान ठूलो कुठार लिएर प्रचण्ड मुख बाएर देदीप्यमान त्रिशूल हातमा लिई शिवतुल्य पराक्रम देखाउँदै आइपुगे। गणका अधिंपति शंकु-नायक पनि मुसल हातमा लिएर चण्डेश्वरका पार्श्वमा गएर उभिए। नन्दी, भृङ्गी, वीरभद्र र अनेक शिवगण वज्र, त्रिशूल, गदा, परिघ लिई युद्धका लागि अग्रसर भए। दैत्यगण पनि महादेवको रथ आइपुगेको देखेर युद्ध गर्नका लागि अनेक थरिका दिव्य आयुध हातमा लिई समरभूमिमा आए। अनि शिवगणहरूसित युद्ध गर्नथाले। ती परस्पर बर्ता क्रोधित पनि थिए। अनि महादेवले त्रिपुरलाई दग्ध भए

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जस्तै देखेर हास्य गर्दै लड्न भनेर स्थित हुनुभयो र ठूलो सिंहनाद गर्दै युद्ध गर्न लाग्नुभयो। नन्दी पनि महाबली दैत्यगणसित युद्ध गर्नथाले। भृङ्गीले दस बाण प्रहार गरी विद्युत्प्रभलाई भेदन गरे। राता-राता नेत्र गरी शिलाले बलपूर्वक ठोक्ता पनि त्यसलाई केही गर्न सकेनन्। तब श्रृङ्गी र रिटीले विद्युत्प्रभको पृष्ठदेशमा प्रहार गरे। उसले पनि सर्प झैं फुङ्कार गर्दै तीखो शूलले श्रृङ्गी र रिटीलाई प्रहार गऱ्यो। त्यसको वेदना सहन नसकेर भृङ्गी र रिटी त्यहाँबाट पलायमान भए। जब त्यो दैत्यराजले यिनीहरूलाई जितेथ्यो, तब गणनायक गणेशका काँधमा एक हजार बाण छाडेर घाउ गरायो। त्यसपछि त्रिसट्ठी र फेरि त्यसैमाथि दस बाण थपेर जब गणेशका मर्म-मर्ममा घाउ गराई यातना दिएथ्यो, तब गणेशजी अत्यन्त क्रोधित भइ आफ्नू सूँड पसारी दैत्यको गर्दनमा बेरेर निमोठी - जस्तै मत्तहात्ती कमलको पुष्प सूँडले बेरी तलाउबाट उखेलेर फ्याँक्तछ- त्यस्तै गरी विद्युत्प्रभको शिर पनि उखेलेर फ्याँकिदिए। दैत्यको शरीरबाट उखेलिएको त्यो शिर यस्तो शोभायमा भयो जस्तै सरोवरबाट छुट्टिएर हात्तीका दाँतमा अड्केको कमलको फूल शोभा पाउँदछ। त्यो देखेर भृङ्गीले नाना प्रकारले स्तुति गान गरे। अति नेमि नामा र बल नामा दानववीर अत्यन्त रिसाउँदै अगाडि आएर गणेशजीलाई मर्म-मर्ममा बाण प्रहार गरी घायल तुल्याउन लागे। शंकुकर्णले ती दुवैलाई बीचमा रोकेर तिनका रथ, ध्वजा, सारथि र घोडा सबै काटी तिनलाई विरथी गराए। ती दुई पनि तत्काल अर्को रथमा चढेर आई ती चण्डेश्वर गणनायकका मर्म-मर्ममा हजारौं बाण हानी घाउ गराइदिए। तब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणेश्वरले पनि क्रोधले राता-राता आँखा पारी भयङ्कर मुसल प्रहार गरेर दुवैलाई यमराजको नगरमा पुऱ्याइदिए। त्यसपछि त्रिपुरवासी

(श्रीगणेशजीले विद्युत्प्रभ नांमक दैत्यको वध गरेको)

जो ठूला र बलवान दैत्य थिए ती सबै क्रोधित भएर लगातार हुलका हुल निस्केर अनेक थरिका नाराच, वज्र, त्रिशूल, कुठार लिएर महादेवका गणमाथि जाइलागे र महाघोर संग्राम आरम्भ भयो। शिवको आज्ञा पाएका शिवगण पनि, जस्तै उन्मत्त केशरी मृगका बथानलाई भर्काउँछ, त्यसै गरी समस्त दैत्य-दानव सैन्यलाई भर्काई बारम्बार छिन्न-भिन्न पारेर मार्नथाले। दैत्यहरूमा कसैको शिर छैन, कसैको गींड छैन। यस्तै रीतले नष्ट हुनलागे। रगतको खोलो बगे झैं भयो। वायुको वेगले छिन्न-भिन्न भएका मेघ झैं वज्रको चोटले चूर्ण (धूलो) भएका पर्वतहरूका शिखर झैं गिर्दै अनेक दैत्यहरू पश्चिम समुद्रमा पर्नलागे। जब नेमि नामा र बल नामा दैत्यहरूलाई शंकुकर्णले मारे भन्ने दैत्यहरूले सुने, तब अत्यन्त क्रोधित भई तारक नामा दैत्य पुरबाट बाहिर निस्की गणनायकहरूमाथि झम्ट्यो र अनेक प्रकारले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाण-वृष्टि गर्‍यो । अनि गणनायक शंकुकर्णले पनि महाबली दैत्यका शिरमा प्रहार गरी सिंहनाद गरे । अनि त्यो दैत्य पनि केही गिर्ला जस्तो देखियो । तब त्यसलाई भाला प्रहार गरे । अनि त्यो तारक दैत्यले पनि भूमिबाट उठेर रिसले चक्र प्रहार गर्‍यो । त्यो प्रहार छलेर गणेश्वर शंकुकर्णले पनि मुड्कीले हिर्काए । शंकुकर्णको मुड्की खाएपछि त्यो भूमिमा लड्यो र श्रेष्ठ आयुधलाई त्याग्दोभयो । अनि त्यो दैत्यराज वज्र झैं मुड्कीको वेदना सहन नसकी मृत्युमा प्राप्त भयो । त्यस्ता प्रकारले त्यो दैत्यलाई ढलेको देखेर दानवहरूले बोकेर मयका भवनमा पुर्‍याए । अनि सारा वृत्तान्त वर्णन गरी अनेक प्रकारले विलाप गर्नलागे । ती सबैले रोएको देखेर सम्झाई-बुझाई मयले भने- मेरो घरमा अमृतको कुण्ड छ, त्यसैमा चोभेर दैत्यहरूलाई बचाओ । अनि ती दैत्यहरूले 'हवस्' भनी प्रसन्न भएर अमृतमा चोभी दैत्यपति तारकासुरलाई जीवित पारे । हाम्रा मरिसकेका दैत्यलाई जीवन-दान दिए भन्ने हर्षले मयलाई शिर निहुराएर प्रणाम गरे । तब त्यो तारकाक्ष फेरि बडो वेगले संग्राम-भूमिमा आएको देखेर ब्रह्माजीले आफ्नू बायाँ हातले त्यस दैत्यलाई देखाउँदै महादेवसित भन्न लाग्नुभयो- हे शङ्कर ! त्यो दैत्य अघि मरिसकेको थियो, अहिले फेरि जीवित भएर संग्राममा आयो । मयको घरमा अमृत छ, त्यही अमृतद्वारा मयले दानवहरूलाई बचाउँछ । हे प्रभो ! यसको घरमा अमृत रहेसम्म- यी मरेका दैत्यहरूलाई बराबर जीवित पार्दै रहने छ । अतः एक बाण प्रहार गरेर पहिले त्यो अमृत शोषिलिनु पर्दछ । ब्रह्माको यस्तो वचन सुनेर शिवले बाण प्रहार गरी अमृत सबै शोषिलिनुभयो र ब्रह्माजी फेरि विन्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुहुन्छ- हे शशिशेखर ! अब त्यो शर ग्रहण गर्नुहवस्; मैले त्रिपुर दैत्यहरूसितको युद्ध खूब देखें। लड्दा-लड्दा आज पूर्ण दस हजार वर्ष व्यतीत भइसक्यो, तापनि त्रिपुरको क्षय भएको छैन। अब त्यो बाण झट्ट छाड्नुहवस्, अनि त्रिपुर नाश होला। अब यी त्रिपुर आधा निमेषमात्र एकत्र भएर फेरि अलग-अलग हुनेछन्, यसै वेलामा बाण प्रहार गर्नुहवस्। ती पुरहरू जोरिएर अलग भइसकेपछि फेरि बाण प्रहार गरेर पनि केही हुनेछैन। हे भगवन् ! यदि मेरो विन्ती लाग्दछ भने बाण प्रहार गर्न विलम्ब नगर्नुहोस्। ब्रह्माजीको यस्तो वचन सुनेर महादेवले 'लौ हुन्छ' भनेर त्यो उग्र बाण धनुमा चढाई धनुलाई तल-माथि झुकाउनु भयो। दिव्य दस हजार वर्ष पुग्नासाथ आधा निमेषका लागि त्रिपुर जोडिएको थियो। शिवको आफ्नू योगबलले त्यस बखत



(त्रिपुरमा महादेवले बाण प्रहार गरेको)

सारा जगत निश्चल हुनगयो। त्यसपछि जुन भागमा अग्नि-सोम स्थित थिए, त्यो नारायणरूपी अग्निबाण महादेवले प्रहार गर्नुभयो। त्यो बाणलाई प्रहार गर्नासाथ त्रिपुरका सम्पूर्ण घरहरू दग्ध हुनलाग्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'धिक्-धिक्, कष्ट-कष्ट' भन्ने शब्द उत्पन्न भयो। तब महादेवले नन्दीलाई डाकेर आज्ञा भयो[१]– हे नन्दी ; तिमी चाँडो गएर अग्निलाई भन- त्यो मय मेरो भक्त छ, अग्निले त्यसको पुरमात्र डढाउन्, त्यसलाई दग्ध नगराउन्। महादेवको यस्तो आज्ञा सुनी आफ्नू तपोबलको योगबलले वायु झैं भएर बाणभन्दा पनि छिटो गएर मयको पुरमा प्रवेश गरी सरासर मयका घरमा पुगे। उहाँ गएर देखे मय दानव शिवलिङ्ग अगाडि राखेर शिवको ध्यान गरी बसिरहेको रहेछ। नन्दीले मयलाई आह्वान गरी तिमीलाई अग्निले जलाउने छैनन् भने। अनि मयले गणराजलाई पनि प्रणाम गरे। त्यसै बखत अग्नि पनि त्यहीं आइपुगे र उनलाई नन्दीले शिवको आज्ञा सुनाइदिए। अनि मयलाई अग्निले भने- दानवराज ! अब यहाँबाट तिमी झट्ट पुर छाडेर बाहिर निस्क। अनि मयले 'हवस्' भनी सुवर्णमय शिवलिंग लिई तत्काल पातालमा गए। नन्दीले फर्केर गई सम्पूर्ण विस्तार महादेवलाई सुनाए।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि त्रिपुर भस्म हुनलाग्यो। त्यसका वेदी र गृह सबै नष्ट भएर अनेक दानवहरूले रोए-कराएको दारुण शब्द सुनिन लाग्यो। वस्त्र खुस्केका स्त्रीहरूले पनि घर-बाहिर निस्केर कराएको सुनिन थाल्यो। झ्याल, विमान र अटालीहरूमा रहेका, पहेंला र उच्च स्तन भएका, मदले विह्वल नेत्र भएका, आफ्ना पतिहरूका साह्रै मनपरेका सुन्दरीहरू अग्निबाणले

नन्दीश ! भक्तो मम विश्वकर्मा दहेत् पुरं तस्य यथा न वह्निः।
तस्याऽनलस्तां न दहेत् मयं च शीघ्रं समागच्छ निवारयित्वा ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भयभीत भएर घर-घरमा यता-उता दर्गुन लागेका पनि देखिन थाले। पर्वतमा स्थित किन्नरहरू जसरी व्याकुल हुन्छन् त्यस्तै- कोही आफाफ्ना पतिलाई आकुल भएर अंकमाल गर्नलागे, कोही भाग्न लागे। शेष दानव पनि आफाफ्ना स्त्रीहरूलाई बोकेर त्यस त्रिपुरबाट भाग्नलागे। शिवभक्तिले हीन, समस्त भूषणहरूले हीन ती देख्दामा पर्वताकार दैत्यहरू सागरमा खस्न लागेका पनि देखिन थाले। जो स्त्रीगण आकुल भएर सिन्धुमा खसेथे, जो दानव गिरेका थिए, तिनलाई अनेक थरिका जल-जन्तुले आहारा बनाउन लागे। आफ्ना पतिलाई जलमा देखेर आकुल-व्याकुल भई विलाप गर्दै अग्निमा प्रवेश गरी डढेर मरेका पनि देखिन लागे।[१]

रतिको अन्त्यमा खेदित भएका, फेरि कामवेगले प्रियाका साथमा जाऊँ भन्ने लालसा भएका दानवहरू भार्याले सहित अग्निमा डढेर भस्म भए। कोही त्यहीं पिल्सिई प्राणहीन भए। यस्ता प्रकारसित त्यो विष्णु, अग्नि, सोममय बाणले त्रिपुरको भस्म गराइदिए र त्यो सम्पूर्ण त्रिपुर नै अगाध सागरमा डुबाई फेरि त्यो बाण शिवजीको हातमा पुग्यो। यस्ता प्रकारले त्रिपुर भस्म भएपछि ब्रह्मादि समस्त देवता आफाफ्ना अधिकारमा प्राप्त भई महादेवलाई प्रणाम गरेर स्तुति गर्नलागे- हे शम्भो ! यो जुन रौद्र-कर्म आज हजुरले गरिदिनुभयो,

---

रतावसाने पतिखेदितानां प्रियैरिवासामभिगन्तुकामाः।
सर्वे ततो दैत्यवृषाः सभार्याः प्रदह्यमानास्त्रिपुरो भवेयुः ॥

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस्तो कसैले पनि गर्न सक्तैन। आज हजुरले सारा दैत्य मारी त्रिपुर भस्म गर्नुभयो। हे जगदीश्वर ! हाम्रो ठूलो विपत्ति हरिदिनु भयो। सदा-सर्वदा सर्वत्र स्थिर रहने यस्ता हजुरलाई कोटि-कोटि नमस्कार छ भने। अनि महादेवले पनि देवताहरूलाई सदैव पुत्रवत् पालना गर्नुपर्दछ, आज शत्रुको संहार भएर तिमीहरूको इच्छा पूर्ण भयो, अब तिमीहरू आफ्ना-आफ्ना आश्रममा जाओ। महादेवको यस्तो आज्ञा भएपछि शङ्करलाई प्रणाम गरेर सम्पूर्ण देवताहरू आफ्ना-आफ्ना आश्रममा गए। देवताहरू गएपछि साध्यहरूद्वारा पूजित भएर, नन्दी-भृङ्गी, भूत-प्रेत सहित भएर महादेव पनि कैलास पाल्नु भयो। हे मुनि ! यो कसैले वर्णन गर्न नसकिने त्रिपुर-दाह मैले वर्णन गरेर सुनाएँ। जो शिवभक्त मानिस प्रसन्न मनले पवित्र भई यसको पाठ गर्दछ, त्यो सम्पूर्ण पापले रहित भएर अन्त्यमा देवता भई स्वर्गमा बस्न पाउला।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां शिवकृत त्रिपुरदाह वर्णनं नाम पञ्चमोऽध्यायः ।। ५ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षष्ठोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! तिमीलाई त्रिपुरदाह सुनाएँ, अब के सुन्ने इच्छा छ, भन। कुमारजीको कुरा सुनेर अगस्त्य मुनि भन्दछन्- हे कुमार ! दक्ष प्रजापतिका तेत्तीस कोटि कन्या तेत्तीस कोटि देवताले विवाह गरे र सतीदेवी विष्णुका छलले महादेवले विवाह गरेर लैजानुभयो। त्यसपछि के-के भयो ? त्यो म सुन्न पाऊँ भन्ने आग्रह सुनेर कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! त्यहाँ उप्रान्त एक दिन दक्षप्रजापतिले आफ्नी पत्नी विरणीसित भने- हे स्त्री ! मैले अश्वमेघ यज्ञ गर्ने इच्छा गरेको धेरै दिन भइसक्यो, अब अश्वमेघ यज्ञ गरौं, सामग्री तयार पार। महादेव र सतीदेवी बाहेक ब्रह्मा, विष्णु, प्रभृति सबै छोरी-ज्वाईं, देवता, यक्ष, गन्धर्व, दैत्य, नाग, दश दिक्पाल र अप्सराहरू सबैलाई निमन्त्रण पठाऊ।' आफ्ना स्वामी दक्षप्रजापतिको आज्ञा अनुसार विरणीले सम्पूर्ण सामग्री तयार पारिन्। महादेव र सतीदेवीबाहेक सबैलाई निम्ता पनि पठाइन्। निम्ता पाएपछि दक्षप्रजापतिका सबै छोरी-ज्वाईं, यक्ष, गन्धर्व, किन्नर, अप्सरा, दैत्य नागहरू अनेक थरिका अलङ्कार पहिरी मणि-माणिक्य लिई यज्ञमा होम्न भनेर दक्षप्रजापतिका घर पुगे। दक्षप्रजापतिले पनि आदर भाव गरेर राखे। अनि सुदिनमा यज्ञ आरम्भ भयो। कस्तो यज्ञ भने, जस्तै- नन्दी, भृङ्गी, चतुःषष्ठी योगिनी, भूत-प्रेत, पिशाचादि पार्थगणले शिव शोभायमान देखिन्थे, त्यस्तै तेत्तीस कोटि देवता र उनका स्त्रीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सहित ऋषि, गन्धर्व, यक्ष, किन्नर, नाग, ब्रह्मा, विष्णु आदिले वेदध्वनि, नाच-गान वाद्यादिले शोभायमान दक्षप्रजापति देखिए। अनि यस्ता प्रकारले आनन्दपूर्वक यज्ञ गरिरहँदा नारद ऋषिले को आए को आएनन् भनेर यज्ञस्थलबाट उठेर यता-उती हेर्न थाले। दक्षप्रजापतिका तेत्तीसकोटि कन्या, ब्रह्मा, विष्णु प्रभृति तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, दैत्य-दानव, नाग, अप्सरा आदि सबैलाई देखे, तर महादेव र सतीदेवीलाई कतै देखेनन् र विना महादेवले यो यज्ञ कसरी पूर्ण होला ! निम्ता दिन बिर्से कि ? के हेतु हो विचार गरिहेरूँ भनी तत्काल त्यहाँबाट अन्तर्धान भएर कैलास पर्वतमा पुगे। त्यस वेला महादेवले सतीदेवीलाई- हे प्रिये ! आज हामी जूआ खेलौं आऊ, भनेर सतीदेवीले हुन्छ भनी पासा ल्याइन् र दुवै पति-पत्नी जूआ खेल्न लागे। खेल्दा-खेल्दा सतीदेवीले जितिन् र महादेवलाई गिज्याउन लागिन्। अनि शिव रिसाएर झोली थापे, त्यो पनि जितिन्, फेरि आफ्नू नागरूपी गहना थापे, त्यो पनि जितिन्। त्यसै वेला दक्षप्रजापतिका यज्ञमा जान देवताहरू विमानमा बसी हाँस्तै खेल्दै जान्थे। तिनलाई देखेर सतीदेवीले महादेवसित बिन्ती गरिन्- हे स्वामी! ती विमानमा बसेर जानेहरू को हुन् ? आज्ञा गर्नुहवस् भन्दा तिमीलाई के धन्दा पऱ्यो ? आफ्नू चाहिंदो काम गर भनी महादेवले आज्ञा गर्दा सतीदेवीले मनमा चिन्ता गरेर माथितिर हेरिरहिन्। महादेवले हाँसेर मुकुट थापे। त्यो पनि जितिन्। यसरी धेरै पल्ट हार्दा केही भन्न नसकी महादेव हाँसिरहे। त्यसपछि सतीदेवीले बिन्ती गरिन्- हे स्वामी ! तपाईंका सबै वस्तु मैले जितिसकें, अब के थाप्नु हुन्छ ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दा महादेवले 'अब मेरो अङ्ग थाप्दछु' भन्नुभयो। तब सतीदेवी बिन्ती गर्छिन्- हे स्वामी ! हजुरको अङ्ग ता अघि पनि पछि पनि मेरै हो, मैले हारें भने हजूरको अङ्गको सट्टा कुन कुरा चढाउँला ? यो ब्रह्माण्ड संसारमा हजूरका अङ्गको साटो दिन सुहाउने कुनै वस्तु छैन। फेरि हजूरको अंग जूआ खेलेर जिती मेरो गराउनु पर्दैन। जुन दिनदेखि मेरा माता-पिताले हजूरको हातमा तिल-कुश राखेर सुम्पेका थिए, त्यसै दिनदेखि हजूरको अङ्ग मेरो र मेरो अङ्ग हजूरको भइसकेको छ भने जूआ खेलेर जित्नु परेको छैन। हजूरको मेरो र मेरो हजूरको हो, यसमा केही फरक छैन। हजूरले अङ्ग थाप्न पर्दैन भनेर सतीदेवीले बिन्ती गर्दा महादेव प्रसन्न भएर 'धन्य तिमी !' भनी जूआ खेलिसकेर स्त्री-पुरुष मीठा-मीठा वार्ता गरी सुखसित कैलासमा रहेका थिए। त्यसै वेला नारद ऋषि पुगेर श्रीमहादेव र सतीदेवी दुवैका चरणमा साष्टाङ्ग दण्डवत् गरी अंजलि जोरी उभिई रहे। श्रीमहादेव कस्ता भने- जटाको मुकुट गराई, बाघको छालाको पटुका बाँधी, हात्तीको छाला ओढी, शरीरमा भस्म लेपन गरी, ठाउँ-ठाउँमा सर्पका गहना लगाई, नर-मुण्डमाला गलामा लगाई सतीदेवीलाई काखमा लिई, कोटि सूर्यको जस्तो तेजले जाज्वल्यमान भइ नन्दी, भृङ्गी, भूत-प्रेत, डाकिनी-शाकिनी, पिशाच र प्रमथगणलाई द्वारमा राखी विराजमान भइरहेका, यस्ता दिगम्बर महादेवलाई नारद-ऋषिले देखेर मनमा अति आनन्द मानी बारम्बार चरणमा दण्डवत गर्दा भए। यस प्रकार नारद ऋषिले भक्ति गरेको देखेर महादेवले मनमा अति आनन्द मानी खुशीले गद्गद् भएर हाँसीकन आज्ञा गर्नु भयो- हे मुनि ! तिम्रो भक्तिदेखि म सार्है

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न भएँ, इच्छा भएको वर माग भनी आज्ञा भयो र नारदले केही भन्न नसकी खडा भइरहे। फेरि श्रीमहादेवले- 'के कारणले यहाँ आयौ, भन ?' भनी आज्ञा भएको सुनी नारद बिन्ती गर्दछन्- हे प्रभो ! म अरु के वर मागूँ, सदैव हजूरको भक्ति र जप-ध्यानमा मेरो मन लागिरहोस्। हे परब्रह्म ! हे शंकर ! म यहाँ आएको कारण बिन्ती गर्दछु, सुन्नुहोस्- 'दक्ष प्रजापतिले अश्वमेघ यज्ञ गर्दा स्वर्ग, मर्त्य, पाताल तीनै भुवनका स्त्री-पुरुषसहित देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, दानव, वसिष्ठ प्रभृति ऋषि, नाग, अष्टवसु, दशदिक्पाल, ब्रह्मा-विष्णु प्रभृति सबैका स्त्री-पुरुष यज्ञमा आएका थिए। मैले त्यो यज्ञशालामा प्रदक्षिणा गरेर हेर्दा हजुर दुवैलाई देखिन र अरु देवता सबै आफ्ना अङ्गसित बसेर खाई-पिई खुशीले रहेका छन्। यज्ञको भोक्ता कर्ता हजुरलाई किन डाकेनन् भनी मेरो मनमा विस्मय भयो। यति कुरा विन्ती गर्न भनी म आएको हुँ। हे गौरीशङ्कर ! यसको अर्थ केही बुझ्न सकिन।' यति नारद मुनिले बिन्ती गरेको सुनी सतीदेवीले अति अपमान मानिन् र त्रैलोक्यनाथ श्रीमहादेवसित बिन्ती गरिन्- हे स्वामी ! हे जगदीश्वर ! नारायण प्रभृति तेत्तीस कोटि देवता, ऋषि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा र मेरा बहिनीहरू दशदिक्पाल सबैलाई डाक्ता केवल हामी दुइलाई मात्र किन डाकेनन् भनी मनमा सम्झी अत्यन्त विलाप गरी आँखाबाट आँसू चुहाई अति दुःख मानिरहिन्। यस्ता प्रकारले सतीदेवीले विलाप गरेको देखेर महादेव आज्ञा गर्नुहुन्छ- हे प्रिये ! कत्ति दुःख नमान, किनकि तिमी नरुचाइएकी छोरी, म मननपरेको ज्वाईं, डाकेनन् त के भयो ? त्यस कुरामा तिमीले अपमान मान्न पर्दैन, तिम्रो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

म छँदैछु। त्यसको यज्ञमा गएर के पाउनु छ, नगए के हानि होला, भनी शिवले बुझाउँदा पनि नमानी- हे स्वामी ! त्यस्तो आज्ञा नगर्नुहोस्, मलाई यज्ञ हेर्ने साह्रै इच्छा लागेको छ, आज्ञा भए नारदका साथै गई हेरेर आउँछु भनी बहुतै ढिपी गरी महादेवका पाउमा परिन् र महादेवले आज्ञा भयो- हे प्रिये ! यस्तो हठ नगर, किनकि विशेष गरी तिमी आफ्नू मानमा रहेकी, त्यहाँ गएपछि अपमान होला, जाने काम नगर भनी अनेक तरहले बुझाउँदा पनि नमानी कैलासबाट नारदसँग आई दक्षप्रजापतिको यज्ञ भइरहेको ठाउँमा पुगी आफ्ना पिता दक्षप्रजापतिको र माता विरणीको चरणमा ढोगी बहुतै चित्त दुखाई आँखाबाट आँसू खसाल्दै यस्तो मङ्गल वचन बोलिन्- हे पिता ! हे माता ! तपाईंहरूको यत्रो यज्ञमा मलाई किन खबरदिनु भएन ? म तपाईंकी छोरी होइन कि? मैले के बिराएँ? मेरा स्वामीले तिमीहरूको के अपराध वा के बिराम गर्नुभयो, भन्नुहवस् ? ब्रह्मा, विष्णु, प्रभृति तेत्तीस कोटि देवता, ऋषि, मुनि, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अप्सरा, दशदिक्पालका स्त्री-पुरुष सहित सबै डाकिए हामी दुई जनालाई मात्र किन डाक्नु भएन? फेरि यज्ञकर्ता महादेव नभई तपाईंको यो यज्ञ कसरी पूर्ण होला? अरूले हुँदैन, यज्ञको फल दिने पनि उहाँ नै होइबक्सिन्छ। हे पिता! महादेव नभई यज्ञ गरेको धर्म हुँदैन। हे पिता ! यज्ञकर्ता नभएको अशुद्ध यज्ञ किन गर्नुभयो ? यसले तपाईंको जय हुनेछैन। श्रीमहारुद्रलाई तत्काल डाक्न पठाउन हवस्, त्यसपछि मात्र तपाईंको यज्ञ पूर्ण हुनेछ र फल प्राप्त होला। हे पिता ! शंकरलाई अशंकर गरी तपाईंले गर्नु भएको यज्ञ शङ्कर नभई कसरी पूर्ण होला ? के

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्रह्माण्डमा दुई शङ्कर भए कि ? आज्ञा गर्नुहोस् । महादेव र मलाई नडाकेको कारण के हो ? सब वृत्तान्त आज्ञा गर्नुहवस् । सतीदेवीले यति भनेपछि दक्षप्रजापतिले भने- हे पुत्री ! सतीदेवी ! तँ दुःख नमान् तेरो पति महादेव यो यज्ञमा निम्ता पाउने वा राख्ने योग्य छैन, किनकि देवता, यक्ष, गन्धर्व, किन्नर, दानव, अप्सरा, नाग, ब्रह्मा-विष्णु प्रभृति सबै स्त्री-पुरुष भएर नाना रत्न मणि-माणिक्य जडेका अनेक थरिका गहना लगाई, श्रीखण्ड कस्तूरी, केशरमिश्रित चन्दन लेपन गरी गन्धर्वले गीत गाउने, अप्सराहरूले नाच्ने यस्तो पवित्र ठाउँमा घिनलाग्दो महादेवलाई कसरी डाकूँ? हे पुत्री! तेरो स्वामी के ढङ्गको छ! श्मशानको खरानी घस्ने, बाघको छाला कम्मरमा कस्ने, हात्तीको छाला ओढ्ने, विष-भाङ धतूरो खाने, राता-राता आँखा पारेर जस्तो मन लाग्यो उस्तै नाच्ने, ठाउँ-ठाउँमा सर्पका गहना लगाउने, नर-मुण्डमाला भिर्ने, जटाको मुकुट बाँधी, दाहिने हातले डमरू बजाई बायाँ हातमा त्रिशूललिई भूत-प्रेत, पिशाच र प्रमथगणहरू अधि-पछि राख्ने, दिगम्बर मतवाला झैं पाउ पनि जहाँ मनलाग्यो उहीं राख्ने, लाज पनि नमानी हिंड्ने यस्तो; यहाँ भने देवकन्या, नागकन्या र तेरा बहिनीहरू तथा तेत्तीस कोटि देवताले युक्त भएको पवित्र ठाउँमा म कसोगरी त्यस्तो देख्दैमा अशोभा, घिनलाग्दो, दिगम्बर महादेवलाई यहाँ डाकूँ ! हे पुत्री ! सतीदेवी ! यसै निम्ति डाक्न नपठाएको हो, तँलाई मात्र डाकूँ भने ऊसमेत आउला भनी तँलाई समेत नडाकेको हो, तँ दुःख नमान् ! हे पुत्री ! तैंले हाम्रो सेवा पनि गरेकी थिइस् । अपराध पनि केही गरेकी छैनस् । तेरो स्वामी त्यस्तै हुनाले तँलाई नडाकेको हो । फेरि तैंले सृष्टि, स्थिति संहार गर्ने महादेव हुन्, यज्ञका फलदाता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि उनै हुन् भनिस् त्यसो होइन्, त्यो ता बौलाहा मात्र हो, यज्ञकर्ता नारायण हुन् । सृष्टि गर्ने चतुर्मुख ब्रह्मा हुन्, स्थिति संहार गर्ने नारायण महाविष्णु हुन् । त्यो महादेव कहाँको देवता हो ? त्यसलाई नडाके मेरो यज्ञ कसरी अशुद्ध र अपूर्ण होला ? तेरो स्वामी महादेवलाई डाक्नेछैन । त्यसले मेरो यज्ञमा के वर देला ! त्यो नभइ मेरो यज्ञ किन पूर्ण होवैन ? तेत्तीस कोटि देवता, ब्रह्मा, विष्णु, सम्पूर्ण देवता, ऋषि-मुनिहरू सम्पूर्ण आएका छन् भनी दक्षप्रजापतिले आफ्ना स्वामी जगदीश्वरलाई सान्है क्षुद्र वचन गरेको र निन्दा गरेको सुनी मनले सहन नसकी राता-राता नेत्र गरी, नागिनीको झैं विश्वास गरी, लामो सुस्केरा हाली दान्हा किटेर रिसले जुरुक्क उठिन् र भूमिमा लात्तले हानिन्, अनि यज्ञमा हेरी आफ्ना स्वामीलाई नाना तरहको निन्दा गाली गरेको सम्झी चित्तले सहन नसकी बहुतै दुःख मानी आफ्नू छातीमा आफै मुड्कीले हामी यज्ञकुण्डमा फालहाली सतीदेवीले प्राण छाडिन् । यसरी



(श्रीमहादेवको निन्दा सहन नसकी सतीदेवी दक्षको यज्ञकुण्डमा फालहालेकी)

सतीदेवीले यज्ञमा फालहाली प्राण छोडेको देखेर देवता, यक्ष, गन्धर्व, नाग, अप्सरा आदि त्यहाँ उपस्थित सबैले हा ! यो के अनर्थ भयो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी आश्चरर्य मान्दा भए। त्यसै वेला अकस्मात् धूलो उडी आकाशमा फैलिएर अन्धकार हुँदै आयो। वायु पनि विपरीत बग्न लाग्यो। जल नभएको मेघ पनि डरलाग्यो स्वरमा गर्जन थाल्यो। सबै देवताका आँखामा धूलो परी भूमिमा घोप्टो परे, कसैलाई वायुले उडाई लग्यो, कति रून-कराउन लागे। कति आफ्ना शरीरको रक्षा गरीरहे। कति आफ्नी पत्नी र अरूको पनि रक्षा गर्नतिर लागे। यस्ता प्रकारले महाउत्पात भयो। त्यो देखेर दक्षप्रजापतिले मनमा विचार गरी सबै छोरी-ज्वाईंलाई बुझाई, बोध गराई धैर्य दिई डराउनु पर्दैन भनी नाना प्रकारले साहस दिई राम्ररी सम्झाइसकेर चित्त बहुतै आकुल गरी आफ्ना गुरु बृहस्पति ऋषिछेउ गई दक्षप्रजापतिले विन्ती गरे- हे गुरु! अब के गरूँ, अनर्थ भयो, हाहाकार पऱ्यो भनी कराउन लागे।

त्यसै वेला नारद ऋषिले सतीदेवीको प्राण मुक्त भएको देखेर वायु-वेगको झट्ट कैलासमा पुगी श्रीमहादेवका चरणमा दण्डवत् गरी बिन्ती चढाए- हे ईश्वर ! हजुरकी प्राणप्यारी सतीदेवीले देह त्याग गरिन्, किनकि हे वृषभध्वज ! हे करुणामय ! पापिष्ट दक्षप्रजापतिले हजुरको नाना तरहले निन्दा गरी अनेक प्रकारले हेलाँ गर्दै- त्यो कहाँको देवता हो, त्यो बौलाहा पो हो, त्यसलाई नडाकी के होला ? भनी हजुरको निन्दा गरेको सतीदेवीले सहन नसकी अत्यन्त क्रोध गरी लात्तिले भूमिमा हानि कसैको मुख नहेरी यज्ञको प्रदक्षिणा गरी, हजुरको नाम लिएर यज्ञकुण्डमा फालहाली प्राण त्याग गरिन्। हे शम्भो ! हजुरको भयले अग्निले शरीर दग्ध गर्न सकेका छैनन्, प्राण छाडी शयन गरे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१६

झैं यज्ञकुण्डमा रहनु भएको छ। हे ईश्वर ! यही कुरा बिन्ती गर्न भनी आएको हुँ, अब कसो गर्ने ! अनर्थ भयो ! यति नारद मुनिले भनेको सुनी महादेवले आज्ञा गर्नुभयो- हे मुनि ! यो कुरा निश्चय हो कि होइन? यति सुनी नारदजी फेरि बिन्ती गर्दछन्- हे विश्वम्भर ! हजुरको अगाडि म मिथ्याकुरा कसरी बोल्नसकुँला। ध्यान-दृष्टिले हेर्नुहवस्। यति नारदको वचन सुनी अत्यन्त क्रोध गरी तीनै नेत्रबाट अग्निको ज्वाला निकाली दाह्रा किटेर रिसले हात मुठी पारी नारदको मुखेऽज्जी भन्नुभयो- हे नारद ! तेत्तिस कोटि देवताले रक्षा गरिएको पापिष्ट दक्षप्रजापतिको निर्मूल नगरी छाड्ने छैन। अब तिमी आफ्नू आश्रममा जाऊ भनी बिदा दिनुभयो र नारदजीले साष्टाङ्ग प्रणाम गरी त्यहाँबाट विदा भई ब्रह्मलोक गए।

नारद मुनि गएपछि श्रीमहादेवले सतीदेवीलाई सम्झी अत्यन्त क्रोध गरी तीनै नेत्रबाट अग्निको ज्वाला निकाली आफ्नू शिखाबाट एक जटा निकाली पृथ्वीमा पच्छारे र त्यसैबाट मेघ गर्जे जस्तै ठूलो शब्द गरो महाभयङ्कर चतुःषष्टि योगिनी, भूत-प्रेत प्रमथ गणसमेत भएर महाकाली उत्पन्न भइन्। कस्ती महाकाली भने भयानक, आँखाबाट आगो निकाल्दै, लामा-लामा दाह्रा निस्केकी, आकाश जस्तै पेट भएकी, बाघको छाला कम्मरमा वेष्ठित गरेकी, कपाल फिंजिएकी, दाहिने हातमा खड्ग लिएकी, कहिले लामो जिभ्रो निकाली हाँस्ने, कहिले जिभ्रो चलाउने यस्ती महाकाली श्रीमहादेवका सामुन्ने उभिई- हे ईश्वर! किन आराधना गर्नुभयो? आज्ञा गर्नुहवस् भनिन्। फेरि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महादेवले एक अर्को जटा निकालेर भूमिमा पच्छारे र त्यसैबाट पृथ्वी डोलायमान गरी सिंहनाद गरे झैं गर्जेर हज्जार सूर्यका जस्तो तेज भएका, मुण्डमाला लगाएका, दाहिने हातमा त्रिशूल लिएका, यस्तो भीषण मूर्ति भएका वीरभद्र महादेवको सामुन्ने उभिई बिन्ती गर्नलागे- 'हे ईश्वर ! हामीहरूलाई किन आराधना गर्नुभयो ? आज्ञा गर्नुहवस् ।' अनि महादेव आज्ञा गर्नुहुन्छ 'हे वीरभद्र ! हे महाकाली ! तिमीहरूलाई डाकेको पापिष्ट दक्षप्रजापतिको यज्ञ विध्वंस गरी, दक्षको पनि संहार गरी, तेत्तीस कोटि देवता सबैको नाश गरेर आओ ! हे वीरभद्र! हे महाकाली । यसै कारण तिमीहरूको आराधना गरेको हुँ । अब नन्दी, भृङ्गी, चौसट्ठी योगिनी, विषमज्वरसमेत भइ दक्षको नाश गर्न जाओ भनी आज्ञा गर्नुभयो । यति महादेवको आज्ञा सुनी नन्दी, भृङ्गी र विषमज्वर, चौसट्ठी योगिनी, भूत-प्रेत, पिशाच सहित भएर मेघ गर्जे झैं सिंहनाद गरी, पृथ्वी कम्पायमान पार्दै, साक्षात् यमराज आए झैं गरी अत्यन्त क्रोधित भइ महादेवको आज्ञा शिरमा राखेर कैलासबाट झरे । यिनीहरूको चाला-माला देखेर पृथ्वीलाई भार थाम्न साह्रै कठिन पर्‍यो । पृथ्वी डोलायमान भइन् । सात समुद्र उर्लिएर यावत् जीवात्मा त्राहि-त्राहि भए ।

यता दक्षप्रजापतिका यज्ञमा पनि अनेक उत्पाद हुनलागे। आकाशमा गिद्ध, काग कराई मण्डलाकार गर्नलागे । स्यालले दुवै आँखा र मुखबाट आगो निकाली कराउँदै हिंड्न लागे । फेरि रगत वृष्टि भयो । वायु विपरीत रूपमा बहन लाग्यो । यस्तो उत्पात भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देखेर यज्ञमा रहेका सबैले हाहाकार गरी कराएर कोही भाग्नलागे। कोही अचेत भए। स्वास्नीमानिस, केटाकेटी र बूढाबूढीहरू भाग्न नसकी भूमिमा ढलेर घोप्टो परी रुन-कराउन लागे। कोही सबैको सम्भार गर्नतिर लागे। कोही अझ अरू के-के उत्पात हुने हो भनी डराएर त्राहि-त्राहि भइरहेका थिए। त्यस्तै वेलामा वीरभद्र र महाकाली गणसहित भएर मेघ गर्जे झैं गर्जन्दै हात्तीका बथानमा सिंह गए झैं गरी दक्षका यज्ञमा पुग्नगए। त्यसपछि यज्ञमा उपस्थित देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूसंग सिंह जुधे झैं गरी संग्राम गरे। त्यो देखेर यज्ञमा रहेका दक्षका छोरीहरू, देवकन्या, गन्धर्वकन्या, नागकन्या, ऋषि, ब्राह्मण, बालक, अप्सराहरू त्राहि-त्राहि, नारायण! नारायण! भनी अघोर शब्दसित रोई कराई दश दिशामा भागे। कोही भाग्न नसकी लडेर टाउकोले टेकी माटो खान लागे। कसैको हात-खुट्टा मर्कियो, भाँचियो र मूर्च्छा परि लोटी रहे। तर विष्णु प्रभृति तेत्तीस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्यहरूले दक्षप्रजापतिका निम्ति आफाफ्ना शस्त्रास्त्र लिई महावीर वीरभद्र र महाकाली माथि प्रहार गर्नलागे। यस्ता प्रकारले परस्पर भयङ्कर संग्राम मच्चियो। दुवैतर्फका सेनाले अघोरसंग युद्ध गरी सिंहनाद गर्दाभए। इन्द्रादि तेत्तीस कोटि देवताले पनि वीरभद्र र महाकालीमा अनेक शस्त्रास्त्र प्रहार गरे। कुन-कुन भने-ब्रह्मास्त्र, इन्द्रास्त्र, देव्यास्त्र, वारुणास्त्र, अग्न्यास्त्र, तोमर, भिन्दिपाल, गदा, खड्ग, मुसल, नागपाश इत्यादिले वीरभद्र, महाकाली, चौंसट्ठी योगिनी, नन्दी, भृङ्गी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमथगण, भूत-प्रेत, विषम ज्वरमाथि प्रहार गरे। यस्ता प्रकारसित आफूलाई प्रहार गरेको देखेर वीरभद्रका गणहरूले पनि ठूलो शब्दसंग गर्जेर फौजभित्र पसी जति पाए उतीको टाउको निमोठी खाए। हात भाँची, खुट्टा भाँची, मुड्कीले हानी, रगत छदाई देवताहरूलाई चूर्ण पारे। फेरि महाकालीले कालजस्तै खड्ग लिई राता-राता आँखा गरी वर्षाकालमा मेघ गर्जे झैं सिंहनाद गरी, मृगका फौजमा सिंह गए झैं तथा सुकेका पातमा आगो लागे झैं गरी क्षणभरिमा नाश गरिन्। फेरि वीरभद्रले आफूमाथि शस्त्रास्त्र वर्षाएको देखेर क्रोधले नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच प्रमथगण समेत शत्रु पक्षका कसैको शिर छुट्याए, कसैको हात-पाउ छुट्याए, कसैको मासू खाए, रगतले मात्तिई कोही नाच्न लागे, कोही हाँस्न लागे, रगतको खोलो बग्यो। कोही दगुर्न थाले। यस्ता प्रकारले कोटि-कोटि देवता र दक्षप्रजापतिका सेनाको संहार गरे। विषण ज्वरले पनि दक्षका सेनामा पसी धेरैलाई अचेत पारे। फेरि दक्षप्रजापतिका तर्फबाट यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग आदिका सेनाले वीरभद्र र महाकाली उपर शस्त्रास्त्र वर्षा गरे। ती समस्त शस्त्रास्त्र वीरभद्र, महाकालीमाथि पर्नासाथ भस्म भए।

अनि महाकाली चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच, प्रमथगणले फेरि दक्षप्रजापतिका सेनालाई मारे र विषमज्वरले पनि सबका शरीरमा प्रवेश गरी अचेत गराए। तब वैकुण्ठनाथ विष्णुले सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग र बाँकी रहेका दक्षप्रजापतिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समस्त सेना अचेत भएका देखेर आफ्नू शरीरबाट शीतज्वर उत्पन्न गरी सबैलाई सचेत गराए। अनि नाना प्रकारका अस्त्र-शस्त्र लिई बत्तीमा पुतली गए झैं वीरभद्रमाथि जाइलागे। वीरभद्रले पनि त्रिशूल उचाली सिंहनाद गर्दै सुकेका खरमा आगो लाग्दा झैं एक क्षणमा कोटि-कोटि दक्षप्रजापतिका सेना मारिदिए। कसैको शिर छैन, कसैको हात छैन, कसैको पाउ छैन, यस्तो स्थिति देखेर कोही रक्षा गर भनी भाग्न नसकी भूमिमा परिरहे। यसरी सैन्य विध्वंस गर्दै जति पाएका देवता समाती यज्ञमा होमी नाश गर्नलागे। वीरभद्रले यस्ता प्रकारले देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिका सेना संहार गरेको र यज्ञ विध्वंस गरेको देखेर विष्णु अत्यन्त क्रोधले राता-राता नेत्र गरी नागले निःश्वास फेरेझैं सुस्केरा हाली अग्निको ज्वाला जस्तो भई बायाँ हातले पाञ्चजन्य शङ्ख बजाई, दाहिने हातले कौमोदकी गदा उठाई संहार कालका रुद्र जाँदा झैं वीरभद्रका सेनामाथि जाइलागे र त्यो देखी देवता, यक्ष, गन्धर्व, दैत्य, नाग, दक्षप्रजापतिका सेनाले 'धन्य-धन्य विष्णु ! तिम्रो जय कल्याण हवस्' भनी आफआफ्ना शस्त्रास्त्र लिई विष्णुका संग लागी लड्न लागे। त्यो देखेर महाकाली क्रोधले अग्निका ज्वाला जस्तो ठूलो ज्वाला निकाली खड्ग उठाई चतुःषष्ठि योगिनी, भूत-प्रेत, पिशाच, प्रमथगणले सहित गएर लड्न लागिन्। जसरी ठूलो वायु चल्दा मेघ खण्ड-खण्ड भएर फाट्तछ, त्यसै गरी यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, दक्षप्रजापतिका सेनालाई दश दिशा भगाइन्। उता विष्णुले निर्धक्कसित वीरभद्रका छातीमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कौमोदकी गदा प्रहार गरे। त्यो गदा गएर वीरभद्रका छातीमा लाग्यो र ती तत्काल मूर्छित भएर भूमिमा ढले। फेरि विष्णुले नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच, प्रमथगणलाई शङ्खको चर्को



(दक्षप्रजापतिको यज्ञमा वीरभद्र र देवताहरुको युद्ध)

स्वर गरी बाण प्रहार गरे र कोही भूमिमा परी मूर्छित भए, कोही भाग्नलागे। संग्रामको त्यो स्थितिमा देवता, यक्ष, गन्धर्व, किन्नर आदि दक्षप्रजापतिका सेनाले धन्य-धन्य विष्णु ! भनी स्तुति गरे र पुष्पवृष्टि पनि गरे। त्यसप्रकार विष्णुले पाञ्चजन्य बजाएको र देवता, यक्ष, गन्धर्व, किन्नर नाग आदि दक्षप्रजापतिका सेनाले धन्य-धन्य विष्णु भनेर स्तुति गरेको मूर्च्छा भइरहेका महावीर वीरभद्रका कानमा पऱ्यो र तत्काल चेष्टा भयो। अनि आफ्ना सेना कोही भूमिमा लडेका, कोही भाग्न लागेका, कोही भागिसकेका यस्तो देखेर अत्यन्त क्रोधित भइ प्रत्यक्ष कालसमान त्रिशूल उठाई नारायणलाई ताकेर वेगले प्रहार गरे। त्यो त्रिशूल विष्णुको छातीमा लागी-त्रिशूलको वेदना सहन नसकी नव-द्वारबाट रगत बगाई संग्राम-भूमिमा नारायण विष्णु भगवान् मूर्छित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भए। अनि वीरभद्रले विष्णु मूर्छित् भएको देखी प्रलय कालका मेघ झैं गर्जना गरे। त्यस्तो कठोर स्वर गरी दक्षप्रजापतिका सेनामाथि जाइलागे र कोटि-कोटि देवताहरूको नाश गरे। वीरभद्र गर्जेको ध्वनि सुनेर अनेक देवताहरू कराई त्राहि-त्राहि भन्दै माग्नलागे। त्यति बेला मूर्च्छा भइरहेका नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच आदिका कानमा वीरभद्रको कठोर गर्जनाको शब्द परेर मूर्च्छाबाट बिउँझी ठिङ्ग उभिएर हेर्दा वीरभद्रले विष्णुलाई मूर्च्छा पारी देवताहरूको नाश गर्न लागेको देखेर 'धन्य! धन्य! वीरभद्र!' भनी कोलाहल शब्द गर्दै दक्षप्रजापतिका सेनामाथि जाइलागे। यस प्रकारले धेरै ठूलो संग्राम भयो।

कुमारजी भन्नु हुन्छ– हे अगस्त्य मुनि ! वीरभद्र र महाकालीले दक्षप्रजापतिका सेनामाथि जाइलागी कुनै देवताको टुप्पी समातेर दुइ टुक्रा पारी मारे। कसैलाई मुड्कीले हिर्काएरै मारे। चौंसट्ठी योगिनीले पनि कतिलाई परक्क निमोठी मारे। कसैका कोखामा हातले प्वाल पारी मुखलगाई रगत पिउन लागे। कतिलाई समातेर यज्ञकुण्डमा होमिदिए। यसरी कोटि-कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूको नाश गरेको देखी वीरभद्रका सेनालें 'जय-जय वीरभद्र !' भनेर कराएको विष्णुका कानमा पऱ्यो र मूर्च्छाबाट उठेर हेर्दा महाकाली र वीरभद्रले दक्षप्रजापतिका सेनाको नाश गरेको देखेर तथा यज्ञ विध्वंस पारी कोटि-कोटि देवताहरूको संहार गर्नलागेको हुनाले अत्यन्त क्रोधित भइ- हे पापिष्ट वीरभद्र ! आज तेरो नाश गर्नेछु, तेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राण लिई दक्षप्रजापतिको यज्ञ पूर्ण गर्नेछु, अनि सम्पूर्ण देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरूलाई सन्तोष हुनेछ। आज एकादश रुद्र तेरो सहायक भएर आए पनि रक्षा गर्न समर्थ हुने छैनन्। सम्पूर्ण दुष्टको नाश गर्ने यो चक्र देखिस ? भनी आफ्नू सुदर्शन चक्र देखाए। विष्णुले भनेको त्यस्ता क्षुद्र वचन सुनी वीरभद्र रिसले मुरमुरिएर भने- हे पापिष्ट विष्णु ! सम्पूर्ण दुष्टको नाश गर्ने चक्र भनेर देखाइस, अब त्यो चक्र मउपर प्रहार गर। म पनि हेरि हालुँ, मुखले भनिरहने मात्र होइन। चक्रको पराक्रम पनि देखिहालुँ। यति वीरभद्रले भनेको वचन सुनी विष्णुले अत्यन्त क्रोधपूर्वक वीरभद्रलाई ताकी सुदर्शन चक्र प्रहार गरे। त्यो सुदर्शन चक्र कुन प्रकारले गयो भने- कोटि सूर्य जस्तो तेज भइ, प्रलय कालको मेघ गर्जे झैं स्वर गरी कालरुद्र गए झैं गयो। यस्ता प्रकारले गएको सुदर्शन चक्रलाई देखेर नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच, प्रमथगणले त्राहि-त्राहि महादेव भनी वीरभद्र र महाकालीका शरणमा गए। अघि समुद्र मथन गर्दा कालकूट विष निस्क्यो र महादेवले जसरी पिउनु भएको थियो, त्यस्तै गरी वीरभद्रले त्यो सुदर्शन चक्र आएको देखेर मुख बाइदिनाले मुखमा पऱ्यो र निल्न तयार भए। त्यो देखेर विष्णुले तत्काल वीरभद्रका मुखबाट सुदर्शन चक्र झिकी त्यहाँबाट अन्तर्धान भएर वैकुण्ठ जाँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां सतीदेवी देह-त्याग-दक्षसेना विध्वंस वर्णनं नाम षष्ठोऽध्यायः ।। ६ ।।

Javatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१७

अथ सप्तमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यस प्रकारले विष्णु अन्तर्धान भएर भागेपछि बाँकी रहेका देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नागहरू सबै हाहाकार गरेर दशदिशामा भागी परस्परमा कुरा गर्नलागे- अब दक्षप्रजापतिको प्रण रहन सक्तैन, किनकि विष्णु भगवानको सुदर्शन चक्र मिथ्या भयो। जुन चक्र लिएर विष्णु सामुन्ने उभिंदा स्वयं महादेव समेत टिक्न सक्नु हुन्नथ्यो, त्यस्ता चक्रधारी नारायणसमेत अन्तर्धान भएर भागे भने, अब हामीहरूको पराक्रमले के गर्न सक्ने छौं ? यस्तै कुरा गर्दै आफ्ना-आफ्ना प्राण बचाउने हो भनी आफ्ना-आफ्ना प्राण बचाउनका निम्ति दश दिशातिर भागे। नारायण प्रभृति देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग, अष्ट दिक्पाल समेत आफ्नो प्राण बचाई भागेका देखी प्रत्यक्ष कालसमान भएका वीरभद्र पनि रिसले जिभ्रो निकाली नागले झैं निःश्वास छाड्दै, लामो सुस्केरा हाली, वर्षाकालको मेघ गर्जे झैं गर्जी दक्षमाथि जाइलागे। अनि दक्षप्रजापतिको टुप्पी समाती भूमिमा पच्छारेर बोध गराए- हे पापिष्ट दक्ष ! तैंले श्रीमहादेवको धेरै निन्दा गरिस्। आफ्नी पुत्री सतीदेवीलाई मारिस् तँ जस्तो पापी संसारमा कोही छैन। महादेव बौलाहालाई नडाकी मलाई के होला भनी त्रिभुवनपति शिवको निन्दा गरिथिस्, अब यस बखत तेरा ज्वाइँहरू कहाँ गए ? अब तेरा ज्वाइँहरूको गुहार मागी आफ्नू प्राणको रक्षा गर ! तेरो यज्ञ बिना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शङ्करले पूर्ण पारुन् ! अब तँलाई पनि यसै यज्ञमा होम्न सके हामी सवैलाई सन्तोष भन्ने अनेक प्रकारले बोध गराई दक्षप्रजापतिको शिर छुट्याई यज्ञमा होमिदिए । यस्ता प्रकारले दुष्टको संहार गरेको देखेर

(वीरभद्रले दक्षको शिर काटेर यज्ञकुण्डमा होमेको)

महाकाली, नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, विषमज्वर, भूत-प्रेत, पिशाच आदिले एकै स्वर गरेर कराए- धन्य-धन्य वीरभद्र ! शिव-निन्दा गर्ने दक्षको नाश गरिदियौ, हे वीर! तिमीसमान प्रतापी र बलवान् यो त्रिभुवनमा पनि हुन दुर्लभ छ भनी नाच-गान गर्दै स्तुति गरे ।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि विरणीले आफ्ना स्वामी दक्षप्रजापतिको शिर छुट्याई यज्ञकुण्डमा होमेको देखेर धैर्य थाम्न नसकी, ठूलो बतासले केराको थाम ढले झैं भूमिमा ढली मूर्च्छा परिन् । केही क्षणमै चेष्टा भयो र आँखाबाट अविरल धारा आँसू बगाउँदै भन्न लागिन्- हे स्वामी ! मलाई यस्ता अवस्थामा अनाथ तुल्याई तिमी कता गयौ ? जगदीश्वर महादेवलाई यज्ञमा नडाकेर निन्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दा तिम्रो यो गति भयो। यो तिमीले नजानेको हो। हे मूढ ! मनमा अज्ञान अभिमान लिएर शिवको निन्दा गर्दा तिम्रो प्राणगयो र मेरो यो अवस्था भयो भनी नाना प्रकारले शोक गरी महावीर वीरभद्रसित बिन्ती गरिन्- हे ईश्वर ! वीरभद्र ! दक्षप्रजापति अज्ञानी हुन्, अहङ्कारी पनि हुन्, तिनलाई ज्ञानको चेष्टा पनि छैन, त्यस्ता मूर्खलाई मारेर तपाईंको के सुकीर्ति वा बढाइँ होला। मलाई विधवा नतुल्याई स्वामी वरदान दिनुहवस्। स्वामी दक्षप्रजापतिलाई व्युँताई मेरो उद्धार गर्नुहवस्। हे वीरभद्र ! आफूले सृष्टि गरेर आफैंले त्यस सृष्टिको संहार गर्नु उचित र योग्य पनि होइन। हे वीर ! तिमी कस्ता भने- सृष्टि स्थिति, संहारकर्ता महारूद्र पनि तिमी- हे भक्तवत्सल ! मेरो मुख हेरी दक्षप्रजापतिको सम्पूर्ण अपराध क्षमा गरी जीवन दान देऊ। विरणीको यस्तो विलाप सुनेर इन्द्रादि देवताले आकाशबाट पुष्प-वृष्टि गरेर भने- हे वीरभद्र ! दक्षप्रजापतिलाई व्यूँताई विरणीलाई सन्तोष दिनुहवस्। यस्तो आकाशवाणी भयो। विरणीले शोक गरेको र देवताहरूले आकाशवाणी गरेको सुनी वीरभद्रलाई अत्यन्त करुणा भयो र विरणीको मुख हेरी भन्न लागे- हे विरणी ! तिम्रो स्तुतिले म प्रसन्न भएँ। तिमीलाई स्वामी वर दिन्छु तर तिम्रो स्वामी दक्षप्रजापतिको शिर मैले यज्ञकुण्डमा होमिसकें। अब यज्ञमा बलि दिएको बोकाको टाउको जोरी ब्यूँताइ दिन्छु, किनकि तिम्रो स्वामीले जगदीश्वर महादेवको अनेक तरहले निन्दा गरेको छ, अतः त्यो पशु हो। यसै कारण पशुकै टाउको जोरिदिन्छु। यति वीरभद्रले भनेको सुनी विरणीले 'हवस्' भनी अंजलि जोरिरहिन्। अनि वीरभद्रले बोकाको टाउको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ल्याई पछिल्तिर मुख फर्काई जोरेर दक्षप्रजापतिलाई ब्यूँताइदिए अर्थात् जीवित पारिदिए। दक्षप्रजापतिले जीवन पाएपछि मनमा सन्तोष मानी



(वीरभद्रले बोकाको टाउको दक्षको गींडमा जोरिदिएको)

छागमुख अर्थात् बोकाको शिर भएको पतिसहित महाकाली र वीरभद्रलाई प्रणाम गरी आफ्नू घर गइन्। त्यसपछि महाकाली र वीरभद्रले पनि कोटि-कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग आदि दक्षप्रजापतिका सेना संहार गरी, यज्ञ विध्वंस पारी आफ्ना नन्दी, भृङ्गी, चतुःषष्ठि योगिनी, भूत-प्रेत, पिशाच, प्रमथगण, विषमज्वर समेत त्यहाँबाट अन्तर्धान भइ कैलास पर्वतमा पुगेर महादेवलाई साष्टाङ्ग दण्डवत् प्रणाम गरी- हे जगदीश्वर हजुरको आज्ञाले पापिष्ट दक्षप्रजापतिको यज्ञ विध्वंस गरी कोटि-कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, दैत्य, नाग आदि दक्षप्रजापतिका सैन्य संहार गरी दक्षको शिर छुट्याएर यज्ञ कुण्डमा होमिसकेपछि दक्षप्रजापतिको स्त्री विरणीले आफ्ना स्वामी दक्षप्रजापतिलाई मारेको देखी अत्यन्त विलाप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नलागी। त्ये देखेर मैले यज्ञ कुण्डमा बलिदान दिएका बोकाको टाउको ल्याई पछाडिपट्टि मुख फर्काई जोरिदिएँ र दक्षप्रजापतिलाई जीवन दान दिएर आएँ भनी बिन्ती गरे। अनि महादेव प्रसन्न भएर आज्ञा गर्नुभयो- 'हे वीरभद्र! हे महाकाली! तिमीहरू धन्य रहेछौ, म सन्तुष्ट भएँ' भनी ती दुवैलाई आफ्नू शरीरमा लीन गराउनु भयो।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि महादेवले आफ्नी प्रिया सतीदेवीलाई सम्झी दक्षप्रजापतिले यज्ञ गरेको स्थानमा गएर यज्ञकुण्डमा निष्प्राण सुतिरहेकी सतीदेवीलाई यज्ञकुण्डबाट झिकी आफ्नू काखामा लिई आँखाबाट आँसू खसाली- हा, सतीदेवी! कैलास शून्य तुल्याई, मलाई एक्लै यस्ता अवस्थामा छाडेर कता गयौ? भनी धैर्य त्यागी काटेको वृक्ष ढल्दा झैं भूमिमा ढली मूर्छित भए। केही बेरमा चेत आयो र- हे प्यारी ! अब मैले बाँच्नु व्यर्थ छ ! एक क्षण पनि नछाडी मेरै अगाडि बसिरहन्थ्यौ र मैले भनेको कथा पुराणहरूमा भुलिरहन्थ्यौ, अब म कसलाई सुनाउँला? मैले भनेको वचन नमान्दा तिम्रो यो अवस्था भयो, मेरो यो हवाल गरायौ, भनी मुड्कीले छाती ठोक्तै आँखाबाट वर्षाकालमा जल वर्षे जस्तो मोतीका दाना झैं आँसूका धारा बगाउँदै फेरि भन्नुहुन्छ- हे प्यारी ! मेरो खाने वस्तु भनेर विष, भांग, धतूरो यो मेरा स्वामीले खाने वस्तु भनी हित भावले रक्षा गरेर राख्दथ्यौ, अब को रक्षा गरिदेला ? फेरि म कतै बाहिर गएर आउँदा हातमा सुनको कमण्डलु लिएर तत्काल पाउ धुन आउँथ्यौ, अबको धोइदेला ? हे प्यारी ! तिमी बिना मेरो चित्त कसरी दृढ भएर रहला?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दै कहिले काखामा लिने, कहिले अंकमाल गर्ने र मुख हेर्ने, कहिले म्वाइँ खाने, कहिले छातीमा हात राख्ने, कहिले आलिङ्गन गर्ने र

(महादेवले मरेकी सतीलाई पीठमा बोकी बौलाहा झैं हिडेको)

कहिले सतीदेवीको हात आफ्नू छातीमा राख्ने-यस्ता प्रकारले नाना शोक गरी सतीदेवीलाई पीठ्मा लिई हा सती ! भनी बौलाहा जस्तो भइ पृथ्वीमा भ्रमण गरी हिंड्नुभयो। महादेवले पीठ्मा बोकेको हुनाले सतीदेवीको अङ्ग गलित र दुर्गन्ध पनि केही भएन, निदाए जस्ती भएर शिवका पीठ्मा रहिरहिन्।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि! वास्तवमा दक्षप्रजापतिले महादेवलाई यज्ञमा नडाक्ने मुख्य कारण के थियो भने- अघि प्रयागराजमा एकत्र भएर मुनिहरूले एक ठूलो यज्ञ गरे। त्यसमा स्वयं ब्रह्माजी पनि उपस्थित हुनुहुन्थ्यो। त्यहाँ ठूला-ठूला ऋषि-मुनिहरूले ज्ञानकुण्डका विषयमा चर्चा गरिरहेका थिए। त्यसै वेला आफ्ना सारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणहरूलाई साथमा लिएर शिवजी पनि सतीदेवीका साथ त्यस सभामा पुग्नुभयो। सबैले भक्तिपूर्वक प्रणाम गरेर शिवको स्तुति गरे। त्यसपछि प्रजापतिहरूका स्वामी दक्ष पनि त्यस सभामा पुगे र केवल ब्रह्माजीलाई प्रणाम गरेर ब्रह्माको आज्ञाले सुयोग्य आसनमा बसे। अनि सबैले तेजस्वी दक्षप्रजापतिको पूजा गरे, तर परमस्वतन्त्र लीलाविहारी महेश्वर चाहिं आफ्नू आसनमै बसिरहे, उनले दक्षप्रजापतिलाई प्रणामसम्म पनि गरेननन्। शिवको त्यस्तो चाला देखेर दक्षप्रजापति अत्यन्त क्रोधित भएर सभाका माझमा सबैलाई सुनाएर शिवलाई धेरै अपशब्द भन्दै कराए- यो पाखण्डी, दुर्जन, पापी, बौलाहा, ब्राह्मण-निन्दक, स्त्री-लम्पट, तामसी, नसेबाज, सदैव स्त्रीमै आसक्त रहन्छ। सम्बन्धले यो मेरो ज्वाइँ हुनाले छोरो तुल्य भएर पनि यसले मलाई प्रणामसम्म गरेन। यसै कारण म यसलाई श्राप दिन्छु- हे ब्राह्मण हो! हे देवता हो ! तिमीहरू सबै सुन- म यसलाई बहिष्कार गर्दछु। आजदेखि यसले देवताका साथ भाग पाउने छैन। यस्तो सुनेर नन्दीश्वरका नेत्र राता-राता भए र उनले बेसरी हप्काए। अनि दक्षप्रजापतिले नन्दीश्वरलाई पनि श्राप दिए र शिवका समस्त गणहरूलाई पनि मनपरि श्राप दिए। अनि नन्दीश्वर बेसरी रिसाए। उनले पनि अभिमानी दक्षलाई भने- ए दुष्ट बुद्धि भएको दक्ष ! के तँ शिवतत्त्वलाई जान्दैनस्! यो जो तैंले भृगु आदि ऋषि-मुनिहरूको बीचमा महाप्रभु शिवजीको उपहास गरिस्, यो तेरो अहङ्कारले बढेको हो। अब म पनि शिवका प्रभावले तँलाई श्राप दिन्छु- तँ सहित सारा ब्राह्मणले वेदको अर्थ नबुझेर केवल आशीर्वादमा नै विश्वास गरुन्। जब क्रोधित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नन्दीश्वरले यस प्रकारको श्राप दिए तब त्यहाँ हाहाकार मच्चियो। अनि भगवान् शङ्करले नन्दीश्वरलाई सम्झाउँदै भन्नु भयो- 'बुद्धिमान! तिमीले यसरी क्रोध गर्न हुँदैनथ्यो। म ब्राह्मण र वेदलाई श्रापदिन्न। तिमी वास्तवमा यस्तो सम्झ कि दक्षको श्रापले मलाई छुन सक्तैन। अब तिमी शान्त होऊ। तब नन्दीश्वर शान्त भए। शिवजी आफ्ना सबै गणहरू लिएर आफ्नू धाममा जानुभयो। दक्षप्रजापति पनि ब्राह्मणहरूलाई साथमा लिएर आफ्नू बाटो लागे। त्यहींदेखि दक्षप्रजापति शिवनिन्दक कहिन लागेका हुन्। हे अगस्त्य मुनि ! अब म तिमीलाई सतीदेवीको अङ्ग जहाँ-जहाँ पतन भयो र पीठ उत्पत्ति भएको कुरा सुनाउने छु, एकचित्त भएर सुन–

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! शिवजीले शोक गरेर सतीदेवीलाई पीठमा बोकी हिंडेको देखेर यावत् प्राणी शोकाकुल भए। इन्द्रादि तेत्तीस कोटि देवताले विष्णु कहाँ गएर यो कुरा बिन्ती गरे- हे भगवन् ! महादेवले सतीदेवीको मृत शरीर बोकेर बौलाहा जस्ता भएर हिंडिरहेका छन्। शिवजीले बोकेका हुनाले सतीदेवीको शरीर गलित अथवा दुर्गन्ध केही भएको छैन। जबसम्म सतीदेवीको शरीर शिवको पीठमा रहला तबसम्म शिवजी बौलाहा जस्तै रहनेछन्। अतः संसारको कार्य शिवजी नभइ कसरी चल्नेछ। तसर्थ सतीदेवीको अङ्ग पतन गराउन हजुरले केही उपाय गर्नुपर्‍यो। इन्द्रादि देवताको यस्तो कुरा सुनेर भगवान विष्णु भन्नुहुन्छ- 'हे देवता हो ! यो भलो कुरा भन्यौ, म यसको उपाय गर्नेछु।' विष्णुको आज्ञा सुनेर देवताहरू स्वर्ग गए। ती देवता गएपछि विष्णुले आफ्नू मायाले माखा (झींगा) उत्पन्न गरे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१८ त्यसपछि झींगाले सतीदेवीको अङ्गमा औंसा पारी कुड्कै-कुड्का भएर खस्ने तुल्यायो। त्यसपछि जहाँ-जहाँ सतीदेवीको अङ्ग पतन भयो, त्यहाँ-त्यहाँ ब्रह्माले एक-एक स्वयम्भू लिङ्ग उत्पन्न गराए।

पहिले नेपाल खण्डमा पुगेर गुह्य पतन भयो, नेपाल पीठ, गुह्येश्वरी देवी, चन्द्रघण्टा योगिनी, सिद्धेश्वर महादेव उत्पत्ति भए, शिवशक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा इन्द्रादि देवताआई तपस्या गरे। ईश्वरी प्रसन्न भएर 'सत्य, त्रेता, द्वापर र कलि यी चारै युगमा हामी देवताकै नामले प्रख्यात होऔं' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि कामरूपमा पुग्दा छाती पतन भयो। कामरूप पीठ, कामाक्षा देवी, कीर्ति योगिनी र चक्रेश्वर महादेव उत्पत्ति भए। शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा यक्षगण आई तपस्या गरे। ईश्वरी प्रसन्न भएर वर माँग भनिन्। यक्षगणले स्वर्ग, मर्त्य, पातालमा हामी यक्षगणको नामले प्रख्यात होऔं भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि वाराणसीमा गई शिर पतन भयो, वाराणसी पीठ, विशालाक्षी देवी, सङ्कटा योगिनी विश्वेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा गन्धर्वगण आई गान-बजान गरी तपस्या गरे, ईश्वरी प्रसन्न भई 'वाक्य-सिद्धि ह्वस्' भनी वरदान दिइन्। फेरि पौरबन्धमा पुगेर दाहिने कान पतन भयो। पौरबन्ध पीठ, अम्बिका देवी, चन्द्रवेगा योगिनी, धनेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा दैत्यगण आई तपस्या गरे। ईश्वरी प्रसन्न भई 'देवगणलाई जित्न सके' भनी वरदान दिइन्। फेरि काश्मीरमा पुग्दा जिब्रो पतन भयो। काश्मीर पीठ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शारदादेवी, घोरघण्टा योगिनी, श्रमधारेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा किन्नरगण आई तपस्या गरे, ईश्वरी प्रसन्न भई 'मनोवाञ्छा सिद्धि हवस्' भनी वरदान दिइन्। फेरि कन्नौजमा पुगेर अङ्गको छाला पतन भयो, कान्यकुब्ज पीठ, झंकेश्वरी देवी, चन्द्रघण्टा योगिनी, दुग्धेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा रावण आई तपस्या गऱ्यो, ईश्वरी प्रसन्न भई 'देवलोक जित्नसके' भनी वरदान दिइन्। फेरि पूर्णगिरिमा गई बायाँ कान पतन भयो, पूर्णगिरि पीठ, कपाल कुण्डला योगिनी चन्द्रेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा गन्धर्वगण आई तपस्या गरे, ईश्वरी प्रसन्न भएर 'इन्द्रको अगाडि नाच-गानमा कहिल्यै नचुके' भनी वरदान दिइन्। फेरि चामुण्डाचलमा पुग्दा नङ पतन भयो, चामुण्डाचल पीठ, प्रकम्पनी देवी, कालिका योगिनी इच्छाविरुकेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा नारद ऋषि आई तपस्या गरे। ईश्वरी प्रसन्न भई 'तिम्रो वाक्य सिद्ध हवस्' भन्ने वरदान दिइन्। फेरि अस्ताचलमा गई दाहिने हात पतन भयो, अस्ताचल पीठ, कर्तेश्वरी देवी, एकाक्षी योगिनी, निद्रापतीश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा राधिकागण आई तपस्या गरे। ईश्वरी प्रसन्न भई 'सदा-सर्वदा कृष्ण तिमीहरूका दाहिने रहुन्' भनी वरदान दिइन्। फेरि एकावीरमा पुग्दा बायाँ हात पतन भयो, एकावीर पीठ, सिद्धेश्वरी देवी, सिद्धा योगिनी, दधीश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस रत्न भूमीमा करबीर आदि श्मशान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आई तपस्या गरे, ईश्वरी प्रसन्न भई 'सम्पूर्ण मृतकको दाह गर्न सके' भनी वरदान दिइन्। फेरि त्रिश्वेतमा पुगेर मलद्वार पतन भयो, त्रिश्वेत पीठ, महाकालेश्वरी देवी, विकटदन्ता योगिनी, त्रिपुरेश्वर महादेव उत्पत्ति भए। शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा यमराज आएर अनेक उपचारले पूजा गरेर तपस्या गरे, ईश्वरी प्रसन्न भएर 'ब्रह्माको सृष्टि संहार गर्न सके' भनी वरदान दिइन्। फेरि कामरोष्ठमा पुगेपछि घाँटी पतन भयो, कामरोष्ठ पीठ, कामिनी देवी, कामेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा पृथ्वी आई नाना उपचारले पूजा गरेर तपस्या गरिन्। ईश्वरी प्रसन्न भएर 'सृष्टि स्थान भएस्' भनी वरदान दिइन्। फेरि कैलास पर्वतमा पुगेर दाहिने पाऊ पतन भयो। कैलास पीठ, पार्वती देवी, अम्बिका योगिनी, विश्वम्भरेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा चर्तुमुख ब्रह्मा आएर अनेक यज्ञादि गरी तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन्। ब्रह्माले स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा सृष्टिकर्ता हुन पाऊँ भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि भृगुमा गई माथिल्लो दाँत पतन भयो, भृगुपीठ, मिताक्षी देवी, ब्रह्मदाहा योगिनी, सत्येश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा धर्मदत्त राजा आएर योग-मार्गले तपस्या गरे, ईश्वरी प्रसन्न भई 'तिमीलाई कसैले पनि पराजित गर्न नसकून्' भनी वरदान दिइन्। फेरि केदारमा पुगी बायाँ हात पतन भयो, केदार पीठ, केदारेश्वरी देवी, चामुण्डा योगिनी, कोटेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा दकादश रुद्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएर योगमार्गले तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, एकादश रुद्रले 'हामी सबैको तेज र शक्ति समान होओस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि चन्द्रपुरमा पुग्दा दक्षिण नेत्र पतन भयो, चन्द्रपीठ, सिद्धेश्वरी देवी, सिद्धा योगिनी, प्रकाशेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्टवसु आएर षोडशोपचारले पूजा गरी तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन्, अष्टवसुले 'हाम्रो इच्छा सिद्धि हवस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि एकावीरमा पुगेपछि नाभि पतन भयो, एकावीर पीठ, एकवीरा देवी, गोरक्षा योगिनी, हाटकेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा नागहरू आएर अनेक रत्नहरू चढाई पूजा र तपस्या गरे। ईश्वरी प्रसन्न भई वरदान माग भनिन्, नागहरूले 'सप्त पातालको अधिपतित्व प्राप्त होस्' भनी मागे ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि जालन्धरमा पुगेपछि तल्लो ओठ पतन भयो, जालन्धर पीठ, जालपा देवी, ज्वालामुखी योगिनी, पिशाचेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा कामधेनु आएर नित्य दूध चढाई तपस्या गरिन्। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र कामधेनुले- 'मेरो दूध, मल-मूत्र पवित्र होस्।' भनी मागिन्, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि मल्लवीमा पुगेर बायाँ पैताला पतन भयो, मल्लवी पीठ, महाकाली देवी, कराला योगिनी, भूपालेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा द्वादशादित्य आई कष्टपूर्वक तपस्या गरे। ईश्वरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न भएर वरदान माग भनिन्। द्वादशादित्यले 'बाह्र महीनाका अधिपति होऔं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि कुशलान्तमा पुगेर कपालमा केश पतन भए। कुशलान्तक पीठ, श्मशानकाली देवी, भूतघण्टा योगिनी, क्षीरेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्ध भूमिमा अश्विन्यादि सत्ताइस नक्षत्र आएर तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र 'ज्योतिष शास्त्र हाम्रो अधीनमा रहोस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि देवीकोटमा गएर बायाँ घुँडा पतन भयो। देवीकोट पीठ भद्राक्षी देवी, ललिता योगिनी, मातेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा मेष आदि बाह्र राशि आएर तपस्या गरे। ईश्वरी प्रसन्न भई वरदान माग भनिन्। बाह्र राशिहरूले 'मनुष्यहरू हाम्रा अधीनमा रहुन्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि गोकर्णमा गई बायाँ कान पतन भयो, गोकर्ण पीठ, भैरवीदेवी, एकजंघा योगिनी, जागेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा विष्कुम्भादि योगले निकै कष्टपूर्वक तपस्या गरे। ईश्वरी प्रसन्न भई वरदान माग भनिन्। योगहरूले 'ज्योतिष शास्त्र हाम्रो अधीनमा रहोस्' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि मातुलेश्वरमा पुग्दा दाहिने स्तन पतन भयो। मातुलेश्वर पीठ, योगेश्वरी देवी, पिङ्गला योगिनी, बुधराधेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा कश्यपादि ऋषिहरू आएर तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्। ऋषिहरूले 'चारै वेद हाम्रो अधिकारमा होउन्'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि अट्टहासमा पुगेर तल्ला दाँत पतन भए, अट्टहास पीठ, भ्रामरीदेवी, शङ्खधारा योगिनी, शतभूतेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा वाग्मती प्रभृति गङ्गा आएर जल चढाई भक्तिपूर्वक तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, वाग्मती प्रभृति गङ्गाले 'भुक्ति मुक्तिको अधिकार पाउँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि विश्वमा पुगेर वायाँ स्तन पतन भयो। विश्व पीठ, भुवनेश्वरी देवी, भुवनायोगिनी, कृष्णवर्णेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा श्रीकृष्ण आई तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, श्री कृष्णले 'तीनै लोकका स्त्रीहरू मदोखि मोहित हउन्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

कुमारजी आज्ञा गर्नु हुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि राजगृहमा पुगेर दाहिने कुहुना पतन भयो, राजगृह पीठ, राजगृहेश्वरी देवी, उल्का-मुखी योगिनी, हरेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा वायु आएर सुगन्ध चलाई तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र वायुले 'सम्पूर्ण जीवात्मा जति छन् तिनको प्राणवायु हुन सकौं' भनी मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि महापन्थमा पुगेर बायाँ कुहुना पतन भयो, महापन्थ पीठ, प्रचण्ड चण्डिका देवी रेणुका योगिनी, विश्वामित्रेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अप्सराहरू आएर नाच-गान गरी तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र अप्सराहरूले 'इन्द्रादि देवताहरूलाई मोह गर्न सकौं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि कोलापुरमा पुगेर उदर पतन भयो, कोलापुर पीठ, महालक्ष्मी देवी, नन्दा योगिनी, श्मशानेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्य-भूमिमा विष्णुका वाहन गरुड आई अनेक रत्नादि र फल-फूल चढाई तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, गरुडले 'नागहरू मेरा अहारा हउन्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि एकापुरमा पुगेर दाहिने घुँडा पतन भयो, एकापुर पीठ, साधुक्षि देवी, शंकुपाशा योगिनी, उन्मत्तेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पवित्र भूमिमा प्रस्तर (शिला)हरू आएर तपस्या गरे। ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र शिलाहरूले 'देवताका अङ्गमा लागौं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि ॐ कारेश्वरमा पुग्दा माथिल्लो ओठ पतन भयो। ॐकार पीठ, मातृकादेवी, पूर्णोदरी योगिनी, सन्तानेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा कल्पवृक्ष आएर नाना उपचारले पूजा र तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, अनि कल्पवृक्षले 'जे चितायो उही फलाउन सकूँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि जयन्तीपुरमा गएर कलेजो पतन भयो र जयन्तीपुर पीठ, जयन्ती देवी, खेचरा योगिनी, कल्पेश्वर महादेव उत्पति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा तुलसी-कुश आएर तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, तुलसी-कुशले 'स्वर्ग, मर्त्य, पाताल तीनै लोकले हामीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मानुन्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि उज्जयनमा गई रगतको डल्लो पतन भयो, उज्जयन पीठ, महाकाली देवी, ललज्जिह्वा योगिनी, झंकेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरुपले रहे। त्यस पुण्यभूमिमा हिमालय पर्वत आई तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन्, हिमालय पर्वतले 'देवता, मनुष्य आदि सबैलाई मोक्ष दिन सकूँ' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि चरित्रपुरमा पुगेर दाहिने करङ पतन भयो, चरित्रपुर पीठ, सवर्णेश्वरी देवी, चित्रवर्णा योगिनी, वायव्येश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस सिद्धभूमिमा योगिनीगणहरू आएर तपस्या गरे र समस्त ईश्वरी प्रसन्न भई वरदान माग भनिन् योगिनी गणहरूले योग सिद्धि होस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि क्षीरिकापुरमा गई भुँडी पतन भयो, क्षीरिकापुर पीठ, युगाद्या देवी, कलङ्का योगिनी, सहस्रनेत्रेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस मोक्षभूमिमा मातृकागण आई नाना उपचारले पूजा र तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, मातृकागणले 'स्थानका मालिक हुन पाऊँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भी वरदान दिइन्। फेरि हस्तिनापुरमा पुगेर दाहिने कुम पतन भयो, हस्तिनापुर पीठ, चण्डेश्वरी देवी, कोटराक्षा योगिनी, मुसुखारेश्वर महादेव उत्पत्ति भए, शिव-शक्तिस्वरूपले रहे। त्यस पुण्यभूमिमा सुदर्शन चक्र आएर तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, सुदर्शन चक्रले 'संहारकर्ता हुन पाऊँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि उड्डीयनमा गएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

११

शिर पतन भयो, उड्डीयन पीठ, चित्रकला देवी, पिंगलाक्षा योगिनी, यज्ञेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा हनुमान् आएर नाना फल-फूल चढाई, खेली-कूदी तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र हनुमानले 'रामचन्द्रको सेवक भई लङ्का डढाउन सकूँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि प्रयागमा गएर फोक्सो पतन भयो, प्रयाग पीठ, सुन्दरी देवी, सिंहजंघा योगिनी, महीदेवेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा दश अवतार आई तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र दश अवतारले 'सत्य, त्रेता, द्वापर र कलि चारै युगमा दुष्ट-दैत्यहरूको संहार गर्न सकौं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि विश्वमा गई मिर्गौला पतन भयो, विश्व पीठ, झंकेश्वरी देवी, झङ्काली योगिनी, कुण्डलेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा विश्वकर्मा आएर नाना चित्र-विचित्र गरी देवालय बनाई तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्। विश्वकर्माले 'मेरो कीर्ति सत्य, त्रेता, द्वापर र कलि चारै युगमा चन्द्र-सूर्य रहेसम्म रहोस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि मायापुर (हरिद्वार) मा गई फियो पतन भयो, मायापुर पीठ, मायादेवी, चञ्चला योगिनी, तपस्येश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस तपोभूमिमा चतुःषष्टि लिंग आएर जप, ध्यान सहित तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, र चतुःषष्टि लिंगले 'स्वयम्भू लिंग भएर रहौं' भनी मागे र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फेरि मल्लगिरिमा पुगेर बायाँ कुम पतन भयो, मल्लगिरि पीठ, मालिकादेवी, कलङ्कजिह्वा योगिनी, उमेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा भूत-प्रेत, पिशाच आदि आएर नाची-खेली तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र भूत-प्रेत, पिशाचले 'सधैं हजूरको नगीचमा बस्न पाऊँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि शेरपुरमा पुगेर तालु पतन भयो, शेरपुर पीठ, उमादेवी, अष्टवक्त्रा योगिनी, योगेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा गई सत्यले तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र सत्यले 'सत्यमा रहनेहरूको उद्धार गर्न सकूँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि मलयगिरिमा गई आसन पतन भयो, मलयगिरि पीठ, वज्रेश्वरी देवी, कोमला योगिनी, जागेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमां गएर कलियुगले तपस्या गरे। ईश्वरी प्रसन्न भई वरदानं माग भनिन्। कलियुगले- 'मनुष्यको बुद्धि भ्रष्ट पार्न समर्थ होऊँ' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि नीलगिरिमा पुग्दा मुकुट पतन भयो, नीलगिरि पीठ, विश्वम्भरी देवी, सरला योगिनी, आनन्देश्वर महादेव उत्पन्न भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा आदित्यादि नवग्रहहरूले तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र आदित्यादि नवग्रहले 'लाभ-हानिको अधिकार पाऔं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि मेरुगिरिमा पुगेर शुचिस्थान पतन भयो। मेरुगिरि पीठ, पूर्णादेवी, कपालिनी योगिनी, जिह्वापतेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वरूपले रहे। त्यस मोक्षभूमिमा सप्त नागहरू आई हीरा-मोती आदि नाना रत्न चढाई तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र सप्त नागहरूले 'हाम्रो शरीर अगम्य होस्' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि महीन्द्राचलमा पुगेर दाहिने तिग्रा पतन भयो। महीन्द्र पीठ, इन्द्राणीदेवी, ऊर्ध्वगमना योगिनी, तारकेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा नाना थरिका द्रव्य चढाई लक्ष्मीले सेवा गरिन् र ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, लक्ष्मीले 'कार्तिक कृष्ण अमावस्याका दिन सम्पूर्ण लोकले पूजा गरी मेरो सम्मान गरुन्' भनी मागिन् र ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि वानरपुरमा गएर बायाँ तिग्रा पतन भयो, वानरपीठ, कामेश्वरी देवी, मेरुण्डा योगिनी, वेदान्तेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस मोक्ष-भूमिमा कमल आदि नाना पुष्पहरू आई सुवास दिएर तपस्या गरे, ईश्वरी प्रसन्न भई वरदान माग भनिन् र कमल आदि फूलहरूको 'पूजा कालमा प्रसस्त होऔं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि हिरण्यपुरमा गएर सुतस्थान (गर्भस्थान) पतन भयो, हिरण्य पीठ, नवरत्नेश्वरी देवी, त्रिपुरेन्द्रा योगिनी, नादेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्य भूमिमा सरस्वती आई अनेक स्तुतिका साथै तपस्या गरिन्, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, सरस्वतीले- 'यावत् जीवात्मा जति छन्, तिनको वाणीमा मेरो निवास होस्' भनेर मागिन्। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि महालक्ष्मीपुरमा गई बायाँ करङ पतन भयो, महालक्ष्मीपुर पीठ, कमलाक्षी देवी, दिगम्बरा योगिनी, त्रिकूटेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस पुण्यभूमिमा अणिमादि अष्ट सिद्धि आई योगमार्गले तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, र अष्ट सिद्धिले 'अमर होऔं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि उद्यानमा गई कण्ढ्याउको पतन भयो, उद्यान पीठ, त्रिपुरसुन्दरी देवी, सुशंकोदरी योगिनी, भैरवेश्वर महादेव उत्पत्ति भए। शिव-शक्ति स्वरूपले रहे। त्यस आनन्द-भूमिमा मेघ आई मानसोपचारले पूजा र तपस्या गरे, ईश्वरी प्रसन्न भएर वरदान माग भनिन् र मेघले 'संसारलाई जलदान दिई उद्धार गर्न सकौं' भनी मागे। ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्। फेरि छायाक्षेत्रमा पुग्दा बाँकी रहेका सम्पूर्ण अङ्ग पतन भए। छायाछत्र पीठ, छत्रेश्वरी देवी, सुसुकोदरा योगिनी, पिशाचेश्वर महादेव उत्पत्ति भए, शिव-शक्ति स्वरूपले रहे। त्यस पुण्यभूमिमा अष्ट भैरव आई नाना प्रकारका उपचारले पूजा र तपस्या गरे। ईश्वरी प्रसन्न भएर वरदान माग भनिन्, अष्ट भैरवले 'मातृका गणको अधिपति होऔं' भनी मागे, ईश्वरीले 'तथास्तु' भनी वरदान दिइन्।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! यस्तै प्रकारले जहाँ-जहाँ सतीदेवीको अङ्ग पतन भयो, त्यहाँ-त्यहाँ एक-एक पीठ र स्वयम्भूलिंग उत्पत्ति हुँदै गयो। ब्रह्माजीका पीठहरूको, विष्णु भगवानका पीठहरूको, सूर्यनारायणका पीठहरूको, गणेशका पीठहरूको र भैरवका पीठहरूको समेत अनेकानेक पीठहरूका विभिन्न घटना-क्रमको आधारमा उत्पत्ति भएको छ। यी पीठहरू आफाफ्नो सम्प्रदाय र चलिआएको परम्परा अनुसार भिन्न-भिन्न हुन्छन्। अतः आफ्नो कुल परम्परा र सम्प्रदाय मार्गको रहस्य समेत राम्ररी बुझेर चलिआएको परम्परा अनुसार पीठको मर्यादा जानेर आश्रय लिनुपर्दछ। सामान्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपमा सबै पीठहरूको संख्या साढे सात करोड छ। यसमध्ये पञ्चाशत पीठको मात्र दर्शन गर्‍यो भने पनि मनुष्य संसारबाट मुक्ति पाउन सक्तछ। मनुष्य जन्म पाएर पञ्चाशत पीठको पनि दर्शन गर्न सकेन भने त्यसको जन्म व्यर्थ मान्नुपर्दछ। पीठको रहस्य जाने-बुझेर एक पीठको मात्र दर्शन गरे पनि जन्म सफल हुन्छ, यसमा शंका छैन।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि! त्यसपछि सतीदेवीको सम्पूर्ण अंग पतन भइसकेर पनि श्री महादेवले चित्त दृढ गर्न नसकी हा सतीदेवी! हा सतीदेवी! भनी भूमिमा मूर्च्छित भए। फेरि चेष्टा आयो र लामो सुस्केरा हाली सतीदेवीलाई नै सम्झी बौलाहा जस्ता भएर जहाँ-तहाँ घुम्दै नेपाल अधिराज्यको राजधानी भित्रको मृगस्थली भन्ने क्षेत्रमा पुग्नुभयो। त्यही मृगस्थलीमा इन्द्रादि देवताहरू पनि तारकासुर दैत्यको भयले लुकेर बसेका थिए। सहसा त्यहीं महादेव भौंतारिदै आउनु भएको देवताहरूले देखेर दण्डवत् प्रणाम गरी विन्ती गर्नलागे- 'हे ईश्वर ! हजूरको नगीच मृतक छैन, आँखा उधारेर हेर्नुहवस्। पापिष्ट तारकासुरले इन्द्राणी समेत सारा अमरावती खोसेर लियो। त्यसलाई ब्रह्माजीले वरदान दिनुभएको हुनाले अजेय छ। अतः हामी इन्द्रादि देवगणले युद्ध गर्न नसकी भागेर यहाँ आई लुकेर बसेका छौं। हाम्रो रक्षा गर्न तारकासुर दैत्यको संहार गर्नु हवस्।' यति इन्द्रादि तेत्तीस कोटि देवताहरूले विन्ती गरेको सुनी महादेवले आँखा उघारेर हेर्नुभयो, अनि इन्द्रादि देवताहरूलाई देखेर केही पनि उत्तर नदिई सतीदेवीलाई नै सम्झेर हा सती ! भन्दै त्यहाँबाट पनि जानुभयो। हे अगस्त्य मुनि महादेवले शोक गरेको संसारमा भएका सम्पूर्ण संसारका कुनै जीवले पनि सहन सकेनन् अर्थात् प्रत्येक जीवात्मा दुःखी भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तै प्रकारले शोक गरेर दिव्य एक सय वर्ष पर्यन्त पृथ्वी भ्रमण गरेर हिंडिरहनु भयो ।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि एक दिन भगवान् शिवले चित्त दृढ गरी हेर्दा सतीदेवीको शरीर आफूसित रहनेछ भन्ने जानेर- अब कसो गरूँ, कहाँ जाऊँ ? भन्दै सकेसम्म चित्तलाई धैर्य दिई, अब तपस्या गर्न उत्तरापन्थमा जान्छु भनी हिंड्नु भएको तर चित्त दृढ हुन नसकी भ्रम भएर उत्तरतिरको बाटो छाडेर दक्षिणको बाटो लागेर जाँदा-जाँदा कर्णाटक नगरको ब्रह्मपुत्र भन्ने स्थानमा पुग्नु भएछ । त्यहाँका ऋषिहरू गङ्गा-स्नान गर्न गएका थिए, महादेव त्यतैबाट जानु भएको ऋषि-पत्नीहरूले देखे र परस्पर कुरा गर्नलागे- 'हे ऋषिपत्नी हो ! ती जानेलागेका महादेव हुन् । हेर सतीदेवी मर्नाले बौलाहा जस्तै भएर भौंतारिइरहेका छन् । हाम्रा ऋषिहरू एकभक्त बस्नाले दुर्बल पनि छन्, अतः हामीलाई कामभोगमा सन्तुष्ट पार्न सक्तैनन् । अतः हामीहरू श्रीमहादेवका पछिलागेर जाऔं' भन्दै महादेवका पछि सारा ऋषिपत्नीहरू जाँदा भए । ऋषिपत्नीहरू त्यसरी हिंडेका गङ्गा-स्नान गर्न गएका ऋषिहरूले थाहा पाएर खोज्दै गए । केही पर पुगेर बाटोमा भेट्टाई- हे महादेव ! हाम्रा स्त्रीहरू किन हरण गरेर ल्यायौ ? भनेर सोधे । ऋषिहरूले त्यस्तो भनेको सुनेर महादेवले भन्नुभयो- 'तिम्रा स्त्रीहरू म किन हरण गरेर ल्याउँदथे ।' महादेवले त्यति भनेपछि ऋषिहरूले- 'यी तिम्रा पछिलागेर आएका को हुन् त?' भने । अनि महादेवले फर्केर हेर्दा ऋषिपत्नीहरूलाई देख्नुभयो । अनि 'मैले ल्याएको ता होइन, किन आएछन्' भन्नुभयो । अनि ऋषिहरूले- हे महादेव ! तिम्रो लिंग देखेर हामीहरूका स्त्री पछिलागेका हुन् । अतः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रो त्यो लिंग पतन होओस्' भनी श्राप दिए। ऋषिहरूको श्रापले तत्काल महादेवको लिंग पतन भयो र त्यही लिङ्गबाट एक ज्योतिर्लिङ्ग उत्पत्ति भई सारा ब्रह्माण्ड ढाक्न लाग्यो। अनि समस्त देवता प्रभृति ऋषि-मुनि, यक्ष, गन्धर्व, किन्नर, दैत्य तत्काल श्रीविष्णु भगवानकहाँ पुगेर लिंग उत्पत्ति भएको विवरण सुनाई बिन्ती गरे- हे वैकुण्ठनाथ! श्रीमहादेवको ज्योतिर्लिङ्ग उत्पत्ति भई सारा ब्रह्माण्ड ढाक्न लाग्यो। त्यो स्थिति देखेर बिन्ती गर्न आयौं, अब जे गर्ने हो, तत्काल गर्नुहवस्। ब्रह्मादि देवताको प्रार्थना सुनी विष्णु भगवान् तुरुन्त उठेर त्यो ज्योतिर्लिङ्गलाई अँगालो हाल्दैमा साम्य भयो। त्यो देखेर समस्त देवता, यक्ष, गन्धर्व, किन्नरहरूले धन्य-धन्य विष्णु भनी अनेक प्रकारले उनको स्तुति गरेर आफ्ना-आफ्ना आश्रममा गए। त्यसपछि त्यही ज्योतिर्लिङ्गबाट प्रकट भएर श्रीमहादेवले ऋषिहरूलाई भन्नुभयो- हे ऋषि हो ! तिमीहरूले म निर्दोषलाई श्राप दियौ- अतः तिमीहरूको पनि विष्णुको र मेरो सेवा नगरी वाक्य शुद्ध नहोओस्, फेरि ब्राह्मणीहरू पनि विष्णुकी वा मेरी पत्नीको सेवा नगरी एक पुरुष मानेर बस्न नसकून्।' यति श्राप दिएर उत्तरापन्थमा गएर काम, क्रोध, लोभ, मोह छाडी सम्पूर्ण इन्द्रिय बाँधी परब्रह्ममा चित्त लगाई कठोर तपमा लीन हुनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां दक्ष-यज्ञ विध्वंस, शिव पृथ्वी-भ्रमण सती अङ्ग पतन पीठोत्पत्ति वर्णनं नाम सप्तमोऽध्यायः ।। ७ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ अष्टमोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! दक्षको यज्ञकुण्डबाट सतीदेवीको मृत शरीर बोकेर हिंडेका शिवजी र सतीको अङ्ग-पतन भइसकेपछि महादेव उत्तरापन्थमा गएर तपस्यामा लीन हुनुभएको कथा तिमीलाई सुनाइसकें, अब के सुन्ने इच्छा छ भनी स्कन्द कुमारले सोधेपछि अगस्त्य मुनि विन्ती गर्नुहुन्छ- हे कुमार ! तारकासुर दैत्य को थियो ! त्यसको वध किन कसरी र कसले गरेको हो ? त्यो सबै आज्ञा हवस् भनी बिन्ती गर्दा कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! पूर्वकालमा यौटा वज्रांग नामको दैत्य थियो। त्यसको छोरो तारक नामको दैत्य असाध्य बलवान् थियो। त्यो तारक दैत्यले समस्त देवताहरूलाई तिनका निवासस्थानबाट बलपूर्वक निकालिदियो। त्यसरी निकालिएका सबै इन्द्रादि देवताहरू भयले थर-थर काम्दै पितामह ब्रह्माका शरणमा पुगे। त्यसरी डरले थरहरि भएका देवताहरूलाई देखेर पितामह ब्रह्माजीले आज्ञा भयो- हे देवता हो ! डराउनु पर्दैन, नडराओ किनकि शंकरका सुपुत्र अर्थात् पर्वतराज हिमालयका नाति शिशु बालकले त्यस तारकासुरलाई- जसदेखि सुरासुर, मनुष्य, यक्ष, नाग आदि सबै डराउँछन् र जसले सबैलाई जितेको छ,- अवश्य मारिदिने छन्। यस्तो आश्चर्य लाग्ने कुरा सुनेर अगस्त्य मुनि विन्ती गर्दछन्– हे कुमार ! त्यो वज्रांग भन्ने दानव कुन दानवको वंशमा उत्पन्न भएको हो र त्यस वज्रांगको पुत्र तारकासुरले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसरी सम्पूर्ण देवताहरूलाई जितेर हावाकावा पार्न समर्थ भयो ? फेरि कसरी स्वामी कार्तिकको जन्म भयो ? उनले त्यस तारक असुरलाई कहाँ र कसरी मारे ? यो सबैकुरा विस्तारपूर्वक आज्ञा गर्नुहवस्।

दितिको व्रत

अगस्त्य मुनिको विन्ती सुनेर कुमारज़ी आज्ञा गर्नुहुन्छ- हे मुने ! यो राम्रो प्रश्न गर्नुभयो, अब सुन्नुहवस्- यो सम्पूर्ण सृष्टिको प्रारम्भमा ब्रह्माजीका मानसपुत्र दक्षनामका प्रजापति थिए। तिनकी प्रतिव्रता पत्नी विरणीका गर्भबाट साठी कन्याहरू जन्मेका थिए। उचित समय प्राप्त भएपछि, तिनमा दसकन्या धर्मलाई दिए। तेह्र पुत्रीहरू कश्यप ऋषिलाई दिए। सत्ताईस छोरीहरू चन्द्रमालाई दिए, चार कन्या अरिष्टनेमीलाई सुम्पिदिए, दुइ कन्या बाहुकका पुत्रलाई, दुइ पुत्री अंगिरा ऋषिलाई र दुइ कन्या विद्वान कृशाश्वलाई दिए। तीमध्ये कश्यप ऋषिका पत्नीहरूको नाम- अदिति, दिति, दनु, विश्वा, अरिष्टा, सुरसा, सुरभि, विनता, ताम्रा, क्रोधवशा, इरा, कद्रू थियो। तिनमा अदितिका सन्तान- इन्द्र, उपेन्द्र आदि देवताहरू हुन्। दितिका सन्तान हिरण्याक्ष, हिरण्यकशिपु आदि बलवान दैत्यहरू हुन्। दनुका सन्तान दानवहरू हुन्। सुरभिका सन्तान गाई-गोरू आदि पशुहरू हुन्। विनताका सन्तान गरुड, अरुण आदि पक्षीहरू हुन्। कद्रूका सन्तान नागहरू हुन्। यस्तै प्रकारले संसारका अन्य सबै प्राणीहरू अन्य व्यक्तिहरूका पत्नी तर्फका सन्तानहरू भएका थिए। इन्द्र स्वर्ग-मर्त्य-पाताल तीनै लोकका राजा भएका थिए। पछि तिनलाई पराजित गरेर दितिका पुत्र बलवान् हिरण्यकशिपुले तीनै लोकको राज्य गरेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिए। ती हिरण्यकशिपुलाई पराजित इन्द्र र विष्णु भगवान् मिलेर मारिदिए। त्यस कष्टले व्यथित भएकी दितिले एक दिन आफ्ना सामर्थ्ययुक्त स्वामी महर्षि कश्यपसित- 'इन्द्रलाई पराजित गर्नसक्ने पुत्र पाऊँ' भन्ने विनम्र प्रार्थना गरिन्। अनि पत्नीको प्रार्थना सुनेर महर्षि कश्यपले भने- 'दिति ! तिमीले एक हजार वर्षसम्म नियम पालन गरेर व्रत गरे इच्छानुसार (तिमीले मागे जस्तो) पुत्र पाउने छौ।' महर्षि कश्यपले भनेअनुसार दिति सबै नियम पालन गरेर व्रत गरे इच्छानुसार (तिमीले मागे जस्तो) पुत्र पाउने छौ।' महर्षि कश्यपले भनेअनुसार दिति सबै नियम पालन गरेर व्रतोपासनामा लागिन्। त्यो नियम पूर्ण हुन केवल दस वर्ष शेष थियो। त्यसै बखत इन्द्र आएर आफ्नी माहिली आमासित विन्ती गरे- 'माता ! हजुरले यो व्रत गर्दा हजुरलाई बढी शारीरिक कष्ट भएको छ, अतः आज्ञा बक्सिए म हजुरको सेवा-टहल गर्ने थिएँ।' इन्द्रको यस्तो नम्र कुरा सुनेर दितिले- 'हुन्छ, सेवा गर।' भन्ने आज्ञा दिइन्। अनि इन्द्रले मनमा कपट भए पनि सेवामा त्रुटि पारेनन् र राम्ररी सेवा गर्दै रहे।

इन्द्रको सेवाले प्रसन्न भएकी दितिले एक दिन भनिन्- 'बाबू इन्द्र! अब मेरो व्रत पूर्ण हुन लाग्यो, अब मेरो त्रैलोक्य-विजयी पुत्र हुनेछ। तिमी पनि उसैको साथमा मिलेर अनेकानेक ऐश्वर्यको भोग गरेर बस। मेरो प्रतापी पुत्रको प्रभावले तीनै लोकका कण्टक वा दुष्टहरू निःशेष हुनेछन्। यसरी सेवा गरेकोमा इन्द्रलाई सान्त्वना र आश्वासन दिएर- व्रतले थकित भएकी दिति निद्राले लट्ठ पारेको हुनाले सुतिन्। बर्ता निद्राले थिचेको हुनाले उनको नियममा केही त्रुटि हुनगएको पनि थाहा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउन सकिनन्। सुत्दा आफ्नू केशराशि सह्यार्ने चेतना नै हराएछ र सारा कपाल आफ्नै सुट्टाले थिचेर निदाइछन्। दैवको इच्छा त्यस्तै हुनाले कार्य-कारण पर्न गयो। यस्तै मौका वा छिद्र मिल्दछ कि भनेर नै इन्द्रले कपटभावले सेवा गरेर माहिली आमालाई प्रसन्न पारेका थिए। यो मौका पाउनासाथ कपटी इन्द्र दितिको पेटभित्र पसे र आमाको त्यतिका समयदेखि विधि र नियमले पोषण गरिएको गर्भलाई कठोर वज्रले सात टुक्रा तुल्याए। त्यति भएर पनि ती सात टुक्रा जीवितै रहेका हुनाले रिसले एकेकलाई सात-सात टुक्रा पारे। यति भइसकेपछि दितिको निद्रा खुल्यो र भनिन्- 'ए इन्द्र ! बाहिर आइज ! मेरो बालकको हत्या किन गर्दैछस् ?' आफ्नी माहिली आमाको यस्तो कठोर वचन सुनेर भयभीत इन्द्र सरक्क बाहिर आएर दुवै हात जोरी ठिङ्ग उभिएर माहिली आमाको सामुन्ने विन्ती गर्नलागे- आमा ! एक त व्रतको नियममा आवद्ध भएर पनि दिनमा सुत्नुभयो, अर्को के भने आफ्नू कपाल आफ्नै पाउले थिचेर निदाउनु भएकोले त्यही मौका पाएर मैले हजुरको अमोघगर्भ उनञ्चास टुक्रा पारेको हो, हजुरको वरदान पनि यस्तै पाएको हुँ। अतः म यिनै भाइहरूसित त्रैलोक्यको ऐश्वर्य भोग गर्न पाऊँ। अतः हजुरका यी सुपुत्र मेरा भाइहरूलाई स्वर्गमा उत्तम स्थान दिनेछु। कुनै प्रकारको चिन्ता गर्नु पर्ने खण्ड छैन। यति इन्द्रले भनेको सुनी- विधिको विधान अथवा घटनाचक्र जाने बुझेकी दितिले भनिन्- 'इन्द्र ! तिमीले भनेको उचितै छ, मलाई स्वीकार छ, अब जाऊ।' यति भनेर इन्द्रसित नै आफ्ना सबै छोराहरू पठाइदिइन्। त्यसपछि आफ्नू, इच्छित कामनामा विघ्न-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाधा परेर खिन्न मन भएकी दिति फेरि कश्यप महर्षिका सामुन्ने गएर विन्ती गरिन्- 'हे प्रभो ! क्षमा गर्नुहोस् ! इन्द्रको अभिमान भङ्ग गर्ने एउटा पुत्र मलाई दिनुहवस्। त्यस पुत्रलाई स्वर्गका कुनै पनि शस्त्रास्त्रले नष्ट गर्न नसकोस्।' दितिद्वारा यसरी प्रार्थना गरिएका कश्यप महर्षिले भने- 'हे दिति ! दस हजार वर्षसम्म कठोर तप गर्न सक्यौ भने वज्रभन्दा पनि साह्रो अंग-प्रत्यंग भएको अत्यन्त कडा शस्त्रास्त्रले पनि त्यसलाई केही हानि गर्न नसक्ने र नाम पनि 'वज्राङ्ग' भएको अद्वितीय छोरो हुनेछ। अब तपस्या गर्न जाऊ।' महर्षिबाट यस्तो वरदान पाएर दिति वनमा तपस्या गर्न गइन्। त्यहाँ अनेक शीत-तापको वास्ता नगरेर दस हजार वर्षसम्म घोर तपस्या गरिन्। त्यस तपस्याको फलस्वरूप देवी दितिले यस्तो छोरो प्राप्त गरिन्- जसको जोडा तीनै लोकमा कहीं कोही छैन; जसको शरीर वज्रले लाग्दा पनि केही हानि नहुने तथा जसलाई कुनै पनि वीरले पराजित पार्न नसक्ने थियो। दितिले त्यसको नाम पनि महर्षिको आज्ञा अनुसार 'वज्राङ्ग' नै राखिन्।

अनि गर्भमै समस्त शस्त्रास्त्र विद्यामा पारंगत भएको त्यो दिति-पुत्र वज्राङ्गले दितिको सामुन्ने उभिएर दुवै हात जोरी श्रद्धा-भक्तिपूर्वक भन्यो- 'आमा ! आज्ञा होस्, अब म के गरूँ ?' छोराको यस्तो उत्साहपूर्ण वचन सुनी प्रसन्न चित्त भएकी दितिले भनिन्- 'हे प्रिय पुत्र ! देवराज इन्द्रले मेरा अनेक पुत्रहरू मारिदिएका छन्। अतः तिम्रा दाजूहरूको हत्याको साटो फेर्न वा प्रतिशोध लिन त्यस इन्द्रको वध गर्नु अत्यन्त आवश्यक छ। अब तिमी इन्द्रको वध गर्न सरासर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वर्गतर्फ जाऊ।' दितिद्वारा प्रेरित वज्राङ्ग दैत्यले- 'आमा! जो आज्ञा' भनेर मेघ गर्जे झैं गर्जन्दै स्वर्ग गएर इन्द्रसित ठूलो युद्ध गरी जितेर इन्द्रलाई पाताले कसेर बलवान् सिंहले मृगलाई घिसारे जस्तै गरी इन्द्रलाई घिसार्दै आमाको सामुन्ने उभ्याइदियो।

आफ्नू बलवान पुत्रले त्यस प्रकार इन्द्रलाई बाँधेर लगेको थाहा पाएर ब्रह्मा, महर्षि कश्यप दुवै जना दितिको महलमा पुगे। त्यहाँ आमा-छोरा दुवै निर्भयसाथ बसिरहेका थिए। वज्रांगलाई देखेर महर्षि कश्यप र ब्रह्माले भने- बाबू ! इन्द्रलाई मुक्त गरिदेऊ, किनकि यिनलाई यहाँ राख्नाले कुनै पनि हानिबाहेक लाभ छैन। बाबू ! सुन-कुनै पनि सम्मानित व्यक्तिको अपमान हुनु र मृत्यु हुनु समान मानिन्छ। जसलाई तिमीले हाम्रो अनुरोध मानेर मुक्त गरिदिन्छौ, त्यो मरे समानको नै हो भन्ने जान्नू। जो अन्य कसैको मर्यादा पालनको निम्ति मात्र मुक्त गरिन्छ वा छाडिन्छ भने त्यस्तो व्यक्ति प्रत्येक क्षण स्वयं मरिरहन्छ, मारिरहनु पर्दैन। पुरुषार्थी व्यक्तिको वशमा परेको शत्रुप्रति केको शत्रुता हुन्छ ?

स्वयं ब्रह्माजी र महर्षि कश्यप समेतको यस्तो नीतियुक्त कुरा सुनेर बलवान् वज्राङ्गले विनयपूर्वक भन्यो- देवराज इन्द्रसित मेरो कुनै शत्रुता अथवा प्रयोजन छैन, आमाको आज्ञा पालन गर्नु नै मेरो कर्तव्य थियो र त्यही पालन गरेको हुँ। तपाईं सबै देवता र असुरहरूका स्वामी र मेरा प्रपितामह पनि हुनुहुन्छ, अतः तपाईंको आज्ञा शिरोधार्य गर्दछु। लौ, हेर्नुहवस्- मैले देवेन्द्रलाई बन्धनमुक्त गरिदिएँ। मेरो भित्री इच्छा तपस्या गर्नमा नै छ, अतः प्रभुको कृपाले मेरो तपस्यामा कुनै विघ्न-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाधाहरू आइलाग्न नपाउन् यही एक कुरा तपाईंको वरदान-स्वरूप मलाई प्राप्तहोस् ।

वीर वज्राङ्गको यस्तो नम्र कुरा सुनेर ब्रह्माजीले भन्नुभयो- हे वज्राङ्ग ! मेरो अनुशासन पालन गरेर तिमीले अत्यन्त कठोर तपस्या गर्‍यौ; अतः तिमीले यसरी गरेको चित्त शुद्धि नै पर्याप्त छ, तिम्रो जन्म सफल भयो । यति भनेर तत्काल ब्रह्माजीले एउटी सुन्दरी नारी सृष्टि गरेर- 'बाबू ! लौ, यी तिम्री पत्नी हुन्, स्वीकार गर' भनी जिम्मा दिनुभयो र ती सुन्दरी स्त्रीको नाम 'वराङ्गी' भन्ने राखेर ब्रह्माजी आफ्नू लोकमा जानुभयो । त्यसपछि वज्राङ्गले ती सुन्दरी वराङ्गीलाई साथमा लिएर तपस्या गर्छु भनी जङ्गलमा गयो । उसले दिव्य हजार वर्षसम्म शुद्ध चित्त भएर अंजलि जोरी एक पाउले उभिएर तपस्या गर्‍यो । अनि दिव्य हजार वर्ष पञ्चाग्नि तापेर केवल धूवाँ मात्र पान गरी तपस्या गर्‍यो । फेरि हजार वर्ष निराहार रहेर कठोर तपस्या गर्‍यो । फेरि दिव्य हजार वर्षसम्म गहीरो तलाउको जलभित्र बसेर तपस्या गर्‍यो । जब पानीभित्र बसेर आफ्नू स्वामीले घोर-कठोर तपस्या गर्न छाडेनन्, तब वज्राङ्गकी पत्नी वराङ्गी पनि त्यही तलाउको तटमा मौन-व्रत पालन गरी निराहार रहेर तपस्यामा लागिन् । यसरी वज्राङ्ग उपस्थित नभएको मौका पाएर वराङ्गीको तपस्यामा देवराजले अनेक थरिका विघ्न-बाधाहरू उत्पन्न गर्नथाले । ती कुनै वेला ठूलो वानरको रूप लिएर आई ती तपस्विनीको कुटिभित्र पसेर त्यहाँ भएका घडा, जलपात्र, कमण्डलू आदि सबै यता-उता फालिदिने र कहिले डरलाग्दो भेडाको रूप लिएर आई थरि-थरिका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शब्द गरी आश्रमनै कम्पित पारिदिने, कहिले भंयकर सर्पको रूप धारण गरेर तपस्विनीका खुट्टामा बेरिई तानेर लडाइदिने, तपस्याको प्रभावले गर्दा सर्पले टोक्ता पनि ती मरिनन्। अनि स्यालको रूपमा आएर आश्रमका सवै स्थानहरू अपवित्र पारिदिने इत्यादि विघ्न गर्दा पनि ती पतिव्रता निश्चल भएर तपस्यामा लागिरहेकी देखेर देवराजले फेरि मेघको रूप धारण गरी मुसलधारे वर्षा गरिदिने तथा जलले सम्पूर्ण आश्रम नै डुबाइदिने गर्नथाले। यस्ता अनेक डरलाग्दा उपद्रव गरेर पनि नथाकेका देवराज एउटा पछि अर्को उत्पात बराबर गरिनै रहन्थे। ती पतिव्रता वराङ्गी आफ्नो आश्रमको यो पहाडको चरित्र होला भन्ने मनमा ठानी, जब त्यस पर्वतलाई श्राप दिन तयार भइन्, तब श्रापको भयले पर्वत मानिसको रूप धारण गरी सामुन्ने आएर अंजलि जोरी विन्ती गर्नलाग्यो- हे सुन्दरी ! जे भयो त्यो सवै मैले गरेको होइन, मसित क्रोध नगर, म त निर्दोष छु। म सबैको आश्रयदाता सेवनीय र वन्दनीय यौटा पर्वत हुँ। यहाँ जे जति उपद्रव वा अनर्थ भए ती सवै तिम्रो तपस्या देखेर भयभीत भएको देवराजको काम हो। पर्वतको कुरा सुनेर सतीले कुनै उत्तर दिइनन्।

उता प्रतापी वज्राङ्गको कठोर तपस्याले प्रसन्न भएका ब्रह्माजी वज्रांगले तपस्या गरिरहेको स्थानमा उपस्थित भएर आज्ञा गर्नुभयो- 'हे दितिपुत्र वज्राङ्ग ! उठ, म तिम्रो इच्छा पूर्ण गराइदिन्छु।' पितामहको यस्तो वाणी सुनेर अंजलि जोरी वज्राङ्गले भन्यो- 'हे भगवन् ! मेरो मनमा आसुरी भाव रहन नपाओस्। तपस्यामै मेरो चित्त लागिरहोस्। तपको साधन स्वरूप यो देह पनि जस्ताको तस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहिरहोस् ।' वज्राङ्गको प्रार्थना र इच्छा सुनेर प्रसन्न भएका ब्रह्माजीले- 'तिम्रो कामना पूणहोस्' भन्ने वरदान दिएर पितामह आफ्नू लोकमा पाल्नुभयो। आफ्नू तपस्यामा दत्तचित्त भएको वज्राङ्ग, पितामह गइसकेपछि अब केही खान-पान गरौं भनी वराङ्गीको आश्रममा उपस्थित भयो। त्यस आश्रममा पत्नीलाई नदेखि बढी भोक लागेको हुनाले कन्दमूलको खोज गर्दै त्यही पर्वतको कन्दरा (ओडार) भित्र पुग्यो र त्यहीं बसेर रोइरहेकी तथा सानो वस्त्रले अनुहार ढाकेकी वराङ्गीलाई देख्यो। अनि सान्त्वनाको स्वरमा भन्यो- 'हे प्रिये ! तिमीलाई कसले के गऱ्यो ? किन दुःखी भएकी छौ, भन ? यदि कुनै व्यक्ति तिमीलाई कष्ट दिन्छ भने, त्यसले छिटै नै यमपुरी जाने तरखर गऱ्यो भन्ने तिमी जान।'

आफ्ना पतिको त्यस्तो आश्वासन पाएकी वराङ्गीले भनिन्- हे स्वामी ! म आफ्नू कुनै रक्षक नै नभए जस्ती अनाथ भएँ। त्यो दुष्ट देवेन्द्रले मलाई के गऱ्यो, के गरेन म भन्न असमर्थ छु। त्यसले मलाई तर्साएन कि, कुल्चिएन कि, थिचेन कि, कूट-पीट गरेन कि, के गरेन भनौं ? अब यो दुःखको सागरबाट पारी तर्न मलाई असाध्य गाऱ्हो पर्नगयो। त्यसैले यो कन्दारभित्र आएर अब प्राण नत्यागीं यसबाट उम्कन सक्तिन भनी मनमनै मसक्क आँट गरेर बसेकी हुँ। हजुरलाई केवल तपस्या गर्न पाए भयो, मेरो केही वास्ता नै छैन ! मलाई भने त्यो दुष्ट इन्द्रले भयङ्कर कष्ट दियो अझ के-के गर्ने हो, थाहा छैन। अब मेरो माय छ र मनमा दया छ भने- यो शोकरूपी महासागरबाट मलाई पारि तार्नसक्ने एक त्रैलोक्यविजयी तारक पुत्र दिनुहोस्।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१

आफ्नी पत्नीले यसरी भन्दा क्रोधले व्याकुल भएर पनि देवराजको सातो लिन समर्थ त्यो बलवान वज्राङ्ग केही नबोली फेरि तपस्यामै निमग्न भयो। वज्राङ्गले मनमनै गरेको संकल्पको भयङ्करता जानेर ब्रह्माजी वज्राङ्गले तपस्या गरिरहेको स्थानमा पुगेर आज्ञा गर्नुभयो- 'हे वीर वज्राङ्ग ! तिमी फेरि किन यस्तो कठोर वा क्रूर तपस्यामा लागेका ? अहाराको खोजीमा गएका थियौ, किन त्यो खान-पानको परित्याग गरेर फेरि तपस्यामै कम्मर कस्यौ ? सुन-दिव्य हजार वर्ष निराहार बस्ता जे फल पाइन्छ, त्यो फल सहजमा प्राप्त भएको आहार त्याग गर्दा पाइन्छ। आफूले इच्छा गरेको वस्तु नपाई त्याग गरिदिनु कुनै महान कुरा होइन; बरू त्यो त्याग परित्याग हो, जसले स्वयं उपस्थित भएको इच्छा वा कामनाको परित्याग गर्दछ।

ब्रह्माजीको यस्ता वचन सुनी वज्राङ्गले विन्ती गऱ्यो- हे भगवन् ! हजुरबाट आश्वासन पाएपछि जब म तपस्या छाडेर उठें, तब मैले आफ्नी पत्नीलाई एक वृक्षमनि बसेर मलीन अनुहार पारेकी, भयभीत भएकी, दयाकी पात्रा झैं देखें र मेरो मनमा पनि तिनको स्थिति देखेर निकै चोट पऱ्यो र मैले सोधेपछि उनले कम्पित स्वरमा मलाई भनिन्- कुनै आफ्नू रक्षक वा स्वामी नै नभए झैं मलाई देवराज इन्द्रले के-के गऱ्यो, के-के गरेन- म मिचिएँ, थिचिएँ, कुटिएँ, पिटिएँ, कुल्चिएँ, लछारिएँ, पछारिएँ; एक वा दुइपल्ट होइन- वारम्बार कष्टमा परें। यस्ता भयानक कष्टबाट पार पाउने कुनै उपाय नदेख्दा म मर्न तयार छु। यदि मलाई यस कष्टबाट उतार्ने इच्छा छ भने- अब यो कष्टरूपी समुद्रबाट पारि तार्न सक्ने सामर्थ्य वा शक्ति भएको 'तारक' पुत्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिनुहोस्- भनेकी हुनाले देवराज इन्द्रको यस नीतिविरुद्ध कामबाट क्षुब्ध भएर पत्नीले मागेअनुसार समस्त देवगणलाई पराजित पार्ने र मेरी पत्नीलाई यो घोर सङ्कटबाट पारि तार्न भनी यो कठोर तपस्या गर्न थालेको हुँ।

वीर वज्राङ्गको यस्ता कुरा सुनेर पितामहले आज्ञा गर्नुभयो- 'सुन बाबू! यस्तो कष्टदायक तपस्या गरेर साध्य छैन, अब तपस्या गर्न पूरा भयो, तिमीलाई बलवान् तारक पुत्र हुनेछ। त्यो छोरो समस्त देवगणका पत्नीहरूको कपालको जुरो फुस्काउने पराक्रम भएको हुनेछ।' पितामह ब्रह्माजीबाट यस्तो वरदान पाई ब्रह्माजीलाई दण्डवत् गरी आफ्नू घरमा आएर आफ्नी पतिव्रता पत्नी वराङ्गीलाई प्रसन्न पाऱ्यो। अनि आफ्ना पराक्रमी स्वामीबाट रहेको गर्भ तिनले एक हजार वर्षसम्म पेटमै राखिन्। एक हजार वर्षपछि ती वराङ्गीले तारकासुर छोरो जन्माइन्! त्यो तारकासुर जन्मनासाथ सम्पूर्ण संसार नै थरहरी भयो। पृथ्वीमा भूमिचाल आयो। सबै समुद्रहरू डोलायमान भए। पहाड-पर्वत, डाँडा-काँडा सवै थर्कमान, कम्पित भए। प्रचण्ड आँधी-वेहरी र चक्रवात चल्न लाग्यो। ऋषि-मुनिहरू शान्ति-शान्ति भन्दै जप-पाठ गर्नलागे। जङ्गली जन्तू बाघ-भालू स्याल आदि उच्चस्वरले चिच्याउन लागे। आकाशमा चन्द्र-सूर्य र ताराहरूको ज्योति मलीन देखिन थाल्यो। दिशा-विदिशा सबै छारो र तुवाँलोले ढाकेर कुइरिमण्डल देखिन थाल्यो। तारकासुरको जन्म भएको सुन्नासाथ अनेक साना-ठूला दैत्य र दानवहरू अत्यन्त हर्षित भएर सवै एकत्र हुन त्यहाँ पुगे। अनेक प्रख्यात असुर-सुन्दरीहरू जम्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर नाच-गानको उत्सव गर्नथाले। त्यहाँ ठूला-ठूला दैत्य-दानवहरू एकत्र भएर महान् उत्साहले पूर्ण उत्सव गरे। यता समस्त देवताहरू अब के उत्पात हुने हो, भनी चिन्ता गर्नथाले। आफ्नू त्यस्तो पुत्र देखेर सुन्दरी वराङ्गीको हर्ष उर्लेर आयो। पहिलेका कष्टहरू सबै बिर्सिइन्।

राज्याभिषेक

अब दानवराजको विश्वविजय गर्ने कुरामा कुनै शंका अथवा बाधा रहेन भन्ने विश्वास गरेर, अत्यन्त पराक्रमी तारकासुरको जन्म हुनासाथ अनेकानेक शक्तिशाली महिषासुर र कुजम्भ आदि ठूला-ठूला असुरहरू आएर सम्पूर्ण दैत्य, दानव असुरवर्गको विख्यात साम्राज्य-सिंहासनमा राखी तारकासुरलाई राज्याभिषेक दिए अर्थात् आफ्नू राजा स्वीकार गरे। यस प्रकार आसुरी शक्तिको प्रधान र साम्राज्यको सम्राट् बनिसकेको त्यो बलवान तारकासुरले आफ्ना समस्त सहयोगी र हितैषी ठूला-ठूला दैत्य-दानवहरूलाई र असुरहरूलाई एक सूत्रमा आबद्ध पारी युक्ति-बुद्धिपूर्वक भन्न लाग्यो- हे महान् बलवान् मेरा सहयोगी असुर हो ! तपाईंहरू अतुल शक्तिको स्वामी हुनुहुन्छ। अब ध्यानपूर्वक मैले भनेको सुन्नुहोस्। अब के गर्नाले हामी सबैको कल्याण हुन्छ, त्यस विषयमा राम्ररी विचार गर्ने समय उपस्थित भइसकेको छ। हे सहयोगी दैत्य-दानव हो ! समस्त देवताहरू हाम्रो वंश समाप्त पार्ने योजनामा लागिपरेका छन्। फेरि देवताहरूसित हाम्रो जातिगत शत्रुता वा वैरत्य छ। तिनीहरूको दमन गर्न हामी सबैले आफ्नू बाहुबलको भर मानेर तत्काल धावा गर्नुपर्दछ, तर एक कुराको विचार गर्नु आवश्यक छ त्यो के हो भने तपस्या नगरी ती देवताहरूलाई जित्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकै कठिन छ, तसर्थ पहिले म स्वयं तपस्या गर्दछु, अनि देवगणसित लडेर युद्धमा विजय प्राप्त गर्नेछु। त्यसपछि हामी सवै मिलेर संसार भरिको सम्पत्ति जोरी उपभोग गर्नेछौं। तपस्याद्धारा आफ्नू बल-प्रभावको आर्जन गर्नु एउटा उत्तम र दरिलो उपाय हो, यसैले गर्दा लक्ष्मी स्थिर हुन्छिन्। तपस्या गर्न नसक्ने कुनै पनि व्यक्तिका घरमा चञ्चला लक्ष्मी स्थिर भएर बस्दै बस्दिनन्। मैले भनेको यो कुरा ध्रुव सत्य हो भन्ने जान। आचार-विचार, संयम-नियम वा तपस्यारूपी धनले हीन व्यक्तिले केही सम्पत्ति आर्जन गरे पनि त्यसको त्यो धन-ऐश्वर्य सबै अस्थिर र क्षणिक हुन्छ। केवल असन्तुष्टि प्रदान गर्ने मात्र हुन्छ। तारकासुरका यस्ता वचन सुनेर सबै दैत्य-दानवहरू एकपल्ट त छक्कपरे तर राम्ररी विचार गर्दा सबैले उचित र उत्तम कुरा हो भनी समर्थन गरे। यसरी आफ्ना सवै सहयोगीहरूको समर्थन प्राप्त गरेको तारकासुर 'पारियात्र' पर्वतमा पुगी त्यहाँको गुफामा बसेर तपस्यामा लीन भयो।

खान-पान त्यागी पञ्चाग्नि तापेर केवल सुकेका पात र जलमात्र पिएर दिव्य दस हजार वर्षसम्म तारकासुरूले कठोर तपस्या गर्‍यो। त्यसपछि शरीरबाट प्रतिदिन तोला-तोला मासुको कुड्का काटेर हवन गर्दा सर्वाङ्गको मासु नै समाप्त गर्‍यो। शरीरमा केवल छाड-छाला मात्र रहन गयो। यसरी त्यो तारकासुरले जति-जति मासु काटेर हवन गर्दै गयो, उति-उति त्यसको तपस्याको प्रभाव बल्दो आगो झैं उज्ज्वल हुँदै जानलाग्यो। अनि त्यसको तपस्याको ज्योति वा तेजले सारा संसार नै आकुल-व्याकुल हुनलाग्यो। त्यो थाहा पाएका ब्रह्माजी त्यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारियात्रको ठूलो कन्दरामा स्वयं उपस्थित भएर तपस्वी तारकासुरलाई भन्नुभयो- 'हे वीर तारकासुर ! तिम्रो कठोर तपस्याले म प्रसन्न भएँ तिमीलाई वर दिन आएको छु, उठ, अब तपस्या पूर्ण भयो। अब तिम्रो निम्ति कुनै पनि वस्तु असाध्य वा अप्राप्य रहेको छैन। के माग्ने इच्छा छ, मलाई भन।'

ब्रह्माजीको यस्तो मीठो वचन सुनेर तारकासुरले प्रथम साष्टाङ्ग दण्डवत् गरी दुवै अंजलि जोरी नम्र भएर विन्ती गर्नलाग्यो- हे भगवन्! हजुर स्वयं अन्तर्यामी र सर्वज्ञ हुनुहुन्छ र सबैका मनको कुरा जान्नुहुन्छ। अतः बलवान्ले दुर्बलमाथि कुनै अत्याचार वा थिचो-मिचो गर्दछ भने, त्यो निर्बलले पनि त्यस अत्याचारीसित साटो फेर्ने प्रयत्न अवश्य गर्दछ। फेरि कुनै पनि आत्मसम्मान भएको व्यक्तिले अगाडि बढ्ने प्रयत्न त गर्दै रहन्छ, यदि त्यसमा कसैले विघ्न-बाधा उपस्थित गर्दछ भने, त्यसमा प्रतिक्रिया स्वरूप जे गर्नुपर्ने हो, त्यो निर्बलले अवश्य गर्दछ, यसमा शंका छैन। हामी असुरहरू र दैत्य-दानवादिको देवगणहरूसित स्वभावले नै वैरत्व छ, किनकि देवताहरू धर्म-कर्म र शर्म आदि केही ख्याल नराखी निर्दयतापूर्वक असुरहरूलाई समाप्त वा निर्मूल पार्ने उपाय वा चेष्टा गर्दै रहन्छन्। अतः म सवै दैत्य-दानव र असुरहरूको कल्याण गर्न तथा समस्त देवताहरूले गरेका अत्याचारको साटो फेर्न सकूँ। अनि सवैका जतिसुकै बलिया शस्त्रास्त्र भए पनि तीबाट मेरो मृत्यु नहोस् अर्थात् कसैबाट पनि मेरो मृत्यु नहोस् म अमर होऊँ; मलाई यही वर दिनुभए सन्तुष्ट हुनेछु, यसबाहेक अरु केही पनि चाहिन्न। तारकासुरको यस्तो कुरा सुनेर प्रजापति ब्रह्माले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आज्ञा गर्नुभयो- हे दानवराज ! यस संसारमा मृत्यु नहुने कुनै प्राणि छैन वा हुँदैन, जन्मेपछि अवश्य मर्दछ। अतः जसबाट तिमीलाई मेरो मृत्यु हुन सक्तैन भन्ने विश्वास छ,त्यस्तै कुनै कुरा मृत्युको कारण मानेर, त्योबाहेक अरू कतैबाट पनि मृत्यु नहोस् भन्ने वर माग। अनि मात्र म वरदान दिन सक्नेछु। प्रजापति ब्रह्माको यस्तो अलि घुमाउरो कुरा सुनेर तपस्याको अभिमानले उन्मत्त भएको त्यो तारकासुरले विन्ती गऱ्यो- हे प्रभो ! हजुरको हुकुम स्वीकार छ। यदि कुनै सात दिनको बालक आएर मार्छ भने मात्र म मरूँ, नभए अरूबाट मेरो मृत्यु नहोस् र मेरा इच्छाहरू सबै पूर्ण होऊन् भनी माग्यो। अनि ब्रह्माजीले 'तथास्तु' भनेर आफ्नू लोकमा जानुभयो। अनि तारकासुर पनि त्यहाँबाट निस्केर आफ्नू निवासस्थानतिर आयो।

तारकासुरको सैन्य-बल

यसरी कठोर तपस्यामा पूर्णरूपले सफल भएर आएको दैत्यराज तारकासुरका वरिपरि अनेक साना-ठूला बलवान दानव-दैत्यहरू चारैतिर घेरा दिएर बसे- स्वर्गमा देवताका राजा इन्द्रका वरिपरि समस्त ठूला-ठूला देवताहरू बसे जस्तै देखिन्थ्यो। सबै दैत्यहरूलाई हर्षोल्लासमा डुबाउने दैत्यराज तारकासुरको महान् साम्राज्यमा वसन्तादि षट्ऋतुहरू आफ्ना-आफ्ना प्रभाव र गुणहरूले पूर्ण भएर दिव्यस्वरूप धारण गरी त्यहाँ उपस्थित थिए। सबै दिशाका लोकपालहरू तारकासुरका सेवक भइसकेका थिए। कान्ति, द्युति, मेधा, धृति र श्रीसहित त्यस दैत्यराजको प्रभावमा आसक्त भए झैं आफाफ्ना सम्पूर्ण गुणहरूले युक्त भई, कुनै न्यूनता नराखी सावधानी-

Jayatu Sanskritam. Kathmandu. Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वक दैत्यराजको सेवामा तत्पर रहेका थिए। सम्पूर्ण अङ्गमा अङ्गराग, चन्दन आदि लेपन गरेको, तारकासुरको महान् राज-मुकुट शिरमा लगाएको, पाखुरामा उत्तम बाजू-बन्द कसेको, आसुरी साम्राज्यको श्रेष्ठ सिंहासनमा आसीन दानवराजका दुवैतिर उभिएर सुन्दरी अप्सराहरू चमर हाँकिरहेका र ती एक क्षणका लागि पनि यता-उति जाँदैनथे। सूर्य-चन्द्रलाई उज्यालो पार्ने बत्तीको कार्यमा र पंखा चलाउने काममा वायुलाई, सवारीको वेला बाटोहरूको हेरचाह गर्ने काममा यमराजलाई खटाएको थियो। यस प्रकार तारकासुरले राज्य-संचालन गरेको केही समय बितेपछि उसले आफ्ना मन्त्रीगणसित भन्यो- हे दानवेश्वर हो ! यस प्रकार केवल सुखका असीमित साधनमा अलमलिएर वा ऐश्वर्य-भोग गरेर मात्र केही हात लाग्दैन। अब स्वर्गमा हमला वा आक्रमण गर्नुपर्दछ। देवताहरूले हामीप्रति गरेको विरोध र शत्रुतारूपी आगोको ज्वाला ननिभाएसम्म तिमीहरूले शान्त भएर बस्नु उचित छैन। स्वर्गमा बसेर ती देवताहरू आजसम्म यज्ञभाग हवि आदिको उपभोग गरिरहेकै छन्। आफाफ्ना राम्रा-राम्रा देवीहरूलाई साथमा लिएर देवताहरू स्वर्गीय नन्दन-काननका बगैचाहरूमा वा क्रीडास्थलीहरूमा गएर दिव्य अप्सराहरूसित आनन्दभोग प्राप्त गरिरहेका छन्। यस संसारमा जन्म लिएर कुनै मानिसले केही पुरुषार्थ गर्न असमर्थ छ भने त्यसले जन्म लिएको व्यर्थ छ, जन्म लिएकै होइन भने पनि हुन्छ, जसले आफ्ना माता-पिताको सेवा गरेन, बन्धु-बान्धवको पीर-मर्का निवारण गर्न सकेन र आफ्नू-स्वच्छ कीर्ति फिजाउन सकेन भने त्यस्ता व्यक्तिले जन्मेर पनि मरेकै समान हो भन्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो विचार छ। ठूला-ठूला अभिमानी देवगणलाई जितेर तीनै लोकको सम्पत्ति यहीं ल्याउन अब मेरो दिव्य रथ तयार पार। दानवहरूको अजेय भएको विशाल सेना सुसज्जित गराऊ, सुवर्णको चिन्ह अंकित भएको ध्वजा र मोतीको झालर चारैतिर भएको उत्तम छाता सज्जित पारेर ल्याऊ।

दैत्यराज तारकासुरको यस्तो आज्ञा सुनेर ग्रसन नामको सेनापतिले स्वामीको आज्ञानुसार सबै तयार गरायो। सैनिक बाजा बजाउन लगाई तत्काल असुर, दैत्य-दानवहरूलाई एकत्र पारी हजारौं अश्व, स्वच्छ सेता वस्त्र तन्ना र पर्दा आदि उपकरणले संयुक्त भएको चार योजन फराकिलो, अनेक थरिका क्रीडागारहरू भएको तथा संगीत वाद्य-यन्त्रहरूले पूर्ण पारिएको देवराज इन्द्रको पुष्पक विमान जस्तो आठ चक्र वा पांग्राहरू भएको दैत्यराज तारकासुरको विशाल रथ तथा दस-दस कोटि सेनाका एक-एक पराक्रमी दैत्यपतिहरू सेना-नायकको रूपमा सुसज्जित गराइए। प्रधान सेनापतिहरूमा-जम्भासुर, महिषासुर, कुजम्भासुर, कुञ्जरासुर, कालनेमी, मेघासुर, मथन, निमि, शुम्भ र जम्भक- यी दस बलवान दानवहरू खटिएका थिए। अरु पनि हजारौं दानवहरू पृथ्वीनै दल-मल गर्ने सामर्थ्य भएका विविध प्रकारका शस्त्रास्त्र विद्यामा निपुण वा पारंगत भएका तथा थरि-थरिका हतियार भिरेका प्रचण्ड पराक्रमी र पर्वताकार शरीर भएका सेनाहरू सज्जित भए। दानवराज तारकासुरको ध्वजा सुवर्णको पाताले बनेको टल्कने थियो र रौद्र रसका देवता त्यस सुवर्णका पातामा अंकित गरिएको थियो। मुख्य सेनापति ग्रसनको ध्वजा मकराङ्कित थियो। सेनापति

Jayatu Sanskritam. Kathmandu. Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२२

जम्भको ध्वजा फलामको र पिशाचको मुख अंकित भएको थियो। कुजम्भको ध्वजामा पुच्छर हल्लाएको गर्दभ (गधा) अंकित थियो। महिषासुरको ध्वजामा सुवर्णको श्रृगाल (स्याल) लेखिएको थियो। शुम्भको ध्वजामा कालो काग अंकित गरिएको थियो। यस्तै प्रकारले अनेक थरिका ध्वजा-पताकाहरू अन्यान्य दैत्यसेनापतिहरूका पनि थिए। ग्रसनको रथमा घोडाको स्थानमा सुवर्णको हार पहिरेका बढी वेग र स्फूर्ति भएका एक सय बाघ जोतिएका थिए। जम्भको सयसिंह नारिएको रथ थियो। कुजम्भको रथमा पिशाचको अनुहार भएका गर्दभहरू जोतिएका थिए। महिषासुरको रथमा ऊँटहरू थिए, कुञ्जरासुरको रथ अश्वहरूले, मेघको रथ बाघले, कालनेमीको रथ हात्तीले, निमिको ठूला र लामा-लामा दाँत भएका हात्तीले युक्त रथ थियो। मथन दानव कालो र सय हात जति फराकिलो तथा सुन-चाँदीले सिंगारिएका अश्वहरू जोतिएको रथमा सेतो चन्दन तथा फूलको उत्तम माला लगाई हातमा पाश लिएर बसेको थियो। जम्भक घुँघुराको जालीको माला लगाई ऊँटमा सवार थियो। शुम्भासुर काला-सेता पेटारे परेको ठूलो भेडामा चढेको थियो। यस्तै अन्यान्य वीर दानवहरू अनेक थरिका वाहनहरूमा सवार भएका तथा पगरी र कुण्डल आदिले शोभायमान भएका, थरि-थरिका उत्तम वस्त्र काँधमा राखेका, नाना प्रकारका फूलका र रत्नका मालाहरूले शोभिएका, प्रचण्ड र अद्‌भुत पुरुषार्थ देखाउन समर्थ भएका, अत्तर र गुलाबजलको सुगन्धले प्रसन्न चित्त भएका तथा वन्दीजनले गुणगान गरिएका तथा हरेक प्रकारका सेनाहरू संग्रामका बाजाहरूका तालमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बराबर अगाडि बढिरहेका, अश्व, पैदल, रथ र हात्तीमा बसेका रथी, महारथी र अतिरथीले संयुक्त त्यो दैत्यपतिको चतुरंगिणी सेना अत्यन्त भयदायक देखिन्थ्यो। त्यहाँ उपस्थित दैत्य, दानव असुरहरूका सेनानायकहरू आफाफ्ना पूर्वजवीरहरूका उत्तम गाथागान गर्दै अनेक गजराज, हात्ती, वायुपंखी अश्व, वेगवान बग्गी, अगणित पैदल सिपाहीहरूले भरिभराउ भएको र तारकासुरको प्रधान नेतृत्वमा राम्ररी संगठित सैन्यले जंगी कानून र फौजी काइदामा युद्धनीति तथा संग्राम गर्न भनेर प्रस्थान गऱ्यो।

देवताहरूको मन्त्रणा

दैत्यराज तारकासुरको सैनिक साज-सज्जा र अभियानको सुइँको पाएर सम्पूर्ण गतिविधि राम्ररी विचार गर्न र जान्नका लागि देवराज इन्द्रका गुप्तचरहरू यत्र-तत्र डुलिरहन्थे। तीमध्ये सवैभन्दा बाठो दूत वायु थियो र त्यसले दैत्य सैनिकहरू तयार भएर आकाशमार्गबाट देवलोकतिर गइरहेका तारकासुर दैत्यका सेनाहरू देखेर स्वर्गपुरीमा देवराज इन्द्रको विशाल सभामा तत्काल गएर सवै देवताहरू एकत्र भएका बखतमा समस्त असुरहरू स्वर्गमा आक्रमण गर्ने विचारले अगाडि बढिरहेका छन्। अब देवताहरूको शिरमा डरलाग्दो कार्यको भार आइरहेको छ भन्ने विन्ती चढाए। गुप्तचर वायुले भनेको कुरा सुनेर केही बेर नेत्र बन्द गरेर मनमनै विचार गरिसकेपछि आँखा उघारेर सम्पूर्ण देवताका सुयोग्य गुरू बृहस्पतितर्फ फर्की देवराज इन्द्रले समयोचित कुरा भने- 'हे गुरों ! अब देवताहरूको दैत्य-दानवहरूसित भयङ्कर संग्राम मच्चिने लक्षण प्रत्यक्ष देखिन आयो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब के गर्ने र के गर्दा हामीहरूको कल्याण हुनेछ ? यसको वैदिक यत्नसहित तत्काल उपस्थित कर्तव्य आज्ञा गर्नुहवस्।' देवराज इन्द्रको यस्तो आज्ञा सुनेर गुरु बृहस्पतिले भन्नुभयो- हे सुरराज ! साम, दाम, दण्ड र भेद- यी चार थरिका नीतिहरू कुनै आशंकामा परेका राजाहरूको निम्ति चतुरङ्गिणी सेना जस्तै हुन् तथा देश, काल, परिस्थिति र आइलागेको शत्रुअनुसार कुन वेला कहाँ के गर्दा योग्य होला, त्यो सबैमा राम्रो विचार पुऱ्याई तिनको प्रयोग गर्न जान्नुपर्दछ। वर्तमान स्थितिलाई दृष्टिमा राखेर विचार गर्दा यो वेलामा दानव-दैत्यहरू पराक्रमी तारकासुरको संरक्षणमा हुनाले साम-नीतिद्वारा कार्यसिद्धि हुने आशा क्षीण देखिन्छ। भेद-नीतिद्वारा काम गर्न पनि यस मौकामा कठिन पर्ने जस्तो छ, किनकि प्रतापी दानवहरू यस समयमा सम्पूर्ण सम्पत्तिले परिपूर्ण छन् र अन्य कसैले केही दिए वा लोभ देखाए पनि सामान्य तृण समान मान्ने छन्। यस कुरामा महाराजको के कस्तो विचार छ; फेरि साम भन्ने नीति दुर्जन वा शठमा प्रयोग गर्ने कुरा होइन, किनकि कठोर स्वभाव भएका दुष्टहरूका मनको धारणा यस्तो हुन्छ कि भयभीत भएको शत्रुले मात्र साम नीतिको प्रयोग गर्दछ। अतः त्यस्ता दुष्टहरू प्रति दण्डनीतिको अवलम्बन गरेर पुरुषार्थ देखाएर आक्रमण नै गर्न सक्नुपर्दछ, नभए शत्रुले थिच्न सम्भव छ। कुनै आपत्ति-विपत्ति आइलागेर बरू सज्जनले आफ्नू स्वभावमा परिवर्तन गर्ला, तर दुष्ट जनले आफ्नू प्रकृति बदलेर सज्जन भएको कतै देखिएको वा सुनिएको पनि छैन। यो आजसम्मको मेरो आफ्नू अनुभव सुनाएँ, यसमा राजनीतिमा पारंगत यहाँ उपस्थित सबैको जो विचार।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूको सैन्य-संगठन

स्वर्गपुरीका समस्त देवता र देवराज इन्द्रका बुद्धिमान गुरु बृहस्पतिको यस्तो गम्भीर तर्क र विचारले पूर्ण सल्लाहअनुसार महाराज इन्द्रले आफ्ना गुरु बृहस्पतिसित- हे गुरो ! हजुरको कथन वा सल्लाह ठीक छ र कर्तव्य पनि यही हो, भन्दै देवताहरूको सभामा भने- हे देवता हो ! पूरा ध्यान दिएर मैले भनेको सुन्नुहोस्- तपाईंहरू यज्ञभाग (हवि)का भोक्ता हुनुहुन्छ र सात्त्विक विचारका पनि मानिनु हन्छ तथा सन्तोषी एवं आफ्नू मान-मर्यादा र आफ्नै महिमामा विराजमान हुनुहुन्छ। निरन्तर संसारको पालनमा लागिरहनु हुन्छ। यी दैत्य-दानव र असुरहरू हामी देवताहरूलाई अनायास कुनै कारण नभए पनि अनेक थरिका कष्ट दिइरहन्छन्। अतः ती असुरहरूप्रति साम-दान-भेद-यी कुनै नीति पनि उचित देखिइन्न। अतः दण्डनीति नै प्रयोग गर्न बाध्य हुनुपर्‍यो। त्यसैले अब समरको उद्योग गर्न तयार हुने अवस्था आएको छ। देव-सैन्यको सन्तुलन मिलाउनु हवस्; शस्त्रास्त्र खिया लागेको भए स्वच्छ तुल्याउनु हवस्; शस्त्रास्त्रका देवताहरूको पूजन आवाहन गर्नुहवस्; हात्ती, अश्व आदि वाहनहरू र रथ, गाडा, यानहरू सुसज्जित पार्नुहवस्। यसमा प्रधान सेनापति यमराजलाई तुल्याउनु हवस्। यसरी देवराज इन्द्रको हुकुम भएपछि प्रधान वा प्रमुख देवताहरूलाई सुनका घुँघुरा, घण्टाले सिंगारिएका, देख्दै विचित्र वा चपल, दस-दस हजार सवार र सहीस सहित प्राप्त भए। सारथी मातली सहित दुर्जय (अपराजित) रथ स्वयं देवराज इन्द्रका निम्ति तयार गरियो। भयङ्कर अर्ना भैंसीमाथि चढेका प्रधान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सेनापति यमराज समस्त सेनाको संचालन गर्दै अघिलागे। तिनका सेवकहरू बलवान र अत्यन्त डरलाग्दा थिए। ती प्रलय कालको बल्दो अग्नि-शिखाले पूर्ण आकाश जस्ता नेत्र भएका यमराज बराबर अगाडि बढिरहेका प्रत्यक्ष देखिन्थे। मदमत्त भएको डरलाग्दो वृहदाकारको बोकाको सवारी गरेका; हातमा अंकुश लिएका, ठूलो वेग भएका ती वायु देवता पनि उपस्थित भए। नागपाश हातमा लिएर नागराजकै सवारी गरेका जलका देवता वरुण आफ्ना सैन्यसहित त्यहीं आइपुगे। मानिसको आकृति भएका अश्व जोतिएको विशाल रथमा चढेका, तत्काल सान लगाएको टल्कने खड्ग हातमा लिएका र आफ्ना रक्षकगणले सुरक्षित निर्ऋतिदेव पनि दानवहरूसित संग्राम गर्ने इच्छाले उपस्थित भए। विशाल सिंह जस्तै हुँकार र गर्जन गर्दै बलिष्ठ गदा हातमा लिएका धनका स्वामी कुबेर पनि त्यहीं उपस्थित भए। चन्द्र-सूर्य र अश्विनीकुमार सहित अनेक देवताहरू आफाफ्ना वाहनमा चढी चतुरंगिणी सेनाका सहित त्यहीं आइपुगे। अनेक जातिका गन्धर्व-विद्याधरहरू आफाफ्ना राजा र सैन्यलाई अगाडि लगाई, सुवर्णका अनेक प्रकारका गहनाले सुसज्जित भई सुवर्णकै पीठासन, सुजनी, बालिस्त सज्जित रथमा बसेर टल्कने कवच एवं शस्त्रास्त्र लिएका स्वर्गमा मात्र पाइने पक्षीहरूका पङ्ख जडिएको फेटा-पगरी बाँधेका, मरकत मणि र वैदूर्यमणी जडिएका ध्वजाले सुशोभित सैन्यहरूका साथ त्यहीं आइपुगे। अरू निर्ऋति राक्षसका सेना जपापुष्पको रंग जस्तै उपर्ना ओढेका, राता-राता र लामा-लामा कपाल फिंजाएका, गिद्धको आकृति भएका ध्वजाहरू लिई इस्पात (फलाम)का आभूषण पहिरेका, उग्र पराक्रमी र दुर्धर्ष योद्धाहरू पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकत्रित भएका थिए। नागहरू, मुसल, तरवार र गदा लिएका, फेटा र कवचहरूले टन्न कसिएका, वर्षाकालको मेघ झैं गर्जने तथा उल्का र वज्रास्त्रहरू लिएर अनेक योद्धाहरू उपस्थित भएका थिए। कालो वस्त्र धारण गरेका, धनु र काण भिरेका, राता, लाटोकोसेराहरू अंकित भएको झण्डा तथा सुवर्ण र अनेक रत्नहरूका गहना पहिरेका अत्यन्त डरलाग्दा यक्षहरूका सेना पनि एकत्र भएका थिए। चितुवाको छालाको उपर्ना ओढेका, गिद्धको आकृति भएको झण्डा र गिद्धकै पंख घुसारेको पगरी (फेटा) बाँधेका, कङ्कालको आभूषण पहिरेका, देख्दै डरलाग्दा, मुसलको हतियार लिएका, अनेक प्रकारका जीवहरूको डरलाग्दो शब्द गर्ने राक्षसका अधिपति निर्ऋतिका सैनिक पनि त्यहीं उपस्थित भए। फेरि सेता वस्त्र धारण गरेका, सेतैं पंख भएका, सेता झण्डा लिएका, मदमत्त हात्तीमा चढेका, तीखा तोमर अस्त्रले सज्जित किन्नरहरूका सेना पनि त्यहीं आइपुगे। मोतीको झालर र चाँदीको हंस अंकित गरिएको जलका अधिपति वरुणको ध्वजा थियो। भयङ्कर धूवाँको मुस्लो उठेर आगो दन्किरहेको चिन्ह वायुको ध्वजामा अंकित थियो। कुबेरको ध्वजामा आकाश छोला झैं अग्लो पद्मराग मणिको चिन्ह थियो। फलाम र काठको ब्वाँसोको आकृति बनेको ध्वजा यमराजको सेनामा थियो। राक्षसहरूको अधिपति निर्ऋतिको ध्वजामा प्रेतको आकृति बनेको थियो। चन्द्र-सूर्यको ध्वजामा सुवर्णको सिंह अंकित थियो। अनेक थरिका रत्नादिले शोभित श्वेत चमरले सम्मानित ऐरावत हात्ती अश्विनीकुमारको ध्वजामा शोभित थियो। यसै गरी नाग, महानाग, यक्ष, गन्धर्व, किन्नर तथा निशाचर समेत मिसिएको महाराज सुरेन्द्रको जितिनसक्नु र दुर्भेद्य, दुर्धर्ष सैनिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवताहरूको तेत्तीस खण्डमा विभाजित रहेर सैन्य-संख्या पनि तेत्तिस कोटि थियो। श्वेत ठूला-ठूला दुवै कान यता-उता पार्दै हल्लाइरहने विशाल हिमालयसमान, स्वच्छकमलको निर्मल माला घाँटीमा झुण्डाएको, केशर-कुंकुम, चन्दनादिको राम्रा बुट्टा पारेर श्रृंगारिएको गण्डस्थलमा मदले मत्त भएका भ्रमरहरूले व्याप्त भएको, घण्ट-घुँघुरा, चमर आदिको रत्नजडित झूलले अंग ढाकिएको तथा उत्तम चँदुवा टाँसिएको, अमूल्य हौदा कसेको ऐरावत हात्ती- जुन समुद्र-मन्थनमा निस्केर इन्द्रले पाएका थिए, अहिले केयूर, हार, कटक, कुण्डल, मुकुट तथा विचित्र बहुमूल्य वस्त्रालंकारले शोभित देवताहरूका राजा इन्द्र विराजमान भएका थिए। उनका हजारौं नेत्र थिए र चारैतिर आँखा डुलाइरहन्थे। यस्ता देवराज इन्द्रको पाकशासन थियो। उनको आदेश अकाट्य र पवित्र मानिन्थ्यो। हुकुम पालन गर्ने योग्य हुन्थ्यो। अतः उनी स्वर्गको वैजयन्त प्रासाद र नन्दन-काननका योग्य शासक वा संरक्षक थिए। यिनै कारणहरूले गर्दा सुरराज भएर स्वर्गपुरीमा विराजमान थिए। उनको रथ, हात्ती, घोडा र पैदल चतुरंगिणी सेना तथा अन्य विभिन्न थरिका सैनिक र आवश्यक फौजी कुमक एवं सैनिक सामग्रीहरू सवै वस्तुले परिपूर्ण थियो। कुनै वस्तुको पनि कमी थिएन। धनको ढुकुटीमा कुनै न्यूनता थिएन। जता-ततै श्वेत छाता, ध्वजा-पताका शस्त्रास्त्र, राशन आदि र सेवादल-चिकित्सकदल आदि समस्त वस्तुहरू पूर्ण थिए, केही पनि कमी थिएन।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माद्यमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां अष्टमोऽध्यायः ।। ८ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ नवमोऽध्यायः

देवासुर-संग्राम

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! एकातिर तारकासुरको नायकत्वमा असुर-सैन्य ज्वार-भाटामा उर्लिरहने विशाल सागर झैं उर्लिरहेको थियो भने, अर्कोतिर स्वर्गपुरीका प्रतापी महाराज देवराजका अनुशासनमा दैवी सैन्य-शक्ति सम्पन्न प्रशान्त महासागर झैं गम्भीर स्वरूपमा सज्जित भएर सम्पूर्ण संसारलाई आफ्नू निकृष्ट बन्धनमा अल्झाउने आसुरी शक्तिको नाश वा वेग रोक्न दह्रो भएर ठडिएको थियो। यसै अवसरमा दुवै पक्षका सेना सम्मुख भएर भिडिन पुगे र त्यो देवासुरको डरलाग्दो संघर्ष वर्णन गरि- नसक्नु स्थितिमा पुग्यो। त्यो देवासुर संग्राममा दुवै पक्षले चर्को स्वरमा गर्जेका देवता र असुरहरूको गर्जन, कर्नाल र शङ्ख आदिको ध्वनि, सैनिकहरूद्वारा अनेक बाजाहरूको चर्को ध्वनि, हात्तीको चिग्घाड, अश्वहरूको हिनहिनाई तथा रथका चक्का (पांग्रा) हरूको घर-घर ध्वनि, धनु र बाण तथा ताँदोको टङ्कार, खुकुरी खुँडा, खड्ग आदिको खट्ट-खट्ट शब्द, भुसुण्डी, नालिका र महानालिकाको ढम-ढम मिसिएको तुमुल ध्वनिले आकाश र भूमि तथा दिग्दिगन्त व्याप्त भयो। ती दुवैतर्फका सेनाहरू पक्ष-विपक्षलाई थिच्न, अँठ्याउन र पराजित पार्न एवं आफू विजयी कहिने प्रयत्न गरिरहेका थिए। कोही क्रोधले रन्थनिन्थे, रन्कन्थे र आफ्नू प्राणको कत्ति पनि वास्ता नराखी संग्रामरूपी बलि-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३ वेदीमा होमिन लम्कन्थे र हाम्फाल्थे। त्यस युद्धमा कुन उल्टो, कुन सुल्टो ध्यानै राख्दैनथे। त्यस अनियमितताले गर्दा रथीसित पैदल लड्न थाल्दथ्यो र हात्तीको सेनामा घोडा चढेकाहरू जुध्न पुग्दथे। समान प्रतिद्वन्दीको संग्राम– जस्तै पैदलको पैदलसित, रथीको रथीसित, घोडचढीको अश्वसवारसित, हात्ती सवारको हात्ती सवारसित मात्र युद्ध हुनु नै संग्रामको नियम र मर्यादा हो भन्ने कुरा कसैले पनि सम्झना राख्न सकेको थिएन। एउटा पैदल सैनिक अनेक गज-सेनाका हूलमा पसेर लड्‌न थाल्दथ्यो भने अनेक रथीहरूको समूहलाई एउटै अश्व-सवारले व्याकुल पारेको पनि संग्राममा देखिन्थ्यो। क्रोधमा विपक्षीलाई मार्दैछु अथवा म नै मारिन आँटेको छु भन्ने ध्यान कसैलाई पनि थिएन। शत्रुलाई मार्दछु र समाप्त पार्दछु भन्ने मात्र मनमा ध्यान राख्दथे र वज्र, गदा, भिन्दिपाल, पाश, परशु, शक्ति, शूल, मुद्‌गर, चक्र, शङ्ख, तोमर, अङ्कुश, कर्णिक, अलिक, नाराच, वत्सदन्त, अर्धचन्द्र, भल्ल, शतपत्र, कडप-गडप, शुकतुण्ड आदि अनेक थरिका शस्त्रास्त्रको पानी परे झैं वर्षा हुँदा स्वच्छ आकाशको रंग विचित्र देखिन थाल्यो। दिशा-विदिशा धूलो उडेर दिनमै रात्रि झैं अन्धकार हुन लाग्यो। कुन पक्ष हो, कुन विपक्ष हो भनेर एउटाले अर्कोलाई पनि चिन्ह सकेनन्। विना चिन्ह र विना लक्ष्य, अशिक्षित तालिम नपाएका सैनिक झैं अनेकानेक शस्त्रहरूको प्रयोग गरिरहेका थिए, तापनि दुवैतिरका दर्शकवर्गलाई कुन स्थानमा कति काटिए, मारिए लडे-पडे वा घाइते भए भन्ने कुरा कठिनले थाहा हुन्थ्यो। कसैका शिर कहीं काटिए र धड़ (गींड) कहीं अन्तै काटिएर ढलेका छन्, कहीं गज, कहीं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अश्व, कतै रथ छ भने कहीं पैदल सैनिक मरेर पल्टिएका छन्। रक्तको नदी बगे झैं देखिन्थ्यो र लाशै लाशको थुप्रो लागेको थियो। श्याल, गिद्ध र कागहरू प्रसन्न भइरहेका थिए। प्रेत, पिशाच, राक्षस, वेतालहरू रक्त-पान गरेर मत्त भई नाचिरहेका थिए। त्यो देवासुर संग्रामको युद्धभूमि अत्यन्त भयानक रौद्र र वीभत्स भएको थियो।

यम-ग्रसन संग्राम

संग्राम चलिरहेकै बखतमा दानव-सैन्यको कमान दानवराज तारकासुरको प्रधान सेनापतिले आफ्नो हातमा लियो र सैन्य-संचालन गर्नथाल्यो। उता देवसेनाको कमान यमराजले ग्रहण गरेर दुवै पक्षले आफाफ्ना सैनिकहरूलाई छरिन नदिई नियन्त्रणमा राख्ने प्रयत्न गर्नलागे। देव-सेनाको नियन्त्रण यमराजबाट र आसुरी-सेनाको नियन्त्रण ग्रसनबाट गरियो। त्यसपछि आसुरी सेनाको संगठन मिलाउन लागेको ग्रसनलाई देखेर क्रोधले राँकिई यमराज 'आएँ, पर्खी' भन्दै जाइलागे। अग्नि शिखा जस्ता बाण प्रहार गरेर ग्रसनलाई ढाके। ऊ पनि के कम थियो र! 'आइलाग्ने माथि जाइलाग्न के विचार गर्ने' भन्दै विशाल धनुमा ताँदो खैंची भयंकर पाँच सय शरले प्रहार गरेर यमराजलाई हावा-कावा पाऱ्यो। ग्रसनको यस्तो उत्तम पुरुषार्थ देखेर यमराजले फेरि पानी परे झैं शर-वर्षा गरेर ग्रसनलाई पराजित पार्ने प्रयत्न गरे। यमराजका ती सम्पूर्ण बाण ग्रसनले हेलाँ गरेर आकाशमै टुक्रा-टुक्रा पारेर विफल तुल्याइदियो। यस प्रकार आफ्ना सबै बाणहरू विफल भएको देखेर रिसले मुर्मुरिई यमराजले त्यस ग्रसनको रथमा अनेक बाण प्रहार गरे। ग्रसन त्यसमा अलमलिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मौका पारेर यमले कालमुद्‌गर प्रहार गरे। त्यो स्थिति बाठो ग्रसनलाई स्पष्ट हुनासाथ सहसा रथबाट हामफालेर बायाँ हातले त्यो कालमुद्‌गर बीचैमा टप्प समायो र दाहिने हातले राम्ररी समाती बेसरी फन्न घुमाएर यमराजको वाहन अर्ना भैंसीको खप्परमा हिर्कायो। आफ्ना स्वामीको मुद्‌गरको चोटले दिउँसै तारा देखे झैं भयो र तीन फन्का घुमेर त्यहीं मुण्टिन पुग्यो। त्यस स्थितिमा आफ्नू वाहन पल्टिनु भन्दा अगाडि नै बुरुक्क उफ्रेर अत्यन्त ठूलो र तीखो टुप्पा भएको बर्छाले ग्रसनको मुखमै हिर्काए। त्यो बर्छाको चोट खप्न नसकी बलवान ग्रसन मूर्च्छित भएर ढल्यो। संग्राममा ग्रसन मूर्च्छा परेको देखेर दानवी सेनाको अर्को सेनापति जम्भ यमराजतिर लम्कियो र भिन्दिपाल (गोफल) भन्ने घुएँत्रो जस्तै अस्त्रले यमको छातीमा हिर्कायो। ग्रसनसितको संग्राममा थाकिसकेका यमराजको निम्ति त्यो चोट सहन कठिन पर्‍यो र रक्तको उल्टी गर्नलागे। यमराजको त्यस्तो स्थिति देख्नासाथ देव-सेनाका अर्का सेनापति कुबेर दाहिने हातमा गदा घुमाउँदै, एक लाख यक्षहरूका सेनाको संचालन गर्दै सामुन्ने पुगे। यस प्रकार कुबेर आएका देखेर जम्भ कुबेरसित नरम र मीठो क़ाइदाले बुद्धिपूर्वक वार्तालाप गर्न लाग्यो। त्यही अवसरमा वीर ग्रसनलाई चेत आयो र मणि एवं सुवर्णले सुशोभित, शत्रुको मान मर्दन पार्ने निकै साह्रो र भारी गदा फन्न घुमाएर यमराजमाथि प्रहार गरिदियो। यमराजले त्यस गदालाई विफल पार्न, संसारलाई नै अत्याउन सक्ने भयङ्कर 'यमदण्ड' लिई क्रोधले वेसरी घुमाई, त्यस चक्र झैं घुमाईको वेगले आगोका झिल्का

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वा ज्वाला नै निकालेर निकै फूर्तिसाथ प्रहार गरे। त्यो यमदण्ड आकाशमा गएर गदाका साथ बज्रेर वर्षाकालको मेघ गर्जे जस्तै ध्वनि हुन थाल्यो। ती दुवै अस्त्रको आकाशमा टक्कर हुँदा दुइ पर्वतहरू आकाशमै परस्पर युद्धमा लिप्त भए झैं भयो र त्यस संघर्षको ध्वनि चट्याङ परेको जस्तो सुनिन्दा कतिपय व्यक्तिहरूका कानको पर्दा नै फाटेको झैं भयो। सारा संसार नै प्रलयको आशङ्काले आकुल-व्याकुल भयो। केही बेरपछि त्यो ध्वनि शान्त भए तापनि आकाशमा उल्काको ज्वाला जस्तो भएर यमदण्ड र ग्रसनको गदाको संग्रामको राँको देखियो। अन्त्यमा यमदण्डले ग्रसनको गदा धूलो पारिदियो र ग्रसनको शिरमा बज्रन पुग्यो। त्यस चोटले व्यथित ग्रसनले सारा जगतै अन्धकारले ढाके झैं देख्यो र मूर्च्छा परेर भूमिमा ढल्यो। त्यसरी ग्रसन ढलेको देखेर दुवैतर्फका सेनामा हर्ष र विषादको कोलाहल चल्न थाल्यो। तर एकै क्षणमा ग्रसन सचेत भएर हेर्दा त सम्पूर्ण वस्त्र, अलङ्कार तथा सर्वाङ्ग धूलै-धूलो भएको देख्यो। अनि मनमनै चिन्तित भयो र तर्क गर्‍यो, म जस्तो सेनापति भएर आफ्ना स्वामी, अन्नदाताको पराजय ! अहिले सम्पूर्ण असुर सेना मेरै संरक्षणमा छ, अतः निरर्थक तर्क गरेर समय बिताउनू अनुचित हो, बरू धैर्य गरेर शान्त चित्तले अगाडि बढ्नुपर्दछ। पराजय मान्नु वा स्वीकार्नु त मूर्खता हो इत्यादि विचार गरेर शरीरको धूलो टकटक्यायो र कटक, कुण्डल, मुकुट, बाजूबन्द सबै कसेर मनमा भयङ्कर सङ्कल्प गरी पर्वत झैं बढ्दै कालदण्ड जस्तै मुंग्रो हातमा लिई वेगले घुमाई क्रोधले ओंठ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टोकेर रथमा बसी वायु झै वेगले संग्राम भूमिमा यमराजको नगीचै पुग्यो र हातमा लिएको मुंग्रोले यमराजको खप्पर ताकेर प्रहार गऱ्यो। तर यमराजले देखिसकेका हुनाले टाउको घुमाएर त्यो प्रहार छले। मुंग्रोको प्रहार छल्न यमराज अलि पछि सरेको मौका पाएर अनेकौं यमराजका सेनालाई ग्रसनले ध्वस्त पारिदियो। आफ्ना किंकर (सेना) हरूलाई ग्रसनले त्यसरी संहार गरेको देखेर यमराज निकै क्षुब्ध भई अनेक थरिका शस्त्रास्त्रको वर्षा गर्नथाले। यमराजबाट साहस र सहायता पाएर उर्लिन्दै अगाडि बढिरहेको त्यो यमकिंकरको सैन्य समूहलाई दृष्टि फिराएर हेर्दा ग्रसनले स्पष्ट देख्यो तैपनि आफ्नू मनलाई रोकेर आफ्ना सैन्य संचालन गर्दै रिसले प्रलय कालका कालरूद्र जस्तै भएर तीक्ष्ण शस्त्रास्त्र वर्षा गर्नथाल्यो। ग्रसनले कसैलाई शूलले हान्दछ भने कसैलाई तीखा बाणले मारिदिन्छ, अनि कतिलाई गदाले समाप्त पार्दछ भने कतिलाई मुद्गरले ठेकान लगाउँछ। कतिलाई पाशको प्रहारले व्याकुल पारिदिन्छ। यता यमराजका सेना पनि आत्तिएर कति ग्रसनका पाखुरामा झुण्डिएका छन्, कतिले ढुङ्गाले हिर्काइरहेछन्, कतिले रूखै उखेलेर त्यसको टाउकोमा बजार्दैछन्, कतिले दाँतले टोकिरहेछन्, पिठिउँमा मुड्की बजार्दैछन्। यस प्रकार यमराजका सेनाले जब वीर ग्रसनलाई अत्याएर आजित पारिरहेका थिए त्यसै बखत ग्रसन भूमिमा लडिबडि गर्दै शरीरले दलेर अनेकौं यमराजका सेनालाई किचिमिची पारेर तथा थिचेर सखाप पाऱ्यो। अनि फेरि उठेर मुड्कीले हिर्काई संहार गर्नथाल्यो तर थकाईले चूर भए पनि विश्राम गर्ने इच्छा गर्दैनथ्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यो चाल पाई तथा आफ्ना अनेकौं सैनिक समाप्त हुन लागेका देखेर यमराज आफ्नू अर्ना राँगोमा चढेर हातमा यमदण्ड लिई ग्रसनतिर लम्किए। यस प्रकार सामुन्ने आइपुगेका यमराजको छातीमा ग्रसनले आफ्नू बलियो गदा प्रहार गर्‍यो। त्यस गदाको वास्तै नगरी यमराजले ग्रसनको रथमा जोतिएका बाघहरूलाई यमदण्डले आकुल-व्याकुल पारिदिए। जब बाघहरू रथ तान्न नसक्ने भए तब ग्रसन रथ छाडेर तल वर्ली पैदल सरह भूमिमा उभियो र यमराजलाई दुवै हातमा समातेर तान्दै घिच्याउन पुग्यो। अब यमराज पनि शस्त्रास्त्र राखेर त्योसित मल्लयुद्ध वा बाहुयुद्ध (कुश्ता-कुश्ती) गर्नथाले। त्यसै बखत मौका पाएर ग्रसनले यमराजको कम्मर कसेको पटुका समातेर फनफनी घुमाउन थाल्यो। यमराजले पनि त्यस असुरको घाँटी दुवै हातले थिचेर जुरुक्क उचाली चक्र झैं फनफनी घुमाउन लागे। यसै गरी युद्ध-विद्यामा निपुण ती दुवै योद्धा परस्पर मुड्कीले हानाहान गर्नलागे। त्यो ग्रसनको शरीर धेरै ठूलो थियो। मुठी बटारेर हिर्काउँदा यमराजको हातै दुख्न लाग्यो, शरीर पनि थकित भयो र ग्रसनको काँधमा मुख अड्याएर एकै क्षण भए पनि स्वस्थ सास फेरौं भन्ने इच्छा गरेका थिए, तर त्यो धूर्त दानव ग्रसनले तिनको इच्छा जानिहाल्यो र त्यही मौकामा घाँटी थिचिहाल्नु पर्दछ भन्ने निश्चय गरेर यमराजलाई पाखुरामा समाती भूमिमा थेचार्‍यो र लछार-पछार पार्‍यो। जबसम्म यमराजको मुखबाट रगत बगेन तबसम्म आफ्नू छातीमा थिचिराख्यो र मुखबाट बेसरी रगत छादेपछि- 'अब त यो अवश्य मर्‍यो होला' भनेर छाडिदियो। अनि म विजयी भएँ भनेर उफ्रन्दै-गर्जन्दै आफ्ना सैनिकहरूको बीचमा पुगेर एउटा पर्वत जस्तै भएर ठिङ्ग उभियो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुबेर-जम्भासुर संग्राम

संग्रामको अर्कोतिर जम्भका शस्त्रास्त्र प्रहारले कुबेरलाई र तिनका सैनिकहरूलाई हाहाकार पारिराखेको थियो। त्यो देखेर क्रोधित भएका कुबेरले अग्निसमान सहस्त्रौं शरले जम्भलाई र सय शरले सारथीलाई तथा दस शरले ध्वजालाई अनि पचहत्तर शरले हात-खुट्टा एवं दसले विशाल धनु, एक शरले सिंहलाई, फेरि दस शरले वीर जम्भलाई ताकेर प्रहार गरे। धनपति कुबेरको यस्तो विचित्र चातुर्य देखेर 'श्याबास !' भन्यो अनि मनमा आंशिक धैर्य धारण गरे पनि मनमनै भयभीत भएर अत्यन्त तीक्ष्ण बाणहरू लिई क्रोधले अग्नि समान भएर धनु कानसम्म तानी शिवसखा कुबेरको छातीमा र सारथीको पनि छातीमा हिर्काएर उनको धनुको ताँदो पनि काटिदियो। त्यसपछि फेरि दस शरले छातीमै हिर्कायो। जम्भको त्यो प्रहारले कुबेर विचलित भएका पनि हुन् तर साहस र धैर्य नत्यागी आफ्नू धनुमा शर लगाउँदै छाड्दै गरेर सहस्त्रौं बाणहरू पानी परे झैं प्रहार गरेर जम्भलाई चारैतिरबाट शरको पिंजरा झैं पारी ढाकिदिए अर्थात् अन्धकारमा छोपिदिए। जम्भ पनि दुर्बल थिएन, उसले झटाझट शर-वर्षा गरेर कुबेरका शरहरू एकेक शरले विफल तुल्याइदियो। वीर जम्भासुरको त्यस्तो हस्त-कौशलको उत्तर दिन कुबेरले शरै शरको वर्षा गरेर उसका सैनिकहरूमाथि आगोको फिलुङ्गो फाले झैं पारिदिए। कुबेरको यस प्रहारको उत्तरमा जम्भासुरले पनि डरलाग्दो लौह मुद्गर (मुंग्रो) लिएर कुबेरका धेरै सैनिक स्वाहा पारिदियो। त्यसरी शत्रुको चोट खाए पनि कुबेरका सैनिकहरू आफ्ना रक्षकलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चारैतिरबाट घेरा हालेर सुरक्षित पारे । यस प्रकार आफ्ना सैनिकलाई आकुल-व्याकुल पार्ने त्यो जम्भको चेष्टा बुझेर अत्यन्त क्रोधित भएका कुबेरले जम्भका सेनामाथि हमला गरेर हजारौं सैनिकलाई यमलोक पठाइदिए । यसरी आफ्ना सेनाको संहार भएको देखेर हातमा फर्सा लिई चारैतिर वेगसित फनफनी घुमाई कुबेरको रथ ताकेर यसरी प्रहार गऱ्यो कि कुबेरको त्यो अत्यन्त बलियो रथ मूसाले पातलो वस्त्रको थान धूजा-धुजा पारे जस्तै धूलो-पीठो पारिदियो । त्यो वीर जम्भासुरको प्रशंसा योग्य पराक्रम देखेर क्रोधले अग्नि झैं भएका र रथबाट विरथी हुन पुगेका कुबेरले पैदल नै आफ्नू अनेक वर्षदेखि रक्षा गरेर राखिएको, अनेक ठूला-ठूला संग्राममा मात्र प्रयोग गरिने, अभिमानी शत्रुको अभिमान धूलो पार्ने, संसारका सम्पूर्ण पराक्रमी वीरहरूको निम्ति दुर्धर्ष भएको तथा चन्दन र पुष्पमाला आदिले सुशोभित, सुवर्ण र अन्यान्य रत्न समूहका झुम्काले सिंगारिएको, खारिएर शुद्ध भएको फलामद्वारा निर्मित, खूब गऱ्हौं, भित्रपट्टि ठोस भएको त्यो अलौकिक गदा लिएर बेगसित फनफनी घुमाई वीर जम्भासुरको छाती ताकेर प्रहार गरे । त्यो गदालाई रोक्न वा विफल तुल्याउन जम्भासुरले पनि बाण, चक्र, कडप, प्रास, भुशुण्डी र पट्टिशहरू पानी परे झैं छाड्दै गयो, तर ती सबैलाई विफल पार्दै वेगले गएर त्यो गदा जम्भासुरको छातीमा बज्रन गयो। पहाडको माथि टाकुरामा वज्र परेर पर्वत नै ढले झैं नाक-मुख आदिबाट रगतका धारा बगाउँदै रथको जुवा अड्याउने स्थानमा ठोकिन पुग्यो। यस प्रकार जम्भासुर लडेको देखेर अब यो मऱ्यो भन्ने ठानी कुबेरमाथि कुम्भज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२४ नामको अर्को सेनापति आइलाग्यो। अनि ती दुवै कुबेर र कुजम्भको घमासान, डरलाग्दो संग्राम मच्चियो। त्यस कुजम्भको शर-जालमा परी कुबेर ढाकिन लागिसकेका थिए तापनि शीघ्रतासाथ कुबेरले सबै शरहरू विफल पारेर कुम्भजमाथि आफ्नू शक्ति प्रहार गरे। त्यो शक्तिले वीर कुजम्भको छाती विदीर्ण-पाऱ्यो। त्यस चोटले त्यो एक क्षणसम्म हलचल गर्न पनि नसक्ने जस्तो भयो, तर साहसपूर्वक विस्तारै उठेर तीखो धार भएको पट्टिश कुबेरलाई ताकेर बीच छातीमा हाऱ्यो। त्यो कठोर प्रहार सहन नसकी कुबेर रथमै मूर्च्छा परेर ढले। कुबेरको दयनीय अवस्था भएको देखेर निशाचरी सेनालाई अगाडि बढाउँदै हातमा लिएको खड्ग झल्काउँदै राक्षसाधीश निर्ऋति कुजम्भतिर लम्किए। आफ्नू रथबाट भूमिमा वर्ली रातो म्यानबाट निकालेको खड्ग चारैतिर चक्र झैं घुमाउँदै शत्रुका सेनाभित्र पसेर धेरै सैन्यको टाउको छटाछट छुट्याउन आरम्भ गरे। त्यसरी असुरहरूका सेना समाप्त हुने स्थितिमा उपस्थित भयो। अनि वीर कुजम्भ कुबेरलाई छाडेर निर्ऋतिदेवतिर लम्कियो।

त्यही अवसरमा अघि मूर्च्छित भएको जम्भलाई चेत आएकोले बिस्तारै उठेर चारैतिर हेर्दा युद्धको विपरीत स्थिति देख्यो र कुबेरका सैनिकहरूलाई अत्यायो। अनि कुबेरका दिव्य रत्न, वाहन र धन-सम्पत्ति सबै पोको पार्न लाग्यो। त्यही मौकामा मूर्छाबाट सचेत भएका धनपति कुबेरले आफ्नू पक्षको दुरवस्था भएको देखेर रिसले सहिनसक्नु भयो। लामो-लामो सास फेर्दै सुस्केरा हाले र सुइँय सीटी बनाए। अनि क्रोधले राता-राता आँखा पारेर 'गारुड' नामक अस्त्रको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्झना गरी दिव्य शरलाई धनुमा सन्धान गरी त्यो अस्त्रलाई असुरहरूका सेनामाथि प्रहार गरिदिए। त्यस अस्त्रबाट सहसा धूवाँको मुस्लो निस्कियो, अनि आगोका फिलिङ्गाहरू निस्कन लागे। त्यसपछि आकाशमा अनेक थरिको रूप भयो। अन्त्यमा सम्पूर्ण लोकमै अन्धकार फैलियो, सूर्य ढाकिए, कतै पनि केही नदेखिने भयो। एकै क्षणमा फेरि सूर्य देखिए र आकाश स्वच्छ भयो। अनेक देवताहरू कुबेरको प्रभाव देखेर प्रशंसा गर्नथाले। संग्रामको त्यस्तो स्थिति देखेर कुजम्भ निर्ऋति देवलाई छाडेर फेरि कुबेरतिर दगुर्‍यो। एकतर्फ जम्भ र अर्कोतिरबाट कुजम्भ सैन्यसहित आइलाग्दा धनपति कुबेर आत्तिएर संग्रामभूमिबाट ज्यान जोगाएर भागे। त्यसरी हडबडाएर भाग्दा कुबेरको शिरको अनेक रत्न जडित बहुमूल्य मुकुट भूमिमा खस्यो। त्यो देख्नासाथ कुबेरका सैनिकहरूले मुकुटको रक्षा गरे। यक्षहरूको त्यस्तो प्रचण्ड पुरुषार्थ देखेर दानवी सेनाहरूले ठूला-ठूला पर्वत जस्ता तोपहरूबाट गोला प्रहार गरेर यक्षहरूको संहार गर्नलागे। यस प्रकार यक्षगणलाई पराजित पारेर कुबेरको फेटा (पगरी) बटुलेर रथमा राखी संग्राममा कुबेरलाई पराजित पारेर उनको सारा धन-सम्पत्ति गुटमुट्याएर वीर जम्भासुर आफ्ना सेनाहरू भएतर्फ लम्कियो। कुबेर चाहिं बहुमूल्य मुकुट गुमाएर, मुडुलो शिर र छरिएका केशराशि, फुङ्ग उडेको अनुहार र क्रोधित मुद्रा लिएर देवराज इन्द्रको नगीच पुगे।

अर्कोतिर निर्ऋतिदेव र प्रतापी कुजम्भको भयङ्कर संग्राम मच्चिरहेकै थियो। कुजम्भ निर्ऋतिदेवको तामसी मायामा अल्झिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थियो र उसका सैनिकहरू पनि नेत्र नभएका अन्धा झैं भइरहेका थिए। चारैतिर अन्धकार र कुइरोले ढाकिदिंदा सारा वाहन सैनिकसमेत अत्यासमा परेका थिए। असुरहरू धमाधम मारिइरहेका थिए। त्यस अवस्थामा वीर कुजम्भ पनि के गरूँ, के नगरूँ भन्ने अन्योलमा परेको थियो। त्यही अवस्थामा प्रलय कालको मेघ जस्तै रूप धारण गरेको प्रतापी महिषासुर गर्जेर निर्ऋतिमाथि झम्टियो र अनेक उल्काहरूले युक्त 'सावित्र' नामको अस्त्रलाई अभिमन्त्रित गरेर प्रहार गऱ्यो। जब त्यो प्रतापी सावित्र अस्त्र चम्केको थियो, तत्काल आकाशको घोर अन्धकार शान्त भएर हरायो। फेरि त्यसले 'विस्फुलिङ्ग' नामको अस्त्र प्रयोग गरिदियो र अलि-अलि शेष रहेको कुइरो र अन्धकार पनि हराएर गयो। अनि समस्त आसुरी सैन्यको क्षितिज (आकाश) फक्रिएको कमल पुष्पले ढाकिएको, शरद ऋतुमा स्वच्छ भएको सरोवर (तलाउ) जस्तै निर्मल भयो। अनि बल्ल दानवहरूका आँखा उघ्रिए। यस प्रकार दृष्टि खुलेका दैत्य-दानवहरू देवगणका सैन्यदलहरूका साथ भुजङ्ग नामक अस्त्रद्वारा संग्रामको निहुँले विनोद (ठट्टा) गर्नलागे। त्यसपछि कुम्भज वीरले डरलाग्दो धनु उचालेर आकाशमा उडिरहेका सर्पजस्ता भयङ्कर बाणहरूको वर्षा गरेर राक्षसेश्वर निर्ऋतिले पनि उस्तै बाणहरू प्रहार गरेर कुम्भज दानवका समस्त शरहरू आकाशमै टुक्रा-टुक्रा पारिदिए। अनि अन्य शरहरूको वर्षा गरेर शत्रुको रथको ध्वजा काटे; भालाले सारथीलाई हानेर भूमिमा ढलाइदिए। राक्षसराजको त्यस्तो विचित्र चमत्कारपूर्ण पुरुषार्थ देखेर क्रोधले अन्धो झैं भएको कुम्भज वीरले राता-राता नेत्र पारी रथबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामफालेर आकाश जस्तै वर्ण भएको खड्‌ग र दस चन्द्रमाले अंकित ढाल लिएर राक्षसराज माथि प्रहार गरे। यस प्रकार आइलागेको कुम्भज दानवलाई देखेर राक्षसराजले उसलाई बलियो मुसलले सकेसम्म ठटाए। त्यस प्रहारको वेदनाले गर्दा तत्काल मर्दछ कि जस्तो भएको र मनमनै डराएको ढुनमुनिदै हल-न-चल भएर एक स्थानमा अडियो र एकै क्षण विश्राम गर्न पाएर शरीर केही स्वस्थ र शान्त भयो। अनि वेगले उफेर राक्षसेश्वरको रथमै पुगी बायाँ हातले तिनको कपाल मुठ्याएर दाहिने हातले खड्‌ग उज्याएर, घुँडाले वेसरी थिची बलिको बोको काटे झैं दुइ टुक्रा पार्ने आँटेको थियो, तर यो सबै स्थिति अलि परबाट वरुणदेवले देखिरहेका हुनाले नागपाश प्रहार गरी कुजम्भका दुवै हात टम्म पारेर बाँधिदिए। त्यसपछि त्यसको शेखी झार्न गदाले हिर्काए। गदाको प्रहारले गर्दा नाक-मुखबाट रगतको धारा बगाउँदै त्यहाँबाट अलग भयो। अनि रिसले चूर भएको कुजम्भ आकाशमा बिजुलीको रंगी-चंगी माला लगाएको मेघको रूप लिन पुग्यो।

वीर कुजम्भको त्यस्तो स्थिति देखेर पर्वतको ठूलो कन्दराजस्तै मुख पारेर वरुणदेव र निर्ऋतिदेवलाई एकै गाँस पार्छु भनेर दगुर्दै महिषासुर आइपुग्यो। महिषासुरको इच्छा बुझेर दुवै वीर भयभीत भई त्यहाँबाट भागे। राक्षसेश्वर सरासर इन्द्रको शरणमा पुगे, वरुणदेव चाहिं महिषासुरले लखेट्‌तै आएको हुनाले मनमनै व्यग्रता अनुभव गर्दै भाग्दै थिए। त्यसै बीचमा चन्द्रमाले 'सोम' नामको अस्त्र प्रहार गरिदिए। त्यसको प्रभावले महिषासुर सहित समस्त दैत्य-दानवहरू शीत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(जाडो) ले कठ्यांग्रिन लागे। चन्द्रमाले तत्काल वायव्यास्त्र प्रहार गरे। अब पूष-माघको हिमलहरी समेतको डरलाग्दो चक्रवात-आँधी चल्न थाल्यो। त्यसले गर्दा सारा दैत्य-दानवहरू आत्तिएर आकुल-व्याकुल भए। हिंड्न पनि नसक्ने र कुनै हात-हतियार समात्न पनि नसक्ने भए। यस किसिमको हिमपातले देव-दानवहरू ठाडै जम्म थाले। महिषासुर बर्ता ठण्डीले थर-थर काम्न लाग्यो, छातीमा हात राखी तलतिर टाउको निहुराएर कुक्रुक्क बस्यो। चन्द्रमाद्वारा यसरी पराजित भएका दैत्य-दानवहरू अब त संग्रामको चर्चा नै त्यागेर केवल जीवित रहन पाए हुनेथियो भन्नथाले। सम्पूर्ण आसुरी सेनाको यस्तो दुर्गति देखेर क्रोधले आगो झैं भई सेनापति कालनेमी आएर सबैलाई सम्बोधन गरी करायो— 'हे दानव-दैत्य वीर हो ! के स्वांग गरिरहेका छौ ? यो कस्तो अभिनय हो ? तिमीहरू सबै प्रत्येक शस्त्रास्त्र-विद्यामा निपुण वा पारंगत छौ। तिमीहरू मध्येको एकेक वीरयोद्धा यो सम्पूर्ण संसारलाई एकै गाँसमा सलक्क निल्न समर्थ छौं। तिमीहरू एकेक प्रतापी वीरका सम्मुख देवताहरूको जतिसुकै प्रतापी र विशाल सेना पनि तृण बराबर छन्। तिमीहरूको एक कलासम्म पनि यी देवताहरू पुग्न समर्थ छैनन् भने किन पराजित भइरहेका छौ ? यी देवताहरूसित संग्राममा पराजित भएर कहाँ जान सक्तछौ ? सुन-प्रतापी शूर-वीर भएका र विशेष गरेर दैत्य-दानव वंशमा जन्म लिएका तिमीहरूको यो लाछीपन धेरै नै लज्जाको कुरा हो। त्रैलोक्य-संहारक हाम्रा प्रतापी राजा तारकासुर अहिले तिम्रा नेत्रका सामु छैनन्। अतः तिमीहरूको यो लाछी चाला थाहा पाए भने रिसाएर सबैलाई पालैसित नमारी छाड्ने छैनन्। यति भनिसकेपछि बल्ल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वास्तविक स्थितितर्फ ध्यान दिनासाथ थाहा पायो, यी सबै दैत्य-दानवी सेनाहरू बर्ता चीसो भएर न कान सुन्न सक्तछन्, न आँखाले हेर्न नै समर्थछन्; यी त बोल्नै नसक्ने लाटा, बैह्रा र अन्धाजस्ता भइसकेका रहेछन्; यिनका दाँत ढुङ्गा चपाए झैं कर्र-कर्र बजिरहेका छन् र कसैको पनि चेतना वा होश ठेगानमा नहुनाले माटोको मूर्ति जस्ता भएका छन् । यिनलाई जाडोले नराम्रोसित थिचेको रहेछ । कालनेमीले तत्काल मनमनै विचार गऱ्यो– अब मैले यो मौका अनुसार उचित काम गर्नैपर्दछ । यति विचार गर्नासाथ त्यो कालनेमी दानव वा असुर एक क्षणमै बढ्दै गएर एक क्षणमै सारा दिशा-विदिशा ढाकिदियो र आफ्नू देहमा दस हजार सूर्यको उत्पत्ति गऱ्यो र समस्त दिशा-विदिशामा आफ्नू आसुरी माया फिंजाएर प्रचण्ड ताप पनि उत्पन्न गरायो । यति हुनासाथ तीनैलोक अग्निको ज्वालारूपी तापले र सूर्यको तातोले एक क्षणमै तातो भयो र त्यो अभूतपूर्व शीत-लहरी स्वयं साम्य भएर गयो । क्रमशः शीतको त्यो कष्टदायक समय हट्तै गयो । अनि त्यो संग्राम-भूमि वर्षापछिको दिन झैं सवैतिर झलमल्ल उज्यालो भयो । कालनेमीको कल्पित मायाको प्रभावले सवै दैत्य-दानवसैन्यलाई शान्ति प्रदान गऱ्यो र विचेत भएका सवै असुरहरू चेतना पाएर प्रसन्न भए ।

सूर्य र कालनेमी संग्राम

त्यो स्थिति देखेर सूर्यनारायण आफ्नू सारथी अरुणलाई भने- हे अरुण ! अहिले कालनेमी जहाँ छ, हाम्रो रथ त्यहीं तत्काल पुऱ्याऊ । त्यहाँ डरलाग्दो संग्राम मच्चिने छ । त्यसमा अनेक शूर वीरहरूको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनाश सम्भव छ। चन्द्रमाले पराजय स्वीकार गरेका छैनन्। उनका सैनिक उचित स्थानमा छन्। यस्तो सूर्यभगवान्को आज्ञा पाउनासाथ अरुणले तीव्र गतिले रथ बढाए। सूर्यले विशाल धनु उचालेर त्यसमा नागको आकार भएका दुइ बाण सन्धान गरी एउटाले संचारास्त्र र अर्कोले इन्द्रजालको प्रहार गरे। सञ्चारास्त्रले असुरहरूको रूपमा परिवर्तन ल्यायो, समस्त असुरहरू देवगणजस्तै देखिन लागे। कालनेमीलाई यस विषयमा केही पनि ज्ञात छैन। त्यसैले गर्दा अब ऊ क्रोधले अग्निशर्मा भएको छ र आफ्नू हातको कुशलताले देवतारूप देखिने दानवहरूलाई धमाधम सखाप पार्न लाग्यो। त्यसमा कुनै प्रकारको पनि छेक-थुन थिएन। दनादन असुर-दानव-दैत्यगण संग्राममा मारिन लागे। त्यो स्थिति देखे र नेमी दानव आई कालनेमीलाई भन्यो- हे कालनेमि ! म कुनै देवता होइन, म नेमि हुँ। मलाई हेर, कुरा बुझ्ने प्रयास गर। आफ्नू बुद्धि ठेगानमा राखेर काम गर। देवताहरूको मोह-जालमा लट्ठिएर तिमीले यस संग्राममा अनेक ठूला-ठूला वीरहरूको संहार गरिसक्यौ। जुन बलवान् वीरहरूलाई देवताहरूले कुनै यत्न गरेर पनि मार्न सक्नेथिएनन्, त्यस्ता अनेक दैत्य-दानव र असुरदलका लाखौं वीर योद्धाहरूलाई स्वयं नै मारेर सोत्तर पारिदियौ। यो ठूलो भूल र अपराध पनि हो। यस कार्यले आफ्ना शत्रुस्वरूप देवताहरूलाई झन् सजिलो पारिदियौ। यस विषयमा सबै रहस्य थाहा पाए भने तिमीलाई तारकासुर महाराजले कदापि क्षमा गर्ने छैनन्, यसको राम्ररी विचार गर। मुख्य कुरा-सबै शस्त्रास्त्रको नियन्त्रक उही ब्रह्मास्त्र हो, अतः त्यसको नियमपूर्वक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनुसन्धान गरी तत्काल प्रहार गर । नभए ठूलो वित्यास पर्न आँट्यो । यसरी विस्तारपूर्वक नेमिले कुरा बुझाउँदा कालनेमी आकाशबाट भूमिमा पल्टिए झैं भयो र विधिपूर्वक ब्रह्मास्त्रको सन्धान गरेर प्रहार गरिदियो । त्यो ब्रह्मास्त्रको तेजले सञ्चारास्त्र स्वयं शान्त भएर गयो । यस प्रकार सञ्चारास्त्र शान्त भएपछि सूर्यनारायणको सबै चुरीफुरी सेलाएर गयो र 'महेन्द्रजाल' नामक अस्त्रको प्रयोग गरेर अनेक रूपमा प्रकट हुनगए। अनि हजारौं सूर्यका किरणले त्रैलोक्य ढाक्यो र सम्पूर्ण दैत्यसेना सूर्यको तापले सुकेर तिनको अङ्गमा केवल हाड मात्र शेष रह्यो; रगत, मासु, बोसो आदि निःशेष भए । त्यसै अवसरमा सवैतिरबाट अग्निको वर्षा हुन लाग्यो। अतः असुरका सेनामा सामान्य सैनिक र सेनापति सहित सवै आँखा नदेख्ने अन्धा हुन गए। हात्तीहरू काठ झैं सुकेर भूमिमा पल्टिए। अश्वहरू पानीको तिर्खा लागेर लामू-लामू सास फेर्न थाले । रथी र रथमा जोतिएका अश्वहरू पानीको खोजीमा यता-उता भौंतारिन लागे। पानी, छाया, कन्दरा आदि कतै भेटिन्छ कि भन्दै सवै दिशातिर दगुर्न थाले। त्यसै वेला अकस्मात् वन-दाह (डढेलो) को आगोले चारैतिरबाट घेरिए। अलि परतिर पानी देखिन्थ्यो, तर त्यहाँसम्म पुग्ने शक्ति पनि देहमा रहेन। प्यासले खरो हुँदा प्याक-प्याक मुख बाएर ढनमनिदै अश्वमाथि रथ, रथमाथि हात्ती र पैदल सेनामाथि अश्व लडेर सोत्तर भए। त्यसैमा कति किचिए-मिचिए र समाप्त भए। कति दगुर्दा-दगुर्दै भूमिमा ढली रगत वमन गरेर प्राण त्यागे। यस प्रकार धेरै असुरहरू समाप्त भए। आफ्ना असुर पक्षको त्यस्तो दुर्गति भएको देखेर रिसले आगोको

Jayatu Sanskritam, Kathmandu, Nepal.

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२५ फिलुङ्गो समान भई गर्जन्दै र उफ्रन्दै वीर कालनेमी आकाशमा गयो र प्रलयकालको मेघजस्तै आकार धारण गर्‍यो। चारैतिर बिजुली चम्कन लागे। धमाधम वज्र (चट्याङ) पर्नलाग्यो। सूर्यको महेन्द्रजाल छिन्न-भिन्न भयो। आकाशबाट हात्तीको सूँढ झैं चीसो जल-वर्षा दानवी सेनामाथि वेगले वर्षन लाग्यो। दैत्य-दानवादिलाई केही शान्ति प्राप्त भयो। तापले सुक्न र मर्न लागेका वृक्ष, लहरा, स-साना प्रोथ्रा, घाँस-पात सबैले जीवनदायिनी जल पाए झैं मौलाए। त्यसपछि वीर कालनेमीले देवताका सेनामाथि अनेक शरहरूको वर्षा गर्न लाग्यो। भयङ्कर जलवर्षा र शरवर्षाले आकुल-व्याकुल भएका देवता र तिनका सेनाको कुनै गति, कुनै आश्रय वा कुनै संरक्षक नदेखिएका र आँधी-पानी एवं असिनाले चुटिएका भेडा-बाख्रा, गाई-भैंसी आदिको समूह (बथान) जस्तै भएर देवगणका सेनाहरू आफ्ना सबै शस्त्रास्त्र फ्याँकेर एउटा अर्कोसित टाँसिएर वा ढेस्सिएर तथा हाँत्तीका पेटमुनि लुकेर अथवा ठूला-ठूला रथमनि लुकेर आफाफ्नू प्राण-रक्षा गर्नथाले। कति सैनिक शरीर कक्रक्क भएर दुवै हातले अनुहार ढाकी 'यता गए बाँचिएला कि उता गए प्राण रहला' यस्तो स्थिति भएर यता-उता दगुर्न वा फनफनी घुम्नलागे। यस्तो देवगणको मृत्यु समान संघर्षमा कति देवता वा तिनका सैनिक खुट्टा-हात, शिर-गिंड काटिई समरभूमिमा पल्टिरहेका छन्। अनेक रथहरू उत्तानो परेका छन्। अनेकानेक छाता, ध्वजा, पताका, रथ, अश्व, हात्ती र पैदल सैनिकहरू तथा साना-ठूला वीरहरूले वीरगति पाइरहेका छन्, रगतको नदी जस्तै बगिरहेको छ। यस प्रकार एक मुहूर्त मात्रमा त्यो कालनेमिले लाखौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गन्धर्व, पाँच लाख साठी हजार यक्ष, तीन लाख किन्नर, सात लाख पिशाच र अरू देवताहरूका पक्षबाट असंख्य सैनिक र साना-ठूला वीरहरू समाप्त पारिदियो। यस प्रकार उग्र रूपमा देवगणको संहार भएको देखेर रिसले आगो समान भएका अश्विनीकुमार दुवैभाई संग्राममा अघिसरे। त्यो अग्नि समान कालनेमि माथि दुवै भाईले साठी-साठी तीखा शर प्रहार गरे। मर्मभेदी उक्त बाणहरू लागेर आत्तिएको कालनेमि अचेत भयो। एक छिनपछि सतर्क भएर धैर्य धारण गरी राम्ररी सान लगाई धारिलो पारेको र आठ कुना परेको विशाल चक्रले अश्विनी-कुमारका रथको चुकुल नै भाँचिदियो। अनि विशाल धनु लिएर सर्पाकार शर सन्धान गरी सम्पूर्ण आकाश नै ढाकिदिने चालले अश्विनी-कुमारका शिरमै हिर्कायो। तर उसका सबै शरहरू विफल गराइदिए। अश्विनी-कुमारको यस्तो पराक्रम देखेर छक्क परे पनि मनमनै खूब रिसाई प्रत्यक्ष कालदण्ड झैं डरलाग्दो मुंग्रो उचाली पूर्ण शक्तिले चारैतिर घुमाएर अश्विनी-कुमारका रथमा प्रहार गरिदियो। त्यो मुद्‌गर आउन लागेको देखेर दुवै भाई अश्विनी-कुमार रथबाट उफ्रेर तत्काल आकाशमा गए। त्यो मुंग्रोले दुवै भाईको रथ धूलो-पीठो पारिदियो र मुंग्रो पृथ्वीमा गाडियो। कालनेमिको त्यस्तो पराक्रम देखेर अश्विनी-कुमारले पनि त्यस दैत्यको अभिमान चूर्ण पार्ने किसिमको विशाल 'वज्रास्त्र' अभिमन्त्रित गरी प्रहार गरिदिए। त्यस अस्त्रबाट अनेक वज्र उत्पन्न भएर समस्त दानवी सेनामाथि पानी परे झैं वज्रकै वर्षा भयो। अनि कालनेमिले देख्दा-देख्दै सम्पूर्ण सेनाको रथ, धनु, ध्वजा, चक्र र सुवर्ण निर्मित कवच टुक्रै-टुक्रा भएर काटिए। त्यसपछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रिसाएको कालनेमिले आफ्नो 'नारायणास्त्र' द्वारा त्यो 'वज्रास्त्र'को प्रभाव समाप्त गरायो र अश्विनी-कुमार दुवै भाईलाई जीवित पक्रन्छु भनेर रथबाट हामफाली दगुर्दै आयो। त्यो देखेर आत्तिएका दुवै भाई शस्त्रास्त्र त्यागी भागेर देवराज इन्द्रको रथका समीप उपस्थित भए। कालनेमि पनि पछि-पछि लखेट्तै आफ्ना सेनाहरूका साथ देवराजको रथका समीप पुग्यो। यो घटना देखेर समस्त प्राणीहरू अब के हुने हो भनेर डराए। कालनेमिको पराक्रम र क्रूरता बुझ्ने जतिले अनुमान गरे– अब देवराज इन्द्रको पराजय हुने लक्षणहरू स्पष्ट देखिन थाल्यो– यसबाट समस्त संसारको विनाश निश्चय हुन सक्तछ। अनि मुख्य-मुख्य पर्वतहरू स्वतः डोलायमान हुनथाले। सहसा आकाशबाट उल्कापात हुन लाग्यो। मौसमै बिनाको दिशा-विदिशामा मेघहरू चर्को स्वरमा गर्जन थाले। समुद्रहरू अनायास उर्लन थाले।

विष्णु भगवानको आगमन

यस किसिमले संसारमा जताततै उपद्रव वा भौतिक विकृति (नियमको विपरीत) हुन थालिसकेको जानेर आनन्दसित शेषशय्यामा योग निद्रामा सुतिरहेका विष्णु भगवान् जागा हुनुभयो। लक्ष्मीजीका कोमल बाहुलीले कमल जस्ता पाउ दाबिएका, शरद्कालको आकाश झैं वर्णका, छातीमा कौस्तुभ मणि धारण गरेका, रत्नका बाजूबन्द कसेका, चिन्मयस्वरूपका, अन्तर्यामी भगवान् विष्णुलाई ज्ञात भयो; दैवी शक्तिलाई आसुरी शक्तिले थिचिरहेछ। यदि यस्तो स्थिति विद्यमान रह्यो भने सम्पूर्ण संसार विनाशको गर्त (खाल्डो) मा गाडिन पुग्नेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः चूपचाप शान्त भएर बस्ने समय छैन यस्तो विचार गरेर तत्काल आफ्नू वाहन गरुडलाई डाक्न पठाउनु भयो। भगवान्को हुकुम सुन्नासाथ गरुड हाजिर भएपछि अनेक प्रकारका दिव्य शस्त्रास्त्रहरू सुसज्जित पारी गरुडमा चढेर जहाँ देवताहरूको समूह थियो, त्यहीं पुगेर चारैतिर दृष्टि फिराउँदा सारा स्थिति स्पष्ट भयो। भयङ्कर प्रचण्डरूपका काला-काला अभिमानी र आक्रमणकारी दानव-दैत्य-असुरहरूले देवराज इन्द्रलाई चारैतिरबाट घेरेका छन्। अगाध सम्पत्तिले मदमत्त, सौभाग्य-हीन, घोर र क्रूर स्वभावका दानवले देवराज इन्द्रलाई काँचै चबाउन तत्पर छन्। अब देवताहरूको सुरक्षा र सम्पूर्ण दैवी-शक्ति वृद्धि नगरे-आसुरी शक्तिको वृद्धि हुँदै जानेछ, अनि सम्पूर्ण विश्वको नाश हुनेछ भन्ने गम्भीर विचारले दैवीशक्तिको सहायतार्थ आउनुभएको विष्णु भगवान्लाई पहिले प्रतप्त किरण भएका उदयाचलका टाकुरामा रहेको ज्योतिर्मण्डलको स्वरूपमा देखे। यो मण्डलको के कस्तो प्रभाव वा शक्ति होला भन्ने विचार आएर फेरि हेर्दा– प्रलयकालका प्रत्यक्ष अग्निसमान गरुडलाई देखे। त्यसपछि गरुडमाथि बसेका र मेघजस्तो श्याम वर्णका अविनाशी (कहिल्यै नाश नहुने) विष्णु भगवानलाई देखे। उनलाई देखेर असुरहरू निकै प्रसन्न भएर भन्न थाले- हेर, यो विष्णु देवताहरूको संरक्षक र सर्वस्व हो। अतः यसलाई पराजित पारेपछि सम्पूर्ण देवताहरूमाथि हाम्रो विजय हुनेछ। हामी असुरहरूको निम्ति यो विष्णु कालस्वरूप हो। केवल यसैको प्रताप र भरमा देवताहरू यज्ञभाग (हवि) खान पाइरहेका छन्। अब हामीले यसलाई संग्रामबाट जीवित उम्मेर जाने अवसर दिनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँदैन। यसरी कुरा गर्दै सबै असुरहरूले चारैतिरबाट पर्खाल झैं घेरा हालेर विष्णु भगवान् भूमिमा वर्लन नपाउँदै अनेक थरिका शस्त्रास्त्रहरूको प्रहार गर्न थालिहाले। प्रतापी कालनेमि सहित असुर पक्षका दसै प्रधान सेनापतिहरू एकत्र भए। अनि कालनेमिले तीखा-तीखा साठी शर विष्णु भगवान्लाई लक्ष्य गरेर प्रहार गरिदियो। अनि निमिले सय शर, मथनले असी, जम्भकले सत्तरी, शुम्भले दस, शेष पाँचमा एकेकले दस-दस शरले एकैपल्ट प्रहार गरे। कालनेमिले फेरि कानसम्म धनु तानेर तीन बाण विष्णु भगवान्को छाती ताकेर प्रहार गर्‍यो। ती वाण विष्णुको छातीमा कौस्तुभमणी जस्तै शोभित भए।

असुरहरू द्वारा त्यस प्रकार जिस्क्याए झैं गरेकाले मनमनै रिसाई विष्णु भगवान्ले गदा उचाली घुमाएर कालनेमिलाई लक्ष्य गरी प्रहार गर्नुभयो। तर त्यो गदालाई त्यसले आकाशमै टुक्रा पारेर आफ्नू पुरुषार्थ दर्शायो। विष्णु भगवान्ले रिसाएर डरलाग्दो प्रास कालनेमिको छाती ताकेर छोड्नु भयो। त्यस प्रासको चोटले गर्दा एक क्षणसम्म त त्यो विचेत भयो र चेत फर्कनासाथ बलियो र तीखो शक्तिले विष्णुको पाखुरामा हिर्कायो। त्यसको चोट बायाँ पाखुरामा लाग्यो र रगतको धारा बग्यो। अनि रिसले चूर भई विष्णु भगवान्ले आफ्नू शाङ्र्ग धनुमा सत्र बाण तीखा-तीखा छानेर प्रहार गर्नुभयो। काल-नेमीको छातीमा प्रथम छ बाण र थप तीन शर-सन्धान गरेर छाड्नु-भयो। चार शरले सारथी, एकले ध्वजा, दुइ शरले ताँदो र धनु, एक शरले बायाँ हातमा ताकेर प्रहार गर्नुभयो। विष्णु भगवान्का बाणहरूको चोट खाएको र छातीमा बढी कष्ट भएकोले कालनेमि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विभिन्न अङ्गबाट रगत चुहाउँदै आकुल व्याकुल भएर ठूलो बतासले हल्लाएको पलाशको वृक्ष जस्तै र जँड्याहाले हिंडे झैं गर्दै थियो- त्यसै वेला विष्णु भगवानले कौमोदकी गदा त्यसको खप्परमा बजानु भयो। गदाको चोटले त्यसको टाउको फुट्यो, मुकुट कच्याक-कुचुक भयो, नाक-कान र मुखबाट रगतको धारा लाग्यो। अनि त्यो आफ्नू भत्किसकेको रथमा विचेत भएर-केवल धुक-धुकी मात्र शेष रहेर ढल्यो र त्यहाँबाट पनि तल रथमुनि भूमिमा लड्यो। कालनेमिको त्यस्तो दुर्गति देखेर विष्णु भगवानले मन्द-मन्द हाँस्तै भन्नुभयो- 'हे अधम ! अहिलेलाई छाडिदिएँ, जा ! निर्भय भएर बाँचेस् ! पछि चाँडै नै तँ मेरै हातबाट प्राण त्याग्नेछस् ! यति कुरा सुन्नासाथ सारथीले रथी (कालनेमी) लाई संग्राम भूमिबाट निकै पर लिएर गयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी व्रतकथायां देवासुर–संग्राम वर्णनं नाम नवमोऽध्यायः ।। ९ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ दशमोऽध्यायः

ग्रसन-वध

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! विष्णु भगवान्‌लाई देख्नासाथ यसै पनि सम्पूर्ण असुरहरू क्रोधले आगो झैं भएर डढिरहेका थिए, त्यसमाथि झन् कालनेमीलाई पराजित पारेर आफू विजयी भई संग्राम-भूमिमा प्रभुतासाथ उपस्थित विष्णु भगवानलाई देख्दा असुरदलका सेनापतिहरूको क्रोधले सीमा पार गर्दै गयो। मह काढ्‌दा मौरी रिसाए जस्तै सारा सैन्य लिएर चारैतिर घुम्न लागे। काला चमरहरू लरक्क पारिएको, सेता वेल बुट्टा भएका पंचरंगी ध्वजा-पताकाले सज्जित, गण्डस्थल फुटेर मदको धारा बगाइरहेको, आँट्‌नै नसकिने ठूलो पर्वत झैं विशाल र डरलाग्दो हात्तीमा चढेर निमि दैत्य त्यस संग्राम-भूमिमा विष्णु भगवानतिर लम्कियो। त्यसका सहायक अनुचर वा रक्षक प्रसिद्ध असुरहरू कवच र किरीट धारण गरेका डरलाग्दा तीस हजार जति थिए। मथन दानव अश्वमा चढेको, जम्भकको सवारी ऊँटमा थियो। शुम्भासुर ठूलो र बलियो भेडामाथि बसेको थियो। यी सबैका साथमा अन्य पनि साना-ठूला दैत्य, दानव तथा असुरहरू सुसज्जित भएर नाना प्रकार शस्त्रास्त्रहरू भिरेर संग्राममा विष्णु भगवानमाथि आफाफ्ना हतियार एवं शस्त्रास्त्र सामुहिक रूपले प्रहार गर्नथाले। फलामको मुसलले निमि दानवले, मथन असुरले मुंग्रोले, शुम्भ वीरले शूलले, ग्रसन नामक वीरले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रासले, महिषासुरले चक्रद्वारा, जम्भ योद्धाले शक्तिले तथा अनेक असुरहरू तीक्ष्ण-तीक्ष्ण वाणले चारैतर्फबाट एकैपल्ट हमला गरे। ती समस्त दैत्य-दानव र असुरगणका शस्त्रास्त्रहरू विष्णु भगवानका अङ्गमा-योग्य गुरुजनका उपदेश सुविज्ञ शिष्यका हृदयमा पसे झैं एकेक गरेर पस्तै गए। त्यति हुँदा पनि नारायण भगवान कत्ति पनि नआत्तिई विशाल बाहुमा धनु लिएर-सर्पजस्ता र एकदम स्वच्छ पारिएका सोझै गएर लक्ष्य-भेद गर्नसक्ने बाणहरू सन्धान गरेर धनु कानसम्म तानी समस्त असुरहरूमाथि छाड्नु भयो। ती अग्निसमान बीस शरले निमिलाई, दस शरले मथन वीरलाई, पाँच शरले शुम्भलाई र एक शरले महिषासुरलाई तथा बाह्र शरले जम्भलाई आक्रमण गरेर फेरि सबैलाई पालैसित आठ-आठ शरले हिर्काउनु भयो। विष्णु भगवान्को यस प्रकारको हस्त-चातुर्य देखेर क्रोधले आगो समान भएका सवै दैत्य-दानवहरू उच्च स्वर गरेर कराउँदै अत्यन्त भयङ्कर र अद्भुत संग्राम गर्नथाले। निमिले भाला प्रहार गरेर विष्णु भगवानको धनु, महिषासुरले हातमा लिइराखेको वाणहरू टुक्रा-टुक्रा पारिदियो र तीखा-तीखा शरहरू प्रहार गरेर जम्भले गरुड र विष्णु भगवानलाई बाहुमा शुम्भासुरले तत्काल प्रहार गरिदियो। यसरी सामुहिक आक्रमण गर्दै आइलागेका दानव-दैत्यले आफ्नू धनुको ताँदो काटिदिंदा विष्णु भगवानले गदा घुमाएर वेगपूर्वक मथन दानवमाथि प्रहार गर्नुभयो। त्यो गदा आएर लाग्न नपाउँदै निमिको तीक्ष्ण शरले टुक्रा-टुक्रा पारिदियो। लोभी वा सानासित गरिएको याचना जस्तै आफ्नू गदा विफल भएको देखेर विष्णु भगवान्ले रत्न जडिएको दिव्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२६ मुद्गर उचाली चारैतिर फन्न घुमाएर प्रहार गर्नुभयो। त्यो मुद्गर पनि लाग्न नपाउँदै आकाशमै जम्भवीरको गदा, ग्रसनको पट्टिश र महिषासुरको शक्तिले व्यर्थ पारिदियो। यस प्रकार दुर्जनसित गरिएको प्रीति- प्रणय निवेदन निरर्थक भए झैं आफ्नू शक्तिशाली मुद्गर व्यर्थ गएको देखेर विष्णु भगवान्‌ले आठ घण्टको कठोर ध्वनि भएको, अग्रभाग तेजिलो देखिने आफ्नू शक्ति जम्भ वीरमाथि प्रहार गर्नुभयो। त्यो शक्तिलाई पनि गजासुरले आकाशमै टप्प समाइदियो। सुयोग्य व्यक्तिले दिएको शिक्षा, अर्ति उपदेशलाई विवेकी व्यक्तिले टप्प टिपे झैं त्यो बलियो शक्तिलाई गजासुरले सहजै पक्रेको देखेर विष्णु भगवानले अर्को बलियो र भारी धनु लिई त्यसमा ताँदो चढाई रौद्रास्त्र सन्धान गरेर त्यो गजासुर दानवमाथि प्रहार गर्नुभयो। त्यो अस्त्रको तेज चराचरमा व्याप्त भयो। सम्पूर्ण आकाश शरै शरले ढाकियो। दिशा-विदिशा र पृथ्वी शरका जालले जेलिए झैं देखिन लागे। रौद्रास्त्रको त्यो अद्‌भुत प्रभाव देखेर महाबली तारकासुरको मुख्य सेनापति ग्रसनासुरले ब्रह्मास्त्रको प्रयोग गऱ्यो। अनि त्यो रौद्रास्त्र साम्य हुनगयो। यसरी रौद्रास्त्र शान्त भएको देखेर विष्णु भगवान्‌ले आफ्नू शाङ्‌र्ग धनुषमा 'कालदण्डास्त्र' राखेर प्रहार गर्नुभयो र त्यसले तातो र रूखो बतास चल्नथाल्यो; भुइँचालो आउन लाग्यो, अनि बल्ल दानव र दैत्यहरूको हृदय कम्पित भयो, मुटु हल्लियो। त्यो भयङ्कर अस्त्र देखेर असुरहरूले पनि आफाफ्ना प्रधान र दिव्य अस्त्रहरू प्रहार गर्नथाले। त्यसमा प्रथम ग्रसन वीरले नारायणास्त्र, तिमीले चक्र तथा जम्भासुरले अनेकानेक नवीन किसिमका शस्त्रास्त्रहरूको प्रहार गर्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नगर्दै कालदण्डले करौडौं दानव-दैत्य र असुरहरूलाई एक दिनमै, रथ, हात्ती र अश्वसमेत स्वाहा पारिदियो। दैत्यहरूका सम्पूर्ण शस्त्रास्त्र स्वयं शान्त भएर गए। आफ्नू बलवान् कालदण्डास्त्र असुरले शान्त पारिएको देखेर केही क्रोधित मुख-मुद्रा धारण गरेका विष्णु भगवान्ले हजारौं सूय् समान टल्किने, हेर्दा आँखा नै तिरमिराउने, तीक्ष्ण धाररूप आरा झैं भएको र डरलाग्दो द्वितीय कूटस्थ आत्मा झैं लक्ष्य गरेर प्रहार गर्नुभयो। त्यसलाई पनि अरुजस्तै आकाशमै नष्ट पार्न भनेर वीर तारकासुरको प्रधान सेनापति ग्रसनासुर सहित असुर पक्षका वीरहरूले जाने-बुझे सम्मका पुरूषार्थहरू प्रदर्शित गरे, तर प्रारब्ध कर्मको अकाट्य भोगलाई टार्न भनेर गरिएका धर्म-कर्म दानादिका विविध आयोजनहरू व्यर्थ भए झैं तिनका प्रयोग विफल भएर गए। यसरी अकुण्ठित शक्ति र अमोघ प्रभाव भएको सुदर्शन चक्र वेगले गएर ग्रसनासुरको घाँटी चटक्क काटेर-आफ्नो नाभिस्थान रगतै पारेर प्रज्वलित अग्निको ज्वाला झैं त्यो सुदर्शन चक्र फेरि विष्णु भगवान्कै बाहुलीमा दाखिल भयो।

मथन-वध

त्यसरी तारकासुरको मुख्य सेनापति ग्रसनासुर जब संग्राममा विष्णु भगवान्को हातबाट मरेको थियो, तब शेष सबै असुरहरू नियन्त्रित रहन नसकेर भगवान् विष्णुसित सामुहिक घमासान युद्ध गर्नलागे। गदा, पाश, पट्टिश, मुसल, नाराच, शक्ति र चक्र आदि शस्त्रास्त्रहरूको पानी परे झैं धारा छुट्यो। ती सबै असुरहरूका शस्त्रास्त्र अद्भुत पराक्रम भएका विष्णु भगवान्ले एकेक गरेर टुक्रा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

टुक्रा पार्दै गए। अब ती असुरहरूका शस्त्रास्त्र धेरजसो समाप्त हुँदै गए। अतः शस्त्रास्त्र सकिनाले ती दानव-दैत्यहरू व्याकुलता अनुभव गर्नथाले। कुनै हतियार लिन नपाएपछि मरेका हात्ती, अश्वका मृत-शरीर नै उचालेर हिर्काउन थाले। विष्णु भगवानले पनि अनेक रूप धारण गरेर ती असुरहरूसित केही वेरसम्म लडाइँ गर्दैरहे। चारैतिरबाट दैत्य-दानव र असुरहरूबाट धेरिएका तथा सवै तर्फबाट आएका शस्त्रास्त्रहरूको एउटै स्थानबाट केवल एक व्यक्तिले निवारण गर्नु पर्दा विष्णु भगवान्का हात थाक्नु (गल्नु) स्वाभाविकै थियो तापनि त्यो संकुल-घनघोर संग्राममा विष्णु भगवानले गरुडलाई भन्नुभयो- हे गरुड ! तिमीलाई थकाई लाग्यो कि ? यदि थाकेका छैनौ वा थकाई लागेको छैन भने मदनासुरको रथको सामुन्ने मलाई लैजाऊ। यदि थाकेका छौ भने क्षणिक विश्रामका लागि यो समर-भूमिबाट बाहिरतिर हिंड। आफ्ना स्वामी विष्णु भगवान्को यस्तो आज्ञा सुनेर गरुडले तत्काल मथनासुरको सामुन्ने लगेर रथ उभ्याए। आफ्नू सम्मुख विष्णु भगवानलाई देख्नासाथ मथनासुरले बलियो 'भिन्दिपाल' नामको शान लगाएको तीखो शरले विष्णु भगवानको छातीमा निर्धक्क प्रहार गऱ्यो। विष्णु भगवानले पनि त्यसको प्रहारको वास्ता नगरेर आफ्ना उज्यालो पारेका तीखा पाँच शर प्रहार गर्नुभयो। दस बाणले त्यस असुरको छाती विदीर्ण पारेर रगत छदाउनु भयो। विष्णु भगवान्का तीक्ष्ण बाणले मर्म-भेदन भएको त्यो मथनासुर दानव रथमै ढन्मनियो। एक छिनपछि चेतना फर्कियो र क्रोधले ठूलो मुंग्रो लिएर विष्णुमाथि प्रहार गऱ्यो। त्यसको चोटले विष्णुभगवान पनि एक छिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रन्थनिए जस्तो हुनुभयो, तर रिसले ठूला-ठूला आँखा पारी कौमोदकी गदा उचालेर रथसमेत मथनासुरलाई त्यहीं धूलो-पीठो पारिदिनु भयो। ठूलो पर्वतमा पैरो लडे जस्तै त्यो मथनासुर मरेर त्यहीं पल्टियो।

महिषासुर पराजय

आफ्नो सेनापति अत्यन्त पराक्रमी मथनको मृत्यु भएपछि, कुनै हिलोमा भासिएको हात्ती जस्तै सारा दैत्य-दानवहरू के गरौं, कसोगरौं भन्ने स्थितिमा पुगे। आफ्ना असुरदलको यस्तो विपरीत दशा देखेर राता-राता नेत्र पारेर अभिमानले चूर भएको महिषासुर विष्णु भगवानतिर लम्कियो र त्रिशूलले विष्णु भगवान्लाई र शक्तिले गरुडलाई तत्काल प्रहार गरिदियो र ठूलो कन्दरा जस्तो मुख बाएर गरुड र विष्णु भगवान्लाई एकै ग्रासमा निल्नेछु भनी दगुर्‍यो। महिषासुरको आकृति देखेर तथा मनको भाव जान्ने विष्णु भगवानले असुरको ठूलो मुखभरि शरै-शरको बुजो कोचिदिनु भयो। त्यसपछि असंख्य बाण-वर्षा गरेर ढाकिदिनु भयो। मुखभरि बाणहरू कोचिएको र अनेकानेक शरहरूको प्रहारले घाइते भएको त्यो महिषासुर फरक्क फर्केर भूमिमा पच्छारियो तर मर्न चाहिं मरेन। यस प्रकारले भूमिमा ढलेको महिषासुरलाई विष्णु भगवानले भन्नुभयो- ए महिषासुर ! तँ कुनै पनि योद्धा वा वीर व्यक्तिको हातबाट मर्ने होइनस्। तेरो मृत्यु एक शक्ति प्रधान नारीको हातबाट हुनेछ भन्ने कुरा ब्रह्माजीले आज्ञा भएको छ। अतः अब यस संग्रामबाट प्राण बचाएर भागी अन्तै कतै गइहाल। यति विष्णु भगवानको वचन सुनी केही पनि उत्तर नदिई महिषासुर जँड्याहा झैं लरबराउँदै समर-भूमिबाट पलायन गर्‍यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुम्भ-पराजय

त्यस प्रकार संग्राम-भूमिबाट महिषासुर भागेपछि क्रोधले आँखीभौं र अनुहार बाङ्गो पारेर पाखुरा सुर्कन्दै दाँतले ओठ टोकेर, विशाल धनुष उठाई ताँदो चढाएर सर्पजस्ता अनेक शरहरू सन्धान गरी अग्निका, ज्वालाजस्ता शर-वर्षा गरी असुर शुम्भले विष्णु भगवान र उनको वाहन गरुडलाई समेत घायल पारिदियो। त्यस असुरको प्रहारतिर वास्तै नगरी विष्णु भगवानले कालाग्नि समान भुशुण्डी लिएर गोला वर्षण गरी पर्वतै समान ठूलो शुम्भको वाहन भेडालाई थिच्नसम्म थिचेर ढलाइदिनु भयो। त्यो शुम्भ आफ्नू मर्न तयार भइसकेको वाहनबाट तत्काल हामफालेर भूमिमा ठिङ्ग उभियो। त्यहाँ पनि विष्णु भगवानले त्यस असुरमाथि शर-वर्षा गर्दै रहनु भयो। काल-अग्निसमानका विष्णु भगवानका शरहरूले- हातमा छ शरले शिरमा र दस शरले ध्वजामा प्रहार गर्नुभयो। यस प्रकार विष्णु भगवानका बाणहरूले घायल भई रगतको धारा बगाई अधीर र व्यथित हुन भएको शुम्भलाई विष्णु भगवानले आज्ञा भयो- 'ए शुम्भ! तँ केही दिनमै एउटी कन्या कुमारी केटीको हातबाट मर्ने हुनाले म जस्तो वीरका हातको अस्त्र-शस्त्रले तेरो उद्धार हुने सौभाग्य छैन। व्यर्थ मसित संग्राममा अघिसर्न नआइज, बरु भागेर पर गइहाल।' विष्णु भगवानको यस तीक्ष्णवाक्यले मान-सम्मान भङ्ग भएर शुम्भ युद्धबाट विमुख भएर पछि हट्यो। त्यस्तो स्थिति देखेर विष्णुलाई नजिती छाड्दिन भन्दै विशाल गदा लिएर वीर निमि आयो र गरुडको शिरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गदा बजाऱ्यो। जम्भासुरले ठूलो परिघ उचालेर विष्णु भगवानको शिरमा प्रहार गऱ्यो। ती असुरहरूका शस्त्रको चोटले गरुड र विष्णु भगवान् दुवै जना भूमिमा मूर्च्छा परेर ढल्न गए। यस्तो स्थिति देखेर सारा असुरहरू सिंहनाद गर्दै उफ्रन र गर्जन लागे। कतिले धनुको टंकार गर्नथाले। पशुरूपका कति दानव-असुरहरू आफ्ना खुर र नंग्राले भूमि खोस्रन थाले। कति कराउन र चिच्याउन थाले; कति विजयका बाजाहरू धन्काउन लागे।

केही समयपछि गरुड र विष्णु भगवानलाई चेतना आयो र कालको गतिविधि र कर्तव्यको निश्चयसमेत विचार गर्नु पर्ने बखत आएको हुनाले त्यहाँबाट गरुडमा चढेर विष्णु भगवान हट्नु भयो। अब विष्णु पनि संग्रामबाट भागे भनेर असुरहरू झन् खुसीले उन्मत्त भएर नाच्न लागे। देवतातर्फ यस स्थितिले गहिरो विषाद फैलायो। देवराज इन्द्रले पनि भगवान विष्णु भाग्नुभयो भन्ने ठानेर; अब के गर्ने भनेर निधो गर्न सकेनन् र विष्णु भगवान् बस्नु भएको स्थान पत्ता लगाएर त्यहीं उपस्थित भए। अनि मीठो र नम्र वाणीमा उत्साह बढाउँदै देवराज इन्द्रले भने- हे भगवन्! दुष्ट प्रकृति भएका यी असुरहरूसंग किन यस्तो खेल खेल्नु भएको ? दुर्जनले कुनै पनि छिद्र पाए भने सुख-शान्तिले बस्न दिंदैनन्। समर्थ व्यक्तिले दुष्ट जनको कुनै दुष्टताको उपेक्षा गरिदिए भने त्यो नीच-दुर्जन आफ्नू विजयमा अभिमान गर्न थाल्दछ र अझ बर्ता दुष्कर्महरू गरी प्रजालाई अनेक कष्ट दिन थाल्दछ। अतः दुष्ट-नीचलाई उत्साहित पारेर वा बढाएर छाडिदिनु अनुचित हो। अतः अब यसरी नबसेर अघि बढ्नुहवस्। शक्ति र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधनले परिपूर्ण बलवान् श्रेष्ठ पुरुषहरूका हातमा विजय-लक्ष्मी स्वयं स्वागत गर्न आउँछिन्। फेरि पूर्वकालमा हजूरले कुनै साधनको पनि इच्छा वा वास्ता नगरेर एक्लैले हिरण्याक्ष र हिरण्कशिपु जस्ता बलवान् दैत्यहरूलाई यमलोकको मार्ग देखाइसक्नु भएको हो। फेरि हजुरको सम्मुख हुनासाथ हिरण्यकशिपुको स्वतः बुद्धिमा बिर्को लागेको थियो। पुराकालमा अनेकानेक आसुरी शक्तिका भरमा परी दैवी शक्तिलाई पराजित गर्न खोज्ने वीर दैत्य-दानव, असुरहरू बत्तीका पुतली झैं भएर गए। बितेका अनेक युगमा हजुरले आसुरी शक्तिको जसरी संहार गर्नुभएको थियो, त्यस्तै यस बखत पनि अलपत्र परेको दैवीशक्तिको निम्ति हजुर एकमात्र आधारक वा उद्धारकर्ता हुनुहुन्छ। अब हामी देवताहरूलाई आश्रय र अभय दान दिन उठ्नुहवस्।

देवराजको यस्तो समयानुकूल प्रार्थना सुनेर विष्णु भगवान् बढ्दा-बढ्दै अत्यन्त ठूलो हुनुभयो। अनेकानेक उत्तम समृद्धिहरूले पूर्ण र सुसज्जित भएर सज्जन र देवताका शत्रुहरूको संहार गरी, समस्त प्राणीहरूका संरक्षक र आश्रय स्वरूपमा रही देवराज इन्द्रलाई देश-काल र परिस्थिति अनुसार भन्नुभयो- हे देवराज ! यी समस्त दैत्य-दानव र असुरहरूका प्रतापी राजाहरू अब केवल तिम्रा उपाय र युक्तिबाट नै मारिने छन्, अरू कसैको पनि सहायता लिनु पर्ने छैन। एउटा तारकासुर मात्र सात दिनको शिशुबाट मर्नेछ। त्यसलाई मार्ने तिम्रो शक्तिदेखि बाहिरको कुरा हो, त्यसमा तिमीले चिन्ता लिनु पर्दैन। अन्य चाहीं कुनै स्त्रीका हातबाट र कोही कुमारी कन्याका हातबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मर्ने किसिमका छन्। अब तिमी स्वयं पुरुषार्थ देखाई आफ्नू दिव्यशक्तिद्वारा जम्भासुरको वध आफ्नै बाहुले गर। तिमीबाहेक अन्य कसैको पनि हातबाट यो मारिदैन। यसै कारण जम्भलाई संग्राम भूमिमा छाडेर समरबाट भगुवा जस्तो भएर म यहाँ आएको हुँ। अतः संसारको कण्टक- रूप जम्भासुरको वधका लागि तिमी तत्काल उद्योग गर। त्यसमा म तिम्रो पूरा सहायता गर्नेछु।

यस प्रकारको भगवान विष्णुको उपदेश वा सल्लाह पाएपछि देवराज इन्द्रले समस्त देवताहरूलाई सैन्य-संगठन गरेर तिनको व्यूह तयार पार्ने समेत आज्ञा दिए। आफ्नो पराक्रम र तपस्यारूप सार वस्तुहरूको संकलन गर्ने सल्लाह पनि विष्णु भगवानबाट पाइयो। त्यस सैन्य-संगठनमा अग्रसर हुन एकादश रुद्रलाई संकेत दिए। अतः सवै रुद्रहरू अनेक सर्पका गहनाहरूले सुसज्जित भएका र बलियो, नीलो घांटी हुने, जुरोमा चन्द्रमा लगाएका, अग्निको ज्वाला समान त्रिशूल लिएका अत्यन्त भयङ्कर रूपका, अग्ला र कैला जटाहरूको जुरो बाँधेका, बाघको छाला, कम्मरमा र हात्तीको छाला काँधमा कसेका, सदैव दैत्य-दानव र असुरहरूलाई भयभीत तुल्याउने- कपाली, पिङ्गल, भीम, विरुपाक्ष, विलोहित, शास्ता, शासन, अजेश, ध्रुव, खण्ड र शम्भु- यी अतुल बलशाली र प्रतापी एकादश रुद्रहरू देवताका सेनाको संरक्षण गर्दै शत्रुहरूका मुटुमा मृत्युको धर्सा पार्दै, देवताहरूको उत्साहमा वृद्धि गर्दै, प्रलय कालको मेघ गर्जे झैं गर्जन्दै सेनाका अगाडि लागे। हिमालय समान सेता सुवर्ण-कमलको स्वच्छ माला पहिरेका, चमर हल्लाएर सुवर्णका घुँघुरा र घण्टाहरू झुण्डाएका,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२७

चार विशाल र लामा दाह्रा, देख्दै पर्वताकार 'ऐरावत' हात्तीमा हिमालयको टाकुरा माथि टल्कने सूर्य समान देवराज इन्द्र चढेका थिए। अग्नि र वायु दायाँ-बायाँ र विष्णु भगवान सेनासहित इन्द्रको संरक्षक रूपमा उपस्थित रहनुभयो। अनि अष्टवसु, द्वादशादित्य, विश्वेदेव र अश्वनी-कुमार तथा गन्धर्व, विद्याधर, यक्ष, राक्षस, नाग, किन्नरहरू अनेकानेक आभूषण र शस्त्रास्त्रले सुसज्जित भएर, विजित सुरराज अर्को परिचयका निम्ति अनेक चिह्नले अंकित भई बन्दीजनहरूद्वारा आफ्ना-आफ्ना गाथा-गान गरेर सुनाउँदै दैत्य-दानवको वध गर्नका लागि हर्षोल्लास देखाउँदै समस्त देवयोनिसहितका देवताहरू देवराज इन्द्रका अघि-अघि हिंडे। विभिन्न देवताहरूका समूहले सुरक्षित असंख्य घोडा-हात्ती, रथ र रथीहरूले पूर्ण, ध्वजा-पताका आदिले सज्जित हात्ती-अश्वका ध्वनिले व्याप्त, सेता चमर आदिले परिपूर्ण त्यो देवताको सेना दैत्य-दानव र असुरहरूका चित्तमा भयंकर सन्ताप उत्पन्न गर्दै अघि-बढ्यो।

गजासुर-संहार

यस प्रकार समुद्र झैं उर्लेर आउन लागेका देव-सेनालाई देखेर असुरपक्षको सेनापति गजासुर तत्काल ठूलो हात्तीको स्वरूप लिई कालो भयंकर मेघ समानको बनेर फर्सा उचाली क्रोधले ओंठ टोक्तै, पाउले देव-सेनालाई किच्दै-मिच्दै र सूँढले तान्दै पछार्दै, धारिलो फर्साले कर्कलाको बारी झैं ध्वस्त पार्न लाग्यो। यसरी अनेक सेनालाई दल-मल पारेको देखेर यक्ष, गन्धर्व र किन्नरहरू सबै मिलेर दानवी सेनामाथि पाश, परशु, मुद्गर, भिन्दिपाल, प्रास, कुन्त, तरवार, दण्ड,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भाला र बर्छाहरूको पानी परे झैं वर्षा गर्नलागे। तर ती सम्पूर्ण शस्त्रास्त्रहरू जन्तुले घाँसको बुजो मुखमा कोचे झैं गरेर एक गाँसमै समाप्त पारिदियो। क्रोधले सूँढ लामो पारेर देवसेनाहरूलाई लडाउँदै-पछार्दै संग्राम-भूमिमा चारैतिर घुम्न थाल्यो। जुन देवताका सेनातिर लम्कियो, त्यतातिर भागाभाग र हाहाकार पर्दथ्यो। यस प्रकार देवसेनाको विध्वंस भएको देखेर एकादश रुद्रहरू अहङ्काररूपी क्रोधको ज्वालाले बल्दो अग्नि झैं भएर परस्पर भन्न थाले- हे भाई हो ! यो तुच्छ दैत्यलाई समाएर थिचिहाल, सेनापति नभएको यस पाजीलाई अंकुशले घिसारेर तान र तीखा शूलले मर्मस्थानमा रोपेर मार। परस्परका यस्ता कुराहरू सुन्नासाथ कपाली रुद्रले तीक्ष्ण धार भएको बलियो त्रिशूल दाहिने हातमा लिएर बायाँ हातले स्वाट्ट पुछेर क्रोधले नेत्र ठूला-ठूला पारी भृकुटी बंग्याएर कठोर मुठीले टलक्क टल्कने र झिलिक्क बिजुली झैं झल्किने त्रिशूल बलपूर्वक समातेर त्यो संग्राम-भूमिमा गजासुर माथि उफ्रेर जाइलागे र हात्तीरूप त्यसको गण्डस्थलमा रोपिदिए। त्यसपछि अन्य दस रुद्र पनि वेगले एकैपल्ट दगुर्दै गएर त्रिशूलले गजासुरलाई रोपेर आकुल-व्याकुल पारिदिए। अब गजासुरको सारा देहबाट रगतको धारा बग्नथाल्यो। कालो पर्वतबाट गेरू मिसिएर बगेका छहराहरू झैं रगतका धारा बगाउने त्यो गजासुर एकातिर छ भने, अर्कोतिर सेतो भस्मले श्वेत देह भएका एकादश रुद्रहरू घेरा दिएर उभिएका छन्। अन्तिम स्थितिमा पुगि सक्दा पनि वीर गजासुर आफ्ना नांग्लो जस्ता दुवै कान हल्लाउँदै विशाल दुइ दाह्राले शम्भु रुद्रका नाभिस्थानमा रोपिदियो। त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देख्नासाथ अन्य रुद्रहरूले घेरा दिएर त्यस गजासुरलाई आफाफ्ना हतियारले रूखको बोक्रा ताछे झैं ताच्छन थाले। अब कपाली र शम्भु बाहेक अरू नौजना रुद्रहरूमाथि त्यो गजासुर लम्कियो र सबैलाई एकैपल्ट खुट्टा, सूँढ र दाह्राले दल्न-थिच्न थाल्यो। रुद्रहरूसित भएको यस किसिमको भयङ्कर संग्राममा त्यो गजासुर जब केही थकित भएको थियो तब कपाली रुद्रले त्यसको सूँढ समातेर वेगले चारैतिर फन्न घुमाई भूमिमा पछारिदिए। अब थकाईले गलेको र दीन-हीन अनुहार पारेको, केवल सासमात्र बचेको, युद्ध गर्ने साहस र शक्ति हराइसकेको त्यो छाला काढेर चुहुँदो त्यो रातो-रातो रगत लागेको ताजा छालालाई कपाली रुद्रले आफ्नू अंग ढाक्ने वस्त्र झैं लगाए। यसरी जीवितमै छाला काटिएको त्यो गजासुर कसाईहरूले छाला तरेको राँगो झैं चिच्याउँदै प्राण त्याग गर्‍यो। यस प्रकार गजासुर मरेको र उसको छाला शरीरमा बेह्रेर उग्ररूपमा ठिङ्ग उभिएका कपाली रुद्रलाई देखेर सम्पूर्ण दानव-असुर सेनाहरू भयले कम्पित भए। भूमि, आकाश, पूर्व, पश्चिम, दक्षिण उत्तर- जतातिर हेरे पनि गजासुरको छाला बेह्री उभिएका रुद्रलाई नै देख्नथाले। यस स्थितिले गर्दा समस्त दैत्य-दानव असुरहरू आकुल-व्याकुल भएर यता-उता छरिए।

निमि-पराजय

रुद्रदेवको त्यस्तो प्रभाव र फुर्ति तथा दानवहरूको दुर्गति देखेर क्रोधले बौलाहा झैं भएर उम्लेको निमि दानव विशाल हात्तीमा चढेर देव-सेनालाई अत्याउँदै अगाडि आयो। युद्ध-भूमिमा जता-जतातिर निमि दानवको हात्ती दगुर्छ, त्यता-त्यतातिरका सबै देवताहरू आफ्ना-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना शस्त्रास्त्र र वाहन समेत छाडेर ज्यान जोगाउँदै भागे। देवसेनाका हात्तीहरू पनि निमि दानवका हात्तीको सुइँको पाउनासाथ भागा-भाग गर्नथाले। देवताहरूका सेना जब यस प्रकार डराएर भाग्न थाले, तब अष्ट दिक्पाल र विष्णु भगवानलाई साथै लिएर समरभूमिमा देवराज इन्द्र स्वयं उपस्थित भए। युद्ध-भूमिमा उभिएका देवराज इन्द्रलाई देख्ने बित्तिकै निमिको वाहन हात्ती लम्कियो। आफूमाथि निमिको हात्ती आइलागेको देख्नामाथ देवराज इन्द्रको ऐरावत हात्तीले चिच्याउँदै त्यहाँबाट भाग्ने उपक्रम गऱ्यो। माहुते र अन्य अघि-पछि लागेकाहरूले रोक्न प्रयास गर्दा पनि ऐरावत पछाडितिर फर्कियो। ऐरावत त्यसरी पछाडि फर्किएर भाग्न आँट्नासाथ इन्द्र महाराज संग्राम-भूमितिर नै मुख फर्काई निमि दानवका सेनासित युद्ध गर्दै रहे र त्यसै अवसरमा निमिको छाती ताकेर वज्र प्रहार गरे। अनि गदाले निमिका हात्तीको गण्डस्थलमा बेसरी हिर्काए। निमिले पनि त्यस प्रहारको केही ख्यालै नगरी ऐरावतको गण्डस्थलमा मुद्गरले बजायो। त्यस प्रहारले इन्द्रको ऐरावत भूमिमा घुँडा टेक्न पुग्यो र तत्काल उठ्दै थियो। उता निमिको हात्तीले लखेट्दै आएको हुनाले ऐरावतले रणभूमिबाट वेगले पलायन गऱ्यो। यस अवसरमा हावा पनि रूखो रूपमा बग्न लाग्यो। त्यस हावामा बालुवा र स-साना ढुङ्गाहरू उड्न थाले। उता निमिको हात्ती रगत-पच्छे भएर पनि समर-भूमिमा पर्वत झैं भएर उभिइरह्यो। त्यो स्थिति देख्नासाथ कुबेरले निकै ठूलो गदा उचालेर त्यो निमिसहितको हात्तीलाई हिर्काए। त्यस गदाको चोटले निमि हात्तीकै शिरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घोप्टियो। अनि हात्ती मूर्च्छा परेर भूमिमा दाह्रा गाड्दै पर्वत झैं डङ्ग भएर पच्छारियो। निमिको त्यो बलवान हात्ती ढलेको देखेर देव-सेनाले सिंहनाद गरे। अब समरभूमिमा देवताका हात्तीहरूको चर्को स्वर, अश्वहरूको ध्वनि, धनुर्धारीहरूको धनुषको टङ्कार गुञ्जायमान हुन लाग्यो। आफ्नू मनपरेको र पराक्रमी हात्ती मरेपछि निमि दानव हार मानेर समर-भूमिमा पीठ देखाई कायर झैं भाग्यो।

जम्भ-जम्भारि-संग्राम

एकातिर असुर सेनातर्फ विषादको कालो बादल फैलिरहेको थियो भने अर्कोतिर देवतातर्फको सिंहनादले सारा दानवहरूको कान नै फुट्छ कि जस्तो भइरहेको थियो। यो सबै चाला-माला स्पष्ट देख्दा र कुराहरू सुन्दा घृत-धाराले बलेको आगो जस्तै क्रोधले धपक्क बले झैं भई वीर जम्भासुर राता-राता नेत्रपारी देवताहरूलाई हेलाँ गरेर- 'ए जेरै हो ! केवल एक क्षण मात्र पर्खिरहो' भनी सारथीलाई रथ अगाडि हिंडाउने आदेश दियो र धनुमा शर सन्धान गर्दै निकै स्फूर्तिले अगाडि बढ्दै गयो। यसरी रथमा तयार भएर समर-भूमिमा आएको वीर जम्भासुरको प्रताप उदयाचल पर्वतको टाकुरोमा उदाउन लागेका अनेकानेक सूर्यको झैं तेजिलो देखिन्थ्यो। ध्वजा-पताका र घुँघुराहरूका धेरै झालरहरू तथा निर्मल चन्द्रमा झैं सेतो छाता भएको श्रेष्ठ रथमा बसेर आउन लागेको त्यो वीर जम्भासुरलाई देख्ता देवगणका सेनाहरूको मनमा भयको झस्को पसेजस्तो भयो। यस किसिमले अजेय र अगम भएर युद्धमा आएको आफ्नू बलियो शत्रु जम्भासुरलाई देख्नासाथ देवराज इन्द्रले प्रत्यक्ष गम्भीरताका मूर्तिजस्तै भएर बलियो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनुष र स्वच्छ पारिएका र अर्धचन्द्राकार धार भएका, सरासर सोझै जाने तीक्ष्ण शरहरूको सन्धान गरी तत्काल प्रहार गरेर त्यसको धनुष-बाण टुक्रा पारिदिए। दानव-कुलको अभिमानी जम्भासुरले पनि तत्काल अर्को धनु लियो र तीखा दस शर देवराजका काँधको सन्धिमा, तीन शर छातीमा, दुइ शर काँधमा लाग्ने गरी प्रहार गर्‍यो। त्यसका शर विफल पारेर इन्द्रले पनि शरजालमा जम्भलाई छोप्ने उपाय गरे। तर जम्भले ती सबै शर बीचैमा टुक्रा-टुक्रा पारिदियो। अब बर्ता रिसले मुर्मुरिएर देवराजले अत्यन्त अद्‌भुत 'गन्धर्वास्त्र' अभिमन्त्रित गरी त्यस जम्भासुरका सैन्यसमेतको लक्ष्य गरी प्रहार गरे। त्यो गन्धर्वास्त्रको ज्योति आकाशभरि फैलियो र आकाशमा गन्धर्वहरूको एक विशाल नगर नै देखियो र त्यहींबाट दानव-सेनामाथि डरलाग्दा शस्त्रास्त्रहरू पानी परे झैं वर्षन थाले। त्यस शस्त्र-वर्षाले आहत हुन लागेका ती दानवको विशाल सैन्यदल आकुल-व्याकुल भइरहेको थियो, तैपनि आफ्नू शरण पर्नेको सुरक्षा गर्नु उत्तम काम हो भन्ने ठानी सबैलाई मौखिक आश्वासन दिएर गन्धर्वास्त्रको निवारण गर्न मुसलास्त्रको विधिपूर्वक प्रयोग गरिदियो। त्यसबाट सम्पूर्ण संसार फलामै फलामका मुसलहरूले ढाकियो। गन्धर्व नगरमा पनि मुसलै मुसलले ढाकिदियो। त्यसपछि जम्भासुरले देवताका सेनामाथि गन्धर्वास्त्रकै प्रयोग गरिदियो। त्यसले देवसेनाको अपार हानि भयो। आफूतर्फको स्थिति देखेर देवराज इन्द्रले विश्वकर्माको 'त्वाष्ट्र' अस्त्रको सन्धान गरे र त्यसबाट अग्निका ज्वाला निस्के। ती ज्वाला उड्दै मन्त्रमय दिव्य उपकरण उत्पन्न भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती उपकरणद्वारा आकाशमा चँदुवा टाँगे जस्तो देखियो। त्यसले गर्दा जम्भको मुसलास्त्र स्वयं शान्त हुनगयो। त्यो देखेर फेरि जम्भासुरले 'पर्वतास्त्र' द्वारा त्वाष्ट्र अस्त्रबाट उत्पन्न उपकरणहरूलाई धूलो-पीठो पारिदियो। त्यस पर्वतास्त्रको निवारण गर्न देवराज इन्द्रले वज्रास्त्रको प्रयोग गरे। त्यसले गर्दा पर्वतको वर्षा रोकियो। त्यो वज्रास्त्र शान्त पार्न जम्भासुरले 'ईषीकास्त्र' प्रहार गऱ्यो। त्यसले वज्रास्त्रलाई शान्त पारिदियो तापनि त्यसले देवताहरूका हात्ती-घोड़ा रथसहित आकाशमा उड्नथाले। त्यो देखेर देवराज इन्द्रले 'आग्नेयास्त्र' प्रहार गरिदिए। त्यसले 'ईषीकास्त्र' तत्काल शान्त भयो तापनि त्यसबाट निस्केको अग्निले रथ, अश्व, हात्ती एवं जम्भासुरको देहसमेत डढ्न थाल्यो। वीर जम्भासुर पनि साहस र हिम्मत हार्ने खालको थिएन। उसले तत्काल वारुणास्त्र अभिमन्त्रित गरेर छाडिदियो। त्यसले देवराज इन्द्रको आग्नेयास्त्र शान्त भए तापनि आकाशमा बिजुलीका विभिन्न फूल-बुट्टाजस्ता सेता-काला मेघहरू देखिन लागे। हात्तीको सूँढ जस्तै जलको वर्षा हुन थाल्यो। एक क्षणमै संसार भरि पानी-पानी भएर दिशा-विदिशा सबै डुबाउन लाग्यो। त्यो स्थिति देखेर देवराज इन्द्रले 'वायव्यास्त्र' प्रयोग गरे। त्यस अस्त्रले भयङ्कर हुरी चल्न थाल्यो। चक्रवात, आँधीले हाहा पारिदियो। आकाशमा सारा बादल छिन्न-भिन्न भए तापनि वर्षापछिको चीसो हुरीले बेसरी जाड़ो भएर समस्त दानव-सेनाहरू थर-थर काम्नथाले। बलवान दानव वीरहरू पनि त्यस वखत संग्राम-भूमिमा अडिन असमर्थ देखिए। अनि त्यो वायव्यास्त्रको वेग रोक्न जम्भासुरले पर्वतास्त्रको प्रयोग गरिदियो। त्यसबाट हुरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउने दिशातर्फ एउटा भयङ्कर पर्वत ठडियो र वायव्यास्त्रको प्रभाव विस्तारै शान्त भएर गयो। अनि देवराज इन्द्र रिसाई वज्रसमान कठोर महाशक्तिको सन्धान गरेर डरलाग्दो रूपमा ठडिएको त्यो पर्वतको आकृतिको जम्भासुरलाई ताकेर प्रहार गरे। त्यो अस्त्र लाग्नासाथ पर्वतरूपधारी त्यो असुरका सम्पूर्ण ओडार, कन्दरा झर्ना र छहरा आदि सबै हराएर गए। ठूलो पर्वत पनि धूलो-पीठो भयो। अनि असुरको त्यो पहाडी माया साम्य भयो। त्यसपछि जम्भासुरले संग्रामको रूप फेरेर भयङ्कर पर्वतको रूप धारण गरेको विशाल गजराज बनेर देवताका सेनाहरू माथि आक्रमण गरिदियो। त्यसका मोटा खाँबाजस्ता तेर्सो पारिएका काठ चिर्ने आरा झैं दाह्राले थिच्ने-मिच्ने गरेर आपत्ति पार्न थाल्यो। देवताका सेनामा चारैतिर भताभुङ्ग पारेर तोड-फोड गर्दै सूढले लपेटेर अनेक सैनिकहरूलाई उचाल्दै र पछार्दै गर्न थाल्यो। असुरको त्यस्तो चाला देखेर देवराज इन्द्र कुपित भई 'नरसिंहास्त्र' प्रयोग गरे। त्यसबाट लामा र काला दाह्रा भएका, अट्टहास गर्ने, आरा (करौंती) जस्ता नंग्राहरू भएको असंख्य सिंह उत्पन्न भएर ती समस्त असुरसेनामा फिंजिए। त्यसले जम्भासुरको तेज-शक्ति पनि विलीन हुनगयो। अनि जम्भासुर डरलाग्दो र ठूलो विषालु नागको रूप धारण गरेर हजारौं फणफिंजाई आक्रमण गर्न थाल्यो। त्यसको चाला देखेर देवराजले 'गरुडास्त्र' अभिमन्त्रित गरी छाडिदिए। त्यसबाट अनेकानेक गरुड प्रकट भए। ती गरुडहरू सर्परूपधारी जम्भासुर माथि आक्रमण गर्नलागे। जम्भासुरको त्यो माया पनि प्रभावी भएर अडिन सकेन। त्यसपछि समस्त आकाश नै ढाक्ने गरी विशाल देह फिंजाएर त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८ जम्भासुर ठूलो मुख खोली सबै देवताहरूलाई एकै गाँसमा निल्न भनेर तयार भयो। जब आफ्ना सैन्य सबै असुरको मुखमा पस्न लागे, तब देवराज 'अब के गरौं, कसो गरौं, 'यो उचित, यो अनुचित' यस कुराको निधो गर्न नसकेर आत्तिए। अनि विष्णु भगवानसित– 'हे प्रभोः अब म के गरूँ? उचित उपदेश दिनुहवस्।' अनि विष्णु भगवानले देवराजलाई सान्त्वना र साहस दिएर आज्ञा गर्नुभयो- हे देवराज ! यो संग्रामको मैदान केवल भीरू-काँतरहरूको निम्ति मात्र डरलाग्दो देखिन्छ। तपाई जस्तो योग्य वीरका लागि कुनै ठूलो कुरा हुन सक्तैन। वीरले युद्धमा पीठ देखाउनु भन्दा मृत्यु उत्तम मान्दछन् ।अतः यहाँबाट अन्त जाने वा भाग्ने कुरा गर्नु उचित होइन। अतः आफ्नू प्रधान मायाशक्तिको विस्तार गरेर शत्रुसित संग्राम गर्नेपर्दछ। म स्पष्ट देखिरहेको छु-यो असुर आफ्नू पुरुषार्थमै अडिएको छ। अतः हे सुरराज ! तपाई यस प्रकार मोहमा नगाडिनु होस्। आफ्नू अस्त्रको सम्झना गर्नुहोस्। विष्णु भगवानबाट यस्तो साहस र सान्त्वना पाएपछि देवताहरूका राजा इन्द्र पनि मनमा धैर्य धारण गरेर नारायणास्त्रको विधिपूर्वक ध्यान गरी, अस्त्ररूप देवताको चिन्तन गरेर आसुरी शक्तिको मनमनै घृणा गर्दै, त्यही आसुरी शक्तिको केन्द्रबिन्दु भएको त्यो जम्भासुर माथि क्रोध गर्दै असुरको छातीको लक्ष्य गरेर प्रहार गरिदिए। त्यसै मौकामा जम्भासुरले ठूलो मुख खोलेर लाखौं गन्धर्व, नाग आदि सेनाहरूलाई निलिरहेको थियो। त्यो अमोघ नारायणास्त्र सहसा असुरको छातीमा वज्रन पुग्यो र असुरको मुटु फुटेर नाक-मुखबाट रगत संग्रामरूपी अग्निको फिलिङ्गो निस्के झैं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्कन लाग्यो। त्यो नारायणास्त्रको तेजले जम्भासुरको त्यो भयङ्कर रूप नष्ट त भयो तापनि त्यो युद्धभूमिबाट अन्तर्धान भएर अदृश्य ढंगले आकाशमा बसेर त्यहींबाट अनेक शस्त्रास्त्र वर्षा गरेर देवताका सेनाहरूको धमाधम संहार गर्नलाग्यो। त्यो शस्त्रास्त्र वर्षाले टुक्रिएका, मरेर ढलेका, भूमिमा तेर्सिएका अनेकानेक देवताका सेनाहरू र हात्ती-घोडा, रथ तथा सेनाका अङ्गहरूको थुप्रो र रगतको अटूट धाराले गर्दा बगेकी नदीले सम्पूर्ण रणभूमि भयदायक महाश्मशान जस्तै देखिन लाग्यो। मृत देहहरूको राश लाग्न गयो। हाडहरूको पर्वत खडा भयो। रगतै रगतको पोखरी, तलाऊ, नदी-नाला जस्तै देखिन लाग्यो। त्यहाँ गिद्ध, श्याल, कौआ, भूत-प्रेत, पिशाच, योगिनी तथा भैरव सहित निशाचर राक्षसहरू एकत्र भएर उफ्रन नाच्न लागे। डाकिनी-शाकिनी, कोटरा-पूतना आदिको ताण्डव नृत्य शुरू भयो।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! अब यो देवासुर संग्रामको पौराणिक वर्णन पनि सुन। रात्रिको समयमा हर्षले नाचिरहेका मुर्कट्टाहरूको भीड लागेको, पग्लेको बोसो र बगेको रगतले भासिने हिलो भएको, अनि स्वर्ग, मर्त्य, पाताल तीनै लोकका समस्त प्राणीहरूको संहार गर्न तत्पर भएको यो देवासुर महासंग्रामको प्राङ्गणमा गिद्ध, कौआ र श्यालहरू प्रसन्न एवं आनन्दमा निमग्न छन्। कतै मुर्दाको थुप्रोमा बसेर कसैका नेत्र लुछेर कागहरू काउँ-काउँ गरिहरेका छन्। कतै लामा र मोटा आन्द्राहरू भुँडी समेत तान्दै बलिया श्यालहरू दगुरिरहेका छन्। कहीं कुनै श्याल आफ्ना दाँतले मुर्दाको ह्याकुलो वा मुटु-कलेजो च्यापेर कुद्दै पर-पर गई उभिइरहेको छ, कतै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिनो खाने-जन्तुहरू यता-उता दगुरिरहेका छन। कतै ब्वाँसाहरू ठूलो मरेको हात्तीको रगत पिएर ढाडिई हिंड्न पनि नसक्ने भई लामा-लामा आन्द्रामा लुकिरहेका छन्। कहीं तात्तातो रक्तरूपी रक्सी लिएर मातेका पिशाचहरू मस्त भएर आफ्नी पिशाचिनी पत्नीसमेत साथमा लिई हर्षले नाचिरहेका छन्। कुनै पिशाचिनी 'मलाई खुट्टाको मासु मनपर्छ, त्यो यता देऊ' भन्दछे। कुनै प्रेतिनी- 'यो कमल जस्तो हात मेरा कानमा कर्णफूल जस्तै बनाएर पहिराइदेऊ' भन्दै आफ्नू लोग्नेसित प्रार्थना गर्दछे। कुनै भूतिनी- 'मलाई बोसो नभएको केवल मासुमात्र मनपर्दैन, तिमीले के यस्तो दुब्लो मुर्दाको मासु ल्याएका ?' भन्दै आँखा तरेर हप्काउँछे। कुनै वेतालकी पत्नी-'लौ, ताजा रगतको रक्सी खाऊ' भन्दै आफ्ना पतिलाई माया देखाएर दिन्छे। कुनै यक्षिणी मरेका पशुको छाला तरेर वृक्षलाई बञ्चरोले ढलाई त्यो छाला वृक्षको कमलो र रातो पालुवा झैं तुल्याई सुसज्जित पारेर 'स्याउले नाच' नाची यक्षगणका भर्खरका ठिटाहरूलाई हललल हँसाउँछे। कोही यक्ष मरेर ढलेको हात्तीको दाह्रा च्याती रगत पिएर त्यही दाह्राले गजको खप्पर फोरेर गिदी झिकी गजमुक्ता निकाली आफ्नी पत्नीलाई प्रसन्न पार्दछन्। यक्षिणीहरू आफ्ना यक्षहरूसित मरेका अश्वको घाँटीको रगत लिएर नियालेर हेर्दछे, अनि- 'मेरो प्रिय यक्ष ! यो मृत जन्तुको रगत मलाई मनपर्दैन- जीवित जन्तुको रगत ल्याएर देऊन' भन्दछे। अर्की भन्दछे- यो श्मशानमा ढलेको लाश मेरो अनुकूल पथ्य हुँदैन, कोही मानिसको खप्पर फ्याँकेर किन्नरको टाउको राम्रो हुन्छ भन्दछे, अर्की कुनै- यो हात्ती, त्यो घोडा मरेको हुनाले मलाई खान डर लग्दछ, तसर्थ तिमी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि आऊ, हामी संगै बसेर र खाए राम्रो हुन्छ भन्दछे। यसरी यक्षका पत्नीहरू आफाफ्ना पतिहरूलाई भन्दछन्। कतैतिर पिशाच यक्ष, राक्षस, डाकिनी-शाकिनीहरू हातमा खप्पर लिएर- 'मलाई यति थोरैले पुग्दैन, अलि बढी दिनुहोस।' भन्दछन्। कति रगतको नदीमा स्नान गरेर सलक्क परी देवताको पूजन र पितृको तर्पण पनि गर्दछन्। कति हात्तीको मृत-देहरूपी नाउमा सवार भई ठूलो दहमा पौरिखेल्दै पारि तर्दछन्। यस प्रकार देवता र असुरहरूको अनेक प्रकारको भीड-घुइँचो भएको देवासुर संग्राममा कत्ति पनि डर-भय नमान्ने अहङ्कारी, दुवै तर्फका सेनाहरू झन्-झन् उत्तर्सिएर अघि सरि-सरि प्राणको लेन-देन गरिरहेका छन्।

जम्भासुर-वध

दानव-सेनापति जम्भासुर आकाशमा अदृश्य भएर देवताका सेनामाथि अनेक थरिका शस्त्रास्त्रको वर्षा गरिरहेको छ। त्यस्तो शस्त्रास्त्र वर्षाले दैवीशक्तिको कस्तो स्थिति हुनेछ भनेर अनुमान गर्न कठिन परे झैं देखिन्छ तापनि साहस र हिम्मत नत्यागी देवराज इन्द्र, अग्नि, यम, वरुण, निर्ऋति, वायु र कुबेर आदि समस्त दिक्पालहरू सुसज्जित भई आफाफ्ना सेनाहरूको बल र उत्साह वृद्धि गर्दै आकाशमा स्थित असुरहरूतिर लक्ष्य राखेर आफाफ्ना अनेक अमोघ शस्त्रास्त्रहरूको पानी परे झैं वर्षा गर्दैछन् तर ती समस्त शस्त्रास्त्र विफल भइरहेका छन्। जोश र होशको सन्तुलन मिलाएर युद्ध गर्दा पनि त्यो जम्भासुरको नगीच देवताहरू पुग्न असमर्थ थिए। देवताहरूका शस्त्रास्त्र यसै व्यर्थ गइरहेका वा निष्फल भइरहेका छन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असुरहरूका शस्त्रास्त्र एउटा पनि विफल भएर खेर गएका देखिन्नन्। देवताका धेरै सैनिक संग्राममा घाइते भएर कहाँ जाऊँ र के गर्दा बाँचिएला भन्ने चिन्तामा परेका छन्। पौष-माघको घनघोर वर्षामा जाडोले थर-थर काँपेका गाई-वस्तुहरू फाँट (मैदान)मा अडिन नसकी ओत (छाया) खोज्दै यता-उता गरेजस्तै देवताहरूका सेना पनि आश्रय वा रक्षाको खोजी गर्नथाल्यो। देवता र उनका सेनाहरूको त्यस्तो दयनीय अवस्था देखेर विष्णु भगवानले देवराज इन्द्रलाई आज्ञा भयो- हे सुरराज ! तिमी किन आफ्नू यस्तो स्थिति देखेर पनि सहेर बसिरहेका छौ? तत्काल ब्रह्मास्त्रको विधिपूर्वक स्मरण-गर-जुन ब्रह्मास्त्रको नियम पुऱ्याएर प्रयोग गर्न सकेको छ भने तीनै लोकमा कस्तै वीर बहादुर योद्धा पनि संग्रामबाट जीवित उम्केर जान सक्तैन, त्यो अवश्य मर्दछ। आसुरी शक्तिलाई अवहेलना गरेर छाडिदिंदा सम्पूर्ण विश्व नै विध्वंस भएर जानेछ। अब विलम्ब नगर-यो जम्मासुरको संहार गरिहाल। जति विलम्ब गर्दछौ उति त्यसले अनेक मौका पाउनेछ। यसरी विष्णु भगवानले देवराज इन्द्रलाई उत्साहित र प्रेरणा दिनासाथ पूर्ण धैर्य र संयमसहित सदैव आफूले सम्मान-साथ मर्यादापूर्वक पूजा गर्दै आएको विशेष ओजस्वी तेजवान् त्यो ब्रह्मास्त्र- जुन ब्रह्मास्त्र प्रयोग गरेपछि शत्रुको संहारमा अमोघ, अचूक र कहिल्यै व्यर्थ नजाने थियो, त्यसलाई बाणमा सतर्कतापूर्वक सन्धान गरेर आफ्नू विशाल धनुषमा चढाई बुद्धिमानीपूर्वक धैर्य धारण गरी ब्रह्मास्त्रको बीजमन्त्रमा चित्त स्थिर गरी, शरीरलाई समाधिस्य पारी शुद्ध मन्त्रोच्चारण गरी आफ्नू अत्याशलाई नियन्त्रणमा राखी धनुषको ताँदो कानसम्म तानी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जम्भासुरको वधको मनमनै अभिसंधान राखी, आकाशतिर नेत्र फिराई कहिल्यै पनि कुण्ठित नहुने तेज र प्रभाव भएको ब्रह्मास्त्र ठूलो वेगले प्रहार गरिदिए। त्यो अग्निसमान ब्रह्मास्त्र देखेर जम्भासुरले सवै आसुरी माया त्यागेर वा बिर्सिएर, शक्ति-साहसबाट हरेसखाई, सुकेको ओठ-मुख भएको र भयले थर-थर कामेर अत्यासले आकुल-व्याकुल भएर पृथ्वीमा ठिङ्ग उभिन पुग्यो। असुरका सम्पूर्ण विद्या समेत शस्त्रास्त्रहरू देवराज इन्द्रका आसनको नगीचै झलमल हुँदै स्वयं समर्पित हुन पुगेर शिरको किरीटमा जडिएका मणि-माणिक्य र रत्नहरू चारैतिरका पाटा (पहल) बाट प्रस्फुटित भएर झलमल-झलमल गर्ने उज्जवल कान्ति फिंजेका अनेक थरिका सुगन्धित पुष्पहरूका सुगन्धले मग-मग भएको, धूआँ फैलिएको अग्निको ज्वाला समान कैला-कैला याल छरिएको, कानमा कुण्डलले शोभायमान भएको असुरराज जम्भको शिर त्यस ब्रह्मास्त्रद्वारा काटिएर भूमिमा खस्यो। यसरी जब वीर जम्भासुर मारियो तब सम्पूर्ण दानव-दैत्य र असुराधिपतिहरू मनको इच्छा वा संकल्प ध्वंस भएकोले त्यहाँबाट विमुख भएर जहाँ दानवाधिराज तारकासुर थियो त्यहीं पुगे। त्यसरी तर्सेर डरले भाग्दै आएका आफ्ना सेनापति र सैनिकहरूलाई देखेर, उता जम्भासुर समेत अनेक वीरहरू संग्राम भूमिमा मारिएका कुराहरू सवै सुनेर त्यो तारकासुर मद, मोह, क्रोध, अहंकार र अभिमान एवं पुरुषार्थ समेत प्रकट गर्न वा अप्रकट गर्न नहुने किसिमको स्थितिमा आवेशयुक्त भएर आफ्ना अनेक सैनिकहरूको फेरि संगठन गराई, आफ्ना पराजित भएर आएका सेनाहरू र सेनापतिप्रति केही रोष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकट गर्दै पुनः देवताहरूसित संग्राममा डट्ने प्रबन्ध मिलाउन आरम्भ गर्‍यो।

तारकासुरको संग्राम

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यति भएपछि बलवान् तारकासुरले आफ्नू विजयदाता 'जैत्र' नामको विशाल रथमा चढेर अनेकानेक वायुपङ्खी अश्वहरू जोत्न लगाएर आफ्ना सबै सेनापतिप्रति कडा रोष प्रकट गर्दै देवताहरूसित संग्रामका लागि समरको विशाल मैदानमा जान भनी तत्काल प्रस्थान गर्‍यो। आफ्ना सबै शस्त्रास्त्रहरूको चाँजो-पाँचो र साजसज्जाको राम्रो प्रबन्ध मिलाई, तीनै लोकको ऐश्वर्यले संयुक्त भएर ठूलो मुख फिंजाई धेरै सेनाहरूको घेराभित्र सुरक्षित रही देवताहरूलाई जित्ने इच्छाले युद्ध गर्न तत्काल संग्राम-भूमिमा उपस्थित हुन गयो। उता देवताहरूका सेनातर्फ पनि अघि जम्भासुरसितको संग्राममा घाइते भएको ऐरावत हात्तीलाई अन्तै राखेर देवराज इन्द्रको प्रतापले सुरक्षित, मातलि सारथीद्वारा सज्जित पारिएको, उत्तम सुवर्णका अनेक उपकरणहरूले सजिसजाऊ पारिएको चार योजन फराकिलो र सिद्धवर्गले परिष्कृत पारिएको तथा गन्धर्व, किन्नर आदिको गाना-बजानाले पूरित भएको, सुन्दरी अप्सराहरूको नर्तनले रमणीय तथा सबै थरिका शस्त्रास्त्रले पूर्ण भएको, त्यहाँ आवश्यक पर्ने सबै वस्तुहरू यथास्थान राखिनाले कुनै पनि चाहिएको बेलामा अलिकति पनि विलम्ब हुन नपाई तत्काल हाजिर गराउन सकिने, अद्भुत किसिमले सुसज्जित पारिएको उत्तम र उज्ज्वल रथमा देवराज इन्द्र विराजमान थिए र उनको त्यो दिव्य रथलाई चारैतिरबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रक्षा गर्न भनी लौह-कवच धारण गरेका, शस्त्रास्त्रले सुसज्जित विष्णु भगवान सहित समस्त लोकपालहरू उपस्थित थिए। दैत्यराज तारकासुर संग्राम-भूमिमा आइपुग्दा पृथ्वी कम्पित भइन्। आकाशमा धूलोमिसिएको हुरी चल्यो। समुद्रमा ठूला-ठूला तरङ्गहरू उठ्न लागे। सूर्यनारायणको तेज मलिन देखिन थाल्यो। पृथ्वीमा वेसरी धूलो उडेर आकाश ढाकियो। ताराहरू अदृश्य (नदेखिने) भए। शस्त्रास्त्र र हात-हतियारहरू स्वयं झलमलाउन लागे। सेनाहरू त्यसै पनि कम्पित र भयभीत देखिन थाले। एकतर्फ सेनासहित दानवाधिराज तारकासुर र अर्कोतिर देवता र उनका सेनाहरू परस्पर सामुन्ने भए। एकातिर सम्पूर्ण विश्वकै संहार हुन्छ कि भन्ने ठूलो त्रास छ भने अर्कोतिर तीनै लोकको सुरक्षाको समस्या उपस्थित भएको छ। समस्त संसार र सारा चराचर नै दुइ फ्याँकमा बाँडिएका छन्। वर्तमान स्थितिमा दृष्टि दिएर विचार गर्दा त्यो दुवै बाँडिएको समूह एकै स्थानमा मिले झैं देखिन्छ। तर मेल-मिलापका लागि एकत्र भएका छैनन्; व्यर्थको झ्याउलोमा परेर संहार गर्न वा गराउन एकत्र भएका छन्। सम्पूर्ण ब्रह्माण्ड जुन वस्तु सत्तारूपमा छ, त्यो सबै आज यहाँ अपूर्ण, अधूरो विभूति-हीन झैं भएर जम्मा भएको छ। देवता र दैत्य-दानवहरूको तपस्याको शक्ति वा प्रभावले आज त्यस समराङ्गणमा अस्त्र-शस्त्र, धन, धैर्य, तेज, बल-वीर्य, सैन्यशक्ति, पराक्रम, ओज र सत्व विशाल रूपमा भएको स्पष्ट देख्न सकिन्छ।

अपार सैन्यबल लिएर दानवी शक्तिको नेतृत्व गर्दै समर-भूमिमा आएको वीर तारकासुरको छाती ताकेर देव-सेनाका तर्फबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२१ अग्निशिखा समान दसबाणहरू प्रहार गरिए। तर ती शरहरूको केही वास्ता नराखेर तारकासुरले पनि प्रत्येक देवसेनाका सेनापतिहरूलाई दस-दस बाण वर्षा गरिदियो। अनि देवताहरू पनि फेरि त्यस असुरराज माथि शरहरू पानी परे झैं वर्षाउन लागे। त्यो सम्पूर्ण शरवर्षालाई कुलको कपूत दुराचारीले आफ्नू परम्परादेखि प्रसिद्ध भएर आएको आफ्नू महान् र निर्मल वंशलाई अनाचार द्वारा समाप्त पारे झैं आकाशमा नै नष्ट पारिदियो। ती देवताहरूका समस्त शस्त्रास्त्रहरू सहजै विफल र विनष्ट पारिसकेपछि वीर तारकासुरले आफ्ना शरै-शरले दिशा-विदिशा, आकाश भूमि सबै ढाकिदियो र देवताहरूका जुन-जुन शस्त्रास्त्र आफूतिर आउँथे, ती सबैलाई आफ्नू चातुर्य वा हस्तलाघवले बीचमै टुक्रा-टुक्रा पारिदिन्थ्यो। आफ्ना तर्क र युक्तिपूर्ण शास्त्रार्थले सत्य अथवा यथार्थ कथनलाई पनि सन्दिग्ध तुल्याई- बंग्याई मिथ्या प्रमाणित पारिदिए जस्तै त्यो तारकासुरले पनि देवगणका सबै शस्त्रास्त्रहरूलाई अनेक छल-कपट गरेर विफल तुल्याइदियो र आफ्ना असी शरले इन्द्रलाई, साठी शरले विष्णु भगवानलाई र नब्बे बाणले अग्निलाई, दस-दस शरले वरुण र यमराजलाई, सत्तरी शरले कुबेरलाई, वायुलाई आठ शरले, निर्ऋतिलाई तीस शरले प्रहार गरेर फेरि उपरोक्त सबैलाई एकेक गरेर बीस-बीस शरले हिर्कायो। अनि तीन शरले सारथी मातलीलाई, दस शरले विष्णुको वाहन गरुडलाई हानेर फेरि अनेक अमोघ बाणहरू प्रहार गरी देवताहरूका धनुष, कवच-कुण्डल सबै उपेक्षाको भावले टुक्रा-टुक्रा पारिदियो। अब आफ्ना कवच-कुण्डल र धनुसमेत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काटिएका देवताहरूले त्यस समरमा अर्को कवच-कुण्डल धारण गरी धनुष पनि अर्कै लिएर क्रोधले चूर भई त्यो असुरमाथि अमोघ शरहरूको सामुहिक वर्षा गर्नथाले। त्यो देखेर क्रोधले राता-राता नेत्र पारी अरू देवताहरूमाथि अग्निशिखा समानमा अनेक शरहरू वर्षा गरेर प्रत्यक्ष प्रलयाग्नि जस्तो शर सन्धान गरी देवराज इन्द्रको छातीमा प्रहार गरिदियो। देवराज इन्द्र त्यस चोटले रथमै पल्टिए। अनि तारकासुरले आकाशमा हजारौं सूर्य झैं धप-धप बलेका विष्णु भगवनलाई देख्यो र तत्काल दुइ तीक्ष्ण शरले विष्णुका दुवै काँधमा हिर्कायो। त्यस प्रहारले विष्णुको शाङ्र्ग धनुष बाहुलीबाट खत्रक्क खस्यो। त्यसपछि यमराजलाई ताकेर पाँच शर प्रहार गर्‍यो। अग्नि समान शरहरूले वरुणको अंग नै सुकाइदियो। अर्को अग्नि-शरले निर्ऋतिलाई हा-हा पारिदियो। शुष्क र रुखा शरले वायुलाई आकुल-व्याकुल पारिदियो। यसरी आफ्नू प्रभाव देखाएर दिक्पाल र देवताहरूलाई अस्त-व्यस्त गरायो। अनि केही समयपछि सबै देवताहरू आश्वस्त तथा संगठित भई तारकासुरतिर लम्किए। अनि अनेक शरहरू पानी परे झैं छरेर भयङ्कर संग्राम आरम्भ गरे। त्यसैमा विष्णु भगवानले तीस शरद्वारा तारकासुरको सारथीलाई घाइते पारिदिए, रथको ध्वजा काटिदिए, देवराज इन्द्रले किरीट नै भूमिमा खसालिदिए, कुबेरले धनुष काटिदिए, यमराजले तारकासुरका दुवै पाखुरामा दण्डले हिर्काए, रथका पांग्रा घुचेटेर परफाले। वायुले ठूला-ठूला दानवहरू सबैको कुण्डल-कवच टुक्रा पारिदिए।

देवताहरूको त्यो विशाल पराक्रम देखेर तारकासुरले मनमनै 'स्यावास' भनेर तारीफ गर्‍यो, अनि आफूलाई पनि अब मेरा दुई हात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाहेक अन्य कुनै भर मान्ने वस्तु रहेन भन्ने देख्यो। यस्तो भए तापनि विचार गऱ्यो- वनको मृगेन्द्रलाई अरू कसैको पनि सहायता चाहिन्न। अनि जुरुक्क उठ्यो र गदा हातमा लियो, अनि फन्न घुमाई देवराजलाई लक्ष्य गरेर हिर्कायो। आकाशमा वेगले आएको त्यो गदा विफल पार्न नसकिने देखेर इन्द्र डरले रथबाट भूमिमा हामफाले। त्यस गदाले रथ-अश्व, ध्वजा सबै धूलो पारिदियो। सारथी मातली चाहिं सौभाग्यले जीवित रहे। अनि तारकासुरले पट्टिश उचालेर विष्णु भगवानको छाती ताकेर प्रहार गऱ्यो। त्यस चोटले विष्णु भगवान अचेत भएर आफ्नू वाहन गरुडमाथि नै ढले। असुरराजले खड्ग प्रहार गरेर निर्ऋतिका वाहन सबैलाई पृथ्वीमा ढलायो। अग्निको माथमा भिन्दिपालले बजायो। भुशुण्डी हानेर यमराजलाई पृथ्वीमा पल्टायो। वायुलाई जुरुक्क उचालेर भूमिमा पच्छारिदियो। क्रोधले आगो भएर वरुणलाई धनुषको टुप्पाले बारम्बार घोचेर घाइने तुल्यायो। अनि अरू प्रत्येक देवताहरूका समूहमा पसेर एकेक गरी सबैलाई अनेकानेक शस्त्र-अस्त्रको वर्षा गरी हाहाकार पारिदियो।

केही समयपछि विष्णु भगवानको चेतना फर्कियो र समरभूमितिर दृष्टि फिराउँदा तारकासुरले भयङ्कर उत्पाद मच्याइराखेको देख्नुभयो। यस असुरको संहार गर्ने सात दिनका वीर शिशु यहाँ उपस्थित छैनन् भन्ने वास्तविक कुराको ज्ञान विष्णु भगवानलाई नभएको होइन, तापनि युद्धको प्राङ्गणमा उपस्थित रहेसम्म लडाइँ गर्नै पर्ने विवशता र सैनिक नीति-नियम हुनाले सुदर्शनचक्र फन्न घुमाएर तारकासुरको छाती ताकेर प्रहार गर्नुभयो। तर त्यो सुदर्शन-चक्र कुनै पत्थरमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पच्छारेको कमलो पुष्प झैं तारकासुरको वज्र समान छातीमा स्वयं नै धूलो-पीठो भयो। देवराज इन्द्रले अमोघ वज्र प्रहार गरे तर त्यो पनि स्वयं टुक्रा-टुक्रा भयो। अनि वायुले हानेको अङ्कुश पनि व्यर्थ गयो र रिसाई वायुले एउटा ठूलो पर्वत नै उचाली तारकासुर माथि प्रहार गरे, तर त्यो पर्वत स-साना केटा-केटीहरूले खेल्ने भकुण्डो झैं बायाँ हातले ट्याप्प समाती अर्कोतिर हुत्याइदियो। यमराजले आफ्नू विशाल कालदण्डले तारकासुरको खप्परमै लाग्ने गरी हिर्काए तर त्यो लाग्नै नसकेकोले असुरलाई थाहा नै भएन। अग्निले प्रलयकालको अग्निसमान शक्ति लिएर त्यस तारकासुरको छातीमा हिर्काए। तर त्यो पनि कोमल पुष्पको माला झैं हुनगयो। निर्ऋतिले बलियो खड्ग ताकेर असुरको खप्परमै बजारे। त्यो खड्ग पनि स्वयं भाँचिएर विफल भयो। वरुणले भयङ्कर नागपाशले असुरका दुवै हात वेसरी कस्ने प्रयास गरे, तर त्यो नागपाश असुरका हातमा पर्नासाथ विषका दाँतहरू स्वयं भाँचिए, नाग पनि स्वयं भूमिमा पराजित भएर ढल्यो। यसै प्रकार अश्विनी-कुमार, उनञ्चास वायु, नाग, साध्य, राक्षस, यक्ष, गन्धर्वहरूका थरि-थरिका शस्त्रास्त्र एवं शर-प्रहारहरू तारकासुरको देहमा पुगेर केवल चिलाइमात्र मार्दथे, हानि केही पनि गर्न सक्तैनथे।

अब त्यो वीर तारकासुर आफ्नू विशाल रथबाट उफ्रिई भूमिमा आयो र देवगणका सेनाको समूह भित्र पसी कोटी-कोटी देवताहरूका सेनालाई मुड्की र थप्पड हिर्काएर स्वाहा पारिदियो। अन्य सबै देवताका सेनाहरू असुरदलको भयले जो भएका हात-हतियार समेत संग्राम-भूमिमै छाडेर दिशा-विदाशातिर प्राण जोगाएर कुलेलम भए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विष्णुसहित देवगणका समस्त लोकपालहरूलाई बलपूर्वक बाँधेर लगी- बगरेले खसी-बोका, च्यांग्रा-भेडा डोऱ्याएर झैं डोऱ्याउँदै ल्याउनु भन्ने हुकुम दिएर आफू विशाल रथमा चढी सिद्ध, गन्धर्व, दैत्य र अप्सराहरूले गान गरेको आफ्नू विजय-गाथा सुन्दै प्रसन्न चित्तले आफ्नू नगरीमा प्रवेश गऱ्यो। साथै त्रैलोक्यको राज-प्रासादमा अनेक मणि-रत्नले बनेको राजसिंहासनमा विराजमान भएर किरीट-कुण्डलहरू झलमल पार्दै अनेक दिव्य सुन्दरीहरूसित हास-विलास गरी समय बिताउन थाल्यो।

केही दिन यसै क्रममा बितेपछि एक दिन तारकासुरको दिव्य सभामा उसको एक प्रधान द्वारपाल आएर दुवै घुँडा भूमिमा टेकी हात जोरेर बिन्ती गऱ्यो- हे महाराज ! कालनेमिले समस्त बाँधिएका देवताहरूलाई अहिले मुख्यद्वारमा उभ्याइराखेका छन्। अब यी बन्दी देवगणलाई कहाँ लगेर राखौं भनिरहेका छन्। द्वारपालको यस्तो बिन्ती सुनेर तारकासुरले भन्यो- यो तीनै लोकको समस्त साम्राज्य मेरै हो र घरबार पनि आफ्नै हो, अतः तिनीहरूलाई जहाँ इच्छा छ, त्यहीं बस्न दिनू। देवताहरूका बन्धनहरू पनि सबै फुकाइदिनू। तारकासुरको हुकुम अनुसार पाश आदि काटिदिए। देवताहरूलाई आफ्नू मनपरेको इच्छित स्थानमा बस्न पाउने आज्ञा पनि प्राप्त भयो। त्यति हुँदा पनि ती आसुरी शक्तिको दासतामा रहनाले चित्तमा निकै चोट परेको हुनाले त्यस आसुरी सम्पदाको दासताबाट आफूसमेत सम्पूर्ण संसारलाई नै बचाएर दैवी-सम्पदामा लैजाने विचार-विमर्श र छलफल गर्नका लागि हिमालयको काखमा रहेको शान्त र उत्तम नेपाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अधिराज्यको 'मृगस्थली' भन्ने स्थानमा आएर बसिरहेका थिए। संयोगले कुनै दिन त्यहीं डुल्दै आउनु भएका महादेवसित देवताहरूले आफ्नू कष्ट र तारकासुरको अभिमान र विश्व-विजयको एकेक घटना विस्तारपूर्वक बिन्ती-चढाए। तर महादेव आफ्नी प्रियतमा सतीदेवीको शोकमा गाडिनुभएको हुनाले देवताहरूको प्रार्थना पटक्क सुन्नुभएन। अनि देवताहरू– अब के गर्ने र कहाँ जाने, कसलाई आफ्नू कष्ट सुनाउने भनेर विचार गरी- अब स्वयं ब्रह्माजीका शरणमा गई सारा स्थिति बिन्ती गरौं भन्ने निश्चय गरेर सरासर ब्रह्मलोकमा पितामह ब्रह्माजीको अनेक स्तुति प्रार्थना गरेर प्रसन्न तुल्याए।

देवता-ब्रह्मा संवाद

वरद-मुद्रा देब्रे बाहुमा धारण गरी समस्त देवगणलाई निर्देशन गर्दै पितामह ब्रह्माजीले आफ्नू दया–दृष्टिले सबै देवताहरू र दिक्पालहरूलाई एकेक गरेर क्रमले हेर्नुभयो र प्रश्न गर्नुभयो- 'हे दिक्पाल देवता हो! आज तपाईंहरू किन मलीन अनुहार र दुःखी वेषभूषामा यहाँ आउनु भएको? तपाईंहरूलाई के दुःख-कष्ट पर्न आयो ?' यस प्रकार पितामह ब्रह्माजीको दयापूर्ण वचन सुनेर सबै देवताहरूले वायुदेवलाई आफ्ना प्रतिनिधि बनाई अगाडि सारेर कुरा-कानी गर्ने प्रस्ताव राखेकाले वायुदेवले पितामह ब्रह्माजीसित विनयपूर्वक निवेदन गरे– हे ब्रह्मन्! हे पितामह! संसारमा हजुरले नथाहापाएको र नजानेको के कुरा छ र! यो सम्पूर्ण संसारको सृष्टि रचना गर्दा यसलाई सुचारू रूपले संचालन गर्दै मर्यादामा व्यवस्थित पारेर राख्न सक्ने शक्ति केवल हजुरमै निहित छ। देव, दानव सबै हजुरका समान सन्तान मानिन्छन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र हुन् पनि। कुनैलाई काखा र कुनैलाई लाखा-पाखा नगरेर समान सम्झी स्नेह-माया गरिरहनु भएको पनि हो, तर हिजो-आज हजुरले बक्सिएकै वरदानले निर्भय भएको वज्राङ्ग दानवको छोरो तारकासुरले तीनै लोकलाई दल-मल पारेर हजुरबाटै तोकिदिएको देवासुरको मर्यादा उल्लंघन गरिरहेको छ। स्वर्गपुरीको अधिकारी देवगण हुन्। पातालको अधिकार असुरहरूको हो तथा वेदशास्त्र र धर्म-कर्मको नियमानुसार अधिकार समस्त मानव जाति र ब्राह्मणहरूको हो। सम्भवतः यो अधिकार हजुरले असुरहरूलाई दिनुभएको छैन भन्ने हामी सबैको धारणा र विश्वास छ। तर तारकासुरले हजुरको छैन भन्ने हामी सबैको धारणा र विश्वास छ। तर तारकासुरले हजुरको पवित्र र अकाट्य संविधानको अपमान गरिरहेको छ। संसारको सारा शक्ति र अधिकार केवल दैत्य-दानवहरूमा मात्र सीमित पारिराखेको छ। सम्पूर्ण देवता र मनुष्यहरूलाई निर्बल वा अशक्त तुल्याई उनीहरूका समस्त उत्तम-उत्तम वस्तुहरू हरण गरेर राष्ट्र, देश र नगरहरू माथि पनि आक्रमण गरेर समस्त विश्वको शक्ति आफ्नू हातमा राखी स्वर्गीय सम्पत्ति, नन्दन-कानन, अप्सराहरू, विमान र मानव सम्पदा वेद-शास्त्र, यज्ञ-यागदि, धर्म-कर्मका विभागहरू र धनधान्यादि समस्त सम्पत्तिको नियम विरुद्ध शोषण गरी एक्लैले उपभोग गरिरहेको छ। यसरी शोषण गरेर स्वर्गीय दिव्यभूमि र मानवीय उर्वरा भूमिहरू सबै मरूभूमि समान तुल्याइराखेको छ। संसारका सबै राम्रा-राम्रा नगर अथवा प्रदेशहरू असुरहरूका मनोरंजन स्थल तुल्याइसकेका छन्। देवताका गुरु बृहस्पति सहित अन्यान्य सुविज्ञ आचार्यहरू तथा पृथ्वीका प्रतिष्ठित विद्वान् एवं बुद्धिमान् व्यक्तिहरू पर–हितको बाटो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडेर केवल तारकासुरका कीर्ति-गाथा गाउने नट-भाट वा गाइने जस्तै भइसकेका छन्। विद्या, बुद्धि, कला, शिल्प शास्त्र र गान-विद्याका ठूला-ठूला सुयोग्य व्यक्तिहरूमाथि अनेक अत्याचार गरिएको छ तथा तिनका गुणहरूको आदर गरिन्न; ती सबैले दुष्ट तारकासुरको मूल ढोकामा पहरा दिएर चाकरीमा रुजु रहनु परेको छ। साना-साना सिपाहीद्वारा इन्द्रादि देवताहरूको अपमान गराइन्छ। बेइज्जति र अपमानका साथ अनेक देवताहरू तारकासुरको सभामा अपराधी झैं लगिन्छन् र अनादरपूर्वक बसालिन्छन्। हे प्रभो ! तारकासुर र त्यसका अनुचर दैत्य, दानव र असुरहरूका अविनय अवज्ञाहरूको वर्णन गरेर साध्य छैन। हे पितामह ! यसमा हजुरबाट केही विवेक विचार राख्नु भएन भने केवल हाम्रो मात्र होइन, संसारका सम्पूर्ण दैवी नियम र पुरातन सम्पदा समेत नष्ट हुनेछ। अनि आसुरी नियम र सम्पदाको वृद्धि हुँदै जानेछ- त्यसको विपरीत फलको परिणामस्वरूप हजुरको यो सृष्टि नै समाप्त हुनेछ। किनकि—

फैली दानव, दैत्य औ असुरका * दुर्भावना बेसरी।
थाले गर्न अनेक विश्वभरिमा * उत्पात नाना थरी।
राम्रा शास्त्र-विधान न्याय-पथमा * बाधा परी मैलियो।
भोग्छौं कष्ट र अन्धकार गहिरो * चौतर्फमा फैलियो॥

अतः अब नीच मारी मौन भएर बस्ने समय छैन झैं मेरो मनमा लागिरहेको छ, यसमा हजुरको जो आज्ञा। यति भनी दुवै हात जोरेर वायु मौन भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां तारक-विजय वर्णनं नाम दशमोऽध्यायः ।। १० ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ एकादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! समस्त देवताहरूको प्रतिनिधि रूपमा वायुदेवले गरेको प्रार्थना सुनेर पितामह ब्रह्माजीले भन्नुभयो– हे देवता हो ! यो सबै कुरा मैले जाने-बुझेको छु। त्यो तारकासुरले, त्यसको पिता वज्राङ्गले र तारककी आमा वराङ्गीले समेत अत्यन्त कठोर तपस्या गरे, त्यसले गर्दा तीनै लोक भस्म होला कि झैं हुन गयो। अनि लोक-हितको विचार गरेर त्यो तारकासुरलाई मैले नै वरदान दिएको छु। त्यही वरदानले गर्दा तारकासुर अन्यबाट वध्य छैन अर्थात् मर्दैन। मात्र सात दिनको बालकबाट नै त्यसको मृत्यु हुनेछ। त्यो बालक पनि महादेवकै छोरो हुनुपर्दछ। यसमा बाधा के छ भने भगवान शङ्करकी पत्नी छैनन्। अब पर्वतराज हिमालयका घरमा उनकी कन्याको रूपमा शंकर भगवानकी पत्नी सतीदेवीले पार्वतीको अवतार लिनेछन् र तिनैका पुत्र कुमार हुनेछन्, तिनैद्वारा तारकासुरको वध हुनेछ। यस विषयको सारा व्यवस्था मैले मिलाइसकेको छु। अब उचित समयको प्रतीक्षा गरेर बस। यस्तो ब्रह्माजीबाट आस्वासन पाएका समस्त देवताहरू दुवै अंजली जोरी शिर झुकाएर ब्रह्माजीलाई नमस्कार गरी उही मृगस्थलीमा आएर समयको प्रतीक्षा गर्नलागे।

त्यसपछि ब्रह्माजीले आफ्नी पुत्री विभावरीलाई डाकेर भन्नुभयो- हे पुत्री ! तिमीले देवताहरूका लागि एउटा निकै महत्वपूर्ण काम नगरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नहुने भएको छ। अहिले तारकासुर समस्त देवताहरूका लागि अमंगल र अनिष्टकारक धूमकेतु (पुच्छल तारा) जस्तो भएको छ। त्यसको वधको लागि शंकर भगवानको एक पुत्र जन्मने छ। त्यो पुत्र उत्पन्न गर्न सतीदेवी पार्वती भएर पर्वतराज हिमालयकी पत्नी मेनकाको गर्भमा पसेर पार्वतीलाई काली तुल्याइदिनु अत्यावश्यक छ। अनि पार्वतीलाई महादेवले 'काली' भनेर कुनै दिन सम्बोधन गर्नु हुनेछ। अनि आफूलाई काली भनेको सुनेर रिसाएकी पार्वती गोरी हुन मेरो (ब्रह्माको) तपस्या गरेर गोरी भई आएर भगवान शिवलाई प्रसन्न तुल्याई पुत्र कुमारको जन्म गराउने छन्। तिनै कुमारद्वारा प्रतापी तारकासुर मारिने छ र आसुरी प्रभाव नष्ट भएर तीनै लोकको कल्याण हुनेछ। पार्वतीले गोरी हुँदा तिनको अंगबाट झरेको तिम्रो कालिमायुक्त मूर्ति 'एकानशा' देवीको रूपमा सबैतिर प्रसिद्ध हुनेछ र सबैकी पूज्या हुनेछौ। आफ्ना पूज्य पिता ब्रह्माजीको आज्ञा अनुसार विभावरीले सबै काम गर्दै गइन् र विभावरी अर्थात् रात्रिको अन्त्यमा ब्राह्म मुहूर्तमा पर्वतराज हिमालयकी पत्नी मेनकाको गर्भबाट पार्वतीको जन्म भयो।

यस तारतम्यले पार्वतीको जन्म हुनाले सारा भौतिक संसार पनि प्रसन्न भयो। हावा-पानी, नदी-नाला, फाँट जंगल, बिरूवा-लहरा, वृक्ष-स्याउला, पालुवा, फल-मूल, कन्दमूल, मुजुरा, कुकुना, काइना, कोपिला, घाँस-पात, बेला-पतेला, ठण्डा-गर्मी, दिशा-विदिशा, आकाश-पाताल, सूर्य-चन्द्र, नक्षत्र-तारा, रूप-रस-स्पर्श-गन्ध गुण आदि सबै स्वच्छ मनोहर र सुन्दर सरस भए। ब्रह्मर्षि, महर्षि, राजर्षिहरूका सम्पूर्ण कर्म जप-तप सबै सफल भए। तीर्थ-व्रत, धर्म-कर्म, दान-पुण्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि सगुण भए। शस्त्र चिन्तनको साटो अब शास्त्र चिन्तन बढ्न थाल्यो। आकाशमा इन्द्रादि देवताहरूका विमानहरू उडेका देखिनलागे। हिमालयमा आकाशबाट पुष्पवृष्टि भयो। गन्धर्वगणले गाना-बजाना र अप्सराहरूको नाच-गान आदिले पर्वतराज हिमालयको महल अत्यन्त रमाइलो हुनगयो। पार्वतीको जन्मले गर्दा हिमालय सुगम र सेवायोग्य हुनगए। सुमेरू समेत संसारभरिका समस्त पर्वतहरू दिव्यरूप धारण गरेर अनेक थरिका सौगात बोकाएर मैना, हिमालय र पार्वतीको दर्शन गरी, बधाई अर्पण गरेर प्रसन्न भई आफाफ्ना घर फर्किए। पार्वतीको जन्म महोत्सवमा विश्वभरिका दैवी सम्पदाका समर्थक वा पक्षपातीहरू सबै प्रसन्न भएर आफाफ्ना शुभ कामना निवेदन गरी उत्सवको शोभामा सम्मिलित भई, हिमालयसित विदा मागी उनले दिएको पारितोषिक स्वीकार गरी जाने र आउनेहरूको भीड वा घुइँचोले जताततै हिमालयभरि मेला लागे झैं भयो। पार्वती पनी परिश्रममा विश्वास राख्ने साना-ठूला उद्योगीहरूका घरकी लक्ष्मीसमान तथा शुक्लपक्षका चन्द्रमा बढे झैं बढ्न लागिन्।

हिमालय र नारद संवाद

त्यही अवसरमा देवराज इन्द्रले कामको व्यवस्था मिलाउने इच्छाले देवर्षि नारदको स्मरण गर्नुभयो। देवराज इन्द्रले स्मरण गरेको थाहा पाई नारद ऋषि तत्काल देवेन्द्रको सम्मुख आइपुग्नुभयो। देवेन्द्रले देवर्षिको स्वागत, अभिवादन र सम्मानसाथ विश्राम गराइसकेपछि देवराज इन्द्रसित देवर्षिले कुशल-प्रश्न गर्नु भयो र देवराज इन्द्र देवर्षिसित भन्न लाग्नुभयो- शुभ वस्तुको अंकुर आइसकेको छ, अब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस अंकुरमा कुन युक्तिले उत्तम फल लाग्नसक्दछ; यस विषयमा तपाईंले सतर्क भइदिने मौका छ। घटना-क्रम तपाईंलाई बुझाइरहनु पर्दैन सबै थाहा छँदैछ तैपनि सोध्नुभयो, उत्तम गर्नुभयो। यता मैले पनि तपाईंजस्ता हितचिन्तकका सामु भएको कुरा पोखी हृदयको व्यथा हलुको पार्न पाएँ। अब जसरी हुन्छ- पार्वतीको शिवजीसित शीघ्र मिलन गर्ने उद्योगमा देवतापक्षका सबैले प्रयत्न गर्नुपर्‍यो। भनाईको रहस्य राम्ररी बुझेपछि देवर्षि देवराज इन्द्रसित विदा भई तत्काल पर्वतराजका ढोकामा उपस्थित हुनुभयो। हिमालयले स्वागत गरेर भित्र लगी नारदजीको मधुपर्कले सत्कार गरे। त्यसपछि दुवैले परस्पर कुशल-क्षेमको प्रश्नोत्तर गरे। त्यसै क्रममा देवर्षि-नारदले हिमालयको प्रशंसा गर्दै भन्नुभयो- हे शैलराज ! तपाईं धन्य हुनुहुन्छ, किनभने तपाईंका गिरि-गुहा कन्दरा आदिमा बसी कठोर तपस्या गरेर साक्षात् अग्नि समान तेज भएका अनेक ऋषि-मुनिहरूद्वारा तपाईं सधैं पवित्र हुनुभएको छ र स्वयं शंकर भगवान यहीं तपस्या गर्दै हुनुहुन्छ। सारा देवगण स्वर्गका विमान र ठूला-ठूला हर्म्य-प्रासाद समेत छाडेर यहाँ स्वजनकै घर जस्तो ठानेर आई हर्षपूर्वक बस्तछन्। देवर्षि यस्तै चर्चा गरिरहेका थिए- त्यही मौकामा हिमालयकी अर्धांगिनी मेनका पनि पुत्री पार्वतीलाई साथमा लिएर केही दासी पछिलगाई त्यहीं आइपुगिन्। अनि नम्रतासाथ दुवै हात जोरी प्रणाम गरिन्। देवर्षिले पनि शुभ वचनले आशीर्वाद दिनुभयो। त्यो देखेर पार्वतीले देवर्षि नारदलाई छक्क परेर हेर्नुभयो। अनि नारदजीले मीठो वाणीद्वारा- 'मैयाँ ! यता आउनुहोस्' भन्नुभयो, तर पार्वती आफ्ना पिता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयको घाँटीमा दुई हातको माला झैं समातेर उनके काखामा बस्नुभयो। अनि आमा मेनकाले भन्नुभयो- 'पुत्री ! उहाँ देवर्षि नारद हुनुहुन्छ। नमस्कार गर ! उहाँको आशीर्वादले उत्तम भाग्यवान् स्वामी पाउली।' आफ्नी माताले यसरी भने पनि पार्वती एक शब्द पनि बोल्नु भएन र फेरि मेनकाले भन्नु भयो- 'नानी मैयाँ ! देवर्षि नारदलाई प्रणाम गर नानी ! म तिमीलाई सुटुक्क राखेको उत्तम रत्नाभूषण जडेको पुतली खेल्न दिनेछु, बाबा !' यति भनेपछि पार्वती उठेर नारदजीको पाउ अगाडि शिर निहुराई दुवै हात जोरेर टाउको झुकाई प्रणाम गर्नुभयो। त्यसपछि नारीको स्वभाव अनुसार मेनकाले आफ्ना वयोवृद्ध छिमेकीहरू द्वारा देवर्षिसित सोध्न लगाइन्- यो पुत्रीको भाग्य के कस्तो होला ? घर-वर कस्तो होला ? लक्षण-कुलक्षण के कस्तो हुनेछ ? ग्रहदशा, आयुष्य के कस्तो छ ? इत्यादि।

देवर्षि नारदले मनमनै विचार गरे- यो मौका राम्रो परेको छ। अतः मेनकाका छिमेकीले प्रश्न गरेको सुनी देवर्षिले भने- हात हेरौं, पाऊ हेरौं र मुहार हेरौं भनी सबै हेरिसकेपछि देवर्षि नारदले विन्ती चढाउनु भयो- 'हाम्री मैयाँको विवाह हुने वरको जन्म हुँदैन, दुवै हात उत्ताना छन्, पाऊ स्वयं स्वच्छया व्यभिचारी देखिन्छन्, कुनै पनि लक्षण म देखिरहेको छैन।' नारदजीको यस्तो कथन सुने त्यसको गूढ अर्थ बुझ्न नसकी मेनका, हिमालय र अन्य सवै खिन्न भए। जे जस्तो भए पनि नारीको पति नै आभूषण हो, पुत्रीको निमित्त पतिको जन्मै छैन, हात सदैव उत्ताना र पाऊ व्यभिचारी र अन्य कुनै पनि लक्षण नभएकी पुत्री जन्मनु ! एक त छोरी, त्यो पनि लक्षणले हीन ! त्यस्ता कुरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन्नासाथ त्यहाँ उपस्थित सबै छक्क पर्नु स्वाभाविकै थियो । तापनि धैर्य धारण गरेर गिरिराज हिमालयले भने- हे नारदजी ! छोरी सबै प्रकारले परिपूर्ण हवस्, ठूली भाग्यमानी हवस् तापनि छोरीलाई पछि के होला, कसो होला भन्ने चिन्ता माता-पितालाई रहिरहन्छ । अतः तपाईंले आज्ञा भएको सुनेर म त छाँगाबाट लडेर ठूलो दहमा परिसके जस्तै भएँ । मैले हजुरको कुरा राम्रो बुझ्न नसकेको हो कि मेरी छोरी साँच्चै लक्षणनै नभएकी हो त । छोरीको छैठी-न्वारान आदिमा आउनु भएको वेला अनेक महर्षि, ब्रह्मर्षि, देवर्षि, राजर्षि सबैले मेरी पुत्रीको भाग्यको वर्णन गरेर जानुभएको थियो, त्यसमा अब कुन बाधा आइलाग्यो; राम्ररी खोतलेर फेरि हेरिदिनु भए उत्तम हुने थियो । मनमा बर्ता पीर पऱ्यो, सत्य कुरा बुझाइदिनु भए उत्तम हुनेथियो । हिमालयको यस्ता कुरा सुनेर नारदजीले भन्नुभयो- 'मैले जे जति भनें त्यो सबै प्रकारले सत्य कुरा भनेको हुँ । सबै साँचो हो, कुनै कुरा पनि मिथ्या भनेको छैन । तर बुझ्नमा केही फरक परे जस्तो लाग्दैछ के कुरा-बुझ्नु भएन मलाई भन्नुहोस् ।'

नारदजीको कुरा सुनेर हिमालयले भने– 'हे देवर्षि ! के मेरी पुत्रीको स्वामी जन्मदै नजन्मिने हो ?'

नारदले भने– 'हो, पर्वतराज ! मैयाँका पति जन्मेकै छैनन् किनकि मैयाँका पति स्वयं महादेव हुनुहुन्छ र उहाँलाई कहाँ कसले कहिले जन्मदियो ? अतः हाम्री मैयाँका पति जन्मने छैनन् भनेको कुरा सत्य हो ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयले फेरि सोधे– 'उत्तानो हात भनेको अर्थ के हो ?'

नारदजीले उत्तर दिए– 'वर-मुद्राको हात सदैव उत्तानो नै रहन्छ। अत: हाम्री मैयाँ पार्वती समस्त संसारकी आराध्य देवी हुनाले सबैको निम्ति उनका हात सधैं उत्तानो वरद मुद्रामा रहने छ। यो कुरा राम्ररी विचार गरेर भनेको हुँ।'

हिमालयले अर्को प्रश्न गरे– 'हे नारदजी ! मेरी पुत्रीका पाऊ स्वच्छया व्यभिचारी कसरी भयो ?'

नारदजीले भने– हे गिरिराज ! तपाईंकी पुत्री समस्त संसारकी मातृवत् पूजनीया र वन्दनीया रहने हुनाले, समस्त देवताहरूका मुकुट मणिको छाया परिरहनाले तथा पाउको छायामात्र देखिने भएकोले स्वच्छया व्यभिचारी भनेको एक अर्थ हो र दोस्रो अर्थ 'स्वच्छ' भनेको पवित्र र 'अय' भनेको उत्तम भाग्य, त्यसबाट अव्यभिचरित भनेको अभिन्न रहने पाऊ भएकी भन्ने अर्थ हो। शरीरमा कुनै पनि लक्षण छैन भनेको अर्थ चाहिं- देहमा रहने कुनै एक चिन्ह हो। त्यस्ता चिन्ह हुने व्यक्तिमा सुख-दुःख, सौभाग्य-दुर्भाग्य, आयुष्य, छोरा-छोरी, धन-धान्य सम्पत्ति आदि कुन कति परिमाणमा विद्यमान छ, भन्ने कुरासम्म ज्ञात हुने हो, तर अपरिच्छिन्न र अपरिमेय सौभाग्यले सदैव पूर्ण रहने तपाईंकी कन्याको देहमा अपरिच्छिन्न र परिमेय लक्षण नहुनु पनि स्वाभाविक कुरा हुनाले त्यस्ता कुनै पनि लक्षण छैनन् भन्ने मेरो कथनको तात्पर्य हो, बुझ्नुहवस्। तपाईंकी कन्या विश्वम्भर भगवान् सदाशिवकी धर्मपत्नी तथा अर्धाङ्गिनी अनि त्रैलोक्यकी जननी, भूतभावनी, तीनै लोककी कल्याणकारिणी शिवा हुन् भन्ने जान्नुहवस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अतः अब विश्वनाथका साथ तपाईंकी कन्याको संयोग गराइदिनु पऱ्यो । यो तपाईका लागि एक अत्यन्त महत्वपूर्ण काम हो । दक्षकन्या सतीदेवीको देह पतन भएपछि शिव र शक्तिको वियोग भएको मौका पाएर प्रतापी तारकासुरले समस्त दैवी-सम्पदाको उल्टो आसुरी-सम्पदाको संसार भरिमा प्रचार-प्रसार गरिदिनाले विश्वको सृष्टि-प्रवाह नै नाशतिर लम्कन थालिरहे छ। अब तपाईंको सत्प्रयासले शिव-शक्तिको मधुर समागम भएपछि सम्पूर्ण विश्वमा फेरि आसुरी-सम्पदाको नाश भएर दैवी-सम्पदाको स्थापना हुनेछ। त्यसले गर्दा सृष्टिको क्रम विध्वंस हुनबाट जोगिने छ। अनि देवताहरूको कार्य सिद्ध हुनसक्तछ। तपाईंकी कन्याको रूपमा अवतार धारण गर्नुहुने महाशक्तिको एक अमर वाणी पनि छ :—

जब-जब अहिलेको जस्तै असुरहरूद्वारा आसुरी शक्ति र सम्पदाको प्रसारद्वारा दैवी सम्पदामा अथवा संसारमा बाधा उपस्थित होला, तब-तब म अवतार धारण गरेर दैवी सम्पत्तिका शत्रुहरूको विनाश गरिदिने छु, अनि दैवी सम्पत्ति स्थापित गर्ने उत्तम अवसर प्राप्त हुनेछ।

अतः नारद मुनिको यस्ता विचित्र कुराहरू सुनेर हिमालय निकै प्रसन्न भएर भन्नलागे— हे देवर्षि नारद ! यस बखत तपाईंले मलाई ठूलो कष्टबाट उद्धार गरेर, गहीरो पाताल जस्तो खाडलबाट मास्तिर ल्याई सप्त-लोकको स्वामीकै समान तुल्याइदिनु भयो। आज मेरो मन आनन्दले विभोर भइरहेको छ। तपाईंले लगाएको यस गुनको साटो फेर्न सर्वथा असमर्थ छु। यस गुणको वर्णन गर्न म देवगुरू बृहस्पति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुनसकेको भए अवश्य सक्ने थिएँ। तपाईं जस्ता त्रिकालदर्शी मुनिको दर्शनको पुण्य प्रताप अमोघ मानिन्छ। अब तपाईंको आज्ञानुसार शिव-शक्तिको संयोग गराउने प्रयासमा म सहमत र तत्पर रहने छु। फेरि यस प्रकाको महान् कार्यमा तपाईं जस्ता सुविज्ञ र महान् ऋषिहरूको सहायता र सहयोगको सदैव खाँचो परिरहन्छ। किनकि देवताका कार्यको जुन उद्देश्य हो, उही नै उपदेश तपाईंको पनि हो।

हिमालयको यस्ता वचन सुनेर देवर्षि नारद प्रसन्न भए र बिदा मागी स्वर्गलोकतिर जाँदा भए। उहाँ पुगेर देवराज इन्द्र महाराजलाई सबै वृत्तान्त सुनाए; अनि सबै काम सफल हुने जस्तो छ, तर अब कामदेवलाई डाक्नु पर्‍यो। यति नारदजीले भनेको सुनेर इन्द्रले कामदेवको स्मरण गर्नासाथ उनी तत्काल उपस्थित भए र प्रणाम गरे। अनि देवराज इन्द्रले कामदेवलाई भने- 'हे कामदेव ! तिम्रो नाम 'मनोभव' हो, तिमी सबैका मनको भाव वा कुरा स्वयं जान्दछौ। त्यसै कारण समस्त देवगणको कल्याणका लागि शिव र शक्तिको मिलन गराउने काम गर। तिम्रो यस काममा मद्दत ऋतुराज वसन्तको लिन सक्दछौ।'

देवराज इन्द्रको आज्ञा सुनेर मनमनै डराएका कामदेव महाराज इन्द्रसित विन्ती गर्दछन्- हे सुरराज! देव-दानवहरूको निम्ति भयदायक यस कार्य वा सामग्रीले शिवजी पनि भयभीत होलान् भन्न सकिन्न। आशुतोष शंकरलाई वशमा ल्याउने काम अत्यन्त कठिन छ। फेरि त्रिपुरारीको अनुग्रह वा क्रोध, दुवै कुरा अत्यन्त उच्च श्रेणीका हुन्छन्। कुनै विशेष कुराको आशा राखेर गरेको काममा सामान्य काम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिग्रिनगयो भने त्यसको परिणाम के कसो होला, त्यसमा हजुरले विचार राख्नुपर्दछ।

कामदेवको वचन सुनेर देवराज इन्द्रले भने– हे काम ! यसको उत्तरदायी हामी छौं, तिमीले डराउनु पर्दैन, आनन्दले जाऊ र काम पूरा गर। हाम्रो परम्परामा प्रचलित उखान- 'हुकुमको जवाब छैन र कालको औषधि छैन'- यही उक्ति चरितार्थ गर्दै महाराज इन्द्रको आज्ञाले वसन्त र रतिका साथै कामदेव मनमनै डराउँदै शिवजीले तपस्या गरेको सुरम्य कुटीका नगीच पुगे। त्यहाँ संगमरमरको एक उत्तम चौतारो, त्यसको नगीचै हरीयो दूबोको ठूलो चौर। त्यहीं शिवको वाहन साँढे उग्राएर आनन्दले बसिरहेको। त्यहाँबाट अलिपर महादेव जस्तै यक्षकर्दम कुम्कुमहरूका धूलोले जटाजूट कैला-कैला भएका र हातमा बेंतको छडी लिएका त्रिपुरारिका सेवक वीरकलाई देखे। अनि अलि पर किञ्चित् चिन्तामा गाडिएका तथा शरीरको केही भाग खुलेका, उत्तानबन्ध मुद्रामा कमल-पुष्प जस्ता दुइ नेत्र भएका, मेरुदण्ड सोझो पारी आनन्दको उत्तम आसनमा पद्मासन बाँधी घाँटी सोझो पारी, आफ्ना दुवै नयनले केवल नाकको टुप्पोमा दृष्टि दिनुभएका, सिंहको छाला झुण्डाउनु भएका, दुवैतिर काँधमा गुटमुटिएका सर्पको मुखबाट निस्कने विषरूप अग्निका ज्वालाले कैला भएका जटा र त्यस जटाका वरिपरि औंठी झैं भएर लर्केका र घुँघुरिएका केशराशिले झन् सौन्दर्यमा वृद्धि पारेका, कम्मरमा पटुका झैं कसेको त्यो वासुकी नागाको पुच्छर र शिर ब्रह्माञ्जलिबद्ध दुवै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातमाथि राखी शोभित हुनुभएका दिगम्बर भगवान देवाधिदेव शिव शङ्करको दर्शन पाए।

त्यसपछि भ्रमरगणको मधुर ध्वनिद्वारा वरिपरि बगैंचाका बोट-बिरूवा, हाँगा-बिंगा, र टुप्पाहरू समेत सुगन्धले गम्किए। अनि वसंतको सहयोगले पत्नी रति समेत कामदेवको माधुर्य चारैतिर बगैंचाभरि फैलियो। त्यो मौका छोपेर कानको छिद्रबाट भगवान् शिवको मनमा सुटुक्क कामदेवले प्रवेश गरे। त्यसका साथै वसन्तको माधुर्यमा आश्रित रति-कामावलम्बी भावनाले दृढव्रती शिवजीका मनमा एक प्रकारको हल्ली-खल्ली उत्पन्न गरिहाल्यो। अब विलम्भ थिएन, शिवको हृदयमा यौटा अपूर्व अनुराग उत्पन्न हुन गयो। तत्काल सतीदेवीको बिर्सन खोजेको सम्झना आलो भएर आयो। केही बेरमा बिस्तारै त्यो सतीतिरको अनुराग स्वयं हराएर गयो। अनि भित्रको विघ्न-बाधा हटेर लक्ष्य प्रत्यक्ष पार्ने समाधिको भावना जाग्रत भएर आयो। अनि शंकर भएर तपस्यामा तन्मय हुनुभयो। वशित्व शक्तिको आधारमा- यो विकार कामजन्य हो भन्ने थाहा पाउनु भयो र मनमनै केही क्रोधित हुनुभयो। फेरि धैर्य गरेर बसी योगमायाको आवरण (पर्दा) गरिरहनु भयो।

उता शंकरजीको मनमा प्रवेश गरेको कामदेव (मनसिज)लाई त्यहाँबाट निस्कन कठिन परिरहेको थियो। त्यहीं नै डढेर भस्म हुने स्थिति आइरहेको थियो तापनि धैर्य धारण गरी अवसर पाउनासाथ बाहिर आयो। अनि नगीचैको पारिजातको वृक्षमा पुष्प समूह र कमला

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कोपिलाहरूको अन्तरमा वसन्तका साथ बसी जगदीश्वर शिवको विशुद्ध हृदयमा अमोघ सम्मोहन शर सन्धान गरेर प्रहार गरिदियो। त्यसले गर्दा अचल पर्वत समान धीर भएका शिवजी पनि काम-



(कामदेवले महादेवलाई कामबाण हान्न लागेको)

विकारले केही अंशमा क्षुब्ध हुनुभयो। वरिपरिको वातावरण पनि कामदेवको प्रभावले प्रभावित भएको ज्ञात भएपछि शान्त स्वरूप रुद्रदेवको मुहार क्रोधरूपी अग्निबाट निस्केको भयङ्कर हुँकार झन् डरलाग्दो भयो र महारुद्रको तृतीय नयन-जसमा अग्निको ज्योति सदैव उम्लिरहन्छ, त्यो खुल्यो। चारैतिर हेर्दा नगीचमै उपस्थित कामदेव देखिए र यो को रहेछ भनी रुद्रदेवले अलि नेत्र ठूलो पारेर हेर्दा त्यस विशाल नेत्रबाट निस्केको अग्निको तेज (ज्वाला) ले कामदेवलाई तत्काल खरानी तुल्याइदियो। अनेक देवताहरू आकाशमा हाहाकार गरिरहेका थिए तर कसैको केही बल पुगेन। त्यसरी कामदेवलाई भस्म पारेपछि त्यो रुद्रको नेत्राग्निले सम्पूर्ण संसारै भस्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पार्न तत्पर भयो, तर महादेवले संसारको कल्याण विचार गरेर त्यस अग्निको भिन्न-भिन्न भाग लगाएर- वसन्त, चन्द्रमा, सहकार, पुष्प-माला, भ्रमर, कोकिल, युवतीहरूको हाउ-भाउ कटाक्ष, पान र संगीतको मधुर ध्वनि आदिमा राखेर शान्त पारिदिनुभयो। अनि आफ्ना स्वामी संसारमा सबभन्दा राम्रा र प्रिय भएका कामदेव अकस्मात् शिव-तेजले भस्म भएका देखी विश्वसुन्दरी रति देवी आफ्ना प्रियबन्धु वसन्तका साथै अत्यन्त करुण विलाप गर्न थालिन्। आखीरमा ऋतुराजले धेरै सम्झाई-बुझाई दयालु महादेवका शरणमा जान विनम्र अनुरोध गरेपछि आफ्ना औंठी झैं बटारिएका केशराशिको जटाजूट (मुकुट) को रूपमा बाँधेर हातमा भ्रमरहरू झुम्मिएका पुष्पको र सहकारको कोमल मंजरी लिएर, कोकिललाई पछि-पछि आउन अह्राई अङ्गमा सुगन्धी चन्दनादिको साटो कामदेवकै भस्म लेपन गरी दुवै हात जोरी न्यूरेर त्रिपुरारि महादेवको स्तुति गरिन्— त्यसमा आफ्ना पति स्वयंको व्यक्तिगत काममा नआएका र आसुरी सम्पदाको नाश गरी दैवी सम्पदाको स्थापना गर्ने कामको विषयमा आशुतोष भगवान् शिवलाई शक्तिका साथ समागम गराउने ठूलो उद्देश्य पूर्ण गराउन र सुरराजको आज्ञा पालन गर्न आएको सारा कुरा पनि विन्ती चढाइन्।

यो सबै कुरा स्पष्ट भएपछि भगवान् शिवको मनमा रतिका उपर दयाभाव जागेर आयो, अनि आज्ञा गर्नुभयो- 'हे रति ! तिम्रो प्रार्थना र इच्छाअनुसार केही समयपछि कामदेवले पुनर्जन्म लिएर आउनेछन् र तिम्रो उनीसित फेरि समागम हुनेछ। त्यो समय आउनुभन्दा अगाडि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिम्रा स्वामी 'अनङ्ग' नामले संसारमा प्रसिद्ध रहने छन् ।' जगदीश्वर महादेवबाट यति आज्ञा भएपछि शिवलाई प्रणाम गरी कामदेवकी पत्नी रतिदेवी हिमालय पर्वतको बघैंचामा गएर उच्च स्वरले पहाड-पर्वतहरू समेत पगाल्ने गरेर अथवा वज्रलाई पनि टुक्रा-टुक्रा पार्दछिन् कि भने झैं गरेर डाँको छाडी चिच्याउन लागिन्। केवल शिवजीको आज्ञा शिरोधार्य गरेकी हुनाले तिनले आत्महत्या जस्तो जघन्य कृत्य गर्ने आँट गरिनन्।

त्यसपछि नारदमुनिको पहिलेकै कथन अनुसार पार्वती श्रीमहादेवलाई कन्यादान दिन भनी सबै श्रृङ्गार गर्न लगाई, वैवाहिक मङ्गल कार्य सम्पन्न तुल्याई उत्तम साइतमा छोरीलाई साथमा लिएर अनेक वन-जंगल, नदी-नाला तर्दै शिवजीको खोजीमा पर्वतराज हिमालय गइरहेका थिए। दैवसंयोग बीच बाटोमा विलाप गर्दै रोइरहेकी रतिसित भेट भयो। अनि हिमालयले कुरा-कानी गर्दा महादेवले कामदेवलाई भस्म पारेका एक-एक वर्णन गरेर विस्तारले सुनाइन् र आफू उनै कामदेवकी अर्धाङ्गिनी रति भएको कुरा र शिवको कृपाले मेरा पति कामदेव अर्को जीवन पाएर आउने वेलासम्म पर्खेर बसिरहने छु भन्ने पनि जनाइन्।

रतिको त्यति कुरा सुनेपछि हिमालयले आफ्नी कन्या पार्वतीको महादेवसित विवाह हुने समय अनुकूल छैन भन्ने अनुमान गरेर छोरीलाई लिएर पर्वतराज आफ्नै घरतिर फर्कन लागे। तर पार्वतीलाई यो ज्ञात भयो- कि देवराज र देवर्षि नारदको पनि शिव र शक्तिको समागम गराउने सम्पूर्ण उपायहरू असफल भएपछि अब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मैले स्वयं नै कुनै शक्तिको उपार्जन नगरेदेखि मेरो इच्छा कदापि पूर्ण हुन सक्तैन। यति विचार गरेर पार्वतीले आफ्ना सखी-संगिनीहरूद्वारा पिता हिमालयसित तपस्या गर्न जाने आज्ञा पाऊँ भनी निवेदन गर्न लगाइन्। काँचो उमेरकी, कोमल शरीर भएकी सानी पार्वतीको तपस्या गर्दाका अनेक कष्टहरू सहन गर्न सक्ने अवस्था नदेखी- 'हे उमा ! तिमी त्यस्तो तपस्या गर्न सक्दिनौ, नजाऊ' भनी आज्ञा दिएनन्। हिमालयले पहिलो पल्ट 'उमा' भन्ने सम्बोधन गरेका हुनाले पार्वतीको नाममा यौटा अर्को नाम उमा पनि थपियो। त्यसै वेला अकस्मात् आकाशवाणी सुनियो- 'हे पर्वतराज ! आफ्नी पुत्रीलाई तपस्या गर्ने आज्ञा दिनुहोस्; पार्वती सिद्धिकी मूर्ति हुनाले आफ्नू इच्छा पूर्ण पार्न सफल हुनेछन्।' यस्तो आकाशवाणी सुनेपछि हिमालयले 'हुन्छ' भनी पार्वतीलाई तपस्या गर्न जाने आज्ञा दिए, अनि पर्वतराज आफ्नू महलतिर गए।

एक दिन नारद मुनि विष्णु भगवान्कहाँ पुगेर अंजलि जोरी बिन्ती गरे– 'हे भगवान् ! हिमालयपर्वतकी कन्या पार्वती बत्तीस लक्षणले युक्त अत्यन्त सुन्दरी छन्। ती कन्यासँग तपाईं विवाह गर्नुहवस्।' नारदमुनिको वचन सुनी विष्णु भगवान्ले भन्नुभयो– 'हे नारद ! ती कन्या हिमालयले मलाई दिन स्वीकार गर्छन्?' अनि नारद मुनिले फेरिभने– 'हे नारायण ! त्यस कुराको चिन्ता तपाईंले गर्नुपर्दैन। म गएर सबै कुरा मिलाएर आउँछु।' यति भनेर नारदजी सरासर हिमालय कहाँ पुगे। देवर्षि नारद आएका देखेर गिरिराज हिमालयले उचित आदर-सत्कार गरेर बसाले। अनि नारदजीले भने– 'हे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गिरिराज ! तिम्री कन्या वैकुण्ठनाथ विष्णुलाई देऊ ।' हिमालयले प्रसन्न भएरभने– 'हे नारदजी ! राम्रो कुरा भन्नुभयो। तपाईंको आज्ञाले आफ्नी पुत्री विष्णु भगवान्लाई म दिनेछु।' त्यसपछि नारदजी बिदा भएर सबै कुरा विष्णु भगवान्लाई सुनाए। आफ्नू आश्रममा गए। त्यसपछि हिमालयले छोरीको विवाह गर्न सम्पूर्ण सामग्री तयार पारी नारद मुनिलाई डाकेर विष्णु भगवान्कहाँ पठाई लग्नको दिन निश्चय गराएर आफ्ना गुरु वशिष्ठ आदि सबै देवता ऋषि-मुनिहरूलाई निमन्त्रणा पठाई डाके। उता विष्णु भगवान् पनि पार्वतीसित विवाह गर्न सारा तयारीका साथै हिमालय कहाँ पुग्नुभयो।

मेनकाले छोरीलाई वस्त्राभूषणले सुसज्जित पारिराखेकी थिइन्। त्यो तयारी देखेर पार्वतीकी सखी जया, विजया, अजिता, अपराजिता सबैले मिलेर भने– 'हे सखी ! आज तिम्रो विवाह हुन्छ। विष्णु भगवानलाई कन्यादान दिन्छन् ।' सखीका कुरा सुनेर पार्वतीले भनिन्- 'म बालक-कालदेखि नै जगदीश्वर महादेव स्वामी पाऊँ भनी उनैलाई भजिरहेकी छु। अब अरु कसैलाई दिए भने हत्या गरेर मर्नेछु।' यति कुरा सुनी सखीहरूले भने- 'हे पार्वती ! त्यसो हो भने यहाँ बस्नु हुँदैन। तिमीलाई हामी कसैले पनि नभेट्टाउने स्थानमा लुकाएर आउँछौं, छिटो हिंड।' यति सखीहरूले भनेको सल्लाह मानेर पार्वती उनैहरूका साथमा घरबाट निस्किन्। उनीहरूले नदीतटको वनमा एकान्त स्थानमा लुकाएर आए। त्यसपछि हिमालयले कन्यादान दिन भनेर पार्वतीलाई ल्याउन भने, तर उनी घरमा थिइनन्। सबैतिर खोजे, तर कहीं पनि पाउन सकेनन्। गिरिराज त्यो समाचारले निकै आत्तिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि गुरु बृहस्पतिलाई सबै कुरा बुझाएपछि बृहस्पतिले यस लग्नमा भएन भनी विष्णु आदि देवतासित भनेपछि– सबै देवताहरू फर्केर आफ्ना-आफ्ना आश्रममा गए।

उता सखीहरूले लुकाएर आएपछि पार्वतीले नदीबाट बालुवा ल्याई त्यसैको शिवलिङ्ग बनाई ठूलो कष्ट सहेर तपस्या गर्न लागिन्। त्यही अवसरमा प्रघोष र दमघोष नामका दुई दैत्य आएर पार्वतीको सौन्दर्यमा मुग्ध भई अनेकथरिका कुचेष्टा गर्नलागे। पार्वतीले थाहा पाएर रिसले हेर्नासाथ ती दुवै दानव त्यहीं भस्म भए।



(पार्वतीले प्रघोष र दमघोषलाई भस्म गरेको)

अनि पार्वतीले तपस्या गर्नका लागि देवताहरूले पनि सहजै आँट्न नसक्ने हिमालय पर्वतको कन्दरा नै रोजिन् र एक-दुई संगिनीहरूको सेवामा रहेर कठोर तपस्या गर्नलागिन्। पार्वतीको तपस्याले प्रसन्न भएर एक दिन सदाशिव स्वयं प्रत्यक्ष भई आज्ञा गर्नुभयो– हे शैलराज-पुत्री ! किन मेरो आराधना गरेर यो कन्दरामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वसिरहेकी?' आफ्ना इच्छितरूप महादेवको दर्शन पाएर प्रसन्न भएकी पार्वतीतीले विन्ती चढाइन्- हे जगदीश्वर ! हे शिव ! हे विश्वम्भर ! मैले सानै उमेरदेखि नै श्रीमहादेव स्वामी पाऊँ भनी हजुरको नाम स्मरण गरेर बसिरहेकी छु। केवल हजुरलाई धाइरहेकी छु। आज मेरो सौभाग्यले हजुरको दर्शन पाएँ। हजुर मदेखि प्रसन्न हुनुहवस्। मेरो कामना पूरा गरिबक्सियोस्। पार्वतीको यस्तो वचन सुनेर शिवजीले आज्ञा भयो- 'हे पार्वती ! तिम्रा माता-पिताले कन्यादान नदिई मैले तिमीलाई आफ्नी पत्नी भन्न अनुचित हुन्छ।' त्यति सुनेर पार्वतीले फेरि विन्ती गरिन्- 'हे प्रभो ! त्यसो हो भने अब मैले के गर्नु उचित होला ?' शिवजीले फेरि आज्ञा भयो- 'हे हिमालय-सुता ! यस विषयमा तिमीलाई उपदेश दिन स्वयं विष्णु यहीं आउनु हुनेछ। उहाँको अर्ति अनुसार काम गर्नु।' यति भनेर विश्वम्भर शिव त्यहीं अन्तर्धान हुनुभयो। अनि पार्वतीले मनमा सन्तोष मानी आफ्नू तपस्याको क्रममा कुनै पनि त्रुटि अथवा बाधा पर्न दिइनन्। आफ्नू नियममा अटल रहेर विष्णुको प्रतीक्षा गरिरहेकी थिइन्। एक दिन अकस्मात गरुडमा चढेर विष्णु भगवान् पार्वतीले तपस्या गरेको स्थानमा आउनु भयो। त्यसरी विष्णुको दर्शन पाएर अत्यन्त प्रसन्न भई पार्वतीले स्वागत-सम्मान र पूजा गरिन्। पार्वतीको निष्कपट भक्तिले प्रसन्न भएर विष्णु भगवानले आज्ञा भयो- 'हे हिमालय-सुता ! हे पार्वती ! तपाईंले मेरो सम्झना किन गर्नुभयो ? तपाईंको मनमा के प्राप्त गर्ने कामना छ ? मलाई भन्नुहवस्।' विष्णुको यस्ता वचन सुनी पार्वतीले विन्ती गर्नुभयो- 'हे नारायण ! हे विष्णुभगवान् ! मैले बालक-कालदेखि नै श्री जगदीश्वर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महादेव स्वामी पाऊँ भनेर धाइरहेकी छु। अब मेरो यो कामना कुन युक्तिले पूर्ण हुनेछ ? यस विषयमा हजुरको अर्ति-उपदेश पाउनका लागि हजुरको सम्झना गरेकी हुँ।' पार्वतीको यस्तो वचन सुनेर विष्णु भगवान आज्ञा गर्नुहुन्छ- हे पार्वती ! व्रत-उपवास, दान-धर्म, जप-तप, तीर्थाटनभन्दा पनि धेरै राम्रो युक्ति छ, त्यसको पालन गर्नाले तपाईं अवश्य श्रीमहादेवलाई स्वामी रूपमा पाउन सक्नुहुनेछ। त्यो उपाय म भन्दछु एकचित्त भएर सुन्नुहोस- 'तपाईंले अरु केही पनि गर्नुपर्दैन, केवल श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्नुहोस्। त्यो व्रत गर्नाले चित्तको पवित्रता र मनको कामना विशेष प्रयास नगरेरै पूर्ण हुनेछ।' विष्णु भगवान्को यस्ता वचन सुनेर पार्वतीजीले पुनः प्रश्न गर्नुभयो-'हे भगवन् ! त्यो व्रत कसरी गर्नुपर्छ ? त्यसको सम्पूर्ण विधि मलाई आज्ञा गर्नुहवस्।' पार्वतीको प्रश्न सुनेर विष्णु भगवान्ले श्रीस्वस्थानी परमेश्वरीको व्रत-विधि आज्ञा गर्नुभयो- हे पार्वती ! श्रीस्वस्थानीको व्रत पौष शुक्ल पूर्णिमादेखि आरम्भ गर्नुपर्दछ। त्यो व्रत आरम्भ गर्ने दिनभन्दा एक दिन अगावै हात-पाउका नङहरू काटी स्नान गरेर पवित्र भई, एकभक्त एकचित्त रही नित्य मध्याह्नकालमा व्रताङ्ग स्नान गरेर अनि व्रतारम्भ गर्नुपर्दछ। नित्य मध्याह्नकालमा श्रीमहादेवको पूजन गर्नु। माघ महीनाभरि नित्य यो व्रत पालन गरेपछि माघशुक्ल पूर्णिमाको दिन विशेष सामग्री तयार पारी श्री स्वस्थानी परमेश्वरीको श्रद्धा-भक्तिपूर्वक विशेष पूजा गर्नू। आर्सी अथवा सुन, चाँदी वा तामाको थालीमा अष्टदल कमलको आकृति वा कर्णिकामा 'ॐ' लेख्नू र त्यहाँ श्री स्वस्थानी परमेश्वरीको र आठ कोठामा आठ मातृकाको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूजन गर्नू। अनि मन्त्रको प्रतिष्ठा, आवाहन, ध्यान, आसन, पाद्य, अर्घ, आचमन, पञ्चामृत स्नान, पुनराचमन, वस्त्र, अलङ्कार, चन्दन, सिन्दूर, अबीर, जौ, तिल, अक्षता, फूल-माला, धूप-दीप, नैवेद्य, आरती, नीराजन गरेर जप-ध्यान गर्नू। अनि जल,फल, पान, द्रव्य र आफ्नू शक्ति अनुसार चमर, ऐना, सौभाग्य सामग्री र अन्य उपचारहरू चढाउनू। अनि कपूर र हजार बत्ती बालेर आरती गर्नू, अनि नमस्कार प्रदक्षिणा तथा पुष्पाञ्जलि गरेर अर्घ दिनू र हात जोरेर ध्यान गर्नू, श्रीस्वस्थानी परमेश्वरी कस्ती छन् भने–

अष्टासु च दलेष्वेव मातृकाष्टस्थितास्तथा।
खड्गं त्रिशूलं चोर्ध्वं च अर्धे च वरमुत्पलम् ॥

चतुर्भुजां त्रिनेत्रां च सर्वालङ्कारभूषिताम्।
सुवर्णवद्विकासाभा स्वस्थानी परमेश्वरी ॥

अर्थ– खड्ग, त्रिशूल, वरद मुद्रा तथा नीलकमल बाहुमा लिएकी, अष्टदल कमलमा आठ मातृकारूपमा रहेकी, तीन नेत्र र चार बाहु भएकी, नाना अलंकार र वस्त्र धारण गरेकी, पोलेको सुनको जस्तो वर्ण भएकी यस्ती श्रीस्वस्थानी परमेश्वरीको रूप सम्झेर ध्यान गर्नू।

श्री स्वस्थानी परमेश्वरीलाई चढाउने विशेष सामग्रीहरू यस प्रकार तयार पार्नुपर्दछ- १०८ रोटी र मिठाईहरू समेत, अनि जौ-तिल-अक्षता गनेर १०८, वेलीपुष्प, कुन्दपुष्प १०८ नसके यथाशक्ति, सुपारी १०८ कुड्का, पान, जात-जातका फल-फूल र वस्त्र, यज्ञोपवीत (जनै) तथा अनेक अलंकार सहित पूजाको सामग्री तयार पार्नू। कुंकुम, केसर,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कस्तूरी आदि सबै वस्तुहरू चाहिन्छ। फेरि अनेक प्रकारका सुगन्धित धूपहरू पनि तयार राख्नू आवश्यक छ। फूलका राम्रा-राम्रा मालाहरू बनाएर पूजा स्थानमा राख्नुपर्दछ। यी माथि बताइएका सबै उपचारहरू श्रीस्वस्थानी परमेश्वरीलाई अर्पण गरी, उच्छिष्ट चाण्डालिनीहरूलाई अलि-अलि परसारेर आफूले चढाएका सामग्रीमध्ये सबैबाट आठ-आठ झिकेर आफ्ना पुरुषलाई दिनु, पुरुष नभए छोरालाई दिनू तथा छोरा पनि नभए मीत-छोरालाई दिनू, ती पनि नभए जुन कामनाले व्रत लिएको हो त्यो कामना पूर्णहवस् भनी नदी (गङ्गा)मा बगाईदिनू। सय रोटी आफूले फलाहार गर्नू। रात्रिमा जाग्राम गर्नू, श्री स्वस्थानी परमेश्वरीको कथा भन्नू अथवा सुन्नू-सुनाउनू। अनि भजन-कीर्तन पनि गर्नुपर्दछ। भक्तिभाव र पवित्र मनले यो व्रत गर्नुभयो भने– हे पार्वती ! तपाईंको कामना अवश्य पूर्ण हुनेछ र श्रीमहादेव स्वामी पाउनु हुनेछ, यसमा कुनै प्रकारको शंका छैन। यति उपदेश दिएर विष्णु भगवान् वैकुण्ठलोक जानुभयो। पार्वतीजीले वैकुण्ठनाथ विष्णुको आज्ञा मानेर पौष शुक्ल पूर्णिमादेखि श्री स्वस्थानी परमेश्वरीको व्रत विष्णुले बताएअनुसार गर्नुभयो र माघशुक्ल पूर्णिमाको दिन विशेष पूजा गरी रात्रिमा बताएअनुसार गर्नुभयो र माघशुक्ल पूर्णिमाको दिन विशेष पूजा गरी रात्रिमा जागरण, कीर्तन-भजन गरेर अर्को दिन प्रातः व्रतको सांगे (पारण) गरी हरि-हर भगवान्को स्मरण गर्नुभयो, अनि आफ्नू तपस्याको क्रम पनि त्यागनु भएन।

इति श्रीस्कन्धपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां काम-भस्म वर्णनं नाम एकादशोऽध्यायः ॥ ११ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्यमुनि ! पार्वतीजीले व्रत गरिहालें भनेर सन्तोष मानी बस्न हुंदैन भनी आफ्नू व्रतको क्रम वा तपस्याको नियम पालन गर्दै रहनु भयो। पार्वतीको तपस्याको क्रममा कुशको कन्धनी, रूखको बोक्राको लुगा, हिमालयको जाडो, दिनमा तीन पल्टको स्नान, वृक्षका पातको आहार-यो क्रम सय वर्ष, त्यसपछि सय वर्ष स्नान-सन्ध्या, पूजा-पाठ, जप-तप सबै नियम चल्दैछन्। त्यसमाथि सय वर्ष निराहार बसेर बिते। अनि पार्वतीको कठोर तपले समस्त प्राणीहरू भयभीत भए। देवताका राजा इन्द्रले केही उपाय गर्नु पर्‍यो भनी सप्तर्षिहरूको स्मरण गरे। इन्द्रले स्मरण गर्नासाथ सप्तर्षिहरू उपस्थित भए। देवराज इन्द्रले ती ऋषिहरूको उचित स्वागत-सत्कार गरे। त्यसपछि उनीहरूले भने- 'देवराज ! हामीहरूलाई के काम परेर डाक्नुभयो आज्ञा हवस्' भन्दा इन्द्र महाराजले भने- हे ऋषिगण हो ! पर्वतराज हिमालयकी कन्या पार्वती अत्यन्त दुर्गम पर्वतमा गएर कठोर तपस्या गरिरहेकी छन्। तिनको तपस्याको प्रभावले तीन लोक सन्तप्त भइरहेको छ। अतः पार्वतीको इच्छा पूर्ण गराई तीनै लोकको भयङ्कर ताप निवारण गर्ने काम तपाईंहरूले अलि छिटै गरिदिनु पर्‍यो। यही कामको निम्ति डाकेको हुँ, यो काम तपाईंहरू जस्ता सुयोग्य व्यक्तिहरूबाट सम्पन्न हुन सक्दछ भन्ने आशा राखेको छु। इन्द्र महाराजको यस्ता वचन सुनेर 'जो आज्ञा' भनी सप्तर्षिहरू त्यहाँबाट अविलम्ब पार्वतीले तपस्या गरिरहेकी हिमाचलको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कन्दरामा पुगेर पार्वतीसंग विनम्र कुरा भने- 'हे पुत्री, पार्वती ! तिमीले के कुराको कामना गरेर यस्तो कठोर तपस्या गरेकी हौ ?' सप्तर्षिहरूको नम्र वचन सुनेर पार्वतीले लज्जित अनुहार पारेर आफू मौन-व्रतमा रहेकी भए पनि सप्तर्षिहरूको स्वागत-सत्कार र पूजा गरिसकेपछि मौनव्रत छाडी कुरा गर्ने संकेत गरेर उनीहरूलाई उत्तम आसन दिई विश्राम गराएर भक्तिपूर्वक नमस्कार प्रणाम गरी मौन व्रत समाप्त पारेर प्रार्थना गरिन्- 'हे सप्तर्षिगण हो ! हजुरहरू के काम परेर यहाँ पाल्नु भएको हो ?' यति भनेपछि लज्जारूपी मौनव्रत धारण गरेर ऋषिहरूका सामुन्ने उभिइरहिन्। पार्वतीको उज्यालो र प्रसन्न मुख-मुद्रा तथा मान्य–जनप्रति सम्मानको शिष्ट भावना, प्रशंसाको योग्य विनय, अनि पर्वतराज हिमालयकी एकमात्र मनपरेकी छोरी भएर पनि मनमा अभिमानको अलिकति पनि भाव नहुनु- यस्ता अनेक गुणहरू देखेर सप्तर्षिहरू निकै प्रभावित भई पुनः सोधे- 'हे हिमालय-सुता ! यस्तो कोमल गाथले यति कठोर तपस्या केको सिद्धिका लागि गरेको हो ?' यति सुनेर पार्वतीले भनिन्- 'माननीय ऋषिगण हो ! मेरो मनको कामना तपाईंहरूले जान्नु भएकै छ, किनकि आफ्नू तपस्याको प्रभावले संसारभरिका सम्पूर्ण प्राणीहरूको हित हुने कुरा र मनमा रहेको कामना तपाईंहरू स्वयं जान्नुहुन्छ, तथापि मान्यजनको प्रश्नमा मैले उत्तर नदिई भएन, अतः अनुचित नठान्नु होला, केही विन्ती गर्दछु। यस विशाल विश्वमा अनेक प्राणीहरू कठिन वा असाध्य पुरुषार्थ देखाएर अत्यन्त दुर्लभ वस्तु पनि सुलभ पारेर प्राप्त नगरी छाड्दैनन्। कतिपय व्यक्तिको अठोट त- 'देहं वा पातयामि, कार्यं वा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साधयामिं ।' देहनै फाल्दछु अथवा कार्य नै सफल पार्दछु भन्ने इच्छाले युक्तिमा अडिग रहेका देख्न पाइन्छ। म त आकाशका फूलको माला धारण गरेको वन्ध्या स्त्रीको पुत्रको खोजी गर्न लागेजस्ती भएकी छु, किनकि जो स्वभावैले अत्यन्त दुराधर्ष हुनुहुन्छ र हिजो-आज कठोर तपस्यामा गाडिनु भएको छ, फेरि जसका पारमार्थिक कार्यहरूलाई देवता अथवा दानवहरू कसैले पनि तोकेर यर्थार्थ रूपमा जान्न-बुझ्न वा वर्णन गर्न सक्तैनन्, त्यस्ता जगदीश्वर महादेव स्वामी पाऊँ भन्ने मेरो तपस्याको मुख्य उद्देश्य हो, तर हिजो-आज महादेवजी कामदेवलाई समेत भस्म पारी आफू संन्यासी वा वैरागी जस्ता भई कठोर अचिन्तनीय तपस्यामा निमग्न हुनुभएको छ। अतः म जस्ती अज्ञ नारी यस उपायमा कसरी सफलता प्राप्त गर्न सक्नेछु, अनि त्यस्ता जगदीश्वर महादेवको आराधना गरी कसरी प्रसन्न पार्न सक्नेछु- यही विषयले मलाई व्याकुल पारेको छ।

हिमालय-सुता पार्वतीको यस्ता कुरा सुनेपछि, यिनको मनमा कत्तिको दृढता छ, त्यो बुझेर मात्र अगाडि चर्चा चलाउन योग्य होला- यस्तो मनमनै निधो गरेर प्रकटमा पार्वतीलाई सप्तर्षिहरूले भने- हे देवि ! हामी केही भन्दछौं, तपाईं त्यो कुरा सुनेर नरिसाई राम्ररी विचार गरेर उत्तर दिनुहोला। त्यसपछि मात्र तपाईंको कामना पुऱ्याउन सक्दो सहयोग गर्न सक्तछौं। यति भनेर सप्तर्षिले प्रश्न गरे- हे पार्वती ! सम्पूर्ण संसारका प्राणीहरूको सुखको साधन दुइ कुरा मानिन्छ— त्यसमा पहिलो सुख शारीरिक सुखभोग र दोस्रो सुख मानसिक प्रसन्नता वा मानसिक शान्ति- आनन्द नै मानिन्छ। हाम्रो विचारमा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३ देख्दै डरलाग्दा, श्मशानमा निवास गर्ने, दिगम्बर, नाङ्गा, खप्परु लिने, विचित्र नेत्र भएका, जेमा मन लाग्यो त्यसैमा डुबिरहने वा लागिपर्ने, होश नभएका बौलाहा जस्ता, घिनलाग्दा समाजको संग्रह गर्ने, प्रत्यक्ष अनर्थको मूर्ति जस्ता, संन्यासीको झैं स्वभाव भएका, डरलाग्दा, स्वयं आफू पनि खरानी घसेर घिनलाग्दा, रक्त चुहुने गरी गिदी-बोसो सुकेको मुण्डमाला लगाउने, त्यसमाथि ठूला-ठूला फणा भएका सर्पहरूको गहना लगाउने, भूत-प्रेत पिशाचहरूका सेना-नायकहरू वरिपरि राखेर आफू माझमा बस्ने, बूढो गोरुमा चढ्ने त्यस्ता महादेव स्वामी पाएर शिरीषको फूल जस्तो अङ्ग भएकी तपाईंको तनमा र मनमा समेत के सुख-शान्ति प्राप्त होला ? बरू स्वर्गका समस्त देवगण द्वारा पूजित र वन्दना गरिने, विश्वका पालक, लक्ष्मीलाई आफ्नी दासी तुल्याएर बसेका भगवान् विष्णु छन्, स्वर्गीय अमृतका साथै अनेक यज्ञको हविरूप अमृत पान गर्ने महाराज इन्द्र छन्, देवताहरूका पनि आश्रयरूप हिरण्यरेता अग्निदेव छन्, सम्पूर्ण विश्वका प्राण-शक्ति स्वरूप वायुदेवता छन्, अनेक थरिका रत्नका थुप्राहरूले परिपूर्ण भएका धनका स्वामी कुबेर छन्, अगाध सिन्धुको सम्पत्ति मणि-मोति आदि रत्नहरूले परिपूर्ण रत्नाकर निवासी वरुण छन्। यिनीहरू मध्ये यौटा कुनै व्यक्तिसित विवाह गरेदेखि शारीरिक सुख तथा मानसिक शान्ति प्राप्त हुनेछ। हे पार्वती ! तपाईंका पिताजी पर्वतराज हिमालयकै दरबारमा पनि अनेक दुर्लभ वस्तुहरूको कुनै न्यूनता छैन भने किन तपाईंको चित्त अर्धङ्गी शिवजीतिर मोहिनी लगाए झैं भएर लम्किएको हो ? बुझिएन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आरम्भमै सप्तर्षिहरूले क्रोध गर्ने काम नगर्नुहोला भनिसकेका थिए तापनि सुविज्ञ ऋषिहरूको कुरा सुनेर पार्वतीले उनीहरूको कुरा बिर्सनुभयो र तत्काल क्रोधले अनुहार रातो-रातो हुनगयो, अनि लाल-लाल नेत्र पारेर अलि चर्को स्वरमा भन्न लाग्नुभयो- हे विज्ञ सप्तर्षिगण हो ! सुन्नुहोस्- कुनै पनि दुराग्रहीप्रति प्रीति राख्नु र व्यसनीलाई त्यस व्यसनबाट छुटाउन सफल हुनु सम्भव छैन, अनि विपरीत अर्थ लगाएर अनर्गल बोल्नेलाई सोझो मार्गमा ल्याउन असम्भव छ वा कसैले पनि सक्दैन। अतः तपाईंहरूले मलाई उल्टो मति भएकी वा दुराग्रही भन्ने ठान्नु भएको हो भने अब मैले केही भन्नु छैन र तपाईंहरूले मेरा कुरा सुन्ने काम पनि म केही देख्दिन। त्यति भएर पनि म तपाईंहरूलाई श्रेष्ठ प्रजापति समान मान्दछु। तपाईंहरू ज्ञानका खानी र सर्वदर्शी पनि हुनुहुन्छ। अनादि, अव्यक्त, त्रैलोक्यका स्वामी महादेवसित परिचित हुनुहुन्न ? उनका आचार-विचार र क्रिया-कलापहरू अनौंठा छन् ! ब्रह्मा, विष्णु, इन्द्र, अग्नि, वरुण आदिले जुन कुरा जान्न-बुझ्न सकेका छैनन्, यो संसार र यसको सम्पूर्ण वैभव, शक्ति केवल महादेवबाट नै प्रस्फुटित भएका अनेकानेक ऐश्वर्यबाट नै आज यो उल्लासमय परिस्थितिमा रहेको छ भन्ने कुरा तपाईंहरूलाई ज्ञात छैन ? यो विशाल आकाश कसको रूप हो ? अग्नि, वायु, वरुण, कुबेर, सूर्य-चन्द्र, पृथिवी र वैदिक यज्ञका यजमान— यी सबै कसका रूप हुन् ? सम्पूर्ण देवता, असुर, मनुष्य, यक्ष, गन्धर्व, कसको लिंगको आराधना र पूजा गर्दछन् ? समस्त ऋषिगण र देवताहरू महादेवबाहेक अन्य कसलाई ईश्वर मान्दछन् ? के यस्तै महादेवका प्रभाव र महत्त्व

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकट गर्ने अनेक प्रकारका गुण-गाथाहरू तपाईंहरूलाई थाहा छैन ? केवल महादेवकै शक्ति वा विभूतिले अडिएका अपरिमित ऐश्वर्य हुने-सूर्यका सामुन्ने दीप झैं महादेवका अगाडि तेजहीन, मलिन कुनै पनि देवताहरूलाई म आफ्नो मनमा स्थान दिन चाहन्न ! हे सप्तर्षिगण हो ! एक महादेवबाहेक अन्य कसैलाई पनि मैले मन, वचन, कर्मले इच्छा गरेकी छैन। यसको विपरीत अरू कुनै पनि कुरा मलाई मनपर्दैन। अतः मलाई मनपर्दी आदेश-उपदेश दिने तपाईंहरू यहीं रहनुहोस् अथवा तत्काल जानुहोस् तर मेरा सिद्धान्तप्रति समर्थन नजनाउने अन्तःकरणसित स्वयं प्रश्न गरेर पाल्नुहोला।

पार्वतीजीको दृढ इच्छा र उचित उत्तर सुनेर सप्तर्षिहरूले हर्षको आँसू बगाउँदै भने- हे हिमालय सुता ! तपाईंलाई धेरै-धेरै धन्यवाद छ ! हामी तपाईंका कुराले अत्यन्त प्रसन्न भयौं- हे पार्वतीजी ! तपाईंको ज्ञान-शक्ति निकै प्रबल रहेछ। महादेव प्रतिको तपाईंको विचार जानेर हामीहरूको चित्त प्रसन्न भयो। हामीहरू जगदीश्वर महादेवको शक्ति, प्रभाव वा ऐश्वर्य जान्न समर्थ छैनौं। उहाँको महिमा सबै तपाईंलाई ज्ञात छ। हामीहरू त केवल तपाईंको दृढता कत्तिको बलियो छ, भन्ने कुरा बुझ्न आएका हौं। तपाईंको मनोरथ अब छिटै पूरा हुनेछ। शब्द र अर्थको, रत्न र तेजको, सूर्य र ज्योतिको जस्तो घनिष्ठ सम्बन्ध छ, त्यस्तै शिव र शक्तिको समागम पनि नित्य छ। अब आज्ञा पाए जाने थियौं र अनेक यत्नद्वारा श्रीमहादेवसित प्रार्थना गर्नेथियौं। तपाईंको इच्छा र हाम्रो विचारमा केही फरक छैन। तपाईं बुद्धिमति र नीतिज्ञ पनि हुनुहुन्छ। तपाईंको आज्ञानुसार हामीले गरेको उपाय वा प्रयास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीमहादेवले अवश्य सफल तुल्याउनु हुनेछ भन्ने हाम्रो अटल विश्वास छ। यति भनी पार्वतीद्वारा सम्मान प्राप्त गरी सप्तर्षिहरू शिवजी भएको स्थानमा पुगे।

हिमालयको ठूलो कन्दरामा भगवान शिवको तपस्या गर्ने कुटीको मुख्य द्वारमा वीरक हातमा वेतको छडी लिएर उभिरहेका थिए। वीरकलाई सप्तर्षिहरूले भने-'हे द्वारपाल ! हामीहरू केही आवश्यक कार्य परेर श्रीमहादेवको दर्शन गर्न आएका छौं।' ऋषिहरूको कुरा सुने वीरकले- 'अहिले स्वर्गङ्गामा सायंकालको स्नान-सन्ध्या गर्न सवारी भएको छ, तपाईंहरूले केही बेर प्रतीक्षा गर्नुपर्दछ। स्नान-सन्ध्या समाप्त भएपछि म गएर विन्ती चढाउँला' भन्ने कुरा वीरकले जनाए। शिवको स्नान-सन्ध्या सकिएको थाहा पाएपछि शंकर भगवानका सामु गएर विनयपूर्वक भूमिमा घुँडा टेकी नमस्कार गरेर वीरकले सप्तर्षिहरू पाल्नु भएको छ भनी विन्ती चढाए। त्यो कुरा सुनी महादेवले केवल संकेत द्वारा भित्र ल्याउनु भन्नुभयो र वीरकले पनि शिरको संकेत द्वारा अलि परैबाट सप्तर्षिहरूलाई डाकेर कुटी भित्र प्रवेश गराए। मृगचर्मका वस्त्र धारण गरेका सप्तर्षिहरूले आफाफ्ना पगरी बाँधेर हातमा स्वर्गीय पुष्पहरू लिई त्रिपुरारि शिवका विभूतिद्वारा सिद्ध पारिएको वेदिका भित्र जहाँ तपस्वी विश्वम्भर भगवान् विराजमान हुनुहुन्थ्यो, त्यहीं पुगेर उनका पाउमा पुष्पाञ्जलि अर्पण गरेर दर्शन प्रणाम गरे। भगवान शिवको अनुग्रहपूर्ण दृष्टि प्राप्त गरेका सप्तर्षिहरूले स्तुति गरेपछि त्यसको उपक्रम र उपसंहार मिलाई देवगुरु बृहस्पति झैं आशुतोष शंकर बोल्नु भयो- हे सप्तर्षिगण हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंहरू यहाँ पाल्नुभएको काम मैले ध्यान दृष्टिद्वारा जानिसकें। सम्पूर्णलोकको हितका लागि विधिको विधान पनि कसरी र कुन परिबन्दबाट मिलाउनु पर्ने हो, त्यो पनि जानि बुझी सकेको छु। यसमा केही अंशमा मेरो पनि व्यक्तिगत कल्याण वा लाभ लुकेको छ। यति भए पनि लोकको परम्परा र विधि-व्यवहार पनि त्याग्न मिल्दैन। यी सबै रहस्यको मूलरूप ती हिमालयकी पुत्री भएर जन्मेकी महाशक्तिकी अवतार आर्या पार्वतीदेवी हुन्। यो समस्या मिलाउन र देवताहरूको कामको सिद्धि गराउन सबैलाई हडबडी परेको छ। यो सबै सत्य र उचित हो, तापनि संसारको चाल चलनमा ध्यान दिनैपर्दछ। लोकको मर्यादा वा नियम पालन गर्नु पनि सानो धर्म होइन। तपाईंहरूको यो सत्प्रयासमा मेरो हार्दिक समर्थन छ र रहने पनि छ। अतः यस कामको बीचमा आइपर्ने विघ्न-बाधाहरू जे जस्तो रूपमा मिल्न सक्दछ, मिलाएर त्यस कुराको मलाई सूचना दिनुभए उत्तम हुनेछ।

जगदीश्वर शिवको यस्तो सफा र सारगर्भित वचन सुनेर सप्तर्षिहरू निकै प्रसन्न भई भगवान शङ्करको आज्ञा अनुसार त्यहाँबाट विदा भई पार्वतीको महादेवका साथ विवाह गराउने र लोक-मर्यादाको पालन हुने काम सम्पन्न पार्ने भारी बोकेका सप्तर्षिहरू सरासर पर्वतराज हिमालयको भव्य प्रासादमा पुग्दाभए। त्यहाँ पर्वतराजले मान-मर्यादा अनुकूल स्वागत-सम्मान गरे। अनि विश्राम गरेपछि चर्चा सबै सुनाइसकेर यथाक्रम महादेवसित भेटघाट र छलफल अथवा विचार-विमर्शको अन्तिम परिणाम-स्वरूप तपाईं पुत्री पार्वतीजीको विवाह सम्बन्ध विश्वम्भर भगवान श्रीशिवजीसित हुनु अत्यन्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आवश्यक हुन आएको छ, यो कुरा विधिका विधानको सारपूर्ण ठूलो सफल उद्देश्य हो। यो रहस्य एकेक जान्नु बुझ्नु भएर भगवान शिवले तपाईंकी कन्या पार्वतीको चाहना पनि गर्नुभएको छ। स्वयं श्रीमहादेवले तपाईंकी पुत्री पार्वतीको इच्छा गर्नु धेरै ठूलो सौभाग्यको कुरा हो, अतः उहाँको बलिष्ठ बाहुलीमा आफ्नी पुत्री सुम्पेर आफ्नू र आफ्ना वंशको उद्धार गर्नुहवस्। अनि देवताहरूको ठूलो काम पनि यसैबाट पूर्ण हुनेछ र दानवी-शक्तिबाट संसारको उद्धार भई दैवीशक्ति पुनः स्थापित हुनेछ।

विज्ञ सप्तर्षिहरूको यस प्रकारका विचार जानेर हर्षित भएका पर्वतराज हिमालयले मनमनै धन्य-धन्य कैलासपति महादेव, धन्य उनको करुणा भने, तर मुखले केही पनि बोल्न सकेनन्। त्यस्तो स्थिति देखेर हिमालयकी पत्नी मेनकाले हात जोरेर भन्नुभयो- हे ऋषिश्वर हो ! कन्याको जन्मको सार ठूलो भए पनि यस संसारमा कन्याको जन्म हुँदा- जति पुत्रको जन्ममा प्रसन्न हुन्छन्, त्यति खुसी कोही हुँदैनन्। यस्तै स्थिति आउनाले पनि त्यस्तो भएको हुन सक्तछ। फेरि कुल, शील, रूप, धन सम्पत्ति र उमेर समेत मिलेको वर पाइएको छ भने, त्यसलाई अनुनय-विनय गरेर डाकी उसले नमागेको भए पनि कन्या दिनुपर्दछ। तर धेरै-धेरै कठोर तपस्या गर्ने अघोर रूपका शिवजी र सिरीषको पुष्प झैं कोमलांगी हाम्री कन्या पार्वतीको लागि सुयोग्य हुनुहुन्छ अथवा हुनुहुन्न- यो सबै कुरामा विचार पुऱ्याउन र हाम्री कन्याको इच्छा के कस्तो छ, यो पनि सम्पूर्ण यथार्थमा बुझेर मात्र यस कुराको टुङ्गो लगाउन उचित हुनेछ भन्ने मेरो विचार हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिमालयकी पत्नी मेनकाको यस्तो कुरा सुनेर सप्तर्षिहरूले भने- हे महारानी ! जगदीश्वर महादेवको सम्पत्ति वा ऐश्वर्य कस्तो र कति छ भन्ने विषयमा जसको चरणारविन्दको दर्शन गर्न पाउँदा इन्द्रादि देवताहरू आफ्नू सौभाग्यको सराहना गर्दछन् तथा जसको तुलना गर्न नसकिने महान् ऐश्वर्य हुनाले 'महेश्वर' भन्दछन् तथा जुन महेश्वरलाई स्वामी पाऊँ भनेर हजुरकी पुत्री पार्वती कठोर तपस्या गरी त्यस तपस्याको उद्यापन समेत सकेर बसिरहेकी छन्। यो सबै कुरा राम्ररी जाने बुझेर हामीहरू यहाँ उपस्थित भएका छौं। यति भनी शैलराज हिमालयलाई पनि साथमा लिएर पार्वतीको तपस्थलीमा सप्तर्षिहरू पुग्दाभए। समिधा र घृतको आहुतिले प्रज्वलित भई दन्केको अग्निको तीक्ष्ण ज्वाला जस्तै तपस्यारूपी तेजले जाज्वल्यमान मुहार भएकी पार्वतीजीको दर्शन प्राप्त गरे। अनि विनयपूर्वक हात जोरेर विन्ती गरे- हे आर्ये, पार्वती ! तिम्रो तपस्या सफल भयो। अब फेरि यस्तो कडा तपस्या गरेर यो सुकुमार अंग वा रूप सुकाउने काम छैन। अब पिताजीको आज्ञा मानेर हिमालयको विशाल राजभवनमा पाल्नुहोस्। हामीले तपाईंका पिताजी र माताजीसित पनि तपाईंका मनको अभिलाषा वर्णन गरिसक्यौं र विश्वम्भर शिवजीलाई पनि विवाहका लागि तयार पारिसक्यौं अथवा उहाँको स्वीकृति प्राप्त गरिसक्यौं। सबै प्रबन्ध ठीक पारेर अनि यहाँ आएका हौं। अब पिताजीका साथ राजभवनमा पाल्नुहुने अवसर उपस्थित भइसकेको छ। भोलिकै शुभ मुहूर्तमा विवाह सम्बन्धी समस्त माङ्गलिक कार्यहरू पूरा पारिसक्नु पर्दछ। 'शुभस्य शीघ्रम्' शुभ काममा ढिलो गर्नु व्यर्थ छ। अब

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हामीहरूलाई आज्ञा दिए जाने थियौं। किनकि श्री विश्वम्भर सदाशिव अहिले गन्धमादन पर्वतमा राजभएको छ। त्यहाँ पुगेर जन्तीको लावा-लश्करका साथै शंकर भगवानलाई हिमालयको भव्य प्रासादमा 'वर' को रूपमा ल्याउनु आवश्यक छ।

सप्तर्षिहरूको यस्ता वचन सुनेर आफ्नू कठोर तपस्या सफल भयो भन्ने सम्झेर मनमनै अत्यन्त प्रसन्न भई आफ्ना पिता हिमालयको साथै राजप्रासादमा जानुभयो। त्यो शुभ मुहूर्त कुन वेला आइपुग्ला भन्ने अत्यास र व्यग्रताले गर्दा त्यो एक रात पार्वतीको निम्ति दस हजार वर्षभन्दा पनि लामो भएको अनुभव भयो। उता हिमालय र मेनकालाई झन् छोरीको विवाह भोलि नै गर्नु पर्ने बाध्यता भएकोले घरमा कामको के कति चटारो पर्न गयो भन्ने कुरा आफ्नी छोरीको विवाह सम्पन्न गरिसकेका माता-पितालाई ज्ञात हुने कुरा हो।

उता गन्धमादन पर्वतमा पुगेर भोलिको दिनमै विवाह गर्ने कुरा निश्चित भयो भनी सप्तर्षिहरूले श्रीमहादेवका समक्ष विन्ति गरे। जुन महादेवका आमा छन् न बाबु छन्। अब विवाहको सारा तयारीको जिम्मा कसले लिइदिने ? पर्न पनि ठूलै फसाद पर्न आयो। अब शिवका प्रमथगण जति सबैमा अत्यास पर्न गयो। अब के गर्ने, कुन नगर्ने सबै अकमक्क परे पनि विवाहको कुराले प्रसन्न र मस्त देखिन्छन्। यो सबै भए पनि राम्रोसित मर्यादापूर्वक सारा कामको प्रबन्ध कसको हातमा सुम्पने ? यसै गर्नुपर्दछ भनेर कोही अघिसरिरहेका छैनन्। त्यस्तो स्थिति देखेर स्वयं महादेवले नै आज्ञा भयो- एक मात्र सुयोग्य विद्वानलाई काम सुम्पिएको छ भने ती एक्लैले सारा काम व्यवस्थित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४

रूपमा सम्पन्न पार्न सक्तछन् भने, यहाँ आज मेरो काममा स्वयं सात जना विज्ञ ऋषिहरू- ज्ञान, बुद्धि, विवेकका अगाध समुद्र झैं उपस्थित हुनुहुन्छ भने कुनै चिन्ता गर्ने काम छैन। सप्तर्षिहरूकै आज्ञा र निर्देशनमा तथा उहाँहरूको अनुशासनमा रहेर सबैले काम गर्नू। कौतुक मण्डपमा, दान-दक्षिणा, खान-पान, वस्त्राभूषणहरूको काममा ऋषिपत्नीहरूको हुकुम चल्नदिनु। हे सप्तर्षिहरू हो ! यो कामको उत्तरदायित्व प्रारम्भदेखि नै तपाईंहरूले बोक्नुभएको हुनाले अब कुनै पनि विघ्न-बाधा नपर्न दिई सारा काम सिद्ध पारेर नै छाड्नू होला। श्रीमहादेवको यस्तो आज्ञा सुनेर अत्यन्त विनयपूर्वक ऋषिहरू र ऋषिपत्नीहरूले विन्ती चढाए- हे प्रभो ! हजुरको प्रताप र हजुरको कृपाले यस काममा हामी सबै उत्तरदायी भएर सारा काम सजिलैसित पूर्ण गराउन सक्नेछौ, शंका वा चिन्ताको कुनै कुरा छैन। अनि गन्धमादन पर्वतमा श्रीमहादेवको विवाहको सम्पूर्ण तयारी सप्तर्षिहरूको नायकत्वमा सम्पन्न हुन थाल्यो।

यता हिमालय पर्वतको राजदर्बारमा उनका इष्ट-मित्र, कुल-कुटुम्ब घेरजसो पर्वतहरूनै तथा नदी-नाला, सागर-सिन्धु आदि थिए तापनि ती सबै अलौकिक दिव्य रूप धारण गरेर रत्नका थुप्रा, खर-खजाना, जो चाहिने समस्त सामग्री लिई एकेक गरेर घुइँचो पार्दै तँ छाड् र म छाड् गर्दै एकत्र भए। देवताहरूका पनि देवता श्रीविश्वम्भर विश्वेश्वर, श्री महेश्वर- जसका धनेश्वर, राजराजेश्वर कुबेर जो शिवका सखा पनि हुन्- अणिमा, महिमा, गरिमा लघिमा प्राप्ति प्राकाम्य, ईशिता एवं वसिता सहितका अष्टसिद्धि र अन्यान्य सिद्धि, लघुसिद्धि सहितका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धिहरू जसको सेवामा सदैव लागिरहेका हुन्छन् तथा जसका चरण युगलमा देवराज महेन्द्रसहित सवै देवताहरूका मुकुटसमेत शिर झुकिरहेका हुन्छन् र सम्पूर्ण ज्ञानी, विद्वान तथा योगी समेतका विचारक चिन्तक महापुरुषहरू जसको आराधनामा सदासर्वदा लागिरहेका हुन्छन्, उनै आज 'वर'का रूपमा हिमालय पर्वतको राजप्रासादमा पदार्पण गर्नुहुने भएकोले महेश्वरको मान-मर्यादा, स्वागत-सम्मानमा अलिकति पनि त्रुटि हुन नपाओस् भनेर अत्यन्त सावधान रहने व्यवस्था मिलाइयो र विवाहको दिन कन्याको सिंगार-पटार गर्न सबेरै स्वर्गका देवीहरू पार्वतीको कक्षमा सुसज्जित भएर आएकाहरूमा कति हाँसिरहेछन्, कति ठट्टा गर्दैछन्, कति स्नान-कक्षमा पार्वतीलाई स्नान गराउने व्यवस्था मिलाउँदै छन्, कति पार्वतीले लगाउने पोशाकहरूको छानबीनमा लागे। कति आभूषणहरूको जोडी मिलाएर ठीक पार्नलागे र पार्वतीलाई कुन सुहाउँछ, कुन सुहाउँदैन, कुन उनलाई मनपर्छ वा मनपर्दैन यसको छलफल गर्नलागे। कति चाहिं टीका-टाला, माहुर, केश, काइँयो, चुल्ठो, जुरो, बुकुवा, कुन्तल, अलका, बिन्दी, लाली आदिको किसिम जाँच्न र छान्न लागे। कति सुन्दरीहरू बास्ना आउने तेल, अत्तर, बाला, चूरा, बाजू, बन्दी, छल्ला, पैरी, कल्ली, औंठी, सिक्री, कण्ठहार, मङ्गलसूत्र, काञ्जी, कटिसूत्र, नूपुर, चूडामणि, मुकुट, कुन्तल, ग्रैवेयक, लम्बन-लम्बिका, उरु-सूत्रिका, शतलतिक हार, कर्णपूर, गच्छ, गुच्छार्थ, गोस्तन, एकावली, नक्षत्रमाला, किंकिणी, तुलाकोटी आदि गहनाले सज्जित पार्ने काममा अनेक सुन्दरीहरू खटिए। कति सखीहरू बुकुवा अष्ट सुगन्धि,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यक्षकर्दम, कुंकुम, केसर, चन्दन, गोरोचन आदिद्वारा लेपन, अनुलेपन, तिलक-चित्रक आदि गराउने तथा केश-प्रसाधन, धूप-शोषण, मार्जन, सुगन्धिकरणहरूमा परिहाय, वर्मकथा र क्षेपन आक्षालन समेत गर्नथाले।

उता समस्त ऋतुहरू आफाफ्ना ऋतु कालका फल-फूल तत्काल उपस्थित गर्नथाले। वायु र वर्षाले हिमालय पर्वतको राजप्रासाद झार-बढार र लीप-पोत गर्नथाले। स्वयं विष्णु-प्रिया लक्ष्मी आएर त्यस राज-भवनको साज-सज्जामा संलग्न भइन्। कान्ति र ऋद्धि तँ भन्दा म के कम-भन्दै भित्र पसे। चिन्तामणि आदि रत्नहरू, कल्पवृक्षहरू, औषधि, दिव्यौषधि, धातु, रस, सिन्धु, नद-नदी, सागर र सिन्धु सबैले हिमालय पर्वतको सम्मान र महिमा वृद्धिमा कुनै प्रकारको न्यूनता आउन नदिई सारा काम गरिदिए। स्थावर-जङ्गम सहितका चराचर सबैले आफाफ्नू वैभव प्रदर्शन गर्दा भए। हिमालय पर्वतको आज्ञाअनुसार- मेरी प्रिय पुत्रीको शुभ विवाहमा जन्तीहरूको माङ्गलिक यात्रा गरी स्वयं श्रीमहादेवले पाउ-कष्ट गर्नुभई कन्यादान ग्रहण गर्नुहुन पाल्नुहुने निवेदन पत्र लेखिएको फल-फूल पान-मसला र मिष्ठान्न सहितका सगुन द्रव्यसहित लिएर मङ्गल वाद्यका साथ ब्राह्मणहरू जाँदाभए।

उता वरपट्टि गन्धमादन पर्वतमा श्रीविश्वेश्वर सामुन्नेको मैदान-प्रांगणमा देवर्षि, महर्षि, राजार्षि, ब्रह्मर्षिहरूको भेट-घाट कुशल-समाचारको आदान-प्रदान चलिरहेको थियो। शंकर भगवान्को निर्देशनअनुसार सप्तर्षिहरूको हेर-विचारमा सम्पूर्ण काम-कार्यवाही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मिलाइएको थियो। सबै जना दिव्यालंकार पहिरी अधिदैविक रूप धारण गरेर निर्मल स्वच्छ बान्कीका भई सेवामा उपस्थित थिए। भगवान् शिवको जटाजूट कसेर टिनिक्कसित चिटिक्क पारेर त्यसमा नेत्र फिराई हेरेर भाव-भक्तिपूर्वक चन्द्राखण्डलाई उज्ज्वल हुने गरेर ब्रह्माजीले स्वयं बाँधिदिनु भयो। शिरमा साना-ठूला अनेक खप्परहरूको माला चामुण्डादेवीले महादेवलाई बाँधेर हाँस्तै भन्नु भयो- हे भगवन्! विवाह सफल होस् र छिटै छोरा पाउनु हवस्! यस्तो पुत्र जन्मियोस् जसले समस्त दैत्य-दानव र असुर वंशको निर्मूल पारेर त्यहाँ बगेको रगतले प्रत्येक गणसहित मलाई पूर्णरूपेण तृप्त पार्न सकून्! विष्णु भगवान्ले स्वयं अमूल्य रत्नहरू जडिनाले सूर्य झैं झलमल्ल प्रकाश दिने मुकुट शिवको शिरमा पहिराएर अनेक मणि र अग्निको ज्वाला झैं झल्कने नागहरूको उत्तम हार, कुण्डल, यज्ञोपवीत (जनै) कन्धनी, केयूर र कङ्कण आदि तयार गराएर पहिराउनु भयो। वायुले धवलागिरी झैं अग्लो र सेतो वज्र झैं तीखो सीङ भएको अजङ्गको साँढे, जसमा महादेवलाई बसालेर जन्त लैजानु छ, त्यस साँढेलाई सिंगारेर शिवका तीन नेत्र सूर्य-चन्द्र र अग्निहरूले उज्ज्वल पारिदिए। श्वेत चाँदीको राम्रो बट्टामा राखिको स्वच्छ भस्म (विभूति) लिएर स्वयं आफैंले विशाल ललाटमा लगाउनु भयो। नर-कङ्कालको माला पनि स्वयं पहिरनु भयो। शिवको त्यस नगरको तोरण द्वारमा आफ्ना समस्त दल-बल समेत यमराज द्वारपालको रूपमा उपस्थित हुनुभयो। धनपति कुबेरले ल्याएका अनेक किसिमका रत्नहरूको बाहुबाला बाहेक दुवै बाहुलीमा शेषनाग र नागपत्नीको बाला पहिरेर दुवै कानमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वासुकी र तक्षक नागको कुण्डल पहिरनु भयो। वरूणदेवले ल्याएका कमल पुष्पका मालासहित अनेक पुष्पका गुच्छाहरू पनि सबैले मिलेर वररूप शिवलाई पहिराए। प्रमथगण सहित अनेक गणहरूका प्रमुख (प्रधान) हरू पनि सबै एकत्र भएर वीरकसित निवेदन गरे- अब भगवान् शंकरको श्रृंगार र पोशाक आदिको काम समाप्त भयो होला। मुहार नजर गराउन सात समुद्रहरू दर्पण (ऐना) को रूप धारण गरेर आइपुगेका छन्, यो खबर शिवजीलाई सुनाउनु पर्‍यो। अनि वीरकले सबै दर्पणरूपी समुद्रहरूलाई भित्र डाकेर लगे। अनि विश्वेश्वरले आफ्नू मुहार नजर भयो। ठीक त्यसै मौकामा विष्णु भगवान्ले भूमिमा घुँडा टेकी दुवै हात जोरेर आदरपूर्वक शिवजीसंग विन्ती गर्नुभयो- हे शंकर भगवन् ! हजुर यो कल्याणकारी अद्भुत रूपमा अत्यन्त शोभायमान हुनुभएको छ। अब समय अनुकूल छ भन्ने जानेर मातृकागणहरू द्वारा रतिलाई त्यहीं नै ल्याउने विष्णुले संकेत दिनुभयो र रति उपस्थित भइन्, अनि सबै मातृकाहरूले विन्ती चढाए- हे भगवन् ! यिनका स्वामी कामदेव भस्म भइसकेका हुनाले हजुरको यो कौतुक स्वरूपको दर्शन गर्न आएकी छन्। जो हुकुम्। विश्वम्भर शिवको यो मङ्गल यात्राको मौकामा रतिको कुरा के सुन्ने वा बुझ्ने ? केवल बायाँ बाहुलीले संकेत गरेर अन्तै हटाउने आज्ञा गर्नुभयो। अब जन्तीको प्रस्थान गर्ने वेला भयो। सप्तर्षिहरूले जन्ती हिंडाउने कार्यक्रम मिलाएर महादेवलाई सो कुरा सुनाए।

उता हिमालय पर्वतमा कन्यातर्फ त्रैलोक्याधिपति शिव जस्ता 'वर' भएपछि उनका जन्ती पनि उहाँजस्तै अत्यन्त उत्तम श्रेणीका हुनन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्ने कुरा विचार गरेर त्यसै अनुसार स्वागत सत्कारको प्रबन्ध, सम्मानको व्यवस्था, निवासको प्रबन्ध, स्नान-शौचादिको व्यवस्था, शय्या-आसनहरूको इन्तजा़म, खान-पानको प्रबन्ध, सेवा चाकरी गर्ने व्यवस्था र मनोविनोदका लागि नाच-गानको प्रबन्ध, अनेक रमणीय दृश्यहरू हेर्ने प्रबन्ध, यस्ता समस्त आवश्यक व्यवस्था मिलाएर तयार पारियो। खाद्य-सामग्रीमा- दाल, चामल, पीठो, नून-मसला, फल-फूल, मेवा, साग-पात, मिष्ठान्न, शक्कर-चीनी र मिश्री आदिको पर्वत जस्तै थुप्रो लगाइए। दूध-दही, घिउ, महका साना ठूला अनेक तलाऊ नै तयार गराए। लुगा-फाटो, सुन-चाँदी, भाँडा-बर्तन, हीरा-पन्ना, मूँगा-मोती मरकत-माणिक आदि रत्नहरूका ठूला-ठूला थुप्रा लगाए। विवाह-वेदी, कौतुकागार आदिमा हरीया बाँसका अग्ला-अग्ला लिङ्गा, केराका थाम, पञ्चपल्लव, फूल-माला, फूलका गुच्छा, लावा, धान,जौ आदिले कलश सिंगार्ने काम पनि पूरा गरियो। रत्नहरूका र तेजिलो जडी-बूटीहरूका अनेक प्रकारका बत्ती आदिका पंक्ति लागे, अर्थात् पूरा प्रबन्ध मिलाइयो- कुनै वस्तुको न्यूनता वा कमी थिएन।

उता गन्धमादन पर्वतमा व्यवस्थापक हुनुभएका सप्तर्षिहरूले विवाह सम्पन्न गर्ने शुभ लग्न धर्मशास्त्र र ज्योतिषशास्त्र सहितका प्रत्येक आधारमा हेरी धुलौटोमा कोरी उत्तम मुहूर्त निकालेर लग्न-पत्रिका तयार पारे। त्यसै अनुसार विवाह गर्ने शुभ मुहूर्त तिथि यस प्रकार अंकित गरिएको थियो- मार्गशुदी पन्ध्र, सोमवार, लग्नका स्वामी आफ्नू स्थानमा रहेर बुध एवं चन्द्रमा पूर्णरूपमा भएको, अनि शुद्ध नक्षत्र परेको, कुनै पनि पापग्रहको दृष्टि नपरेको र शुभग्रहको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णदृष्टि रहेको तथा अचल सौभाग्यदाता, सर्व-सुखकारी, उत्तम सन्तान उत्पादनकारी, दाम्पत्य-प्रेम अविच्छिन्न प्रदान गर्ने, भाग्यवश मिल्न आएको यो उत्तम लग्नमा महामाया पार्वतीजीको भगवान् शिवद्वारा पाणिग्रहण गर्नुभए अत्युत्तम देखिन्छ भन्ने कुरा स्पष्ट उल्लेख गरिएको साइत-पत्र (साइपाटो) माङ्गलिक यात्रा गर्दै सुविज्ञ ब्राह्मणहरू र ज्योतिषीगण समेत साथमा गई गिरिराज हिमालयको भव्य प्रासादमा पुऱ्याइयो।(शिवजीको विवाह वैशाख शुक्ल अक्षय तृतीयाको दिन भएको थियो भन्ने प्रमाण पनि पाइन्छ, तर ठेकुवा भन्न सकिन्न।) पुण्याहवाचन गरेर दही, अक्षता, दुभोको माला, हलेदो, सरस्यूँ र फल-फूलसमेत दर्शन गराएर माला दिई पार्वतीजीलाई कौतुकागारमा त्यो शुभ विवाहको लग्न-पत्र पढेर सुनाइयो। यस खुसीको अवसरमा ब्राह्मणहरू र ज्योतिषीगणलाई उत्तम सुवर्ण, वस्त्र-रत्नहरू समर्पण गरियो। यो कार्य सम्पन्न गरेर ज्योतिषीहरू र ब्राह्मणवर्ग शिवको निवासस्थान गन्धमादन पर्वततर्फ फर्किए। उहाँ पुगेर श्री शिवजीलाई हिमालयको भव्य राजभवनको साज-सज्जा र सौन्दर्य आदिको वर्णन गरेर सुनाए।

त्यसपछि सप्तर्षिहरूले वीरकजीलाई विस्तारपूर्वक बुझाउनु भयो- हे वीरकजी ! विवाहादि मङ्गल यात्रामा जन्ती हिंडाउँदा ऐना समेतका मङ्गलसूचक वस्तुहरू र विद्वान, ब्राह्मणहरूलाई सबैभन्दा पहिलो पंक्तिमा हिंडाउनु पर्दछ। माङ्गलिक वस्तुहरू शास्त्रमा आठ थरिका कहिएका छन्- ऐना, कलश, कन्या, फल-फूल, दूबो, धानको लावाले भरिएको थाल, रातो अक्षता, दही राखिएको थाल अनि झाड-पानस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदि अनेक बत्तीहरूका पंक्ति, ध्वजा-पताका लिने व्यक्तिहरू, अबीर, गुलालले सुसज्जित छाप्री-थालीहरू बोकेका व्यक्ति पंक्तिबद्ध भएर यात्रा गर्नुपर्दछ।

सप्तर्षिहरूको कुरा सुनेर वीरकले अनेक शास्त्रीय विधान र कुलका बूढा-पाकाहरूको तथा परम्पराको चलनअनुसार जन्ती चलाउने नियम वा कार्यक्रम उच्च स्वरमा सुनाए। त्यसमा सबैभन्दा अघि-अघि पञ्चैबाजा, नौबत बाजा, डमरू, डिंडिम, मह्रु, भेरी, श्रृङ्गभेरी, नरसिंघा, तुरही, कर्नाल, झ्याली-झ्याम्टा, गोमुख, पणव, आनक र हुडुक समेत अनेक प्रकारका बाजाहरू बजाउने नगर्चीहरू, तिनका पछि-पछि काकभुशुण्डी झैं विविध वाद्य लिएका भुशुण्डीहरू; अनि छागमुख, अश्वमुख, गजमुख र सिंहमुख, यस्ता अनेक किन्नरगण हिंडे; तिनका पछि स्वर्गका दिव्य बाजाहरू लिएका गन्धर्वगण हिंडे; तिनका पछि-पछि शंकर भगवान्का भक्तगणका आफाप्ना भिन्न-भिन्न बाजा बजाउनेहरू हिंडे; तिनको लाम सकिनासाथ पंखा, चामर, ऐना, आसा-गुर्जा र हवलाका मालहरू बोक्ने हिंडे, तिनका पछाडि कलश, ठूलो झल्लरी छाता बोक्ने अनि कल्स्यौली-मड्यौली तथा मङ्गल गीत गाउने अनेक सुन्दरी महिलावर्ग हिंडे, त्यसपछि दही-ठेकी समेत भार बोक्ने, तिनका पछि स्वस्तिवाचन मन्त्र पढ्दै वैदिक ब्राह्मणहरू हिंडे, दूबोका माला, उत्तम पुष्पका माला, गुच्छा तथा अनेक प्रकारका फलहरू सजाएर राखिएका ठूला थाल र साना थलिया बोकेका दिव्यरूपका नागरिकहरू अनि रातो अक्षता र दहीको थालहरू बोकेका अनेक सभ्य पुरुषहरू अनि नारीहरू, तिनीहरूका पछि-पछि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३४ अनेक थरिका कृत्रिम क्रीडनक अर्थात् चित्त प्रसन्न पार्ने खालका रमाइला-रमाइला पुतली-खेलौनाका हाँसो उठ्ने रूप—यी सबै बोक्ने मानिस हिंडे; तिनका पछि अनेक थरिका नाचका ज्ञाता- ताण्डव, लास्यहल्लीक, रास आदि स्वर्ग-मर्त्य-पातालका प्रचलित नाच जान्नेहरू हिंडे, तिनका पछि-पछि भगवान् शिवका गणहरूका विशेष वाद्ययन्त्र र नाचहरू हिंडे, तिनका पछि-पछि हाहा-हूहू आदि गन्धर्वगण तथा उर्वशी, मेनका, रम्भा, तिलोत्तमा आदि अप्सराहरूका मनमोहक नाच, गाना-बजानाको लाम लाग्यो, तिनका पछि-पछि रत्नहरूका झाड-पानस तथा अनेक दिव्य औषधिहरूका बत्ती बोकेका व्यक्तिहरू लाम लागे, बिजुलीका अनेक थरिका आतसबाजीहरूको रम-झम रमिता हेर्ने लायक देखिन्थ्यो। तिनका पछाडि सम्पूर्ण दिक्पाल सहितका देवताहरूका सशस्त्र सैनिकहरू र ती सेनाका सैनिक सामग्रीहरू बोक्ने घोडा, खच्चर ऊँट, टट्टूहरूको ताँती लाग्यो, तिनका पछाडि दुलहीका गहना, वस्त्र र सिंगार-पटारका मंजूषा (बाकस), करण्ड, पिटक (पेटी-पेटारा,बट्टा, सन्दूक) आदि बोक्ने गणहरूको लाम लाग्यो, अनि पोशाक र गहना आदि पहिराइदिने अनेक विज्ञ व्यक्तिहरू र महिलाहरूको पंक्ति अघि बढ्यो। तिनका पछि-पछि शिवजीका प्रमुख गणहरू र मुख्य-मुख्य बाजा बजाउन सियालु व्यक्तिहरूको लाम लाग्यो। तिनका पछाडि नाना प्रकारले सिंगारिएका श्यामकर्ण आदि घोडाहरू तथा शताङ्क रथ, पुष्परथ, विजयरथ, शिविका (पाल्की) डोली र म्यानाहरूको लाम लाग्यो। त्यसपछि अनेक विशिष्ट अतिथि र अनेक पूर्ण विश्वासपात्र सेवकहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं पार्श्वरक्षक, अङ्गरक्षकहरू हिंडे। तिनका पछाडि लाबा, अबीर, चन्दन, अक्षता, मन्दारपुष्प, बुकी फूल, सुनबुकी (अभ्रक) हरूका अनेक किसिमका सुसज्जित किस्तीहरू बोकेर बाटोमा छर्दै अघि-अघि हिंड्ने दिव्य नर-नारीहरूको पंक्ति हिंड्यो। तिनका पछाडि ब्रह्मा, विष्णु, इन्द्र, वरुण, कुबेर आदि देवताहरू तथा घोडा चढेका नवयुवकहरू र सैनिकहरू लाम लागे। त्यसपछि हाँसो-ठट्ठा गर्ने मनमोजीगण र तिनीहरूको नाच-गान गर्ने व्यक्तिहरू हिंडे। तिनका पछि आवश्यक खान-पानका सामग्री बोक्ने र लिपिकार, लेखाकार एवं अन्यान्य कर्मचारीहरू आफ्ना-आफ्ना विशेष सहयोगी वर्ग र चाहिने जति समस्त उपकरणहरूले युक्त भएका धन्वन्तरी, अश्विनी-कुमार आदि चिकित्सकहरूको लाम हिंड्यो। तिनका पछाडि शुल्वशास्त्रका ज्ञाता वा विशेषज्ञहरू- जसद्वारा यात्रामा आइपरेका बाटो-घाटो, साँधु-पुल आदिमा तर्ने समस्याहरूको समाधान हुनसक्तथ्यो तिनीहरूको पंक्ति हिंड्न लाग्यो। त्यस्तै पान बेच्ने तमोली, कपाल खौरने नाऊ, लुगा धुने धोबी, सुनार लोहार, डकर्मी, सिकर्मी आदि विभिन्न वर्गका व्यक्तिहरू पनि लाम लागेर हिंड्न लागे। यस किसिमले अन्य आवश्यक पर्ने समस्त सामग्री सहित पूर्व कार्यक्रमानुसार जन्ती हिंडाउने काम प्रारम्भ गरियो र वाद्यको मङ्गल ध्वनिका साथ विश्वम्भर महादेवको वररूपमा प्रस्थान गर्ने वेलाको माङ्गलिक सम्मान र अभिवादन गरियो अनि स्वयं शिवजीले त्रिपुरारि शिवबाट त्यस अभिवादनको उत्तर प्रत्यभिवादन पनि बक्सियो।

मुकुटमा चन्द्रमा र गलामा सर्पको गहना लगाउने शिवले 'वर' रूपमा सुसज्जित भई हिमालय समान अग्लो साँढेलाई बिस्तारै हिंड्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संकेत दिनुभयो। वज्रले हानेर पर्वहरूलाई थर-थर पारे झैं गर्दै बाक्लो घुइँचो-भीडलाई बाङ्गा आँखाले हेर्दै बाटो सोझ्याएको साँढे समेतको भीडबाट अगाडि जाँदै विष्णु भगवानले स्थान-स्थानमा धूलो सफा पार्दै स्याहाँल मनि पुग्दै कतै नअडिइकन बिस्तार-बिस्तार हिंड्नुहोस्, व्यर्थको ठेला-ठेल नगर्नुहोस्- भन्दै जन्तीहरूलाई नियन्त्रणमा राख्दै अगाडि हिंडाउनु भयो। त्यही बीचमा भगवान आशुतोष शिवको आज्ञा शिरोपर गरी वीरक चर्को स्वरमा भन्नलागे- हे विमानचारी देवगण हो ! तपाईंहरू बढी वेगले अघि-अघि नपाल्नुहोस्। यही पर्वतको नगीचमा रहनुहोस्। सबै समुद्रहरू दानवहरूको संग्रामले गर्दा हिलै-हिलो हुनुभएको छ। अब स्फटिक जस्तो स्वच्छ भएर पहिले झैं जम्नुहोस्। गणनायकहरू बढी चटपटाएर नहिंड्नुहोस्। देव-प्रमुखहरूको पनि खुट्टाको गति (चाल) मिलाएर हिड्नुहवस्। ए श्रृंगी-भृङ्गी-रिटीश्वर हो ! केवल आफूतिर मात्र नहेरेर महादेवको गाथतर्फ पनि दृष्टि फिराउँदै गर्नुहवस्। हे महाराज यम ! तपाईं आफ्ना गणहरूको संचालन राम्ररी गर्नुहोस् र शस्त्रास्त्र पनि उचित रीतिले भिर्नुहवस्। वररूप शिवका साथमा हिंडिरहेको मातृकाहरू घुइँचोमा परेर ठेलिनुहोला, सावधान ! नवयुवक हो ! रथ-अश्वहरू धेरै बढी नहिंडाउनु हवस्। आफाफ्ना सेवक-अनुचर समेतका सम्पूर्ण देवताहरू वाहन छाडी शिवका साथ पैदल नै महादेवको प्रीतिका लागि हिंड्नु भएको छ, यो उत्तम कुरा हो। आफ्ना-आफ्ना वाहनमा चढ्नू भएका सम्पूर्ण देवताहरू पनि ध्वजा-चमर फर-फर पार्दै पंक्ति मिलाएर एकनासे चालमा हिंड्नू भए उत्तम हुनेछ। गन्धर्व, किन्नर, यक्ष, नाग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैले आफाफ्नू तोकिएको लय मिलाएर राग-रागिनी किन नघन्काउनु भएको ? जन्तीका गहनाहरूको र वस्त्रहरूको एवं घोडा-हात्ती सहितका घण्टा-घुँघुरा आदिको तुमुल ध्वनिलाई उत्तम संगीतका गान-बजानले किन थिच्न वा न्यूराउन नसकेको होला ? निषाद, ऋषभ, गान्धार, षड्ज, मध्यम, धैवत र पञ्चम सहितका सात स्वरका आरोह-अवरोह, गमक, मूर्च्छना, स्वभाव र द्रुत, विलम्बित, मध्यलयहरूको ताल समेत मिलाएर नाचको रम-झम किन राम्ररी भइरहेको छैन ? नारद, तुम्बुरु आदि ऋषिहरूका वीणा र एकताराहरूको झङ्कार किन जम्किरहेको छैन ? वीरकको यस्तो निर्देश सुनेर सबै चंख भई धमाधम आफाफ्ना बल-बुद्धि र शक्तिले गाउने-बजाउने नाच्ने तथा जन्तीलाई उचित काइदाले अगाडि बढाउने आदि काममा तत्काल लागिपरे अर्थात् चनाखा हुनगए। यताउति हेर्न छाडेर निर्दिष्ट नियमहरूको पालन गर्दै आफआफ्नू काममा संलग्न भए। अनि सारा जन्ती आनन्दमा मग्न छन् र हर्षमा विभोर छन्। चराचर समेतको सम्पूर्ण जगतलाई आनन्दित र चित्र-लिखित झैं पार्दै, दिशा-दिशाका समुद्रमा समेत ज्वार-भाटाका उत्ताल, तरंगहरू छचल्काउँदै; आकाशमा मेघहरू गम्भीर ध्वनि धन्काउँदै; डाँडा-काँडा चुली-चुचुरा, थुम्का-थाम्का सब थिच्दै-मिच्दै, कुल्चदै अगाडि बढिरहेको श्री महादेवको जन्तीको धारो-लम्बाई गन्धमादन पर्वतदेखि हिमालयसम्मको एक-एक पर्वतीय प्रदेश ढाकेर व्याप्त भएको छ, घुइँचो, ठेल-मठेल छ। कतै कुनै पनि स्थान रित्तो देखिइन्न।

उता पर्वतराज हिमालयको त्यो विशाल प्रासाद र बाहिरतिर कतै तोरण द्वारहरू सुसज्जित छन्, कहीं राम्रा-राम्रा मरकत मणिका हरिया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

घरहरूमा ठूलो चोक र पटांगिनी भएको; कतै स्वच्छ वैदूर्य मणि छापिएको भूमि छर्लङ्ग देखिने भएको; कतै स्वयं मेघ नै हिमालयको वरिपरि पहाडमा न्यूरिएर झरे जस्तै रमणीय जलका छहराहरू छङ-छङ गर्दै बगिरहेका; अनि हजारौं ध्वजा-पताकाहरू फरफराएर त्यहाँको सौन्दर्यलाई दोब्बर बढाइरहेका; स्वर्गीय पारिजात आदि पुष्पका गुच्छाहरू झरेर सुन्दर भएको स्वच्छ चौतारा देखिने; सेता-राता, काला-पहेंला अनेक थरिका धातुहरूका विभिन्न रंगले रमणीय देखिने; शोभाले परिपूर्ण स्वच्छ र फराकिला मार्गहरू र गोपुरहरू भएको; अनि अनुपम स्वरमा गर्जिएका मेघहरूका गर्जनको प्रतिध्वनि चारैतिर घन्किइरहेको, फेरि बास्ना आउने फूल फुलेको बगैचाको सुगन्धले स्वर्गको नन्दन-काननलाई पनि परै बस भन्ला झैं देखिने पर्वतराज हिमालयको महानगरीमा सम्पूर्ण देवताहरूले स्तुति-प्रार्थना गरिएका भगवान शंकर जन्ती लिएर उपस्थित हुनुभयो। त्यो जन्तीको घुइँचो– भीडले ठेला-ठेल भएको त्यो हिमालयको विशाल प्रासाद स्वयं आकुल थियो, त्यसैमा झन् जन्तीको दर्शन गर्ने नर-नारीहरूको भीडले गर्दा झन् बर्ता घुइँचो बढ्दै गएको हुनाले सर्वैतिर आकुल-व्याकुल भए झैं देखिन गयो।

विश्वम्भर शिवको जन्ती कस्तो होला र स्वयं महादेव कस्ता देखिइरहेका छन्-भनेर हेर्ने उत्कण्ठा वा उत्सुकताले हडबडाएका नर-नारीहरूको विशेष हुलहालले भरिएको, बाटोमा दगुर्ने प्रजागणको घुइँचोले गर्दा हिंड्न पनि नसकिने स्थिति भएको; त्यसैमाथि हस्ती-घोडा र रथहरूको आफ्नू ठेगानमा पुग्ने हडबडीको यातायातले झन्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपठेरो भएको, अनि ठूला-ठूला महल र भवनहरूको अट्टालिका र आँखीझ्यालहरूमा भरिभराउ भएका देव-लोकमा सुन्दरीहरूका नील-कमलजस्ता नयनका श्रेणीहरूले परिपूर्ण भएको त्यो हिमालयको नगरमा जति घुइँचो बढ्तै गएको थियो, त्यति नै विचित्रताले पनि पूर्ण भएको स्पष्ट देखिन्थ्यो। जस्तै- कुनै सुन्दरीले अलि छेउमा उभिएर जन्तीको दर्शन गर्ने इच्छा गरेर पनि आफ्ना अङ्गका स्वच्छ र उज्ज्वल वस्त्र-आभूषणहरूका प्रकाशले झन् स्पष्टसित सबैका सामुन्ने हुन्थी अथवा सबैको सामुन्ने देखिइन्थी। तिनमा कुनै सुन्दरी अपूर्ण श्रृङ्गार गरी आफ्ना मित्रहरूसमेत छाडेर दगुर्दै आई श्रीमहादेवको दर्शन पाएर आफूलाई कृतकृत्य सम्झी दङ्ग पर्दथी। अर्की कुनै सुन्दरी आफ्नी घनिष्ठ संगिनीसित बिस्तारै कानमा मुख जोरेर भन्दछे- तिमी डराएर आफ्नू मान-भंग गर्ने काम छैन, मानिनी बनेर दह्री भएर बस। यी दुलहा बनेका विश्वम्भर शिवले कामदेवलाई खरानी तुल्याएर पनि आफैं फेरि मनमा भोगको कामना राखेर विहार गर्ने अभिलाषा लिएर विवाह गर्न आएका छन्; देख्यौ, जन्ती हेर्ने हडबडीले दगुर्दा लडेकी अर्की सुन्दरी भन्दछे— अर्कीको स्वामी आएको देखेर आफ्नू विरह-व्यथा चर्किएर लडेकी ! चंचल चित्त भएकी सुन्दरी ! कामदेवमा विजय गरेर पनि फेरि कामकै लोभले हार खाएर विवाह गर्न आएका महादेवसित आफ्ना कुरामा हार मानेर को लड्यो ? भन्न जान्छ्यौ कि ? अर्की कुनै देवाङ्गमा आफू पर्दा बाहिर परेर स्पष्ट देख्न नपाए पनि कुनै युक्तिले यिनै महादेव हुन् भन्ने कुरा थाहा पाई। अर्कीले भनी-यिनीहरू इन्द्रादि देवता हुन्, जो आफ्नू चाकरी वा सेवाको फल छिटै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त होस् भनी श्रीशिवजीलाई बारम्बार प्रणाम गरेर न्यूरेका देखिंदै छन्। अर्की देवाङ्गना भन्दछे, यी महादेवनै हुन् त ? होइनन् क्यारे ! ती सामुन्नेका पसीनाले नुहाए जस्ता नै श्रीमहादेव हुन्। अर्की भन्दछे– हेर, यी देवताहरूका राजा इन्द्र घुइँचोले रोकिएको बाटो सफा पार्न यता-उता दगुरिरहेका छन्। अर्की कुनै सुर-सुन्दरी आफ्नू हातमा लिएको उत्तम श्रृङ्गारको राम्रो बट्टाको बिर्कोलाई फनफनी चक्रजस्तै घुमाउँदै आफ्नी सखीका कानमा मुख जोर्दै भन्दछे– यी अग्लो जुरो भएका र मृगचर्म भिरेका सृष्टिकर्ता ब्रह्माजी नै हुन् कि ! यस प्रकार देवलोकका सुन्दरीहरूको समूहमा राग अनुराग सहितका अनेक थरिका आफाफ्ना मनका भावहरू व्यक्त भइरहेका थिए। भगवान् शिवलाई पति रूपमा प्राप्त गर्नु हिमालय-कन्या पार्वतीका जन्मको र उनका प्रति अटल विश्वासको सफलता हो भन्ने कुरामा त्यहाँ उपस्थित समस्त सुरललनाहरूको एक मत थियो भन्न सकिन्छ।

इति श्री स्कन्दपुराणे केदारखण्डे कुमारागस्त्यसंवादे माघमाहात्म्ये श्री स्वस्थानी परमेस्वर्या व्रतकथायां शिव-विवाह वर्णनं नाम द्वादशोऽध्यायः ।। १२ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ त्रयोदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यति भइसकेपछि नीलमणिको खाँबा भएको, निर्मल र उज्ज्वल सुवर्णका पाताहरूले ढाकेको वा छापेको भूमि भएको, चारैतिर मोतीका झालरहरू झ्याल ढोका, छाना र स-साना आँखीझ्यालहरूमा समेत टाँगिएका, उज्यालो देखिने काठ (दियालो) र जडी-बूटी तथा रत्नहरूका दीपावलीले झलमल्ल पारिएको, अनि हजारौं बाग-बगैंचा र सुवर्णका सोपान (सींढी) भएका तलाऊ र सरोवरहरूबाट सदा सज्जित रहेको, देवताहरूका एक मात्र दिव्य शिल्पी विश्वकर्माले अथक परिश्रम गरेर तयार पारिएको गिरिराज श्रीहिमालयको त्यस्तो विचित्र र अद्‌भुत देखिने त्यो राजप्रासाद देख्दा महाराज इन्द्रसहित सबै देवताहरू आफाफ्ना नयनहरू आज सफल भए भन्ने मनमनै ठान्न विवश भए। बर्ता घुइँचो भएर भीडभाडमा तँछाड, म छाड हुँदा कतिका पाखुराका बाजू-बन्द भूमिमा झरेर त्यसमा जडेका रत्नहरू छरिएका ती देवताहरू बलपूर्वक भित्र जानका लागि प्रयत्न गरेका देखेर विष्णु भगवान् स्वयं मुख्य द्वारमा पुगेर रोकिदिनु भयो र कुनै-कुनै प्रधान देवतामात्र भित्र जान समर्थ भए। जन्ती पर्सिने काम र 'वररूप' श्रीमहादेवको वरणी समेत कामको आरम्भमा चतुर्मुख भगवान् ब्रह्माजीलाई विवाहको कार्य सम्पन्न गराउन आचार्यको रूपमा वरण गरी स्वागत-सत्कार गर्नुभयो। अनि ब्रह्माजी द्वारा नै सम्पूर्ण विवाहको विधिविधान मन्त्रोच्चारण पूर्वक सम्पन्न गराइयो। छोरीको कन्यादान

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३३ गर्ने पर्वतराज हिमालय र कन्यादान थाप्ने त्रैलोक्यका अधिपति सम्माननीय श्रीमहादेव वा पशुपतिनाथ, फेरि कन्या चाहिं संसारके माता-स्वरूपिणी आर्या श्रीपार्वतीदेवी, अग्नि र देवता, ब्राह्मण, चराचर सबै साक्षी राखेर भगवान् त्रिपुरारि शंकरद्वारा कन्याको पाणिग्रहण, त्यसमा पनि पहिले कहिएका पुराण र शास्त्रीय विधान-हरूको उचित परिपालन, यो अत्यन्त पुण्यतम उत्तम मौकामा के कति र कुन शुभ लक्षण वा शकुन हुन शेष रहे होलान्, वर्णन गर्न कठिन छ। सबैभन्दा भूमिदेवी अत्यन्त प्रसन्न भएर भित्री-बाहिरी सबै प्रकारका भाव-भंगिमा मनोरम रहेर सरस शालि शस्य आदि अन्नहरू विशेष र नवीन किसिमले उत्पादन गरी सम्पूर्ण संसारलाई परिपूर्ण पार्न लागिन्। सम्पूर्ण ठाँट पारेर सुन्दर बनेका वरुण सम्पूर्ण जगतलाई प्रसन्न तुल्याउँदै समुद्रमा हुने थरि-थरिका रत्नहरू र पुण्य-पवित्र अनेक लक्षणयुक्त अरिष्ट निवारण गर्ने र मङ्गल दिने धेरै रत्नहरू जडिएका आभूषणहरू उपहार दिन भनेर उपस्थित भएका थिए। धनपति कुबेर जो शिवका अनन्य सखा पनि मानिन्छन्, आफ्ना भण्डारमा रहेका उत्तम रत्नहरूमध्ये सर्वोत्तम रत्नहरू र सुवर्णका अनेक थरिका आभूषणहरू लिएर तत्परताका साथ रुजू रहेका थिए। अनि वायु देवता कोमल सुगन्धित वायु प्रवाहित गरिरहेका थिए। देवराज इन्द्र स्वयं आफू नै छाता बोक्ने छातेको रूपमा श्वेत-रंगको पूर्ण चन्द्रमाको वाटुलो मण्डल जस्तो सुवर्णको डाँठ र रत्नादिले विभूषित भएको छाता ओढाएर निकै ठाटले प्रसन्न मुद्रामा उभिइरहेका थिए। गन्धर्वहरूको मन मुग्ध पार्ने गान र अप्सराहरूको सुर-तालयुक्त नाच, किन्नरगणका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीखो र लामो स्वर तथा वाद्य-वादन आदिले सम्पूर्ण हिमालय प्रदेश नै रमाइलो भएको थियो। त्यसैमा प्रसन्न भएका सबै ऋतुहरू आफाफ्ना समस्त सम्पदाहरू साथमा लिएर दिव्यस्वरूप धारण गरी जन्तीको शोभा बढाउन आइरहेका छन् भने- शिव-शक्तिको शुभ विवाहको उत्सवको अनेक प्राकृतिक सुन्दरताले गर्दा कसको चित्त प्रसन्न भएको थिएन ? अर्थात् सारा संसारनै प्रफुल्लित भएको थियो। तीनै लोक आनन्द-विभोर भइरहेको थियो। पशुपतिनाथका गणहरूको झन् के वर्णन गर्ने ? सबै प्रसन्न भएर जे इच्छा लाग्यो खाइरहेका छन्, हाँसी-हाँसी गाना गाइरहेका छन्, नाच्ने नाच्दैछन् र वाद्य-यन्त्र बजाउन जान्ने बजाइरहेका छन्, कोही यता आइरहेका छन् भने कोही उता गइरहेका छन्। ठूलो ताण्डव नृत्य चले झैं भइरहेको थियो। समस्त हिमालय पर्वत नै नाचिरहेको जस्तो भान पर्दथ्यो। उता विश्वम्भर शिवजी सावधानीपूर्वक जागरूक रही आफ्नू वैवाहिक कार्यहरू विधि-विधानले ब्रह्माजीको आज्ञानुसार सम्पन्न पारी पर्वतराज हिमालयको सम्मानपूर्वक अर्पण गरिएको स्वागत-सत्कार खान-पान स्वीकार गरी अनेक देवताहरूका विनोद वार्ता, ठट्टाको आनन्द लिंदै- गन्धर्व, किन्नर, तुम्बुरू र अप्सराहरूको नाच-गान तथा सम्पूर्ण देवता, ऋषि-मुनि, तपस्वीहरूको स्तुति-प्रार्थना सुन्दै त्यो रात हिमालयकै राजप्रासादमा सुखपूर्वक बिताउनु भयो।

त्यसपछि गिरिराज हिमालयका छिमेकी नारीहरू र अनेक देवाङ्गनाहरू शिव-शक्ति, जो नयाँ बर-वधूको रूपमा त्यहाँ उपस्थित हुनुहुन्थ्यो, ती दुवै शिव र शक्तिको दर्शन गर्न आइपुगे। अनि हिमालय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र मेनका, महादेव र पार्वतीजी सबैको सल्लाहले पार्वती र महादेव विराजमान भएको भव्य खोपीमा जाँदा भए। त्यहाँ तीनै लोकलाई मोहित पार्ने उत्तम रूपमा विराजमान हुनु भएका विश्वनाथको र संसारकै सुख-सौभाग्यकी स्वामिनी पार्वतीजीको दर्शन गरे। त्यहाँ उपस्थित अन्य सोह्रवटी संसारमा प्रसिद्ध सती-शिरोमणि देवीहरूको पनि दर्शन प्राप्त गरे। तिनमा- लक्ष्मी, सरस्वती, गङ्गा, सावित्री, अदिति, रति, इन्द्राणी, अरुन्धती, लोपामुद्रा, तुलसी, अहिल्या, स्वाहा, वसुन्धरा, रोहिणी, शतरूपा र संज्ञा—यति मुख्य हुनुहुन्थ्यो। अन्यान्यमा देवकन्या, मुनिकन्या, नागकन्या आदि पनि उपस्थित हुनुहुन्थ्यो, जसको वर्णन र गणना गरेर साध्य थिएन। उहाँहरूले महादेवलाई उत्तम रत्नहरूले सजाइएको सिंहासन टक्राउनु भयो र सबैको अनुरोध स्वीकार गरेर कैलासपति भगवान् शिव त्यस सिंहासनमा विराजमान हुनुभयो। अनि शिवजीसित पहिले सरस्वतीले भन्नुभयो- हे शिवजी ! हजुरले आफ्नी प्राणभन्दा पनि प्रिय पार्वतीको रूपमा अवतार धारण गर्नुभएकी सतीदेवीलाई प्राप्त गर्नुभयो। अब चन्द्रमाभन्दा पनि राम्री प्रियतमाको अनुहार हेर्नुहवस् र मनको विरहरूपी सन्तापलाई फालिदिनुहोस्। हे कालका पनि महाकाल ! अब प्रियतमाको अंकमाल गरी संसारलाई सुख-शान्ति दिंदै काल बिताउनु हवस्। अब हजुरको यस्तो कठोर वियोग कहिल्यै हुने छैन, म यो आशिर्वाद दिन्छु। त्यसपछि लक्ष्मीजीले भन्नुभयो- हे पशुपति ! हे महादेव ! अब लज्जा त्यागी प्रियतमालाई छातीमा टाँसेर आनन्दले बस्नुहोस् ! जुन सतीदेवीको सम्झनाले हजुरको प्राण नै जाला झैं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको थियो, तिनै पार्वतीको रूपमा प्राप्त भइन्, अतः अब केको लाज छ ! सावित्रीले भन्नुभयो- हे विश्वनाथ ! अब पहिले पार्वतीलाई ज्यूनार गराउनुहवस् अनि आफू ज्यूनार गर्नुहोला। त्यसपछि मुखारी गराई प्रेमपूर्वक सुगन्धित ताम्बूल (पान) दिनुहवस्। त्यसपछि गङ्गाजीले भन्नुभयो- हे भगवन् ! अब सुवर्णको काइँयोले आफ्नी प्रियतमा पार्वतीको कपाल राम्ररी कोरिदिनु होस्, किनकी कामवती युवतीलाई त्रैलोक्यमा यो भन्दा अर्को स्वामी-सौभाग्यको सुख प्राप्त हुन सक्तैन भन्ने मेरो विश्वास छ। रतिले भन्नुभयो- हे प्रभो ! हे आशुतोष ! हजुर भने अत्यन्त दुर्लभ र अलौकिक सुन्दरी एवं सौभाग्यशालिनी पार्वतीका साथ कामभोग गर्ने इच्छा राख्नु हुन्छ, अनि वेकाममा मेरा स्वामी कामदेवलाई निर्दोष जानेर पनि किन भस्म गर्नुभयो ? दम्पति-विरहमा कस्तो कष्ट हुँदो रहेछ भन्ने स्वयं बुझेर पनि नबुझे झैं गरिदिनु भयो। अब हाम्रो विरहव्यथा निवारण गर्न पहिले कामदेवलाई जीवन दिनुहोस्। त्यसपछि मात्र हजुरको कामोपभोग सफल हुन सक्नेछ, भन्दै कष्टसाथ रुँदै आफ्नू आँचलको छेउमा बाँधिराखेको स्वामी कामदेवको भस्म (खरानी) गाँठो फुकाएर सामुन्ने राखेर 'हे मेरा स्वामी !' भन्दै छाती ठटाएर डाँको छाड्नु भयो। त्यो स्थिति देखेर तथा रतिले रोएको सुनेर ब्रह्मा, विष्णु र अन्य देवताहरू पनि शिवजीको खोजीमा जानु भयो। ब्रह्मा, विष्णु र अन्य देवताहरू देखी भगवान् शिव आसनबाट उठेर भन्न थाल्नुभयो- 'हे देव हो ! तपाईहरूके कामले पाल्नुभयो, आज्ञा हवस्, म त्यो काम पूरा गर्न तयार छू।' अनि विष्णु भगवान्ले भन्नुभयो- 'हे प्रभो ! कामदेवलाई जीवन दान बक्सियोस्।' अनि त्यहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उपस्थित सबै देवीहरूले पनि कामदेवलाई जीवन-दान दिने एक स्वरले महादेवसित अनुरोध वा निवेदन गरे। ती सबैको कुरा सुनेर उचित ठानी शिवजीले अघि आफ्नू तृतीय नेत्रद्धारा भस्म भइसकेको कामदेवको रतिले यत्नपूर्वक ल्याइएको भस्मलाई हेरिदिनासाथ कामदेवले जीवन प्राप्त गरे। अनि रति-काम दुबैले प्रसन्न भई शिव-शक्तिलाई सादर प्रणाम गरे। अनि कामदेव बाहिर निस्केर समस्त देवताहरूलाई अभिवादन गरे। संहार र रक्षा- यी दुवै कुरा कालचक्रका कुटिल कर्तव्य मानिन्छन्। सबैको अनुरोध स्वीकार गरेर शिवजीको कृपा भयो। धन्य-धन्य शिवजी ! भनी देवताहरूले कामदेवलाई आशिर्वाद दिए। त्यसपछि पर्वतराज हिमालयले विष्णु भगवान सहित सबै देवताहरूलाई भक्तिपूर्वक यथेच्छ भोजन गराई विश्राम कक्षमा पठाइदिए। भगवान् शंकरले पनि पार्वतीलाई बायाँ भागमा राखी संगसंगै राज भएर अनेक प्रकारका उत्तम वस्तुहरू ज्यूनार गर्नुभयो र गराउनु भयो। त्यही मौकामा अदितिले भन्नुभयो- 'हे इन्द्राणी ! भगवान् शिव र भगवती पार्वतीलाई मुखारी (हात-मुख धुन) गर्न जल टक्राऊ। अनि टक्राउँदै इन्द्राणीले भन्नुभयो- हे भगवन् ! जसको निर्जीव शरीर छातीमा टाँसी काँधमा बोकेर विलाप गर्दै सारा संसार भ्रमण गर्नुभयो, अब समयले उनै सतीलाई पार्वतीको रूपमा पाउनु भयो। अब प्रसन्न रही दैवी संपदाको वृद्धिमा बराबर ध्यान राख्नु होला। अनि अरुन्धतीले भन्नुभयो- हे शिव ! हजुरकी सासू मेनकाजी हजूरलाई छोरी दिन मान्नु भएको थिएन। उनलाई धेरै प्रकारले सम्झाई- बुझाई दिन तयार पारिएको हो। अतः माया-प्रीतिमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोभ नगर्नु होला। अहिल्याले भनिन्- हे शिवजी ! हजुर योगी, वैरागी, जगल्टे, फुस्रो-घुस्रो भएर रहने मात्र भएको भए यो वैवाहिक काम सम्पन्न गराउन कति कठिन पर्ने थियो, भन्न सकिन्न। हजुरलाई केवल भोलेनाथ भनेको त निकै बाठो हुनुहुँदो रहेछ। मेनकाले हजुरलाई हेर्न जाँदा र भर्खरको सोह्र वर्षे युवक बनेर मेनकालाई छलिदिनु भएको होइन ? तुलसीले भन्नुभयो- हे प्रभो ! पहिले त सतीको विरहको झोंकमा कामदेवलाई भस्म पारिदिनु भयो। पछि चाहिं यौटी श्रीमती नभएको घर नै नहुने रहेछ भन्ने ज्ञान भएर कन्या माग्न वसिष्ठ आदि सप्तर्षिहरूलाई पठाउनु भयो, हो कि होइन ? अनि स्वाहादेवीले भन्नुभयो- हे भगवन् ! हजुर कत्तिको कडा हुनुहुन्छ ? विवाहमा त स्वास्नीमानिसहरू निकै चुरी-फुरी देखाउँछन् ! रोहिणीले भन्नुभयो- हे योगीश्वर ! अब योग त्यागेर कामशास्त्रको रहस्यका ज्ञाता भएर काम-सागरको पारी पुर्‍याउने प्रयत्न गर्नुहोला। बसुन्धरा भन्नु के हुन्छ- हे शिव ! भोगमा गाडिएका भोगी व्यक्ति भोग्यवस्तु नपाएसम्म अत्यन्त आतुरता देखाउँछन्। हे शम्भो ! जसो गर्नाले रमणीजनको मानसिक सन्तुष्टि हुन्छ, त्यो काम गर्न नबिर्सनु होला। संज्ञादेवीले भन्नुभयो- हे देव ! हे शर्व ! हजुर सर्वज्ञ हुनुहुन्छ, अतः कामातुर नारीजनको मनको भाव स्वयं जान्नुहुन्छ। सती (पार्वती) लाई थाहै छैन होला, आज म आफ्ना स्वामीसित एकाकार (मिल्दैछु) हुँदैछु; अतः 'म तिम्रो उही महादेव हुँ' भनी सबै प्रकारले परिचय दिनुहोला। नत्र पार्वती रिसाउने सम्भावना रहन्छ। शतरूपाले भन्नुभयो- मेरा दिदी-बहिनीसहित मान्य मातृ समान देवी हो ! अब कुरा मात्र गरिरहने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होइन; पार्वतीजीका साथै विश्वनाथ महादेवलाई पनि भित्री खोपीमा लेजानु पर्‍यो। रत्नका बत्तीहरू बालेर उत्तम बिछौना लगाइदिनु हवस्। पान-मसला पनि राखिदिनु आवश्यक छ।

यस किसिमले शिवजीको विवाहमा उपस्थित भएका सबै सुविज्ञ नारीहरूले महादेवसित ठट्टा गरेर जिस्काउँदा निर्विकार योगीश्वर विश्वम्भरनाथले आज्ञा भयो- हे देवी हो! तपाईंहरू संसारमा सम्माननीय माता समान हुनुहुन्छ। पुत्रवत् भएको ममाथि यस्ता चपलतापूर्ण उक्ति-प्रत्युक्तिहरूको प्रयोग गर्नु उचित होइन कि.....! महादेवजीको यस्तो सारगर्भित वाक्य सुनेर ती सबै देवीहरू स्वयं लज्जित भए र सबै भित्तामा लेखिएका तस्वीर जस्ता हुन गए। अनि शिवजी पनि नव-विवाहिता दुलही पार्वतीजीका साथै गिरिराज हिमालयको प्रचुर वैभवको अनुरूप दिव्य राजोपचार भोजन ज्यूनार गरी सासूजी मेनकाले संकेत गरिएको रत्नखचित सिंहासनमा विराजमान भई सुकला गर्न सुसज्जित पारेको शयनकक्षको सिंहावलोकन गर्न थाल्नुभयो। त्यस कोठामा अनेक रत्नप्रभाले झलमल भइरहेको थियो। त्यहाँ भएका सबै सामग्रीहरू मणि-माणिक्य र रत्नमय थिए र मोती-हीरा सबै सजिसजाऊ थिए। रत्नै-रत्नका अनेक प्रकारका दर्पण (ऐना) हरू र सेता-सेता चमरहरू सजाएर राखिएका देखिन्थे। अगरू र चन्दनको सुगन्ध फैलिइरहेको थियो! पुष्पजस्तै कोमल शय्या सजेको तथा त्यहाँ जडेका अनेक रत्नहरूको प्रभा (तेज) ले विचित्र देखिने गरी स्वयं विश्वकर्माले निर्माण गरेका। कहीं हीरा, कतै पन्ना, कहीं माणिक, मोती आदि नवरत्नहरू जडेको देखिन्थ्यो। कहीं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बैकुण्ठ जस्तो र कतैतिर श्रीकृष्णको क्रीडास्थली वृन्दावन जस्तो! कहीं गोलोकको महारासको सौन्दर्य जस्तो ! कतै कैलास पर्वत जस्तो! कहीं स्वर्गको नन्दन-कानन र सुरराजको दरबार जस्तो ! त्यस्तो विचित्र शयन-कक्ष देखेर अन्तर्यामी शिवजी पनि छक्क पर्दै प्रसन्न हुनुभयो। अनि त्यहीं आरामसाथ सुकला गर्नुभयो।

त्यसको भोलिपल्ट बिहानै प्रभाती मंगल वाद्य सुमधुर तालका साथ संगीतको मीठो ध्वनि गुञ्जायमान हुनलाग्यो। आफाफ्ना सदलबल सबै देवताहरू र शिवका अनेक गणहरू तथा गिरिराज हिमालयका स्वजन एवं कुल-कुटुम्ब सहित परिवार र सेवकगण सबै उठे। एकातिर पार्वतीलाई विदा गर्ने कामको व्यवस्था मिलाउन लागे, अर्कोतिर नयाँ वर-वधू स्वरूपका शंकर-पार्वती सहितको जन्तीलाई गन्धमादन पर्वततिर फिर्ता लैजाने व्यवस्था गर्नलागे। बाजा-गाजा, लावा-लश्कर, रथ, हात्ती-घोडा, डोली-मेहना आदिको पूरा इन्तजाम गरियो। विष्णु भगवान्को आज्ञा अनुसार विश्वम्भर शिवजी सुकला भएको कोठामा पुगेर धर्मराजले सादर निवेदन गर्नुभयो- हे भगवन्: प्रातःकाल भयो, अब जागा हुनुहोस्। अब महामाया पार्वतीजीलाई गिरिराज हिमालय र मेनकाले विदा दिने समय भइसक्यो। नयाँ दुलही अघि लगाई गन्धमादन पर्वततर्फ प्रस्थान गर्न नारायण भगवान्ले आज्ञा भएको छ। त्यसपछि धर्मराजका साथ महादेव दुलही विदा गर्ने वेदिकातर्फ जानुभयो। त्यहाँ उपस्थित हिमालय तर्फका सबै इष्ट-मित्रका साथ परिचयको आदान-प्रदान र दर्शन भेटको कार्यक्रम पूर्ण गर्नुभएपछि गिरिराजकी महारानी पार्वतीजीकी माता, शिवजीकी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्मान्या सासूज्यू मेनकाजीका अगाडि गई विदाई दर्शन गर्नुभयो। अब छोरी पार्वतीलाई घर पठाउनु छ। त्यहीं साथमा स्वयं धर्मराज पनि उपस्थित हुनुहुन्छ। त्यसै मौकामा महारानी मेनकाको धैर्यको बाँध टुट्यो। उनी घुँक्क-घुँक्क रुँदै दयानिधान भगवान शिवजीसित बिन्ती गर्न लाग्नुभयो–

हे दयालु भगवन् ! कृपा गरेर मेरी हृदयको टुक्रा समान छोरीलाई स्नेह र प्रेमपूर्वक पालन-पोषण गर्नुहोला। हजुर स्वयं आशुतोष हुनुहुन्छ। फेरि मेरी छोरीका अनेकौं अवगुण होलान् ती सबै अज्ञानी जानेर क्षमा गरिदिनु होला। मेरी छोरी पार्वती हजुरका चरण-कमलकी जन्म–जम्मान्तरकी सेविका वा भक्त थिइन् र रहने पनि छन्। जहिले जहाँ र जस्तो अवस्थामा पनि हजुरबाहेक अन्य कसैको पनि यिनको मनमा सम्झना रहन्न। हजुरको भक्ति-कथा सुनेर सदैव खुसी रहने र अन्य कसैले हजुरको निन्दा गरेको सुनेर सदैव केही उत्तर नदिई मौन धारण गरेर मरेतुल्य हुन्छिन्।

त्यही अवसरमा समस्त देवताहरूसित सर-सल्लाह गरिसकेर गिरिराज हिमालय पनि त्यहीं आइपुग्नुभयो। विदाईको अभिवादन प्रत्यभिवादन गरिसकेपछि छोरी पार्वतीलाई घाँटीमा टाँसेर– नानी, मैयाँ ! तिमी त मेरो हिमालय नै शून्य पारेर जानलाग्यौ। तिम्रा सबै गुण–शील स्वभाव सम्झेर मेरो हृदय विदीर्ण भएर आइरहेको छ। यति भन्नासाथ दुवै नेत्रबाट आँसूका धारा बग्नलागे। अनि केही धैर्य धारण गरेर धर्मराजका सामु शिवजीलाई दम्पतिको धार्मिक बन्धनमा सदैव बाँधिइरहनु हुने प्रार्थना गर्दै शक्तिस्वरूपा पार्वतीलाई शिवरूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महादेवको जिम्मा लगाउनु भयो। अनि शिविका (पाल्की) मा चढाएर अलि पर पुगेपछि श्रीमहादेवका साथमा विशाल साँढेमाथि विराजमान गराई प्रस्थानको मंगल ध्वनिका साथ अभिवादन प्रत्यभिवादन गरी गराई विदाईको वेदीमा फर्केर आई सबै पर्वत छोरासमेत रुन थाले। आफ्नी माता मेनकालाई अंकमाल गरेर पार्वती रुनलाग्दा त्यहाँ उपस्थित सम्पूर्ण नर-नारीहरू, पत्नीसहित मुनिजनहरू पनि खप्न नसकेर रुनलागे। छोरीको विदाई गरेर रोइरहेका गिरिराज हिमालय र महारानी मेनकालाई समेत श्रीनारायण भगवान्‌ले लौकिक रीति-स्थिति र अध्यात्म-विषयको विस्तारले उपदेश दिइसकेर शिव-शक्ति तत्त्वको रहस्य पनि राम्ररी सम्झाई-बुझाई दुवै दम्पत्तिको शोक हलुङ्गो पारिदिनुभयो। त्यसपछि नारायण भगवान पनि बिदा भएर कैलासपति शिवको साथमा सम्मिलित हुन भनेर पुग्नुभयो।

क्रमबद्ध रूपमा त्यसरी हिमालयबाट प्रस्थान गरेको त्यो ठूलो लश्करको ताँती कतै पनि छिन्न-भिन्न नभई हिंडिरहेको छ। तीमध्ये कति गन्धमादन पर्वतमा पुगिसके, कति बीच बाटोमा हिंडिरहेका छन् र अनेक व्यक्ति अझ हिमालयबाट प्रस्थान गरिरहेका छन्। दाइजोका सामग्रीमा कति भारी, पेटिका-बाकस, करण्डिका, हात्ती-घोडा, हीरा-जवाहरात, मोती-माणिक्य, सुन-चाँदी, तमन-कसन, रथ-गाडा, भाँडा-बर्तन, धन-धान्य, अनेक आभूषणहरू र लत्ता-कपडा आदि असंख्य सामग्रीहरू बोकी-बोकाई, डोऱ्याएर गइरहेका थिए। पर्वतराज हिमालयबाट चलेको घुइरो गन्धमादन पर्वतसम्म चलिरहेकै छ; त्यसको क्रम कहीं पनि छिन्न-भिन्न भएको छैन। पर्वतराज हिमालय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भारतवर्षको उत्तरतिर पर्दछ र गन्धमादन उत्तरी ध्रुवको बराबरमा पर्दछ। नवीन वधू पार्वतीलाई साथमा लिएर साँढेमा चढेका शिवजी केवल आधा मुहूर्तमै गन्धमादन पर्वतमा पुग्नुभयो।

उता वर-वधू शिव-पार्वती पुग्नुभन्दा पहिल्यै दुलही भित्र्याउने व्यवस्था मिलाउन केही देवताहरू गन्धमादनमा दाखिल भइसकेका थिए। मूल—द्वारमा आरती-स्याइँली गर्न र बाटो छेक्न देव-पत्नीहरू र ऋषिपत्नीहरू तथा अन्यान्य सधवा युवतीहरू मङ्गल-सूचक बत्तीहरू लिएर आइरहनु भएको थियो। वायु देवताकी पत्नी, कुबेरकी पत्नी र शुक्राचार्यकी पत्नी तथा बृहस्पति गुरुकी पत्नी तारा, दुर्वासा मुनिकी पत्नी, अत्रिकी पत्नी अनसूया, चन्द्रमाकी पत्नी रोहिणी तथा देवकन्या, नागकन्या, मुनिकन्या समेत अनेक कन्याहरू र अनेकौं सौभाग्यवती नारीहरू एकत्र भएर त्यो गन्धमादन पर्वतको विशाल प्रासादको आँगनमा तयार गरिएको वेदीमा रत्नजडित सिंहासनमा शिव-पार्वतीलाई राजगराई रत्नादिले सुसज्जित झारीको जलले चारैतिर दाहिने आवर्तमा घुमी दही—अक्षता, कुकुम, केसर मिलाएर टीका लगाई अनि दिव्य-पुष्पको माला पहिराई थालीमा कपूर बालेर आरती गरी दही, फलफूल आदि मङ्गल सामग्रीको दर्शन गर्न लगाई महादेव पछाडि र पार्वती अगाडि पारी पहिलेदेखि नै सुसज्जित पारिराखेको कोठमा मङ्गल ध्वनिका साथ शिव-पार्वतीलाई स्वस्तिवाचन पढ्दै प्रवेश गराए। शिव-पार्वती रत्न जडित सिंहासनमा विराजमान हुनुभयो। अनि ब्रह्मा, विष्णु र वीरक समेत कैलासपति महादेवका प्रमुख गण र इन्द्रादि देवताहरू पालैसित भगवान् शिवको सामुन्ने आई दर्शन भेट गरे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो दर्शन-भेट गर्ने सारा कार्यक्रम समाप्त भएपछि एकान्तमा आफ्नू खोपीमा गएर राज हुनुभएको श्रीशिवले पार्वतीलाई आज्ञा भयो- 'हे देवी ! तिमीलाई परिश्रम परेर थकाई लाग्यो होला, विश्राम गर ।' शिवको त्यस्तो मीठो वचन सुनेर पार्वतीले भन्नुभयो- हे नाथ ! आज मेरो जन्मजन्मान्तरको तपस्या पूर्णरूपले सफल भएको छ। किनकि संसारका महान् ईश्वरको यस महान् ऐश्वर्यहरूले परिपूर्ण प्रासाद (भवन) मा म आफ्ना आराध्य स्वामीका साथ हर्ष र उल्लासले आउन पाएकी; यो हजुरको महान् अनुग्रह फेला पारेको शुभ अवसरमा मलाई कुनै किसिमको पनि कष्ट वा थकाई अनुभव भइरहेको छैन। चित्त प्रसन्न छ, सम्पूर्ण शरीर स्वस्थ र हलुङ्गो भएको छ। बल्ल मेरो मनोरथ पूर्ण भयो। हजुरको कृपाले म कृतकृत्य भएँ। नसा-नसामा स्फूर्ति छ। हजुरका चरणारविन्दमा मेरो अचल भक्ति रहिरहोस्। बरु हजुरलाई के कस्तो छ, आज्ञा हवस्- सेवामा दासी तयार छु। आफ्नी प्रियतमा पार्वतीका यस्ता कुरा सुनी जगदीश्वर महादेवले-'धन्य-धन्य पार्वती !' भन्नु भयो।

त्यति भएपछि दयालु शिवजीले पार्वतीको हात समाई आफ्नू भवनका सबै चोटा-कोठा, मान्सा-भण्डार, ढुकुटी सारा देखाउनु भयो र ती सबै वस्तुको पूरा अधिकार अब तिम्रै हातमा आयो भन्ने कुरा पनि जनाउनु भयो। अनि यौटा अर्को कोठा खोल्न लगाएर देखाउँदै आज्ञा भयो- हे हिमालय-सुता पार्वती ! तिमीलाई सम्झना छ कि छैन ! तिमी मैले जान हुन्न, नजाऊ भन्दा पनि नमानी आफ्ना पिता दक्ष-प्रजापतिको यज्ञ शालामा गएकी थियौ। अब तिमी हिमालयकी पुत्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर जन्मिन आयौ । तिमी अघि दक्षप्रजापतिकी जेठी कन्या सतीदेवी थियौ । तिमी स्वयं पूर्वजन्मको स्मरण राख्न समर्थ छौ; तापनि सम्झना छ भने मलाई भन । शिवजीको यस्ता वचन सुनेर मुसुक्क हाँसी पार्वतीजीले भन्नुभयो- हे स्वामी ! मलाई पुरा सम्झना छ । तर अब पुरानो घाउको खाटालाई नकोट्याए नै उत्तम होला भन्ने ठान्दछु । यति भनेर महादेवलाई मौन तुल्याइन् । फेरि शिवजीले भन्नुभयो- हे प्रिये ! नारायण सहित अनेक मान्य अतिथिहरू उपस्थित हुनुहुन्छ । धनका स्वामी कुबेर आदि मेरा आदरणीय सखाहरू यहीं हुनुहुन्छ । मेरा सहयोगी इन्द्रादि देवता, देवी, पूज्य ऋषि-महर्षि तथा आश्रित वीरक आदि सबैलाई यौटा प्रीतिभोज गराउनु पर्ने आवश्यक काम छ, प्रबन्ध मिलाउनु पर्ला । यस्तो आफ्ना स्वामी महादेवको वचन सुनेर स्वामीको इच्छा पूर्ण गराउनु मेरो पवित्र कर्तव्य हो भन्ने ठान्नुभयो । फेरि जगदम्बा पार्वतीका निम्ति यो काम कुनै कठिन थिएन । महादेव तीन लोकका ईश्वर हुन् भने स्वयं पार्वती पनि अन्नपूर्णा थिइन् ! उनलाई के कुराको न्यूनता वा कमी थियो र ! भगवान् सदाशिवले मनमनै कल्पना गर्नुभएको भन्दा धेरै उत्तम व्यवस्था मिलाई सबैलाई इच्छित भोजन गराउनु भयो । अनि समस्त इन्द्रादि देवताहरू अन्नपूर्णा स्वरूपिणी हिमालयसुता पार्वतीजीका बाहुलीको कलाको प्रशंसा गर्दै भोजन गरेर अनेक मङ्गलको आशीर्वाद दिई, महादेवजीसित बिदा मागेर प्रत्येकले शिवलाई आलिङ्गन गरी आफ्ना-आफ्ना लोकमा जाँदा भए । वीरक आदि महादेवका प्रमुख गणहरू पनि आफ्ना स्वामी शिवका महलको उत्तम प्रबन्ध वा व्यवस्था देखेर अत्यन्त प्रसन्न भई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफाफ्ना सेवाको काममा लागे। शिव-पार्वती पनि आफ्ना पुराना सबै कष्ट बिर्सेर आनन्दपूर्वक रहन लागे।

त्यसको केही दिनपछि हिमालय र उनकी पत्नी मेनकाले पुत्र मैनाकलाई डाकेर भने- बाबू मैनाक ! पार्वतीलाई विदा गरेर पठाएको निकै दिन बितिसक्यो। आराम-विराम अथवा संचो-बिसंचो के कस्तो छ, केही जान्न पाइएको छैन। अब तिमी गएर छोरी पार्वती र ज्वाइँ महादेवलाई पनि साथैमा लिएर आऊ। माता-पिताको आज्ञा अनुसार मैनाक गन्धमादन पर्वतमा पुगे। मैनाकलाई देख्नासाथ पार्वतीजी अत्यन्त प्रसन्न भइन् र माता-पिताको कुशल-क्षेमको प्रश्न गर्दै मैनाकलाई लिएर भगवान् शिवका समक्ष पुगिन्। प्रणाम र आशिर्वाद भइसकेपछि, माता र पिताजीले ज्वाइँ-छोरी दुवैलाई लिएर आऊ भन्ने आज्ञा भएको हुनाले म उपस्थित भएको हुँ, मैनाकले निवेदन गरे। हिमालय र मेनकाको स्नेहपूर्ण निमन्त्रण पाउँदा भगवान शिवजी आफ्नी प्रियतमा पार्वतीलाई समेत साथ लिई प्रमथगणहरूको सारा लश्कर अघि-पछि लगाई पर्वतराज हिमालयको भव्य-प्रासादतर्फ आउनुभयो। पुत्री पार्वतीसहित भगवान शिव पाल्नुभएको समाचार हिमालय पर्वतभरि सर्वत्र फैलियो। त्यहाँका छर-छिमेकी, केटा-केटी, ठिटा-ठिटी, युवक-युवती, बूढा-बूढीहरू सम्पूर्ण जम्मा भए। दुई छोरी र एक बुहारी साथमा लिएर छोरी-ज्वाइँको स्वागतार्थ मेनका स्वयं दगुर्नु भयो। अनि 'ए मेनका ! एकैछिन पर्ख, म पनि आउँदै छु' भन्दै पर्वतराज हिमालय पनि दगुरे। पार्वती रथबाट र शिवजी आफ्नू वाहन साँढेबाट तल वर्लनुभयो। त्यहीं स्वागतका लागि आइसक्नु भएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माता मेनका र हिमालयको शिव-पार्वती दुवैले अभिवादन गर्नुभयो। छोरीलाई आमाले र ज्वाइँलाई ससुराले स्नेहपूर्वक अंकमाल गरे। दुवै जना मेनका र गिरिराज हिमालय मरिसकेको व्यक्ति जीवित भए झैं अपार हर्षले गद्गद् भए। अनि पाखुरामा समातेर आमा-छोरी र ज्वाइँ ससुरा मीठो वाणीमा कुशल समाचार भन्दै र सुन्दै मन्द गतिले हिंडेर महलमा गए। मैनाक पर्वतले वीरक सहित समस्त प्रमथगणहरूलाई सैनिक शिविरमा लगेर राम्ररी विश्राम गराए। उता महलभित्र छोरी-ज्वाइँको आदर-सम्मान मेनका र हिमालयले रत्नको सिंहासनमा बसालेर मधुपर्क र अन्याय सामग्रीद्वारा गरे। बाहिर गणहरूको सम्मान चाहिं हिमालयको आज्ञा अनुसार मैनाकले सम्पन्न गराए। अनि पार्वती र महादेवका निम्ति अति रमणीय मानसरोवरको उपत्यका र कैलास पर्वतमा एक विशाल प्रासाद (भवन) तयार पार्न लगाई निरन्तर उत्तम उपचारद्वारा पूजा गराई आफ्ना सम्पूर्ण गणसमेत विश्वम्भर सदाशिवलाई त्यहीं हिमालयको रमणीय र विशाल प्रदेशमा सुखपूर्वक आनन्दले विराजमान हुन छोरी र ज्वाइँलाई गिरिराज हिमालयले स्वीकार गराए। त्यसैले हिमालय पर्वतका नगीच रहने नेपाली र समस्त पर्वतीय व्यक्तिहरू प्रति पार्वतीसहित शंकर भगवानको निकै अनुकम्पा रहिरहन्छ। गिरिराज हिमालय प्रति त्यहाँका निवासी जनताहरू पनि सदैव कृतज्ञ रहने छन्।

अब विश्वकर्माले विशेष शिल्प-कलाले निर्माण गरेको त्यो भव्य कैलास भवनमा राज भएपछि पार्वती र भगवान शिव त्यहाँका सुन्दर वन-बगैचा, गिरि-कन्दरा, नदी-सरोवर आदिमा सानन्द विहार गर्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लाग्नुभयो। कामदेवकी पत्नी पनि आफ्ना पतिलाई जीवित पाएर स्वयं पनि विहार गर्ने तथा शिव-पार्वतीको विहारमा श्रृंगार-रसको उद्दीपन (वृद्धि) गराउँदै सेवा गर्न बराबर आउने गर्न लागिन्।

त्यही क्रममा एक दिन पार्वतीजीलाई पुत्रको रहर वा इच्छा लागेर आफ्ना सखी-संगिनीहरूसित खेल्दा बालककालमा पुतली खेले जस्तै गरी खेल्न लाग्नुभयो। अनि अङ्गमा अङ्गराग (बुकुवा) घसी-घसी स्नान गर्दा शरीरबाट मयलको केही अंश हातमा आयो, अनि त्यसको पनि पुतली तयार पार्न लाग्दा हात्तीको अनुहार र मानिसको शरीर भएको एक पुतली तयार भयो। त्यस पुतलीलाई अमृतको धारा बग्ने गङ्गाजीको जलमा डुबाइदिनु भएको त त्यहाँको अमृतमय गङ्गाजलको प्रभावले तत्काल एक विशाल शरीरको व्यक्ति भएर ठिङ्ग उभियो। अनि त्यसलाई गङ्गाजीले र पार्वतीजीले पनि 'छोरा !' भनेर सम्बोधन गर्नु भयो। दुइटी आमाका पुत्र हुनाले ती द्वैमातुर कहिए। अनि त्यही स्थानमा ब्रह्माजी पनि आइपुग्नु भयो। अनि गङ्गा, पार्वती र महादेव सबैसित प्रार्थना गरेर ती गजमुख कुमारलाई भगवान् शिवको गणाधिपति तुल्याउनु भयो। पुनः पार्वती आफ्नू पुतलीको खेलमा व्यस्त रहनु भयो। त्यही खेलमा पुत्र बनाउँदा यौटा राम्रो अशोकको वृक्ष बनाउनु भयो। त्यस वृक्षको पनि जातकर्म, अन्नप्रासन, व्रतबन्ध आदि गरिदिनु भयो। अनि बढाएर पालन-पोषण पनि गर्नुभयो। त्यो कुरा थाहा पाएर गुरु-बृहस्पति सहित अनेक विद्वानहरू र ऋषि-महर्षिहरू आई पार्वतीजीसित भने- हे भवानीजी ! हजुरले सम्पूर्ण विश्वको कल्याण गर्न अवतार धारण गर्नुभएको हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

३८ यो संसार राम्रो हुँदैन। दुर्भाग्यले गर्दा कसै-कसैलाई पुत्र नभई सन्तानको सुख प्राप्त हुन सक्नैन। यो वृक्षलाई कल्पित पुत्र तुल्याएर हजुरलाई के लाभ हुन सक्तछ ? तिनीहरूको यस्ता कुरा सुनेर पार्वतीजीले भन्नुभयो- 'हे विज्ञ सज्जनवर्ग ! तपाईंहरूलाई यति सानो कुरा पनि थाहा रहनेछ, आश्चर्य लाग्यो ! सुन्नुहोस्- पानीको अभाव भएको स्थानमा एउटा इनार मात्र पनि खनाइदियो भने, त्यस इनारको एक थोपा जलले एक दिव्य वर्षको हिसाबले सुखपूर्वक स्वर्गमा निवास गर्न पाइन्छ। त्यसै गरी दस कूप खनाएको बराबर पुण्य एउटा पोखरी वा बावली बनाउलाले प्राप्त हुन्छ। दस पोखरी खनाए बराबरको पुण्य एउटा गहीरो स्वच्छ ताल तयार गराउँदा प्राप्त हुन्छ। त्यस्तै दसवटा ताल-तलाऊ बनाएको बराबर धर्म केवल एक वृक्ष रोपी त्यसलाई हुर्काई-बढाई ठूलो पार्न सकेमा प्राप्त हुन्छ। अतः वृक्षारोपणको प्रभाव र पुण्य तपाईंहरूले बुझ्न नसकेको देख्दा आश्चर्य लागिरहेको छ ! मैले यो हिमालय पर्वतलाई बाक्लो बनले हरियो र राम्रो तुल्याउने रहर वा इच्छा गरेकी हुँ। भवानीजीको यो अत्यन्त दूरदर्शितापूर्ण कुरा सुनेर– पार्वतीको खेल केवल पुतलीको खेलहोइन रहेछ, यो त लोक-कल्याणको भावनाले परिपूर्ण रहेछ भन्ने कुरा बुझेर आएका जति सबै ऋषि-मुनिहरू नमस्कार गरेर बिदा भए।

अनि त्यहीं शिवजी आइपुग्नु भयो र पार्वतीलाई अंकमाल गरी आफ्नू भव्य भवनभित्र लैजानुभयो। अनि त्यहाँ मनोहर बैठक कोठामा बसेपछि 'आज हामी दुवै पासा खेलौं' भन्ने सल्लाह गरेर थर्की फिंजी पासा खेल्न थाल्नुभयो। त्यसै बेला बाहिरतिर निकै ठूलो हल्ली-खल्ली

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएको सुनियो। भगवान् शिवसित पार्वतीले सोध्नुभयो- 'स्वामी! बाहिर केको हल्ली-खल्ली चलेको हो ?' महादेवले आज्ञा भयो- 'प्रिये ! यो तिमीले आजसम्म नदेखेको कुरा हो। यो मेरा गणप्रधान गणेश खेल्न लागिरहेछन्। मेरो अत्यन्त मनपरेका गणहरू यो हिमालय पर्वतमा बराबर यसै गरी खेलिरहन्छन्।' यति भनिसकेर फेरि महादेवले विस्तारपूर्वक पार्वतीलाई बुझाउँदै भन्नुभयो- प्रिये! तपस्या, ब्रह्मचर्य र नियम पालन अनि पुण्यक्षेत्रको सेवा-यी सबै कार्यद्वारा जो-जो पुण्यात्मा मनुष्यहरूले मेरो भजन-स्मरण गरेका छन्, ती सबै मेरो समीपमा मेरा गणको रूपमा अत्यन्त प्रेम-पात्र बनेर यहाँ आएका हुन्। यिनीहरू सबै इच्छाअनुसार स्वरूप धारण गर्न समर्थ छन्। यिनीहरूको बल-पराक्रम र रूप-गुणहरूको महत्व देखेर म स्वयं आश्चर्य मान्दछु। यिनीहरू एकेकले पनि देवताहरूसमेत यो संसारको सृष्टि-स्थिति-संहार आँटे भने सहजै गर्न सक्दछन्। ब्रह्मा, विष्णु, इन्द्र, वायु, अग्नि, गन्धर्व, किन्नर, यक्ष र नागादि सबैले मलाई छाडिदिए पनि यी गणहरूले कहिल्यै पनि मलाई छाड्न सक्तैनन्। त्यसैले म यिनीहरूसित अत्यन्त प्रसन्न रहन्छु र यिनीहरू पनि मदेखि प्रसन्न रहन्छन्। अतः यी सबै मेरा मनपरेका प्रिय गण हुन्।

आफ्ना स्वामीको यस्ता कुरा सुनेर पार्वतीजी पासा खेल्दा-खेल्दै जुरुक्क उठेर आँखीझ्यालमा गई बाहिरतिर हेर्नुभयो र त्यहाँको दृश्य देखेर आश्चर्यमा पर्नुभयो। त्यहाँ कोही अत्यन्त खियौटे दुब्ला, कुनै वृक्ष झैं अग्ला, कोही पुड्के, कुनै भुँडे मोटो, कोही हात्तीको सूँढ जस्तो, कुनै बाघको अनुहार जस्तो, कोही भेडाको आकार जस्तो कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छागमुखे, कोही पक्षी जस्तै मुख भएको, कुनै मृगमुखे, कोही अश्वमुखे, कुनै गाईको कान जस्तो रूप भएको, हात्ती काने, कुनै अनेक खुट्टा भएको कोही धेरै हात भएको, कुनै कैलो, कुनै मुखबाट अग्निको ज्वाला निकाल्ने, अत्यन्त देख्दै डरलाग्दा, कुनै शान्त, कोही राम्रो, कुनै हँसिलो अनुहार भएको, कोही घोरमुखे, कुनै गहना-वस्त्रले सुसज्जित, कोही नांगा, कुनै बांगा, कोही कुप्रा, डेरा आँखा भएका, कुनै रेशमी वस्त्रले ढाकिएका, कोही काम्ला, छाला, राडी, पाखी शरीरमा बेरेका, कुनै हार-रत्न र सुन चाँदीले शोभायमान देखिएका छन् भने कोही सर्प, प्वाँख, हाड-खोर, खप्परका माला-मेखला आदिले हेर्दै डरलाग्दा देखिन्छन्। कसैका हातमा खड्ग छ र कसैको हातमा शूल, त्रिशूल छ भने कसैको हातमा धनुर्वाण आदि शस्त्रास्त्रहरू छन्। कुनै बाजा बजाइरहेका छन् भने कोही गीत गाइरहेका छन् र कोही वेतालको नाच नाचिरहेका छन्। त्यसपछि पार्वतीले फेरि सोध्नु भयो- 'स्वामी ! हजुरका यस्ता गण-प्रमुखहरूको संख्या कति होला ?' शिवजीले हाँसेर भन्नुभयो- 'यिनको गणना असंख्य छ, गनेर साध्य छैन।' अनि पार्वतीले फेरि सोध्नुभयो- 'स्वामी ! त्यो सबभन्दा अगाडि मृगछाला ओढेर उफ्रेको, कम्मरमा सेतो मूँजको कन्धनी कसेको, बायाँ हातमा शूल लिएको, रातो अनुहार भएको, मृगको जस्तो दाँत भएको, कमलपुष्पको माला लगाएको, स्वच्छ अनुहार भएको, ढुङ्गाको झ्याली बजाउने कुन गणनायक हो ?' शिवजीले उत्तर दिनुभयो- 'प्रिये ! त्यो त मेरो अत्यन्त मन परेको वीरक हो। यसका गुणहरू अनेक छन्। यो सबभन्दा प्रमुख गणनायक हो।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पार्वतीले केही लाज माने झैं गरेर फेरि भन्नुभयो- 'हे स्वामी ! मलाई पनि हजुरको मनपरेको वीरक जस्तै योटा पुत्र पाउने रहर लागिरहेछ।' महादेवले तत्काल उत्तर दिनुभयो- 'हे प्रिये ! तिमी वीरकलाई नै छोरो मान, भइहाल्छ।' तिमी जस्ती दयालु माता पाए त्यो पनि आफूलाई कृतकृत्य ठान्नेछ।' यति भनेर वीरकलाई डाक्न पठाउनु भयो। पार्वतीकी सखी विजया गएर वीरकलाई भनिन्- 'वीरक! छिटो माथि हिंड। कति छुक-छुक गरिरहेको ? महादेव रिसानी भएको छ। महामाया पार्वतीबाट के कस्तो हुकुम हुन्छ, मलाई केही थाहा छैन।' विजयाको कुरा सुन्नासाथ हातमा लिएको दुङ्गाको बाजा भूमिमा फालेर मुखको धूलो मैलो पुछ्दै विजयाको पछिलागेर वीरक माथि गए। नजीक आएको वीरकलाई पार्वतीले भन्नुभयो- 'आऊ वीरक ! आजदेखि तिमी मेरा छोरा भयौ। मलाई शंकर भगवान्ले दिनुभएको हो।' यति भनेर पाखुरा समातेर तानी काखामा राखेर गाला मुसारिदिनु भयो। शिरमा सुँघेर अनेक प्रकारले सिगारिदिनुभयो। अनि खान-पिन दिई खेल्न पठाउँदा भन्नुभयो- बाबू वीरक ! राम्ररी खेल्नू, पाखा-पखेरा र भीरमा नजानू। अग्लो-होचो, भुङ्गाल, बाघ-भालू, साँप-बिच्छी, ब्वाँसाहरू भएका स्थानमा नजानू। खोला-नाला, नदी, पोखरी तथा मैलो, हिलो, फोहर भएको स्थानमा जानु हुँदैन। हिमाली झरना-प्रपात, छाँगा-छहरा र गंगाजीमा नपस्नू- इत्यादि शिक्षा दिएर पठाउनु भयो। वीरक दगुर्दै खेल्न गए। खेल्दा-खेल्दै साँझ परेर रात छिप्पिदै अन्धकार बढेर आयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां शिव-पार्वती विवाह वर्णनं नाम त्रयोदशोऽध्यायः ॥ १३ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्दशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! त्यति भएपछि अघोर कालरात्रिले चारैदिशा ढाक्यो। केवल शिवको शयन-कक्ष (खोपी) रत्न र हिमालयका जडी-बूटी र नागमणि आदिको प्रकाशले झलमल्ल प्रकाशित छ। चाँदी जस्ता श्वेत शिवजी र नील कमल समान मेघ-वर्णकी पार्वती। दुइ कालो र सेतोको मधुर-मिलन, उर्लदो यौवन, चढ्दो-बढ्दो माया-प्रीति, उत्तम र रसपूर्ण समागम; दुवै आनन्दमा निमग्न भइरहेका थिए। विभावरी (रात्रि) ले ब्रह्माजीको आज्ञा सम्झिन्। अब मौका ठीक छ भन्ने मनमा गुनेर आफ्नू तम (अन्धकार) को प्रभाव भगवान् शिव र पार्वतीको चित्तमा पारिन्। अब शेष के रह्यो ? त्यो रात्रिरूपी विभावरीको चरित्र वा कर्तव्य हो भन्ने शिवजी र पार्वतीलाई ज्ञात हुन सकेन। शिवजीले प्रियतमा पार्वतीसित प्रेमपूर्वक नै आज्ञा भयो- हे पार्वती ! तिमी यो घोर निशा जस्ती काली, म स्वच्छ स्फटिक जस्तो गोरो, तिमी मेरो अंगमा टाँसिदा सेतो चन्दन वृक्षको फेदमा वेरिएकी काली नागिनी जस्तै देखिइन्छ्यौ।

चन्द्रमा र सूर्यका किरणको सम्पर्कले गर्दा शुक्ल र कृष्णपक्षमा छुट्टिएका रात्रि जस्तै तिमी-अनि म अँध्यारोमा स्पष्ट देखिने उज्यालो, हो कि होइन ? शिवजीले यति कुरा मुखबाट निकाल्नु मात्र भएको थियो, एक्कासी पार्वती क्रोधले राता-राता नेत्र पार्दै, आँखीभुइँ जोर्दै, मुख बाङ्गो पारेर भन्न लाग्नुभयो- 'हे स्वामी ! म सर्प जस्ती कुटिल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(बाङ्गी) पनि छैन र विषालु पनि होइन । मैले कति कष्टपूर्वक तपस्या, व्रत, नियम पालन गरेर अनेक दुःख खपेर हजुरका साथमा आउन पाऊँ भनी विपत्ति सहें । तर आज मेरो यस्तो, घोर अपमान ! संसारमा कुनै पनि व्यक्ति आफ्नू मूर्खतातिर हेर्दैन । हजुर आफूतिर हेर्नुहवस्, हजुरको शिरमा बाङ्गो चन्द्रमा छ, त्यसै कारण हजुरको बुद्धि पनि बांगिदै गएको छ । घाँटीको कालकूट विष र गहना भनेर शरीर भरि जतातते बेरिएका सर्पहरूको स्पर्श र संसर्गले आफैं विषमय हुनुभएको छ । म पूषाको दाँत होइन र भगको नेत्र तथा दुर्वासाको दाह्री पनि होइन; म को हुँ भन्ने कुरा केवल सूर्यनारायणले जान्नुहुन्छ । हजुर स्वयं महाकाल हुनुहुन्छ भन्ने कुरा नजान्ने र नसुन्ने कोही छैनन् । मलाई 'काली' भनेर आक्षेप गर्न हजुरलाई अलिकति पनि लाज तथा संकोच लाग्दैन ? हजुरको अनावश्यक आक्षेपले गर्दा मेरो शिरमा शूल उठेर पीडा दिइरहेको छ । यस किसिमको धूर्ततापूर्ण अवमानमा सुनेर अब बाँचिरहने पनि कुनै प्रयोजन रहेन । अब मैले यो कैलासपुरी पनि त्यागें । तपस्या गर्न गइहालें ! यस्तो पार्वतीको क्रोधले भरिएको तीखो वाणी सुनेर महादेव निकै आत्तिनुभयो र तत्काल संयत भएर प्रेमपूर्वक नम्र वाणीमा बोल्नुभयो- हे हिमालयसुता पार्वती ! तिमीले मेरो कथनको तात्पर्य किन नबुझेकी ? तिम्रा पिता पर्वत भएर पनि कति प्रसन्न-चित्त हँसिलो हुनुहुन्छ, त्यस्ता व्यक्तिकी छोरी तिमी पो ढुङ्गा जस्ती हुनगयौ । मैले ठट्टा गरेर प्रेमले पो तिमीलाई 'काली' भनेको! भयो, अब फेरि कहिल्यै पनि तिमीसित ठट्टा गर्ने छैन ! भयो, नरिसाऊ, मलाई क्षमा गर, बरू हात जोर्दैछु ! महादेवले यति नम्र भएर क्षमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

माग्दा पनि स्वामीको हात हटाई हिंड्न लागिन्। त्यो चाला देखेर शिवजी पनि रन्केर भन्न लाग्नु भयो- हे पार्वती ! तिमी त साँच्चै नै हिउँ जस्ती जड रहिछौ; हिमालयका बाटाहरू जस्तै बांगी पनि रहिछौ भन्न पनि उचित ठान्दछु। फेरि हिमालयको टाकुरा झैं अगम्य र दुःसेव्य पनि रहिछौ। महादेवका यस्ता वचन सुनेर झन रिसले चूर भई पार्वती भन्न लागिन्- हे स्वामी ! हजुर अर्काको निन्दा नगर्नुहोस्। बरू हजुर आफूतिर दृष्टि दिनुहोस्। सर्पको दुर्गुण बांगिनु कुटिलता, हजुरको अंगमा लेपन गरेको दुर्गुण माधुर्य र स्नेहको न्यूनता वा अभाव, शिरको बांगो चन्द्रमाको दुर्गुण भित्र पेट कालो हुनु, हजुरको वाहन साँढेको दुर्गुण अबुझ हुनु, श्मशानको दुर्गुण डर-भय नहुनु, दिगम्बर रहनुको दुर्गुण केही घिन नमान्नु, यस्ता कति दुर्गुणहरू छन्, हजुरलाई विचार छैन भने म के भन्न सक्दछु ! अर्काको अंगको जम्रा देख्ने तर आफ्नू अंगको भैंसी नदेख्ने, म यस्तासित कदापि बस्न तयार छैन, हिंडें भनी जब पार्वती महलबाट निस्कनु भयो, अनि शिवका गणहरूमा हडबडी हुन लाग्यो। सहमा त्यहीं वीरक आइपुगे। अनि दुइ हातले पार्वतीका दुवै पाउमा समाई, छाँद हाली रुँदै भन्नलागे- 'माता, हजुरलाई म जानदिन्न ! फेरि मलाई यसरी छाडेर हजुर कहाँ जान लाग्नु भएको ?' अनि अन्य गणहरू पनि पछि-पछि दगुर्न थाले। वीरक कराए- 'म पनि आएँ आमा ! मलाई आफ्नू साथमा लैजानु हुन्न भने म ठूलो डाँडाको शिखरबाट हामफाले र मर्नेछु; हजुर नभएपछि मलाई कसले माया गर्नेछ।' भन्दै पछिलागे। वीरकको स्थिति देखेर पार्वती टक्क रोकिनु भयो र वीरकलाई मुसार्दै दायाँ हातले च्यूँडो उठाएर आफू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि अलि तल न्यूरिई माया गरेर भन्न लाग्नुभयो- बाबू, वीरक ! पहाडको टाकुराबाट हामफाल्न पनि हुँदैन र मसित संगै जान पनि हुँदैन । सुन; म किन जान लागेकी भने– तिम्रा बाबाले मलाई 'काली' भनेर अपमान वा हेलाँ गर्नुभयो । अतः अब म तपस्या गरेर गोरी राम्री भएर आउने छु, अवश्य फर्कन्छु । म यहाँ नभएको मौका पाएर हिमालयकी एउटी कुनै गोरी भोटिनी घरमा ल्याउनु होला, तिम्रा बाबाको मलाई भर लाग्दैन । मेरो राजा ! अतः तिमी यहाँ सावधान भए चियो-पहरा गरेर बस । म फर्केर नआएसम्म कुनै पनि स्वास्नीमानिसलाई महलभित्र बाबानेर जान नदिनू । कोही स्वास्नीमानिस भित्र पसी भने मलाई तत्काल सूचना दिइहाल ।अनि त्यसको उपाय म स्वयं गर्नेछु । त्यसरी कुरा बुझाएपछि वीरकको चित्त बुझ्यो र भने- हजुरको आज्ञा स्वीकार छ, माता! तर तपस्या पूरा भएपछि अवश्य फर्किनु होला । यहाँको विषयमा हजुरले कुनै चिन्ता गर्ने काम छैन। म भएपछि यहाँ कोही पनि आउन पाउने छैन । यति वीरकले भनेपछि पार्वती तपस्या गर्न जानुभयो ।

तपस्या गर्न जाँदा बाटोमा पार्वतीको कुसुमामोदिनी देवीसित भेट भयो । ती कुसुमामोदिनीले पार्वतीलाई अंकमाल गरेर मीठो स्वरमा सोधिन्- 'हे पार्वती ! तिमी कता र किन हिंडेकी ? तिम्रो अनुहार पनि प्रसन्न देख्दिन, मुख निन्याउरो छ, घरमा के भयो ? फेरि तिम्रो साथमा पनि कोही छैनन्, किन हो ? के भयो ?' त्यति सुनेर पार्वतीले भन्नुभयो- देवी ! तपाईं हाम्रो माइतीघरकी सम्मान्या हुनुहुन्छ । मलाई पनि तपाईंको धेरै माया लाग्दछ र मेरो पनि तपाईंले विशेष माया

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्नुहुन्छ, अनि तपाईंसित मैले ढाँट्ने वा लुकाइ-छिपाइ गर्ने केही कुरा नै छैन। मेरा स्वामी शंकरजीसित निकै ठाक-ठुक भनौं कि जंगा-जंगी भनौं पर्नगयो। उहाँले मलाई प्रत्येक कुरामा काली, यस्ती-उस्ती भनेर हेलाँ गर्नुभयो। हे देवी ! म तपस्या गर्न गइरहेकी छु र अब गोरी भएर मात्र फर्कनेछु। जसरी मेरो माइली घरमा बसेर सबैको भलो गर्दै रहनु हुन्थ्यो, अब त्यसरी नै मेरा स्वामीको पनि हेर-विचार गर्दै रहनु होला। विशेष रूपमा अन्य कुनै पनि स्वास्नीमानिस महादेवको त्यो कैलास भवनभित्र छिर्न नपाउन्। कदाचित कुनै उपायले पसिहालेछन् भने गुप्तरूपमा मलाई सूचित गर्न नबिर्सनु होला। त्यस बखत जे जति गर्नु पर्ला, त्यो म स्वयं गर्नेछु। यति भनेपछि आफ्नी कुलदेवीको आश्वासन पाएपछि पार्वती आफ्नू हिमालयमा तपस्या गर्न जानुभयो। अनि आफ्ना पिता हिमालयको बगैंचामा आकाश मार्गबाट घनघोर कालो घटाभित्र कुनै तेजपुंज हराएर गए झैं अदृश्य रूपमा पुग्नुभयो। अनि पहिरेको राम्रा-राम्रा गहना वस्त्रहरू त्यहीं एकातिर राखी वृक्षका बोक्रा पहिरेर ग्रीष्मको घाममा पञ्चाग्नि तापी, वर्षा ऋतुमा खुला चौरमा वर्षाको कष्ट सहेर तथा पूष-माघको जाडोमा हिमालयको जल भित्र बस्ने, अनि कहिले निराहार, कहिले अलि-अलि फलाहार गरी रित्तो वेदीमा सुत्ने, यस प्रकारको कठोर तपस्यामा लीन हुनुभयो।

पार्वतीले तपस्या गर्न बसेकी थाहा पाएर त्यही मौका छोपी अन्धकासुरको पुत्र बकासुरको मित्र आडि नामको एउटा दानव 'पिताको शत्रु साधन गर्ने अवसर यही हो' भनी एक्लै पारी बिताउने इच्छाले शिवको कैलास पुरीमा आयो र भित्र जान विचार गर्दा ढोकामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वीरकलाई देखेर टक्क अडियो, अनि आफ्नू पूर्वको कथा सम्झन लाग्यो। मेरा पिता अन्धकासुरलाई महादेवले मारेका हुन्। अब मैले पितृ-वधको साटो फेर्दछु भनी ब्रह्माजीको तपस्या गरें। अनि ब्रह्माजी मेरो तपस्याले प्रसन्न भएर वरदान दिन पाल्नु भयो। मैले म कहिल्यै नमर्ने अजम्मर हुन पाऊँ भनी वरदान मागें। ब्रह्माजीले- हे असुरराज बकासुर ! यस संसारमा कोही पनि अमर छैन। शरीर पाएपछि एक दिन मर्नै पर्दछ, अतः मृत्युको कुनै अवकाश वा निमित्तलाई अडान राखी वरदान माग, म दिनेछु- भन्नुभयो। अनि दानवले भन्यो- हे प्रभो ! त्यसो भए जहिले म आफ्नू देह परिवर्तन गर्नेछु, त्यसै बखत मेरो मरण हुन सकोस् अन्यथा शरीर परिवर्तन नगरेसम्म अमर रहिरहूँ भन्यो र ब्रह्माजीले 'तथास्तु' भन्नुभएको हो। म अमर छु र पिता-वधको शत्रु साधन गर्न समर्थ पनि छु। तर यो वीरकको आँखा छलेर भित्र कसरी जाऊँ; भन्ने विचार गर्दा आफ्नू मृत्युको कुरा बिर्सियो। यो वीरकलाई कुन उपायले छक्याऊँ, केवल यही मात्र विचार गर्न लाग्यो। त्यसै बखत सानो सर्पको रूप लिएर वीरकको आँखा छली एउटा सानो छिद्रबाट भित्र पस्यो। आफ्नू कोखामा दाँत राखेर पार्वतीकै जस्तो राम्रो रूप धारण गरी, शरीरमा पूरा श्रृंगार र आभूषण समेत पहिरी शिवजी राजभएको भव्य बैठक कोठामा पुग्यो। शिवजीले त्यसलाई पार्वती ठानेर अंकमाल गरी भन्नुभयो- हे प्रिये पार्वती ! तिम्रो भाव उत्तम छ, यो भाव नकली वा बनावटी त होइन ? मेरो मनको भाव बुझ्न समर्थ भइछौ कि कसो हो ! तिमी नहुनाले मेरो निम्ति सारा संसारै अन्धकारमय भयो। तिमी प्रसन्न भएर नै फर्केर आएकी जस्ती छौ,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसो हो ? फर्केर आयौ, राम्रो गऱ्यौ। यो काम गर्नु उचित पनि हो। यति महादेवको कुरा सुनेर पार्वती-रूपधारी दानवले भन्यो- स्वामी ! म तपस्या गर्न गएकी हुँ, तर हजुरलाई सम्झिरहें, केही गर्दा पनि बिर्सन सकिन, त्यसैले फर्केर आएकी। यो कुरा सुन्दा महादेवको मनमा शंका उत्पन्न भयो। मैले त्यति बुझाउँदा पनि नमानेर दृढ भई तपस्या गर्न गएकी पार्वती त्यसै फर्केर कदापि आउन सक्तिनन्। यस्तो विचार गरी राम्ररी ध्यान-दृष्टिले हेर्दा पार्वतीको बायाँ भागमा कोखामा रोमको आवर्त (भुमरी) परी कमलको पुष्पजस्तो चिन्ह बनेको थियो, त्यो रहेनछ। अतः यो कुनै दानवी माया हो, छल्न आएको भन्ने बुझेर पनि थाहा नपाए झैं भई विस्तारैसित वज्रास्त्रको सन्धान गरी त्यस आडि दानवको सन्धिमा प्रहार गर्नुभयो र त्यस चोटले त्यो आडि दानव त्यहीं ढलेर मरिहाल्यो। उता पार्वतीकी कुलदेवी कुसुमामोदिनीले स्वास्नीमानिस भित्र पसेकी चाल पाइन् तर किन र कसरी भित्र पसी, के भयो भन्ने कुरा जान्न सकिनन्। महादेवको गुप्त खोपीमा कुनै स्वास्नीमानिस पसी भन्ने समाचार वायुद्धारा पार्वतीकहाँ पठाइदिइन्।

त्यो समाचार सुनेर पार्वती मनमनै विचलित भइन्। वीरकले मलाई धोका दियो भन्ने ठानेर म जस्ती सोझी र माया गर्ने आमालाई धोखा दिइस् भने– अब चर्को नून जस्ती शिला (पत्थर) तेरी आमा होस् भनेर श्राप दिइन्। यस प्रकार वीरकलाई श्राप दिएर क्रोधित भएकी पार्वतीजीको मुखबाट उनको रिसको रूपान्तरमा एक ठूलो सिंह निस्कियो। भयंकर अनुहार भएको, याल हल्लेको र पुच्छर ठाडो पारेको अनि दाँत कट-कट पारेर मुख खोलेको, जुरो लत्रिएको, कोखा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

र कम्मर सेप्रो भएको, त्यस्तो डरलाग्दो सिंहमा चढेर पार्वतीको उग्ररूप हुने लक्षण जानेर स्वयं ब्रह्माजी त्यहीं प्रकट हुनुभयो र आज्ञा गर्नुभयो- हे पुत्री, पार्वती ! तिमीले यो के गर्न आँटेकी ? तपस्या गर्न छाडेर कता प्रस्थान गर्न खोजेकी छौ ? व्यर्थ किन क्रोध गरेकी ? तिम्रो क्रोधको उद्देश्य के हो ? मनमा के इच्छा छ ? जस्तै दुर्लभ वस्तु पनि म दिन तयार छु। यस्तो कठिन तपस्या र यो क्रोधबाट के गर्ने मन छ, चित्तको कुरा मलाई भन।

ब्रह्माजीको वचन सुनेर पार्वतीले भन्नुभयो- 'हे पितामह ब्रह्मन् ! मैले महादेव स्वामी पाऊँ भनेर कठोर तपस्या गरेर बल्ल-बल्ल महादेवलाई स्वामीरूपमा प्राप्त गर्नसकें। अब महादेवजी मलाई बारम्बार श्यामा (काली) भनेर उपहास (खिस्सी) गरिरहनु हुन्छ, त्यसै कारण अब म सुवर्ण जस्तै रंगकी गोरी भएर उनकी परम-प्रिया बनी उहाँकै बायाँ काखमा बसिरहन पाऊँ, यही मेरो आन्तरिक इच्छा छ।' पार्वतीको इच्छा जानेर ब्रह्माजीले 'तथास्तु' भन्नुभयो। अनि पार्वतीजीले आफ्नू पुरानो भ्रमरा झैं र फुलेका नील-कमल समानको शरीरको कालो काँचुली सर्पले फेरेजस्तै गरी त्यहीं छाडिदिनुभयो अर्थात् काँचुली त्यहीं फेरिदिनु भयो। पार्वतीको त्यस काँचुलीबाट पीताम्बर धारण गरेकी, हातमा घण्टा लिएकी कालिका देवी प्रकट भइन्। तिनलाई ब्रह्माजीले भन्नुभयो– हे विभावरी ! तिमी निशा (रात्रि) हौ। यी पार्वतीजीको देहको सम्पर्कले गर्दा तिमी कृतार्थ भएकी छौ। पहिले तिमी केवल एक निशा थियौ। अब यो सिंह तिम्रो वाहन बन्नेछ। तिम्रो ध्वजामा पनि यही विद्यमान रहने छ। अब देवताहरूको कार्य सम्पन्न

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्न तिमी विन्ध्याचलमा गएर विन्ध्यवासिनी नामले प्रख्यात भएर बस। यो पाञ्चाल नाम भएको यक्ष आफ्ना लाखौं यक्ष-सेनाका साथ तिम्रो सेवा र आज्ञामा उपस्थित रहने छ। यति भनेर कालीलाई विन्ध्याचल पर्वतमा पठाई ब्रह्माजी आफ्नू धाममा फर्कनु भयो। पार्वतीजी पनि खारिएको सुन जस्तो वर्णकी गोरी भएर प्रसन्न मनले शंकर भगवान्- कहाँ जान सरासर पाल्नुभयो। मुख्य द्वारमा हातमा बेंतको छडी लिएर बसेको वीरकले भित्र जान लागेकी पार्वतीजीको सामुन्ने ठड्याएर भन्नलागे- तपाईं को ? यहाँ तपाईंको केही काम छैन; तुरुन्त फर्किहाल्नु होस्, होइन भने शंकर भगवान्‌को अमोघ त्रिशूलको लक्ष्य हुनु पर्नेछ। अघि नै पार्वतीजीको रूप लिएर कुनै एउटा दानव शिवजीलाई झुक्याएर छल्न भनी भित्र पसेछ। मैले त्यसलाई देख्न पाइन; तर अन्तर्यामी शिवजीले त्यसको पाखण्ड थाहा पाएर त्यसलाई स्वयं मार्नुभएछ। अनि मलाई भित्र डाकेर भन्नुभयो- वीरक ! मूल द्वारमा बसेर तिमीले के यस्तो हेलचक्राइँ वा असावधानी गरेको ? यति भन्दै वेसरी रिसानी भयो यस्तो चाला गर्ने हो भने तिमीले मेरो ढोकामा धेरै दिनसम्म बस्न पाउँछु भन्ने आशै गर्नुपर्दैन। शिवजी निवास गर्ने भित्री कोठामा हाम्री माता पार्वतीजी बाहेक अन्य कोही स्त्री वा पुरुष छिर्न पाउने छैन।

वीरकको यस्ता कुरा सुनेर पार्वतीजी स्वयं छक्क पर्नुभयो। अनि मनमनै विचारमा गाडिनुभयो— मलाई पहिल्यै कुनै स्त्री भनेर सूचना दिएको त त्यो स्त्री नभएर कुनै दुष्ट दानव छल गर्न आएको रहेछ। मैले रिसाएर व्यर्थमा वीरकलाई श्राप दिएछु। क्रोधले कसैको पनि बुद्धि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बिगार्छ र भलो गर्दैन, यस्तो मनमनै गुनी , केही लाज माने झैं गरी वीरकसित भन्नुभयो- बाबू वीरक ! म तिम्री माता पार्वती नै हुँ। तिमी कुनै प्रकारले पनि भ्रममा नपर। गिरिराज हिमालयकी पुत्री, भगवान् शिवकी अर्धाङ्गिनी पार्वती म नै हुँ। तिमीलाई सम्झना होला- म तपस्या गरिसकेर अवश्य फर्केर आउने छु भनेर म गएकी थिएँ। तपस्या पूर्ण भएपछि ब्रह्माजीले मलाई गोरी तुल्याइदिनु भयो। अनि तिमीले कुनै स्वास्नीमानिसलाई यस ढोकाबाट भित्र जान दियो अरे भन्ने समाचार सुन्दा मलाई बेसरी रिस उठ्यो, अनि तिमीलाई श्राप दिएँ; तर यसमा तिम्रो केही दोष रहेनछ, तिमी निर्दोष रहेछौ तापनि मेरो श्राप पनि अटल र अमोघ छ। अतः तिमी अब मनुष्य लोकमा शिला-पुत्र भएर छिटै नै आउने छौ। तिमी आफ्नू काममा सफल हुनेछौ। त्यति कुरा सुनेपछि वीरकले माता पार्वतीलाई भक्तिपूर्वक अभिवादन गरी दुवै हात जोरेर अनेक प्रकारले स्तुति-प्रार्थना गरे। वीरकको प्रार्थनाले प्रसन्न भएर जगदम्बा पार्वती आफ्ना चिर-आराधित प्रिय-पति भगवान् विश्वेश्वरको भव्य भवनभित्र प्रवेश गर्नुभयो।

उता तारकासुर दैत्यको कठोर एवं डरलाग्दो शासनबाट त्रस्त र व्याकुल भएका सम्पूर्ण देवताहरू श्रीशिवजीको दर्शन गर्न ठीक त्यही मौकामा उपस्थित भएका थिए। तर द्वारमा बसेका वीरकले— अहिले मौका छैन, भगवान् आशुतोष शिव एकान्तमा प्रियतमा पार्वतीसित राजभएको छ, फेरि कुनै मौका पारेर आउनुहोला भनी फर्काइदिए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनेक सहस्त्र वर्ष बितिसके। शिव-शक्तिको त्यो समागमरूप प्रचण्ड क्रीडा निरन्तर अविराम गतिले चलिरहने सुरत······देवताहरू आत्तिएर कहिले शिव-पार्वतीको पुत्र उत्पन्न हुने होला, अनि कहिले तारकासुर दैत्यको वध गर्ने अवसर मिल्ला र कहिले हामीहरू आफाफ्ना लोकमा निवास गर्न पाउने छौं भनी हतार गरिरहेका थिए। यस कुराको राम्रो निधो गरेर छिटै आऊ भनी अग्निलाई पठाए। सुगाको रूप धारण गरेर सानो आँखी झ्यालको छिद्रबाट अग्नि बिस्तारै भित्र पसे। त्यहाँ शिवजीलाई पार्वतीका साथ रति-क्रीडामा मग्न भइरहनु भएको स्पष्ट देखे। उता शंकरजीले पनि सुगाको रूप लिएर आएका अग्निलाई देख्नासाथ चिन्नुभयो र अलि झोक्किएर आज्ञा भयो- हे अग्नि ! मेरो यस्तो अपूर्व आनन्दको रस-बसमा तिमीले विघ्न पारिदियौ भने यसको फलस्वरूप तिमीलाई मेरो अमोघ वीर्य दिन्छु, हात थाप। अग्निले मनमनै विचार गरे- शिवको यो अमोघ वीर्य, देवताहरूको त्यत्रो दैत्य-वधरूपी कामको लागि सहस्त्रौं वर्षको अथक प्रयास त्यसै खेर फाल्नु अनुचित हुन जानेछ। यति विचार गरेर आफ्नू अंजलिमा थापे। शिवजीको आग्रहपूर्वकको प्रेरणा स्वीकार गरी त्यो सबै अमोघ वीर्य पिइदिए; तर सबै देवताहरू अग्निमुख भएका हुनाले शिवको त्यो अमोघवीर्य सबै देवताहरूका पेटमा भरिनगयो। अन्त्यमा ती सबैको पेट फोरेर शिवजीको त्यो वीर्य महादेवकै आश्रमको नगीच स्थित 'शरवन'को बीचमा एकै स्थानमा एकत्र भएर त्यस वीर्य पुंजबाट एउटा दिव्य सरोवर तयार भयो। त्यो सबै कुरा थाहा पाएर पार्वतीजी स्वयं त्यहाँ आउनुभयो र मनलाई नै आकर्षित पार्ने स्वच्छ निर्मल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जलको सरोवर, त्यसमा फुलेका अनेक प्रकारका कमल पुष्प, पक्षीहरूको मीठो कलरव, सरोवरको वरिपरि सुवर्णको बान्की परेका अनेक वृक्ष र लहरा देख्नुभयो। अनि जल-क्रीडाको इच्छा भएर आयो। पानी भित्र पसेर केही पौरनु भयो र खेल्नुभयो। सबै सखी-संगिनीहरूसित पानी छेपाछेप गर्नुभयो। त्यसपछि तटमा निस्केर वस्त्राभूषणहरू पहिरी सबै सखीहरूसित केही बेर त्यहीं राज भयो र त्यहाँको जलपान गर्ने इच्छा गर्नुभयो। पार्वतीजीको मनको भाव बुझेर सरोवरमा स्नान गरिरहेका षट्कृत्तिकाहरूले त्यो पवित्र र निर्मल जल कमलको पातमा लिएर पार्वतीजी जहाँ बस्नुभएको थियो, त्यहीं विश्रामस्थलमा आए। त्यो पवित्र सरोवरको जल देखेर पार्वती निकै प्रसन्न हुनुभयो। यो मौका सबैप्रकारले उपयुक्त र अनुकूल छ भन्ने विचार गरेर ती षट्कृत्तिकाहरूले पार्वतीसित विनम्र स्वरमा भने- हे भगवती, पार्वती ! यो जल स्वीकार गर्नुहवस्। यदि हजुरको गर्भबाट उत्पन्न बालक हामीहरूको समेत पुत्र मान्न स्वीकार गर्नुहुन्छ भने यो पवित्र जल पान गर्नुहवस्। तिनीहरूको वचन सुनेर श्रीपार्वतीले भन्नुभयो- 'हे देवी हो ! मेरो गर्भबाट उत्पन्न बालक कसरी तिमीहरूको पुत्र हुनसक्तछ ?' पार्वतीको वचन सुनेर ती कृत्तिकाहरूले फेरि विन्ती गरे- 'हे देवी ! अवश्य हुन सक्तछ ! किनभने हामीहरू आफाफ्ना एकेक अङ्ग-प्रत्यङ्ग उत्तम रूपमा त्यस नवजात शिशुको देहमा मिलाइदिन तयार छौं, अनि जन्मेको बालक हामीहरूको समेत पुत्र हुन के बाधा पर्ला ? किन असम्भव होला ?' त्यति कृत्तिकाहरूले भनेको सुनी पार्वतीले आज्ञा भयो- 'उसो भए तिमीहरूको यो प्रस्ताव मलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४०

स्वीकार छ।' अनि तिनीहरूले ल्याएको कमलको पातको जल पार्वतीलाई पिउन दिए। गिरिजाले त्यो जल पिउनुभयो। त्यो पवित्र जल पार्वतीको गर्भमा पुग्नासाथ एउटा दिव्य शिशुको रूपमा परिणत भयो र पार्वतीको दाहिने कोखा फोरेर अद्भुत बालक त्यहीं उत्पन्न भयो। त्यो भरखर जन्मेको बालकको तेजले चारैदिशा प्रकाशित भएर झलमल्ल देखियो। त्यो श्रीसूर्यनारायणको तेज हो अथवा स्वच्छ सुनको कान्ति हो भन्ने भ्रम परी उपस्थित सबै छक्क परेर तर्क गर्नलागे। त्यो मण्डलाकार तेजको बीचमा हेर्दा शक्ति-शूल सहित शस्त्रास्त्रहरूले सुसज्जित छवटा शिर भएका एक दिव्य कुमारको स्वच्छ मूर्ति स्पष्ट देखियो।

दुष्ट प्रकृति र उल्टो विचार भएका तथा आसुरी सम्पत्तिका पक्षधर दैत्य-दानवहरूलाई मारेर दैवी सम्पत्तिको पोषण गर्ने हुनाले ती नवजात कुमारको नामकरण संस्कार समेत गर्ने अनुकूल अवसर देखिएकोले 'कुमार' भन्ने नामकरण गरी कुमार नामले विभूषित तुल्याए। यिनको जन्म चैत्र कृष्ण अमावास्याको दिन भएको थियो। जन्म हुँदा नै यिनी दुइ रूपमा जन्मेका थिए। चैत्र कृष्ण पञ्चमीका दिन देवराज इन्द्रले दुइ रूपको एक रूप बनाए। चैत्र शुक्ल षष्ठीका दिन स्वर्गका प्रधान सेनापतिको पदमा ब्रह्मा, विष्णु, इन्द्र, सूर्य, चन्द्र, अग्नि-वायु आदि सम्पूर्ण देवताहरूले नियुक्त गरेर प्रधान सेनापतिको पदमा विधिपूर्वक अभिषेक पनि गरिदिए। अनेक खेलौना, छत्र, चामर, वस्त्र, चन्दन र अलङ्कारहरूले सुसज्जित पारे। अनि इन्द्र महाराजले आफ्नी कन्या 'देवसेना' दिएर विवाह पनि सम्पन्न गराए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि विष्णु भगवान्ले आफ्ना अमोघ शस्त्रास्त्र दिनुभयो। कुबेरले दस लाख यक्षका सेना दिए। वायुले वाहन र अग्निले आफ्नो तेज दिए। त्वष्टाले कुखुरा दिए र स्कन्द, विशाख, षड्वक्त्र, गांगेय, स्वामी कार्तिकेय, षट्मातुर इत्यादि नामद्वारा ती कुमारको समस्त देवताहरूले स्तुति-प्रार्थना गरे। अनि प्रसन्न भएका कुमारले भने- 'हे देवता हो! मैले हजुरहरूको के काम गरिदिनु पर्‍यो, आज्ञा गर्नुहवस्।' कुमारले यसरी सोधेको सुनेर सम्पूर्ण देवताहरूले शिर निहुराई हात जोरेर विनम्र स्वरमा भने- 'हे भगवन्! हामी सम्पूर्ण देवताहरूको शत्रु र दुराचारी, दुष्ट, क्रोधी बलिया दैत्य-दानवहरूको राजा बनेको त्यो तारकासुरले हामीहरूलाई असाध्य दुःख दिएको छ। अब त्यस दुष्टलाई मारी हामीहरूको उद्धार गरिदिनु हवस्।' देवताहरूको यस्तो काँतर प्रार्थना सुनेर कुमारले आज्ञा गर्नुभयो- हे देवता हो! यस कामको लागि अब कुनै चिन्ता-सुर्ता मान्नु पर्दैन। लोक-कण्टक बनेको त्यस तारकासुरको वध गर्न सेनाको व्यवस्था मिलाएर युद्धभूमिमा पठाउनू अथवा आउँदै गर्नु। त्यस तारकासुरकहाँ यौटा दूत पठाउनु पनि आवश्यक छ। म तत्काल गइरहेको छु भन्दै कुमारजी तारकासुरको वध गर्न भनी प्रस्थान गर्दा भए।

उता देवराज इन्द्रले यौटा अलि तीखो वाणी र तीव्र स्वभाव भएको व्यक्तिलाई डाकेर जो भन्नुपर्ने कुराहरू सिकाई तारकासुरकहाँ दूत-रूपमा पठाए। त्यो दूत गएर तारकासुरलाई भन्यो- हे दानवराज! स्वर्गका महाराज इन्द्रको म दूत भएर आएको हुँ। अब उहाँको समाचार ध्यानपूर्वक सुन्नुहवस्- हे तारकासुर! तिम्रो शक्ति र सामर्थ्य

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जे जति छ त्यसको प्रयोग गर्ने समय आयो। आफ्नू सुरक्षामा जो गर्न सक्दछौ गर। किनभने समस्त संसारका प्राणीहरूलाई थिचेर, दलेर तथा कुल्चेर एवं शोषण गरेर दानवी अत्याचारले तिमीले पापको जुन ढुकुटी भरि पारेर स्वयं आफूलाई 'म एक मात्र यस संसारको अधिपति हुँ अथवा समर्थ हुँ' भन्ने मनमा जुन अभिमान र घमण्ड गरिरहेका छौ र प्रभाव वा ठस्सा देखाइरहेका छौ, अब त्यो पापको, अभिमानको र घमण्डको तीतो परिणामरूपी फल चाख्तीन भने पनि नचाखी नहुने समय उपस्थित भयो। म तीनै लोकको शासक र तारकासुर जस्ता अत्याचारी, दुराचारी एवं आततायीको निर्मूल पारिदिनु मेरो प्रधान कर्तव्य हो। देवराज इन्द्रको यस प्रकारको समाचार सुन्नासाथ क्रोधले राता-राता आँखा पारेर, आफ्नू समाप्तिको विषयमा अलिकति पनि विचार नगरेर- त्यो तारकासुर चर्को स्वरले गर्जन लाग्यो- 'त्यो भगुवा इन्द्रको पौरुष के कति छ भन्ने मैले पहिले पनि अनेकौं पल्ट देखिसकेको छु। त्यो बुद्धिहीन इन्द्रलाई अलिकति पनि लाज छैन ?' बलवान तारकासुरको यस्ता कुरा सुनी दूत फर्केर गइसकेपछि- तारकासुर आफ्नू मनमनै विचार गर्न लाग्यो- कसैको पनि आड-भर नपाई इन्द्रले मसित यस्तो स्फूर्तिको समाचार पठाउन सक्दैन ! बारम्बार हार खाएर संग्रामबाट भाग्ने तथा हामी दानवहरूबाट पराजित भएको इन्द्र आज कुरा गर्दैछ भने अवश्य पनि त्यसलाई कुनै बलियो सहयोग वा भर-प्राप्त भए जस्तो बुझिन्छ। त्यसै मौकामा तारकासुरका चारैतिर असगुन वा कुलक्षणहरू देखिन थाले। पानी परें झैं रगत वर्षने, आँधी र धूलो उड्ने, आँखा र पाखुराहरू फरफराउने, मनमा अत्यास हुने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख सुकेर आउने, परिवारको अनुहार मलिन देखिने, स्याल-कुकुरहरू रुने र कराउने इत्यादि हुन लागे। त्यस्ता कुनै पनि कुरामा विचार नगरी आफ्नू चित्त नियन्त्रणमा राखेर त्यो तारकासुर निर्भय भइरहेको थियो। त्यही मौकामा आफ्नू ठूलो राजप्रासादको अग्लो छतबाट हेर्दा, हात्तीका समूह हिड्दा घण्टा घुँघुरुहरू बजेको विचित्र ध्वनिले डरलाग्दो, अनि अश्वहरूका टापको ध्वनि र उडेको धूलोले आकाशमा कुइरिमण्डल भएको, अनेकानेक रथहरूका अग्ला-अग्ला ध्वजा-पताकाहरू फरफराएका र पांग्राका घर-घर ध्वनि भइरहेको, आकाशमा अनेक प्रकारका विमानहरूमा विराजमान देवताहरूका चमरहरू चलिरहेका, अनि अनेक किन्नर गणहरूका संगीतको मीठो ध्वनि फैलिइरहेको, राम्रा-राम्रा वस्त्र र अलंकार तथा दिव्य फूलमालाहरूले झलमल्ल भएको, अनि म्यानबाट झिकेका खड्ग, खुँडा, तरबार आदि शस्त्र लिएका; सूत मागध र वन्दीजनहरूको स्तुति-पाठले तुमुल ध्वनि बढ्दै गइरहेको, झकाझक टल्कने कवचहरूले अद्भुत शोभा भएको समस्त देवताहरूको विशाल सेना देखियो। अनि तारकासुरको तत्काल चित्त आत्तियो र के गरुँ, कसो गरुँ ? भन्ने विचार गर्दागर्दै चिन्तामा गाडियो र आकाशतिर नै हेरिरह्यो तथा विचार गर्‍यो- कुन यस्तो अपूर्व योद्धा यहाँ आउँदै छ, जसलाई मैले आजभन्दा पहिले नजितेको हुँला ! यसरी मनमनै तर्क गर्दै थियो कि अकस्मात् उसका कानमा अनेक सिद्धजनहरूको दिव्य संगीतको मधुर ध्वनि तारकासुरको हृदयनै थर्काउने गरी भित्र पसिरहेको थियो।

त्यसपछि देवतातर्फका सिद्ध र बन्दीजनहरूको सामगानको उत्तम गाथा सुनेर तारकासुरको मनमा झस्को पसे झैं भयो। अनि ब्रह्माजी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सित आफूले वर माग्दाको एकेक कुरा सम्झना भयो। अनि सात दिनको सानो शिशुबाट मेरो मृत्युको समय आइपुगेछ कि भनेर भित्रभित्रै चिन्तातुर र शोकाकुल हुन गई संग्रामरूपी धर्मको मर्यादा स्मरण गरेर कवच पनि नपहिरेरै केही पैदल सेनाहरूलाई पछि-पछि आउने संकेत दिई आफू पनि पैदल नै आफ्नू विशाल राजभवनबाट बाहिर निस्कियो। अनि कालनेमीले आफ्ना समस्त दानवहरूलाई उच्च स्वरमा चिच्याएर भन्यो— 'हे दानव-योद्धा वीरहरू हो ! अविलम्ब सेनाहरू सुसज्जित पारेर दगुर, पक्र, देवताहरूलाई मार, ढीलो नगर। मेरो पछि-पछि झटाझट आओ !'

आफ्नू सामु आइसकेको अत्यन्त सुकुमार वयका कुमारजीलाई देखी भयङ्कर डरलाग्दो स्वरूपको त्यो तारक असुरले भन्यो- ए फुचा, सानो बच्चा ! के मसित लडाइँ गर्ने मन छ ? जाऊ, स-साना बालकसित भकुण्डो खेल। तिमी जस्ता साना बालकले हामी जस्ता डरलाग्दा असुरसित युद्ध गर्न सुहाएन ! हामी जस्ता पराक्रमी दानवहरू अघि कहिले देखेका थियौ ? के यो संग्रामको विधि र धर्म नजान्ने तिम्रो केटा-केटी बुद्धि हो ? यति सुन्नासाथ कुमारले पनि समस्त देवताहरूलाई हर्ष वृद्धि गर्दै तारकासुरतिर मुहुडा दिएर अलि चर्को स्वरमा भन्नुभयो– ए तारकासुर ! शास्त्रका नियम र युद्धको धर्म मैले नै तँलाई बुझाउनु पर्ने भइरहेको छ, किनकि युद्धको समयमा निर्भीक योद्धाहरू यो कुरा यस्तै हो, यो कुरा यसो होइन भन्नेतिर लागेर अनर्गल तैंले जस्तै प्रलाप गर्दैनन्। मलाई बालक ठानेर उपहास नगर। विषालु सर्पको बच्चा सानै भए पनि डरलाग्दो हुन्छ। फेरि सूर्य बालकै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छँदा पनि कसैले हेर्न सक्तैन। हात्ती ठूलो भए पनि सानो अंकुशले वशमा राख्दछ। मन्त्र सानै भए पनि सुरासुरलाई वश पार्न सक्ने सामर्थ्य भएको हुन्छ। बुझिस् तारकासुर ! म तेरो निम्ति अजेय छु। कुमारजी यसरी भनिरहेकै थिए; उनीमाथि तारकासुरले मुद्‌गर प्रहार गरिदियो। कुमारले वज्रद्वारा त्यो मुद्‌गर विफल तुल्याइदिए र तत्काल फलामे भिन्दिपाल असुरले प्रहार गऱ्यो। त्यो पनि कुमारले हातले समातेर फालिदिए। अनि तारकासुरलाई ताकेर कुमारले एउटा प्रभावशाली गदा प्रहार गरे। त्यस गदाको चोटले तारकासुर, कुनै वज्रको चोर परेको ठूलो पर्वत जस्तै भयो र मनमनै कुमारलाई अजेय वा दुर्जेय मान्यो र आफ्नू काल प्रत्यक्ष सामुन्ने आइपुगेको स्थिति जाने बुझेर पनि क्रोधले रन्थनिइरहेको थियो। अनि तारकासुर अलि लरखरिएको देखेर कालनेमी समेतका समस्त दैत्य-दानवहरू एकैपल्ट तम्सिएर कुमारमाथि जाइलागे; अनेक शस्त्रास्त्रका वर्षा गरे। तर स्कन्द कुमारलाई कुनै पनि अस्त्र-शस्त्रले छुन सकेन। अनेक दैत्य-दानवहरू कुमारतिर तथा देवताहरूतिर झम्टन थाले। कुमारलाई त तिनका शस्त्रास्त्रहरूले छुनै सकेनन् तर अनेक देवताहरू आकुल-व्याकुल भए। देवगणको त्यस्तो स्थिति देखेर क्रोधित भएका कुमारले आफ्ना अमोघ शस्त्रास्त्रहरू ती दैत्य-दानवहरूमाथि यस किसिमले प्रहार गरे- कि दानवहरूको विशाल सेना जहाँको तहीं टक्क अडियो, अगाडि बढ्ने साहस गर्न सकेनन्; तिनको सामर्थ्य नै हराएरगयो; झन् पछाडितिर भाग्न-थाले। आफ्ना सैनिकहरू त्यसरी भाग्न लागेका देखेर रिसाएको तारकासुरले आफ्नू प्रचण्ड गदा घुमाएर कुमारलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ताकेर प्रहार गरिदियो। त्यसैमाथि अनेक बाणहरू एकैपल्ट छाडेर कुमारको वाहन मयूरलाई घायल पारी पछाडि सर्न बाध्य तुल्यायो। जब चोट खाएर मयूर पछाडि फर्कन लाग्यो तब क्रोधित भएका स्वामी कार्तिकेयले सुवर्णका झालर र टल्किने सिक्रीहरूले सुसज्जित शक्ति उचालेर फन्न तीनपल्ट घुमाई, रत्नका बाजू-बालाहरूको झन्कार गराई पापिष्ट तारकासुर ! अब तँ संग्राममा मेरो सामुन्ने उभिएर अन्तिम एकपल्ट यो विशाल संसारलाई हेर, अब तैंले यमराजको नगरतिर जाने मौका नगीचै आइसकेको छ। मेरो यो शक्तिले तेरो प्राण लिनेछ, अब तँ मरिस् ! तेरो शस्त्रास्त्र र तन्त्र-मन्त्र जे जति छ, सबैलाई स्मरण गर, मौका यही हो, अब फेरि अवसर मिल्ने छैन। जे भएको शक्तिले उद्योग गर; जीवन रक्षाको उद्योग गर- यति भनी ठूलो वेगले तारकासुरको छाती ताकेर शक्ति प्रहार गरिदिए। त्यो अमोघशक्तिले बलवान् तारकासुरको वज्रको विशाल पर्वत झैं अत्यन्त कठोर छाती फोरिदियो र प्रलय कालमा भूमिमा ढलेको ठूलो पर्वत झैं किरीट, कुण्डलहरू चारैतिर छर्दै आकाशबाट चट्याङ परेजस्तै चर्को शब्द गरेर भूमिमा पच्छारियो। त्यसका सैनिकहरूमा ठूलो हाहाकार र कोलाहल मच्चियो। सारा सैनिक जसले जता भाग्ने अवसर पायो उतै भाग्न लागे। यस प्रकार जब स्वामी कार्तिकले बलवान असुर तारकलाई मारिदिनु भयो तब आसुरी सम्पदाको पनि इति भयो। अनि देवताहरू पनि ठूलो विजयको हर्ष मनाउन लागे। दैवी सम्पदाको उत्थान भएकोले समस्त संसार सुखी भयो। त्यस मौकामा नरक नै शून्य भयो, त्यहाँ पापी वा दुःखी कोही देखिएन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यति भइसकेपछि सबै देवताहरू एकत्र भएर विजयी कुमारको स्तुति गरे। तारकासुर मारिएको हर्षले गद्‌गद् भएका देवताहरू कुमारप्रति आभार र कृतज्ञता प्रकट गरी, भक्तिपूर्वक अभिवादन अर्पण गरी, सिद्ध, महर्षि, देवर्षि र राजर्षिहरू तथा सम्पूर्ण देवगण आफ्नू-आफ्नू लोकमा जाँदा भए। कुमार पनि देवताहरूको कार्य सिद्ध पारेर कैलास पर्वतमा आफ्ना माता-पिताको दर्शन गर्नका लागि जानुभयो।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! कुमारको उत्पत्ति र तारकासुरको विनाश भएको प्रसंग भन्ने, सुन्ने र सुनाउने प्रत्येक मानिस दीर्घायु, भाग्यमानी, निरोगी, लक्ष्मीवान्, राम्रा र तेजिला हुनेछन्। तिनको बालग्रह शान्त होला, निर्भय र सुखी रहनेछन्। राज-कार्यमा लागेका कर्मचारीहरूले यो कथा सुने इच्छित लाभ प्राप्त हुनेछ। नित्य-क्रिया सकेर स्नान-संध्या गरी यो स्वामी कार्तिकको चरित्र पाठ गरे शत्रुले जितेको राज्य पनि फेरि प्राप्त हुनेछ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी व्रतकथायां तारकासुर पराजय वर्णनं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४१

अथ पञ्चदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि पार्वतीले विवाह भएपछि आफ्ना स्वामीलाई दिने भनेर यत्नपूर्वक राखेको श्री स्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ वेलीपुष्प, आठ जनै, आठ पान र आठ कुड्का सुपारी सगुन समेत ल्याएर- 'हे स्वामी ! हे जगदीश्वर ! मैले गरेको तपस्या र मेरो इच्छा अब पूर्ण भयो। बाल्यावस्थादेखि नै हजुरलाई प्राप्त गर्ने आशा राखेकी आज बल्ल प्राप्त गरें।' यति भनेर प्रसाद महादेवको बाहुलीमा ग्क्राई साष्टाङ्ग प्रणाम गरिन्। अनि- 'हे अनादिपुरुष ! स्वस्थानी परमेश्वरीको व्रतको प्रभावले मैले हजुरजस्ता त्रैलोक्याधिपतिलाई स्वामी रूपमा प्राप्त गरें। अब म केही बिन्ती गर्दछु— यो सम्पूर्ण संसारमा कोही दुःखी छन्, कोही दरिद्र छन्, कोही पापी छन्, कसैका सन्तान छैनन्, कसैका स्त्री छैनन्, कसैका पुरुष छैनन्। अतः यो स्वस्थानी परमेश्वरीको व्रत प्रकाश गरिदिन पाए सबैको उद्धार हुनेछ।' यति पार्वतीको वचन सुनेर जगदीश्वर महादेवले आज्ञा गर्नुभयो- हे पार्वती ! तिमी धन्य रहिछौ ! संसारका दीन-दुःखीहरूप्रति तिम्रो मनमा यस्तो दयाभाव भएपछि म तिमीलाई यसको उपाय भन्दछु, सुन- यति भनी शिवजी त्यसको उपाय भन्न थाल्नुभयो। पहिले तिमी अश्वत्थामा ऋषिलाई डाकेर रसातल अर्थात् पातालमा पठाऊ; त्यहाँ उनले राम्ररी प्रकाश गरिदिने छन्। यति जगदीश्वर महादेवको आज्ञा पाएपछि जगदम्बा पार्वतीले 'हवस्' भनी अश्वत्थामा ऋषिलाई डाक्न पठाइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि अश्वत्थामा ऋषि आएर शिव-पार्वतीलाई प्रणाम गरी- 'हे उमा-महेश्वर ! मलाई अहिले के काम परेर डाकिबक्सियो, त्यो आज्ञा भए मन प्रसन्न हुने थियो। हजुरको आज्ञा पालन गर्नपाए म आफ्नू अहोभाग्य सम्झने थिएँ।' यति अश्वत्थामा ऋषिको वचन सुनी पार्वतीजी भन्नु हुन्छ- हे अश्वत्थामा ऋषि ! तिमी रसातल पातालमा जाऊ र त्यहाँ जो दुःखी छन्, जो दरिद्र छन्, जो पापी छन्, जसका स्त्री छैनन्, जसका पुरुष छैनन् र जसका सन्तान छैनन्- त्यस्ता व्यक्तिहरूलाई यस्ता प्रकारको विधिले श्री स्वस्थानी परमेश्वरीको व्रत गराऊ र ती सवै दुःखको समुद्रबाट पारि जाउन्, तिनको उद्धार होओस्। यति भनेपछि अघि आफूलाई श्रीविष्णु भगवान्‌ले बताए जस्तै सारा व्रत-विधि बताइन् र लौ, अब जाऊ भनी विदा गरेर पठाइन्। पार्वतीको आज्ञा सुनेर प्रसन्न भएका अश्वत्थामा ऋषि 'हवस्' भनेर गौरी-शङ्करलाई साष्टाङ्ग दण्डवत प्रणाम गरी सरासर रसातल पातालमा जाँदा भए।

यता महादेवले यी पार्वती कत्तिकी बाठी रहिछन्, जान्नु पर्‍यो भन्ने मनमा गुनेर कसैले देख्न नसक्ने स्थानमा गएर लुक्नुभयो। उता महादेवलाई नदेखी जगदम्बा पार्वती यता-उता खोज्दै हिंड्न लागिन्। कहीं पनि स्वामीलाई पाउन सकिनन् र मन खिन्न र व्याकुलता अनुभव गरी अनेक विलाप गर्न लागिन्। केही बेरपछि कता जानुभयो होला भनी अनेक स्थानमा खोज्दा एक नपत्याउने स्थानमा लुकिरहेका जगदीश्वर महादेवलाई भेट्टाएर भनिन्- 'हे स्वामी ! हजुरले मलाई छलेर किन लुक्न जानुभयो ? म सुन्दरी नभएर हो कि म हजुरको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनपरिन र हो कि ? किन मलाई एक्लै छाडेर अन्त लुक्न जानुभयो ?' पार्वतीजीको यस्ता वचन सुनी मुखले केही नबोली महादेवजी मनमनै घोरिनु भयो- यी पार्वतीले मलाई यसै छाड्ने भइनन्, अब अर्कै रूप धारण गरी वन-विहार गर्न जान्छु- भनी त्यहाँबाट अन्तर्धान भई नेपालको श्लेष्मान्तक वनमा एक्लै गएर किरातीको रूप लिई वनमा अनेक जन्तुको शिकार गर्दै हिड्न लाग्नुभयो। यता महादेवलाई पार्वतीले फेरि देखिनन् र मनमा दुःख मान्दै स्वामीले मलाई किन छल्नुभयो ? भन्दै मनमा अनेक शंका-उपशंका गरी ध्यान-दृष्टिले विचार गरेर हेरिन्। अनि जगदीश्वर शिवले श्लेष्मान्तक भवनमा किरातीको रूप धारण गरेर शिकार खेल्दै हिंडिरहेको थाहा पाइन् र पार्वतीले पनि जगदीश्वरलाई छक्याउनका निम्ति अत्यन्त राम्री किरातिनीको रूप धारण गरी, असाधारण सुन्दरी बनेर अनेक थरिका हाउ-भाउ र कटाक्षले युक्त भई श्लेष्मान्तक वनमा गएर यौटा ठूलो वृक्षको सघन छायामा विश्राम गर्न भनेर बसिरहिन्। उता रसिक बनिसकेका श्रीमहादेव पनि वनमा यता-उता डुल्दै त्यहीं आइपुग्नुभयो। अनि किरातिनी-रूप अनिन्द्य सुन्दरी पार्वतीलाई देखेर मोहित भई सोध्न लाग्नुभयो- हे सुन्दरी ! तिमी को हौ ? देवकन्या हौ कि ? यक्ष-कन्या हौ ? अथवा नागकन्या हौ कि ? स्वर्गकी अप्सरा रम्भा, तिलोत्तमा, उर्वशी मध्ये कोही हौ ? मैले हेर्दा त यो सम्पूर्ण ब्रह्माण्ड संसारमा तिमी जस्ती राम्री स्त्री हुन दुर्लभ छ ! फेरि यो घनघोर वनमा एक्लै किन आएर बसिरहेकी ? तिमीलाई डर पनि लाग्दैन कि ? यो अघोर वनमा हिंसक जन्तु बाघ, हात्ती, बनेल, चितुवा आदिको पनि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कत्ति डर-भय नमानी निर्धक्कसित बसिरहेकी छौ ? यो कुराको सारा वृतान्त मलाई भन ! यति किराती रूप महादेवले आज्ञा भएको सुनी किरातिनी रूप पार्वतीले मेरा आराध्य स्वामी जगदीश्वर महादेव यिनै हुन् भन्ने जानेर मनमनै दण्डवत् प्रणाम गरिन् । श्रीमहादेव त्यस बखत कस्ता रीतले आउनु भएको थियो भने— बायाँ हातमा धनु लिएका दाहिने हातमा त्रिशूल लिएका, शर राख्ने ठोक्रो काँधमा भिरेका, सर्पका गहना लगाएका, महाभयङ्कर मूर्ति भएका यस्ता किराती-रूप शिवजीलाई पार्वती भन्न लागिन्- 'हे किरात ! म यहाँ बसेकी निकै वर्ष भइसक्यो, किरातिनी हुनाले मलाई वनका जन्तु बाघ-हात्ती आदिको डर-भय पनि केही लाग्दैन । तपस्या गरेर बसेकी हुँ ।' यस्ता प्रकारले दुवै स्त्री-पुरुषको अनेक कुरा-कानी चन्दाचल्दै साँझ पर्नलाग्यो र श्रीमहादेव आज्ञा गर्नुहुन्छ- 'हे सुन्दरी ! तिमी पनि एक्लै रहिछौ, म पनि एक्लै छु । अब हामी दुवै जना यहीं राति बास बसौं ।' यति श्रीमहादेवको कुरा सुनेर किरातिनी रूप पार्वती भन्नलागिन्- 'हे किरात ! तिमी लोग्नेमानिस म स्वास्नीमानिस, एक्लै यस्तो घोर वनको बीच कोही नभएका स्थानमा कसरी साथै वास बसौं ? फेरि लोग्नेमानिसको धर्म हुँदैन, राम्री स्वास्नी देखे भने घर-द्वार, आमा-बाबू सबै बिर्सन्छन् । त्यसै कारण एकै ठाउँमा बास नबसौं, यो कुरा नगर ।' यति किरातिनी-रूप पार्वतीको कुरा सुनी किराती-रूप महादेवले आज्ञा गर्नुभयो– 'हे सुन्दरी ! यस कुरामा तिमी सन्देह नगर ।' यति भनेर दुवै स्त्री-पुरुष त्यहीं वृक्ष-मनि वास बसे । यस्ता प्रकारले बस्ता-बस्ता केही दिन बित्यो, पार्वतीको मनमा- यसै बसेर कति दिन निर्वाह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने हो ! यी भोलानाथ त सधैं यसै गरी बसेर पनि दिन बिताउन समर्थ छन्। अब केही युक्ति नगरी भएन भन्ने विचार गरी श्रीमहादेवलाई छलेर आकाशवाणी भए झैं गरी भन्न लागिन्- हे जगदीश्वर ! हजुरले याद नराखिदिंदा हामी ब्रह्मा, विष्णु, इन्द्रादि देवताहरुले साह्रै कष्ट पाइरहेका छौं; हजुर यसै गरी बसिरहनु भयो भने हामीहरूको उद्धार कसले गर्ला ? हे करुणामय ! हे वृषभध्वज ! अब कैलासको चर्चा गरी हामीहरूको रक्षा र उद्धार गर्नुहवस्।' अनि यस्तो आकाशवाणी भएको सुनेर महादेवले- यो कसलाई लक्ष्य गरेर भनेको होला ! म यहाँ आएको कुरा कसैलाई पनि थाहा छैन र देखेका पनि छैन् भन्दै यता-उता चारैतिर हेर्दा पनि केही पत्ता पाउन सक्नुभएन र देवताहरूले भने होलान्- भनी चुप लागी किरातिनी-रूप पार्वतीलाई नदेखी चारैतिर खोज्न लाग्नुभयो। अनि पार्वतीले पनि केही थाहै नपाए झैं गरी फल-फूल टिपेर खान लागेकी थिइन्। किराती-रूप श्रीजगदीश्वर महादेव त्यहाँ पुगेर पार्वतीलाई देखी- 'हे सुन्दरी ! तिमी कहाँ गएकी थियौ ? म तिमीलाई खोज्दा कहीं पाउन सकीन र यहाँ आएको हुँ !' यति शिवको वचन सुनेर किरातिनी-रूप पार्वती भन्दछिन्- 'हे किरात ! भोक लागेर कन्द-मूल खोज्न गएकी हुँ, म कहीं गएकी छैन'- इत्यादि कुरा गर्दागर्दै पूर्णचन्द्र भन्दा पनि अत्यन्त राम्री पार्वतीलाई देखेर चित्त चंचल भई कामले पीडा गर्दा किरातिनी-रूप पार्वतीलाई समात्न जाइलाग्दा किरातिनी-रूप पार्वती भन्न लागिन्- हे किरात ! तिमी कस्ता रहेछौ, के तिम्रो धर्म यही हो ? मैले त श्रीमहादेव बाहेक अरु स्वामी तुल्याउने छैन भन्ने प्रतिज्ञा गरेर यस वनमा आई उनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीजगदीश्वर महादेवको तपस्या गरेर बसेकी छु, तिमीले बलजफ्ती गरे तिमीलाई श्राप दिई म आत्महत्या गरेर प्राण त्याग्नेछु।' यति किरातिनी-रूप पार्वतीको वचन सुनी किराती-रूप महादेवले- 'हे सुन्दरी ! तिमी त्यसो भन्दैछौ भने म उनै महादेव हुँ वन-विहार गर्न मन लागेर यहाँ वन-विहार गर्न आएको हुँ, नपत्याए हेर' भनी आफ्नू ज्योतिरूपको दर्शन दिनुभयो। तब किरातिनी-रूप पार्वतीले मनमा आनन्द मानी पाउमा दण्डवत् गरेर बिन्ती गरिन्- 'हे ईश्वर ! उसो भए कन्यादान लिन मेरा माता-पिता कहाँ जाऊँ, हिंड्नुहवस्' भनिन्। महादेवले 'लौ हिंड' भन्दै किरातिनी-रूप पार्वतीको पछि लागेर जानुभयो। जाँदा-जाँदा हिमालय पर्वतका घरमा पुगे अनि महादेवले थाहा पाई, यिनी त पार्वती पो रहिछन्। यिनले मलाई छल गरेर आफ्ना माता-पिताछेउ ल्याइन्, अब के गरूँ, भनी लाज मानी अन्तर्धान भएर किरातेश्वर शिवलिङ्ग भएर श्लेष्मान्तक वनको उत्तर भागमा गएर बसिरहनु भयो। फेरि महादेवलाई नदेखेर पार्वतीले अत्यन्त विलाप गरेर ध्यान-दृष्टिले विचार गर्दा किरातेश्वर शिवलिङ्ग भएर बसेको थाहा पाएर पार्वती पनि वाग्मतीमा नित्य स्नान गरी किरातेश्वर शिवलिङ्गको ध्यान गरेर वस्त्र पहिराई धूप-दीप-नैवेद्य चढाई पूजा गरेर तपस्या गरिरहिन्। पार्वतीले स्नान गरेकी हुनाले त्यो स्थानको नाम 'गौरीघाट' हुनगयो। जो मानिस गौरीघाटमा स्नान गरी श्रीकिरातेश्वर शिवलिङ्गको दर्शन गर्नेछ, त्यस व्यक्तिका समस्त कष्ट निवारण होला, लक्ष्मी प्राप्त हुनेछन् र यस लोकमा सुख-सम्पत्ति पाएर शिवको गण बनेर कैलासपुरीमा बस्न पाउने छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! यस प्रकार पार्वतीले कठोर तपस्या गरेको देखेर आशुतोष भगवान् शंकरजी प्रसन्न भई मुसुक्क हाँस्तै आफ्नू ज्योतिस्वरूपको दर्शन दिनुभयो। त्यसरी स्वामीको दर्शन पाएपछि पार्वतीले मनमा आनन्द मानी शिवका चरणारविन्दमा दण्डवत् गरी अंजली जोरी विन्ती गर्न लागिन्- हे स्वामी ! हे ईश्वर ! हजुरले मलाई किन यस प्रकारका दुःख दिनुभयो ? म हजुरको मनपरिन कि भनेर अनेक प्रकारले विस्मात गरेको सुनी जगदीश्वर महादेव प्रसन्न भई पार्वतीलाई अङ्कमाल गरी आफ्नू काखमा लिएर त्यहाँबाट अन्तर्धान भएर हिमालय पर्वतको राज-प्रासादमा पुग्नु भयो। यस्ता किसिमले छोरी र ज्वाईं शिव-पार्वती आफ्नू घरमा पाल्नुभएको देखेर हिमालय पर्वतले अत्यन्त प्रसन्न भई पुष्पवृष्टि गर्दै सिंहासनमा बसाली पाद्यार्धादिले पूजा गरी चौरासी व्यंजन तयार पार्न लगाई भोजन गराए। अनि त्यहाँ दुइ-चार दिन बसेपछि शंकर भगवानले पार्वतीलाई आज्ञा भयो- हे प्रिये ! धेरै दिन भइसक्यो कैलास शून्य भएको छ। अब यहाँ बसेर के गर्नुछ ! कैलास जाऔं, तिम्रा माता-पितासित विदा हुनुपर्दछ भनी शिव-पार्वती माता-पिताको सामुन्न गए, अनि महादेवले आज्ञा भयो- ‘हे पिता ! धेरै दिनदेखि कैलास शून्य छ, अब तपाईंको आज्ञा पाए हामी कैलास जानेथियौं।’ श्री जगदीश्वर महादेवले आफूलाई ‘पिता !’ भनेर सम्बोधन गरेको सुनी हिमालय पर्वतले मनमा सन्तोष र हर्ष मानी श्रीमहादेवसित विन्ती गर्नुभयो- हे त्रैलोक्यनाथ ! सम्पूर्ण देवताहरूका पितामह यस्ता हजुरले कोही अज्ञानीले भने झैं मलाई मोहले ढाकी-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'हे पिता !' आज्ञा भयो। अब मेरो सम्पूर्ण अज्ञान नष्ट पारी ज्ञान दिनुहवस्, मेरो चित्त सदासर्वदा हजुरको भक्तिमा लागिरहोस्। हे शशिशेखर ! पहिले हजुरको पूजा गर्दछु भनी महादेव-पार्वतीलाई नाना वस्त्र अलङ्कार पहिराई भव्य सिंहासनमा बसालेर षोडशोपचारले पूजा गरेर अनेक व्यंजन भोजन गराई दुवै हात जोरेर स्तुति गर्नलागे- हे भवानी-शङ्कर ! जस्तै लक्ष्मी-नारायणले समुद्रको घरमा गएर बस्ता समुद्रलाई आनन्द प्राप्त भएथ्यो; त्यस्तै आज मेरा ज्वाई-छोरी मेरो घरमा राज गर्नाले मलाई अपार हर्ष र आनन्द भइरहेको छ ! हे जगदीश्वर ! तपाईं कस्ता भने आफ्नू मायाले यो सम्पूर्ण ब्रह्माण्ड संसार व्याप्त गरेर बस्ने यस्ता तपाईंलाई साष्टाङ्ग कोटि-कोटि नमस्कार ! फेरि समुद्र मन्थन गर्दा निस्केको कालकूट विषले सारा संसार दग्ध (डढ्न) लाग्यो। अनि त्यो विष कण्ठमा राखी सबैको रक्षा गर्नुभयो र 'नीलकण्ठ' नाम रह्यो। यस्ता तपाईंलाई कोटि-कोटि नमस्कार गर्दछु ! हे विश्वम्भर ! फेरि स्वयं सृष्टि गरी आफै संहार गर्ने यस्ता तपाईंलाई कोटि-कोटि नमस्कार छ ! हे परब्रह्म ! पापिष्ट त्रिपुरासुर दानवलाई मार्दा तपाईंको रथको सामग्री कस्तो थियो भने स्वयं पृथ्वी नै रथ, सुमेरु पर्वत धनुष, शेषनाग त्यस धनुको ताँदो, चारवेद रथका चार अश्व, चन्द्र-सूर्य रथका पांग्रा, ब्रह्मा सारथि, विष्णु-स्वरूप वाण गरेर मार्ने यस्ता तपाईंलाई कोटि-कोटि नमस्कार ! हे युगेश्वर ! स्थावर पनि तपाईं, जङ्गम पनि तपाईं, यमका यम पनि तपाईं, नारायण भगवान पनि तपाईं, मृत्यु पनि तपाईं, कालका काल पनि तपाईं, गुणका गुण पनि तपाईं, देवताका देवता पनि तपाईं,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनाथका नाथ पनि तपाईं, विश्वरूप मूर्ति पनि तपाईं, आदि-मध्य र अन्त्य पनि तपाई, अष्टवसु पनि तपाईं, द्वादशादित्य पनि तपाईं, दिक्पाल पनि तपाईं, ब्रह्माण्ड संसारमा सम्पूर्ण प्राणीका हृदयमा निवास गरी पाप-पुण्यका साक्षी भइरहेका पनि तपाईं, हे वृषभध्वज ! तपाईंको महिमा वर्णन गर्न चतुर्मुख ब्रह्माको पनि सामर्थ्य छैन र हजार जिभ्रा हुने शेषनागको पनि बल पुग्दैन तथा स्वयं सरस्वतीले पनि सक्तिनन् भने मेरो शक्ति कसरी पुग्नेछ ! अतः मेरो कोटि-कोटि नमस्कार स्वीकार गर्नुहोस् । यस्ता प्रकारले हिमालय पर्वतले स्तुति गरेको सुनी महादेवजी प्रसन्न भई हँसिलो मुख गरी आज्ञा भयो- हे गिरिराज हिमालय ! तिम्रो भक्ति देखेर म सन्तुष्ट भएँ, सदासर्वदा मेरो भक्तिमा चित्त लगाई मेरो कैलास-पद प्राप्त गरे। अब हामी जान्छौं- भनी हिमालय पर्वत र मेनकासित विदा भएर आफ्नू बूढो वृषभमा चढी पार्वतीलाई काखमा राखेर कैलास पर्वतमा पुगी प्रमथगण वरिपरि राखी आनन्दले रहनु भयो।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां शिव-पार्वती कैलास प्रवेशो नाम पञ्चदशोऽध्यायः ।। १५ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षोडशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! मैले कुमारको उत्पत्ति र तारकासुरको संहार वर्णन गरेर सुनाइसकें– हे मुनि ! अब म तपाईंलाई गणेशजीको उत्पत्ति भएको कथा सुनाउँछ, एक चित्त भएर सुन। सावित्री, गौरी, लक्ष्मी, सरस्वती, आदिले आफ्ना-आफ्ना पतिहरूसित हामीहरूलाई रजस्वला, गर्भवती, सुत्केरी हुने र छोरा-छोरीहरूको झाडा-पिशाबमा डुब्नुपर्ने कष्ट हुन नपाओस् भनी सृष्टिको आदिकालमा नै वरदान मागेर प्राप्त गरिसकेका थिए, त्यसै कारण यी देवीहरू निरन्तर आफाफ्ना पतिको सेवा-टहल मात्र गरिरहन्थे; कहिल्यै पनि पतिको चाकरीबाट अलग रहने कष्ट पर्दैनथ्यो। गर्भिणी, सुत्केरी आदि हुने झ्याउलो पनि बेहोर्नु पर्दैनथ्यो; तर यस संसारमा गृहस्थको जीवनमा सन्तान-सुख धेरै महत्त्वपूर्ण सुख हो, भन्ने कुरा निर्विवाद छ। हुनत सन्तान-सुख केवल मनको ममता मात्र हो, अन्तःकरणको एक अज्ञानपूर्ण वृत्ति विशेष हो भनेर मान्न सकिन्छ, तर मनुष्य, देवता, पशु-पंछी र कीट-पतंग समेत सन्तान-सुखको लागि सधैं मनमनै आकुल रहन्छन् र चिन्तित रहन्छन् तथा त्यसको लागि धर्म-कर्म, तीर्थ-व्रत, यज्ञ-दान एवं पुण्यकार्य जे जति आफ्नू शक्ति ले गर्न सकिन्छ ती सबै गर्न बाँकी राख्दैनन्, सकेसम्म छिटै गरिहाल्दछन्। फेरि मनुष्यको मनमा त आफू वृद्ध भएपछि सन्तानले चाकरी गर्ला, वंश वृद्धि गर्ला भन्ने यौटा आशा पनि हुन्छ, तर पशु-पक्षीमा त अलिकति समर्थ भयो कि आफ्नो बाटो तताउँछ– को माता, को पिता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ध्यानै रहन्न तापनि तिनको स्नेहमा कुनै प्रकारको न्यूनता वा कमी देख्न पाइन्न। यो सृष्टिको यौटा अनौठो कुरा छ। अस्तु, संतान-सुखको इच्छाले भगवती पार्वतीलाई पनि निकै आकुल गरायो। हुन त स्कन्दकुमार जस्ता वीर र पराक्रमी सन्तान पनि नभएका त होइनन् तापनि उनलाई सानो बालक काखमा लिएर खेलाइरहने पार्वतीको मनको अपूर्ण इच्छा पूर्ण हुन सकेको थिएन। किनकि कुमारलाई केवल सात दिनको उमेरमा नै प्रचण्ड पराक्रमी भएर तारकासुरसित युद्ध गर्न जानुपऱ्यो। अतः सानो शिशुलाई काखमा लिन, दुध पिलाउन र पुत्रप्रति स्नेह प्रदर्शित गर्न तथा प्रसन्न भएको पुत्रलाई प्यारो गर्न पार्वतीजीलाई ज्यादै रहर वा इच्छा लाग्यो। त्यो आफ्नू मनको भाव केही पटक अव्यक्तरूपमा र अनेक पटक व्यक्त रूपमा उनले स्वामी महादेवप्रति प्रकट गर्न बाँकी राखेकी होइनन्, तर सृष्टिको आरम्भमै रजस्वला, गर्भवती भएर बालकको मल-मूत्र स्याहार्न नपरोस भन्ने वरदान प्राप्त गरिसकेकी हुनाले ती पार्वतीको सन्तान-सुखरूपी इच्छा पूर्ण गराउन जगदीश्वर महादेवलाई पनि निकै अपठेरो आइपरेको थियो। तर संसारमा नारीहठ, बालहठ र राजहठ जस्ता अन्य कुनै पनि हठ छैनन्, पछि त्यस हठको परिणाम राम्रो नराम्रो जस्तोसुकै आइपरे पनि त्यसको चिन्ता रहन्न, तर तत्काल त्यो हठ आफ्नू इच्छानुसार पूरा हुनैपर्दछ। अब पार्वतीले हठ गर्न लागिन्। उनलाई सन्तान-सुख चाहियो, नभई भएन। अब दिनहुँ स्वामीसित सानो बालक पुत्र काखमा लिने रहर लागेको कुरा भनेर दिक्क पार्न लागिन्। शिवजीले पनि के गर्ने! पहिले बोक्न, पाउन र बालकको स्याहार-सुसार गर्न,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल-मूत्र धुन गान्यो लाग्यो; अनि त्यो झ्याउलो भोग्न नपरोस् भनी वरदान माग्यौ- 'हुन्छ' भनी तिम्रो इच्छा पूर्ण गरिदिएँ। अब म के गर्न सक्दछु! काखामा छोरा-छोरी लिएर प्रसन्न हुन पहिले कष्ट नभोगी हुँदैन। यदि कहर काट्न वा कष्ट सहन मंजूर छ भने कुनै बाटो विचार गर्नुपर्ला भनी जगदीश्वर शिवले आज्ञा हुँदा पार्वती फेरि विन्ती गर्दछिन्- हे नाथ ! म कुनै प्रकारको पनि दुःख-कष्ट नभोगेर नै सन्तान प्राप्त गर्न चाहन्छु, हजुरको निगाह भयो भने सम्पूर्ण संसारमा हुन नसक्ने असम्भव कुरा केही पनि छैन ! आफ्नी प्रियतमाको अटल जिद्दी सुनेर कुनै पनि दुःख-कष्ट नपरी पार्वतीलाई सन्तान उपलब्ध गराउने विचार गरी पुत्रेष्टि यज्ञ गर्ने प्रबन्ध गर्नुभयो- हे पार्वती ! तिमीले हठपूर्वक इच्छा गरेको सन्तान-सुख पूर्ण गर्न पुत्रेष्टि यज्ञको सामग्री जोर, म उत्तम-उत्तम ब्राह्मणहरूलाई निमन्त्रण पठाएर डाक्ने प्रबन्ध मिलाउँछु। यति भनी महर्षि वसिष्ठ, विश्वामित्र, गर्ग आदि अनेक सुविज्ञ ऋषि-मुनिहरू डाकेर पुत्रेष्टि यज्ञको साइत जुराउन लगाई दिनको निधो गरेर नन्दीलाई सप्तर्षिहरूकहाँ पुत्रेष्टि यज्ञको निम्ता गयो, विष्णु भगवान् यज्ञका सदस्य हुनुभयो। नारद, देवल, पर्वत र जैमिनीहरू उद्गाता र सामवेद पढ्नेमा खटिए। स्वयं गुरु वसिष्ठ होता भए। वैशम्पायन आफ्ना शिष्यहरू सहित ब्रह्मत्वको काममा नियुक्त गरिए। वरुण, कुबेर दान-प्रदान एवं ढुकुटीको हेर-विचार गर्ने काममा खटिए। स्वयं अन्नपूर्णा भण्डार र भान्साको व्यवस्थामा लागिन्। यस यज्ञमा देवता, ऋषि-मुनि, देवीहरू सबैलाई एकेक प्रकारको काम जिम्मा लगाइयो। पुत्रेष्टिको काम सुसम्पन्न भयो। प्रतिदिनको खान-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिनको हेर-विचार तथा ब्राह्मणहरूको सेवा-सत्कार गर्न स्वयं शिव-पार्वती नै श्रद्धा-भक्तिपूर्वक लागेका थिए। पुत्रेष्टि यज्ञ निर्विघ्न समाप्त भयो। अनि ब्राह्मणहरूलाई दान-दक्षिणा बेसरी दिइयो। एकातिर गाना-बजाना र नाच आदि चलिरहेको छ भने अर्कोतिर अन्न-वस्त्र, द्रव्य आदिको दान भइरहेको छ। ऋत्विक् समेतका ब्राह्मण र देवी-देवताहरू तथा ऋषि-मुनि, महर्षि आदि सबैले जगदीश्वर शिव-पार्वतीलाई यथाशीघ्र पुत्र प्राप्त हवस् भनी तिलक प्रसाद चढाए। ब्राह्मण भोजन गराई उनीहरूले दिएको प्रसाद र फूल-माला भित्र खोपीमा राख्न भनी पार्वतीजी भित्र जानुभयो। त्यसै वेला आफ्नू पलंगमा यौटा सुन्दर बालक हात-पाउ फाल्दै खेलिरहेको देख्नुभयो र तत्काल जगदीश्वर शिवलाई डाक्नुभयो। महादेवले पनि खोपीमा पसी पलंगमा हेर्नुभयो र एक सुन्दर बालक देख्नुभयो। हे पार्वती ! 'यो पुत्रेष्टि यज्ञको फल हो, स्वीकार गर' भनी यौटा उत्तम रेशमी वस्त्रमा राखेर शिवले बालक पार्वतीको काखामा राखिदिनु भयो। अनि बालक रुन थाल्यो। बालकको शब्द सुनेर पार्वतीका सुसारेहरू जया-विजया आदि खोपीमा आइपुगे र बालक बोकेर पार्वतीको काखामा बालक देखेर तत्काल शिवजीको आज्ञानुसार ब्राह्मण डाकेर जातकर्म गराउनु भयो। शिव-पार्वतीको पुत्रेष्ठि यज्ञ पूर्ण हुन नपाउँदै जगदीश्वर महादेव र जगदम्बा पार्वतीलाई पुत्र प्राप्त भएको समाचार तीनै लोक स्वर्ग, मर्त्य, पाताल सबै स्थानमा हावाको गति झैं तत्काल फैलियो। सबैतिर खुशियाली मनाइयो। अनि सम्पूर्ण देवता, ऋषि-मुनि, महर्षि, देवर्षि आदि जगदीश्वर महादेव र पार्वतीको सुपुत्रको मुख हेर्न अनेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थरिका मणि-माणिक्य रत्नादि तथा उत्तम फल-फूल सौगात लिएर आइपुगे। ठूलो महोत्सवका साथै अपार भीड एकत्र भयो। हर्षको ठेगान नै रहेन। यस शुभ अवसरमा को आए के-के ल्याए वा को आएनन् भन्ने हेर-विचारको काममा स्वयं लक्ष्मीजी र सरस्वती खटिएका थिए। अन्य सबै त उपस्थित छन् तर छायापुत्र शनिश्चर मात्र आएनन्। सबै देवी-देवता आएका तर केवल शनिश्चर नआएको समाचार सुनेर पार्वतीलाई आश्चर्य चकित तुल्यायो। शनिश्चर कहाँ निम्ता नपुगेर नआएका हुन् कि किन हो भनी पार्वतीले सोध-पूछ गर्दा निम्ता पाएर पनि नआएका भन्ने समाचार प्राप्त भयो। यो समाचारले जगदम्बा पार्वतीलाई केही खिन्न तुल्यायो र रिस पनि उठ्यो। हामीलाई छोरो प्राप्त हुँदा अपार हर्ष भयो, ती शनिश्चरलाई के कारणले विस्मात भएछ ? अनि जगदम्बा पार्वती रिसानी भएको कुरा छायापुत्र शनिश्चरले थाहा पाए तापनि उनी उपस्थित भएनन्। ती नआउने पनि कारण थियो। शनिश्चरको दृष्टि धेरै नजाति वा घटिया हुन्छ भन्ने सबैले जानेकै कुरा हो। शनिश्चरको दृष्टि जेमा पर्दछ, त्यसको सर्वनाश हुन्छ। तसर्थ पार्वतीको भर्खर जन्मेको सुकुमार बालकलाई शनिश्चर आफ्नू वक्र-दृष्टिले हेर्न चाहँदैनथे, तर 'हुकुमको जवाफ छैन, कालको औषधि छैन' अतः अब पार्वतीको क्रोध शनिश्चरको निम्ति ठूलो कालको समान हुन लाग्यो। अतः नमानेपछि जे जसो होला भन्ने विचार गरेर कैलासपुरीको शिव-भवनमा पुगी शनिश्चर हाजिर छ भनेर श्रीपार्वतीकहाँ समाचार पुग्यो, अनि तत्काल भित्र ल्याउनु भन्ने पार्वतीको आज्ञा भयो, अनि ल्याइएको नजरानाका साथै शनिश्चर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भित्र लागिए। शिव-पार्वती र नवजात बालकतिर पनि नहेरी- 'भगवती पार्वती ! भगवान् शिवमा मेरो साष्टाङ्ग दण्डवत छ' भन्दै शिर निहुराई रहे। अनि पार्वतीजीले आज्ञा भयो- 'लौ हेर, शनिश्चर ! मेरो नवजात पुत्र कस्तो छ ?' त्यति सुनेर शनिश्चरले विन्ती गरे- हे माताजी ! क्षमा गर्नुहोस; छोरो पाउनु भएकोमा मेरो हार्दिक बधाई छ। प्रसन्न छु, तर म भाग्यहीनको दृष्टि जेमा पर्दछ, त्यसको कल्याण हुँदैन भन्ने हजुरलाई जाहेर नभएको होइन; तसर्थ बालकलाई 'हेर' भन्ने आज्ञा नगरिबक्सियोस्। त्यति सुनेर पनि पार्वतीले आज्ञा भयो- 'सुन, शनिश्चर ! तिम्रो दृष्टि जतिसुकै वक्र वा कडा भए पनि अन्तैको निम्ति होला, यहाँ मेरो पुत्रप्रति हुनेछैन। हेर, बालक कस्तो छ, भन ?' पार्वतीजीको यस्तो आग्रह र प्रेरणा बुझेर अन्तमा हार मानी- प्रभो ! म विवश छु, लाचार छु। पछि यस तुच्छ सेवकप्रति कुनै अवगाल नआइलागोस् भन्दै आफ्नू शिर उठाई पार्वतीको काखामा रहेको नवजात बालकको अनुहारमा दृष्टि पुऱ्याए। शनिश्चरको दृष्टि पर्नासाथ बालकको शिर बेपत्ता भयो। जब बालकको धड़ मात्र रहेर शिर हरायो, अनि त्यहाँ ठूलो हाहाकार मच्चियो, रुने-धुने आरम्भ भयो। अनि जब पार्वतीले शोक एवं क्रोधले शनिश्चर प्रति उग्र रूप धारण गर्न लाग्नुभयो, अनि जगदीश्वर शिवले पार्वतीलाई बुझाउँदै आज्ञा भयो- हे प्रिये ! तिमी नरिसाऊ शनिश्चरको अपराध वा भूल होइन, यो केवल तिम्रो हठ वा जिद्दीको परिणाम हो ! म तिम्रो बालकलाई जसरी भए पनि बचाउन तयार छु, तिमी शोक नगर भनी राम्ररी बुझाई आफ्ना गणहरूलाई डाकी- हे गण हो ! चारै दिशामा गएर जो भेट्टाउँछौ, त्यसैको शिर छेदन गरेर ल्याओ, भनी अह्राएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमोघ चन्द्रबाण सुम्पेर पठाउन भयो । गणहरूले 'जो हुकुम' भनी चारै दिशामा हेर्दै जाँदा निकै बेरपछि यौटा हात्ती फेला पारे र शिवजीको आज्ञाले चन्द्रबाण प्रहार गरे । त्यो चन्द्रबाण गयो र हात्तीको घांटीमा लागी शिर छेदन भयो । त्यो हात्ती कस्तो थियो भने; एक दाँत भएको, स्वच्छ सेतो पर्वत जस्तो र विशाल अग्लो भएको यस्तो हात्तीको शिर लगेर श्रीजगदीश्वर शिवको अघिल्तिर राखिदिए; अनि हामीले यही

(महादेवले हात्तीको टाउको जोरी पार्वतीका पुत्रलाई जियाएको)

पायौं भनी विन्ती चढाए । अनि श्री महादेवले हात्तीको शिर मूर्तिमा जोरी जीवित पारिदिनु भयो । तिनै मूर्तिको 'गणेश' नाम रही पार्वतीका पुत्ररूपमा कैलासमा रहे ।

त्यसपछि एक दिन जगदीश्वर महादेवले सहसा कुमार र गणेशलाई डाकेर आज्ञा गर्नुभयो– हे कुमार ! हे गणेश ! तिमी दुवैजना गएर सुमेरु पर्वतको परिक्रमा गरेर आओ । जो पहिले आइपुग्ला उसलाई म वरदान दिनेछु । यस्तो महादेवको आज्ञा सुन्नासाथ कुमारले 'हवस्, जान्छु' भनेर तत्काल तयार भई मयूरमा चढेर सुमेरु पर्वतको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परिक्रमा गर्न भनी प्रस्थान गरिहाले। कुमार त्यसरी गएका गणेशले देखेर अब के गरूँ, कसो गरूँ भनी चित्त आकुल गरेर आफ्नू वाहन मूसोकहाँ पुगे। चिन्ताले चित्त व्याकुल भएका गणेशजीलाई उनको वाहन मूसोले देख्यो र– हे विनायक ! हजुर किन चिन्ताग्रस्त हुनुभयो ? भनेर सोध्यो। अनि गणेशजीले भने- सुमेरु पर्वतको परिक्रमा गरेर आओ, वरदान दिउँला भनी महादेवले आज्ञा भएको सुनी सुमेरु पर्वतको परिक्रमा गर्न कुमार गइसकेको सारा वृत्तान्त सुनाइसकेर फेरि भने- अब म के गरूँ, कसो गरूँ ? तँ त्यस्तो, म यस्तो ठूलो पेट, लामू सूँढ, स्थूल शरीर हुनाले हिंड्न सक्तिनँ, अब के गरूँ ? यस्तो गणेशको वचन सुनेर मूसो भन्दछ- हे गणेशजी ! तपाईंलाई म केही ज्ञान दिन्छु, सुन्नुहवस्। अब जगदीश्वर श्री महादेव, पार्वती र गङ्गा तीनै जना बसेका स्थानमा गएर हातजोरी अंजलि बाँधेर- हे पिता ! हे माता ! मेरो सुमेरु पर्वत पनि हजुर नै हुनुहुन्छ, सम्पूर्ण देवताका पनि देवता हजुर नै हुनुहुन्छ- भनी तीन प्रदक्षिणा गरेर प्रणाम गर्नू। सुमेरु पर्वत भनेका ती तीन जना नै हुन्। यति गर्नाले हजुरलाई अवश्य वरदान प्राप्त हुनेछ। यति मूसोले भनेको सुनी गणेशले 'भलो भनिस्, राम्रो कुरा हो।' भन्दै श्रीमहादेव, पार्वती र गङ्गा तीन जना बसको स्थानमा गएर अञ्जलि जोरी- हे पिता ! हे माता ! मेरो सुमेरु पर्वत पनि हजुर र सम्पूर्ण देवताका देवता पनि हजुर नै हुनुहुन्छ भनी तीन प्रदक्षिणा गरेर दण्डवत् प्रणाम गरे। अनि प्रसन्न भएका जगदीश्वर महादेवले आज्ञा भयो– हे गणेश ! तिमी धन्य रहेछौ, अब वरदान लेऊ। स्वर्ग, मर्त्य, पातालमा कसैले केही काम गरे पनि पहिले तिम्रो पूजा नगरेर गरेको काम सिद्ध नहोओस्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणेशले वरदान पाएर प्रसन्न भए। उता सुमेरु पर्वत परिक्रमा गर्न गएका कुमार आइपुगेनन् अनि गङ्गाले विन्ती गरिन्-'हे जगदीश्वर ! हजुरले गणेशलाई वरदान दिनुभयो। मेरो पुत्र कुमार किन आइ पुगेन ?' यति गङ्गाले भनेको सुनी शिवजीले आज्ञा भयो- हे गंगा ! श्री स्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो पुत्र कुमार अवश्य आइपुग्ने छन्। यति शिवजीको वचन सुनी गङ्गाले 'हवस्' भनी व्रत-विधि सोधेर पौषशुक्ल पूर्णिमाको दिनदेखि हात-खुट्टाको नङ काटी स्नान गरी पवित्र भएर एकभक्त रही एक-चित्त गरी 'मेरो पुत्र कुमार छिटै आइपुगोस्' भनी नित्य मध्यान्ह कालमा श्री महादेवको पूजा गर्न थालिन्। महीना दिन भयो र माघशुक्ल पूर्णिमाको दिन एक सय आठ रोटी, एक सय आठ पान, एक सय आठ टुक्रा सुपारी, एक आठ जाईका फूल, धूप, दीप, दैवेद्य सम्पूर्ण सामग्री तयार पारी आर्सी (तामाको थाली) मा 'ॐकार' लेखी श्री स्वस्थानी परमेश्वरीको विधिपूर्वक पूजा गर्न लागिन्। सम्पूर्ण पूजा गरिसकी अर्घ्य दिई स्तुति-प्रार्थना गरेर प्रसाद झिक्न लाग्दा श्री स्वस्थानी परमेश्वरीको व्रतको प्रभावले कुमार आइपुगे। अनि गङ्गाले 'धन्य श्रीस्वस्थानी परमेश्वरी' भनी आफ्नू पुत्र कुमारलाई स्वस्थानीको प्रसाद र आशीष दिइन्। अनि कुमार श्रीमहादेवकहाँ गएर साष्टाङ्ग दण्डवत् प्रणाम गरेर- 'हे पिता ! म पनि वरदान पाऊँ' भनेर विन्ती गरे। यति कुमारले भनेको सुनी जगदीश्वर महादेवले- 'हे कुमार ! स्वर्ग, मर्त्य, पाताल तीनै लोकमा कसैले केही कार्य गर्दा प्रथम तिम्रो पूजा नगरेर थालेको कार्य सिद्धि नहवस्, भनी वरदान दिनुभयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां गणेशजन्म वर्णनं नाम षोडशोऽध्यायः ।। १६ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ सप्तदशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि महादेवलाई फेरि वन-विहार गर्नको इच्छा भएर मृगरूप धारण गरी कसैले पनि थाहा नपाउने गरी श्लेष्मान्तक वनमा गएर मृग-मृगीहरूसित भुलेर आनन्दले रहनुभयो । यता कैलाश पर्वतमा आफ्ना स्वामी महादेवलाई नदेखेर पार्वतीजीले अनेक स्थानमा गएर खोजिन् तर कहीं पनि पाउन सकिनन् र हारमानी- 'यी जगदीश्वरले मलाई अघि पनि यस्तै गरी अनेक दुःख दिनुभयो, अब फेरि कहाँ जानुभयो' भनी ध्यान-दृष्टिले विचार गरेर हेरिन् र मृगरूप धारण गरी वन-विहार गरिरहेको थाहा पाइन् । अनि पार्वती पनि वाग्मतीको किनारमा आई महाकष्टले तपस्या गरेर बसिरहिन् । अनि शिव-पार्वती दुवैलाई नदेखेर ब्रह्मा, विष्णु आदि अनेक देवताहरूले यत्र-तत्र सर्वत्र खोजेर हिंडिरहे । तर कहीं पाउन सकेनन् र हार मानी फर्केर आउँदा बाग्मतीको किनारमा तपस्या गरेर बसिरहेकी श्रीपार्वतीलाई देखेर देवताहरूले प्रणाम् गरी विन्ती गर्नलागे- 'हे जगन्माता ! हे पार्वती ! जगदीश्वर महादेव नहुनाले संसार नै शून्य भए जस्तो हुनगयो, अतः हामीमाथि दया गरेर श्रीमहादेव कहाँ जानुभयो, बताइदिनुहवस् । फेरि हजुर पनि किन यस्तो स्थानमा एक्लै बसिरहनु भएको ?'

देवताहरूको यस्ता वचन सुनी पार्वती आज्ञा गर्नुहुन्छ– 'हे देवता हो ! जगदीश्वर महादेव यहीं आउनुभएको हुनाले म पनि उहाँकै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आराधना र तपस्या गरेर बसेकी हुँ। यो श्लेष्मान्तक वनको नैर्ऋत्य कोणमा ठूलो तलाऊ छ; महादेव त्यहीं मृगरूप धारण गरी वन-विहार गरेर बसिरहनु भएको छ। कस्तो मृग भने- सुवर्ण जस्तो रङ्ग, तीन नेत्र र एक सीङ भएको तथा मृगको बथानमा सबैभन्दा अग्लो र ठूलो मृग भएर बस्नुभएको छ, अब तपाईंहरू उहीं गएर हेर्नुहवस्, अनि जगदीश्वर शिवको दर्शन पाउनु हुनेछ।'

यति पार्वतीले आज्ञा भएको सुनी सबै देवताहरू त्यहीं पुगेर हेर्दा पनि कहीं दर्शन पाउन सकेनन् र ब्रह्मा, विष्णु, इन्द्र तीनै जनाले अनेक प्रकारले स्तुति-प्रार्थना गरी खोज्न लागे। ठीक त्यसै मौकामा लाखौं मृगको फौज देखे। त्यही मृगहरूको बथानको माझमा अत्यन्त राम्रा तीन नयन, एक सीङ, सुनको जस्तो उत्तम वर्ण भएको र सबभन्दा ठूलो, निकै शोभायमान मृग पनि देखे। कस्तो मृग भने- स्वर्गमा ताराहरूका माझमा पूर्ण चन्द्रमा बस्ता जस्तो शोभा देखिन्छ, त्यस्तै मृग-समूहका माझमा रुद्र-मृग बस्दा शोभा देखियो। त्यस्तो मृगलाई परैबाट देखेर यी तीन देवले नगीच गएर विन्ती गरे- 'हे जगदीश्वर ! धेरै दिन भइसक्यो, कैलासपुरी शून्य छ। हे करुणा मय ! हे दयासागर ! हामी ब्रह्मा, विष्णु र इन्द्र तीन जनामाथि करुणा गरी आफ्नू स्वरूपको दर्शन दिनु हवस्।' भनी नाना प्रकारले महादेवको स्तुति गर्दै बिस्तार-बिस्तार रुद्रमृगको नगीच गए। यस्ता प्रकारले नगीच आएका देखेर रुद्र-मृग उफ्री-उफ्री भाग्न लागे। रुद्र-मृगको चाला देखेर विष्णु भगवानले आज्ञा भयो- 'हे ब्रह्मा ! हे इन्द्र ! हाम्रो स्तुति-प्रार्थनाले महादेव चैतन्य हुने लक्षण देखिन्न। अब हामी तीन जनाले घेरा दिएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समाउनु पर्दछ।' विष्णुको यस्तो विचार जानेर 'हुन्छ' भनी तीन देव तीनतिर उभिएर घेरा दिई रुद्र-मृगको सीङका फेदमा विष्णुले समाउनु भयो, अनि चतुर्मुख ब्रह्माले माझमा समाउनुभयो र देवताका राजा इन्द्रले सीङको टुप्पामा समाते। तिनीहरूले समाउनासाथ मृग अन्तर्धान भयो। सीङ मात्र तीन जनाका हातमा रहन गयो। ती तीन देवले बलपूर्वक समातेका हुनाले त्यो सीङ भाँचिई तीन टुक्रा भएर तीन जनाका हातमा एकेक टुक्रा रहन गयो। यस्तो स्थिति आएको देखेर हामीहरूले ठूलो अपराध गर्‍यौं, यो अनर्थ भयो, अब के कसो गर्ने, भनी तीनै देवता त्यहीं बसेर- हे ईश्वर ! हे शिव ! हाम्रो अपराध क्षमा गर्नुहोला भनी अनेक प्रकारले महादेवको स्तुति गरे। त्यसरी ब्रह्मा, विष्णु र इन्द्रले स्तुति गरेपछि प्रसन्न भएका जगदीश्वर महादेवले आज्ञा गर्नुभयो– 'हे देवता हो ! तिमीहरूको स्तुतिले म प्रसन्न भएँ, जे इच्छा छ, वरदान माग।' यति प्रसन्न भएका महादेवको आज्ञा सुनी ब्रह्मा, विष्णु र इन्द्रले भने– 'हे जगदीश्वर ! हजुर प्रति हामीहरूको श्रद्धा-भक्ति र ध्यान कहिल्यै कम हुन नपाओस्; सदा-सर्वदा हामीहरूको हृदयमा बनिरहोस्।'

देवताहरूको यस्तो विनययुक्त वचन सुनी जगदीश्वर महादेवले 'तथास्तु' भनी वरदान दिनुभयो। अनि देवताहरूले फेरि बिन्ती गरे- 'हे जगदीश्वर ! हजुरको यो सीङ कहाँ राख्ने हो ? यो सीङ तीन टुक्रा पारेको हाम्रो अपराध क्षमा गरिबक्सनु पर्दछ।' देवताहरूको वचन सुनी श्रीमहादेवले प्रसन्न भएर आज्ञा गर्नुभयो– यो मेरो सीड तीन टुक्रा भएको तिमीहरूलाई कुनै अपराध लाग्दैन, त्यसमा केही सन्देह नगर।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवराज इन्द्रका हातको इन्द्रलोकमा, ब्रह्माका हातको मर्त्यमण्डल नेपाल भूमि गोकर्ण भन्ने स्थानमा र विष्णुका हातको पातालमा लगी स्थापना गर्नु। महादेवको आज्ञा अनुसार ब्रह्मा, विष्णु र इन्द्र विदा भएर श्री महादेवलाई प्रणाम गरी- रुद्रको सीङ तीन स्थानमा स्थापना गरेर आफाफ्ना लोकमा जाँदा भए।

यस प्रकार देवताहरू गइसकेपछि जगदीश्वर महादेव आफ्नी अर्धाङ्गिनी पार्वतीनेर गई उनलाई काखमा लिएर त्यहाँबाट अन्तर्ध्यान भई कैलास पर्वतमा पुगेर नन्दी, भृङ्गी, चतुःषष्टि योगिनी, भूत-प्रेत, पिशाच र प्रमथगण वरिपरि राखी परमानन्दले रहनु भयो। कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! त्यसपछि नैर्ऋत्य कोणमा स्थित लङ्कापुरीबाट दशग्रीव रावण नित्य गोकर्णमा आएर श्री जगदीश्वर शिवका चरणमा दण्डवत् गरी नाची, गाई, बजाई, तपस्या गरेर जान्थ्यो। यही क्रमले निकै समय बितेपछि एक दिन श्रीमहादेव विष, भाङ, धतूरो खाई अचेष्टा झैं भइरहेको मौकामा रावण आएर दण्डवत् गरी मृदङ्ग बजाएर नाची, गाउन लाग्दा श्रीभोलानाथ प्रसन्न भएर- 'हे लङ्काधिपति रावण ! आज म प्रसन्न छु, जे माग्ने इच्छा छ, माग' भन्ने आज्ञा भयो र रावणले बिन्ती गर्‍यो- 'हे ईश्वर ! म के मागूँ ? हजुरले बक्सिएको सबै थोक मसित छ। केही वस्तुको पनि इच्छा छैन।' रावणको यस्ता कुरा सुनेर महादेवले आज्ञा भयो- 'हे दशानन ! कुनै एक थोक नमागी सुख पाउन्नस्, लौ माग।' त्यति सुनेपछि रावण मनमनै अब मैले के माग्ने वस्तु छ र ! मसँग सबै परिपूर्ण छ; बरू ती सकल लक्षणले सम्पन्न भएकी महादेवकी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनपरेकी र उनको काखामा बसेकी पार्वती नै माग्दछु- यस्तो निश्चित गरेर बिन्ती गऱ्यो- 'हे जगदीश्वर ! अरु केही वस्तु मलाई चाहिन्न; केवल हजुरकी मनपरेकी पार्वती मलाई बक्सियोस्।' रावणको यस्तो वचन सुन्नासाथ- 'लौ लैजा' भनेर पार्वती रावणलाई दिनुभयो। प्रसन्न भएको रावण जगन्माता पार्वतीलाई पिठिउँमा बोकेर श्री महादेवलाई प्रणाम गरी विदा भएर त्यहाँबाट गयो।

यो कुरा वैकुण्ठनाथ विष्णुले थाहा पाएर तत्काल वायुको वेगभन्दा पनि छिटो आएर आफ्नू मायाले छोपी मोहिनी रूप भएर भन्नुभयो- हे महापुरुष ! तिमी को हौ ? कहाँबाट आइरहेका छौ ? ती बोकेर ल्याएकी स्वास्नीमानिस को हुन् ? किन बोकेर ल्यायौ ? अब कहाँ जान्छौ ? मायारूप विष्णुको वचन सुनेर रावणले भन्यो- हे सुन्दरी ! म लंकाको राजा रावण हुँ। श्रीमहादेवको तपस्या गर्दा श्रीमहादेव प्रसन्न भएर उनकी पत्नी पार्वती मलाई दिएर पठाए। यी उनै पार्वती हुन्। म यिनलाई बोकेर आफ्नू लङ्कापुरी जान हिंडेको हुँ। यति रावणले भनेको सुनी मोहिनीरूप विष्णु भगवान भन्नुहुन्छ- 'हे रावण ! के ती पार्वती हुन् र ? तिमीलाई लाज लाग्दैन ? किनकि यी महादेवकी मायाले बनाएकी स्वास्नीमानिस तिमी जस्ता पराक्रमी वीर राजाले बोकेर हिंडेको अन्य कसैले देखे भने के भन्नन् ? यी पार्वती होइनन्; महादेवले तिमीलाई झुक्याएछन्। पार्वती मागेर लैजाने तिम्रो इच्छा छ भने पार्वती पाइने स्थानसमेत म तिमीलाई भन्दछु, ध्यान दिएर सुन- महादेवले आसन गरेर राखेको बाघको छालाभित्र साँच्चैकी पार्वती लुकाएर राखेका छन्; तिनैलाई मागेर लैजाऊ।' यसै गरी अनेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकारले मोहिनीरूप विष्णुले कुरा गर्दा रावणले पत्यायो र पार्वतीलाई त्यहीं छाडी आफू त्यहींबाट फर्केर सरासर कैलास पर्वतमा गयो। अनि विष्णु भगवानले पार्वतीलाई वैकुण्ठमा लगेर अनेक प्रकारले पूजा गरेर राखे।

यता श्री महादेव विष-भांग, धतूरोले कुचेष्टा भइरहेकै थिए- त्यसै मौकामा रावण त्यहाँ पुगेर विन्ती गऱ्यो– 'हे जगदीश्वर ! हजुरले मलाई छलेर पार्वती भनी मायाले यौटी स्वास्नीमानिस बनाई मलाई दिनुभएछ र मैले त्यो कुरा थाहा पाई बाटोमा फालिदिएर आएँ। अब दिने भए हजुरले आसन गरिराखेको बाघको छालाभित्र लुकाइराखेकी पार्वती दिनुहवस्।' दशग्रीव रावणको कुरा सुनेर जगदीश्वर महादेवले ध्यान-दृष्टिले विचार गरेर हेर्दा पार्वतीलाई विष्णुले वैकुण्ठ लगेको थाहा पाएपछि मायाले अर्की यौटी स्वास्नीमानिस सृष्टि गरी आसन गरिराखेको बाघको छाला भित्रबाट झिकेर 'लौ लैजा' भनी रावणलाई सुम्पीदिनुभयो। अनि रावण अत्यन्त प्रसन्न भएर श्रीमहादेवले माया द्वारा बनाएकी स्वास्नीमानिसलाई काँधमा बोकेर लङ्कापुरी गयो। त्यसपछि विष्णु भगवानले पार्वतीलाई महादेवकहाँ पुऱ्याई आफू वैकुण्ठ फर्कनु भयो।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि एक दिन श्री महादेवले आफ्नी अर्धाङ्गिनी पार्वतीसित सल्लाह गरेर मान-सरोवर तलाऊमा राजहंस भएर जल-क्रीडा गरी खेलिरहनु भएको थियो। त्यसै अवसरमा 'अन्तःपुर' नामको नगरमा निवास गरेर बसेको यौटा जालन्धर भन्ने थियो। त्यसकी पत्नी वृन्दा महापतिव्रता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थिइन्। दुवै स्त्री-पुरुष परस्पर ठट्टा गर्दागर्दै अकस्मात् जालन्धर अत्यन्त प्रसन्न भएर हाँसे। अनि वृन्दाले सोधिन्- 'हे स्वामी ! किन यसरी हाँस्नुभयो ?' अनि जालन्धरले भने- 'हे वृन्दा ! म अरु कुनै कारणले हाँसेको होइन। तिमी जस्ती राम्री पत्नी अरु कसकी होली भन्ने मनमा लागेर हाँसेको हुँ।' पतिको कुरा सुनेर वृन्दाले भनिन्-'हे स्वामी ! म के राम्री छु र ? महादेवकी पत्नी पार्वतीलाई देखे कसो गर्नुहोला ?' त्यति सुनेर जालन्धरले भने- 'त्यसो हो भने म पार्वतीलाई छल गर्न जान्छु।' यति भनी वृन्दासित विदा भएर कैलास पर्वतमा जाँदो भयो। महादेवको स्वरूप धारण गरेर जालन्धर आएको देखी पार्वतीले हत्पताई स्वामी आउनु भयो भनी हातमा सुनको कमण्डलु लिएर पाउ धुन भनी ढोकामा आउनु भयो। पार्वतीलाई ढोकामा आएकी देख्नासाथ महादेव रूपधारी जालन्धर त्यहीं भूमिमा ढलेर मूर्च्छा पऱ्यो। अनि जगन्माता पार्वतीले ध्यान-दृष्टिले विचार गर्दा पापिष्ट जालन्धरले मलाई छल गर्न श्रीमहादेवको रूप धारण गरी कैलास आएको थाहा पाई द्वारपाललाई डाकेर आज्ञा दिनुभयो- हे नन्दी, भृङ्गी ! यहाँ कोही आए पनि भित्र पस्न नदिनू- यति भनेर आफू कसैले नदेख्ने स्थानमा गएर लुकी मनमनै क्रोधित भएर भगवान् विष्णुको आराधना गर्न थाल्नुभयो। त्यसरी पार्वतीले क्रोधित भएर आराधना गरेको अन्तर्यामी विष्णु भगवानले थाहा पाई शङ्ख, चक्र, गदा, पद्म चार बाहुमा लिएर गरुडमा चढी पार्वती भएको स्थानमा पुगेर प्रार्थना गरे- 'हे पार्वती ! मलाई किन आराधना गर्नुभयो ?' यति विष्णु भगवानको वचन सुनेर पार्वती विन्ती गर्नुहुन्छ- हे

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैकुण्ठनाथ ! मेरो स्वामी महादेव भने यहाँ हुनुहुन्न, जल-क्रीडा गर्न मानसरोवर तलाऊमा गएर राजहंस भई आनन्दमा डुबिरहनु भएको छ। यस अवसरमा पापिष्ट जालन्धरले मलाई छल्न भनी श्रीमहादेवको रूप धारण गरेर आएछ, अनि मैले थाहा नपाई श्रीमहादेव नै पाल्नुभयो भनेर प्रसन्न मनले कमण्डलू लिएर पाऊ धुन भनी ढोकामा जाँदा मलाई देख्नासाथ मूर्च्छा परेर भूमिमा ढलेको देखें। अनि महादेव पाल्नुभएको भए मलाई देख्नासाथ मूर्छा पर्ने कुनै कारण थिएन; मलाई छल गर्न यो कुन पापिष्ट आएको होला, भनी ध्यानदृष्टिले विचार गरेर हेर्दा जालन्धर हो भन्ने थाहा पाई द्वारपाललाई 'यहाँ कसैलाई पनि भित्र आउन नदिनु, वा नपठाउनू' भन्ने आज्ञा दिई यहाँ आएर हजुरको आराधना गरेकी हुँ, अब कसो गर्ने हो ? जे उचित छ त्यही गर्नुहोस्।

दुष्ट जालन्धरले हजुरलाई छल गर्न भनी मायारूप धारण गरी दगा गर्न आएपछि म गएर त्यसकी स्त्री वृन्दाको पतिव्रता धर्म निश्चय नै डगाएर आउँछु, कुनै प्रकारको पनि शंका-सन्देह नगर्नुहोला। म अहिले मानसरोवर गएर श्रीमहादेवलाई खोजेर यहाँ पठाइदिन्छु। यति भनी पार्वतीसित विदा भई गरुडमा सवार भएर वायु-वेगले मानसरोवर तलाऊमा जानुभयो।

इति श्री स्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां विष्णु मानसरोवर गमनं नाम सप्तदशोऽध्यायः ।। १७ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ अष्टादशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यस अवसरमा जगदीश्वर महादेव राजहंसका राजा भएर मानसरोवर तलाऊमा अनेक हंस साथमा लिएर जल-क्रीडा गरिरहनु भएको थियो। त्यसै अवसरमा विष्णु भगवानलाई वायुको वेगले आउन लागेका देखेर हंसरूप श्री महादेव आज्ञा गर्नुहुन्छ- 'हे विष्णु ! तिमी यस्तो वेगले हतारिएर मकहाँ किन आयौ ? तिमीलाई कुन कुराको कष्ट वा आपत्ति आइलाग्यो ?' यति करुणामूर्ति महादेवले आज्ञा भएको सुनेर विष्णु भगवान् गरुडबाट तल झरी शिवलाई साष्टांग प्रणाम गरेर- हे जगदीश्वर ! हजुर यहाँ पाल्नु भएपछि जालन्धरले हजुरको रूप धारण गरी पार्वतीलाई छल गर्न कैलास पर्वतमा पुगेछ र पार्वतीलाई देख्नेबित्तिकै मूर्च्छा परेर त्यहीं ढलेछ, अनि पार्वतीले मलाई छल गर्न भनेर पापिष्ट जालन्धरले श्रीमहादेवको रूप धारण गरी आएको भन्ने थाहा पाई त्यहाँ नबसी कसैले पनि नदेख्ने स्थानमा लुकेर मलाई डाक्नुभयो र म गएर सम्पूर्ण विस्तार बुझी यहाँ हजुर भएको स्थानमा आएको हुँ। अब म गएर त्यस जालन्धरकी स्त्री वृन्दाको पतिव्रता–धर्म नष्ट पारेर आउँछु। यति भगवान विष्णुले आज्ञा भएको सुनी महादेवले त्यो राजहंसको रूप त्यागेर आफ्नू स्वरूप धारण गरी क्रोधले आँखा राता-राता पारेर आज्ञा गर्नुभयो– हे विष्णु ! त्यसो हो भने म सरासर कैलास जान्छु। तिमी वृन्दाकहाँ गएर त्यसको पतिव्रता–धर्म डगाएर कैलासमा मकहाँ आऊ। त्यो पापिष्ट जालन्धरलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नमारी जीवित छाड्ने छैन। यति भन्दै नारी निमोठी रिसले आगो भएर विष्णुलाई विदा दिई मानसरोवरबाट अन्तर्धान भएर कैलास पुरीमा पार्वती लुकिरहेकी स्थानमा पुग्नुभयो। अनि श्रीमहादेव आउनु भएको देखेर पार्वतीले पाउ धोई दण्डवत् प्रणाम गरेर- 'हे स्वामी !' भनी जालन्धर आएको सारा वृत्तान्त वर्णन गरेर सुनाइन्। त्यो सुनेर जगदीश्वर महादेव आज्ञा गर्नुहुन्छ- हे प्रिये ! त्यस पापिष्ट जालन्धरलाई जीवित रहन दिने छैन। विष्णु वृन्दाको पतिव्रता—धर्म डगाउन गएका छन्; उनी आउनासाथ लडाइँ गरेर मार्नेछु भनी भवानी-शंकर परस्पर वार्तालाप गरिरहे।

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! उता श्रीविष्णु भगवान् जालन्धरको रूप धारण गरी अन्तःपुरमा जानुभयो। जालन्धररूप श्रीविष्णु भगवान् आएको देखेर वृन्दाले आफ्ना स्वामी जालन्धर आए भनेर ढोकामाआई पाऊ धोइदिई भित्र लगेर कोठामा बसालिन्, अनि वृन्दा भन्न लागिन्- 'हे स्वामी ! हजुर महादेवकी पत्नी पार्वतीलाई छल गर्नु जानुभएको के गरेर फर्कनु भयो ? फेरि पार्वती मभन्दा कति बर्ता राम्री रहिछन्- त्यो सबै कुरा भन्नुहवस्।' वृन्दाले त्यति भनेको सुनी जालन्धर रूपधारी विष्णु आज्ञा गर्नुहुन्छ- हे वृन्दा ! पार्वतीलाई छल्न नसकिने रहेछ, किनकि म पार्वतीको घरभित्र जान लाग्दा ढोकामा पाले बसेका द्वारपाललाई देख्नासाथ म मनमनै डराई अकस्मात् मूर्छित भएँ, पछि चेत आयो र ढोकामा बसेको डरलाग्दो मूर्ति द्वारपाललाई देखेर डराई फर्केर आएँ। यस्तै कुरा गर्दागर्दै वृन्दाले यी मेरा स्वामी जालन्धर होइनन्; मलाई छल्न विष्णु-जालन्धर बनेका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन् भन्ने कुरा थाहा पाएर अब मैले कुनै युक्ति नगरी भएन भन्ने मनमनै ठानी हाउ-भाउ कटाक्ष गरी विष्णुलाई हातमा पारी हाँस्तै भन्न लागिन्- 'हे स्वामी ! म केही भन्दछु, हजुर मान्नुहुन्छ कि.....' यति वृन्दाले भनेपछि जालन्धरको रूप धारण गरेका विष्णु भगवान्ले- 'हे प्रिये ! तिमीले जे भने पनि म मान्नेछु।' यस्तो वाचा गराइन्। अनि वृन्दाले भनिन्-'म यहाँ नआउञ्जेल यहीं बसिरहनु होला।' यति भनी विष्णुलाई कोठामा थुनेर आफू अर्कै घरमा गएर बसिरहिन्। यता वृन्दा अहिले आउली छैन, भरे आउली छैन; तीन-चार दिन बितिसक्यो तैपनि आइनन्। अनि विष्णु भगवान् मनमनै चिन्ता गर्न लागे– अब यसै बसिरहूँ भने म कति दिन बसिरहूँ, उता महादेवले के भन्नु होला ! निस्केर जाऊँ भने वाचा बन्धन हारिन्छ; कसरी जाऊँ भनी तर्क गरिरहेका थिए। उता जगदीश्वर महादेवले विष्णु गएको यतिका दिन भइसक्यो, किन फर्केनन् भनी ध्यान-दृष्टिले विचार गरेर हेर्दा छक्क परेर पार्वतीसित आज्ञा भयो– हे पार्वती ! वृन्दालाई छल्न गएका विष्णुलाई नै वृन्दाले छलेर एउटा कोठामा थुनिराखेकी रहिछ। यति भनेर आफ्नू मायाले यौटा सोन्ह वर्षको उमेर भएको अत्यन्त राम्रो भिक्षुक सृष्टि गरी आज्ञा भयो– 'हे भिक्षुक ! तिमी अन्तःपुरमा जालन्धरको घर गएर भिक्षा मागी जालन्धरकी पत्नी वृन्दाले कोठामा थुनिराखेको विष्णुलाई भिक्षारूपमा मागेर ल्याऊ।' यति महादेवको आज्ञा सुनी 'हवस्' भनेर सुन्दर भिक्षुकको रूप धारण गरी जालन्धरको घरमा पुगेर भिक्षा मागे। अनि वृन्दाले झ्यालबाट हेरिन् र अत्यन्त राम्रो योगीलाई देखेर मनमनै यो योगी अति राम्रो रहेछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति रूपवान् योगी मैले आजसम्म देखेकी थिइन्, यहाँ मेरो घरमा पनि कहिल्यै आएको थिएन, अतः यस नयाँ योगीलाई अवश्य भिक्षा दिनैपर्दछ, भनी पात्रमा भिक्षा लिएर भनिन्- 'हे योगी ! के माग्ने इच्छाले मेरो घरमा आयौ ? मलाई भन।' यति वृन्दाले भनेपछि योगीले भने– 'म केही माग्न भनेर आएको हुँ; दिने भए मात्र माग्दछु, नदिने भए के मागूँ !' यति योगीले भनेपछि वृन्दाले भनिन्- मैले दिन हुने कुरा र मसंग भएको जेसुकै मागे पनि दिन्न भन्नेछैन' भनी वाचा गरिन्, अनि भिक्षुकले भने– 'अरु थोक केही पनि माग्ने इच्छा छैन, केवल तिमीले थुनिराखेको व्यक्तिलाई माग्दछु, त्यो यौटा मलाई देऊ !' यति भिक्षुकले भनेको सुनेर वृन्दाले आफ्नू मनमनै विचार गरिन्- अब म के गरू ? यो विचित्र योगीले छल गरेर बाचा-बन्धन गराई माग्यो; नदिऊँ भने वाचा हारिन्छ। अब जेसुकै भए पनि वाचा हार्नु अनुचित हो। यस्तै तर्क गरेर आफूले कोठामा थुनिराखेका जालन्धर भेषधारी विष्णुलाई डाकेर बाहिरल्याई ती योगीको जिम्मा लगाइदिइन्। यस्ता प्रकारले विष्णुलाई साथमा लिएर ती योगी घरबाट बाहिर निस्की केही पनि नबोली त्यहाँबाट अन्तर्धान भएर सरासर कैलास पुगी श्रीमहादेवलाई सम्पूर्ण वृत्तान्त सुनाए। अनि महादेवले ती योगीलाई आफ्नू अंगमा विलीन पार्नुभयो।

त्यसपछि विष्णु त्यहीं उभिएर मनमनै चिन्तन गर्नलागे- अब के गरुँ, कसो गरूं ? वृन्दाको पतिव्रता धर्म डगाउन भनेर आएको म उसैद्वारा थुनामा परेर बस्नु पर्‍यो। उता महादेवले के भन्ने ठान्नु भयो होला। यस्तै तर्क गर्दै गरुडमा सवार भएर सरासर कैलास पर्वतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जानुभयो। त्यसै वेला विष्णु भगवान गरुडमा चढेर गएको गरुडको चर्को शब्दले जगदम्बा पार्वतीलाई देख्नासाथ मूर्च्छा परेर ढलेको जालन्धर मूर्च्छाबाट सचेत भएर- केको शब्द हो भनी चारैतिर हेर्दा विष्णुले कैलासको रक्षाका लागि चर्चा गरेर हिंड्दा रहेछन्। अतः पार्वतीलाई छल्न नसकिने रहेछ। अब यहाँ बसेर केही गर्न सकिन्न, बरू घरै जाऊँ भनी जालन्धर आफ्नू घर गयो।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! विष्णु सरासर श्रीमहादेवको सामुन्ने पुगेर प्रणाम गरी, केही नबोली एकातिर उभिइरहे। विष्णुलाई सामुन्ने देखेर श्रीमहादेवले आज्ञा गर्नुभयो- 'हे विष्णु ! तिमी वृन्दालाई छलेर उसको पतिव्रता–धर्म नष्ट पार्न गएका यतिका दिनसम्म कहाँ थियौ र के गरिरह्यौ ? वृन्दाको सत्य डगाउन सफल भयौ कि भएनौ ?' श्रीमहादेवको यस्तो प्रश्न सुनेर विष्णु बिन्ती गर्दछन्- हे जगदीश्वर ! हजुरको आज्ञाले म त्यहाँ गएँ, तर वृन्दाले छल गरी- 'म फर्केर आएसम्म यहीं कोठामै बसिरहनु'- भनी मलाई वाचा-बन्धन गराएर बाहिर निस्की। अनि म वृन्दा आउली भनी बस्ता-बस्ता दुई-चार दिन बितेर गयो, तर वृन्दा फर्केर आइन। म वाचामा परेको हुनाले त्यहाँबाट निस्केर आउन नसकी विवश भएर बसिरहेको थिएँ; पछि यौटा योगीको साथ लगाई छाडिदिइन् म हजुरको दर्शन गर्न हाजिर भएको हुँ। यति विष्णुको वचन सुनेर श्री महादेवले ब्रह्मा, विष्णु, इन्द्र, वरुण र कुबेर आदि तेत्तीस कोटि देवता, यक्ष, गन्धर्व, किन्नर, नन्दी, भृङ्गी, प्रमथगण, भूत-प्रेत, पिशाच सबै जम्मा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरी आज्ञा गर्नुभयो- हे देवता हो ! पापिष्ट जालन्धरलाई तिमीहरू सबै गएर मारेर आओ। यति श्रीमहादेवको आज्ञा सुनेर सकल देवताहरूले 'हवस्' भनेर आज्ञा पालन गर्न तयार भए।

त्यसपछि श्रीमहादेवले नारदजीलाई डाकेर आज्ञा भयो- हे नारद ! तिमी तत्काल गएर जालन्धरलाई समाचार देऊ कि तिमीसित युद्ध गर्न समस्त देवताहरू आउन लागेका छन्, अतः युद्धका लागि तयार होऊ। यति श्रीमहादेवले आज्ञा भएको सुनी नारद मुनि 'जो आज्ञा' भनेर सरासर जालन्धरका घर जाँदा भए।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! उता जालन्धर पनि पार्वतीलाई छल्ने आशा त्यागेर सरासर आफ्नू घर गयो। अनि वृन्दाले आफ्ना स्वामी जालन्धर आएको देखेर तत्काल गोडा धुलाई भित्र लगेर भन्न लागिन्- हे स्वामी ! हजुर पार्वतीलाई छल्न जानु भएको कसो भयो ? मभन्दा कत्तिकी राम्री रहिछन्, भन्नुहवस्। यति वृन्दाले सोधेपछि जालन्धर भन्दछन्– हे प्रिये वृन्दा ! त्यो सबै कुरा भन्दछु, तिमी ध्यान दिए सुन– म यहाँबाट सरासर कैलास पर्वतमा गएँ र महादेवको भेष धारण गरेर जाँदा पार्वतीले मलाई देखिन् र सुनको कमण्डलु लिएर मेरो गोडा धुन ढोकामा आइन्। अनि मैले देखें- राम्रीमा ती पार्वती भन्दा राम्री अरू यो सम्पूर्ण पृथ्वीमा हुन दुर्लभ छ। पार्वतीको अनुहार देख्नासाथ मेरो होश हरायो र त्यहीं मूर्छित भएर भूमिमा ढलेको थिएँ ! पछि गरुडको शब्दले मलाई चेष्टा भयो र उठेर चारैतिर हेर्दा पार्वती कता गइन् थाहा पाउन सकिन। अनि फर्केर घर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

८५

आइरहेको छु। आफ्ना स्वामी जालन्धरको यस्तो वचन सुनेर वृन्दाले भनिन्- हे स्वामी ! हजुर पार्वतीलाई छल्न जानुभएपछि विष्णुले हजुरको रूप धारण गरेर मलाई छल गर्न भनी यहाँ आएका थिए; मैले चिन्हेर ती विष्णुलाई कोठामा थुनेर निकै दिनसम्म राखेकी थिएँ। पछि अत्यन्त राम्रो यौटा अपूर्व नयाँ योगी आएर माग्दा मैले विष्णुलाई दिएर पठाएँ। यति वृन्दाले भनेको सुनी जालन्धर अत्यन्त क्रोधित भई भन्दछन्- 'हे वृन्दा ! त्यसो हो भने म पार्वतीलाई छल नगरी छाड्ने छैन; फेरि जान्छु भनी जालन्धर घरबाट बाहिर निस्कँदा महादेवले पठाउनु भएको नारद मुनि पनि त्यहीं पुगे.र जालन्धरसित भेट भयो। अनि नारद मुनिले सोधे- 'हे जालन्धर ! तिमी कहाँ जान लाग्यौ ?' जालन्धरले- 'कहीं होइन्, भिक्षा माग्न जान्छु' भन्यो। अनि नारद मुनि भन्दछन्- हे जालन्धर ! तिमीले मसित किन यस्तो मिथ्या कुरा गरेको ? तिमी जान लागेको काम मैले थाहा पाइसकें। तिमी पार्वतीलाई छल गर्न भनी जान लागेका हौ; उहाँ तिमीसित युद्ध गर्नका लागि ब्रह्मा, विष्णु, इन्द्र आदि समस्त देवता आउन तयार भएर मलाई समाचार पुऱ्याउन भनी पठाएको हो। तिमी अन्त कसै जानतिर नलाग। आफ्नू जो चाहिने युद्धको सामग्री तयार पार ! नारद मुनिका यस्ता वचन सुनी जालन्धरले- त्यसो भए म घर फर्कन्छु भनी फर्केर गई आफ्नी पत्नी वृन्दासित नारद मुनि आएर भनेको सबै कुरा विस्तारले वर्णन गरी- अब म लडाई गर्न जान्छु, तिमीले घरको सम्भार राम्ररी गरे- यति भनी वृन्दासित विदा भएर हातमा त्रिशूल लिई आफ्ना समस्त सेना जम्मा पारेर शस्त्रास्त्र लिई देवताहरूसित संग्राम गर्न भनी कैलास पर्वततर्फ प्रस्थान गऱ्यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उता नारद मुनिले जालन्धरलाई समाचार दिएर फेरि महादेवकहाँ पुगी दण्डवत् प्रणाम गरेर जालन्धरसित भएको सम्पूर्ण वृत्तान्त वर्णन गरेर सुनाए। नारद मुनिको वचन सुनेर श्रीमहादेवले ब्रह्मा, विष्णु प्रभृति समस्त देवताहरूलाई जालन्धरसित युद्ध गर्न जाओ भनी विदा दिनुभयो। यति श्रीमहादेवको आज्ञा सुनेर समस्त देवताहरूले 'हवस्' भनी अनेक थरिका बाजा बजाई सिंह जस्तै गर्जन गरेर कैलास पुरीबाट प्रस्थान गरे। बाटोमा दुवै थरिका सेनाको भेट भएर त्यहीं नै अघोर संग्राम आरम्भ भयो। देवताहरूले उच्चस्वरमा कल्लोल शब्द गरी चिच्याएर अगाडि बढी अनेकानेक शस्त्रास्त्र प्रहार गरे। ती देवताहरूले प्रहार गरेका शस्त्रास्त्रले जालन्धरलाई केही गर्न सकेनन्, त्यसको शरीरमा नलागेर व्यर्थ एकातिर लाग्न गए। आफूहरूले प्रहार गरेका शस्त्रास्त्रले जालन्धरलाई केही गर्न नसकेको देखेर ब्रह्मादि सबै देवताहरू दिक्क भएर आफाफ्ना शस्त्रास्त्र रोकेर त्यसै मौन भइरहे। अनि वैकुण्ठनाथ विष्णु भगवान् रिसाएर बायाँ हातले पाञ्चजन्य शङ्ख बजाई दाहिने हातले कौमोदकी गदा घुमाई अत्यन्त वेगले प्रहार गरे। विष्णु भगवानको त्यो गदाले पनि जालन्धरलाई छुन पनि सकेन। अनि देवराज इन्द्र रिसले आगो समान भई वज्र हातमा लिएर जालन्धरलाई ताकी प्रहार गरे। इन्द्रको त्यस वज्रले पनिं केही गर्न सकेन अर्थात् विफल भयो। जालन्धरले वास्तै नगरी यौटा तृण समान पनि नमानेर चुप लागिरह्यो। त्यसपछि पनि देवताहरू आफाफ्ना शस्त्रास्त्र लगातार प्रहार गरिरहेकै थिए, तर जालन्धरलाई संग्राममा अटल पर्वत झैं अडिइरहेको देखेर वैकुण्ठनाथ विष्णुले— अब यसरीतले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएन भनी श्रीमहादेवकहाँ गएर भने- 'हे जगदीश्वर ! हे शम्भो ! हामीले कुनै उपाले पनि जालन्धरलाई मार्न सकेनौं। अब हजुर बिना कुनै पनि अर्काको जालन्धरलाई मार्ने सामर्थ्य छैन। अतः अब हजुरले संग्राम-भूमिमा जानु आवश्यक छ।' वैकुण्ठनाथ विष्णुको यस्तो वचन सुनेर महादेव आज्ञा गर्नुहुन्छ- 'हे विष्णु ! त्यो जालन्धरकी स्त्री वृन्दाको पतिव्रता—धर्मले गर्दा जालन्धर ाई कसैले पनि मार्न सक्तैनन्। अतः तिमीले आफ्नी बलवती म.ाले ढाकी जालन्धरको भेष धारण गरेर अन्तःपुरमा गई कल-बल-छलको प्रयोग गरी वृन्दाको पतिव्रता—धर्म नष्ट गराऊ, यता म संग्राममा गएर पापिष्ट जालन्धरलाई मार्दछु।' यति महादेवको आज्ञा सुनी 'हवस्, म जान्छु' भनी महादेवसित विदा भएर वैकुण्ठनाथ विष्णु जालन्धरको भेष धारण गरी बायाँ हातमा त्रिशूल समाती दाहिने हातले डमरु बजाई आफ्नी बलवती विष्णु-मायाले ढाकिई अन्तःपुरमा जालन्धरको घर पुग्नुभयो। भेषधारी नकली जालन्धरलाई आएको देखेर पतिव्रता वृन्दाले हत्पताई पाऊ धोइदिएर भित्र कोठामा लगी उत्तम आसनमा बसालेर विन्ती गर्न लागिन्- 'हे स्वामी ! हजुर महादेवसित युद्ध गर्न जानुभएको कसो गरेर आउनु भयो, आज्ञा गर्नुहवस् ?' वृन्दाले यदि सोधेपछि जालन्धर-रूपधारी विष्णु भगवान् आज्ञा गर्नुहुन्छ- 'हे प्रिये, वृन्दा ! महादेवसितको युद्धको केही थकाई मारूँ भनेर घरमा आएको हुँ। भोक लागिरहेछ, पहिले केही खानेकुरा ल्याऊ।' यति जालन्धर-रूप विष्णुले आज्ञा गरेको सुनी वृन्दाले तत्काल अनेक प्रकारका चौरासी व्यञ्जन तयार पारी भोजन गराइन्। अनि रात परेपछि मायाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छोपी वृन्दासित अनेक तरहका वार्तालाप गरी वृन्दाको पतिव्रता–धर्म नष्ट पारिदिए। अनि रात बितेपछि विष्णुले जालन्धर-रूप छाडेर आफ्नू स्वरूप चार बाहुमा शंख, चक्र, गदा, पद्म लिई दिव्यरूपको दर्शन दिनुभयो। अनि वृन्दा क्रोधित भएर भनिन्– 'हे पापिष्ट विष्णु ! तिमीले छल-कपट गरी मेरो पतिव्रता-धर्म नष्ट गरिदियौ !' वृन्दाको त्यस्तो वचन सुनेर विष्णु भगवान् आज्ञा गर्नुहुन्छ– हे वृन्दा ! तिम्रो पति जालन्धरलाई जगदीश्वर महादेवले हिजै मारिसक्नुभयो; अब तिमीले वैकुण्ठको अधिपति भएको म नारायण जस्तालाई स्वामी पाएपछि किन फिक्री गरिरहनु पर्‍यो ? हे वृन्दा ! तिमी विश्वास मान्दिनौ भने केही बेरमा समाचार पाउने छौ भनी वृन्दालाई नाना प्रकारले विष्णु भगवानले बुझाउँनु भयो।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्री स्वस्थानी परमेश्वर्यां व्रतकथायां वृन्दा-पतिव्रता-धर्महरणं नाम अष्टादशोऽध्यायः ॥ १८ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ उनविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! तिमी एकचित्त भएर सुन; त्यसपछि जगदीश्वर महादेवले विष्णुलाई विदा दिएर आफू संग्राम-भूमिमा गएर जालन्धरसित अनेक शस्त्रास्त्र प्रहार गरी युद्ध गर्न लाग्नुभयो। जगदीश्वर महादेवको र जालन्धरको भयंकर संग्राम मच्चियो। उता वृन्दाको पतिव्रता-धर्म वैकुण्ठनाथ विष्णुले हरिसकेको हुनाले जालन्धर बलहीन भई श्रीमहादेवसित युद्धमा टिक्न नसकी आकाशमा गएर माया-युद्ध गर्न लाग्यो। अनि महादेवले पनि आकाशमै गएर त्यसका माया-युद्धको प्रतिकार गर्न थाल्नुभयो। त्यसरी युद्ध गर्दा-गर्दा महादेवले जालन्धरलाई बलहीन भएको देखेर-विष्णुले वृन्दाको पतिव्रता-धर्म नष्ट पारिसकेछन् भन्ने थाहा पाई, आफ्नू अमोघ त्रिशूल हातमा लिई तीनै नेत्रबाट अग्निको ज्वाला निकाली अत्यन्त क्रोधित भएर त्यो त्रिशूल जालन्धरको छातीमा प्रहार गर्नुभयो। शिवजीको त्रिशूलको वेदना सहन नसकी जालन्धर मरेर अन्तःपुरको चोकको माझमा आएर पच्छारियो। त्यो जालन्धर भूमिमा पच्छारिएको आवाज वृन्दाले सुनिन् र केको आवाज आएको हो भन्दै हेर्न जाँदा आफ्ना स्वामी जालन्धरलाई मरेर पच्छारिएको देखी धैर्य धारण गर्न नसकी अनेक प्रकारसित रोई विलाप गर्न लागिन्– हे स्वामी ! मलाई यस्तो अवस्थामा एक्लै छाडी हजुर कहाँ जानुभयो ? किन जानुभयो ? पापिष्ट विष्णुले छल-कपट गरिदिनाले हजुरको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस्तो अवस्था भयो र मेरो यो दुर्गति भयो! हजुर बिना म यो प्राण किन र के गरेर राख्नेछु ? हजुर जहाँ जानुभयो, म पनि त्यहीं जान्छु भन्दै कपाल फिंजाएर वैकुण्ठनाथ विष्णु भगवानको अनुहारमा हेरी भन्न लागिन्- 'हे पापिष्ट विष्णु ! तिम्रो छल-कपटमा परेर मेरो पतिव्रता-धर्म नष्ट भयो र मेरा स्वामीको यो अवस्था भयो। अब म तिमीलाई श्राप दिन्छु सुन— १. झार हुनुपरोस्। २. घाँस हुनुपरोस्। ३. कल्पवृक्ष भएर रहनु परोस्। ४. ढुङ्गा भएर रहनु परोस्। यति चार थोक तिमीलाई श्राप दिएँ।' यति विष्णुलाई श्राप दिई वृन्दाले जालन्धरसित सती भएर प्राण त्याग गरिन्।

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! पतिव्रताले श्राप दिएकी हुनाले त्यो श्राप विष्णु भगवानलाई लाग्यो। झार हुनु परोस् भनेकी हुनाले 'तुलसी' भएर रहनुपर्‍यो। घाँस भएर रहनु परोस् भनेकी हुनाले 'कुश' भएर रहनु पर्‍यो। कल्पवृक्ष भएर रहनु परोस् भनेकी हुनाले 'पीपलको वृक्ष' भएर रहनु पर्‍यो। ढुङ्गा भएर रहनु परोस् भनेकी हुनाले 'शालिग्राम' भएर रहनु पर्‍यो। यसै कारण तुलसी, कुश, पीपल र शालिग्रामलाई नारायण हुन् भनेर अद्यावधि सकल व्यक्तिहरूले पूजा गरेका हुन्। हे अगस्त्य मुनि ! पतिव्रता धर्म भनेको धेरै ठूलो धर्म हो। त्यसको पालन गर्नाले प्रत्येक नारीले उत्तम गति पाउँछन्।

वैकुण्ठनाथ विष्णुले वृन्दाले श्राप पाएपछि कैलासमा जगदीश्वर महादेवकहाँ पुगी सारा वृत्तान्त वर्णन गरेर सुनाए। अनि म अब वृन्दाको श्राप मोक्ष गर्न जान्छु भनी शिव-पार्वतीसित बिदा भई तुलसी,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुश, पीपल र शालिग्राम भएर रहँदा भए। त्यसरी विष्णु भगवान् विदा भएर श्राप मोक्ष गर्न गएपछि श्रीजगदीश्वर महादेव वृषभ (साँढे) माथि सवार भएर ब्रह्मा, इन्द्र, अग्नि, वरुण, कुबेर आदि देवताहरूलाई अगि-पछि लगाई अनेक प्रकारका वाद्य बजाई अप्सराहरूले नाच्ने, गन्धर्वगणले गान गर्ने र आकाशबाट पुष्प-वृष्टि गर्दै विजयको ठूलो उत्सव गर्दै कैलास-भवनमा प्रवेश गरी भूत-प्रेत, पिशाच, यक्ष, किन्नर, नाग तथा प्रमथगण समेत भएर शिव-शक्तिस्वरूपले रहँदा भए। त्यसपछि ब्रह्मादि सकल देवता श्रीमहादेव-सित बिदा भएर आफ्ना-आफ्ना लोकमा गई आफाफ्नू काम गरेर अत्यन्त आनन्दले रहे। यति स्वर्गका कुरा कहें।

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि। अब पातालको कुरा सुनाउँछु, तिमी एकचित भएर सुन- जगदम्बा पार्वतीको आज्ञाले अश्वत्थामा ऋषि सप्तपातालको मूल भएको यस्तो रसातलमा पुगे। त्यो कस्तो पातल भने सूर्यनारायणको तेज जस्तो जाज्वल्यमान तेज भएको, अनेक प्रकारका अमूल्य रत्नहरूले देदीप्यमान तुल्याइएको सुवर्णको पुरीमा असंख्य संपत्तिका स्वामी भएका- शेष नाग, तक्षक नाग, कर्कोटक नाग, पद्म नाग, कुलिक नाग र वरुण नाग आदिले निवास गरिएको; तिनका नागिनीहरू पनि हीरा-मोती, मणि-माणिक्य र अन्य अनेक रत्नका गहना तथा उत्तम वस्त्र अलङ्कार पहिरी उभन्दा उराम्री, उभन्दा उराम्री भएर रहेका ! त्यस उत्तम स्थानमा पुगेर अश्वत्थामा ऋषिले भने– 'हे शेष नाग ! श्री पार्वतीको आज्ञाले श्रीस्वस्थानी परमेश्वरीको व्रत गराई– जो दुःखी छन्, जो दरिद्री छन्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जसका सन्तान छैनन्; तिनको उद्धार गर्न आएको हुँ। यहाँ कोही दुःखी-दरिद्री छन् कि ?' यस्तो अश्वत्थामा ऋषिले भनेको वचन सुनेर शेषनागले भने– हे अश्वत्थामा ऋषि ! यहाँ तपाईंले भने जस्ता दुःखी-दरिद्री कोही पनि छैनन्। त्यस बनको नगीचमा शंखचूड नाग, रत्नचूड नाग, कृपादत्त नाग र धार्तराष्ट्र नागको घर छ। उनका स्त्रीहरू सान्है दुःखमा छन्। त्यहीं गएर सुध्याउनु हवस्। यति शेष नागले भनेपछि अश्वत्थामा ऋषि, उनीहरूलाई सोध्दै नागिनीहरू बसेको स्थानमा पुगे। त्यहाँ शंखचूड नागकी स्त्री हीरावती, रत्नचूड नागकी स्त्री रत्नावली, कृपादत्त नागकी स्त्री मृगावती र धार्तराष्ट्र नागकी स्त्री मदनावती-यी स्त्री-पुरुष अन्योन्य प्रीतिले रहेका थिए। पछि दुःख पाई घरमा बस्न नसकी बढी कष्ट भएर शंखचूड, रत्नचूड, कृपादत्त र धार्तराष्ट्र नागहरू परदेश गए। नागिनीहरू दुःखमा परेका भए पनि महासत्यवादी थिए। नागहरू परदेश गएपछि अब के गर्ने ? कहाँ जाने ? इत्यादि तर्क गरी चारैवटीले मतो मिलाई घर छाडेर वनमा बसी दुःख गरी आफाफ्ना पतिको प्रतीक्षा गरिरहेका थिए। बाह्र वर्ष बित्यो तैपनि नागले नागिनीको र नागिनीले नागको केही पनि खबर गर्न सकेका थिएनन्। अश्वत्थामा ऋषिले त्यस्ता दुःखका समुद्रमा डुबिरहेका नागिनीहरूलाई खोजी गर्दै यहाँ को दुःखी छ, को दरिद्री छ भन्दै हपार्दै गए। नागिनीहरूले सुनेर 'हामीलाई को हपार्छ' भन्दै गुफाबाट बाहिर निस्केर हेरे। अनि अश्वत्थामा ऋषिलाई देखेर भन्न लागे– हे अश्वत्थामा ऋषि ! आज हाम्रो घरमा के कामले कष्ट गर्नुभयो ? भनी सुधाए। अनि अश्वत्थामा ऋषि भन्दछन्– 'हे नागिनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो ! पूर्वकालमा जुन स्वस्थामी परमेश्वरीको व्रत गरेर जगदीश्वर महादेव स्वामी पाइन् आज उनै पार्वतीको आज्ञाले श्री स्वस्थामी परमेश्वरीको व्रत गराई जो दुःखी छन्, जो दरिद्री छन्, जसका पुरुष छैनन्, त्यस्ताको उद्धार गर्न भनेर आएको हुँ।' यति अश्वत्थामा ऋषिले भनेको वचन सुनी नागिनीहरूले मनमा अपार आनन्द मानी प्रार्थना गरे– हे अश्वत्थामा ऋषि ! हामीहरू दुःखी पनि छौं, दरिद्र पनि छौं, हाम्रा सन्तान पनि छैनन्, पुरुष पनि छैनन; अतः त्यो व्रत हामीलाई गराऊ भनी आफ्ना स्वामी नागहरू कष्ट भएर परदेश गएको कुरा र आफूहरूले अनेक प्रकारका कष्ट पाएको कुराको पनि सारा वृत्तान्त सुनाई, सम्मानपूर्वक आसन दिएर आदरले बसाले। यति ती नागिनीहरूका कुरा सुनी अश्वत्थामा ऋषि भन्दछन्– हे नागिनी हो ! एक चित्त भएर सुन– पहिले सत्ययुगमा हिमालय पर्वतकी पुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको विधि म तिमीहरूलाई भन्दुछु, सुन– पौषशुक्ल पूर्णिमाको दिनदेखि हात-खुट्टाको नङ काटी, स्नान गरी, पवित्र भएर एकभक्त रही एक चित्त गरेर मेरो फलानु कामना (इच्छा) पूर्णहवस् भनी महीना दिनसम्म नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्नू। पूर्ण चन्द्रलाई बत्ती बालेर आरती गर्नू; श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू र सुनाउनू; अनि माघशुक्ल पूर्णिमाको दिन अष्टोत्तर शय पान, अष्टोत्तर शय कुड्का सुपारी, अष्टोत्तर शय नाना जातका फूल र फल, जौ-तिल पनि गनेको चढाउनू पर्दछ। सगुन समेत नाना उपचार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तयार गरी आर्सी (तामाको थाली) मा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू ! श्रीखण्ड, रक्तचन्दन, सिन्दूर फूल-माला पहिराउनू, वस्त्र, धूप-दीप नैवेद्य यथाशक्ति भेटी (दक्षिणा) चढाउनू। यस प्रकार श्रद्धा-भक्तिले श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू। अर्घ्य दिनू, ध्यान, जप पाठ गर्नू। त्यसपछि प्रसाद झिक्नू र अष्टोत्तर शयमा आठ रोटी, आठ अक्षता, आठ पान, आठ यज्ञसूत्र, आठ कुड्का सुपारी सगुनसमेत आफ्ना पुरुषलाई दिनू। पुरुष नभए छोरोलाई दिनू, छोरो नभए मीतछोरोलाई दिनू। मीत छोरो पनि नभए जुन कामना (इच्छा) ले व्रत गरेको छ, मेरो फलानू कामना पूर्ण हवस् भनेर गङ्गा वा अन्यान्य नदी-तलाऊमा लगेर बगाईदिनू। शय रोटी आफूले फलाहार गर्नू; रात्रि जाग्राम (जागा) भएर रहनू। श्रीस्वस्थानी परमेश्वरीको कीर्तन, नाच–गान गर्नू। यति गरेपछि तिमीहरूको सम्पूर्ण दुःख नाश होला, नागहरू पनि छिटै आइपुग्नन्, यसमा कुनै प्रकारको शंका छैन- तिमीहरूले मनमा अन्यथा नमान्नू ! यति अश्वत्थामा ऋषिले भनेपछि नागिनीहरू अत्यन्त प्रसन्न भएर भन्नलागे– हे अश्वत्थामा ऋषि ! हामी केही नजान्ने स्त्रीजातिलाई यस्तो ज्ञान कसरी र कहाँबाट पाउनू; तपाई बसेर त्यो व्रत गराई हामी अभागिनीहरूको उद्धार गरेर जानु हवस्। यति भनेर ती नागिनीहरूले डाकेर घरमा लगी श्रद्धापूर्वक भोजन गराई घरैमा राखे। त्यसपछि पौषशुक्ल पूर्णिमाको दिन आयो र अश्वत्थामा ऋषिले विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गराए। महीना दिन भयो र माघशुक्ल पूर्णिमाको दिन सम्पूर्ण सामग्री तयार गर्न लगाई श्रीस्वस्थानी परमेश्वरीको विधिपूर्वक पूजा गराए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनि सम्पूर्ण पूजा गरिसकेपछि अश्वत्थामा ऋषिले भने- हे नागिनी हो ! अब अर्घ्य दिई दुवै हातजोरी प्रार्थना गर- 'हे ईश्वरी ! हामी पापिनीहरूको पूजाबाट प्रसन्न र सन्तुष्ट भई हाम्रो यो दुःखको अपार समुद्रबाट उद्धार गर्नुहवस्। यसरी प्रार्थना गर्नासाथ पूर्वदिशाबाट हजार सूर्यको जस्तो तेज भएकी श्रीस्वस्थानी परमेश्वरी प्रत्यक्ष भएर दर्शन दिई आज्ञा भयो- 'हे भक्तजन हो ! तिमीहरूको पूजा र भक्ति देखेर म प्रसन्न भएँ- वरदान लेऊ।' यति ईश्वरीले आज्ञा भएको सुनी ती नागिनीहरूले विन्ती गरे- 'हे जगदीश्वरी ! हजुरलाई कोटि-कोटि दण्डवत् प्रणाम छ ! हाम्रा सबै कष्ट हरण गर्नुहवस्, हाम्रा स्वामी नागहरू जहाँ भए पनि छिटै आइपुगुन्, भनी वर मागे र ईश्वरीले 'तथास्तु' भनी इच्छित् वरदान दिइन्। अनि प्रसाद झिक्न लाग्दा श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले परदेश गएका नागहरू तत्काल आइपुगे ।अनि ती नागिनीहरूले मनमा अत्यन्त आनन्द मानी धन्य-धन्य श्रीस्वस्थानी परमेश्वरी! भनी श्रीस्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेली-पुष्प, आठ यज्ञ-सूत्र, आठ-पान, आठ कुङ्का सुपारी, सगुनसमेत आफाफ्ना पुरुषलाई दिई प्रणाम गरे। अनि अश्वत्थामा ऋषिलाई श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए। अश्वत्थामा ऋषि पनि त्यहाँबाट विदा भएर आफ्नू आश्रममा गए। त्यस दिनदेखि नाग-नागिनीहरू असंख्य सम्पत्ति पाई परमानन्दले रहे। अनि प्रत्येक वर्ष श्रीस्वस्थानी परमेस्वरीको व्रत गर्न छाडेनन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां नागिनी श्रीस्वस्थानी व्रतकृतं नाम उनविंशोऽध्यायः ।। १९ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! तिमीलाई यति पातालका कुरा सुनाएँ; अब मर्त्य मण्डलको कुरा भन्दछु, एकाग्र चित्त भएर सुन–मर्त्यमण्डलको दक्षिण भागमा ब्रह्मपुर नाम गरेको यौटा नगर छ। त्यहाँका ब्राह्मणहरू असंख्य सम्पत्ति पाई वेद-पुराण आदि अनेक शास्त्रको अभ्यास गरी आफ्ना-आफ्ना धर्म-कर्ममा अडिएर रहेका थिए। त्यसै नगरमा शिवभट्ट नाम गरेका ब्राह्मण साह्रै गरीब थिए। तर गरीब भए पनि शिवभट्ट ब्राह्मणलाई कुनै कुराको लोभ र मोह थिएन। ती आफ्नू धर्म-कर्म कहिल्यै पनि छाड्दैनथे। झूठो बोल्दैनथे। तिनै शिवभट्टकी सती नाम गरेकी ब्राह्मणी थिइन्। ती स्त्री-पुरुष दुवै अत्यन्त मिलेका थिए। घरमा सम्पत्ति नहुनाले धेरै दुःख पाए र एक दिन शिवभट्ट ब्राह्मणले आफ्नी पत्नी सती ब्राह्मणीसित भने- हे सती ! हाम्रो घरमा सम्पत्ति छैन। सम्पत्ति नहुनाले सधैं अनेक थरिका अभावले दुःख पाउँछौं। अब सम्पत्ति प्राप्त गर्न हामी सिद्धि-विनायकको सेवा गरौं भनी दुवै स्त्री-पुरुषले आठ-आठ दिनको मङ्गलवारका दिन प्रातःकालमा महाकष्ट गरी श्रद्धापूर्वक पूजा गरेर श्रीसिद्धि–विनायकको सेवा गर्नलागे। यसरी गर्दा-गर्दा आठ–दस वर्ष बित्यो तब श्रीसिद्धि-विनायक प्रसन्न भई आफ्नू दिव्य मूर्तिको दर्शन दिएर– 'हे शिवभट्ट ब्राह्मण ! हे सती ब्राह्मणी ! तिमीहरूले सेवा गरेको देखेर म प्रसन्न र सन्तुष्ट भएँ; जे इच्छा छ, सो माग, म दिनेछु, मेरो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निम्ति संसारमा कुनै पनि वस्तु अदेय छैन।' गणेशजीले यस्तो आज्ञा भएको सुनी शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले साष्टाङ्ग दण्डवत् गरी हात जोरेर विन्ती गरे– 'हे परमेश्वर ! हे सिद्धिविनायक ! अरू थोक वरदान के मागौं; हामीले पूर्वजन्ममा नकमाएको हुनाले यस जन्ममा सम्पत्ति नपाई दरिद्र भएर अनेक कष्ट पाइरहेका छौं। सम्पत्ति प्राप्त गर्ने इच्छाले हजुरको सेवा गरेका हौं, अतः सम्पत्ति दिई हाम्रो दुःख-कष्ट निवारण गरिदिनु हवस्।'– यति शिवभट्ट र सतीले भनेको सुनी सिद्धिविनायकले आज्ञा गर्नुभयो– 'हे शिवभट्ट ब्राह्मण ! आजको आठौं दिन मङ्गलवार प्रातःकालमा सदा जस्तै यहाँ आई मेरो पूजा गर्नु; त्यसै वेला मेरो मुखेञ्जी (सामुन्ने) जो देखौला त्यो आफ्नू घर लगेर तसलामा राखी माथिबाट तसलाले नै छापिदिनू। चार दिन बितेपछि माथिबाट छोपेको तसला झिकेर हेर्नू, त्यहाँ सुन होइरहला। अनि इच्छित सम्पत्ति पाई सुखी हुनेछौ– तिमीलाई सम्पत्ति होओस्, मैले वरदान दिएँ, अब घर जाऊ।' यति सिद्धिविनायकले आज्ञा गरेको सुनी शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले मनमा आनन्द मानी सिद्धि-विनायकलाई दण्डवत् प्रणाम गरे र सिद्धिगणेश अन्तर्धान भएपछि घर फर्किए। फेरि आठ दिन भयो र मङ्गलवार प्रातःकालमा स्नान गरी पवित्र भएर पूजाको सामान लिई शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी दुवै स्त्री-पुरुष सिद्धिविनायकका स्थानमा गएर हेर्दा सिद्धि-विनायकका अगाडि लड्डू राखेको देखे। सती ब्राह्मणी र शिवभट्ट ब्राह्मणले सधैं गरे जस्तै गणेशजीको पूजा गरे र त्यो लड्डू घरमा लगी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तसलामा राखी माथिबाट अर्को तसलाले छोपिदिए। चार दिन भएपछि माथिबाट छोपेको तसला झिकेर हेर्दा सुनको लड्डू भइरहेको देखी मनमनै अत्यन्त प्रसन्न भई त्यो लड्डू यत्नपूर्वक राख्दाभए। त्यसै दिनदेखि शिवभट्ट ब्राह्मण असंख्य सम्पत्ति पाएर सुखी भए। दस घरमा डुलेर भिक्षा मागी खाएर जीवन-यापन गर्ने शिवभट्ट ब्राह्मणले त्यसरी असंख्य सम्पत्ति पाएपछि एकदिन आफ्नी पत्नी सती ब्राह्मणीसित भने-हे सती ! मेरो कुरा सुन— हामीले पूर्वजन्ममा दान-पुण्य नगरेका हुनाले यस जन्ममा दरिद्र भएर अनेक दुःख पायौं। अब सिद्धिविनायकको कृपाले सम्पत्ति भयो। अब यस जन्ममा पनि दान-पुण्य नगरे अर्को जन्ममा पनि दरिद्र भएर दुःख पाइनेछ। अतः दान-धर्म गर्नुपर्दछ भनी दुवै स्त्री-पुरुषले नित्य गङ्गा–स्नान गरी हरि—हरको पूजा गरेर सुवर्णादि नाना द्रव्य दान गरेर घर आउँथे। त्यसरी दान-धर्म गर्नाले शिवभट्ट ब्राह्मणको सम्पत्ति झन्-झन् बढ्दै गयो। त्यो देखेर फेरि एकदिन शिवभट्ट ब्राह्मणले आफ्नी स्त्री सती ब्राह्मणीसित भने- हे स्त्री ! सिद्धिविनायकको कृपाले हामीसित सम्पत्ति भयो, तर सम्पत्तिले मात्र के गर्ने ? हाम्रा सन्तान छैनन्, वृद्धावस्था भयो, यो सम्पत्तिको रक्षा कसले गरिदेला ? अब सन्तान प्राप्तिका लागि फेरि सिद्धिगणेशको सेवा गरौं। शिवभट्टकी ब्राह्मणीले आफ्ना स्वामीको यस्ता वचन सुनी 'हवस्' भनेर स्वीकार गरिन्। फेरि पहिले जस्तै आठ-आठ दिनमा मङ्गलवार बिहान दुवै स्त्री-पुरुषले सिद्धि-विनायकको सेवा-पूजा गर्नलागे। तिनले त्यस प्रकार सेवा-पूजागरेको देखेर सिद्धिविनायक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रसन्न भई आज्ञा गर्नुभयो- 'हे शिवभट्ट ब्राह्मण! हे सती ब्राह्मणी! तिमीहरूले गरेको सेवा देखेर म प्रसन्न भएँ। मनमा जे इच्छा छ, सो वरदान माग, म दिनेछु।' यति गणेशजीले आज्ञाभएको सुनेर शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले हात जोरी बिन्ती गरे- 'हे प्रभो ! हे सिद्धि विनायक ! हजुरको कृपाले सम्पत्ति त प्राप्त भयो तर त्यो सम्पत्तिको रक्षा गर्ने सन्तान छैनन्। अब हामीलाई सन्तान दिनुहवस्। त्यसैको निम्ति हजुरलाई कष्ट दिन आएका हौं।' यति शिवभट्ट ब्राह्मणले भनेपछि सिद्धिविनायक आज्ञा गर्नुहुन्छ- 'हे शिवभट्ट ब्राह्मण !आजको आठौं दिन मङ्गलवार आज जस्तै आई मेरो पूजा गर्नू। त्यसै मौकामा घौटी गाई आएर तिम्रो मुख हेरिरहने छन्, तिमीले गाईको मुख हेरेर पूजा गर्नू। त्यसपछि गाईले गोब्र्याउने छन्। त्यो गोबर भूमिमा पर्न नपाउँदै तिमीले हातमा थापेर घर लैजानू र तसलामा राखी माथिबाट अर्को तसलाले छोपिदिनू। चार दिन भएपछि माथिको तसला फिकेर हेर्नू, त्यस गोबरबाट कन्या उत्पन्न भइरहने छन्। पुत्र भने तिमीलाई हुने छैन किनकि पूर्वजन्ममा तिमीले राखेका छैनौ।' यति सिद्धि गणेशले आज्ञा गरेपछि शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले नमस्कार गरी प्रसन्न भएर 'हवस्' भनी प्रणाम गरेर घर फर्किए। उता गणेशजी पनि अन्तर्धान हुनुभयो। त्यसको आठ दिनमा मङ्गलवार बिहानै पूजाको सबै सामग्री लिएर शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी दुवै स्त्री-पुरूष सिद्धिगणेशको स्थानमा गएर पहिले सिद्धिविनायकको पूजा गर्नलाग्दा गाई आएर हेरिरहिन्। अनि गणेशजीको पूजा गरिसकेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ती दम्पतिले गाईको मुख हेरेर पूजा गरी प्रणाम गरे। अनि गाईले गोब्र्याइन्। शिवभट्ट ब्राह्मणले त्यो गोबर भूमिमा पर्न नपाउँदै हातमा थापे र सिद्धि–विनायकको तीन परिक्रमा गरी दुवै स्त्री-पुरूष प्रसन्न मनले घर फर्किए। अनि त्यो गोबर तसलामा राखी माथिबाट अर्को तसलाले छोपिदिए। उता गाई पनि अन्तर्धान भइन्। चार दिन भएपछि माथिबाट छोपेको तसला झिकेर हेर्दा त्यही गोबरबाट कन्या उत्पन्न भइरहेकी देखे। ती कन्या कस्ती थिइन् भने- मध्याह्न कालका श्रीसूर्यको जस्तै तेज भएकी, पूर्णिमाका चन्द्रमा जस्तो मुख भएकी, वासुकि नाग जस्तो हात भएकी, बाघको जस्तो कम्मर भएकी, पद्मपत्र जस्ता नेत्र भएकी, गरुडका प्वाँख जस्तो केश भएकी, सावित्रीका जस्ता पैताला भएकी यस्ती परमसुन्दरी कन्या देखेर शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी दुवै प्रसन्न भएर तसलाबाट झिकी उचित सेवा-सुश्रूषा गरेर पाल्नलागे। त्यस बालिकालाई दूध भएन र फेरि मङ्गलवारको दिन बिहानै सिद्धिगणेशको स्थानमा गई पूजा गरे। अनि गणेशजी प्रसन्न भएर- 'हे शिवभट्ट ब्राह्मण ! हे सती ब्राह्मणी ! अब के भन्ने इच्छाले आयौ, भन ?' यति आज्ञा गरेपछि ती शिवभट्ट ब्राह्मण भन्दछन्- 'हे प्रभो, हे विनायक ! हजुरले कृपा गर्नाले सन्तति पायौं, तर त्यस बालिकालाई दूध भएन, त्यही कुरा विन्ती चढाउन आयौं।' यति शिवभट्ट ब्राह्मणका वचन सुनी,'त्यस बालिकालाई दूध दिएँ, घर जाऊ' भनी आज्ञा गरेर गणेशजी अन्तर्धान हुनभयो। अनि शिवभट्ट ब्राह्मणकी पत्नी सती ब्राह्मणीले आफ्ना स्तन निचोरी हेर्दा दूध आयो र त्यस बालिकालाई दूध खान दिई सुरक्षा गरेर पाली बढ़ाइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४७

जस्तै सीता उत्पन्न हुँदा राजा जनकलाई आनन्द भएथ्यो, त्यस्तै त्यहाँ बालिका उत्पन्न हुँदा शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीलाई आनन्द भयो। आफ्नू मर्यादाले ब्राह्मणहरू डाकेर विधिपूर्वक न्वारान (नामकरण) गराए। अनि ब्राह्मणहरूले भने- हे शिवभट्ट ब्राह्मण ! यी गाईको गोबरबाट उत्पन्न भएकी हुनाले यी बालिकाको नाम 'गोमा' भन्नू भनेर गोमा नाम राखिदिए। अनि फेरि भने- यी भाग्यमानी हुनेछन् र सम्पूर्ण लोकले मान्नेछन्। यति आएका ब्राह्मणहरूले भनेपछि शिवभट्ट ब्राह्मणले श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराए। अनि सबैं ब्राह्मणहरू आफ्ना-आफ्ना आश्रममा गए।

त्यसपछि ती गोमा नाम गरेकी कन्या शुक्लपक्षका चन्द्रमा बढेझैं दिन-दिनै बढेर पाँच वर्षकी भइन्। प्रतिदिन ती शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी भन्दथे- 'हे पुत्री गोमा ! हामी स्नान गरेर हरि–हरको पूजा गरी आउँछौं, तैंले पूजाका लागि अक्षता केलाई राखेस्।' यति भनेर दुबै स्त्री-पुरूष गङ्गामा स्नान गरी हरि-हरको पूजा गरेर सुवर्णादि नाना द्रव्य दान-दिएर आउँथे। यसै प्रकार दान गर्दा-गर्दा तिनको पुण्यले इन्द्रको अमरावती कम्पायमान भयो। अनि एक दिन देवराज इन्द्र डराई तेत्तीस कोटि देवतासहित भएर कैलास पर्वतमा पुगी श्री महादेवसित विन्ती गरे- हे जगदीश्वर ! हे त्रिपुरारि ! मर्त्यमण्डलका दक्षिण भागमा ब्रह्मपुर नाम गरेको एक नगर छ, त्यहाँ शिवभट्ट नामका ब्राह्मण बस्तछन्। तिनकी सती नाम गरेकी ब्राह्मणी अत्यन्त पतिव्रता छन्। ती दुवै स्त्री-पुरुषले हजुरका पुत्र सिद्धि विनायकको सेवा गरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गणेशजी प्रसन्न भई असंख्य सम्पत्ति दिए। ती शिवभट्ट दम्पत्तिले सम्पत्ति पाएपछि नित्य गङ्गामा स्नान गरी हरि-हरको पूजा गरेर सुवर्णादि नाना द्रव्य दान तथा धर्म-कर्म गर्नाले अमरावती कम्प भयो। हे करुणामय ! म अरू पनि केही विन्ती गर्दछु सुन्नुहवस्- शिवभट्ट ब्राह्मणले सम्पत्ति पाएपछि त्यो सम्पत्तिको रक्षा गर्ने कोही भएनन् भनी फेरि सिद्धिविनायकको सेवा गरे, अनि गणेशजीले सम्पूर्ण लक्षणले युक्त भएकी महातेजवती परम सुन्दरी कन्या वरदान दिए। हे प्रभो ! हाम्रो रक्षा गर्नुहवस्। हजुरले रक्षा नगरे हामी अमरावतीबाट पतित हुनेछौ। हे ईश्वर ! हामी हजुरका शरणमा छौं। यति इन्द्रादि देवताको प्रार्थना सुनेर जगदीश्वर महादेवले आज्ञा गर्नुभयो- 'हे इन्द्रादि देवता हो ! नडराओ। म अवश्य रक्षा गर्नेछु। अब तिमीहरू अमरावती जाओ।' यति श्रीमहादेवको आज्ञा सुनेर 'हवस्' भनी श्रीमहादेवलाई साष्टाङ्ग प्रणाम गरी देवताहरू अमरावती फर्किए।

हे अगस्त्य मुनि ! देवताहरू गएपछि जगदीश्वर महादेवले इन्द्रको रक्षा गर्नका लागि जटाको मुकुट बाँधेर भिक्षुक रूप धारण गरी बायाँ हातमा त्रिशूल लिएर दाहिने हातले डमरू बजाई, सम्पूर्ण अंगमा भस्म लेपन गरी, शिवभट्ट ब्राह्मणको घरमा पुगेर भिक्षा मागे। त्यस वेला गोमा ब्राह्मणी आफ्ना माता-पिताको नित्य पूजाका लागि अक्षता केलाइ-रहेकी थिइन्। निकै बेरपछि- मेरा माता-पिता गंगा -स्नान गर्न जानुभएको छ, म अक्षता फेलाउँछु, एकछिन पर्ख, घरमा भिक्षा दिने अरू कोही छैनन्' भनेर पर्खाइराखिन्। अक्षता केलाइसकेर भिक्षा लिई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भिक्षुक-रूप महादेवछेउ आई भनिन्- 'हे भिक्षुक ! मेरा माता-पिता घरमा छैनन्, म अक्षता केलाउन लागेकी थिएँ, त्यसैले विलम्ब हुनगयो। मनमा दुःख नमान, भिक्षालेऊ।' यति गोमा ब्राह्मणीले भनेको सुनी भिक्षुक–रूप श्रीमहादेव आज्ञा गर्नुहुन्छ– 'हे ब्राह्मणी ! यतिका बेरसम्म पर्खाई अहिले भिक्षा दिन आइस। त्यो भिक्षा म लिन्न। दिने भए तेरो पिताले पूजा गर्न केलाई राखेको अक्षता भिक्षा दे।' यति भिक्षुक-रूप श्री जगदीश्वरले आज्ञा भएपछि गोमा ब्राह्मणीले भनिन्- हे भिक्षुक ! लिने भए भिक्षा लेऊ, नलिने भए केलाइसकेको अक्षता त दिने हैन।' यति गोमा ब्राह्मणीको वचन सुनी श्रीमहादेवले आज्ञा भयो– हे पापिष्ठा ब्राह्मणी ! तैंले अहंकार गरेर मलाई भिक्षा दिइनस्, अतः म तँलाई श्राप दिन्छु- तँ सात वर्षकी हुँदा सत्तरी वर्षको बूढोसित तेरो विवाह होस्। फेरि तेरा माता-पिताले ठूलो कष्ट गरेर सिद्धिविनायकको सेवा गरी पाएको सम्पत्ति छिटै नाश भएर जावस्। फेरि तँलाई पनि नाना प्रकारका कष्ट परून, अनि तेरा माता-पिता पनि चाँडै मरिजाउन्। यति चार थोक तँलाई श्राप दिएँ।' भनी भिक्षुक-रूप शिवजीले त्यो भिक्षा नलिई बाहिर आएर त्यो भिक्षुक रूप त्यागी अन्तर्धान भएर कैलास पर्वतमा जाँदा भए।

इति श्रीस्कन्दपुराणए केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्री स्वस्थानी परमेश्वर्या व्रतकथायां गोमोत्पत्ति वर्णनं नाम विंशोऽध्यायः || २० ||

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ एकविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! भिक्षुकरूप महादेवको श्राप पाएर गोमा अत्यन्त चिन्तामा परेकी थिइन्। त्यसपछि गङ्गा स्नान गर्न गएका शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले गङ्गा स्नान गरी हरि-हरको पूजा गरेर सुवर्णादि नाना द्रव्य दान दिई घरमा आउँदा पुत्री गोमालाई दुःखी भएर रोइरहेकी देखे र सोधे-'हे पुत्री, गोमा ! किन रोएकी? के भयो ? माता-पिताको प्रश्न सुनेर गोमाले भनिन्- हे माता-पिता ! हजुरहरू स्नान गर्न गंगाजी जानुभयो, म अक्षता केलाइरहेकी थिएँ, एक भिक्षुक आएर भिक्षा मागे, म अक्षता केलाइसकेर भिक्षा दिन्छु, एक छिन पर्ख भनेर पर्खाइराखें।अक्षता केलाइसकेर भिक्षा दिन गएँ। अनि भिक्षुकले भने- 'हे अहंकारी ब्राह्मणी ! यतिका वेरसम्म पर्खाई बल्ल भिक्षा दिन आइस् म त्यो भिक्षा लिन्न, दिने भए तेरा पिताले पूजा गर्ने, तैंले केलाइराखेको अक्षता भिक्षा दे।' भनेर मैले-'लिने भए लेऊ, नलिने भए अक्षता त दिने होइन।' यति मैले भनें र भिक्षुक रिसाई भने- हे पपिष्टा, अहंकारी ब्राह्मणी ! तैंले अभिमानले मलाई भिक्षा दिइनस्, अतः म तँलाई श्राप दिन्छु– 'तँ सात वर्षकी हुँदा सत्तरी वर्षको बूढोसित तेरो विवाह होस्; फेरि तेरा माता-पिताले सिद्धि विनायकको सेवा गरेर पाएको सम्पत्ति पनि छिटै नै नाशहोस्, अनि तँलाई पनि नाना प्रकारका दुःख होस्, फेरि तेरा माता-पिता पनि चाँडै मरिजाऊन्' भनी डमरू बनाएर श्राप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिई गए भनेर सबै वृत्तान्त सुनाइन्। गोमाको सबै कुरा सुनेर शिवभट्ट ब्राह्मणले भने- हे पुत्री ! तँलाई श्राप दिने भिक्षुक श्रीमहादेव हुन् वा होइनन्, फेरि तिनले दिएको श्राप लाग्छ वा लाग्दैन् ! भिक्षुकले त्यति भने भन्दैमा रूनु हुँदैन, नरोऊ भनी बारम्बार बुझाए। त्यसपछि गोमा बढेर छ वर्षकी लागिन्; अनि शिवभट्ट ब्राह्मणले आफ्नी पत्नी सती ब्राह्मणीसित सल्लाह गरेर गोमालाई कन्यादान दिन भनी स्थान-स्थानमा ब्राह्मण खोज्न मानिस पठाए। जगदीश्वर श्रीमहादेवले श्राप दिएको हुनाले गोमालाई कन्यादान दिने योग्य ब्राह्मण पाउन सकेनन्। अनि शिवभट्ट ब्राह्मण आफैं पनि जहाँ-तहाँ खोजी गरेर हिंडे तर आफूले खोजे जस्तो ब्राह्मण पाउन सकेनन् र घर फर्कन लाग्दा गंगातटमा पुगेर त्यहाँ स्नान-पूजा गर्नलागेका ब्राह्मणहरूलाई पनि हेरे; तर त्यहाँ पनि आफूले भने जस्तो पाएनन् र मनले हारमानी फर्कन लाग्दा- कुप्रो, कान नसुन्ने, डेरो, आँखीभुईं कैलो भएको, दुवै आँखीभौं जोरिएको, दाह्रा निस्केको कपालका केश सेतै भएर पाकिसकेको, कालो, मुखबाट र्‍याल चुहाउने, सत्तरी वर्ष उमेरको शिवशर्मा नाम गरेको, शिलासन गरेर सन्ध्या गर्न लागेको बूढोलाई देखेर शिवभट्ट ब्राह्मणले निकै बेरसम्म तिनैलाई एकोहोरिएर हेरिरहे। शिवशर्माले सन्ध्या गरिसकी- तिमीले मलाई धेरैं बेरसम्म किन हेरिरह्यौ ? तिमी को हौ ? कहाँबाट आएका हौ ? भनेर सोधे। अनि शिवभट्ट ब्राह्मण भन्दछन्- म शिवभट्ट नामको ब्राह्मण हुँ। मेरो घरमा यौटी कन्या छ। कन्यादान दिनलाई ब्राह्मण खोज्दै हिंडेको हुँ; कहीं पाउन सकिन र घर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

फर्कन लागेको हुँ। तिमीलाई देखेर हेरिरहें, तिमी को हौ ? यति शिवभट्ट ब्राह्मणले भनेको वचन सुनी शिवशर्मा भन्दछन्- हे शिवभट्ट ! म पनि शिवशर्मा नामको ब्राह्मण हुँ। सोन्ह वर्षको उमेरदेखि कसैले दिए कन्यादान लिन भनी हिंडेको हुँ। अब सत्तरी वर्षको हुँदा पनि मलाई कन्यादान दिने कोही भएनन् र आज मेरो भाग्यले तिमीलाई पाएँ, ईश्वरका कृपाले हामी दुबैको काम पुग्यो। हे पिता ! ममाथि दया गर, तिम्री पुत्री मलाई कृपा गर, मेरो सहस्र विन्ती छ ! ब्राह्मण भएर मेरो यो उमेर भइसक्यो तापनि अझसम्म विवाह भएको छैन। अब तिमीले कृपा गरेर कन्यादान पाउने छु। यति शिवशर्माले भनेको वचन सुनी अकमक्क परेका शिवभट्ट ब्राह्मण भन्दछन्– हे शिवशर्मा ! यस्तो वृद्ध उमेरका तिमीलाई मेरो बालक छोरी कसरी दिने ! फेरि विशेष गरेर तिमी यस्ता कुरूपलाई साक्षात् कामदेवकी स्त्री रतिजस्ती मेरी पुत्री अयोग्य छ। यति भनेपछि शिवशर्मा भन्दछन्– हे शिवभट्ट ! त्यस्तो आज्ञा नगर। शिवभट्ट ! ती कन्या मलाईदेऊ। यदि तिमीले दिन्न भन्छौ भने म आत्महत्या गरेर यहीं मर्नेछु। शिवशर्माले यस्ता कुरा गरेको सुनेर शिवभट्ट ब्राह्मण मनमनै विचार गर्नलागे– गोमाको कर्ममा, त्यस्तै लेखेको रहेछ, म के गरूँ ? त्यस दिन श्राप दिएर जाने भिक्षुकरूप श्रीमहादेव नै रहेछन्। उनको श्रापमा विघ्न पार्न कसले सक्तछ, स्वयं इन्द्रले पनि सकेनन्। बलवान् लंकापति रावणले पनि सकेनथ्यो, म जस्तो सामान्य मानिसले कसो गरी सक्नेछु– भन्ने यस्तो अनेक तर्क

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर चिन्ताले आकुल भइरहेका अवस्थामै शिवशर्मालाई साथमा लिएर घर गए। उता सती ब्राह्मणीले शिवशर्मालाई साथमा लिएर



(गोमालाई विवाह गर्न शिवभट्टले बूढो शिवशर्मालाई घर ल्याएको देखी सतीले रिसाएर कुरा गरेको)

आफ्ना स्वामी शिवभट्ट घर आएको देखेर प्रसन्न भई, कसलाई डाकेर ल्याउनु भयो ? भनी सोधिन् र शिवभट्ट ब्राह्मण भन्दछन्- हे सती ! यी शिवशर्मा नामका ब्राह्मण हुन्। म गोमालाई कन्यादान दिन भनेर ब्राह्मण खोज्दै हिंडिरहेको थिएँ, कोही पाउन सकिन र घर फर्कन्छु भनेर फर्कन लाग्दा गङ्गाको किनारमा बसेर यी सन्ध्या गरिरहेका थिए, सन्ध्या समाप्त गरी मनेर आएर मलाई तिमी को हौ ? कहाँबाट आयौ ? भनी सौधे, मैंले म ब्राह्मण हुँ, मेरो घरमा यौटी कन्या छ, कन्यादान दिन भनी योग्य ब्राह्मण खोज्दै हिंडेको हुँ, तर कहीं पनि पाउन सकिन र घर फर्कन लागेको हुँ, तिमी को हौ ? भनी सोधें।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यिनले- 'म पनि ब्राह्मण हुँ, सोह्र वर्षको उमेरदेखि कसैले कन्यादान दिए लिन भनी हिंडेको, तर मलाई कन्यादान दिने कोही पनि भएनन्। आज मेरो भाग्यले तिमीलाई भेट्टाएँ, तिमी पुत्री मलाई कन्यादान देऊ भने, र मैले- हे शिवशर्मा ब्राह्मण ! यस्ता वृद्ध उमेरका तिमीलाई बालक मेरी पुत्री म कसरी दिन सक्तछु! विशेष तिमी यस्ता कुरूपलाई साक्षात् कामदेवकी स्त्री रतिजस्ती मेरी पुत्री योग्य छैन, तिमी यस्ता कुरा नगर भनी बुझाएँ। अनि यिनले- त्यसो आज्ञा नगर, ती कन्या मलाई दान नदिए म आत्महत्या गरेर मर्नेछु, भनी पछि लागेर आए। यो अनर्थ भयो ! अब ब्रह्महत्या लिउँ कि गोमा कन्यादान दिउँ ! यति आफ्ना स्वामी शिवभट्टले भनेको वचन सुनी सती ब्राह्मणी भन्दछिन्- हे स्वामी ! त्यस्ता कुरा नगर, यो कस्तो भने- बूढो,कान नसुन्ने, डेरो, कुइरा आँखा भएको, आँखीभौं जोरिएको, दाह्रा निस्केको, कपालका केश पाकेको, मुखबाट र्‍याल चुहाउने, कालो यस्तो व्यक्तिलाई- मध्यान्ह कालका सूर्यको जस्तो तेज भएकी, पूर्णचन्द्र जस्तो मुख भएकी, हात्तीका सूँढ जस्तो हात-पाउ भएकी, वाघका जस्तो कम्मर भएकी, सावित्रीका जस्ता पैताला भएकी, सुवर्णको जस्तो शरीर भएकी, राजहंसको जस्तो गमन भएकी, कोइलीको जस्तो मीठो र मधुर वाणी भएकी मेरी पुत्री, यस्तालाई कसरी दिउँ ? अर्काले कन्यादान दिएन भनेर जति जना आत्महत्या गरेर मर्नेछन्, त्यो हत्या हामीलाई कसरी लाग्न सक्तछ ? कदाचित तपाईंलाई त्यस कुराको सन्देह अथवा डर-भय लाग्दछ भने त्यो आत्महत्या गरेर मरोस्, त्यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाप म आफ्नू कपालमाथि थापने छु। यसको घुर्किमा डराउनु पर्ने कुनै कारण छैन !- यस्तो व्यक्तिलाई त म हजार ब्रह्महत्या लागे पनि छोरी दिनेछैन। के यस पृथ्वीमा अरू कोही ब्राह्मण छैनन् कि ? तपाईंले खोजेर ल्याउन नसके म गएर खोजी ल्याउने छु। यति सती ब्राह्मणीले भनेको सुनी शिवशर्मा ब्राह्मण भन्दछन्- हे माता ! यस विशाल संसारमा बूढा पनि छन् बालक पनि छन्, राम्रा पनि छन् र नराम्रा पनि छन्, कसैका छोरा-छोरी छन् अनि कसैका यौटा पनि छैनन्, कोही पुरूषका आफुभन्दा बढी उमेरका अर्थात् उमेर पाकेका स्त्री छन् भने कुनै स्त्रीका आफूभन्दा धैरे बढी उमेरका पुरुष छन्, फेरि कोही धनी छन् भने कोही दरिद्र (निर्धन) पनि छन्, कुमालेको चक्र झैं घुमिरहेको यस संसारमा बूढो नहुने को छ र ? सबैले एक दिन बूढो हुनैपर्दछ। मृत्यु नहुने अजम्मरी को छ ? सबैले एक दिन मर्नै पर्दछ। यस अर्थले ती कन्या मलाई देऊ, यदि दिन्नौ भने तिमी दुवैलाई श्राप दिई म यहीं प्राण त्याग गर्नेछु। यति भनी प्राणवायु खैंचेर ब्रह्मण्डमा पुऱ्याई मर्न तयार भए। त्यो देखेर शिवभट्ट ब्राह्मण डराएर भन्दछन्- हे शिवशर्मा ब्राह्मण ! त्यसो नगर, मेरी छोरी तिमीलाई दिन्छु भनी राम्ररी बुझाई हात-पाउ धोई माथि डाकेर लगे। उता सती ब्राह्मणीले भने मान्दी भइनन् ! तब शिवभट्ट ब्राह्मणले आफ्नी स्त्रीलाई बुझाउँदै भन्नलागे- 'हे सती ! उस दिन डमरू बजाएर श्राप दिई जाने भिक्षुकरूप जगदीश्वर श्रीमहादेव नै रहेछन्। अब तेत्तीस कोटि देवता हाम्रा सहायक भएर आए पनि यो शिवजीको श्राप लंघन गर्न सक्ने छैनन्। दैवले यस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पारेर ल्यायो; गोमा यिनैलाई कन्यादान दिउँ, अब तिमी यसमा व्यर्थ ढिपी नगर, बरू सम्पूर्ण सामग्री तयार पार।' अनि सती ब्राह्मणीले मनमा अनेक थरिका तर्क र विस्मात गर्न लागिन्- अहो, आश्चर्य ! बूढाको र बालकको विवाह भएको देख्नु पर्ने भयो ! निर्विवेकी विधाताले मेरी छोरीको ललाटमा कस्तो उल्टो लेखेका रहेछन्। न्वारान गर्दा ब्राह्मणहरूले यी बालिका भाग्यमानी हुनेछ, सम्पूर्ण लोकले मान्नेछन्, भनेका थिए, त्यो कथन पनि मिथ्या रहेछ। हामीले गर्न नहुने कर्म त केही पनि गरेका थिएनौं, सकेसम्म सबैको भलो नै गरेका हौं, कुन जन्मको के पापले यस्तो भयो ! मेरी पुत्रीलाई श्राप दिने श्रीमहादेव रहेछन्। यस बालिकाले के जान्दथी र त्यस्तो कठोर श्राप दिएछन्ः भनी साह्रै विलाप गरेर रून लागिन्। अनि शिवभट्ट ब्राह्मण भन्दछन्- हे सती ! तिमी यसरी रोएर चित्त नदुखाऊ। सुन दैवले जस्तो गर्‍यो उस्तै हुन्छ। दैवको विधानमा कसैको पनि बल पुग्दैन। अब शिवशर्मा ब्राह्मणलाई खान-पिन दिई सुत्ने स्थान खटाइदेऊ। मनमा विस्मात नगर भनी अनेक प्रकारले बुझाए। यति आफ्ना स्वामीले भनेपछि सती ब्राह्मणीले नाना उपचार तयार पारेर शिवशर्मालाई खान-पिउन दिइन्। अनि शिवशर्मा सुत्न गएपछि सती ब्राह्मणीले आफ्नी पुत्री गोमालाई नगीचै डाकेर भन्न लागिन्- हे पुत्री गोमा ! अब तेरो विवाह हुन लाग्यो। ती वृद्ध ब्राह्मण शिवशर्मालाई तेरा पिताले कन्यादान दिन्छन्; किनकि उस दिन तँलाई श्राप दिएर जाने भिक्षुक-रूप श्रीमहादेव नै रहेछन्। तँलाई उनको श्राप लाग्यो, यसमा हामीलाई दोषी कदापि नठानेस् !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तँ पनि व्यर्थ चिन्तामा नपरेस्। तेरो कर्मले गराएको कुरामा अन्यथा गर्न कसको सामर्थ्य छ। हे गोमा ! भनी आँखाबाट आँसू बगाई बडो प्रीतिले काखमा राखेर अंगहरू मुसारिदिइन्।

यति आफ्नी माता सतीले भनेको सान्त्वनापूर्ण वचन सुनी गोमा ब्राह्मणी भन्दछिन्– हे माता ! यसमा तिमीहरूको के दोष छ र मैले दोषी तुल्याउने ? मेरो कर्ममा यस्तै लेखेको रहेछ ! फेरि जगदीश्वर महादेवले दिएको श्राप मिथ्या पार्न वा लंघन गर्न कसले सक्ला ? मैले नै अहंकार गरी भिक्षुकरूप महादेवको अनादर गरें र त्यही फल मलाई प्राप्त भइरहेको छ। जो मनुष्यले भिक्षा माग्न आएका भिक्षुकलाई भिक्षा नदिई विमुख पारेर पठाउला, त्यो अवश्य मेरो जस्तै अवस्थामा पर्ला। जो मनुष्यले भिक्षा माग्न आएको भिक्षुकलाई भिक्षा दिएर सन्तुष्ट पारी पठाउला, त्यसले यस लोक र परलोकमा पनि अनेक थरिका सुख पाउला। हे माता ! तपाईं कुनै प्रकारको पनि शंका र सन्देह नगर्नु हवस्। बूढो भए पनि, खोरण्डो भए पनि, दरिद्र भए पनि, रोगी भए पनि, कुष्ठी भए पनि, पापी भए पनि मलाई दैवले यस्तै पारिल्यायो, श्रीरामचन्द्र जस्ता मर्यादा-पुरुषोत्तमलाई पनि दैव लागेर वनवास जानु पऱ्यो, वनवास जाँदा पनि रावणले सीतालाई हरण गरेर लागिदियो। फेरि श्रीमहादेव जस्ता जगदीश्वरलाई पनि दैव लागेर कालकूट विष कण्ठमा राखी 'नीलकण्ठ' भएर रहनु पऱ्यो। फेरि युधिष्ठिर जस्ता सत्यवक्ता र धर्मात्मा राजालाई दैव लागेर राज्य नष्ट भई द्रौपदीसहित पाँचै भाइले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि जानुपऱ्यो । फेरि द्रुपद राजाकी कन्या द्रौपदीलाई पनि दैव लागेर दुर्योधनको सभामा झण्डै-झण्डै निर्वस्त्र हुन परेको थियो । फेरि राजा बलि जस्ता दाता को होला ! तिनलाई पनि दैव लागेर पातालमा गई बस्नु पऱ्यो । फेरि श्रीकृष्णको जस्तो प्रभाव र माया कसको छ ? तिनलाई पनि दैव लागेर आफ्नै सामुन्ने आफ्नू नाति अनिरूद्धलाई बाणासुरले नागपाशले बाँधेको र छप्पन्न कोटि यदुवंशी परस्पर लडेर नाश भएको पनि देख्नु पऱ्यो । फेरि समस्त ब्रह्माण्ड मण्डल-संसारमा सम्पूर्ण मनुष्य, पशु-पक्षी, कीट-पतङ्ग इत्यादि जति जीवात्माहरू छन्, ती सबैको सृष्टि गरिरहेका ब्रह्माजीलाई पनि दैव लागेर आफ्नू शिर कटाई रहनु पऱ्यो । फेरि स्वर्गपुरी र देवताका राजा इन्द्रलाई पनि दैव लागेर बारम्बार राज्य छाडि भागिरहनु पऱ्यो ! हे माता ! दैवको गति लंघन गर्न कसैको पनि शक्ति पुग्दैन । पूर्वजन्ममा आफूले गरिएका शुभाशुभ कर्महरूको भोग अवश्य गर्नुपर्दछ । फेरि अर्को कुरा— जस्तै ठूलो घडा लिएर कस्तै धेरै पानी भएको समुद्र वा अन्यान्य नदीमा गए पनि जल केवल घडाभरि मात्र आउँछ, त्यस्तै आफ्नू ललाटमा लेखेको मात्र पाइन्छ, यसमा कुनै प्रकारको पनि सन्देह नगर्नुहोस् । हजुरले दिएको ठाउँमा म प्रसन्न मनले जानेछु । गोमा ब्राह्मणीले भनेका यस्ता कुरा सुनी सती ब्राह्मणी प्रसन्न भएर भन्छिन्-हे पुत्री ! तिमी धन्य रहिछौ ! यस्तो बालक अवस्थामा पनि यस्ता बुद्धिपूर्ण ज्ञानका कुरा गर्ने भनी दुवै आमा- छोरी यस्तै कुरा गरिरहे । भोलिपल्ट उज्यालो भयो र शिवभट्ट ब्राह्मणले नाऊ डाक्न पठाई शिवशर्मा ब्राह्मणको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कपाल खौरन र हात–गोडाका नङ काट्न लगाई मनपरेको खान–लगाउन दिई पालिराखे। शिवशर्मा ब्राह्मण पनि मीठो-मसीनो मनपरेको खान-लाउन पाउँदा हृष्ट-पुष्ट भएर मोटाए। त्यसपछि शिवभट्ट ब्राह्मणले लग्न निश्चित गराई सारा सामग्री तयार पारी नाना मङ्गल यात्रा गरेर आफ्नू ब्राह्मणको विधि-विधान र मर्यादापूर्वक गोमा ब्राह्मणीलाई हीरा-मोती, मणि-माणिक्य रत्नादिले सुसज्जित पार, नाना वस्त्र अलंकार पहिराई शिवशर्मा ब्राह्मणलाई कन्यादान गरेर दिए। गोमा ब्राह्मणीले हातमा फूलको माला लिएर शिवशर्माको गलामा पहिराइदिइन् र प्रणाम गरिन्। कन्यादान गरिसकेर शिवभट्ट ब्राह्मणले अरू डाकिएका सबै ब्राह्मणहरूलाई श्रद्धापूर्वक दक्षिणा दिई यथेच्छ भोजन गराए र सबै ब्राह्मणहरू आफ्ना-आफ्ना आश्रममा गए। गोमा ब्राह्मणीले पनि शिवशर्मा ब्राह्मणलाई अत्यन्त प्रीतिपूर्वक सेवा गरी राम्रोसित राख्दी भइन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां गोमा–कन्यादान वर्णनं नाम एकविंशोऽध्यायः ।। २१ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ द्वाविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसै प्रकारले रहँदा-बस्ता आठ-दस वर्ष बित्यो, अनि एक दिन शिवशर्मा ब्राह्मणले आफू हृष्ट-पुष्ट भएको देखेर आफ्नू घर सम्झी, अब यहाँ बसेर के गर्ने र कति दिन बसिरहने, अब घर जाऊँ भनी शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीको समीप गएर भने– 'हे माता-पिता ! हजुरहरूले कृपा गर्नाले कन्यादान पाएँ, फेरि म यहाँ बसेको पनि धेरैं दिन भइसक्यो, घरमा हेर-विचार गर्ने कोही छैनन्, आज्ञा पाए घर जाने थिएँ।' यति शिवशर्मा ब्राह्मणले भनेको सुनी शिवभट्ट ब्राह्मण भन्दछन्- हे ज्वाईं ! यो पनि तिम्रै घर हो; हाम्रो पो को छन् र ? हामी पनि तिम्रा नै हौं, सम्पत्ति पनि सबै तिम्रै हो, जान्छु भन्ने कुरा नगर। शिवभट्टको यति कुरा सुनेपछि शिवशर्मा फेरि भन्दछन्– हे पिता ! त्यस्तो आज्ञा नगर्नुहोस्, एकपल्ट जानदिनोस्, घरको हेर-विचार गरेर म बरू फेरि फर्केर चाँडै नै आउने छु। मेरो पनि को छ र ! बाबा पनि हजुर, महतारी पनि हजुर, इष्ट पनि हजुर, मित्र पनि हजुर, हित पनि हजुर, गुरू पनि हजुर र बन्धु पनि हजुर, मेरा देवता पनि हजुर, मनपरेको खान र लाउन दिई पाल्ने यस्ता माता-पितालाई छाडेर म कहाँ जान सक्नेछु।' यति आफ्ना स्वामी शिवशर्माले आफ्ना पिता शिवभट्टसित कुरा गरेको सुनी गोमा ब्राह्मणीले भनिन्– हे स्वामी ! कहीं पनि जाने मन नगर, तिमी जाने भए मलाई पनि साथै लैजाऊ। म तिमीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक्लै जान कदापि दिनेछैन। तिमी बिना म यहाँ एक्लै कसरी बस्नेछु !' यति गोमाका वचन सुनी शिवशर्मा ब्राह्मण भन्दछन्- 'हे स्त्री ! तिम्रो बाल अवस्था छ, मसंग जान सक्नेछैनौ; किनकि हाम्रो घर धेरै पर छ, पर्वत उक्लनु पर्दछ। अनेक दिन वनमा वास बस्नुपर्दछ। वनमा अनेक थरिका हिंसक जन्तुहरूको भय हुन्छ। तिमी आफ्नू इच्छामा बसेकी, घरबाट कहिल्यै ननिस्केकी, शीत-ताप, भोक-प्यासले दुःख पाउने छौ। फेरि मेरो वृद्ध अवस्था छ, बाटोमा कसैले दागा गरी तिमीलाई हरण गरेर लैजान पनि सक्तछ। अतः तिमी यहीं बस, म घर गएर हेर-विचार गरी चाँडै आउँछु। दुइ महीना जतिमा म अवश्य आइपुग्नेछु। दुइ महीना भनेको कति दिन हो र ? थाहै नपाई बितिसक्दछ।'

यति आफ्ना स्वामी शिवशर्माले भनेको सुनी गोमा ब्राह्मणी भन्दछिन्- हे स्वामी ! तिमी दुई महीना भन्दछौ, तिमी नभई म दुई घडी पनि बस्न असमर्थ छु। फेरि शीत-ताप, भोकले दुःख पाउने छौ, पर्वत उक्लनु पर्दछ, वनमा वास बस्नु पर्दछ, नाना जन्तुहरूको भय हुन्छ भन्यौ, त्यस विषयमा तिमीले दुःख पाए म पनि दुःख भोग्नेछु। जुन गति तिम्रो सोही गति मेरो ! कस्तै भए पनि म तिमीलाई छाडेर यहाँ बस्न सक्तिन, कदाचित बलपूर्वक मलाई छाडेर गयौ भने म आत्महत्या गरी मर्नेछु। यति गोमा ब्राह्मणीले भनेको सुनी शिवशर्माले भने- 'हे स्त्री ! तिमी मान्दिनौ भने गएर आफ्ना माता-पितासित विदा मागेर आऊ।' यति आफ्ना स्वामीले भनेको सुनी गोमा ब्राह्मणीले आफ्ना माता-पिता कहाँ गएर भनिन्- हे माता-पिता ! म पनि मेरा स्वामीसित जान्छु, विदा दिनुहवस्।' छोरी गोमाले यसरी विदा मागेको सुनेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले भने- 'हे गोमा, पुत्री ! जान्छु भन्ने कुरा नगर, किनकि छोरो भने पनि, छोरी भने पनि तिमी नै यौटी छौ, तिमीले नै त्यसो भन्न लागेपछि हाम्रो स्याहार-सम्भार कसले गर्ला ? पानी पनि कसले पिलाउला ? तिमी पनि घरमा नभएपछि हामी चन्द्रमा नभएको रात्रि झैं हुनेछौं; जस्तै रामचन्द्र र सीता नहुनाले राजा दशरथको प्राण गएको थियो- त्यस्तै तिमी नभए हाम्रो पनि प्राण रहने छैन। अतः तिमी हामी दुवै स्त्री-पुरुषको सेवा गरी सम्पत्तिको रक्षा गरेर यहीं बस। तिम्रो स्वामीलाई जान देऊ, ऊ पनि दुइ महीनामा फर्केर आइपुग्दछन्।' यति आफ्ना माता-पिताको वचन सुनेर गोमा ब्राह्मणी फेरि भन्दछिन्- 'हे माता ! हे पिता ! प्रत्येक स्त्री जातिका लागि समस्त तीर्थ, व्रत, दान-धर्म आदि आफ्ना पुरुष नै हुन्छन्, पुरुष भएसम्म नारीले कुनै तीर्थ, व्रत, दान-धर्म गर्नुपर्दैन। सम्पूर्ण स्मृति, पुराण र शास्त्रहरू तपाईंहरूले हेर्नुभएको छ, त्यसमा मैले केही भन्नु व्यर्थ छ। हे माता ! मैले यस्तो पनि सुनेकी छु- स्त्री जाति भएर आफ्ना पुरुषलाई रिस गरेर हेरेदेखि बांगो आँखा हुने डेरी हुन्छे; पुरुषको आज्ञा पालन (वचन) नगरे पापिनी हुन्छे, पुरुषसित मुखमुखै लागे अथवा पुरुषलाई दुर्वाच्य (गाली) बोले लाटी हुन्छे। आफ्ना पुरुषको आँखा छली लुकाएर खाए कुकुर्नी हुन्छे। पुरुषसित द्रोह गरे गोही (जलजन्तु) हुन्छे। यसै कारण मलाई आफ्ना पुरुषसित जान दिनुहोस्, नछेक्नुहोस्। विशेष रूपमा मेरा पुरुष वृद्ध छन्, म नगए बाटोमा तिनको सम्भार-सुसार कसले गर्ला ? फेरि यस संसारमा कसैका पनि बढेका छोरीले माइतमा बस्नु इष्ट-मित्र र समाजले पनि राम्रो मान्दैनन्; बरू चाँडै फर्केर आउने छौं।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति गोमा ब्राह्मणीले भनेपछि शिवभट्ट ब्राह्मण र सती ब्राह्मणीले कष्ट अनुभव गरेर भने- 'हे पुत्री ! त्यसो भए हामी के भनौं, आफ्ना स्वामीसित जाऊ।' यति भनेर आँखाबाट आँसु बगाई नाना वस्त्र अलंकारहरू पहिराई धेरै द्रव्यसमेत दिई डोलीमा बसाली नगरको बाहिरसम्म पुऱ्याउन गए। 'बाटोमा राम्रो गरी लैजानु' भनी डोलेहरूलाई अह्राए र शिवभट्ट ब्राह्मणले पुत्री गोमालाई- 'हामीलाई नबिर्सी चाँडो फर्केर आए' यति भने। अनि गोमा ब्राह्मणीका संगी-साथीहरूले पनि त्यसै भने। अनि गोमा ब्राह्मणी डोलीबाट तल बर्लेर माता-पितालाई साष्टाङ्ग प्रणाम गरी सबै संगी–साथीहरूलाई पनि- 'लौ, बस है' भनी सबैसित बिदा भएर फेरि डोलीमा चढी त्यहाँबाट जाँदी भइन्।



(गोमा र शिवशर्मा शिवभट्ट र सतीदेवीसित विदा भई आफ्ना घर ज़ान लागेको)

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणी त्यहाँबाट गएपछि शिवभट्ट ब्राह्मण र सती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणीले आँखाले देखिएसम्म छोरी-ज्वाईं गएको हेरिरहे। देखिन छाडेपछि रूखमा चढेर हेर्नलागे। जब रूखबाट पनि देखिएन र त्यहीं रूखमै बसी नाना विलाप गरेर रून लागे। त्यही अवसरमा दैव-संयोगले अथवा भिक्षुकरूप जगदीश्वर महादेवको श्रापको प्रभावले रूखको हाँगो भाँच्चिई दुवै स्त्री-पुरुष रूखबाट लडेर मरे। अनि जगदीश्वर महादेवका दूत आएर उत्तम विमानमा राखी कैलास पुरीमा लैजाँदा भए। शिवभट्ट ब्राह्मण र सती ब्राह्मणी दिव्य स्वरूपका भएर कैलास पुरीमा रहँदा भए।

त्यसपछि शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणीले डोलेहरूसित यस वनको नाम के हो ? यस पर्वतको नाम के हो ? यो ठूला-ठूला पात भएका वृक्षको नाम के हो ? त्यस जन्तुको नाम के हो ? भनी सोद्धै गए र डोलेहरूले पनि– यस वनको नाम यो हो, यस पर्वतको नाम यो हो, यस वृक्षको नाम यो हो, यस जन्तुको नाम यो हो भनी बुझाउँदै गए। यसै गरी कुराकानी गर्दै जाँदा-जाँदा धेरै पर पुगेपछि एउटा तलाउ (पोखरी) भएको ठूलो वनमा पुग्दा साँझ पऱ्यो। त्यही वनमा वास बसेर सबैले खान-पिन गरी सुते। थाकेका हुनाले सबै बेसरी निदाए। त्यसै अवसरमा जगदीश्वर महादेवको श्रापले रात्रिमा चोर आई गोमा ब्राह्मणीका माता-पिताले दिएका द्रव्य-वस्त्र र अङ्गमा लगाएका गहना समेत सबै चोरेर लगिदियो। भोलिपल्ट बिहान निद्राले छाडेपछि उठेर हेर्दा सम्पूर्ण द्रव्य-वस्त्र, आफ्ना अङ्गमा लगाएका गहनासमेत चोरी भएको देखेर गोमा ब्राह्मणी साह्रै रून-कराउन लागिन्। अनि डोलेहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्दछन्– 'हे गोमा ब्राह्मणी; नरोऊ, विस्मात नगर। थाकेर आएका हुनाले हामीलाई पनि सा-है निद्रा लागेछ, यस्तो नराम्रो पर्न गयो। हामी अभागी रहेछौं। अब तिम्रा बाबा महतारीलाई के-कसो भन्न जाऔंला ! अब तिमी जसो भन्दछ्यौ, हामी के भनौं।' डोलेहरूका कुरा सुनी गोमा ब्राह्मणी भन्दछिन्– 'हे भारवाहक हो ! अब तिमीहरू यहींबाट फर्क। साथमा लागेर म के खान दिनेछु ? मेरा माता-पितालाई यो खबर पुऱ्याऊ।' यति गोमा ब्राह्मणीले भनेको सुनी डोलेहरूले 'हवस्' भनी 'सन्ताप नगर' भन्दै सकेसम्म बुझाई सान्त्वना दिएर बिदा भई आफ्ना-आफ्ना घर जान भनी त्यहींबाट फर्किए। त्यसपछि शिवशर्मा ब्राह्मण र गोमा ब्राह्मणी पनि वनमा जो पाइएको कन्दमूल खोजी खाएर त्यहाँबाट ठूलो पर्वतमाथि पुगे। अनि गोमा ब्राह्मणी भन्दछिन्– हे स्वामी ! मलाई अत्यन्त भोक लाग्यो। हिंड्न पनि असमर्थ भएँ, कसो गरूँ भनी त्यहीं बाटोमा अलपत्र परिन्। गोमा ब्राह्मणी गर्भिणी भएकी थिइन्। अतः शिवशर्मा ब्राह्मणलाई अत्यन्त करुणा लाग्यो र आफ्नी स्त्री गोमा ब्राह्मणीलाई काखामा लिई भने– हे स्त्री ! यहाँ त फल-फूल केही पनि पाइन्न र जलाशय पनि छैन। यस्तो पर्वतमा बसेर म तिमीलाई के खान दिऊँ ? यहाँबाट अलि पर गए फल-फूल पनि पाइन्छ र जलाशय पनि छ। जाऔं, हिंड भनी बुझाई हात समातेर बिस्तार-बिस्तार हिंडाएर लगे।

गोमा ब्राह्मणी पनि– हे ईश्वर ! आज मेरो यस्तो अवस्था भयो भनी मनमनै तर्क गरी लामो सास फेर्दै सकी नसकी स्वामीको हात समातेर बिस्तार-बिस्तार गइन्। त्यस पर्वतको फेदीमा पुगेपछि शिवशर्मा ब्राह्मणले फल-फूल टिपेर ल्याई खान दिए र पानी पनि पिउन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिए। त्यसपछि भने- 'हे स्त्री ! हाम्रो घर पनि आइपुग्यो, अब धेरै पर छैन, आऊ' भनी स्थान-स्थानमा बिसाउँदै चन्द्रज्योति नगरको बाहिर पुऱ्याए। अनि त्यहाँ एउटा खरको घर उत्पन्न गरी- 'हे स्त्री ! हाम्रो घर यही हो' भनेर देखाए। अनि गोमा ब्राह्मणीले घरभित्र गएर हेर्दा घरमा माकुराको जालो र कसिंगर बाहेक केही देखिनन्। अनि आफ्ना बाबाको घर सम्झेर मनमा बहुत अधैर्य भई सुँक्क-सुँक्क रून लागिन्। फेरि अब म रोएर के गरूँ ? भनी स्वयं धैर्य धारण गरेर कुचोले माकुराको जालो मिल्काई कसिंगर बढारेर सफा पारिन्। अनि घरमा जे भएको खाई शिवशर्माकी पत्नी गोमा ब्राह्मणी अनेक प्रकारका तर्क-वितर्क र चिन्तामा गाडिइरहिन्।

त्यसपछि एक दिन शिवशर्मा ब्राह्मणले आफ्नी पत्नी गोमासित भने हे स्त्री ! तिमी गर्भिणी भयौ, हाम्रो घरमा सम्पत्ति छैन; फेरि सम्पत्ति आउने कुनै बाटो पनि छैन, गर्भाधानादि कर्म कसरी गरिदिउँला ? फेरि सुत्केरी भएको वेलामा के खर्च गरौंला ? यसै कारणमा परदेश गई कसैसित केही मागी ल्याउँछु; तिमीले आफ्नू जिउको र घरको राम्ररी सम्भार गरे। व्यर्थमा रोई-कराई नरहे इत्यादि कुरा भने। शिवशर्मा ब्राह्मणका वचन सुनी गोमा ब्राह्मणीले भनिन्- 'हे स्वामी ! परदेश जाने कुरा नगर; फेरि यहाँ मलाई कसले के देला ? विशेष तिमी वृद्ध व्यक्तिलाई म कसरी पठाऊँ ? बरू यहाँ यजमानहरू कहाँ गई जो दिएको मागी ल्याई संचय गरौंला। अतः मलाई एक्ली छाडेर कतै पनि जाने मन नगर।' अनि शिवशर्मा ब्राह्मण फेरि भन्दछन्– हे स्त्री ! हामी निर्धन भए पनि ब्राह्मणको कर्म नगरी हुँदैन। एक महीनामा म अवश्य आइपुग्नेछु; त्यहाँसम्मका लागि खान पुगेन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भने चन्द्रज्योति नगरमा यजमानहरू छन्, तिनका घर गएर भिक्षा मागी खानू' भनी अनेक प्रकारले बुझाए। यति शिवशर्मा ब्राह्मणको वचन सुनी गोमा ब्राह्मणीले– 'हुन्छ त जानोस्' भनिन्। अनि शिवशर्मा ब्राह्मण भिक्षा माग्न भनी परदेश गए। घरबाट दुइ दिनको बाटो गएपछि गङ्गा तीरमा ऋषिको आश्रममा पुगे। त्यहाँ वृद्ध अवस्था भएका ब्राह्मण र ब्राह्मणी दुइ स्त्री-पुरुष बसेका थिए। शिवशर्मा गङ्गा-स्नान गरेर ती वृद्ध ब्राह्मणको नगीचै गई-'मलाई नित्य पूजा गर्न फल-फूल देऊ' भनी भागे। ऋषिका आश्रममा प्रशस्त फल-फूल थिए। अनि शिवशर्मा ब्राह्मणले भनेको सुनेपछि ती वृद्ध ब्राह्मणले सोधे- 'तिमी को हौ ? कहाँबाट आएका ?' तिनको प्रश्न सुनेर शिवशर्माले भने– 'म चन्द्रज्योति नगरको शिवशर्मा नाम गरेको ब्राह्मण हुँ। घरमा ब्राह्मणी गर्भवती छ; गर्भाधानादि कर्म गर्न भनेर भिक्षा माग्न



(शिवशर्मा ब्राह्मण फूल टिप्दा रूखबाट खसी मरेको)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भनी आएको हुँ।' तब ती वृद्ध ब्राह्मणले चाहिए जति टिपेर लैजाऊ भने र ती शिवशर्मा ब्राह्मण स्वयं रूखमा चढी फल-फूल टिप्न लागे। त्यही अवसरमा दैव-संयोगले वृक्षको हाँगा माँच्चियो र रूखबाट लडी शिवशर्मा ब्राह्मण त्यहीं मृत्युमा प्राप्त भए।

ती शिवशर्मा ब्राह्मण त्यसरी अकस्मात् मरेपछि महादेवको रूप भएर कैलास पर्वतमा पुगे। श्रीमहादेव आउनु भएको पार्वतीले देखिन् र सुनको कमण्डलुमा जल ल्याई पाऊ धोएर भित्र लगेपछि भनिन्- 'हे ईश्वर ! लोग्नेमानिसहरू पापी हुँदा रहेछन्। राम्री स्वास्नी देखेपछि घर-परिवार सबै कुरा बिर्सिदिंदा रहेछन्। हजुरले पनि मलाई बिर्सनु भएको थियो। बल्ल अब सम्झना भएछ र आउनु भयो। हरे ! त्यस्तो सुखमा रहेकी त्यो गोमा ब्राह्मणीलाई छल-बल-छलले ल्याएर गर्भिणी तुल्याई अनेक कष्ट दिई त्यस्तो स्थानमा एक्लै मिल्काएर आउनु भयो। अब त्यो गोमाले कसरी जीवन-यापन गर्ली र के खाएर बाँच्ली !' यति पार्वतीको वचन सुनी जगदीश्वर महादेव हाँसेर आज्ञा गर्नुहुन्छ- हे पार्वती ! सेवकका लागि कहिले काहीं पाप पनि गर्नुपर्दछ। गोमा पनि अब सुखी हुनेछ, तिमी सन्देह नगर भनी बुझाउनु भयो।

उता भिक्षा माग्न भनेर गएका शिवशर्मा ब्राह्मण धेरै दिन बित्यो तैपनि फर्केर आएनन्। अनि गोमा ब्राह्मणीले अनेक कष्ट गरी चन्द्रज्योति नगरमा गएर भिक्षा मागी ल्याएर गर्भाधान कर्म गराइन्। जब मास पूर्ण भयो, तब सम्पूर्ण राजलक्षणले युक्त भएको पुत्र जन्मियो। अनि गोमा ब्राह्मणीले चन्द्रज्योति नगरबाट ब्राह्मणहरू डाकी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणका मर्यादाले न्वारान गराइन्। ती ब्राह्मणहरूले ज्योतिष-शास्त्रमा विचार गरेर नवराज भन्ने नाम राखे, अनि भने- हे गोमा ब्राह्मणी ! तिम्रो यो बालक सम्पूर्ण राज-लक्षणले विभूषित भएको छ, त्यसैले राजा पनि होइजाला। यसले तिमीलाई विशेष सुख-सन्तोष दिनेछ, यो कुरा तिमी निश्चय मान। यति ब्राह्मणहरूले भनेको बचन सुनेर गोमा ब्राह्मणीले आफ्नू मनमा आनन्द मानी, श्रद्धापूर्वक दक्षिणा दिई भोजन गराइन्। अनि ब्राह्मणहरू आफ्ना-आफ्ना घर गए।

त्यसपछि त्यो बालकलाई गोमा ब्राह्मणीले चर्खामा धागो काती, अर्काको ढिकी-जाँतो गरेर ठूलो कष्टले पालिन्। त्यो नवराज बालक पनि शुक्लपक्षका चन्द्रमा बढ़े झैं दिन-प्रतिदिन बढेर ठूलो भए। अनि खेल्न जाँदा सँगीहरूले जेसुकै भने पनि सुनिरहन्थे, कसैसित झगड़ा गर्दैनथे, कसैलाई पनि कडा उत्तर दिंदैनथे, साथीहरूसित खेली घर आउँथे। घरमा आमाले जे दिएको खाई चुप लागिरहन्थे। आफ्ना पुत्रको त्यस्तो स्वभाव बसेको देखेर गोमा ब्राह्मणी निकै प्रसन्न भइन् र चन्द्रज्योति नगरका यजमानहरूकहाँ गएर विनम्र स्वरमा भनिन्- हे यजमान हो ! मेरो पुत्र नवराज आफ्ना साथीहरूसित खेलेर घर आउँछ, खानदेऊ पनि भन्दैन, किन दिइनौ पनि भन्दैन, रिस पनि गर्दैन र यो मीठो यो नमीठो पनि भन्दैन। दिए खान्छ, नदिए चुप लागिरहन्छ। फेरि मेरा पुरुष पनि छैनन्। घरमा सम्पत्ति पनि छैन। तिमी यजमानहरूको कृपाले जेन-तेन दुइ छाकमा एक छाक खाई बाँचिरहेकी छु। अब नवराजको चूडाकर्म र व्रतबन्ध आदि कसरी गरिदिने ! यही

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा विन्ती गर्न आएकी हुँ भनिन्। यति गोमा ब्राह्मणीले भनेको सुनी चन्द्रज्योति नगरका सबै यजमानहरूले आफ्नू-आफ्नू श्रद्धाले जे सकेको दिए। अनि गोमाले सम्पूर्ण सामग्री तयार गरी नवराजको चूडाकर्म र व्रतबन्धादि ब्राह्मणहरू डाकेर गरिदिइन्। अनि वेद-पुराण आदि सम्पूर्ण शास्त्र र अनेक विद्याहरूको अध्ययन गर्न लगाइन्। अनि एक दिन नवराज र उसको चाल-चलन एवं सज्जनता देखेर यजमानहरूले गोमा ब्राह्मणीलाई डाकेर भने- हे गोमा ! तिम्रो पुत्र नवराजको विवाह गर्ने भए वरुणपुरका अग्निस्वामीकी पुत्री चन्द्रावती नाम गरेकी छन्। अतः नवराजको विवाह गरिदिउँ; तिमी सामग्री तयार गर। यति दयालु यजमानहरूको वचन सुनी गोमा भन्दछिन्– हे यजमान हो ! मेरो पुत्र नवराजको कुनै आर्जन छैन, घरमा सम्पत्ति पनि छैन, त्यसलाई कन्या कसले देला ? कसरी विवाह गरिदिने ? गोमाले यति भनेको सुनेर यजमानहरू भन्दछन्– 'जे चाहिएको सामग्री हामी सबै मिलेर दिन्छौं, के-के चाहिन्छ ?' यति यजमानहरूले भनेपछि गोमाले मनमा आनन्दमानी भनिन्- 'हे यजमान हो ! हामीलाई गरीब-निर्धन जानेर तिमीहरूको यस्तो दया ! तिमीहरू धन्य रहेछौ।' यति भनी विवाहलाई चाहिने समस्त सामग्री मागिन् र यजमानहरूले सम्पूर्ण सामग्री तयार पारिदिए। त्यसपछि उत्तम दिनमा ब्राह्मणको मर्यादाले नवराजलाई वरुणपुरका अग्निस्वामीकी पुत्री चन्द्रावतीसित विवाह सम्पन्न गराइदिए। अनि गोमा, नवराज र चन्द्रावती तीन जनाले जे भएको खाई मिली-जुली रहे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि एक दिन नवरात्र ब्राह्मण बाहिर खेल्न जाँदा उनका साथीहरूले भने- हे नवराज ब्राह्मण ! आजसम्म हामी तिमीलाई 'नवराज' भन्दथ्यौं, तर अबदेखि तिमीलाई बिना बाबूको छोरोहोस् भनी तिम्रो नाम राख्यौं। तिम्रो बाबू भए तिनको नाम के हो ? तिमी कसका पुत्र हौ ? हामीलाई बताऊ ! यति आफ्ना साथीहरूले भनेको सुनी नवराजले केही उत्तर दिन नसकी सरासर आफ्नी आमा गोमाकहाँ गएर सोधे- 'हे माता !' भनेर साथीहरूले भनेको कुरा सारा वृतान्त सुनाए। अनि भने- 'हे माता ! म कसको पुत्र हुँ ? मेरा पिताको हुन् ? कहाँ छन् ? मलाई बताउनु हवस्।' यति आफ्नू पुत्र नवराजले भनेको वचन सुनी गोमा ब्राह्मणीले वर्षाकालमा मेघ वर्षे झैं आँखाबाट आँसूका धारा बगाएर भनिन्- 'हे पुत्र नवराज ! शिवशर्मा तेरा पिताको नाम हो। तिमी गर्भमा छँदै भिक्षा माग्न भनी परदेश गएका आजसम्म आइपुगेनन्। कुनै कामले कहीं बसेका छन् वा जीवित नै छैनन् केही थाहा छैन !' यति आफ्नी आमा गोमाले भनेको सुनी नवराज भन्दछन्- 'हे माता ! त्यसो हो भने मलाई आज्ञा देऊ। जहाँ बसेका भए पनि म विचार गरेर पत्तो लगाउँछु।' यति नवराजले भनेको सुनी गोमाले भनिन्- हे पुत्र ! तेरो मुख हेरेर तेरा पितालाई बिर्सिरहेकी थिएँ, अब तैंले पनि छाडेर गए म कसको आधारले जीवित रहने छु ! फेरि तँ गएपछि तेरी पत्नी चन्द्रावती पनि बस्ने छैन, माइत जानेछ। अतः जान्छु भन्ने कुरा नै नगर। यति गोमाले भनेको वचन सुनी नवराज ब्राह्मण फेरि आमालाई बुझाई भन्दछन्- हे माता ! म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केही भन्दछु, तपाई एकचित्त भएर सुन्नु हवस्—

पुत्रस्य परमो धर्मः पित्र्युद्धारसमो नहि !
पित्र्युद्धारं न कुरुते श्रद्धेयः सुखमिच्छाति ।
स याति नरकं घोरं यावच्चन्द्रार्कमेदिनी ॥

अर्थ– छोराको ठूलो धर्म के हो भने पितृको उद्धार गर्नु । जुन पुत्रले पितृको उद्धार नगरी आफ्नू सुख-भोगपछि मात्र लागिरहन्छ भने त्यो व्यक्ति जहाँसम्म सूर्य चन्द्र रहन्छन् र जबसम्म पृथ्वी रहन्छिन्, तबसम्म घोर नरकमा पर्नेछ। अतः म गर्भमा छँदै गएका मेरा पिता मेरो यो उमेर हुँदा पनि किन आएनन् ? मरे कि जीवितै छन् ? के मैले विचार गर्नु पर्दैन ? मरेका भए निश्चय गरी राम्ररी ठहराई क्रिया गरेर आउँला, जीवित भए डाकेर साथै ल्याउँला । त्यति पनि गर्नसकिन भने मैले जन्म लिएको व्यर्थ हुनेछ। हे माता ! तपाईंको सेवा गर्न बुहारी घरमा छँदैछ। अतः मलाई प्रसन्न मनले विदा दिनुहवस्। यति नवराजले भनेको सुनेर गोमा ब्राह्मणी मनमनै सन्तुष्ट भएर भन्दछिन्- हे पुत्रनवराज ! तिमी धन्य रहेछौ, तिम्रा वचन सुनेर म अति सन्तुष्ट भएँ; तिम्रो कल्याण होस् र तिम्रा पिता बाँचेका भए पनि, नभए पनि यथार्थ खबर पाए भनी कपालमा हात राखेर आशिर्वाद दिइन्। नवराज ब्राह्मणले पनि महतारीको आशीर्वाद थापी साष्टाङ्ग दण्डवत् प्रणाम गरेर आफ्नी स्त्रीलाई अह्राउने सबै कुरा अह्राई आफ्ना पिताको खबर गर्न भनी परदेश हिंडे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवराज स्थान-स्थानमा– 'शिवशर्मा नाम गरेका वृद्ध ब्राह्मणलाई देखेथ्यौ ?' भनी सबैसित सोधेर खोजी गर्दै हिंडे। जाँदा-जाँदा गङ्गाको तीरमा ऋषिका आश्रममा पुगे। त्यहाँ धेरै वृद्ध अवस्था भएका ब्राह्मण र ब्राह्मणी स्त्री-पुरुषलाई बसेका देखेर नवराजले सोधे- 'तिमीहरू को हौ ? यहाँ गङ्गाको तटमा किन यसरी बसिरहेका छौ ?' यति नवराजले सोधेपछि वृद्ध दम्पत्तिले भने- हे बालक ! हामी ब्राह्मण हौं, वृद्ध अवस्था भयो र गङ्गामा प्राण त्याग गरौंला भनी आफ्नू घरवार छाडी यहाँ खरको घर तुल्याई बसेका छौं। अनि तिमी को हौं ? कहाँबाट र किन यहाँ आएका ? यति वृद्ध दम्पतिले सोधे पछि नवराज भन्दछन्– म पनि नवराज नाम गरेको ब्राह्मण हुँ। म गर्भमा छँदै गर्भाधानादि कर्म गर्न भिक्षा माग्न भनी परदेश हिंडेका मेरा पिता शिवशर्मा नाम गरेका ब्राह्मण आजसम्म घर फर्केनन् र म खबर गर्न भनी घरबाट हिडेको; तिमीले उनलाई देखेथ्यौ कि ? भनी सोधे। नवराजको यति वचन सुनेर ती वृद्ध ब्राह्मण भन्दछन्– हे नवराज ब्राह्मण ! गर्भाधान कर्म गर्न भनी भिक्षा माग्न आएका चन्द्रज्योति नगरका शिवशर्मा नाम गरेका वृद्ध ब्राह्मणलाई हामीले अवश्य देखेथ्यौं। उनी यहाँ आएर आफ्नू नित्य पूजाका लागि फल-फूल टिप्न ऊ त्यो रूखमा चढेका थिए दैव-संयोगले वृक्षको हाँगो भाँचियो र रूखबाट लडेर त्यहीं मरे। हाड-खोड त आजसम्म पनि रहेकै होला त्यहाँ गएर हेर भने। यति वृद्ध ब्राह्मणले भनेको सुनी नवराज रूखमनि हेर्न गए। त्यहाँ आफ्ना पिताका हाड-खोड देखेर– हे पिता !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेरो निमित्त भिक्षा माग्न आएका तिमीले मेरो मुख नदेखेरै यस्ता वनमा आएर रूखबाट लडी मर्नुपऱ्यो, यस्ता कुरा सुनी मेरी महतारीले शोक गर्दा र भूमिमा पारी रून-कराउन लाग्दा कसरी बुझाउँला ? भन्दै अनेक प्रकारले शोक गरी निकै वेरसम्म रोइरहे। अनि स्वयं धैर्य धारण गरी सबै हाड-खोड बटुली गङ्गामा लगेर संस्कार गरिदिए। अनि ब्राह्मणको मर्यादाले दश-गात्र क्रिया गरी, अब कता जाऊँ ? घर जाऊँ भने घरमा सम्पत्ति छैन, विशेष यो खबर सुनाई महतारीले शोक गरेको हेर्नुपर्दछ। अतः हुने भए कुनै राजाको सेवा गरी केही द्रव्य लिएर घर जाऊँ भनी शहरमा पसी त्यहाँका राजाको सेवा गर्नलागे।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानीपरमेश्वर्या व्रतकथायां शिवशर्मा परलोकगमनं नाम द्वाविंशोऽध्यायः ।। २२ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ त्रयोविंशोऽध्याय

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि नवराज ब्राह्मण आफ्ना पिताको खबर गर्न गएपछि नवराजकी स्त्री चन्द्रावती ब्राह्मणीले आफ्नी सासू गोमा ब्राह्मणीसित भनिन्– हे माता ! म मेरो माइत नगएको धेरै दिन भयो। यहाँ खानलाई अन्न छैन, लगाउनलाई वस्त्र छैन। अरूसंग मागेर मात्र कति दिन निर्वाह गर्ने ? यसै कारण म अलिक दिन माइत बसेर आउँछु; तपाईंले आफ्नू देहको र घरको सम्भार राम्ररी गर्नुहोला। तपाईंका छोरा आएपछि मलाई डाक्न पठाउनु होला। फेरि म गएपछि एक पेट पाल्न तपाईंलाई पनि कठिन पर्ने छैन। अहिले म जान्छु भनी गोमा ब्राह्मणीलाई दण्डवत् प्रणाम गरेर माइत गइन्। अब चन्द्रावती माइत गएपछि गोमा ब्राह्मणीले आफूलाई थरि-थरिका दुःख परेको देखेर भिक्षुकरूप श्रीमहादेवले श्राप दिएको सम्झी मनमनै तर्क गर्न लागिन्– म सात वर्षकी हुँदा सत्तरी वर्षका बूढासित विवाह भयो, ती पनि भिक्षा माग्न गएका आजसम्म फर्केर आएनन्; छोरो र बुहारी दुवैले मलाई छाडेर गए ! म यस्ता अवस्थामा परें, मेरो कस्तो भाग्य रहेछ, मलाई धिक्कार छ ! उस दिन मलाई श्राप दिने भिक्षुक जगदीश्वर महादेव नै रहेछन्। हे प्रभो ! म क्षमा माग्दछु, मैले जानिनि, मेरो त्यो अपराध क्षमा गर। हे शशिशेखर ! हजुरलाई कोटि-कोटि नमस्कार छ। अब मेरो रक्षा गर कि यो प्राण नै हर भनी नाना प्रकारका विलाप गरी गोमा ब्राह्मणीले आँखाबाट आँसूका धारा बगाई रोई-कराई बौलाही जस्ती हिंड्न लागिन्। यो कुरा कैलास पर्वतमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीपार्वतीले थाहा पाइन् र जगदीश्वर श्रीमहादेवको आनन्द समयमा पाऊ समाती बिन्ती गर्न लागिन्- 'हे स्वामी; हेर्नुहोस्, त्यो गोमा ब्राह्मणीको अपार कष्ट; त्यो पनि हजुरकी स्त्री हो, त्यसको प्रति यस्तो अयोग्य गर्नु कदापि उचित छैन। मलाई अत्यन्त करुणा भयो। हे दयासागर ! आज्ञा भए म त्यसको केही उपाय गर्ने थिएँ। हजुरले आज्ञा दिए श्रीस्वस्थानी परमेश्वरीको व्रत गराउने थिएँ र त्यो दुःखका समुद्रबाट पार हुने थिई।' यति पार्वतीले बिन्ती गरेको सुनी जगदीश्वर महादेवका मनमा पनि दया आयो र 'हुन्छ, त्यसै गर' भनी आज्ञा दिनुभयो। अनि पार्वतीले सप्तऋषिलाई डाकेर - हे ऋषिश्वर हो ! तिमीहरू मर्त्यमण्डलमा जाओ र चन्द्रज्योति नगरमा गोमा नाम गरेकी ब्राह्मणी अत्यन्त दुःखी छ, त्यसलाई श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ने उपदेश दिएर आओ। अनि श्रीस्वस्थानी परमेश्वरीको व्रतको प्रभावले गोमा ब्राह्मणी सम्पूर्ण दुःखबाट पार होली भनी आफूले महादेव स्वामी पाउनका लागि श्रीविष्णु भगवानले उपदेश दिएर गएको सम्पूर्ण विधि विस्तारपूर्वक बताइदिनु भयो।

श्रीपार्वतीको यस्तो आज्ञा सुनी सप्तऋषिले 'हवस्' भनी त्यहाँबाट सरासर मर्त्यमण्डलमा पुगेर चन्द्रज्योति नगर खोज्दै जाँदा नगरको बाहिर गोठाला केटा-केटीहरूसित– 'यहाँ दुःखी, दरिद्री को छ ?' भनी सोधे। यो चन्द्रज्योति नगरमा त्यस्ता दुःखी-दरिद्री कोही छैनन्, सबै आफाफ्ना धर्मको पालन गरी सुखमा छन्। नगर बाहिर यौटा गोमा नाम गरेकी ब्राह्मणी अत्यन्त दुःखी छन्, त्यहाँ गएर सोध्नु भए सबै स्थिति ज्ञान हुनेछ भनी– 'ऊ त्यही घर हो' भनेर औंलाले संकेत गरिदिए। अनि सप्तऋषिहरू गोमाका घर गए। अनि गोमाले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सप्तऋषिहरू आएका देखेर प्रणाम गरी आदरपूर्वक भित्र डाकेर लगी पिढ़ामा बसालेपछि हात जोरेर नम्र भई सोधिन्- हे ऋषिश्वर हो ! आज म दुःखिनीका घरमा आई म यस्ती पापिनीलाई दर्शन दिनुभयो, धन्य हो ! अब के कामले आउने कष्ट गर्नुभयो आज्ञा गर्नुहवस्। गोमाको यस्ता नम्र वचन सुनेर सप्तऋषिहरू भन्दछन्– हे गोमा ब्राह्मणी ! तिमी अत्यन्त दुःखमा परेकी हुनाले श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गराउन आयौं। तिमी एकचित्त भएर सुन–



(गोमा ब्राह्मणीलाई सप्त ऋषिले स्वस्थानीको व्रत गर्ने विधि बताएको)

अघि सत्ययुगमा पर्वतराज हिमालयकी पुत्री पार्वतीले श्रीजगदीश्वर महादेव स्वामी पाउनका लागि जुन व्रत गरेर उनको इच्छा पूर्ण भयो, त्यो व्रतको विधान– पौष शुक्ल पूर्णिमाको दिनदेखि व्रत आरम्भ गर्नुपर्दछ। अघिल्लै दिन हात-गोडाका नङ काटी, स्नान गरी पवित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भएर एकभक्त रही, एकचित्त गरी एक महीनासम्म नित्य मध्याह्न कालमा जगदीश्वर महादेवको पूजा गर्नू। अनि माघशुक्ल पूर्णिमाका दिन अष्टोत्तर सय रोटी, अष्टोत्तर सय अक्षता, अष्टोत्तर सय जात-जातका फूल, अष्टोत्तर सय जौ-तिल, थरि-थरिका नैवेद्य आदि नाना उपचार तयार पारी आर्सी (तामाको थाली) मा ॐकार लेखी गङ्गाजलले स्नान गराउनू। अनि सिन्दूर रक्त चन्दन, फूल-माला पहिराउनू र धूप-दीप नैवेद्यादि मेवा-मिष्ठान्न कस्तूरी, वस्त्र, भेटी चढाई श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्नू र कथा सुन्नु। अर्कालाई सुनाउनू, सुन्ने कोही छैन भने स्वयं आफैंले भन्नू र आफैंले सुन्नू। आफ्ना खाट, बिछौना, उइँटा धनु आदि सामुन्ने राखेर तिनैलाई सुनाउनू। त्यसपछि जुन कामनाले व्रत गरेको छ– मेरो फलानू काममा पूर्ण (सिद्ध) होओस् भनी श्री स्वस्थानी परमेश्वरीलाई अर्घ्य दिनू। अनि जप-ध्यान पूजा गर्नू। हे गोमा ब्राह्मणी ! श्रीस्वस्थानी परमेश्वरी भनेकी कस्ती हुन् भने-ध्यानपूर्वक सुन—

सुवर्णवर्णदीप्ताभां त्रिनेत्रां कमलासनाम्।
सिंहासन समासीनां सर्वालङ्कार भूषिताम्॥

नीलोत्पल धरां वामे दक्षिणे वरदां शुभाम्।
खड्गचर्मधरां चोर्ध्वं वामदक्षिणयोः क्रमात्॥

चत्तुर्भुजां च मां तत्र पूजयेद् वृषकेतुनाम्।
एवं ध्यात्वा महादेवीं स्वस्थानीजगदीश्वरीम्॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्थ– पीतवर्ण सुवर्णभन्दा पनि दिव्यवर्ण भएकी, तीन नेत्र भएकी, कमलको पुष्प झैं उज्ज्वल मुख भएकी, सिंहासनना विराजमान भएकी, नाना अलंकार (गहना) पहिरेकी, खड्ग, चर्म, र नीलकमल बाहुमा धारण गरेकी, चार बाहु भएकी श्रीस्वस्थानी परमेश्वरीलाई मनमनै सम्झी, त्यहीं मेरो पनि पूजा गर्नू भनी श्री आशुतोष महादेवले आज्ञा भएको छ। यस्ती जगदीश्वरी श्रीस्वस्थानी परमेश्वरीलाई हृदयमा ध्यान गरी यो स्तोत्र पाठ गर्नू—

नमस्तेऽस्तु जगन्मातः स्वस्थानी सर्वमङ्गले !
तव प्रसादाद् देवेशि व्रतपूर्णं तवाज्ञया ॥

अर्थ– हे जगतकी माता ! संसारमा सबैको मङ्गल गर्ने- हे स्वस्थानी परमेश्वरी ! हजुरको कृपारूपी प्रसादले मेरो व्रत पूर्ण भयो। यति भनेर प्रसाद झिक्नू। अनि अष्टोत्तर सयमा आठ रोटी, आठ अक्षता, आठ वेलीपुष्प, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी सगुन समेत आफ्ना पुरुषलाई दिनू, पुरुष नभए छोरालाई दिनू, छोरा नभए मीत-छोरालाई दिनू, मीत-छोरा पनि नभए आफूले जुन कामनाले व्रत गरेको छ, मेरो फलानु काम सिद्ध (पूर्ण) होओस् भनी लगेर गङ्गामा बगाइदिनू र सय रोटी आफूले फलाहार गरेर त्यस रात्रिमा जागा भइरहनु अर्थात् जाग्राम गरेर बस्नू। सकेदेखि रात्रिमा नाच-गान कीर्तन श्रीस्वस्थानी परमेश्वरीलाई सम्झेर गर्नू। नसके उनै जगदीश्वरीको नाम-गुण सम्झेर बसे पनि हुन्छ। हे गोमा ब्राह्मणी ! श्रीस्वस्थानी परमेश्वरीको व्रतका प्रभावले तिम्रो सम्पूर्ण दुःख नाश

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

होला, यसमा अन्यथा नमान । यसै व्रतका प्रभावले जगदम्बा पार्वतीले पनि जगदीश्वर श्रीमहादेव स्वामी प्राप्त गरेकी थिइन् । अब हामी जान्छौं । यति सप्तऋषिहरूले भनेको सुनी र उनले बताएको व्रतविधि मनमा राखी गोमा ब्राह्मणीले प्रसन्न भई बिन्ती गरिन्- हे सप्तऋषिश्वर हो ! तपाईहरूको कृपाले श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजाविधि सुनिसकें, अब म यस्ती पापिनीका घरमा केही छैन, तपाईंहरूको कसरी आतिथ्य (अतिथिसत्कार) गरूँ ! पसलबाट पान किनेर ल्याउँछु, अनि मेरो आतिथ्य स्वीकार गरेर जानुहोला भनी चर्खामा रहेको धागाको लरिया लिई घरबाट निस्किइन् । सप्तऋषिहरूलाई गोमा ब्राह्मणीको दुःख देखेर सान्है दया लागेर आयो र सातवटा सुनका कौडी आफूहरू बसेका पिरूकामनि छाडेर स्वर्ग गए ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्री स्वस्थानी परमेश्वर्या व्रतकथायां सप्तर्षिकृत व्रतोपदेशो नाम त्रयोविंशोऽध्यायः ।। २३ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ चतुर्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ- हे अगस्त्य मुनि ! त्यसपछि गोमा ब्राह्मणी धागाको लरिया लिएर चन्द्रज्योति नगरको बरही (पान बेच्ने मानिस) को घरमा गइन् र 'मेरो घरमा सप्तऋषिहरू आएका छन्, तिनलाई खान दिन्छु, यो धागाको पान देऊ' भनिन्। यति गोमा ब्राह्मणीले भनेको सुनी बरहीले भन्यो- 'हे गोमा ब्राह्मणी ! आज पान कत्ति पनि छैन, जति भएको मैले हिजै बेचिसकें, नपत्याए हेर्नुहवस्' भनी छोपिराखेको पानको भाँडो देखायो, तब भाँडाभरि पान भइरहेको देखेर, यो के आश्चर्य भयो भनी मनमा तर्क-वितर्क गरी भन्दछ- हे गोमा ब्राह्मणी ! यस भाँडोको पान मैले हिजै बेचिसकेको थिएँ, आज फेरि कताबाट आयो ! तिमीले मेरो घरमा सप्तऋषि आएका छन्, तिनलाई खानदिने भन्दामा यस्तो भएको हो कि भनी मनमनै निकै लाज मानी- 'तिमी धन्य रहिछौ, त्यो धागो पनि म लिन्न। पान लगेर ऋषिहरूलाई खान देऊ।' यति भनी आधा पान र ल्वाङ सुपारीसमेत दियो र गोमा ब्राह्मणीले मनमा आनन्द मान्दै पान र ल्वाङ-सुपारी लिएर आउँदा सप्तऋषिहरूलाई देखिनन्। अनि अरू केही वस्तु नभए पनि सप्तऋषिहरूलाई पानले अतिथि-सेवा गरी सम्मान गर्नेछु भनेको म पापिनीका हातको पान खानु पर्ला भनी यहाँबाट गइसकेछन् ! म धिक्कार रहिछु भनी अनेक प्रकारले विस्मात गर्न लागिन्। निकै बेरपछि हातमा कुचो लिएर पिरूका उठाई बढार्न खोज्दा ऋषिहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छाडेर गएका सातोटा सुनका कौडी वा डल्ला देखिन्। त्यो द्रव्य पाएपछि ऋषिहरूले उपदेश दिए अनुसार पौषशुक्ल पूर्णिमाको दिनदेखि हात-गोडाका नङ काटी, स्नान गरी पवित्र भएर एकभक्त रही, एकचित्त गरी नित्य मध्याह्न कालमा श्रीजगदीश्वर महादेवको पूजा गरेर रात पर्नासाथ सुन्ने कोही नहुनाले आफ्ना बिछौना, चर्खा, उइँटा, धनु मुख्याञ्जी राखेर श्रीस्वस्थानी परमेश्वरीको कथा भन्दथिन्। त्यसरी गर्दा चन्द्रज्योति नगरका गोठाला केटा-केटीले सुनेर खरको भित्ता च्यातेर च्याउन लाग्दा-बिछौना, चर्खा, उइँटा, धनु आदि सामुन्ने राखेर एक्लै कराउन लागेकी गोमा ब्राह्मणीलाई देखेर सोधे- 'हे गोमा ब्राह्मणी ! तिमीलाई के भयो ? किन एक्लै त्यसरी कराइरहेकी छौ ?' यति गोठालाहरूले भनेको सुनी गोमाले भनिन्- 'हे बालक हो ! सुन; सप्तऋषिहरू आएर- श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो दुःख नाश होला' भनी उपदेश दिएर गएका हुनाले म त्यही व्रत गरी श्रीस्वस्थानी परमेश्वरीको कथा भनेकी हुँ; कराएकी होइन, मलाई कुनै रोग पनि लागेको छैन, म बौल्हाएकी पनि छैन। घरमा कथा सुन्ने कोही नहुनाले- बिछौना, चर्खा, उइँटा, धनु आदि राखेर सुनाइरहेकी छु। यति गोमा ब्राह्मणीको वचन सुनी गोठाला केटाकेटीहरूले आफूहरूले दिउँसो खान भनेर लगेको अन्न दिएर गए। अब प्रतिदिन गोमा ब्राह्मणीले भनेको कथा सुन्दथे; जे भएको अन्नादि लगिदिन्थे। त्यसो गर्दा श्रीस्वस्थानी परमेश्वरीको कथा श्रवण गरेको प्रभावले ती गोठाला केटाकेटीका गाईलाई घाँस पर-पर खोज्न जानुपरेन, नजीकै पाउन लागे। गोमा ब्राह्मणीलाई पनि अन्न-वस्त्र,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

द्रव्य आदिको अभाव रहेन। त्यसपछि महीना दिन अर्थात् माघशुक्ल पूर्णिमाको दिन सम्पूर्ण सामग्री तयार पारी एकचित्त भएर श्रीस्वस्थानी परमेश्वरीको पूजा गरेर ध्यान गरी हातमा अर्घ्यपात्र लिई- 'हे श्री स्वस्थानी परमेश्वरी ! म पापिनीको पूजाले सन्तुष्ट भई मलाई यस दुःखका समुद्रबाट पार गर्नुहवस्, फेरि मेरो पुत्र नवराज आफ्ना पिताको खबर गर्न गएको चाँडै आइपुगोस्। हे निरञ्जन- निराकार ! हे जगदीश्वरी ! फेरि मलाई जगदीश्वर महादेवले भिक्षुक-रूप भएर डमरू बजाई श्राप दिएको पनि नाश गर ! हे जगदीश्वरी ! फेरि मलाई र मेरो पुत्र नवराजलाई पनि हितभावले रक्षा गर। हे करूणामयी ! हे दयारूपा ! यो ब्रह्माण्ड संसारमा सृष्टि-स्थिति संहारका कर्तास्वरूप ब्रह्मा-विष्णु- महेश्वर भएकी तथा आदि अन्त्य नभएकी यस्ती हे स्वस्थानी परमेश्वरी ! तिमीलाई मेरो कोटि-कोटि नमस्कार छ ! हे पिनाकधारी ! तिम्रो अनन्त महिमा वर्णन गर्न शेषनाग भए, वीणापाणि सरस्वती भइन्, स्वयं ब्रह्माजी भए यिनले पनि नसकेको मजस्ती अज्ञानीले कसरी सक्नेछु ! यस्तै अनेक प्रकारले स्तुति गरेर अर्घ्य दिइन्। त्यसपछि बारम्बार कोटि-कोटि प्रणाम गरेर प्रसाद झिकी अष्टोत्तर सयमा आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ जनै, आठ कुड्का सुपारी, पान सगुनसमेत- 'यो मेरो पुत्र नवराजलाई' भनी पर सारी आफूले सयरोटी फलाहार गरिन्। अनि रात्रिमा जागा भएर बसिरहिन्। निकै रात बितेपछि श्री स्वस्थानी परमेश्वरीको व्रतको प्रभावले नवराज पनि टुप्लुक्क आइपुगे र बाहिरैबाट 'आमा !' भनी बोलाए। गोमा ब्राह्मणीले आफ्नू पुत्र नवराजको बोली सुनेर चिनिन् र झट्ट उठेर बाहिर आई भित्र डाकेर लगिन्। अनि बडो स्नेहले नगीचै

Javatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बसाली सोधिन्– 'बाबू, नवराज ! तिमी कुशल छौ ? तिम्रा पिताको के खबर छ ?' भनिन् । गोमाको त्यस्तो प्रश्न सुनी चित्त आकुल भए पनि नवराज भन्दछन्– 'हे माता ! भिक्षा माग्न भनेर गएका मेरा पिता शिवशर्मा गङ्गाको तीरमा ऋषिको आश्रममा पुगी स्नान गरेर नित्य पूजा गर्न वृक्षमा चढी फल-फूल टिप्न लाग्दा दैव-संयोगले रूखको हाँगो भाँचिई रूखबाट लडेर मरेछन् । यो कुरा मलाई त्यहीं बसेका वृद्ध ब्राह्मणले भने, अनि म रूखमनि हेर्न गएँ; त्यहाँ हाड-खोड फेला पारी गङ्गामा लगेर संस्कार गरी, श्रद्धापूर्वक दसगात्र क्रिया गरिदिएँ । त्यसपछि घर फर्केर आउन लाग्दा यहाँ घरको अभाव र दुःख सम्झी, त्यसै रित्तो हात कसरी जाऊँ भन्ने लागेर शहरमा गई राजाको सेवा गरें । राजाले केही द्रव्य दिए, अनि तपाईंको दर्शन गर्न आइपुगें ।' नवराजको त्यस्तो वचन सुनेपछि गोमा ब्राह्मणी सारै अधैर्य भई– निर्विवेकी विधाताले सात वर्षकी हुँदा सत्तरी वर्षको बुढोसित विवाह गरायो, यो अति अयोग्य भयो । त्यो बूढो पनि म यस्ती यौवनवती माथि दया नगेरर मारिदियो । हे स्वामी ! भिक्षा माग्न भनी गएका तिमीले मलाई यस अवस्थामा पारी आफू एक्लै कता गयौ ? तिमी जहाँ गयौ, मलाई पनि त्यहीं लैजाऊ । तिमी विना मेरो प्राण कसरी रहला, यसरी विलाप गर्दै रोएर मूर्च्छा परी भूमिमा ढलिन् । केही बेरपछि चेत आयो र उठेर फेरि नाना प्रकारले शोक गर्न लगिन् । माताको त्यो अवस्था देखेर नवराज भन्दछन्- 'हे माता ! अब शोक-चिन्ता नगर्नुहोस् । यो संसारमा जन्म लिएर नमर्ने (अमर) कोही पनि छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एक न एक दिन जन्मेपछि मर्नैपर्दछ। अब तपाईं मेरो मुख हेरेर आफ्नो चित्तलाई शान्त पार्नुहसव्। तपाईंकी बुहारीलाई देख्दिन, त्यो कहाँ छ ? यतिका दिनसम्म तपाईंहरूले कसरी र के खाएर निर्वाह गर्नुभयो। फेरि तपाईं पनि राति यसवेलासम्म नसुतेर के गर्दै हुनुहुन्छ ? घरमा अनेक फल-फूल, चन्दन, धूपको नाना सुगन्ध आइरहेको छ। हे माता ! के कार्य गर्नुभयो ? मलाई आज्ञा हवस्।'

आफ्नू पुत्र नवराजले यससी सान्त्वना दिई भनेको सुनेपछि गोमा ब्राह्मणीले मनमा धैर्य धारण गरी उत्तर दिइन्– हे पुत्र नवराज ! तिमी थाकेर आएका होला, भोक पनि लाग्यो होला भनी जे भएको खान दिइन्। खाइसकेपछि– हे पुत्र नवराज ! तिमी गएपछि बुहारी चन्द्रावती माइत जान्छु भनेर गएकी छ, मलाई तिम्रा छोरा आएपछि डाक्न पठाउनु होला भनेकी थिई। अकस्मात् एक दिन सप्तऋषिहरू आए र मेरो दुःख देखेर दया गरी– श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो सबै दुःख नाश होला, इच्छासिद्धि हुनेछ– भनी उपदेश र केही द्रव्य समेत दिएर गए। उनकै उपदेशले मेरो पुत्र नवराज चाँडै आइपुगोस् र दुःख नाश हवस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत र पूजा गरेर जागरण गरिरहेकी थिएँ, अब मेरो मनोरथ पूर्ण भयो। तिमीलाई पनि श्री स्वस्थानी परमेश्वरीको महिमा सुनाउँछ, एक चित्त भएर सुन– यो महिमा सुनेर यसलोकमा सुख-सम्पत्ति पाएर परलोकमा मुक्ति प्राप्त हुनेछ भनी श्रीस्वस्थानी परमेश्वरीको कथा विस्तारपूर्वक वर्णन गरेर सुनाइन्। दुइ आमा-छोराले जगदीश्वरीको कथा भन्दा र सुन्दा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रातःकाल भयो र नवराज ब्राह्मणले भने– हे माता ! तपाईं धन्य हुनुहुन्छ। यस्तो कष्टमा पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्नुभयो, म प्रसन्न र सन्तुष्ट भएँ। अब म गङ्गा स्नान–गरेर आउँछु भनी आमासित विदा भएर स्नान गर्न भनेर गङ्गातटमा पुगे। अनि स्नान गरिसकी हरि-हरको पूजा आराधना गर्दा गोमा ब्राह्मणीले गरेकी श्री स्वस्थानी परमेश्वरीको व्रतका प्रभावले गङ्गाबाट 'हरि-हर' प्रत्यक्ष भएर– हे नवराज ब्राह्मण ! तेरी माता गोमा ब्राह्मणीले गरेकी श्री स्वस्थानी परमेश्वरीको प्रभावले हामी प्रसन्न र सन्तुष्ट भयौं, वरादान दिन्छौं- 'यिनै गङ्गादेखि दक्षिण दिशामा लावण्य देश छ, त्यहाँ राजा छैनन्। हात्तीलाई सुवर्णको कलश र फूलको माला दिई राजा खोज्न लगाएका छन्; तँ त्यहाँ जा, हामी त्यस हात्तीमा प्रवेश प्रवेश गरेर राज्यभिषेक तँलाई नै दिलाउने छौं। अवश्य राजा हुनेछस्।'

(गङ्गास्नान गर्दा हरि-हरको दर्शन पाई नवराजले स्तुति गरेको)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नवराज ब्राह्मणलाई यति वरदान दिएपछि नवराजले 'हरि-हर'को स्तुति गरे—

यौतौ शङ्ख-कपाल भूषित करौ मालाऽस्थिमाला धरौ ।
देवौ द्वारवती-श्मशान निलयौ नागारिगो वाहनौ ॥

द्वित्र्यक्षौ बलि-दक्षयज्ञ मथनौ श्री-शैलजावल्लभौ ।
पापं मे हरतां सदा हरि-हरौ श्रीवत्स-गङ्गाधरौ ॥

अर्थ- शङ्ख (पांचजन्य), कपाल खप्पर लिएका, वनमाला र अस्थिमाला लगाएका, द्वारकापुरी र श्मशानमा निवास गर्ने भएका, गरूड र वृषभ (साँढे) वाहन भएका, दुइ र तीन नेत्र भएका, बली र दक्षप्रजापतिको यज्ञ मथन गर्ने भएका, मेघ र हिमालय पर्वतको जस्तै वर्ण भएका, लक्ष्मी र पार्वतीका स्वामी भएका, यस्ता तपाईंहरूले मेरो पाप हरण गर्नुहवस् तथा ममाथि दया-कृपा गरी अनाथ भइरहेको मलाई दर्शन दिनुभयो- म धन्य रहेछु ! मेरी माताको गर्भमा मैले वास लिएको मेरो जन्म सफल भयो। हे भक्तवत्सल ! तपाईं कस्ता भने- दुष्ट जनको नाश गरी साधुजनको कल्याण गर्ने, फेरि यस ब्रह्माण्ड संसारको सृष्टि गरेर प्रत्येक जीवमा पाप र पुण्यका साक्षीरूप भएका यस्ता तपाईंलाई कोटि-कोटि साष्टाङ्ग दण्डवत् प्रणाम छ ! हे ईश्वर ! हजुरहरूको महिमा वर्णन गर्न हजार मुख भएका शेषनाग, सरस्वती तथा ब्रह्मादि देवता पनि समर्थ छैनन् भने म कसरी समर्थ हुनसक्तछु ! मेरो चित्त सदा-सर्वदा तपाईंहरूकै भक्तिमा लागिरहोस् यस्तै अनेक स्तुति-प्रार्थना गरेपछि हरि-हर अन्तर्धान हुनुभयो।

त्यसपछि नवराज ब्राह्मण हरि-हरको दर्शन पाएपछि सूर्यजस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेजिलो भएर घर आए। आफ्नू पुत्र नवराजलाई अत्यन्त तेजवन्त भएको देखेर गोमा ब्राह्मणी आश्चर्य मान्दै भन्दछिन्- 'हे पुत्र नवराज ! आज म तिमीलाई अत्यन्त उज्ज्वल र तेजिलो देखिरहेकी छु, कुरा ठीक हो अथवा केवल मेरा आँखाको भ्रम हो वा मेरो चित्त नै गडबडिएर हो, म त देवराज इन्द्रभन्दा पनि सुन्दर देख्दछु।' यति आफ्नी माता गोमा ब्राह्मणीले भनेपछि नवराज ब्राह्मणले गङ्गा-स्नान गर्न गएको वेलामा गङ्गाबाट हरि-हर प्रत्यक्ष भएर वरदान दिएको सबै कुरा र लावण्यदेशमा राजा हुनेछस् भनी आज्ञा दिएको पनि सारा वृत्तान्त वर्णन गरेर सुनाए। अनि- हे माता ! तपाईंको तपस्या र श्रीस्वस्थानी परमेश्वरीको व्रतको प्रभावले म यस्तो भएँ भने। यति आफ्नू पुत्र नवराजले भनेको सुनी गोमा ब्राह्मणी प्रसन्न भएर भनिन्- 'हे नवराज ! मेरो पुत्र चाँडै आइपुगोस् भनी श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गरेथें, राति तिमी आइपुग्यौ। तिमीलाई प्रसाद राखिदिएकी छु लेऊ' भनेर श्रीस्वस्थानी परमेश्वरीको प्रसाद आठ रोटी, आठ अक्षता, आठ बेलीपुष्प, आठ पान, आठ कुड्का सुपारी सगुनसमेत दिइन् र श्रीस्वस्थानी परमेश्वरीले तिम्रो सदासर्वदा कल्याण गरून् एवं तिमी हरि-हरको आज्ञाले लावण्य देशको राजा हुनेछौ भनी आशिष दिइन्। अनि नवराज ब्राह्मणले पनि श्रीस्वस्थानी परमेश्वरीको प्रसाद खाई 'हवस्' भनी माताका चरणमा साष्टाङ्ग दण्डवत् प्रणाम गरी लावण्य देशमा राजा नहुनाले राजाको खोजी हुने प्रबन्ध गरिएको स्थानमा गएर एकातिर ब्रस्ताभए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां गोमा श्रीस्वस्थानी व्रतकृतं नाम चतुर्विंशोऽध्याय: ।। २४ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ पञ्चविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि लावण्य-देशका भारदार र मन्त्रीवर्गले हात्तीलाई सुवर्णको कलश र फूलको माला दिएर राजा खोज्न लगाइराखेका थिए। अनेक लोकहरूले नाना



(नवराजलाई हात्तीले आफ्ना सूँडले फुलको माला लगाएको)

वस्त्र अलङ्कार पहिरी उभन्दा उ राम्रो भएर राजा होइजाउँला कि भनी हात्तीको अगाडि-पछाडि हिंड्न लागेका थिए। नवराज ब्राह्मण पनि त्यहाँ पुगेर नजीकैको यौटा पाटीमा बसेर राजा खोजेको रमिता हेरिरहेका थिए। त्यसै मौकामा हरि-हर हात्तीमा प्रवेश गरी यौटा कुनामा बसेका नवराज ब्राह्मणलाई नजीकै गएर फूलको माला गलामा पहिराइदिई सुवर्णको कलशले अभिषेक गरिदियो। त्यो स्थिति देखेर अर्काको भाग्यको डाह-ईर्ष्या गर्ने कतिपय व्यक्तिहरू भन्नलागे– 'हे लोक हो ! यो हात्ती पागल भयो। यस देशमा क्षत्रिय कोही छैनन् र ! यस्ता ब्राह्मणलाई अभिषेक गरिदियो।' विपक्षका कसैले भने– 'हात्ती बौलाएको होइन, तिमीहरू बौलाइरहेका छौ। मुखले नबोले पनि हात्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवता हो; हे मूर्ख हो ! ब्राह्मण, क्षत्रिय, वैश्य अथवा शूद्र जुनसुकै जातको भए पनि नारायणको अंश नभई अथवा नारायणले नदिई राजा हुन पाइन्न। उसको भाग्यले दियो, ऊ राजा भयो, अब यसमा तर्क-वितर्क नगरेर चुपलाग'- भनी बुझाए। अनि हरि-हर प्रवेश भइरहेका गजराजले नवराजलाई सूँढले उचालि आफ्नू कुम्भस्थलमा राखेर दरबार भित्र लिएर गयो। महलमा त्यहाँका गुरू, पुरोहित, भारदारहरूले नाना वस्त्र अलङ्कारहरू पहिराई राजोचित सम्पूर्ण सामग्री तयार पारी पूर्णघट अष्ट-मङ्गल उत्तम दिन, लग्न ठ्हराई त्यही नगरका अन्य राजाकै पुत्री लावण्यवती नाम गरेकी कन्यालाई विधि-विधानले नवराज राजालाई कन्यादान गराएर उनलाई विधिपूर्वक लावण्यदेशको राजा तुल्याए। अनि मन्त्री सहित गुरु-पुरोहितले भने- हे महाराज ! हजुरको राज्याभिषेक भएको छैन; सबै सामग्री तयार छ; अब सुदिन ठ्हराई (निश्चित पारी) अभिषेक लिनुहवस्।' मन्त्री गुरू-पुरोहितका यस्ता वचन सुनी नवराज राजाले भने– 'हे गुरू-पुरोहित र भारदार सज्जन हो ! पहिले मेरी महतारीले नदिई अरूका



(लावण्यवतीका साथ नवराज राजाको विवाह भएको)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हातको अभिषेक कसरि लिऊँ ! चन्द्रज्योति शहरको बाहिरतिर यौटा खरले तुल्याएको घर छ, त्यहाँ गोमा नाम गरेकी ब्राह्मणी बस्तछिन् । ती मेरी महतारी हुन्, तिनलाई लिन चाँडै मानिसहरू पठाइदेओ ।' यति नवराज राजाले भनेको सुनी मन्त्रीले 'म जान्छु' भनी तत्काल अनेक थरिका वस्त्र-अलङ्कारहरू लिई पालकी र फौज सहित भई चन्द्रज्योति नगरमा पुगे र त्यहीं गोमा ब्राह्मणीलाई प्रणाम गरी मन्त्रीले भने- 'हे महारानी ! हजुरका छोरा नवराज लावण्य देशका राजा हुनुभयो। म उनको मन्त्री हुँ, हजुरलाई लिन भनेर मलाई पठाउनु भएको हुनाले म आएको हुँ। अब वस्त्र अलंकारहरू पहिरी, पालकी ल्याएको छु, चाँडो सवारी होस् ।' मन्त्रीले यसरी विन्ती गरेको र आफ्नू पुत्र नवराज राजा भएको समाचार सुनी गोमा ब्राह्मणीले मनमा आनन्द मानी स्वस्थानी परमेश्वरीको हृदयमा सम्झना गर्दै मन्त्रीले ल्याएका वस्त्र अलङ्कार पहिरी पालकीमा बसी लवण्यदेश जान भनी हिंडिन् । त्यो कुरा चन्द्रज्योति नगरका स्त्रीहरूले चाल पाएर हतारिएर हेर्न निस्कन्दा कसैका कपालको केश फुकेको, कसैका पटुकाको छेउ खुस्केको, कसैले छोरा-छोरी रोएका त्यसै छाडी, कसैले भात खान लागेको पनि त्यसै छाडेर घरको बाहिर निस्के। पालकीमा बसेर त्यसरी फौजसमेत जान लागेकी गोमा ब्राह्मणीलाई देखेर भन्दछन्- हेर, स्त्रीजाति भए पनि सधैं अर्काको ढिकी-जाँतो गरेर बाँचिरहेकी हुनाले आज मुमा महारानी भइन् र पालकीमा बसेर गइरहेकी छन्- इत्यादि परस्परमा कुस गर्नलागे।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गोमा ब्राह्मणी त्यहाँबाट गएर लावण्य देशको नगीचमा पुगिन्, अनि नवराजले समाचार पाई हात्ती, घोडा, रथ आदि लगेर गीत-वाद्यसहित सिन्दूर-पात्रा गरी आफ्नी आमालाई दरबारमा लगेर साष्टाङ्ग दण्डवत् प्रणाम गरी- 'हे माता ! हजुरको तपस्या र हरि-हरको कृपाले म लावण्य देशको राजा भएँ। धन्य हजुरको तपस्या र मेरो भाग्य ! अब अभिषेक पनि दिनुहवस्।' भने। यति पुत्र नवराजले भनेको सुनी उत्तम दिन ठहराई (निश्चित गरी) सुवर्णको सिंहासनमा बसाली नवराज राजा र लावण्यवती रानीलाई राज्याभिषेक दिइन्। त्यस प्रकार राज्याभिषेक भइसकेपछि गुरू-पुरोहित ब्राह्मण-हरूलाई भोजन गराई दक्षिणा दिएर विदा गरी हात्ती, घोड़ा, रथ तयार पारी गीत-वाद्य, नाच-कीर्तन गर्दै फौजसमेत लिई मुख्य राज-प्रासादमा प्रवेश गरे।

(नवराज राजाको राज्याभिषेक)

यति भएको दुई दिनपछि छोरो नवराज र बुहारी लावण्यवतीलाई सामुन्ने बसालेर गोमा ब्राह्मणीले राजकाजको उपदेश दिदै भन्न लागिन्-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाबू नवराज ! यो राजकाजको काम सहजै र सजिलो छैन; यो अत्यन्त कठिन र गाऱ्हो काम हो; किनकि राजालाई सज्जनवर्गले भन्दा परस्पर बस्ने बाठा वा धूर्तहरूले आफ्नू चातुर्यद्वारा घेरामा वा मुठिमा पारिराखेका हुन्छन् र तिनीहरूको भनाई हुन्छ– जति कुरा ज्ञान नहुँदा व्यवहार चल्दैन, त्यति कुरा सामान्य व्यक्तिले पनि जानेकै हुन्छ। त्यस्ता सामान्य कुरा जान्नका लागि कुनै शास्त्र पढिरहनु पर्दैन, सानू दूध पिउने बालकले पनि आफ्नू स्वार्थ साधन गर्न जान्नु पर्ने वा बुझ्नु पर्ने कुरा जानी-बुझीसकेको हुन्छ; तसर्थ राजनीतिको चक्रव्यूहमा परेर निरन्तर कष्ट भोग गर्नतिर नलागेर आफ्नू बुद्धि-विवेकले आरामपूर्वक शासन चलाएर सुख-भोग गर्दै रहनु पर्दछ।

कतिपय राजनीतिज्ञहरूको यस्तो कथन पनि छ– दसै इन्द्रियहरूमाथि विजय प्राप्त गर्नुपर्दछ र काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य नामका यी छःवटा शत्रुलाई जित्नु पर्दछ तथा साम, दाम, दण्ड, भेद यी चार प्रयत्नहरूको खूब राम्ररी विचार गरेर स्वजन वा परचक्री माथि प्रयोग गर्ने विधान जान्नु आवश्यक छ। फेरि सन्धि, विग्रह, यान, आसन, द्वैध र आश्रय– यी छ थरिका राजनीतिका गुणहरूको चर्चा र त्यसैअनुसार व्यवहार गर्ने चिन्तनमा निरन्तर डुबिरहनुपर्दछ। केवल सुख आराममा मात्र लागिपरेर राजाले आफ्नू विनाशतिर लम्कनु हुँदैन, इत्यादि बुझ। फेरि बर्ता कुरा गर्ने र म राजनीतिको पण्डित हुँ भन्ने मूर्ख मन्त्रीहरू, बकुल्ला जस्ता सेतो अनुहार भएका र काग जस्तो काला विचार राख्ने खालका हुन्छन्। अनि राम्ररी विचार गर्ने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो भने– यी सबै राजाकै धनको चोरी गरेर जाँड, रक्सी, जूआ र नारी, झिल्के र मिल्के, चोरी र परस्त्रीहरण समेतका अति नीच काम गरेर सुख सयलमा मग्न रहेका हुन्छन्। अतः यस्ता धूर्तहरूको कुरा छाडेर, जो निरन्तर राजनीतिको कठिन मन्त्र-चिन्तनमा व्यग्र रही नीति-शास्त्रका थरि-थरिका तन्त्र एवं गूढ शास्त्रहरूको संरचना गर्ने– पराशर, बृहस्पति, शुक्र जो भए के तिनीहरूले व्यवहारमा विजय प्राप्त गर्नसके ? के उनीहरूले आफूद्वारा नै रचना गरिएका नीतिहरूको पालन गरे ? विचार गरेर ल्याउने हो भने यस्ता अद्वितीय विद्वानहरूले गरेका कामहरूमा पनि सफलता र विफलता दुवैको सम्मिश्रण पाउन सकिन्छ। ठूला-ठूला नीतिज्ञहरूलाई पनि अनेक धूर्तहरूले आफ्नू धूर्तता द्वारा ठगेका वा मूर्ख तुल्याएको अनेक उदाहरण देख्न वा सुन्न पाइन्छ। अतः कथनको तात्पर्य के हो भने– राजाको लागि यो स्वर्ण अवसर हो, जनताले दुनियाले, संसारैले पत्याएको वंश-खानदान, भर्खरको जवानी, नवीन यौवन, अत्यन्त सुन्दर शरीर, यस्तो असंख्य धन-सम्पत्ति, यी सवैलाई व्यर्थमा सबका माथि अविश्वासको कारणस्वरूप-सुख-सुविस्ता र ऐश-आराममा विघ्नकारक स्वराष्ट्र चिन्ता र पर-राष्ट्र समेतका चिन्ता अनि नाना थरिका झ्याउलामा लागेर व्यर्थ तुल्याउनु हुँदैन। महाराजलाई के कुराको अभाव छ र?·····दसौं हजार शूर-वीर लडाका हात्तीहरू छन्, लाखौं-लाख तालीम प्राप्त घोडाहरू छन्, पैदल सेनाको त गणना नै छैन-कोष, खजाना समेत हीरा, मोति, सुन चाँदी तथा नगदी वस्तु र अन्न-पात

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लत्ता-कपडाहरूले परिपूर्ण छ। राज्यभरिका सम्पूर्ण प्रजाहरू समेत मिलेर युगौं-युगसम्म यस सम्पत्तिको भोग गर्दा पनि यो विशाल सम्पत्ति कहिल्यै पनि रित्तो हुने छैन। यसमा कुन कुराको न्यूनता भयो र अझ बढी धन कमाउन अस्त-व्यस्त हुनु वा रहनु परेको छ ? मनुष्यको जीवन राम्ररी विचार पुऱ्याउने हो भने अत्यन्त सानो (क्षणभंगुर) भन्न सकिन्छ। त्यसमा पनि भोग-विलास गर्न सक्ने वा यौवनको उल्लास झन् थोरै दिनको हुन्छ। कतिपय मूर्ख व्यक्तिहरू धनार्जन गर्दा-गर्दै र त्यस धनबाट प्राप्त हुने सुख-भोग गर्न नपाउँदै यो गर्छु, ऊ गर्दछु भन्ने मनोरथ हृदयनै विलीन भएर जान्छ। अतः हे महाराज ! म धेरै विन्ती के गरूँ ; अब यो राज्यको अभिभारा आफन्त र भरपर्दा, अविभक्त, अन्तरङ्ग, विश्वासघात नगर्ने किसिमका आफ्ना आत्मीय व्यक्तिहरूका हातमा सुम्पेर अन्तःपुरमा अप्सरा जस्ता नानी-सुसारे समेतका अत्यन्त राम्रा ठिटी-तरूणीका साथ ख्याल-ठट्टा गर्दै नाच-गान-बजान र मीठा-मीठा अर्क (मद्य) आदि पान गरी समयानुसार सुख-शयल गरेर आफ्नू यो उत्तम वयलाई सफल पार्नुहोस्, इत्यादि भनेर राजाहरूलाई कुबाटोमा लगएर आफूसमेत राष्ट्रीय धनको दुरुपयोग गर्दै मोज गर्न र अन्तःपुरका नारीहरूमा समेत अनियन्त्रिय उच्छृङ्खल भावना उत्पन्न गराई आफू स्वच्छन्द भएर आनन्द गर्ने इच्छा भएको र राजकीय कोषागारको शोषण गरी अपव्यय गर्न खोज्नेसित सदैव सजग र सतर्क रहनू। यी आफ्ना पुराना खानदानी ईमानदार कर्मचारी हुन् भन्ने ठानेर यस्ता व्यक्तिमाथि बढी श्रद्धा र विश्वास पनि नगर्नू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुख्य कुरा– राजाले प्रजामा कहीं पनि अन्याय वा अत्याचार हुन नदिनू। राजालाई विश्वासमा पारी जाना-जानी, हाकाहाकी, प्रत्यक्ष धन चुस्ने-चाटुकार र धूर्त आदि नामले व्यवहार गर्दछन्; त्यस्ताबाट सजग नरहे हानि हुन्छ। फटाहा, अनेक जाल रच्न जान्ने इन्द्रजाली, लुच्चा, उल्लू, छली कपट गर्नेलाई दुर्वृत्त भन्दछन्; त्यस्ताबाट सतर्क रहनु पर्दछ। लुटेरा, डाका, राजनीतिक भँडुवा, अटेर, अजोरी, सामाजिक भाँड, राष्ट्र र राजाका समेत द्रोही र पर्खेस् भनेर दागा धर्ने खालका व्यक्तिलाई नै महासाहसिक व्यक्ति भन्दछन्, यस्ताबाट सतर्क रहनुपर्दछ। अड्डा-अदालत समेतका विभिन्न राजकीय कार्यालयमा नियुक्त-लिपिकार, लेखाकार, लेखपाल एवं महालेखपाल आदिलाई 'कायस्थ' भन्दछन्। यस्ताले प्रजालाई बढ़ी सताउने र दुःख दिने गर्दछन्। अतः यस्ता कर्मचारीबाट झन सर्तक रहन नसके यिनले ठूलो हानि गराउन सक्तछन्। चर र गुप्तचर विभागलाई अत्यन्त पवित्र राख्नु र तिनै गुप्तचरद्वारा राष्ट्रका ठूला-साना र मध्यवर्गी तथा निम्नवर्गी जनताको चाल-चलन के कस्तो छ, बुझ्नुपर्दछ। मन्त्री समेत सबै कर्मचारीहरूको यथार्थ आचरण के कस्तो छ जानिराख्नु पर्दछ। फेरि परराष्ट्रको वास्तविक स्थिति आफ्ना कूटनीतिका ज्ञाता र बाठा गुप्तचरद्वारा बुझ्नुपर्दछ। सानो ठानेर सहसा कसैलाई पनि नबुझी हेलाँ गर्नु वा हेप्नू अनुचित हुन्छ। स्वयं आफू सतर्क र पवित्र रहनुपर्दछ। आफ्नू चरित्रमा कुनै किसिसको पनि चिन्ह (दाग) लाग्न नदिनु नै बुद्धिमानी ठहर्छ। धैर्य र संयम-नियम आदि राम्रा गुणहरूको उपार्जन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्ने युक्तिहरूमा लागिरहनु पर्दछ। उत्तम संगत गर्नु; कुसंगमा परेर साहस-हिम्मत हार्ने लाछी बन्नु हुँदैन। सदैव ईश्वरको—केवल भगवानको विश्वास र मद्दत लिनू। उद्देश्य ठूलो राख्नू, सानो वा नगण्य लक्ष्य कहिल्यै नराख्नू। गुणी व्यक्तिको सम्मान गर्न पछि नसर्नु। आफ्नै पुत्र छ तर त्यो दुर्गुणी छ भने त्यसलाई झूठो प्रोत्साहन दिएर ठूला व्यक्तिलाई पछार्ने उद्योग कदापि नगर्नू। कर्मचारीहरूलाई परस्पर बर्ता मिल्न नदिनू। बर्ता विरोधी पार्नु पनि उत्तम मानिन्न। आडम्बरी बनेर व्यर्थ मिथ्या प्रचार तथा झूठो प्रशंसा गर्ने अथवा गराउने वा सुन्ने सुनाउने काम अनुचित मानिन्छ। आफ्नू भित्री विचार कसैसित पनि नखोल्नु। तिमी-हामी ईश्वरको ध्यानार्चनले नै यो महान् पदमा पुग्न पाएका छौं। हाम्रो कुनै राजनयिक पूर्वाधार छैन। आफ्नै खुट्टाको भरमा स्वयं उभिने र अडिने अवस्था आइपरेको छ। अतः ठूला-ठूला गुणी विद्वानसित नीति-विषयक शिक्षा लिइरहनु पर्दछ। अनि आफू नित्य उत्साही रहनुपर्दछ। हे नवराज ! यी मैले सुनाएका र अन्यान्य कुरा पनि सावधान रहेर मनमा स्मरण गर्दै यो राज्य संचालन गरेमा तिमी सफल राजा हुनेछौ र तिम्रो राज्य पनि अकंटक रहने छ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां नवराजराज्यभिषेको नाम पञ्चविंशोऽध्यायः ।। २५ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ षड्विंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि एक दिन नवराज राजाले आफ्नी माता गोमा ब्राह्मणीसित विन्ती गरे– 'हे माता ! श्रीस्वस्थानी जगदीश्वरीको कृपाले हामी यहाँ आएर राजा भयौं। अब आफ्नू राज्यमा जति ब्राह्मण छन्, ती सबैलाई डाकी भोजन गराई श्रद्धापूर्वक दक्षिणा दिने मेरो इच्छा छ। फेरि यस जन्ममा दान-धर्म गर्नसके अर्को जन्ममा त्यसको फल अवश्य प्राप्त गर्नेछौं।' यति पुत्र नवराजले भनेको सुनी गोमाले भनिन्– 'हे पुत्र नवराज ! तिमीले राम्रो कुरा भन्यौ। तिम्रो धर्ममा चित्त लागिरहोस्।' यति भनेर मन्त्रीलाई डाकी सामग्री तयार गर्न लगाई सबै ब्राह्मणहरूलाई निम्ता गर्न पठाउँदा चन्द्रज्योति नगरका तिम्रा मित्रहरूलाई पनि निमन्त्रण पठाउनू। फेरि तेरी पत्नी चन्द्रावती पनि माइत गएकी छ, उसलाई पनि लिन पठाउनू।' यति आफ्नी महतारीले भनेको वचन सुनी नवराज राजाले 'हवस्' भनी तत्काल मन्त्रीलाई डाकेर भने- 'हे मन्त्री ! हाम्रो राज्यमा जति ब्राह्मण छन्, ती सबैलाई भोजन गराउने इच्छा भयो, जो चाहिने सामग्री छिटै नै तयार पार ! ब्राह्मणहरूलाई निमन्त्रणा गर्न पठाऊ। अनि चन्द्रज्योति नगरमा मेरा मित्रहरू छन्, तिनलाई पनि डाक्न पठाऊ। उता वरुणपुरमा अग्निस्वामी नाम गरेका ब्राह्मण छन्, तिनकी पुत्री चन्द्रावती मेरी स्त्री हो, उसलाई पनि डाक्न डोलेहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पठाऊ। अनि मेरा सासू-ससुरालाई— तिम्रो ज्वाइँ नवराज लावण्यदेशका राजा भए, आजको चार दिनमा अवश्य आइपुग्नू भनेर समाचार पठाऊ।'

राजाको हुकुम सुनी मन्त्रीले तत्काल मानिस खटाई लावण्य देशका राज्यमा निवास गर्ने सबै ब्राह्मणलाई निमन्त्रणा गर्न मानिस पठाए। ब्राह्मण-भोजनको सम्पूर्ण सामग्री तयार पार्न लगाए। चन्द्रज्योति नगरमा नवराज राजाका संगी (मित्र)हरूलाई पनि डाक्न पठाए। उता डोलेहरू चन्द्रावती रानीलाई लिन पठाउनका लागि डाके। डोलेहरू आएपछि— वरुणपुरका अग्निस्वामीकी पुत्री चन्द्रावतीलाई तुरुन्त ल्याउनु भनी पठाए। डोकेहरू वरूणपुरमा पुगेर- 'अग्निस्वामीको घर कुन हो ?' भनी सोधे र त्यहींका निवासी कसैले- 'ऊ त्यही हो !' भनी बताइदिए। अनि डोलेहरू घरमुनि गएर बोलाए। त्यो सुनी चन्द्रावतीले झ्यालबाट हेरिन् र 'को हौ ? कहाँबाट र किन आएका ?' भनेर सोधिन्। अनि डोलेहरू भन्दछन्- 'हामी नवराज राजाले पठाएर लावण्य देशबाट आएका।' भनी विन्ती गरे, अनि चन्द्रावतीले फेरि सोधिन्- 'हे डोले हो ! तिमीहरूले नवराज राजा भनेर आश्चर्यको कुरा गर्‍यौ ! नवराज कसरी राजा भए ? त्यो कुरा मलाई सुनाऊ।' त्यति चन्द्रावतीको प्रश्न सुनी डोलेहरूले भने– 'लावण्य देशमा राजा नहुनाले हात्तीलाई राजा खोज्न लगाएको थियो, जवराज ब्राह्मणलाई देखेर हात्तीले सुवर्णको कलशले अभिषेक गरेर फूलको माला पहिराइदियो। अनि सबै लोकहरूले दरबारमा लगेर राजा तुल्याए।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रानी चन्द्रावती कहाँ छन् । उनलाई खबर गरिदेऊ । चाँडो नगए राजा हामीदेखि रिसाउने छन् ।' यति डोलेहरूको कुरा सुनेर चन्द्रावतीले मनमा आनन्द मान्दै- 'चन्द्रावती नामकी उनकी पत्नी म नै हुँ'- भनिन् । अनि डोलेहरूले प्रणाम गरी– 'हे महारानी ! चाँडै जाऊँ, विलम्ब नगर्नुहवस्, अनि हजुरका माता-पितालाई नवराज राजा भएको कुरा र आफूलाई लिन डोलेहरू आएको वृत्तान्त सुनाइन् । अनि तपाईंहरूलाई पनि आजको चार दिनमा आइपुग्नु भनी निमन्त्रण पठाएको छ ! हामीले उहाँहरूलाई चिन्हेका छैनौं, तपाईंले नै समाचार भनिदिनु पऱ्यो ।' यति डोलेहरूले भनेपछि चन्द्रावती माथि गई आफ्ना माता-पितालाई नवराज राजा भएको कुरा र आफूलाई लिन डोलेहरू आएको वृत्तान्त सुनाइन् । अनि तपाईंहरूलाई पनि आजको चार दिनमा आइपुग्नु भनी पठाएको रहेछ । मलाई आज्ञा दिए म जाने थिएँ । यति आफ्नी पुत्री चन्द्रावतीले भनेको सुनी अग्निस्वामी अत्यन्त प्रसन्न भएर, धन्य मेरा ज्वाइँ नवराज ! मेरी पुत्री पनि धन्य रहिछ । अब मेरी छोरी रानी भई भनी नाना वस्त्र अलंकार पहिराई- 'हे पुत्री ! तैंले जन्म लिएको सफल भयो, अब विलम्ब गर्नु छैन, छिटै जाऊ' भनी बिदा दिए र चन्द्रावतीले 'हवस्' भनी डोलेहरूलाई खान-पिउन दिई आफ्ना माता-पितालाई प्रणाम गरी, आफ्ना छिनेकी साथी संगिनी-हरूसित पनि विदा भएर लावण्यदेश जान भनी प्रस्थान गरिन् । अनि वरुणपुरका मानिसहरू भन्न लागे- हेर, चन्द्रावतीले आफ्ना पुरुष परदेश गएका मौकामा कष्टमा परेकी सासूलाई एक्लै छाडेर माइत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आएर बसेकी थिई, यस्ती अपराधिनी पनि रानी भई भनी अनेक थरिका कुरा गर्नलागे।

चन्द्रावती ब्राह्मणी डोलीमा बसेर त्यहाँबाट गई एउटा ठूलो वनमा पुगिन्। त्यो कस्तो वन थियो भने– मृग आदि वनचर जन्तु स्त्री-पुरुष सहित मिलेर शीतल स्थानमा बसिरहेका; कहीं राजहंस आदि पक्षीहरू तलाऊको जलमा आनन्दले खेलिरहेका; पलाँस, गुराँस, चाँप आदि अनेक वृक्षका फल-फूलले नुहेर शोभायमान भइरहेका; भ्रमर भए, मधुकर भए यिनले गुञ्जायमान यस्तो सुरम्य वनमा पुग्दा परैबाट केही अप्सराहरूले श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गरिरहेका देखे, अनि डोलेहरूले भने– 'हे महारानी ! हामीलाई भोक लाग्यो, त्यहाँ पर केही पाए मागेर खाई आउँछौं, हजुर एकछिन यहीं बस्नुहवस्।' भनी पर्धानीले डोली अड्याई चन्द्रावतीलाई एक्लै त्यस वनमा छाडी,

(जंगलमा डोलेहरूले व्रत गरेको)

त्यहाँ के रहेछ भनी हेर्न गए। अनि अप्सराका नगीचै पुगेर सोधे– 'हे देवी हो ! तिमीहरू को हौ ? कहाँबाट आएका ? कुन देवताको व्रत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर पूजा गरिरहेका छौ ?' यति डोलेहरूले सोधेको सुनी अप्सराहरू भन्दछन्– 'हे मनुष्य हो ! यी श्रीस्वस्थानी परमेश्वरी हुन्, यिनै ईश्वरीको व्रत बसेर पूजा गरिरहेका छौं। हामी स्वर्गका अप्सरा हौं।' यति अप्सराहरूले भनेको वचन सुनी डोलेहरूले सोधे– देवी हो ! यो व्रत हामीले पनि गर्न हुन्छ वा हुँदैन ?' अनि अप्सराहरूले 'हुन्छ' भनेपछि डोलेहरूले मनमनै प्रसन्न भएर फेरि सोधे– 'हामीसित पूजाको केही सामग्री छैन; अतः तपाईहरूकै संसर्गमा हात्तीलाई व्रत-पूजा गराउनु भए राम्रो हुने थियो !' यति सुनेर अप्सराहरूले डोलेहरूलाई आफ्ना संसर्गमा व्रत-पूजा गराए। डोलेहरूले अर्काको भारी बोकेर ज्याला लिई राखेको द्रव्य भेटी चढ़ाए। अनि व्रत-पूजा गरिसकेपछि प्रसाद झिकेर अप्सराहरूले ती डोलेहरूलाई भने– हे भारवाहक हो ! जो मनुष्यले श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ला, कथा सुन्ला वा ईश्वरीको महिमाको पुस्तक लेखाई आफ्नू घरमा राखेर नित्य पुस्तकको पूजा गर्ला, त्यसका दुःख-दरिद्रता र शोक सन्ताप नाश भएर जानन्, अन्त्य कालमा दिव्य देह पाई कैलाश पुरीमा बस्न पाउला। बाटो लागेका तिमीहरूलाई श्रद्धा उत्पन्न भएर व्रत गर्‍यौ, तिमीहरू धन्य रहेछौ- भनी अप्सराहरू स्वर्गलोकमा गए। अनि डोलेहरू पनि त्यहाँबाट फर्केर आई चन्द्रावती रानी भएको स्थानमा हाजिर भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्य संवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां चन्द्रावती लावण्यदेश गमनं नाम षड्विंशोऽध्यायः ।। २६ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ सप्तविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि डोलेहरूले भने– 'हे महारानी ! त्यहाँ पर स्वर्गका अप्सराहरूले श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गर्नलागेका रहेछन् र उनैहरूका संसर्गमा हामीले पनि व्रत-पूजा गर्न लाग्यौं र आउन विलम्ब भयो, क्षमा गर्नुहोला। तपाईलाई पनि प्रसाद ल्याइदिएका छौ, लिनुहवस्।' यति डोलेहरूले भनेको वचन सुनी चन्द्रावती रिसले चूर भई राता-राता आँखा पारी दाह्रा किटेर नागले निःश्वास फेरे झैं सुस्केरा हाली मत्ता हात्ती रिसाए झैं चर्को स्वरले गर्जेर भनिन्– हे पापी होले हो ! मलाई यस्तो वनमा एक्लै छाडेर तिमीहरू व्रत गर्नपछि लाग्यौ, के सेवकको धर्म यही हो ? त्यस व्रतले तिमीहरूलाई खान दिन्छ कि ? मैले त स्वस्थानी भनेको आजसम्म सुनेकी पनि छैन, कहाँकी देवी हुन् ? तिनले के गर्न सक्दछिन् ! तिमीहरूले मलाई नटेरेको हो, बनमा भयौ र पो, नत्र तिमीहरूलाई नमारी छाड्ने थिइन ! आफ्ना स्वामीकहाँ कहिले पुगुँला भनी हतपताई आएकी मलाई व्यर्थ विलम्ब गरिदियौ; अपराधीमा पनि ठूला अपराधी रहेछौ इत्यादि भन्दै वानर कुदे झैं कुदी ती डोलेहरूका हातबाट श्रीस्वस्थानी परमेश्वरीको प्रसाद खोसी थुः थु. गरेर थुकी, गोडाले कुल्चिई पर फालिदिइन्। अनि अब पनि यसै गरौला कि ? चाँडो लैजाओ ! भनिन्। अनि विचरा डोलेहरू आँखाबाट आँसू बगाई मनमनै डराई मुखले केही भन्न नसकी हृदयले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्री स्वस्थानी परमेश्वरीलाई सम्झेर चुपचाप डोली बोकेर त्यहाँबाट गए।

जाँदा-जाँदा लावण्य देशको नजीकै पुगे। त्यहाँ शाली नामकी नदी थिइन्। ती नदीमा एउटा पारी तर्ने पुल थियो। त्यसबाट नदी पारी तर्नखोज्दा अकस्मात् आकाशमा चँदुवा टाँगे जस्तो मेघ उठी आँधी र पानी पर्नलाग्यो। त्यो हुरिको वेगले शाली नदीको साँगु (पुल) भाँचियो र चन्द्रावती डोलीबाट नदीमा खसिन्। डोलेहरू चाहिं श्री स्वस्थानी परमेश्वरीको व्रतका प्रभावले पक्षीरूप भएर कैलास पर्वतमा गई श्रीमहादेवका गण भए। आनन्दले रहदाँ भए। जो मनुष्य श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गर्ला त्यसले त्यो पद अवश्य पाउने छ।

(शालीनदीको पुल भत्केर चन्द्रावती र डोलेहरु खसेका)

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि चन्द्रावती ब्राह्मणी महापातकी भएर जलभित्र नै रहिन्। चन्द्रावती जलमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खसेदेखिको शाली नदी बगिनन् स्थिर भइ-रहिन्। माझीहरूले नदी स्थिर भएकी देखेर- यो के आश्चर्य भयो ! यस नदीमा ग्राह आएर बस्यो कि कुनै नाग आएर बस्यो अथवा केही यज्ञमा उत्पात हुन लाग्यो र यस्तो भयो कि, के कसो हो, यो कुरा नवराज राजाकहाँ भन्नुपर्दछ; यति सल्लाह गरी सबैजना नवराज राजाकहाँ गएर बिन्ती गरे- हे महाराज ! शाली नदी बगिनन्, स्थिर भइरहेकी छन्। यस्तो विपरीत हामीले सुनेका पनि थिएनौं, आज आफ्नै आँखाले देख्यौं, आश्चर्य भयो, विचार गरिबक्सियोस भनी बिन्ती गरे। माझीहरूको यस्ता वचन सुनेर नवराज राजाले नगरका गण्यमान्य व्यक्तिहरू समेत भई शालीनदीमा गई, माझीहरूलाई जलभित्र कुनै जन्तु छ कि जाल हालेर हेर भनी आज्ञा दिए। माझीहरूले 'हवस्' भनी नदीमा जाल हालेर हेर्दा चन्द्रावती ब्राह्मणी जालमा अल्झेर जलबाट बाहिर आइन् ! त्यस बखत चन्द्रावती ब्राह्मणी कस्ती भएकी थिइन् भने, शरीरमा कुष्ठ रोग भएर हात-पाऊ खसेकी, चेतना हराएकी, हिलोले सारा अङ्ग ढाकिएको हुनाले मूढो जस्ती चन्द्रवतीलाई देखेर- यो के वस्तु हो भनेर ठम्याउन नसकी-त्यहीं नदीको किनारमा मिल्काइदिए। अनि जलभित्र पसेर पनि खोजे, तर केही पाउन सकेनन् र— हे महाराज ! हामीले जलमा पनि केही पाउन सकेनौं भनि विन्ती गरे। त्यसपछि नवराज राजाले– 'हे गंगे ! तिमी किन स्थिर भइरहेकी छौ ? मैले जान्न सकिन, मदेखि प्रसन्न हौ'– भनी हातमा अर्घ्य लिई नवरत्न र पारो, गाईको दूध-दही समेत राखेर अर्घ्य दिए। अनि शालिनदी बग्न लागिन्। त्यो देखेर नवराज राजाले आश्चर्य मान्दे सबै लोकहरू सहित भएर महलमा फर्किए। त्यसपछि चन्द्रावती कस्ती भएर रहिन् भने क्षणमा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेष्टा, क्षणमा मूर्च्छा हुने, क्षणमा भोक प्यास लाग्ने यस्ता प्रकारले महाकष्ट पाई मूढो झैं भएर, शालिनदीका किनारमा पडिरहिन्।

एक दिन साह्रै भोक लाग्यो र खाने कुरा केही नपाउँदा माटो खान्छु भनी हातमा लिइन्, त्यो माटो ढुङ्गा भयो, त्यो ढुङ्गा पनि खाऊँ भन्दा हाड भयो र हाड पनि खाऊँ भन्दा खरानी भयो र त्यो खरानी पनि खान भनी मुखतिर लैजाँदा ठूलो बतास आई उडाएर लगिदियो। श्रीस्वस्थानी परमेश्वरीलाई निन्दा गरेकी हुनाले शीत-ताप, भोक-प्यासबाट भएका अनेक कष्ट सहिरहिन्। त्यसपछि नवराज राजाले आफ्नू राज्यभरिका सम्पूर्ण ब्राह्मणहरूलाई डाकी भोजन गराउँदै यथेच्छ द्रव्य दक्षिणा दिंदै विदा गर्दै गरिरहेका थिए। वरुणपुरका कपिल नाम भएका दुई भाई ब्राह्मण पनि राजाको ब्राह्मण-भोजनमा जान भनेर त्यतैबाट आए। तिनलाई चन्द्रावतीले देखिन् र- 'तिमीहरू को हौ ? कहाँ जान हिंडेका ?' भनेर सोधिन्। अनि ती ब्राह्मणहरू भन्दछन्- 'हामी कपिल नामका ब्राह्मण हौं, लावण्य देशमा नवराज राजाले ब्राह्मण भोजनको निमन्त्रणा पठाएका हुनाले त्यहीं भोजनमा जान भनी हिंडेका हौं।' त्यति सुनेपछि चन्द्रावतीले भनिन्– 'हे ब्राह्मण हो ! कति दिनदेखि मैले केही खाएकी छैन, अतः तिमीहरू भोजनमा जाने भए मलाई पनि केही मागेर ल्याइदिए, धेरै पुण्य होला। म अनाथलाई दया गर।' अनि ब्राह्मणहरू भन्दछन्– 'हे पापिनी ! हामी अहिले यसै हो भन्न सक्तैनौं, किनकि राजाको दरबारमा के जानी कसो हुन्छ ! विशेष हामी ब्राह्मण जाति केही ल्याउन हुने वस्तु दिए ल्याउने छौं, ल्याउन नहुने बस्तु दिए कसो गरौंला ! अतः आशा गरी नरहेस्।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यति भनेर ती ब्राह्मणहरू लावण्य देशमा गए। त्यहाँ नवराज राजाले आएका समस्त ब्राह्मणहरूको पूजा गरी दक्षिणा दिएर यथेच्छ भोजन गराए। भोजन गरेर तृप्त भई ब्राह्मणहरू नवराज राजालाई आशीर्वाद दिई प्रसन्न मनले आफ्ना-आफ्ना घर गए। ती वरुणपुरका कपिल ब्राह्मणले अघिको कुरा सम्झेर मनमनै तर्क गरे– त्यसै जाउँ भने त्यो पापिनी आशा गरिरहेकी होली, के लगिदिऊँ ! मागूँ भने कसरी मागूँ, कस्तो लोभी ब्राह्मण रहेछ भन्दछन् कि इत्यादि तर्क गरेर केही भन्न नसकी भोजन गरेको स्थानमा कहिले जाने, कहिले आउने गर्नलागे। तिनीहरूको चाला गोमा रानीले देखिन् र भण्डारेहरूलाई डाकी भनिन्- 'हे भण्डारे हो ! ती दुई ब्राह्मणहरूले खान पाएनन् र हो कि अथवा सन्तुष्ट भएनन् र हो कि, सोध।' भण्डारेहरूले 'हवस्' भनी नगीचै गएर- 'हे ब्राह्मण हो ! तिमीहरूले खान पाएनौ कि अथवा सन्तुष्ट भएनौ ? इच्छा भए फेरि भोजन गर !' भन्दा ब्राह्मणहरू भन्दछन्- 'हे भण्डारे हो ! हामीले राजाको कृपाले इच्छापूर्वक भोजन गरिसक्यौं, सन्तुष्ट पनि भयौं। तर हामी यता आउँदा शाली नदीको तीरमा यौटी कुष्ठी उप्जेकी, हात-पाउ स्वसेकी कोही स्त्री जातिले देखेर 'कहाँ जान्छौ ?' भनेर सोधी। हामीले राजाको ब्राह्मण भोजनमा जान्छौं भन्दा उसले तिमीहरू भोजनमा जाने भए मलाई पनि केही ल्याइदेओ कति दिनदेखि केही पनि खाएकी छैन भनेकी थिई। त्यसै कारण अब यसै जाऊँ भने त्यो आशा गरिरहेकी होली, केही लगिदिउँ भने कसरी मागौं भनी संकोचमा परेर बसिरहेछौं।' यति ब्राह्मणहरूले भनेको सुनेर भण्डारेले गई गोमा रानीलाई सबै कुरा भने। अनि ती गोमा महारानीले– 'ती दुइ ब्राह्मणले बोक्न सके जति अन्न देओ' भनिन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भण्डारेले 'हवस्' भनी भण्डारमा राखेको वस्तु लिन जाँदा राजाको सम्पूर्ण भण्डार नै सुकिगयो। त्यस्तो अद्भुत आश्चर्य देखेर केही नपाई- 'हे महारानी ! राखेको स्थानमा केही पनि छैन, अब के दिने ?' भनी बिन्ती गरे र गोमा महारानीले तिनका कुरा सुनी स्वयं भण्डारमा गएर हेरिन्, तर दिनेजस्तो वस्तु केही नदेखेर आफूलाई भनी पकाई राखेको भात दिइहाल भनी अह्राइन्। अनि भण्डारेले 'हवस्' भनेर भात लिई ती ब्राह्मणको नगीचै गएर भने- हे ब्राह्मण हो ! त्यसको नाउँ लिने बित्तिकैं राजाको सम्पूर्ण भण्डारको वस्तु सुकिगयो, अर्थात् राखेको स्थानमा केही पनि पाइएन। यो महारानीलाई भनेर पकाइराखेको भात छ, लगिदेओ अरू थोक केही पनि छैन। यति भनी सुम्पिदिए। ती ब्राह्मणहरूले अत्यन्त लज्जा अनुभव गरी, त्यो भात लिएर दरबारबाट निस्के। ती ब्राह्मणहरू जानासाथ राजाको भण्डार फेरि पूर्ण भयो। जे वस्तु जहाँ राखेको थियो, त्यो वस्तु त्यहीं उपस्थित थियो। हे अगस्त्य मुनी ! श्रीस्वस्थानी परमेश्वरीको निन्दा गरेको पापले चन्द्रावतीको जुन दुर्दशा भयो, त्यो तिमीलाई सुनाएँ, अब म अगाडिको अध्यायमा उनै चन्द्रावतीले श्री स्वस्थानी परमेश्वरीको शरण पर्दा उद्धार भएको कथा सुनाउँछु, तिमी एकाग्र-चित्त भएर ध्यानपूर्वक सुन।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां नवराज ब्राह्मण-भोजनं नाम सप्तविंशोऽध्याय।। २७।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ अष्टविंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि ती कपिल ब्राह्मणहरूले भात लिई चन्द्रावती ब्राह्मणी भएको स्थानमा पुग्दाभए। चन्द्रावती ब्राह्मणीले कपिल ब्राह्मणहरूआएका देखेर– मलाई पनि केही ल्याइदियौ कि? भनेर सोधिन्। अनि ब्राह्मणहरूले– हे पापिनी ! तँ अत्यन्त पापिनी रहिछस्, तेरो तिमित्त हामीले लज्जित हुनु पर्‍यो। कसरी भने– तँलाई दिन भनेर हेर्दा राजाको सम्पूर्ण भण्डार नै सुकिगयो। यति भात महारानीलाई भनेर पकाई राखेको रहेछ, त्यही ल्याइदिएका छौं भनी अघिल्तिर राखिदिए। चन्द्रावती ब्राह्मणीले भात देख्नासाथ भोकले आत्तिएर तत्काल खान तयार भइन्। अनि ती दुई भाई ब्राह्मणले भने- हे पापिनी ! यस्ता अवस्थामा परेर पनि तँलाई धर्मको चेष्टा रहेनछ, मुख धोएर खा ! तेरो अवस्था देख्दा हामीलाई दया र करुणा भयो, तँलाईउपदेश दिन्छौ, सुन- निरञ्जनन्, निराकार श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गर; त्यस व्रतको प्रभावले तेरो उद्धार हुनेछ। कुनै ब्रह्महत्या आदि पाप गरेको भए पनि नाश भएर जाला। यसमा शंका नगर्नु। यति भनेर ब्राह्मणहरू आफ्नू घर गए। अनि चन्द्रावती ब्राह्मणीले अत्यन्त कष्टसाथ चार हात-खुट्टाले टेकेर मुख धुन भनी शाली नदीमा गइन्। तर शाली नदी सुक्कै गइन् र चन्द्रावती ब्राह्मणी नाना प्रकारले रोई-कराई माथि आएर मुख नधोएरै खाऊँ भानी भात हातमा लिइन्, त्यो भात खरानी भयो, त्यो खरानी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पनि खाऊँ भन्दा ठूलो बतास आएर उडाई लग्यो। अनि चन्द्रावती काटेको वृक्ष ढल्दा झैं ढली भूमिमा परी अत्यन्त कष्ट पाई झण्डै एक वर्ष जति शाली नदीका किनारमा मूर्च्छा हुने र कुनै वेला चेष्टा हुने स्थितिमा दुःख भोग गरिरहिन्। कुनै-कुनै वेला चेष्टा हुँदा- 'मैले कस्तो अपराध गरिछु' भनी नाना प्रकारका विषाद गरी कष्टका समुद्रमा डुबिरहेकी थिइन्। त्यसपछि पौषशुक्ल पूर्णिमाको दिन आयो र स्वर्गबाट अप्सराहरू श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न शालीनदीमा स्नान गर्न आए। तिनीहरूले स्नान गरिसकी सूर्यलाई अर्घ्य दिई बालुवाको शिवलिंग बनाई श्रीजगदीश्वर महादेवको पूजा गर्न लाग्दा चन्द्रवतीले देखिन् र ती अप्सराहरूको नगीच गएर- तपाईंहरू को हुनुहुन्छ ? देवता हौ कि मनुष्य हौ ? म पापिनी हिंडन-डुल्न सक्तिन, कसैले केही दिंदैन। भोकी छु, केही अन्न दान दिनुहवस्। म के पापले यस्ती भएँ; मेरो कसरी उद्धार होला ? भनिन्। यति चन्द्रावतीले भनेको सुनी अप्सराहरू भन्दछन्- 'हे पापिनी ! हामी स्वर्गबाट आएका इन्द्रका अप्सरा हौं। आज पौषशुक्ल पूर्णिमा हो, हामी श्री स्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न भनी यहाँ स्नान गर्न आएका हौं। तेरो अवस्था देखेर हामीलाई अति करुणा भयो, तँ पनि यही व्रत गर, अनि सम्पूर्ण पाप नाश भएर उद्धार होलिस्।' यति अप्सराहरूले भनेको सुनी चन्दावती आफ्नू मनमनै विचार गर्न थालिन्- मैले अरू पाप त केही गरे जस्तो लाग्दैन। डोलेहरूले श्रीस्वस्थानी परमेश्वरीको प्रसाद भने अनि मैले अहंकारले थुः थुः गरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुल्चेर मिल्काएकी थिएँ– त्यही पाप लागेछ। यहाँ आइपुगेर नदी तर्न लाग्दा डोलीबाट लडेकी थिएँ; डोलेहरू कता गए केही पत्ता पाउन सकिन। वरुणपुरका कपिल ब्राह्मणले पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्ने उपदेश दिएका थिए। अप्सराहरूले पनि त्यही भने। श्रीस्वस्थानी परमेश्वरी भनेकी ठूली देवी रहिछन्। मनुष्यहरू अहंकारले नाश हुँदा रहेछन्। मैले पनि अहंकार गर्दा यो अवस्थामा प्राप्त भएँ ! अब म पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्दछु– यस्तो विचार गरेर अप्सराहरूसित भनिन्– 'हे अप्सरा हो ! श्रीस्वस्थानी परमेश्वरीको व्रतविधि आज्ञा गर्नुहवस्, म पनि व्रत गर्दछु।' अनि अप्सराहरूले भने– हे पापिनी ! आज पौषशुक्ल पूर्णिमा हो, आजैदेखि हात-खुट्टाका नङ काटी पवित्र भएर, एकभक्त रही, एकचित्त गरी महीना दिनसम्म नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्नू, सकेदेखि श्रीस्वस्थानी परमेश्वरीको कथा सुन्नू नसके मनले उनैलाई सम्झनू। अनि माघशुक्ल पूर्णिमाको दिन अष्टोत्तर सय रोटी, अष्टोत्तर सय अक्षता, अष्टोत्तर सय बेलीपुष्प, अष्टोत्तर सय यज्ञसूत्र, अष्टोत्तर सय जात-जातका फल-फूल तथा अन्य नाना उपचार तयार पारी आर्सी (तामाको थाली) मा ॐकार लेखी, गङ्गाजलले स्नान गराउनू, पञ्चामृत चढाउनू, वस्त्र, माला पहिराउनू, धूप-दीप, नैवेद्य फल-फूल, कस्तूरी मेवा मिष्ठान्न र जो सकेको द्रव्य भेटी चढाउनू। अनि एकचित्त भएर श्रीस्वस्थानी परमेश्वरीको ध्यान-जप गरी अर्घ्यदिनू। अनि हे श्वरी ! भनी मनमा चिताएको वरदान माग्नू। त्यसपछि सयमा आठ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रोटी, आठ अक्षा, आठ पान, आठ यज्ञसूत्र, आठ कुड्का सुपारी समेत आफ्ना स्वामीलाई दिनू, स्वामी नभए छोरालाई दिनू, छोरा नभए मीतछोरालाई दिनू, मीत छोरा पनि नभए जुन कामना (इच्छा) ले व्रत गरेको छ, मेरो अनुक कामना पूर्ण (सिद्ध) होओस् भनी गंगामा लगेर बगाइदिनू। सय रोटी आफूले फलाहार गर्नू। रात्रिमा जाग्राम बस्नू। सकेदेखि रात्रिमा नाच-गान र ईश्वरीको महिमा गुणगान गर्नू। यति गरिसकेपछि तेरो सम्पूर्ण पाप नष्ट भएर सबै कष्ट नाश होला तथा इच्छासिद्धि हुनेछ। हे पापिनी ! अन्यथा नमानेस्, अब हामी जान्छौं भनी अप्सराहरू स्वर्गपुरी गए।

हे अगस्त्य मुनि ! त्यसपछि चन्द्रावती ब्राह्मणीले अप्सराहरूको उपदेश अनुसार शाली नदीमा स्नान गरी एकभक्त रही, एकचित्त गरेर नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्न लागिन्। श्रीस्वस्थानी परमेश्वरीलाई हृदयले सम्झिरहिन्। यस प्रकार व्रत गर्दा चन्द्रावती ब्राह्मणीको पाप घट्तै गयो। कुष्टरोग पनि निको हुँदै गयो। महीना दिन भयो र माघशुक्ल पूर्णिमाको दिन सम्पूर्ण सामग्री तयार पारी अप्सराहरू श्रीस्वस्थानी परमेश्वरीको व्रत गर्न फेरि शाली नदीमा आए। अनि चन्द्रावती ब्राह्मणीले देखिन् र अप्सराहरूको नगीच गई- हे अप्सरा हो ! तिमीहरूको आज्ञाले पौषशुक्ल पूर्णिमादेखि स्नान गरी एकभक्त रही नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गर्दछु। अब पूजा गर्नलाई मसित सामग्री केही पनि छैन, कसो गर्ने ? भनिन्। अनि अप्सराहरूले- 'नदीबाट बालुवा ल्याएर सामग्री तुल्याई हाम्रा संसर्गमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्रत-पूजा गर' भने। चन्द्रावती ब्राह्मणीले 'हुन्छ' भनेर शाली नदीबाट बालुवा ल्याई सामग्री तुल्याइन्। श्रीस्वस्थानी परमेश्वरीको व्रतको प्रभावले चन्द्रावती ब्राह्मणीले तुल्याएको बालुवाको सामग्री सिद्ध भई तयार भयो। त्यो देखेर चन्द्रावतीले मनमा आनन्द मानी धन्य श्रीस्वस्थानी परमेश्वरी ! भनी अप्सराहरूकहाँ गएर बालुवाको सामग्री सिद्ध भएको वृत्तान्त सुनाइन्। यति चन्द्रावती ब्राह्मणीले भनको कुरा सुनी तथा चन्द्रावतीको दिव्यदेह भएको देखेर आश्चर्य मान्दै अप्सराहरूले- हे सुन्दरी ! हामी तिमीलाई अघि पापिनी भन्दथ्यौं, अबदेखि तिम्रो नाम 'पुण्यवती' भयो भनी आफूहरूको संसर्गमा विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत पूजा अर्थात् (सांगे) गराए।

(शालीनदीका किनारमा अप्सराहरुले श्रीस्वस्थानी पूजा गरेको)

चन्द्रावती ब्राह्मणीले पूजा गरिसकी हातमा अर्घ्य-पात्र उचाली स्तुति गर्न लागिन्- हे ईश्वरी ! हजुरलाई कोटि-कोटि नमस्कार छ ! मैले अघि अहंकारले हजुरको जो अनेक प्रकारले निन्दा गरेथें, त्यो अपराध क्षमा गर्नुहवस् ! हे निरञ्जन-निराकार जगदीश्वरी ! हजुर कस्ती भने-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सम्पूर्ण जीवात्माका हृदयमा बसेर पाप-पुण्यको साक्षी भइरहेकी यस्ती हजुरलाई कोटि-कोटि नमस्कार छ ! हे परमेश्वरी ! एक मूर्तिबाट तीन मूर्ति– ब्रह्मा, विष्णु, शिव नाम भई संसारको चक्र-चलाउने आदिस्वरूपा हजुरलाई कोटि-कोटि नमस्कार छ ! हे भगवती ! पृथ्वी, जल, तेज, वायु र आकाश यी पंचभूत पनि हजुर, अति स्थूल र अति सूक्ष्म पनि हजुर; समस्त देवताकी देवता पनि हजुर ! यस्ती त्रिलोक-जननीलाई मेरो कोटि-कोटि नमस्कार छ। हे ईश्वरी ! हजुरको स्तुति गर्न हजार जिभ्रा भएका शेषनाग भए, चतुर्मुख भएका ब्रह्मा भए, तिनले पनि नसकेको म अबलाले कसरी सक्नेछु ? म पापिनीको पूजाले सन्तुष्ट भएर मलाई यस दुःखको समुद्रबाटबाट उद्धार गर्नुहवस्, भनी अर्घ्य दिइन् । पूजा सकिएपछि अप्सराहरूले प्रसाद झिकी- हे पुण्यवती ! अब हामी जान्छौं भनी स्वर्ग गए। अनि शाली नदीको तटमा खरको झुपडी बनाई चन्द्रावती श्रीस्वस्थानी परमेश्वरीलाई मनले स्मरण गरी रात्रिमा जाग्राम बसिन् । प्रातःकाल भयो र शाली नदीमा स्नान गरी अष्टोत्तर सयमा आठ रोटी, आठ यज्ञसूत्र, आठ पान, आठ कुड्का सुपारी, सगुनसमेत हातमा लिई- 'हे ईश्वरी ! मेरा पुरुष यहाँ छैनन्, कसलाई दिऊँ ? मेरा स्वामी नवराजसित चाँडै भेट हवस्'- भनी शाली नदीमा बगाइदिइन्। सय रोटी आफूले फलाहार गरिन्। अनि स्वस्थामी परमेश्वरीका व्रतको प्रभावले सम्पूर्ण पाप नाश भई अघिभन्दा पनि दिव्य स्वरूपकी भइन् । त्यो देखेर मनमनै धन्य श्रीस्वस्थानी परमेश्वरी भनी आनन्द मान्दै बारम्बार प्रणाम गर्दी भइन् ।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थामी परमेश्वर्या व्रतकथायां चन्द्रावती श्रीस्वस्थामी व्रत कृतो नाम अष्टविंशोऽध्यायः ।। २८ ।।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ उनत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि चन्द्रावती ब्राह्मणीले शाली नदीमा बगाएका आठ रोटी मध्ये चार रोटी नागले पाए र त्यो रोटी हातमा लिई यस्ता अपूर्व रोटी कसले बगाएछ ! म घर नगएको बाह्र वर्ष भयो। यो रोटी स्त्रीलाई खान नदिई म एक्लै कसरी खाऊँ ! अब घर गएर दुई-दुई रोटी बाँडेर खाउँला भनी घरतर्फ हिंडे। अर्को चार रोटी नागिनीले पाएर यस्तो अपूर्व रोटी कसले बगाएछ ! मेरा स्वामी परदेश गएको बाह्र वर्ष भयो, कहाँ गए केही थाहा छैन। उनलाई नख्वाई म एक्लै कसरी खाऊँ; अब घर गई दुई-दुई रोटी बाँडेर खाउँला भनी घर जान हिंडिन्। समुद्रको र शाली नदीको संगममा दैवसंयोगले र श्रीस्वस्थानी परमेश्वरीको प्रसाद त्यस रोटीको प्रभावले गर्दा ती नाग र नागिनी दुई स्त्री-पुरुषको भेट भयो। नागिनीले अत्यन्त हर्ष मानी भनिन्– 'हे स्वामी ! तपाईं निष्ठुर भई

(नाग-नागिनको वार्तालाप)

मलाई छाडेर यतिका दिनसम्म कहाँ जानु भएको थियो ? मेरो भाग्यले आज तपाईंको दर्शन पाएँ। कसैले बगाई पठाएको यो अपूर्व चार रोटी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाएँ। तपाईंलाई खान नदिई म एक्लै कसरी खाऊँ ! दुई-दुई रोटी बाँडेर खाउँला भनी गण्डकी, नदी-नाला सबै ठाउँमा खोज्दै आएँ। अब मेरो मनमा सन्तोष भयो। लौ, खानुहवस् भनी आफूले पाएको चार रोटीमा दुई रोटी दिइन्। त्यो देखेर नाम भन्दछन्- हे स्त्री ! त्यस्तै चार रोटी मैले पनि पाएको छु, तिमीलाई नख्वाई एक्लै कसरी खाउँ ! दुइ-दुइ रोटी बाँडेर खाउँला, अब घर जाउँ भनी आएँ। तिम्रो मुख देख्न पाएर मलाई पनि अन्त्यन्त प्रसन्नता भयो। लौ, खाऊ ! भनी आफूले पाएका चार रोटीमा दुई रोटी दिए। अनि दुवै स्त्री-पुरुष रोटी खाइसकेर नागिनी नागका काखामा बसेर आनन्दले रहे। अनि नागले भने- हे स्त्री ! बाह्र वर्षसम्म हामीहरूको भेट नभएको आज यही रोटीको प्रभावले भेट भयो। जसले यो रोटी बगाई पठायो— भोलिकै दिनमा त्यसको इच्छासिद्धि हवस्, लक्ष्मी प्राप्त होउन्, शत्रु नाश होउन् भनी अनेक आशिष दिए। अनि नागिनी भन्दछिन्- हे स्वामी ! त्यसैलाई म पनि आशिष दिन्छु- जसले यी रोटी बगाई पठायो, त्यसलाई नवग्रहले पीडा नगरून् सधैं त्यसदेखि प्रसन्न भएर रक्षा गर्दैरहुन्, फेरि भूत, प्रेत, पिशाच, राक्षसादिले पनि पीडा गर्न नसकून्। राजलक्ष्मी त्यसका वशमा परून्। फेरि हामीहरू जस्तै स्त्री-पुरुष एक अर्कासित छुट्टिएका भए पनि चाँडै भेट हवस्'- भनी नाना तरहले आशीर्वाद दिइन्। यस प्रकार चन्द्रावती ब्राह्मणीलाई आशिष दिई नाग-नागिनी प्रसन्न भएर आफ्नू स्थानमा गए।

कुमारजी आज्ञा हुन्छ- हे अगस्त्य मुनि ! त्यसपछि लावण्य देशका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नर-नारी शाली नदीमा स्नान गर्न जाँदा एक्लै बसेकी चन्द्रावती ब्राह्मणीलाई देखेर– तिमी देवकन्या हौ कि ? विद्याधर- कन्या हौ ? अथवा स्वर्गकी अप्सरा रम्भा वा तिलोत्तमा हौ कि ? उर्वशी हौ ? एक्लै यहाँ किन बसिरहेकी छौ ? भनी सोधे। ती लावण्य देशका नर-नारीले भनेको सुनी चन्द्रावती भन्दछिन्– 'हे लोक हो ! म देवकन्या वा स्वर्गकी अप्सरा पनि होइन। वरुणपुरका अग्निस्वामी ब्राह्मणकी पुत्री चन्द्रावती नाम भएकी, गोमा ब्राह्मणीका पुत्र नवराजकी पत्नी हुँ। हिजो स्वर्गका अप्सराहरू यस नदीका तीरमा आई श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेर मैले पनि उनैको संसर्गमा श्रीस्वस्थानी परमेश्वरीको व्रत गरी रातभरि जागा भइरहेकी छु'– भनिन्। अनि लावण्य देशका नर-नारीले आश्चर्य मानी गोमा ब्राह्मणीका पुत्र नवराज त हाम्रो देशका राजा भएका छन्। यो कुरा हो वा होइन, राजासित भन्नुपर्दछ, भनी सल्लाह गरेर नवराज राजाकहाँ गई- 'हे महाराज !' भनी चन्द्रावती ब्राह्मणीले भनेकी सबै कुराको विस्तारले वर्णन गरे। अनि शाली नदीको तीरमा बसेकी छन्, हुन् वा होइनन्- विचार गर्नुहवस् पनि भने।

आफ्ना प्रजाले यस प्रकार भनेको सुनी नवराज राजाले आफ्नी पत्नी चन्द्रावतीलाई सम्झेर– 'हे लोक हो ! तिमीहरूले राम्रो कुरा सुनायौ। चन्द्रावती ब्राह्मणी मेरी स्त्री हो, राज्यको कामले बिर्सिराखेको थिएँ, अब तिमीहरू गई डाकेर ल्याओ।' यति भनी पालकी र नाना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वस्त्र अलंकार पठाइदिए। फेरि मन्त्रीलाई डाकेर भने– हे मन्त्री ! मेरी स्त्री चन्द्रावती शाली नदीका तीरमा आए र बसेकी रहिछ, लावण्य देशका नर-नारीहरू नाना वस्त्र अलङ्कार पहिरी उही स्थानमा गएर नाच, गीत-वाद्यादि गरी लिएर आउन्, सबैलाई पठाइदेऊ। म पनि परसम्म लिन आउँला। हात्ती, घोडा, रथ, चामर आदि तयार पार।' राजाको आज्ञा सुनी मन्त्रीले 'हवस्' भनेर शहरमा झ्याली पिट्न लगाई सम्पूर्ण नर-नारी अघिपछि लगाई आफू पनि गए। ती नर-नारीहरू चन्द्रावती रानीकहाँ पुगेर प्रणाम गरी विन्ती गरे– 'हे महारानी ! हजुरका स्वामी नवराज राजाले हजुरलाई लिन पठाइ-बक्सेको हुनाले हामी आएका हौं। यो पालकी वस्त्र अलङ्कार ल्याएको छ, अब चाँडै जाऔं' भनेपछि चन्द्रावती रानीले स्वामीलाई सम्झेर- हे स्वस्थानी परमेश्वरी ! मेरा स्वामी नवराज राजासित चाँडै भेट होओस् भनी हिजो व्रत-पूजा गरेथें, आज प्रत्यक्ष दर्शन पाउने भएँ। हे करुणामयी ! हजुरलाई कोटि-कोटि नमस्कार छ ! पापिनी नाम भई दुःखको समुद्रमा डुबिरहेकी मलाई त्यस दुःखको समुद्रबाट पारि उतार्नुभयो। हे त्रैलोक्यकी ईश्वरी ! हे करुणामयी ! हे भक्तवत्सल ! हजुरलाई कोटि-कोटि नमस्कार छ। हे परब्रह्म परमेश्वरी ! हजुरको सुदृष्टिले नै ब्रह्माजीले चतुर्दशभुवन सृष्टि गर्नसके, यस्ती हजुरलाई कोटि-कोटि नमस्कार छ ! हजुरकै कृपाले म पनि लावण्य देशकी रानी हुन लागें !' यति मनमनै भनेर प्रसन्न मनले सारा वस्त्र-अलंकार पहिरी पालकीमा बसेर सारा नर-नारी समेत भएर लावण्य देशमा गइन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शहर बाहिर पुगेपछि लावण्य देशका स्त्रीहरूले थाहा पाएर हतपत गरी कसैले पाकेको भात चुल्हैमा छाडी निस्के; कसैले खानेकुरा खाँदै हात पनि नधोई निस्के; कसैले छोरा-छोरी रूवाएर निस्के; बाहिर हेर्न निस्कँदा कसैका हात मर्किए; कसैका खुट्टा भाँचिए। कति भूमिमा लडे तापनि बलपूर्वक उठेर हेर्न निस्किए। यस प्रकार नवराज राजाले चन्द्रावती रानीलाई नाना मङ्गल-यात्रा गरी दरबारमा लिएर गए भनी स्कन्द कुमारले अगस्त्य मुनिलाई सुनाउँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां चन्द्रावती राजगृह प्रवेशो नाम उनत्रिंशोऽध्यायः ॥ २९ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ त्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि चन्द्रावतीले गोमा महारानी र नवराजलाई प्रणाम प्रणाम गरिन् र नवराज राजाले चन्द्रावतीलाई सम्मानपूर्वक बिछौनामा बसाली प्रश्न गरे– हे स्त्री चन्द्रावती ! तिम्रो मुख नदेखेको पाँच वर्ष भयो। तिमीलाई ल्याउन भनेर डोलेहरू पठाएको हो, तिनीहरू पनि आजसम्म फर्केनन्। तिमीले पनि आउन किन विलम्ब गर्‍यौ ? अथवा म राजा भएको समाचार पाइनौ कि ? मैले त राज्यको कार्य-भारले तिमीलाई बिर्सिराखेको थिएँ। आज फेरि शाली नदीका किनारामा आएर किन एक्लै बसेकी ? मलाई त लावण्य देशका प्रजाहरूले भने अनि पो थाहा पाएँ र तिमी पनि अधिकी जस्ती छैनौ, निकै तेजवती भएकी छौ। यो सबै वृत्तान्त सुनाऊ। यति आफ्ना स्वामी नवराज राजाले भनेको सुनी चन्द्रावती भन्दछिन्- हे स्वामी ! म माइतमै बसेकी थिएँ। हजुरले मलाई ल्याउनु भनी डोलेहरू पठाउनु भएछ, हजुर राजा भएको खबर तिनैका मुखबाट सुनेर चाँडै माता-पितासित विदा भई डोलीमा बसेर कहिले मेरा स्वामीको दर्शन पाउँला भनी हतपताई आइरहेकी थिएँ। त्यस दिन माघशुक्ल पूर्णिमाको दिन रहेछ। वनमा स्वर्गका अप्सराहरू आएर श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गर्नलागेका डोलेहरूले देखेर डोली अड्याई– 'हामीलाई भोक लाग्यो, वनमा केही पाए खाएर आउँछौं तपाईं एकछिन यहीं बस्नुहवस्' भनी मलाई वनमा एक्लै छाडेर ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अप्सराहरूले व्रत-पूजा गरेका स्थानमा गई अप्सराहरूका संसर्गमा व्रत गरी प्रसाद लिएर म भएको ठाउँमा आई मलाई प्रसाद दिंदा, त्यस वेला मलाई अहंकारले छोप्यो र डोलीबाट वर्लेर डोलेहरूका हातबाट प्रसाद खोसी थुः थुः गरेर थुकी गोडाले कुल्ची मिल्काई श्रीस्वस्थानी परमेश्वरीलाई पनि अनेक प्रकारले निन्दा गरें। साथै ती डोलेहरूलाई नराम्रोसित खै गरें, हप्काएँ र डोलेहरू मदेखि डराई केही भन्न नसकी आँखाबाट आँसू चुहाई डोली बोकेर केही प्रत्युत्तर नदिई हिंडे। शाली



(नवराज राजा र गोमा माता, चन्द्रावती रानी र अर्की रानी लावण्यवती बसी आफ्नो वार्तालाप गर्न लागेको)

नदीमा आइपुगी नदी तर्न लाग्दा अकस्मात चँदुवा टाँगेजस्तै मेघ उठी, ठूलो हुरी चलेर पानी पऱ्यो। हावाको वेगले गर्दा म शाली नदीमा खसें। डोलेहरूलाई के भयो, कता गए त्यो मैले केही थाहा पाइन। त्यसपछि नदीबाट झिकेर कसले पाखामा फालिदिएछ– त्यो पनि थाहा पाइन। मलाई शरीरमा कहिले मूर्च्छा हुने र कहिले चेष्टा हुने भयो। म यस्ती

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुँ भन्ने ज्ञान पनि हरायो र हल-चल गर्न नसकी जहाँकी त्यहीं नदीका तीरमा पडिरहें ।केही कालपछि कपिल नामका दुइ ब्राह्मणहरू त्यतैबाट आए। तिनलाई मैले- 'तिमीहरू कहाँ जान आयौ ?'—भनेर सोधें। ती ब्राह्मणहरूले- 'राजाको ब्राह्मण-भोजनमा जान लागेका हौं'- भनेपछि मैले फेरि भनें- 'उसो भए मलाई पनि केही मागेर ल्याइदेओ'- भनेर पठाएँ। ब्राह्मणहरू गएर ब्राह्मण-भोजन गरी सकेर मकहाँ आए र- 'हे पापिनी ! तेरो निमित्त हामीलाई लाजगर्नु भयो, किनभने तेरो नाउँ लिनेबित्तिकै राजाको सम्पूर्ण भण्डारै सुक्यो अर्थात् त्यहाँ केही पनि दिनेजस्तो वस्तु देखिएन। अनि राजमातालाई खान भनी पकाइराखेको भात मात्र रहेछ र त्यही ल्याइदिएको छ- भनी पातमा ल्याएको भात दिए। तर मलाई अत्यन्त भोक लागेको हुनाले मुख नधोई खान आँटें । त्यो देखेर ती ब्राह्मणहरूले- हे पापिनी ! यस्तो अवस्थामा परेर पनि तँलाई धर्मको चेष्टा रहेनछ। तेरो अवस्था देखेर हामीलाई अनि करुणा भयो, दया लागेर आयो, मुख धोएर खा ! अनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, सम्पूर्ण पाप नाश होला।' यति भनेर ती ब्राह्मणहरू गए। अनि म मुख धुन भनी शाली नदीमा गएँ। तर म जानासाथ शाली नदीको जल सुक्कै (घट्तै) गयो। जल फेला पार्न सकिन। हार मानेर माथि आई मुख नधोई खान लाग्दा त्यो भात खरानी भयो। त्यो खरानी पनि खाउँ भन्दा हावा आएर उडाई लग्यो। त्यसपछि अनेक प्रकारले रोई-कराई, शीत-ताप, भोक-प्यासका अनेक कष्ट सहिरहें। त्यसरी महाकष्टले रहँदा पौषशुक्ल पूर्णिमाको दिन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आयो र श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न स्वर्गबाट अप्सराहरू शाली नदीमा स्नान गर्न आएका मैले देखें। अनि चार हात-पाऊ टेकेर नगीचै गई– 'तिमीहरू को हौ ? केही खानेकुरा भए मलाई देओ'– भनेर मागें। अनि– 'के पापले म यस्ती भएँ'– भनें। अनि ती अप्सराहरूले– 'हामी स्वर्गबाट आएका इन्द्रका अप्सरा हौं, श्री स्वस्थानी परमेश्वरीको व्रत आरम्भ गर्न शालीनदीमा स्नान गर्न भनेर आयौं ! हे पापिनी ! तेरो अवस्था देखेर हामीलाई अति करुणा भयो, सुन- तँ पनि श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, त्यही व्रतका प्रभावले यो दुःखको समुद्रबाट पार होलिस्'–भने। मैले भनें– 'म यस्तो अवस्थामा परेकी पापिनीले त्यो व्रत कसरी गरूँ? फेरि के-के चाहिन्छ ?' मेरा कुरा सुनेर अप्सराहरूले सम्पूर्ण व्रत-विधि बताएर अप्सराहरू स्वर्ग गए। अनि मैले उनीहरूकै उपदेशले पौषशुक्ल पूर्णिमाको दिनदेखि स्नान गरी, एकभक्त रही, एकचित्त गरी नित्य मध्याह्न कालमा श्रीमहादेवको पूजा गरिरहें। महीना दिन भयो र माघशुक्ल पूर्णिमाको दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गर्न स्वर्गबाट उनै अप्सराहरू फेरि त्यहीं आए। हे स्वामी ! श्री स्वस्थानी परमेश्वरीको व्रतका प्रभावले मेरो कुष्ठ रोग पनि निको भयो। हात-पाउ पनि अघिकै जस्ता भए। अनि म अप्सराहरूको नगीचै गएर-'तिमीहरूको उपदेशले पौषशुक्ल पूर्णिमाको दिनदेखि व्रत प्रारम्भ गरेकी छु, आज महीना दिन भयो। अब श्रीस्वस्थानी परमेश्वरीको पूजा गर्ने सामग्री मसित केही छैन, कसो गरूँ ?'–भनें। अनि अप्सराहरूले भने– 'सामग्री केही नभए शाली नदीबाट बालुवा ल्याएर सामग्री

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF - Delhi

तुल्या।' अनि मैले पनि शाली नदीको बालुवाले सबै सामग्री तुल्याएँ। अनि त्यो सामग्री मैले जे-जे चिताएर बनाएकी थिएँ, त्यो सबै सिद्ध (उही-उही) भयो। मैले त्यो कुरा अप्सराहरूलाई सुनाएँ। सामग्री सिद्ध भएको देखेर अप्सराहरू प्रसन्न भएर भने- हे सुन्दरी ! तँलाई हामी पापिनी भन्दथ्यौं। तर आजदेखि तेरो नाम 'पुण्यवती' भयो भने। अनि मैले त्यही सामग्रीले अप्सराहरूको संसर्गमा व्रत-पूजा गरें। त्यसपछि श्रीस्वस्थामी परमेश्वरीको प्रसाद अष्टोत्तर सयमा आठ रोटी, आठ पुष्प, आठ पान, आठ जनै, आठ यज्ञसूत्र, सगुन समेत दिनलाई त्यस वेला मेरा कोही थिएनन् र मेरा स्वामी नराजसित चाँडो भेट होओस् भनी शालीनदीमा बगाइदिएँ। सय रोटी आफूले प्रसादाहार गरी राती श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झेर जागा भइरहें। उज्यालो भएपछि शाली नदीमा स्नान गरी माइत जान तरखर गर्दागर्दै लावण्य देशका नर-नारीहरू लिन आए। हे स्वामी ! श्री स्वस्थानी परमेश्वरीको निन्दा गरेको पापले त्यस्तो अवस्थामा परेकी मलाई उनै ईश्वरीको कृपा र कपिल ब्राह्मणको उपदेश तथा अप्सराहरूको सहयोगले आज हजुरको दर्शन पाएँ। श्री स्वस्थानी परमेश्वरीभन्दा ठूलो अन्य कुनै देवता रहेनछन्। सम्पूर्ण व्रतको पनि व्रत, धर्मको पनि धर्म, कालको पनि काल, देवताकी पनि देवता यस्ती जगदीश्वरीलाई कोटि-कोटि नमस्कार ! भनी चन्द्रावती रानीले बारम्बार नमस्कार गर्दी भइन्।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी परमेश्वर्या व्रतकथायां चन्द्रावती स्वव्रतकथनं नाम त्रिंशोऽध्यायः ॥ ३० ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथ एकत्रिंशोऽध्यायः

कुमारजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि बुहारी चन्द्रावती रानीले आफ्नू सम्पूर्ण वृत्तान्त वर्णन गरेको सुनेर महारानी गोमा अत्यन्त प्रसन्न भई– 'हे श्रीस्वस्थानी परमेश्वरी !' भनी मनमनै सम्झी दुवै हात जोरेर अंजलि बाँधी बुहारी चन्द्रावतीसित भन्न लागिन्- हे बुहारी ! त्यस्तो अवस्थामा परेर पनि ईश्वरीको भक्ति गर्नसक्ने तिमी धन्य रहिछौ ! अब मेरो कुरा पनि भन्दछु, सुन- तिम्रो स्वामी नवराज आफ्ना पिताको खबर गर्न गएपछि तिमी पनि माइत गयौ। घरमा कोही नहुनाले मैले अर्काको ढिकी-जाँतो गरी, धागो काती दुःखका दिनहरू बिताईरहेकी थिएँ। संयोगले एक दिन सप्तऋषिहरू आए र मैले दुःख पाएको देखी बुझी बडो दया गरेर– 'हे गोमा ब्राह्मणी ! श्रीस्वस्थानी परमेश्वरीको व्रत गर, तिम्रो सम्पूर्ण कष्ट नाश हुनेछ'- भनी व्रत विधि बताई उपदेश दिए। अनि ऋषिहरूको स्वागत-सत्कार गर्न घरमा केही पनि थिएन। म चर्खामा रहेको धागो लिएर पान लिन भनी बरहीको पसलमा गएँ। तर म पान लिएर आउँदा ऋषिहरू गइसकेछन्। तापनि उनीहरू बसेका पिरूका मुनि सात गोटा सुनका टुक्रा वा कौडी छाडेर गएका रहेछन्। त्यो मैले फेला पारें। अनि त्यही द्रव्यले सम्पूर्ण सामग्री तयार पारेर पौषशुक्ल पूर्णिमादेखि विधिपूर्वक श्रीस्वस्थानी परमेश्वरीको व्रत आरम्भ गरें। अनि महीना दिन भयो र माघशुक्ल पूर्णिमाको दिन श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा पूर्ण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गरेर प्रसाद झिकी यो मेरो पुत्र नवराजलाई भनेर अलग छुट्याई राखेकी थिएँ। श्रीस्वस्थानी परमेश्वरीलाई मनले सम्झेर राति जाग्राम बसेकी थिएँ। त्यही रातमा मेरो पुत्र अथवा तिम्रो पति नवराज आइपुगेर मलाई बोलायो र मैले सुनेर बाहिर आई डाकेर भित्र लगें। अनि खान-पिउन दिएँ। अनि–'तेरा पिताको के खबर छ ?' भनी सोधें। तिम्रो स्वामी नवराजले आफ्ना पिता भिक्षा माग्न गएका गङ्गाका तीरमा पुगेर नित्य पूजा गर्नका लागि फूल टिप्न लाग्दा रूखको हाँगा भाँचिई लडेर स्वर्गलोक गएको र उनको दस-गात्र क्रिया गरेर आएको वृत्तान्त मलाई सुनाए। त्यो समाचार सुनेर मैले नाना प्रकारको शोक गर्न लागें। तिम्रो स्वामी नवराजले शोक नगर्नुहवस् भनी मलाई अनेक प्रकारले बुझाए। अनि 'हे माता ! आज यस बेलासम्म नसुती किन बसिरहनु भएको ?' भनी सोधे। अनि मैले भनें- 'हे पुत्र नवराज ! आज मैले श्रीस्वस्थानी परमेश्वरीको व्रत-पूजा गरेकी हुँ। उनै ईश्वरीलाई मनमनै सम्झेर नसुती जागै बसिरहेकी छु।' त्यसपछि उज्यालो भयो र पुत्र नवराज गंगा स्नान गर्न गए। उहाँ गङ्गाबाट हरि-हर प्रत्यक्ष भएर– हे नवराज ! तेरी महतारीले श्रीस्वस्थानी परमेश्वरीको व्रत गरेको देखेर हामी सन्तुष्ट भयौं। लावण्य देशमा राजा छैनन्, हात्तीलाई राजा खोज्न लगाएको छ। तँ त्यहाँ आउनु, हामी तँलाई अभिषेक दिलाउने छौं। राजा हुनेछस् भनी वरदान दिई अन्तरधान भएछन्। अनि मेरो पुत्र नवराजले आएर मलाई सबै वृत्तान्त सुनायो। त्यो समाचार सुनेर श्रीस्वस्थानी परमेश्वरीको प्रसाद राखिदिएकी थिएँ– त्यो दिएँ। अनि- 'हे पुत्र नवराज ! हरि-हरको आज्ञाले लावण्य देशको राज भएस्' भनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आशिष दिई लावण्य देश जाने आज्ञा दिएँ। उनै ईश्वरीको कृपाले यो राज्य र ऐश्वर्य पाएर हामी सुखी भयौं। अब पनि हामी बाँचुञ्जेल सधैंभरि श्रीस्वस्थानी परमेश्वरीको कृपाले यसलोकमा सुखभोग गरी परलोकमा (मरेपछि) मोक्ष गति होला भन्ने अन्य उपदेश दिन लागिन्- हे चन्द्रावती ! हे लावण्यवती ! जस्तै- दिनमा सूर्य नभए तथा रातमा चन्द्रमा नभए राम्रो र उज्यालो हुन सक्नैन। त्यस्तै मनुष्यको पनि असल शील स्वभाव र गुणी स्त्री नभए घर-गृहस्थी चल्न सक्तैन। अब मेरो वृद्ध अवस्था भयो, तिमी दुवै दिदी-बहिनीहरू परस्पर मिलेर मेरो पुत्र नवराजको सेवा गरी राज्य-लक्ष्मीको आदर गरेर रहे। यति भनेर चन्द्रावती रानी र लावण्यवती रानीलाई सम्पूर्ण ढुकुटीको साँचो सुम्पिदिइन्।

(गोमाले बुहारी चन्द्रावतीलाई ढुकुटीको साँचो दिएकी र अर्की बुहारी राजा नवराज पनि साथमा रहेका)

अनि गोमा ब्राह्मणीले भनिन्- हे चन्द्रावती ! हे लावण्यवती !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तिमी दुवै मेरो अर्ति-उपदेश ध्यापूर्वक सुन- यो लावण्य देशमा आजदेखि तिमीहरू महारानी भयौ, एउटी जेठी महारानी र अर्की कान्छी महारानी। तिमीहरूलाई भगवानले ठूलो अनुग्रह गरेर शरीरमा हुनुपर्ने महारानीका सबै लक्षणहरू पूर्ण गराइदिनु भएको छ। अतः महारानी हुन पाएका छौं भनी यत्तिकैमा गम्म परिरहनु उचित छैन। फेरि महारानीका अरू पनि बत्तीस लक्षणहरू छन् ती सबै म तिमीहरूलाई भन्दछु, यो सुनेर तन-मनमा भरेर राख्नुपर्दछ। अब ती लक्षणहरू सुन–

१- **विनय-** मनमा विनयको भाव छ भने जस्तोसुकै व्यक्तिलाई पनि आफ्नू वशमा पार्न सकिन्छ।

२- **गुरूभक्ति-** गुरूजनमा र पूज्य व्यक्तिको श्रद्धा-भक्ति गर्नसके उनीहरूको आशिष र अनुग्रह निरन्तर प्राप्त भइरहन्छ। त्यसले वरत्र र परत्र दुवै लोकमा ठूलो कल्याण हुन्छ।

३- **अनीर्ष्या-** अर्थात् कसैको डाह नगर्नू; ईर्ष्या गरेन भने कुल-कुटुम्ब, नाता-गोता, इष्ट-मित्र र छर-छिमेकी सबैबाट हार्दिक सहानुभूति पाउन सकिन्छ।

४- **क्रोध-रीस-** नहुनु, जसमा रीस हुँदैन त्यसको सबैले प्रशंसा गर्दछन्। रीस नहुने व्यक्तिका काम घेर जसो सहजै सफल हुन्छन्।

५- **स्वामी-प्रियासक्ति** अर्थात् आफ्ना स्वामीका प्रिय वस्तुहरूमा लागिपर्नु। यसरी स्वामीको मनपरेका कुरामा लाग्नाले आफ्ना

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वामीको विशेष अनुकम्पा पाइन्छ। यो कुरा प्रत्येक नारीहरूको निम्ति धेरै ठूलो सौभाग्यको विषय हो।

६- **स्वामीहितासक्ति** अर्थात् आफ्ना स्वामीको हित हुने कुरामा लागिपर्नु। कहिले-कहिले प्रियकुरा पनि राम्रो हुँदैन। अतः वास्तवमा हित हुने कुरामा विशेष ध्यान राखेर क्षणिक राम्रो कुराको तत्व बुझेर आफूले पनि बुझाउन जान्नुपर्दछ।

७- **चारूवेष-** लुगा-गहना, श्रृङ्गार आदि सबै कुरा बर्ता नगरेर उचित मात्रामा प्रयोग गर्नु। जसको वेष-भूषा प्रशंसाको योग्य छ र उत्ताउलोखालको हुँदैन; त्यस्ता व्यक्तिको सदैव सम्मान र कदर गरिन्छ तथा इज्जत हुन्छ।

८- **प्रियवचन-** मीठो र मधुरो वाणी, जसको मुख मिजासिलो हुन्छ, त्यस्ता व्यक्तिलाई सबैले मनपराउँछन् र त्यस्ता व्यक्तिको सुख-दुःखमा धेरै व्यक्तिको सहयोग प्राप्त हुन्छ।

९- **भृत्यजन-ज्ञान-** अर्थात् कस-कसको पालन-पोषण आफूद्वारा भयो वा भइरहेको छ, त्यस कुराको यथार्थ ज्ञान आफूमा हुनुपर्दछ।

१०-**अभृतजन-ज्ञान-** अर्थात् कस-कसको भरण-पोषण गर्नुपर्नेमा गरिएको छ वा छैन, त्यस्ताको यथार्थ ज्ञान हुनै पर्दछ।

११-**भृतजनावेक्षम-** आफूले सुरक्षा र भरण-पोषण गरेका व्यक्ति-हरूको कस्तो बात-व्यवहार छ, त्यस विषयको यथार्थ ज्ञान हुनुपर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१२-अभृतजन प्रपर्वता- जसको भरण-पोषण गर्नु पर्ने थियो तर भइरहेको छैन, त्यस्ता व्यक्ति के कति छन्, त्यस कुराको पत्तो लगाई त्यस्ताको भरण-पोषणको उचित प्रबन्ध गर्नुपर्दछ।

१३-सपत्नी रागवियोग- सौता-सौताको परस्परमा रीस-राग नगर्नु- जस्तै तिमी दुई दिदी-बहिनी छौ; परस्परमा रीस-राग नगरी मिलेर बस्नु।

१४-सपत्नी द्वेष वियोग- सौता-सौतामा वैरभाव वा झै-झगड़ा कदापि नगर्नू।

१५-सर्वजनीन भोजनासन पानान्वेक्षण- जन-साधारणमा कहाँ के कस्तो रहन-सहन वा खान-पान छ; त्यस कुराको राम्रो हेर- विचार गर्न जान्नु पर्दछ।

१६-स्वसन्तति-सपत्नी सन्तति समानता- आफ्ना छोरा-छोरी र सौताका छोरा-छोरीमा समान व्यवहार गर्नु पर्दछ।

१७-मन्त्री सम्मान- मन्त्री वर्गको उचित सम्मान गर्न जान्नू।

१८-दैवज्ञ सम्मान- ज्योतिषीको उचित आदर सम्मान गर्न जान्नू।

१९-ब्राह्मण-भक्ति- ब्राह्मणहरूको उचित आदरभाव गर्न जान्नू।

२०-दया- ईश्वरले सृष्टि गरेका सबै जीवमा दयाभाव राख्न सक्नू।

२१-सर्वभूतानुकम्पा- सबै प्राणीहरूप्रति उत्तम भावना राख्नू।

२२-कृताकृतज्ञान- कुन काम भयो, कुन चाहिं भएन; त्यो भए नभएको हेर-विचार।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२३-राजमण्डल प्रसिद्धि- सबै राजाहरूमा कीर्ति प्राप्त गर्न सक्नुपर्दछ।

२४-पुर-कलत्र प्रीति- आफ्ना राज्यका नारीवर्गमा प्रीति राख्नु।

२५-राज-कलत्र प्रीति- राजा महाराजाहरूका रानी-महारानीहरूसित मेल-मिलाप र प्रीति बनाइराख्नू।

२६-प्रमोद संवत्- आमोद-प्रमोदका, मनोरंजनका विषयमा पूर्ण ज्ञान र दक्षता प्राप्त गर्नु।

२७-प्रत्येक राजमहिषी चरित्र-चातुर्य- हरेक राजाहरूका रानीहरूको चाल-चलन र चरित्रको विषयमा जान्ने बठ्याइँ हुनुपर्दछ।

२८-प्रत्येक राजकार्य परिज्ञान कुशलता- हरेक राजाहरूका राज्य-संचालनको गतिविधिको ज्ञान प्राप्त गर्ने चातुर्य हुनुपर्दछ।

२९-सहिष्णुता- सहनशील हुनू।

३०-अनुशासन परायणता- अनुशासनमा राख्न.र स्वयं पनि अनुशासनमा रहन सक्नु पर्दछ।

३१-विद्या व्यसनिता- अध्ययनमा लागिरहनू।

३२-रिस- क्रोधलाई पापको कारण जानेर त्यागिदिनु।

हे चन्द्रावती ! हे लावण्यवती ! माथि कहिएका सबै गुणहरूलाई आफ्नू तन-मनमा राख्नसके उत्तम रहने छ। अनि यो लावण्य देशको राज्य पनि स्थिर रहने छ। सबै प्रजा सुखी रहने छन्। तिमीहरूको पनि कल्याण हुनेछ। यसैमा मेरो पुत्र नवराजको मन पनि रमाइरहने छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDE- Delhi

कुमारजी भन्नुहुन्छ– हे अगस्त्य मुनि ! त्यसपछि चन्द्रावती रानी र लावण्यवती रानीले- हे माता ! हजुरको तपस्याले हाम्रा स्वामी राजा र हामी रानी हुन पायौं। हजुर धन्य हुनुहुन्छ भनी सासू गोमा महारानीका पाउमा परेर दण्डवत् प्रणाम गरी सदैव श्री स्वस्थानी परमेश्वरीलाई सम्झी उनैको श्रद्धा–भक्ति गर्दै आनन्दपूर्वक रहँदा भए।

हे अगस्त्य मुनि ! जो मनुष्य एकचित्त भएर श्री स्वस्थानी परमेश्वरीको व्रत-पूजा गर्ला, कथा सुन्ला अथवा सुनाउला, उनको महिमा (माहात्म्य) लेखाएर घरमा राख्ला, त्यसको घरमा दरिद्रताले वास पाउने छैन, नवग्रह सदैव प्रसन्न रहने छन्, अकाल-मृत्यु हुनेछैन। फेरि भूत, प्रेत, पिशाच, डाकिनी, शाकिनी, त्रिदोष आदिको कष्ट पर्ने छैन। चोर-डाकाको भय हुने छैन। ब्रह्महत्यादि पाप गरेको भए पनि त्यसबाट मुक्ति मिल्नेछ। फेरि यसलोकमा सुख-सम्पत्ति पाई, परलोकमा कैलासवास होला भनी स्कन्द कुमारले अगस्त्य मुनीलाई विस्तारले सुनाउँदा भए।

इति श्रीस्कन्दपुराणे केदारखण्डे माघमाहात्म्ये कुमारागस्त्यसंवादे श्रीस्वस्थानी व्रतकथायां गोमाकृत श्री स्वस्थानी व्रत-वृत्तान्त वर्णनं नाम एकत्रिंशोऽध्यायः ॥ ३१ ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रतिदिन कथा सुनि श्रोताहरूले जल लिएर आफ्ना-आफ्ना हात पानीले धोई पुष्पांजलि लिई हात जोर्नू र कथा वाचकले यो तल लेखिएको मङ्गलाचरण भन्नू–

उपनयतु मङ्गल वः
सकल जगन्मङ्गलालय श्रीमान्,
दिनकर किरण निवोदित-
नव नलिनदल निभेक्षणः कृष्णः ॥

काले वर्षतु पर्जन्यः पृथिवी शस्यशालिनी।
देशोऽयं क्षोभरहितो ब्राह्मणाः सन्तु निर्भयाः॥
अपुत्राः पुत्रिणः सन्तु पुत्रिणः सन्तु पौत्रिणः।
निर्धनाः सधनाः सन्तु जीवन्तु शरदां शतम्॥

तत्रैव गङ्गा यमुना च तत्र।
गोदावरी सिन्धु सरस्वती च॥
सर्वाणि तीर्थानि वसन्ति तत्र।
यत्राच्युतोदार-कथा प्रसङ्ग॥

या कुन्देन्दुतुषारहारधवला या शुभ्रवस्त्रावृता।
या वीणावरदण्डमण्डितकरा या श्वेतपद्मासना॥
या ब्रह्माऽच्युतशङ्करप्रभृतिभिर्देवैः सदावन्दिता।
सा मां पातु सरस्वती भगवती निःशेषजाड्यापहा॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कायेन वाचा मनसेन्द्रियैर्वा,
बुद्ध्यात्मना वाऽनुसृतेः स्वभावात्।
करोमि यद्यत्सकलं परस्मै,
नारायणायेति समर्पये तत्॥

नित्य कथा सुनिसकेपछि सुन्ने श्रोता र वाचकले पनि पुष्पांजलि चढाई दण्डवत प्रणाम गर्नु र आफ्ना-आफ्ना मनले चिताएको वर माग्नू।

॥ श्री स्वस्थानी परमेश्वर्यै नमः ॥

ठूलो श्री स्वस्थानी-व्रत-कथासमाप्त



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal